कोभिड - १९ विशेषाङ्क, २०७७

कोभिड - १९ विशेषाङ्क

सर्वोच्च अदालतबाट भएका कोभिड-१९ महामारीसँग सम्बन्धित केही आदेशहरूको सङ्गालो

२०७७

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं.: ४२००७४८, ४२००७२९ फ्याक्स : ४२००७४९

Web: www.supremecourt.gov.np, Email: info@supremecourt.gov.np,

admin@supremecourt.gov.np

कोभिड - १९ विशेषाङ्क

सर्वोच्च अदालतबाट भएका कोभिड-१९ महामारीसँग सम्बन्धित केही आदेशहरूको सङ्गालो



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं ।

फोन नं. ४२००७४८, ४२००७२९, फ्याक्स नं.४२००७४९

Web: www.supremecourt.gov.np, Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.श्री विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की / श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत	- सदस्य सचिव

प्रकाशन मिति : २०७७

प्रकाशन संख्या : १००० प्रति
सर्वाधिकार : सर्वोच्च अदालत
मुद्रण : नव प्रिन्ट सोलुसन

सम्पादन समूह
सम्पादक श्री ध्रुवकुमार ढकाल / श्री रामप्रसाद पौडेल
शाखा अधिकृत श्री देवीकुमारी चौधरी
शाखा अधिकृत श्री नेत्रप्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की

भाषा सम्पादन
भाषाविद् श्री रामचन्द्र फुयाल

कम्प्युटर सेटिङ / डिजाइनर
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी

सपना प्रधान मल्ल
न्यायाधीश

सर्वोच्च अदालत, नेपाल

भूमिका

न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्राप्त हुने अख्तियारीको आधारमा नभई यसप्रति नागरिकमा हुने आस्था र विश्वासमा रहने विषय हो । न्यायपालिकाप्रतिको नागरिक-आस्था र विश्वास यसबाट प्रवाह हुने सेवाको गुणस्तरियता, स्वच्छता, निष्पक्षता, प्रभावकारिता र त्यस्तो सेवाप्रवाहमा सेवाग्राहीप्रति गरिने व्यवहार र सेवाप्रतिको न्यायपालिकाको जवाफदेहिताले निर्धारित गर्दछ । कोरोना महामारी (कोभिड-१९) जस्तो आक्रान्तपूर्ण स्वास्थ्य संकट र त्यसले मानव जगतमा निम्त्याएको अस्तव्यस्तताको समयमा पनि नेपालको सर्वोच्च अदालतले सजगताका साथ आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छ ।

विश्वभरी महामारीको रूपमा फैलिँदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालमा समेत फैलिएको छ । नेपाल सरकारबाट संक्रमण नियन्त्रणका लागि विभिन्न निर्णयहरू भएका छन् । अदालतको कार्य जनसाधारणको ठूलो उपस्थिति र भीडभाड हुने प्रकृतिको भएकोले महामारीको स्थितिलाई दृष्टिगत गरी अदालतको काम कारबाही र सेवा प्रवाहको व्यवस्थापन र कतिपय अवस्थामा संकुचन वा विस्तारसमेत हुँदै आएको भए पनि सर्वोच्च अदालतबाट प्रचलित संविधान प्रदत्त हक तथा अन्य मानव अधिकारको संरक्षण, राज्य तथा नागरिकको आर्थिक, सामाजिकलगायत हित संरक्षण हेतु विभिन्न आदेश तथा फैसलाहरूमार्फत योगदान पुऱ्याउँदै आएको तथ्य सर्वविदितै छ । कोभिड-१९ को बहुआयामिक असरहरूका कारणले राज्यहरूको जिम्मेवारीमा नयाँ आयामहरू सिर्जना गरेको सन्दर्भमा संविधानप्रदत्त आफ्नो जिम्मेवारी निर्वाह गर्न न्यायपालिका थप सक्रिय भएको छ । कोभिड-१९ ले सिर्जना गरेको र निरन्तर विकसित हुँदै गएको नयाँ परिस्थितिमा कतिपय प्रचलित कानूनहरूले समस्या सम्बोधन गर्न नसकेको, गतिरोध सिर्जना गरेको, कानूनहरूको अभाव र अप्रभावकारिताको अवस्था आएकाले नागरिकको मौलिक हक संरक्षणार्थ न्यायपालिका संवेदनशीलताका साथ लागेको छ ।

न्याय सम्पादनको कार्यमा कानूनी प्रक्रिया, म्याद, हदम्याद आदिको महत्त्व अद्वितीय रहँदारहँदै पनि कोरोना महामारीको समयमा नागरिकको न्याय प्राप्तिको मार्गमा कानूनी प्रबन्धको अवरोध नआओस भनेर न्यायपालिकाले संविधानप्रदत्त दायराभित्रै रही न्यायिक संयमता र विवेकशील न्यायिक सक्रियताको कुशल अभ्याससमेत गर्दै आएको छ । कोरोना महामारीको सुरुवातकालदेखि हालसम्म विभिन्न समयमा अदालतले जारी गरेका केही महत्त्वपूर्ण अन्तिम आदेश, अन्तरिम आदेशलगायत संलग्न गरी राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहयोगमा **"कोभिड-१९ विशेषाङ्क"** तयार गरिएको छ । विशेषगरी स्वास्थ्यमा पहुँच सुनिश्चितता गर्न, संविधान प्रदत्त आधारभुत स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, कारागार जस्ता जोखिमपूर्ण ठाउँमा शारीरिक दूरी कायम राख्ने वातावरण सिर्जना गर्न, वैकल्पिक सजायको व्यवस्था कार्यान्वयन गर्न, कोभिड-१९ को व्यवस्थापन लैङ्गिक संवेदनशील र समावेशी बनाउन, न्यायिक प्रक्रियालाई Dizitalization गर्न, आप्रवासी कामदारलाई विना भेदभाव आफ्नो देश फर्किन पाउने व्यवस्था गर्न, शहरी क्षेत्रमा अलपत्र परेका नागरिकलाई गन्तव्यमा फर्काउन, कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिको गोपनियता तथा आत्मसम्मानको संरक्षण गर्न, भेटेनरी सेवालाई आवश्यक सेवा भित्र राख्न तथा कानूनले दिएको अधिकारको प्रयोग गरी सुधार गृह र कारागारमा रहेका

: रामशाहपथ, काठमाडौं, नेपाल
:+९७७-१-४२६२५४६ (अ) +९७७-१-४२१३५५३ (नि)
:+९७७-१-४२६१८७८, पो.ब.नं.: २०४३८
: sapana.pm@supremecourt.gov.np, sapana12@live.com,
sapana_pradhan_malla@hks14.harvard.edu
: www.supremecourt.gov.np

सपना प्रधान मल्ल
न्यायाधीश

सर्वोच्च अदालत, नेपाल

बालबालिकाको सजाय स्थगन र कारागारमा रहेका एक वर्षसम्म सजाय भएका कैदीहरूलाई कैदबापत रकम तिरी कैदमुक्त हुन पाउने स्थितिको सिर्जना गर्ने सन्दर्भमा थुप्रै निर्णयहरू गरिएको छ। साथै निशुल्क स्वास्थ्य परीक्षण र सेवा प्रदान गर्नु पर्ने राज्यको दायित्वको सम्बन्धमा यस अदालतबाट भएको निर्णयको पुनरावलोकन नहुने आदेश पनि भइसकेको छ। यस विशेषाङ्कको प्रकाशनबाट नेपालको न्यायपालिका र यसका सेवाग्राहीमा मात्रै नभई आम नागरिक र विश्व जगतलाई नै मानव अधिकार, आर्थिक तथा सामाजिकलगायतका हक हित संरक्षणमा न्यायपालिकाको महत्त्वको थप उजागर हुने तथा Pandemic Jurisprudence मा नेपालको सर्वोच्च अदालतले गरेको योगदानको जानकारी हुनेमा विश्वस्त छु।

अन्तमा, यस विशेषाङ्क प्रकाशनमा सहयोग पुऱ्याउने राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायमा पहुँच आयोग, सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समिति एवं सम्पादन तथा प्रकाशन शाखामा कार्यरत सम्पूर्ण कर्मचारी तथा प्रस्तुत विशेषाङ्क प्रकाशन कार्यमा प्रत्यक्ष एवं परोक्षरूपमा संलग्न सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०७७, मङ्सिर

सपना प्रधान मल्ल
न्यायाधीश
एवं
अध्यक्ष, सम्पादन तथा प्रकाशन समिति

: रामशाहपथ, काठमाडौं, नेपाल
:+९७७-१-४२६२५४६ (अ) +९७७-१-४२१३५५३ (नि)
:+९७७-१-४२६२८७८, पो.ब.नं.: २०४३८
: sapana.pm@supremecourt.gov.np, sapana12@live.com,
sapana_pradhan_malla@hks14.harvard.edu
: www.supremecourt.gov.np

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"... Center of Excellence for Judicial Education."

मन्तव्य

चीनको हुबेइ प्रान्तको उहान शहरमा सन् २०१९ डिसेम्बरमा देखा परेको कोरोना भाइरस हाल विश्वभरि नै महामारीको रुपमा फैलिएको अवस्था छ। कोरोना भाइरसको महामारीले मानव जीवन कष्टप्रद बनाउनका साथै हरेक राष्ट्रका आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य गतिविधिहरुलाई असहज बनाउन पुगेको स्थिति छ। विश्व स्वास्थ्य संगठनले नयाँ स्वरुपको उक्त भाइरसलाई "कोभिड -१९" को नाम दिई विश्वव्यापी महामारीको रुपमा घोषणासमेत गरेको छ।

यस महामारीबाट जोगिन र सोको भयावह असर कम गर्नका लागि विश्वमा प्रायः जसो राष्ट्रहरुले कुनै न कुनै रुपमा यस अवधिमा बन्दाबन्दीको अवस्थाको घोषणा गरेका थिए। यसै क्रममा नेपालले पनि २०७६ चैत्र ११ गतेदेखि पटक पटक गरी बन्दाबन्दी (लकडाउन) र सो बीचमै २०७७ साल भाद्र १७ गतेसम्म निषेधाज्ञाको आदेश जारी गरेको थियो।

कोभिड-१९ महामारीले एकातिर मानव स्वास्थ्यमा प्रत्यक्ष चुनौती सिर्जना गरेको र अर्कोतिर मुलुकभित्र आन्तरिक र वाह्य आवागमनमा गतिरोध ल्याएको अवस्था हामी सबैले महसुस गरेकै छौं। कोभिड-१९ को प्रभाव न्यूनीकरण र रोकथामका उपायको रुपमा अपनाईएको बन्दाबन्दीका कारण राज्य सञ्चालनका अङ्गहरु व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका अन्तर्गत सबैजसो सरकारी निकाय, नागरिक समाज र सर्वसाधारणहरु प्रभावित हुन पुगेका छन्।

मावन जीवनका अन्य क्षेत्रहरु प्रभावित भए झैं यस महामारीबाट न्याय सम्पादनका कामकारवाही समेत उत्तिकै रुपमा प्रभावित भएको अवस्था छ। न्यायपालिकाले छिटो, छरितो तथा प्रभावकारी एवं पहुँचयोग्य न्यायको मान्यता राखी न्याय सम्पादन गर्ने लक्ष्य लिएको र सो अनुरुप न्यायिक कामकारवाहीहरु सम्पन्न गर्नु पर्ने जिम्मेवारी समेत रहेको छ। उक्त जिम्मेवारी अन्य सामान्य अवस्थामा भन्दा विश्वव्यापी महामारीको यस जटिल अवस्थामा अझ चुनौतिपूर्ण हुने कुरामा सन्देह छैन।

विश्वव्यायी महामारीका बखत न्याय सम्पादनलाई सहज बनाउन सम्मानीत सर्वोच्च अदालतबाट विभिन्न व्यवस्थापकीय प्रयासहरु हुनका साथै विभिन्न रिट तथा मुद्दाहरुमा महत्वपूर्ण आदेश समेत भएका छन्। सर्वोच्च अदालतबाट बन्दाबन्दीको समयमा समेत न्यायिक काम कारवाहीलाई सुचारु राखी अदालतमा हुने भीडभाडलाई व्यवस्थापन गरी मुद्दाको सुनुवाई व्यवस्थापन गर्ने सन्दर्भमा बन्दीप्रत्यक्षीकरणको निवेदन, पुनरावलोकनका निवेदन, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गतको निवेदन, थुनछेक आदेश, कोभिड-१९ सँग सम्बन्धित विषय र मौलिक हकहरुको प्रचलन एवं संरक्षणसँग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाईमा प्राथमिकता दिई सुनुवाई गरियो। साथै अदालतबाट जारी हुने पक्राउ पूर्जीको अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, कारागारमा हुने कैदीहरुको व्यवस्थापनलाई मध्यनजर गरी निश्चित अवस्थाका कैदीहरुलाई जरिवाना तिरी कैद कट्टी हुन सक्ने गरी हालै मुलुकी फौजदारी कार्यविधि संहिताको

मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

दफा १५५ ले व्यवस्था गरेको प्रावधान कार्यान्वयनका सम्बन्धमा समेत सर्वोच्च अदालतबाट आदेश भई कार्यान्वयन हुन गएको अवस्था छ। त्यसबाट एकातर्फ कारागारको व्यवस्थापनमा सहजता आएको र अर्को तर्फ केही सानातिना प्रकृतिका अपराधमा वैकल्पिक सजायको रुपमा जरिवाना नै पर्याप्त मानिने विधिशास्त्रको समेत विकास हुन आएको छ।

संक्रामक रोगसँग सम्बन्धित कानून संक्रामक रोग ऐन, २०२० मा न्यायिक कामकारवाहीका क्रममा आई पर्ने कानूनी जटिलताहरु संबोधन गर्न सक्ने पर्याप्त प्रावधानको अभाव रहेको एवं सो सम्बन्धमा अन्य कुनै कानूनी प्रबन्ध नभएको अवस्थामा सम्मानीत सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट २०७७ जेष्ठ १५ गते बन्दाबन्दीको अवधिमा गुज्रिन गएको फिराद, प्रतिउत्तर, अभियोगपत्र, पुनरावेदन वा निवेदन आदिको हदम्याद, म्याद र तारेख बन्दाबन्दी खुलेको मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र दर्ता गर्न ल्याएमा दर्ता हुने तथा गुज्रिन गएको म्याद तारेख थामिने गरी परमादेशको आदेश जारी भएको छ। सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट स्थापित उक्त महत्वपूर्ण विधिशास्त्रले भविष्यमा यसै प्रकृतिका प्राकृतिक विपत्ति एवं संकट आई परे बन्दाबन्दीको अवधिलाई शून्य समय मानी न्याय सम्पादन गर्न सहज भै सहयोग पुग्नेछ।

त्यसैगरी सम्मानीत सर्वोच्च अदालतबाट विदेशमा रहेका नेपाल आउन इच्छुक नेपालीहरुलाई नेपाल ल्याउने र सीमामा अड्किएका नेपालीहरुलाई नेपाल प्रवेश गर्न दिने सम्बन्धमा समेत सार्वजनिक सरोकारको विषयको रुपमा पर्न गएको रिट सुनुवाई हुँदा महामारीको समयमा आफ्नो र परिवारको स्वास्थ्य तथा जनजीवनको सुरक्षाका लागि नेपाल फर्किन पाउने नागरिकको संविधान प्रदत्त हक भएकोले सोको प्रचलनका लागि आवश्यक व्यवस्था गर्नु भनी नेपाल सरकार लगायतका सम्बन्धित निकायका नाममा आदेशहरु जारी भएको अवस्था छ।

यसरी कोभिड-१९ महामारीको यस विषम परिस्थितिमा न्यायपालिकाबाट भए गरेका कामहरु आगामी पुस्ताका लागि ऐतिहासिक दस्तावेज हुने हुनाले सोको अभिलेखीकरण हुनु सहानीय देखिन्छ। कोरोना भाइरस नियन्त्रण र व्यवस्थापनका सम्बन्धमा अदालतको भूमिकाको विषयमा अध्ययन, अनुसन्धान गर्ने एवं जानकारी राख्ने तथा ती निर्णय तथा आदेशहरू कार्यान्वयन गर्ने जिम्मेवार निकायहरू लगायत जो कोहीलाई प्रस्तुत विशेषाङ्कको प्रकाशनबाट सहयोग मिल्ने हुन्छ।

कोभिड-१९ को महामारी शुरु भएदेखि हालसम्म विभिन्न समयमा विशेषगरी, संविधान प्रदत्त आधारभूत स्वास्थ्यको अधिकार, कारागार जस्ता जोखिमपूर्ण ठाउँमा शारीरिक दूरी कायम, वैकल्पिक सजायको व्यवस्था, लैङ्गिक संवेदनशीलता र समावेशीता, आप्रवासी कामदार, अलपत्र परेका नागरिक, कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिको गोपनियता तथा आत्मसम्मान, बालबालिकाको सजाय स्थगन र एक वर्षभन्दा माथि सजाय भएका कैदीहरूलाई कैदबापत जरिवाना तिरी कैदमुक्त गर्ने वैकल्पिक सजायको व्यवस्था जस्ता अहम् विषयमा सर्वोच्च अदालतले जारी गरेका केही महत्त्वपूर्ण अन्तरिम तथा अन्तिम आदेश संलग्न गरी "**कोभिड-१९ विशेषाङ्क**" प्रकाशन गर्ने

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"... Center of Excellence for Judicial Education."

अवसर प्रदान भएकोमा सर्वोच्च अदालतप्रति प्रतिष्ठानका तर्फबाट विशेष आभार व्यक्त गर्दछु। साथै यस प्रकाशनका लागि सहयोग गर्नु हुने युएन वुमन (UN Women) लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, प्रस्तुत प्रकाशनका लागि मार्गदर्शन दिनु हुने सर्वोच्च अदालतका न्यायाधीश एवं नेपाल कानून पत्रिका सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यू प्रति आभारी छु। यस प्रकाशनका लागि सर्वोच्च अदालतबाट कोभिड-१९ को सन्दर्भमा भएका महत्वपूर्ण फैसला, आदेशहरुको सम्पादनमा संलग्न हुनु हुने नेपाल कानून पत्रिका सम्पादन तथा प्रकाशन समितिका सम्पूर्ण सदस्यज्यूहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस कार्यमा सहयोग गर्नु हुने सबै अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु। साथै यस प्रकाशनका लागि संयोजन र व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्नु हुने यस प्रतिष्ठानका निर्देशक श्री श्रीकृष्ण मुल्मी र व्यवसाय विकास व्यवस्थापक श्री राजन कुमार के.सी. लाई पनि धन्यवाद दिन्छु।

धन्यवाद।

२०७७, कार्तिक

तपबहादुर मगर
(कार्यकारी निर्देशक)

मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	आदेश मिति	पृष्ठ
१	परमादेश	अधिवक्ता पूर्ण राजवंशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७६।११।१९	१
२	परमादेश	अधिवक्ता विष्णु लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७६।१२।१७	३
३	उत्प्रेषण	अधिवक्ता मुकुन्द अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७६।१२।२१	४
४	अन्तरिम आदेश जारी गरिपाउँ	सर्वोच्च अदालत बार एसोसिएसनको तर्फबाट अधिवक्ता पुष्पराज पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७६।१२।२४	६
५	अन्तरिम आदेश जारी गरिपाउँ	अधिवक्ता मिना खड्का बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७६।१२।२५	१०
६	बन्दी प्रत्यक्षीकरण	दिपक मिरिङसिङ वि. महानगरीय प्रहरी वृत्त गौशलासमेत	२०७६।१२।२७	१३
७	परमादेश	अधिवक्ता सोमप्रसाद लुइँटेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।१।४	१९
८	उत्प्रेषण	अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।१।५	२१
९	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. कैलाली जिल्ला अदालत, कैलाली धनगढी	२०७७।१।१४	२५
१०	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता तेजप्रसाद खराल वि. उच्च अदालत पोखरा, बागलुङ इजलाससमेत	२०७७।१।१४	३७
११	बन्दी प्रत्यक्षीकरण	ज्ञानबहादुर शाहीसमेत वि. जिल्ला प्रशासन कार्यालय, ललितपुर, मानभवन, ललितपुरसमेत	२०७७।१।१६	३३
१२	उत्प्रेषण	अधिवक्ता मणिराम उपाध्यायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।४	४४
१३	उत्प्रेषण	अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।४	४५
१४	उत्प्रेषण	डा.शितलकाजी श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।८	४६
१५	उत्प्रेषण	अधिवक्ता सन्तोष भण्डारीसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत	२०७७।२।१३	४८

क्र.सं.	विषय	पक्ष / विपक्ष	आदेश मिति	पृष्ठ
१६	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. भोजपुर जिल्ला अदालत	२०७७।२।१४	५०
१७	उत्प्रेषण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।१४	५७
१८	परमादेश	सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा वि. अधिवक्ता महेश्वर श्रेष्ठ	२०७७।२।१५	५८
१९	उत्प्रेषण	अधिवक्ता डा.पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।१८	९४
२०	बन्दी प्रत्यक्षीकरण	प्रतिक चन्द वि. जिल्ला प्रहरी कार्यालय, सिराहासमेत	२०७७।२।२३	९६
२१	परमादेश	अधिवक्ता डा.पुण्यप्रसाद खतिवडासमेत वि. मुख्य रजिस्ट्रारको कार्यालय, सर्वोच्च अदालत, काठमाडौंसमेत	२०७७।२।२५	९९
२२	उत्प्रेषण	अधिवक्ता डा.पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।२५	१०२
२३	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता दलबहादुर धामी वि. कैलाली जिल्ला अदालतसमेत	२०७७।२।२६	१०६
२४	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. खोटाङ जिल्ला अदालत	२०७७।२।२६	११२
२५	परमादेश	अधिवक्ता रोशनी पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।२७	११७
२६	उत्प्रेषण	अधिवक्ता सिर्जना अधिकारीसमेत वि. अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।२८	१२०
२७	बन्दी प्रत्यक्षीकरण	मदनबहादुर कार्की वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं	२०७७।२।२९	१२३
२८	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. काठमाडौं जिल्ला अदालतसमेत	२०७७।२।३२	१२७
२९	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. काठमाडौं जिल्ला अदालतसमेत	२०७७।२।३२	१३३
३०	बन्दी प्रत्यक्षीकरण	रामसुन्दर राय भरसमेत वि. उच्च अदालत पाटनसमेत	२०७७।२।३२	१३८
३१	परमादेश	अधिवक्ता आलोक पोखरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।२।३२	१४४
३२	परमादेश	सोमप्रसाद लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।१	१४५

क्र.सं.	विषय	पक्ष / विपक्ष	आदेश मिति	पृष्ठ
३३	उत्प्रेषण	अधिवक्ता डा.पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।१	१४७
३४	उत्प्रेषण	अधिवक्ता डा.पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।१	१४८
३५	परमादेश	अधिवक्ता दलबहादुर धामीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।१	१४९
३६	उत्प्रेषण	अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।२	१५०
३७	परमादेश	अधिवक्ता सीतादेवी श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।३।४	१५२
३८	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता दलबहादुर धामी वि. उच्च अदालत दिपायल, राजपुर दिपायल, डोटीसमेत	२०७७।३।५	१५३
३९	उत्प्रेषण	अधिवक्ता सन्तोष भण्डारीसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत	२०७७।३।८	१५९
४०	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता पुष्पराज पौडेल वि. सुर्खेत जिल्ला अदालत	२०७७।३।११	१६१
४१	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. काठमाडौं जिल्ला अदालतसमेत	२०७७।३।१५	१६८
४२	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता अजय शंकर झा "रूपेस" वि. ललितपुर जिल्ला अदालत	२०७७।३।१५	१७४
४३	उत्प्रेषण	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश १, विराटनगर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।४।१५	१८०
४४	परमादेश	गोपाल सिवाकोटी (चिन्तन) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।४।१९	१८१
४५	उत्प्रेषण / परमादेश	अधिवक्ता रोशनी पौड्यालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२०७७।४।२१	२२०
४६	बन्दी प्रत्यक्षीकरण	नाम परिवर्तित (ख) वि. उच्च अदालत पाटन, हेटौंडा इजलास, मकवानपुर, हेटौंडासमेत	२०७७।५।२४	२५८
४७	उत्प्रेषण / परमादेश	अधिवक्ता केशरजंग के.सी.समेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं	२०७७।६।१५	२६४
४८	उत्प्रेषण	शैलेन्द्रप्रसाद अम्बेडकरसमेत वि. लोक सेवा आयोग, अनामनगर, काठमाडौं	२०७७।६।२९	२८०

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश मिति : २०७६।११।१९
०७६-WO-०८५४

विषय : परमादेश

निवेदक : अधिवक्ता पूर्ण राजवंशी ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

आदेश

यसमा रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री अनन्तराज लुइँटेल, श्री बल्लभराज बस्नेत, श्री विकास भट्टराई, श्री धनेन्द्र श्रेष्ठ, श्री श्रवनकुमार चौधरी, श्री टेकबहादुर पौडेल, श्री सन्तोष भण्डारी, श्री गोमा सुवेदी, श्री सपना सुवेदी, श्री उज्ज्वल घिमिरे, श्री लक्ष्मी थापा र निवेदक स्वयं पूर्ण राजवंशीले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू।

प्रस्तुत विषयमा व्यवस्थापकीय पक्षमा अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा, निवेदकको जिकिर नाजायज पनि देखिँदैन भने सरकार पनि संवेदनशील नै रहेको देखिन्छ। निवेदकले उठाएको (कोभिड-१९) कोरोना भाइरस सङ्क्रमणको भयावह कुनै एक भूगोलमा मात्र सीमित रहेको विषय नरहेको स्पष्ट छ। यसबाट जोगिन र सङ्क्रमण देशमा भित्रिनै नदिन विपद्पूर्वको जोखिम व्यवस्थापन समयमै हुन अति आवश्यक छ। लोक कल्याणकारी प्रजातान्त्रिक व्यवस्थामा सरकार, देश र जनताप्रति उत्तरदायी जिम्मेवार र त्यसप्रति गम्भीर भएको र रहेको नै हुने गर्छ, यसमा केही शंका गरिरहनु पर्दैन। यसको रोकथाम र विपद्पूर्वको जोखिम न्यूनीकरणको लागि राज्यतर्फबाट क्रमिक रूपमा तयारी र व्यवस्थापन भइरहेको पनि छ। यो रोगको सङ्क्रमणले भौगोलिक क्षेत्र विस्तार गरिरहेको र नेपालमा पनि यो सङ्क्रमणको प्रवेशको सम्भावनालाई कुनै पनि अवस्थामा नजर अन्दाज गर्न नहुने र यसबाट अगावै सुरक्षित हुन र राज्यले पनि गरिदिन नेपालको संविधानको धारा १६(१) (३०) (३५) द्वारा प्रदत्त मौलिक हक, सङ्क्रामक रोग ऐन, २०२० को दफा २, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ५, ८, ११ जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८, ४९ लगायतका कानून प्रदत्त हकहितलाई संविधानको धारा १३३(२) (३) को आधारमा संरक्षण एवं रक्षा गर्ने हेतु कोरोना भाइरस (कोभिड-

१९) को सम्भावित सङ्क्रमण र त्यसबाट फैलिने सक्ने महामारीजस्तो विपद जोखिम न्यूनीकरणको निमित्त विपद्पूर्वको जोखिमको विश्लेषण, मूल्याङ्कन, विपद् रोकथाम र व्यक्तिको न्यूनीकरणसम्बन्धी पूर्वतयारीका कामहरू गरी नसकेको भए तत्काल गरी र गर्न लगाई सङ्क्रमण फैलिए विपद्प्रति कार्य र व्यवस्थापनका कार्यहरू प्रभावकारी ढंगले गर्नु गराउनु, देशको उत्तर र अन्य सीमाबाट नेपालमा प्रवेश गरिने स्थलमार्ग र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट व्यक्तिहरू प्रवेश गर्ने नागरिक (विदेशीसमेत) हरूको अनिवार्य रूपमा कडाईका साथ दक्ष जनशक्तिसहितको स्वास्थ्य जाँचको प्रभावकारी उपकरणको व्यवस्था, कोरोना भाइरस (कोभिड-१९) को गम्भीर सङ्क्रमण फैलिएका देशहरू (चीन, जापान, दक्षिण कोरिया, बहराइन, इरान आदि) बाट सोझै र ट्रान्जिट भएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुने अन्तर्राष्ट्रिय उडानका अवस्था र परिस्थितिको गम्भीरताको सूक्ष्म मूल्याङ्कन गरी आम जनताको स्वास्थ्यसम्बन्धी राष्ट्रिय हितलाई ध्यानमा राखी केही दिन र महिनाको लागि अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुने अन्तर्राष्ट्रिय उडानमा रोक लगाउने र ती देशका नागरिकलाई स्वास्थ्य परीक्षणविना प्रवेशमा रोक लगाउनुको साथै शंकास्पद स्वदेशी तथा विदेशी नागरिकलाई तत्कालै आइसोलेसन र क्वारेन्टाइनमा राखी छुट्टै उपचारको व्यवस्था मिलाउनेलगायत सङ्क्रमण लाग्न र फैलिन नदिन र साथै यसको कारणबाट बजारमा दैनिक उपभोगका अत्यावश्यक खाद्यान्नलगायतका चिजवस्तुहरूको अभाव हुन नदिन र त्यस सम्बन्धमा नियमित निगरानी राखी रहनेलगायतका अन्य आन्तरिक व्यवस्थापनका साथै त्यससम्बन्धी सूचना सङ्कलन गरी त्यसलाई प्रवाह र सम्प्रेषण गर्ने व्यवस्थाहरू तत्काल गर्न गराउनको लागि प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । विषयवस्तुको प्रकृति, गाम्भीर्य र संवेदनशीलता हेर्दा प्रस्तुत विषयलाई अग्राधिकार दिई किनारा लगाउनु पर्ने देखिँदा सो कारबाहीको लागि अग्राधिकार दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
आदेश मिति : २०७६।१२।१७
०७६-WO-०९३३

मुद्दा : परमादेश

निवेदक : अधिवक्ता श्री विष्णु लुइँटेल ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत ----------

आदेश

यसमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विष्णु लुइँटेल र श्री कलमबहादुर खत्रीले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरूको नाउँमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

न्यून आय भएका श्रमजीवी, दैनिक ज्यालादारी, मजदुर तथा विपन्न वर्गहरूलाई तत्काल खाद्य सामग्री राहत उपलब्ध गराई पाउँ भन्नेसमेत बेहोराको निवेदन परेको देखियो। COVID-19 को महामारीको कारण देश बन्दाबन्दी (Lockdown) को स्थितिमा राख्ने नेपाल सरकारबाट निर्णय भएको आज ७ दिन व्यतित भएको छ। यसबाट अति विपन्न दैनिक ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने व्यक्तिहरू खान पाउने अधिकारबाट वञ्चित हुन परेको स्थितिको सिर्जना हुन जाने देखिन आएको छ। यस्तो विषम परिस्थितिमा त्यस्ता व्यक्तिहरू राहत लिन सम्पर्क राख्न आफैँ आउनुभन्दा राज्यका संयन्त्रबाटै त्यस्ता व्यक्तिहरूको पहिचान गरी राहत उपलब्ध गराई निजहरूको खाद्यसम्बन्धी मौलिक हकको व्यावहारिक प्रचलन गराउन वाञ्छनीय देखिएको हुँदा सबै तहका सरकारका बिच समन्वय गरी आवश्यक पर्ने विशेष प्रबन्ध मिलाउनु भनी विपक्षीहरूको नाउँमा तत्काल यो आदेश जारी गरिदिएको छ। साथै, यस सम्बन्धमा नेपाल सरकारबाट खाद्य सुरक्षाका सम्बन्धमा भए गरेका काम कारबाहीहरूका विवरणहरूको प्रतिवेदन लिई मिति २०७६।१२।२३ गते महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा छलफलका लागि उपस्थित हुन आउनु भनी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७६ साल चैत्र १७ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७६।१२।२१
०७६-WO-०९३६

विषय : उत्प्रेषण

निवेदक : अधिवक्ता मुकुन्द अधिकारी ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदबारसमेत ----------

आदेश

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रवि नारायण खनाल, विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र थापा, श्री धनन्जय खनाल, श्री कीर्तिनाथ शर्मा, श्री विकास भट्टराई, श्री अम्बरबहादुर राउत, श्री अनन्तराज लुइँटेल, श्री युवराज गौतम, श्री सन्तोष भण्डारी, श्री कमल कोइराला, श्री लक्ष्मी नानी थापा, श्री प्रतिभा उप्रेती र निवेदक अधिवक्ता श्री मुकुन्द अधिकारीसमेतले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा, संक्रामक रोगको महामारी भएको वा हुने सक्ने प्रबल सम्भावना भएको अवस्थामा नागरिकहरूको जीवनको रक्षा गर्नु राज्यको दायित्वभित्र पर्दछ। यस्तो दायित्व नेपालको संविधानको धारा ३५ मा उल्लेख भएको स्वास्थ्यसम्बन्धी हक र धारा ४२ मा उल्लेख भएको राज्यको दायित्वभित्र पर्ने देखिन्छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ ले संक्रामक रोगको पर्ने, प्रभावित व्यक्तिको उपचारको व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नुपर्ने, व्यवस्थापनको लागि केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय हुनु पर्ने, स्वास्थ्य संस्थाले त्यस्तो बिरामीको उपचारको व्यवस्था मिलाउनु पर्ने जस्ता विषयहरू उल्लेख गरेको देखिन्छ। उक्त ऐनको दफा ४८ ले आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापनका सम्बन्धमा उल्लेख गरेको देखिन्छ भने दफा ३३ मा आकस्मिक स्वास्थ्य उपचार कोष स्थापनाका सम्बन्धमा उल्लेख भएको पाइन्छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ ले जनस्वास्थ्यसम्बन्धी विभिन्न प्रावधानहरूको परिभाषा गरेको पाइन्छ र दफा २(थ) मा स्वास्थ्य संस्था भन्नाले सरकारी, गैरसरकारी, निजी, सहकारी वा गैरनाफामूलक सामुदायिक संस्थालाई समेत समेटेको पाइन्छ।

यस परिप्रेक्ष्यमा निवेदकले मूलतः स्वास्थ्य संस्थाबाट प्रवाहित हुने (क) आकस्मिक स्वास्थ्य सेवाको

नियमित प्रवाह गर्नु, (ख) COVID-19 को परीक्षण गराउन चाहने व्यक्तिहरूको परीक्षण ४८ घण्टाभित्र गरी प्रतिवेदन दिनु, (ग) देशका सातैवटा प्रदेशबाट COVID-19 को परीक्षणको व्यवस्था मिलाउनु, (घ) ३७.३ FH भन्दा बढी ज्वरो आएका व्यक्तिहरूको परीक्षण गर्नु र एकान्तवास (Isolation) मा राख्नु, (ङ) ३७.३ FH भन्दा कम ज्वरो आएका बिरामीलाई सम्बन्धित स्वास्थ्य संस्थामा नै जाँच परीक्षण गर्ने व्यवस्था मिलाउनु र (च) नियमित उपचारको क्रममा स्वास्थ्य संस्थामा उपचार गराउन आएका बिरामी फिर्ता पठाउने कार्य रोक्नु भन्ने विषयमा अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गरेको देखियो।

साथै बहसको क्रममा उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले १९ March २०२० मा जारी भएको WHO को Interim Guideance को कार्यान्वयन तथा नेपालको परिप्रेक्ष्यमा सम्भावित महामारी रोक्न विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिएका Non-Medical प्रक्रिया र Medical प्रक्रियाको तयारी र कार्यान्वयन तथा ऐनको दफा २(थ) बमोजिमका स्वास्थ्य संस्थाहरूले दफा ४ बमोजिमको आकस्मिक उपचार दफा ६ बमोजिमको प्रेषण (रिफरल) सेवा, दफा १० बमोजिमको सेवाग्राहीलाई स्वास्थ्य उपचारको जानकारी दिनुपर्ने व्यवस्था, दफा १६ बमोजिमको स्वास्थ्य संस्थाको दायित्व, दफा १३ बमोजिमको पेसागत आचरण तथा NMC को Code of ethics को प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विपक्षीहरूबाट भए गरेका कामहरूको प्रभावकारिताका बारेमा प्रश्न उठाएको पाइयो। यसै सम्बन्धमा उक्त ऐनको दफा ५२ मा भएका कसुरहरू मूलतः स्वास्थ्य संस्थाहरूले उपचार सेवा प्रदान गर्न इन्कार गरेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले के कदम चालेको छ भन्ने प्रश्नहरूसमेत उठेको पाइयो।

यस अदालतमा यसै प्रकृतिका ०७६-WO-०९३३ र ०७६-WO-०९३४ का निवेदनहरू परी उक्त निवेदनहरूमा माग भएका अन्तरिम आदेशहरूको छलफलका सम्बन्धमा मिति २०७६।१२।२३ को मिति तोकेको पाइयो। यस निवेदनमा केही फरक विषयहरू समावेश भए तापनि मूलत: COVID-19 सँग सम्बन्धित नै पाइयो। तसर्थ माथि उल्लेख भएका रिट निवेदकले निवेदनमा उठाएका र बहसको क्रममा उठेका विषयहरूको अवस्थाका बारेमा विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्तालाई र अर्का विपक्षी स्वास्थ्य सेवा विभाग, टेकुका महानिर्देशकले तोकेको प्रतिनिधिलाई उल्लिखित विषयको कार्य विवरण र योजना प्रतिवेदनसहित छलफलमा उपस्थित हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(३) बमोजिम यो आदेश गरिदिएको छ।

अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति २०७६।१२। २३ गतेको पेसी तोकी सोको सूचना विपक्षीहरूलाई दिनु र माननीय महान्यायाधिवक्तालाई समेत प्रतिरक्षाको लागि उपस्थित हुन सूचना दिनू। साथै ०७६-WO-०९३३ र ०७६-WO-०९३४ का रिट निवेदनहरू साथै राखी नियमानुसार पेस गर्नू।

इति संवत् २०७६ साल चैत्र २१ गते रोज ६ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७६।१२।२४

विषय : अन्तरिम आदेश जारी गरिपाऊँ।

०७६-WO-०९३३

निवेदक : अधिवक्ता विष्णु लुइँटेलसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

०७६-WO-०९३४

निवेदक : सर्वोच्च अदालत बार एसोसिएसनको तर्फबाट अधिवक्ता पुष्पराज पौडेलसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

०७६-WO-०९३६

निवेदक : अधिवक्ता मुकुन्द अधिकारी ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

मुद्दा: परमादेशसमेत।

आदेश

न्या.हरिकृष्ण कार्की : अन्तरिम आदेश छलफलका निमित्त पेस भएको प्रस्तुत रिट निवेदनहरूसहितको मिसिल ६, कागजात अध्ययन गरियो।

निवेदक अधिवक्ता श्री विष्णु लुइँटेलसमेत भएको रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री राजु बस्नेत र श्री गोपालकृष्ण घिमिरे, विद्वान् अधिवक्ताहरू श्री पुर्णिमा रिमाल गुरागाई, श्री कलमबहादुर खत्री, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री सरोजकृष्ण घिमिरे, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री कमल कोइराला, श्री प्रतिभा उप्रेती र निवेदक विद्वान् अधिवक्ता श्री विष्णु लुइँटेल एवं निवेदक सर्वोच्च अदालत बार एसोसिएसनको तर्फबाट अधिवक्ता पुष्पराज पौडेलसमेत भएको

रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री रवी नारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, श्री राजु बस्नेत र श्री गोपालकृष्ण घिमिरे, निवेदक अधिवक्ताहरू श्री पुर्णिमा रिमाल गुरागाई, श्री सुरेन्द्र थापा, श्री राजु आचार्य, श्री टिकाराम भट्टराई, श्री विष्णु लुइँटेल, श्री गोविन्दप्रसाद शर्मा, श्री रूद्रप्रसाद नेपाल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री राजु खड्का, श्री अम्बरबहादुर राउत, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री भुवनप्रसाद वाग्ले, श्री कल्याण पोखरेल, श्री लक्ष्मीदेवी दाहाल रावल, श्री रमणकुमार कर्ण, श्री सन्तोष भण्डारी एवं निवेदक अधिवक्ताद्वय श्री पुष्पराज पौडेल र श्री सरोजकृष्ण घिमिरे तथा निवेदक अधिवक्ता मुकुन्द अधिकारी भएको रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रवी नारायण खनाल तथा विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र थापा, श्री टिकाराम भट्टराई, श्री विष्णु लुइँटेल, श्री गोविन्दप्रसाद शर्मा बन्दी, श्री धनञ्जय खनाल, श्री रूद्रप्रसाद नेपाल, श्री डिल्ली मैनाली, डा.श्री दिनमणि पोखरेल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री अम्बरबहादुर राउत, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री शान्तीदेवी खनाल, श्री लक्ष्मीदेवी दाहाल रावल, श्री सूर्यबहादुर गुरूङ, श्री युवराज गौतम, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री कमल कोइराला र श्री प्रतिभा उप्रेती एवं निवेदक विद्वान् अधिवक्ता श्री मुकुन्द अधिकारी तथा नेपाल सरकारको तर्फबाट उपस्थित माननीय महान्यायाधिवक्ता श्री अग्नीप्रसाद खरेल, विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय र विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो ।

यसमा पेस भएका तीनवटा निवेदनमा लिइएका जिकिरहरूमा विगत केही समयदेखि नेपाललगायत विश्वभरि नै फैलिएको कोभिड-१९ को महामारीद्वारा सिर्जित परिस्थितिको सन्दर्भमा नेपालको संविधानको धारा १६, १८, ३५, ३६ समेतद्वारा प्रत्याभूत मौलिक हकहरू, विद्यमान नेपाल कानूनद्वारा गरिएका व्यवस्थासमेतको सन्दर्भमा केही पृथकपृथक कोणबाट जिकिरहरू गर्दै अदेश जारी हुनुपर्ने माग गरे तापनि मूल विषय भने कोभिड-१९ को महामारीको कसरी समाधान गर्ने, नागरिकको सुरक्षा के कसरी गर्ने भन्ने विषयसँग सम्बन्धित देखियो ।

सो सन्दर्भमा अधिवक्ता श्री विष्णु लुइँटेलसमेतको निवेदनमा मिति २०७६।१२।१७ गते, श्री पुष्पराज पौडेलसमेतको निवेदनमा मिति २०७६।१२। १८ गते र श्री मुकुन्द अधिकारीको निवेदनमा मिति २०७६।१२।२१ गते भएको आदेशबमोजिम प्राप्त प्रतिवेदन र निर्णयहरूको अध्ययन गरियो । साथै सरकारद्वारा भए गरेका कार्यहरूका सम्बन्धमा विद्वान् महान्यायाधिवक्ता, विद्वान् नायब महान्यायाधिवक्ता तथा विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस र स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटा तथा, स्वास्थ्य सेवा विभागका महानिर्देशक श्री महेन्द्रप्रसाद श्रेष्ठले स्वास्थ्य मन्त्रालयबाट भए गरेको काम कारबाहीबारे इजलाससमक्ष व्यक्त गर्नुभएको कुराहरूसमेत सुनियो । उहाँहरूले गरेको जिकिर र पेस भएको विवरणसमेतबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।११।१८ को निर्णय हो । 'नेपाल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' गठन भई सो समितिले मिति २०७६।११।१८ देखि हालसम्म गरेका निर्णयहरू, सो निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहद्वारा चालिएका कदमहरूको बारेमा, रोगको परीक्षण, क्वारेन्टाइन, आइसोलेसन, उपचार तथा राहत वितरणहरूसमेतका बारेमा जानकारी प्राप्त भयो । हाल सरकारद्वारा गरिएको निर्णयबमोजिमका कार्यहरू तथा लकडाउन र सो कारण व्यक्तिहरूको आवागमन रोकिन गएको कारण महामारी विस्तारलाई नियन्त्रणमा राख्न सहयोग पुगेको महसुस भएको छ । अदालत सरकारद्वारा भएका ती कार्यहरूको सराहना सर्दछ । सरकारी कदमहरूप्रति जनस्तरबाट भएको सहयोगको पनि अदालत प्रशंसा गर्दछ । तर यो

रोगको नियन्त्रणमा समय अत्यन्त महत्त्वपूर्ण छ र समयभित्र नियन्त्रणका कार्यहरू हुन नसकेमा भयावहपूर्ण स्थिति सिर्जना हुन सक्ने कुरालाई मध्यनजर गर्दै नेपालको संविधानको धारा १३३ अन्तर्गत देहायबमोजिमको आदेश जारी गरिएको छ :

(क) राहत सम्बन्धमा हाल स्थानीय तहबाट कार्यहरू भएको देखियो । राहत वितरण गर्दा श्रम गरेर जीवन निर्वाह गर्ने, लकडाउनको कारण आय आर्जन रोकिएका व्यक्तिहरूलाई केन्द्रित गरी र राहतको दुरूपयोग नहोस् भनी पारदर्शितासमेत कायम गरी वितरण गर्ने । 'नेपालमा कोही भोको पर्दैन, कोही भोको मर्दैन" भन्ने सरकारद्वारा घोषित नीतिलाई व्यवहारमा कार्यान्वयन गर्न त्यस्ता लक्षित व्यक्ति तथा परिवारको सही पहिचानमा कमी नआओस् भन्नेतर्फ ध्यान केन्द्रित गर्नू ।

(ख) क्वरिन्टाइनको लागि देशको विभिन्न भागमा हाल २७८१८ बेड खडा गरिएको भन्ने जानकारी प्राप्त भयो । क्वारेन्टाइनको स्थापनामा WHO को मापदण्ड अनुशरण भए नभएको अनुगमनको व्यवस्था गर्नु साथै विदेशबाट हवाइजहाज र स्थल मार्ग हुँदै नेपाल प्रवेश गरेका सबैलाई क्वारेन्टाइनमा राखेको नपाइँदा स्थानीय तहमार्फत तिनीहरूलाई पत्ता लगाई उनीहरूलाई आवश्यकताअनुसार क्वारेन्टाइनमा राख्ने या त होम क्वारेन्टाइनमा निगरानीसहित राख्ने बारे घनीभूत प्रयास गर्नू ।

(ग) परीक्षणको हकमा हाल सो कार्य प्रदेश तहमा विस्तार गरिएको पाइयो । तर हालसम्म १६४५ जनाको मात्र परीक्षण गरेको पाइयो । यो संख्या अत्यन्त न्यून देखिँदा परीक्षण केन्द्रहरू उपत्यकाबाहिर अन्य सहरी केन्द्रहरूमा समेत विस्तार गरी परीक्षणमा धेरैभन्दा धेरै जनताको सहज पहुँच पुऱ्याउनू ।

(घ) नेपालको ग्रामीण परिवेश र विकटतासमेतलाई दृष्टिगत गर्दा सङ्क्रमणको सम्भावना भएका व्यक्तिहरूको परीक्षण, आइसोलेसन र उपचारसमेतको लागि स्थानीय तह र प्रशासनसमेतसँग समन्वय गरी छिटोभन्दा छिटो उपचार केन्द्र / अस्पतालमा पुऱ्याउन हेलिकप्टरद्वारा एयरलिफ्ट हुने व्यवस्थासमेत गर्नू ।

(ङ) कोभिड-१९ बाहेकका अन्य बिरामीहरूको आकस्मिक स्वास्थ्य सेवाका साथै तत्कालै गर्नुपर्ने आवश्यक उपचार प्रभावित नहुने व्यवस्था मिलाउनू ।

(च) निजी तवरमा सञ्चालित अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई समेत सुरक्षित ढंगबाट सेवा सुचारू गर्न सक्ने वातावरण सिर्जनाका लागि PPE लगायतका आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धताको सुनिश्चितता गरी निजी अस्पताललाई सेवा सुचारू गराउने व्यवस्था गर्नु र निजी अस्पतालद्वारा प्रदान गरिएको सेवाको हकमा मिति २०७६।१२।१८ को आदेशको कार्यान्वयनको अवस्था लिखित जवाफ पेस हुँदा स्पष्ट गर्नू ।

(छ) कृषिजन्य कार्य कहिल्यै नरोकिने निरन्तको कार्य हुँदा कृषि क्षेत्रमा संलग्न किसानहरूको सुरक्षा र राहतको व्यवस्था गर्नू ।

(ज) हाल मुलुकमा रहेका ICU Bed र भेन्टिलेटरसमेतलाई दृष्टिगत गर्दा सो संख्या नपुग रहेको र सोको विस्तार गर्न सरकार प्रयासरत रहेको जानकारी प्राप्त भयो । महामारीको प्रकोपलाई दृष्टिगत गर्दा भेन्टिलेटर र ICU Bed स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश तहमा रहेका अस्पतालमा समेत विस्तार गर्नु र त्यहाँका जनताको पहुँच शीघ्र बढाउनू ।

(झ) महामारीले के कस्तो रूप लिन्छ भन्ने कुरा यकिन नभएकोले यी आदेशको कार्यान्यनको अवस्था हेरी अघि बढ्नु आवश्यक दखिँदा लिखित जवाफ पेस हुँदा सबै कुरा स्पष्ट गर्नस भनी विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी दिनू र लिखित जवाफ परेको वा पर्ने अवधि नाघेको १५ दिनभित्र प्रस्तुत निवेदनहरू सुनुवाइको लागि पेस गर्नू। सो हुँदा स्वास्थ्य मन्त्रालयका प्रवक्ता, स्वास्थ्य सेवा विभागका महानिर्देशक र महान्यायाधिवक्तासमेतलाई उपस्थितिको लागि जानकारी दिनू।

न्या.डा.आनन्दमोहन भट्टराई
इति संवत् २०७६ साल चैत्र २४ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७६।१२।२५

विषयः अन्तरिम आदेश जारी गरिपाऊँ

०७६-WO-०९३२

निवेदक : अधिवक्ता मिना खड्का बस्नेतसमेत----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत----------

०७६-WO-०९३५

निवेदक : अधिवक्ता मनिषकुमार श्रेष्ठसमेत----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत----------

मुद्दा : उत्प्रेषण

आदेश

न्या.दीपककुमार कार्की : अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरियो।

निवेदक अधिवक्ता मीना खड्का बस्नेतसमेतले दायर गर्नुभएको रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री मीना खड्का बस्नेत, श्री माधवकुमार बस्नेत र श्री सरोजकृष्ण घिमिरे र रिट निवेदक मनिषकुमार श्रेष्ठसमेत भएको रिट निवेदनमा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री यदुनाथ खनाल, श्री गोपालकृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरू श्री सुनिलकुमार पोखरेल, श्री माधवकुमार बस्नेत, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अनन्तराज लुइँटेल, श्री भेषराज पन्त, श्री दमनबहादुर चन्द, श्री दानबहादुर बुढा, श्री सन्तोष भण्डरी, श्री सुजन नेपाल, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला तथा निवेदक अधिवक्ताहरू श्री कीर्तिनाथ शर्मा, श्री रामदत्त ओझा, श्री मनिराम उपाध्याय, श्री दिपकराज जोशी, श्री मनिषकुमार श्रेष्ठ र श्री देवीकुमारी जोशीले बहस प्रस्तुत गर्नुभयो। त्यसैगरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनुभएका माननीय महान्यायाधिवक्ता श्री अग्नी खरेल, विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, विद्वान् सहन्यायाधिवक्ताद्वय श्री संजीवराज रेग्मी, श्री लोकराज पराजुली एवं सुदुर पश्चिम प्रदेश, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट

उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली, विद्वान् अधिवक्ताहरू श्री गोविन्दप्रसाद शर्मा बन्दी, डा. श्री दिनमणि पोखरेलले गर्नुभएको बहससमेत सुनियो।

अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, पेस भएका दुईवटै रिट निवेदनहरूमध्ये मुद्दा नं. ०७६-WO-०९३२ मा कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित महामारीको कारण उत्पन्न भएको परिस्थिति कारण देखाई विदेशमा रहेको नेपाली नागरिकलाई नेपालभित्र आउन रोक्न नेपाल सरकारलाई कुनै कानूनले अधिकार नदिएको हुँदा विदेशमा रहेका नेपाली नागरिकहरू नेपाल आफैँ आउन चाहनेलाई निर्बाध रूपमा प्रवेश गर्न दिनु र नेपाल आउने चाहना भएर पनि आउन नसक्नेलाई तत्काल उद्धार गर्नु भनी अन्तरिम आदेश माग गरेको पाइयो। त्यसैगरी मुद्दा नं. ०७६-WO-०९३५ मा नेपालको दार्चुला जिल्लाको महाकाली नदी पारी रहेको भारतीय भू-भाग धार्चुलामा सात सय नेपाली नागरिकहरू अलपत्र परेको र नेपाल सरकारले निजहरूलाई नेपालमा आउन रोक लगाएकोले महाकाली पारिको भारतीय क्षेत्रमा रोकिएका नेपाली नागरिकहरूलाई नेपाल प्रवेश गर्न रोक नलगाउनु साथै उनीहरूलाई नेपाल ल्याई कोरोना सङ्क्रमणको परीक्षण गर्ने, उनीहरूलाई आइसोलेसनमा राख्ने वा क्वारेन्टाइनमा राख्ने एवं कसैलाई सङ्क्रमण भएको पाइएमा उचित उपचारसमेतको व्यवस्था गर्नु गराउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भनी रिट दायर भएको पाइयो। साथै नेपाल र भारतबिचको सिमानामा बालक, वृद्ध र सुत्केरी महिलासमेत जोखिमपूर्ण अवस्थामा रहेको भन्ने कुरा बहसको क्रममा विद्वान् कानून व्यवसायीहरूले उठाउनु भयो।

नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको र धारा १७(१) ले कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताको हक हनन नहुने कुराको प्रत्याभूति गरेको छ। त्यसैगरी धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने र धारा १८(१) ले सबै नागरिक कानूनको दृष्टिमा समान भएकोले कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ। सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत सबै नागरिकलाई जीवनको हक हुने र संविधानले प्रत्याभूत गरेका अन्य सबै हकभन्दा जीवनको हक (Right to Life) को स्थान सर्वोच्च हुने कुरा निर्विवाद रहेको देखिन्छ।

नेपालको संविधानको धारा ५ मा उल्लेख भएबमोजिम नेपाली नागरिकको हक हितको रक्षा गर्नु राज्यको कर्तव्य हुन्छ। नेपालका नागरिकहरू संसारको जुनसुकै भू-भागमा रहे बसेको भए पनि उनीहरूलाई भोक र रोगले मर्ने अवस्था आउन नदिन र उनीहरूको जीवनको सुरक्षा प्रदान गर्नु राज्यको कर्तव्य हुन आउँछ। कुनै पनि अवस्थामा राज्य यो दायित्वबाट विमुख रहन सक्दैन। संक्रामक रोगको महामारीको समयमा सङ्क्रमणलाई समुदायमा फैलिन नदिन सरकारले अवलम्बन गरेको विधिमा अनिवार्य रूपमा सहभागी भई सरकारी निर्देशनको पूर्ण पालना गरी सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुन आउँछ, विदेशबाट आउने सम्भाव्य संक्रमित नागरिकले सरकारले तोकेको समयावधिसम्म परिवार र समाजमा घुलमिल नभई सरकारले तोकेबमोजिमको क्वारेन्टाइनमा बस्नु पर्ने हुन्छ।

कोभिड-१९ का कारण नेपाललगायत विश्व नै लकडाउनको अवस्थामा रहेको समयमा नेपाल आफ्नो नागरिकको सुरक्षामा प्रयत्नशील रहे पनि त्यो प्रयास प्रयाप्त रहेको देखिन आएन। यस लकडाउन (Lockdown) को अवस्थामा नेपालका नागरिकहरू विश्वको जुनसुकै कुनामा रहेको भए तापनि निजहरूले खान, बस्न र स्वास्थ्य उपचारको अभावमा बस्नु नपरोस् भन्ने कुरालाई मध्यनजर राख्दै यस लकडाउन (Lockdown) को

अवधिसम्मका लागि विदेशमा रहेका नेपाली नागरिकहरूको संरक्षणका सम्बन्धमा तत्काल देहायबमोजिम गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३ अन्तर्गत नेपाल सरकारको नाममा देहायबमोजिमको आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई गराउनू।

१. विदेशमा खान, बस्न र स्वास्थ्य उपचारको अभाव झेलिरहेका वा विपद्मा परेका नेपाली नागरिकहरूको पहिचान गरी नेपाल फर्कन चाहने इच्छुक नेपाली नागरिकहरूलाई सम्बन्धित मुलुकसँग कुटनीतिक माध्यमबाट समन्वय गरी नेपाल ल्याउने आवश्यक व्यवस्था गर्नु गराउनु, उक्त कार्य सम्भव नभएको अवस्थामा निजहरूलाई तत्तत् स्थानमा खान, बस्न र स्वास्थ्य उपचारको यथोचित प्रबन्ध गरी नागरिकहरूको हक हितको रक्षा गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्नू।

२. यसरी सोबमोजिम नेपालीहरू विदेशबाट नेपाल आएको अवस्थामा आएका सम्पूर्ण व्यक्तिहरूको नाम, थर, वतनसहितको अद्यावधिक लगत राखेर मात्र नेपाल प्रवेश गराउने व्यवस्था मिलाउनू। निजहरूलाई क्वारेन्टाइनमा राख्नू।

३. नेपाल भारतको सीमामा रहेका नेपाल आउन इच्छुक नेपाली नागरिकहरूलाई नेपालमा ल्याई निश्चित समय क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउनु, त्यस्तो प्रबन्ध गर्न तत्काल सम्भव नभएमा भारत सरकारसँग समन्वय गरी लकडाउन अवधिसम्मका लागि निजहरूलाई खाने, बस्ने तथा उपचारको यथोचित व्यवस्था मिलाउन पहल गर्नू।

४. क्वारेन्टाइनमा रहेका व्यक्तिहरूलाई WHO को मापदण्डअनुसार स्वास्थ्य उपचारलगायतका सेवा प्रदान गर्ने व्यवस्था गरी क्वारेन्टाइनलाई व्यवस्थित तवरले सञ्चालन गर्ने व्यवस्था मिलाउनू।

५. विदेशमा रहेका नेपालीहरूको भिसा समाप्त भएको वा राहदानीको म्याद समाप्त भएको कारणबाट कुनै समस्या पर्ने अवस्था भएमा त्यस्ता नेपाली नागरिकहरू रहेको मुलुकसँग समन्वय गरी नेपाली नागरिकहरूको बसाई नियमित गर्ने व्यवस्था मिलाउनू।

न्या.डा.मनोजकुमार शर्मा

इति संवत् २०७६ साल चैत्र २५ गते रोज ३ शुभम्----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७६।१२।२७
०७६-WH-०३२१

विषय : बन्दीप्रत्यक्षीकरण

पक्ष / निवेदक : दिपलाल मिरिङसिङ भन्ने दिपक मिरिङसिङको छोरा महोत्तरी जिल्ला, गौशाला नगरपालिका वडा नं. १ रामनगर स्थायी घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं.५ टिकाथलीमा अस्थायी रूपमा बस्दै आई हाल महानगरीय प्रहरी वृत्त गौशालामा थुनामा रहेको बादल मिरिङसिङको हकमा बुबा दिपलाल मिरिङसिङ भन्ने दिपक मिरिङसिङ.....१

विरूद्ध

विपक्षी / प्रत्यर्थी : महानगरीय प्रहरी वृत्त, गौशाला १
महानगरीय प्रहरी परिसर, टेकु १
विशेष सरकारी वकिलको कार्यालय, माइतीघर काठमाडौं १
उच्च अदालत पाटन १
काठमाडौं जिल्ला अदालत, बबरमहल.....१

आदेश

न्या.ईश्वरप्रसाद खतिवडा : नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

तथ्य खण्ड

१. मेरो छोरा बादल मिरिङसिङले वैदेशिक रोजगारीमा जान इच्छुक २ जना व्यक्तिलाई वैदेशिक रोजगारसम्बन्धी काम गर्ने मेनपावर कम्पनीसँग चिनाजानी गराई दिएको रहेछ। रोजगारीका लागि पठाउन विश्वव्यापी रूपमा देखिएको कोरोना रोग सङ्क्रमणको कारण केही ढिलो हुन गएको भन्ने कुरा मेनपावर कम्पनीले जनाउँदा ती व्यक्तिहरूले उक्त मेनवापर कम्पनीसँग लगिदिने तपाइँ नै हो, त्यसको जिम्मेवारी तपाइँले नै लिनुपर्छ भनी महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेमा मेरो छोरा विरूद्धमा उजुर गरी सोह्रखुट्टे प्रहरी वृत्तबाट मेरो छोरालाई ०७६/११/२२ गतेमा पक्राउ गरी त्यहाँ लगी निजबाट रू.५,५०,०००/- रकम तिर्ने कवलसहितको कागज गराउनुको साथै सोही बखत मिति २०७६/११/२७ गतेको मिति राख्न लगाई रू.१०,००,०००/- को चेकसमेत बल-जबरजस्ती काट्न लगाएको रहेछ । सो कुरा छोरा सोह्रखुट्टे प्रहरी कार्यालयबाट फर्केर आएपश्चात् घरमा बताएको थियो । मिति २०७६/११/२७ गते प्रहरी आई छोरालाई तपाइँको विरूद्धमा

बैंकिङ कसुरको अपराधमा जाहेरी परेको छ भन्दै पक्राउ गरी लगी निजलाई थुनामा राखी मुद्दा अनुसन्धान गर्नका लागि कानूनले चाहिने मनासिब माफिकको आधार र कारण बेगर नै निजलाई म्याद थपको अनुमित दिइएको छ । कोरोना भाइरसको प्रभावबाट सुरक्षित रहन मुद्दा अनुसन्धानको लागि पक्राउ गरिएका व्यक्तिलाई मुद्दाको गम्भीरता र विषयवस्तुको आधारमा हाजिरी जमानीलगायतका विकल्पहरू अवलम्बन गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७५।१२।६ गते निर्णय भएको छ । सोअनुसार पत्राचार भइरहँदासमेत विपक्षहरूद्वारा आधार र कारणविना १९ दिनदेखि निरन्तर थुनामा राखिएकोले छोरा बादल मिरिङसिङलाई गैरकानूनी थुनाबाट मुक्त गर्ने गरी हाजिरी जमानीमा राखी मुद्दाको अनुसन्धान तहकिकात गर्नु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको दिपक मिरिङसिङको निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सोसमेत संलग्न गरी मुद्दा अनुसन्धानको क्रममा उठाइएको प्रमाणहरूको प्रमाणित प्रतिलिपिसहित बाटाको म्यादबाहेक ५ (पाँच) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आए वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७६।१२।१७ को आदेश ।

३. यस अदालतबाट निवेदकलाई पक्राउ गर्नका लागि पक्राउ अनुमति दिएको वा पक्राउ परिसकेपछि जरूरी पक्राउ पुर्जीको समर्थन गरेको र म्याद थप गरेको यस अदालतमा रहेको उल्लिखित पक्राउ अनुमति, जरूरी पक्राउ पुर्जीको समर्थन र म्याद थपसमेतका अभिलेख रेकर्डबाट नदेखिएकोले निवेदक सफा हात अदालत प्रवेश गरेको देखिँदैन । आफूलाई जे जुन अदालतको अनुमतिबाट हिरासतमा राखिएको हो भनी निवेदकले निवेदनमा उल्लेख गरेको बेहोरा छ सो बेहोरा कतैबाट नै पुष्टि हुन आएको छैन । यस अदालतबाट निवेदकका हकमा कुनै पनि कार्य नभएको अवस्था हुँदा यस अदालतलाई विपक्षी बनाई दायर भएको औचित्य नै नरहेको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको लिखित जवाफ ।

४. निवेदकले निवेदनमा उल्लेख गरेको जस्तो निज बादल मिरिङसिङलाई यस कार्यालयबाट बैंकिङ कसुर मुद्दामा कुनै पनि काम कारबाही नगरिएको अवस्थामा झुठ्ठा बेहोरा उल्लेख गरी विपक्षी नै बनाउनु नपर्ने यस कार्यालयलाई विपक्षी बनाइएको र निवेदकको कुनै पनि हक हनन गर्ने कार्य यस कार्यालयबाट नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विशेष सरकारी वकिल कार्यालय काठमाडौंको लिखित जवाफ ।

५. जाहेरवाला आकाशकुमार खड्का वैदेशिक रोजगारको लागि विदेश जाने भनी बुझ्दा निज विपक्षी बादल मिरिङसिङसँग काठमाडौं सामाखुसीमा भेट भई कुराकानी हुँदा निजले आफूले कन्सल्टेन्सी सञ्चालन गर्दछु । मेरो कन्सल्टेन्सीसँग विदेशमा राम्रो समन्वय छ । वैदेशिक रोजगारको लागि विदेश जाने भए साइप्रस भन्ने देशमा वेइटरमा अफर आएको छ । तलब ८८० युरो पाउँछ भनेकाले मैले जानको लागि के कति रकम लाग्दछ भनी सोध्दा निजले भिसा प्रोसेसको लागि तत्काल रू.५,५०,०००।- (अक्षरेपि पाँच लाख पचास हजार) दिनुपर्छ । बाँकी जानेबेला दिए हुन्छ, जम्मा ८,५०,०००/- (अक्षरेपि आठ लाख

पचास हजार) लाग्छ भनेकोले जान इच्छुक भएकाले निजले मेरो नामको राहदानीलगायतको डकुमेन्ट पेपरको छायाँकपी लिई रकम माग गरेकोले मेरो साथमा रकम नभएकोले मेरो नाममा एन.आई.सि. एसिया बैक लि.को खाता नं. ४९८७९७६४४९३५२४०१ को चेकबाट रकम दिन्छु भन्दा निजले हुन्छ चेक भए चेकबाट रकम दिनु भनेकोले मैले उक्त बैंक खाताको चेक नं. २०६०१९७९ सन् २०२०/०२/१७ राखिदिएको रू. १,००,०००।- (एक लाख) को चेक निज बादल मिरिङसिङ नाममा दिएको र पुनः थप रकम माग गरेकोले फेरि चेक २०६०१९८१ सन् २०२०/०२/२४ मिति राखी रू.४,००,०००।- (चार लाख) र सोही बैंकको खाताको चेक नं. २०६०१९८२ बाट सन् २०२०/०२/२५ मा रू.५०,०००।- (पचास हजार) को २ थान चेक बादल मिरिङसिङको नाममा काटी दिएकोमा उल्लिखित चेकहरूबाट प्रतिवादीले रकम लिइसकेपछि जाहेरवालाको नाममा भिसा आयो भनी भिसा पेपरसमेत दिई अब छिट्टै जाने प्लेन टिकट पनि दिन्छु भनी विश्वास दिलाई नेपालबाट कतार दोहा ट्रान्जिट हुँदै जाने भनी प्लेन टिकट नं.१५७-३३१९६०२५१७ को सन् २०२०/०३/०३ समेत दिए तापनि मेरो नाममा श्रम पेपर नदिएकोले जान नपाएकोले मैले आफ्नो रकम जम्मा रू.५,५०,०००।- (पाँच लाख पचास हजार) रकम फिर्ता माग गर्दा आज भोलि भन्दै सम्पर्कविहीन भएकोले निजले मलाई साइप्रस देशमा वर्किङ भिसामा पठाई वेइटरमा काम लगाई दिन्छु भनी आकर्षक तलबको प्रलोभनमा पारी विश्वास दिलाई आफूलाई लाभ लिई बेइमानीपूर्वक झुक्काई रू.५,५०,०००।– (पाँच लाख पचास हजार) रकम लिई खाई मलाई हानि पुऱ्याई ठगी गरेकोले ठगिएको रू.५,५०,०००।- (पाँच लाख पचास हजार) रूपैयाँको साँवा ब्याजसमेत निज प्रतिवादी बादल मिरिङचिङबाटै दिलाई भराई पाउँ भनी आकाशकुमार खड्काले यस परिसरमा जाहेरी दरखास्त पेस गरेको हुँदा यस कार्यालयको अपराध कसुर दर्ता किताब (मु.द.नं.९१४) मा ठगीसम्बन्धी कसुर मुद्दा दर्ता गरी रिट निवेदक बादल मिरिङचिङलाई खोजतलास गर्ने क्रममा मिति २०७६/१२/०४ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १२ टेकुमा फेला पारी तत्काल जरूरी पक्राउ पुर्जी दिई प्रहरीको प्रतिवेदनसाथ दाखिला गरेको हुँदा निज रिट निवेदक बादल मिरिङसिङलाई थुनुवा पुर्जी दिई मिति २०७६/१२/०५ गते सम्मानित काठमाडौं जिल्ला अदालत काठमाडौंबाट जरूरी पक्राउ पुर्जी सदर गरी म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएकोमा मिति २०७६/१२/०४ गतेबाट लागू हुने गरी पहिलो पटक दिन ५ म्याद थप र ऐ. ९ गतेबाट लागू हुने गरी दोस्रो पटक दिन ७ को म्याद थप भई आएकोमा सो अवधिमा प्रतिवादी बादल मिरिङसिङसमेतको बयान कागज गर्ने, एन.आई.सि. एसिया बैंकलाई पत्राचार गर्नेलगायतको सम्पूर्ण अनुसन्धान कार्य पूरा गरिएको छ। विपक्षी रिट निवेदक बादल मिरिङसिङउपर यस कार्यालयबाट बैंकिङ कसुर अपराध मुद्दा दर्ता नभएको, ठगी मुद्दा दर्ता गरी अनुसन्धान भएको अवस्थामा निज प्रतिवादी बादल मिरिङसिङले आफूले गरेको अपराधबाट उन्मुक्ति पाउने मनसाय राखी कपोलकल्पित एवं मनगढन्ते कुराहरू उल्लेख गरी यस परिसरसमेतलाई विपक्षी बनाई अदालतसमक्ष दायर गरेको बन्दीप्रत्यक्षीकरण रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको लिखित जवाफ।

६. निवेदक बादल मिरिङसिङ यस कार्यालयको हिरासतमा नरहेकोले थुनामुक्त गरिपाउँ भन्ने निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी वृत्त गौशाला, काठमाडौंको लिखित जवाफ।

७. यसमा विपक्षी महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुखको लिखित जवाफको बेहोरा हेर्दा, निवेदक बादल मिरिङसिङलाई काठमाडौं जिल्ला अदालतबाट जरूरी पक्राउ पुर्जी सदर गरी दुई पटक म्याद थप गरी अनुसन्धानको लागि हिरसतमा राखेको भन्ने देखिन आएको, तर काठमाडौं जिल्ला अदालतलाई विपक्षी बनाएको नदेखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४ (४) बमोजिम मिति २०७६।१२।२७ गतेभित्र लिखित जवाफ पेस गर्नु भनी काठमाडौं जिल्ला अदालतलाई आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई मिति २०७६।१२।२७ मा नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७६।१२।२५ को आदेश।

८. आकाशकुमार खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी वादल मिरिङसिङ भएको ठगीसम्बन्धी कसुर मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौंको च.नं.१३२९८ मिति २०७६।१२।०५ को पत्रानुसार पक्राउ पुर्जी समर्थन माग भई आएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (६) बमोजिम पक्राउ पुर्जी सदर गरिदिएको हो। जिल्ला सरकारी वकिल कार्यालयको च.नं. ५७०१३ मिति २०७६/१२/०५ को पत्रमा २०७६/१२/०४ देखि लागू हुने गरी पहिलो पटक दिन ७ (सात) को म्याद थप माग भई आएकोमा दिन ५ (पाँच) तथा च.नं.५८०४६ मिति २०७६/१२/०९ को पत्रबाट माग भएको दोस्रो पटक दिन ७ (सात) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम म्याद थप गरिएको हुँदा यस अदालतबाट भएको सम्पूर्ण काम-कारबाही कानूनबमोजिम छ। यस अदालतबाट भए गरेको कार्यले निवेदकको संवैधानिक एवं कानूनी हक अधिकारमा कुनै आघात परेको नदेखिँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

आदेश खण्ड

९. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अजयशंकर झा, श्री पुष्पराज पौडेल र श्री पंकजकुमार कर्णले निवेदकलाई कोभिड-१९ को कारण बन्दाबन्दीको अवस्थामा समेत गैरकानूनी थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो। विपक्षीका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुषालले निवेदकले ठगीको कसुर अपराध गरेकोले कानूनबमोजिम म्याद थप गरी पुर्पक्षको क्रममा रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने होइन, निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

१०. अब यसमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गर्दा निवेदकले वैदेशिक रोजगारी तथा चेक अनादरसम्बन्धी विषयमा पक्राउ गरेको र वर्तमान कोभिड-१९ सङ्क्रमणको अवस्थामा थुनामा राख्न नहुने भनी जिकिर गरेको देखियो। मिसिल संलग्न कागजातबाट बन्दी बादल मिरिङसिङले विदेश जान इच्छुक व्यक्तिलाई वैदशिक रोजगारीसम्बन्धी काम गर्ने मेनपावर कम्पनीसँग सम्पर्क गराई दिएको, वैदेशिक रोजगारीमा पठाउन लाग्ने खर्च भनी केही रकम लिएको, जाहेरवालाको नाममा भिसा प्राप्त भएको, साइप्रसका लागि जहाजको टिकटसमेत लिइसकेको अवस्थामा कोभिड-१९ को कारणबाट श्रम स्वीकृति प्राप्त हुन नसकेको कारणबाट वैदेशिक रोजगारीका

लागि तत्काल पठाउन नसकेको तथ्य देखिन आएको छ । यसरी भनिएअनुसार विदेश पठाउन नसकेको हुँदा लिएको रकम फिर्ता गर्न चेक काटेको, तर बैंक खातामा चेकअनुसारको रकम नभएको भनी चेक अनादर भएको भन्नेसमेत घटनाक्रम देखाइएको पाइयो । उल्लिखित तथ्यहरू सम्बन्धमा विपक्षी प्रहरी कार्यालयको तर्फबाट अन्यथा जिकिर गरिएको देखिँदैन । यसबाट बन्दी बादल मिरिङसिङउपर वैदेशिक रोजगारी तथा चेक अनादरसम्बन्धी कसुरको विषयमा जाहेरी उजुरी परेको देखिन्छ । यदि उल्लिखित कार्यलाई कसुर मानिएको अवस्थामा पनि निज बादल मिरिङसिङले चेक अनादर (बैंकिङ कसुर) तथा वैदेशिक रोजगारीसम्बन्धी कसुर गरेको भन्नु पर्ने हुन्छ । यस प्रकारको मुद्दामा सुनुवाइ गर्ने क्षेत्राधिकार कानूनले जिल्ला अदालतलाई प्रदान गरेको देखिँदैन । वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार वैदेशिक रोजगार न्यायाधिकरणबाट र बैंकिङ कसुरसम्बन्धी मुद्दा उच्च अदालतको वाणिज्य इजलासबाट हेरिने गरी तोकिएको पाइन्छ । तर प्रस्तुत विवादका सन्दर्भमा अनुसन्धानका लागि बादल मिरिङसिङलाई हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने) कार्य जिल्ला अदालतबाट भएको पाइयो ।

१२. नेपालको संविधानको धारा २० को उपधारा (३) मा **"पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन"** भनी उल्लेख भएको छ । यहाँ प्रयुक्त "मुद्दा हेर्ने अधिकारी" भन्नाले कानूनबमोजिम सो कसुरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकारप्राप्त अधिकारी भन्ने बुझिन्छ । कुनै मुद्दा हेर्ने अख्तियारी छ भन्दैमा जुनसुकै अधिकारीले जुनसुकै मुद्दामा पक्राउ परेको व्यक्तिलाई थुनामा राख्न अनुमति दिन वा म्याद थप गर्न सक्दैन, त्यसो गर्न पनि हुँदैन । सो कसुरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार म्याद थप गर्ने अधिकारीलाई कानूनले प्रदान गरेको हुनु अनिवार्य छ । प्रस्तुत विवादका सन्दर्भमा हेर्दा निवेदक बादल मिरिङसिङलाई हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने) कार्य सम्बन्धित मुद्दा हेर्ने अधिकारीले गरेको भन्ने देखिएन ।

१३. यसका अतिरिक्त प्रस्तुत विवादका सन्दर्भमा अर्को पनि विचारणीय पक्ष रहेको पाइयो । अहिले COVID-19 को सङ्क्रमणबाट उत्पन्न असहज परिस्थिति रहेको कुरामा विवाद छैन । यस अवस्थामा कुनै व्यक्तिलाई पक्राउ गरी बन्दी बनाउँदा कसुरको गम्भीरतातर्फ पनि विशेष रूपमा संवेदनशील भई दृष्टि पुऱ्याउनु आवश्यक देखिन्छ । गम्भीर प्रकृतिका कसुरमा अभियुक्तलाई पक्राउ गरी थुनामा राखेर कानूनबमोजिम कारबाही चलाउनु पर्ने अवस्था अवश्य नै रहन्छ । केबल रोग सङ्क्रमणको कारण देखाएर गम्भीर प्रकृतिका कसुर गर्नेले कानूनी परिणाममा छुट वा सुविधा पाउन सक्दैन । तर सामान्य प्रकारको कसुरको विषयमा भने व्यावहारिक किसिमको कार्य प्रणाली अपनाउनु वर्तमान समय-सान्दर्भिक र मनासिब देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ (१) मा ***"यस ऐनबमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपर्युक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारणसहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ"*** भनी उल्लेख भएको छ । यसको तात्पर्य सबै प्रकारका अभियुक्तलाई अनुसन्धानको सिलसिलामा हिरासतमा नै राख्नुपर्दछ भन्ने पनि कानूनी अनिवार्यता देखिँदैन । **"हिरासतमा राखिरहनु आवश्यक वा उपर्युक्त नदेखिएमा"**

त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिएर वा हाजिर जमानीमा राखेर पनि अनुसन्धानको कार्य गर्न सकिने देखिन्छ। रिट निवेदक बादल मिरिङसिङउपर परेको उजुरीको प्रकृतिका दृष्टिले हेर्दा निजलाई अनुसन्धानका सन्दर्भमा थुनामा नै राख्नु पर्नेसम्मको कुनै उचित कारण देखिएन । निजका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिमको प्रक्रिया अपनाएर अनुसन्धानको कार्य गर्न सकिने नै देखियो।

१४. अतः रिट निवेदक बादल मिरिङसिङलाई वैदेशिक रोजगार वा चेक अनादर (बैंकिङ कसुर) सम्बन्धी मुद्दा हेर्ने अधिकारीले थुनामा राख्न अनुमति दिएको नदेखिएको, क्षेत्राधिकार नभएको निकायबाट म्याद थप गर्ने कार्य भएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिमको प्रक्रिया अपनाएर पनि अनुसन्धानको कार्य गर्न सकिने अवस्था रहेको देखिँदा अहिलेको परिस्थितिमा निज बादल मिरिङसिङलाई थुनामा राखिएको कार्यलाई कानूनअनुकूल मान्न मिलेन । निजउपर विवादित वैदेशिक रोजगार वा चेक अनादर (बैंकिङ कसुर) सम्बन्धी मुद्दामा अनुसन्धान गर्नुपर्ने भए निजलाई तारेखमा राखी कानूनबमोजिम अनुसन्धानसम्बन्धी कार्य गर्ने, गराउने गरी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियमबमोजिम थुनाबाट मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । निवेदक बादल मिरिङसिङलाई थुनाबाट मुक्त गर्न महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंमा लेखी पठाउनु भनी यस इजलासबाट भएको संक्षिप्त आदेशअनुसार निज थुनाबाट मुक्त भइसकेको देखिँदा अब यसमा थप केही गरिरहन परेन । प्रस्तुत आदेशको जनाउ महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई निवेदनको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल
कम्प्युटर अपरेटर:- मन्दिरा रानाभाट
इति संवत् २०७६ साल चैत्र २७ गते रोज ५ शुभम् .....।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।१।४
०७६-WO-०९४०

विषय : परमादेश

निवेदक : अधिवक्ता सोमप्रसाद लुइँटेलसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

आदेश

निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशमणि शार्मा, श्री नारायणप्रसाद प्रसाई तथा विद्वान् अधिवक्ताहरू थी सोमप्रसाद लुइँटेल, श्री सन्तोष भण्डारी, श्री नरेन्द्रप्रकाश खनाल, श्री सुदिप देवकोटा, श्री लक्ष्मी (नानी) थापा र श्री प्रकृति कार्कीले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गर्नू।

साथै अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गर्दा रिट निवेदकले कोरोना (COVID-19) को महामारीले नेपालको अर्थतन्त्रमा ठुलो टेवा दिई वैदेशिक रोजगारीमा रहेको तर: हाल रोजगारसमेत गुमाई अत्यन्त जोखिम अस्वस्थ, असुरक्षित अवस्थामा रहेको नेपाली नागरिकको जीवनको हक, स्वास्थ्य उपचारको पहुँचको हक, विनाभेदभाव र विना स्वच्छाचारी देश फर्कन पाउने र उद्धारको हकमा समेत असर पर्न गएको अत्यन्त, गम्भीर प्रश्न उठाउनु भएको देखिन्छ।

आफ्नो नागरिक आ-आफ्नो देशमा विनाभेदभाव फर्किन पाउने, उच्च स्तरको मानसिक, शारीरिक, स्वास्थ्यको संरक्षणको अधिकार व्यक्तिको मानव अधिकार हो। नेपालको संविधानको धारा१६ ले सम्मानपूर्ण तरिकाले बाँच्न पाउने हकको साथै संविधानको धारा १८ ले नागरिकबिच लिङ्ग, आर्थिक, सामाजिक, धर्म, भाषा, विचार, राजनीति "शारीरिक स्वास्थ्यको आधारमा समेत भेदभाव गर्न नहुने" हकको सुनिश्चितता गरेको छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ ले "नेपाली कामदार रहेको मुलुकमा युद्ध, महामारी, प्राकृतिक प्रकोपपछि कामदारहरूलाई तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनीतिक नियोग वा श्रम सहचारीमार्फत कामदार फिर्ता गर्ने व्यवस्था गर्नुपर्ने" कानूनी व्यवस्था रहेको छ। यसै ऐनको दफा ३३(ख) ले ऐ. ऐनको दफा ७५ को व्यवस्थाबाट कामदारलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन वा फिर्ता आएमा कामदार वा निजको परिवारलाई आर्थिक सहायताको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गर्न पाउने व्यवस्था

गरेको छु।

(COVID-19) को महामारीले आज सिङ्गो विश्व नै अत्यन्त कठिन अवस्थामा रहेको छ । यसको सिधा असर जीवन, विश्व अर्थतन्त्र तथा रोजगारीमा पनि परेको छ। यसै अवस्थामा नेपालको अर्थतन्त्रलाई ठुलो टेवा दिइरहेको वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले रोजगारी गुमाई अत्यन्त नाजुक, असुरक्षित, अस्वस्थ अवस्थामा बस्नु परेको छ । यस्तो यथार्थतालाई राज्य अनदेखा गर्न सक्दैन । एकातिर उनीहरूमा सङ्क्रमणको जोखिमता रहेको छ भने अर्कोतिर संक्रमित हुँदा उपचारमा पहुँच छैन । केही देशले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई फिर्ता लैजान दबाब दिइरहेको र कतिपय वैदेशिक रोजगारीमा रहेका नेपाली घर फर्काई दिन आफ्नो सरकार गुहारी रहेको भनी रिट निवेदकले उठाएको विषयमा राज्यले टुलुटुलु हेरेर बस्न सक्ने देखिँदैन । यस्तो महामारीको अवस्थामा सरकारले आफ्नो नागरिकको सुरक्षा र स्वास्थ्यको लागि विभिन्न उपाय अवलम्बन गर्दा गर्दै पनि वैदेशिक रोजगारीमा गएका नागरिकको हकमा तत्काल पर्याप्त र प्रभावकारी थप प्रयास गर्न आवश्यक देखिएको छ। सबै नागरिकको स्वास्थ्य, सुरक्षा वा अन्य आवश्यकताको सम्बोधन राज्यको वैध सरोकारको विषय हो।

तर सरकारले तत्काल केही नगर्दा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकको मानसिक, शारीरिक स्वास्थ्य तथा जीवन मात्र जोखिममा नरही निजमा आश्रित रहेका परिवारको समेत जीवन जोखिममा पुग्न जाने हुँदा नेपालबाहिर वा नेपालभित्र जहाँ रहे बसे पनि उनको जिम्मेवारी राज्यको प्राथमिकताको विषय रहेको हुन्छ। तसर्थ कोरोना प्रभावित (COVID-19) महामारी फैलिएको मुलुकहरूमा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको नेपाली राजदूतावास वा श्रम सहचारीमार्फत कोरोना भाइरस संक्रमित नेपाली नागरिकको स्वास्थ्य स्थिति प्रतिवेदन तत्कालै तयार गर्न लगाई WHO को मापदण्डबमोजिम स्वास्थ्य सेवा / उपचार भेदभावरहित तरिकाले प्राप्त गर्न परराष्ट्र मन्त्रालयमार्फत कुटनीतिक सञ्चार र समन्यवय गर्न तथा वैदेशिक रोजगारीमा रहेको अत्यन्त जोखिममा रहेको नेपाली नागरिकको अनियन्त्रित र अव्यवस्थित नेपाल प्रवेशबाट हुने थप जोखिमताबाट संरक्षण गर्न नागरिकको व्यक्तिगत अधिकार (Individual Right of Citizen) तथा बहुसंख्यक जनताको (Interest of Larger population) “जीवन, स्वास्थ्य र सुरक्षाको हितलाई समेत सन्तुलित तरिकाले संरक्षण गर्दै सूक्ष्म, गम्भीर एवं संवेदनशील तरिकाले विनाभेदभाव, विनास्वच्छाचारी, विवेकपूर्ण तरिकाले नियमन र नियन्त्रणको सर्त बन्देजसहित फिर्ता ल्याउने / उद्धारको लागि आवश्यक प्रशासनिक, आर्थिक र व्यवस्थापकीय पहल गर्न विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।

साथै यसै विषयका सम्बन्धित अन्य रिट निवेदनहरू ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४ र ०७६-WO-०९३६ नं. का यसै अदालतसमक्ष विचाराधीन रहेको हुँदा साथै राखी नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल वैशाख ४ गते रोज ५ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।१।५
०७६-WO-०९३८

मुद्दा : उत्प्रेषण

निवेदक : जनहित संरक्षण मञ्चको तर्फबाट आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासमेत----------१
विरूद्ध
विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत----------१

आदेश

यसमा अन्तरिम आदेश छलफलका लागि पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशमणि शर्मा र श्री दिनेश त्रिपाठी, विद्वान् अधिवक्ताहरू श्री खगेन्द्र सुवेदी, श्री केशरमणि अर्याल, श्री सन्तोष भण्डारी, श्री कमल कोइराला, श्री लक्ष्मी (नानी) थापा, रिट निवेदक श्री संजय अधिकारी तथा विपक्षीहरूको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नुभएको बहस सुनियो।

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सन्दर्भमा हेर्दा, प्रस्तुत निवेदन कोभिड-१९ को सन्दर्भमा गरिएको लकडाउन / बन्दाबन्दीको कारण सिर्जित परिस्थितिलाई लिएर सार्वजनिक सरोकारको निवेदन भनी नेपालको संविधानको धारा ४६, १३३(२) र १३३(३) अन्तर्गत दर्ता भएको देखियो। निवेदनमा मूलतः काठमाडौं उपत्यकालगायत नेपालका सहरी क्षेत्रमा रोजगारी, व्यवसाय, दैनिक ज्यालादारी गरी खाने तथा निजी क्षेत्रका होटल, रेस्टुरेन्ट आदि क्षेत्रमा काम गर्ने मजदुर र विद्यार्थीलगायतका हाल रहेको ठाउँमा आफ्नो घरबास नहुने र नेपाल सरकारद्वारा घोषणा गरेको लकडाउन / बन्दाबन्दीका कारण आफ्नो घर फर्किन नपाएका तर घर जान इच्छुक व्यक्तिहरूको हकमा उनीहरूलाई तत्काल सुरक्षित तवरले आफ्नो घर फर्किन पाउने व्यवस्था गरिनुपर्ने भन्ने माग लिइएको देखियो। यस हिसाबले प्रस्तुत निवेदन नेपालको संविधानको धारा १६, १८, ३५, ३६, ४३ समेतद्वारा प्रदत्त हकहरूको प्रचलन र उपभोगसँग सम्बन्धित देखियो।

कोभिड-१९ को महामारीको कारण हाल नेपालसमेत आक्रान्त छ। महामारीको कारण नेपालभित्र रहेका हरेक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, पेसा रोजगारीको हक, खाद्यसम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक, आवासको हक, सामाजिक सुरक्षाको हकसमेत प्रभावित भइरहेको अवस्था छ। विद्यमान परिस्थितिको कारण महिला, बालबालिका, विपन्न, अशक्त र असहाय, अपांगता भएका व्यक्तिहरूको हक संरक्षणको कुरा थप चुनौतीपूर्ण बन्न पुगेको छ। यो सिर्जित परिस्थितिको सामना गर्न राज्य संयन्त्र परिचालित भइरहेको पनि देखिन्छ। संघ, प्रदेश र स्थानीय तहको अगुवाई, चिकित्सा क्षेत्रको अग्रसरता र सुरक्षा निकायसमेतको सहभागितामा

केही उपलब्धिहरू हासिल भएका छन् । यो कुरा बुझ्न सकिन्छ । तर दिनदिनै परिस्थिति बदलिइरहेको अवस्था पनि छ । यो महामारीको रोकथाम र नियन्त्रणमा हामीलाई कति समय प्राप्त छ र प्राप्त समयको सही किसिमबाट सदुपयोग हुन सकेको छ वा छैन यो प्रश्न पनि विचारणीय छ । लकडाउन / बन्दाबन्दीको उद्देश्य, यसको उपयोगिता, सामाजिक दुरी कायम गर्नेलगायतका जनताद्वारा पालन गरिनु पर्ने कर्तव्यको पालन भई राज्य र जनताको तहबाट समन्वयात्मक र उत्तरदायीरूपमा पारदर्शी किसिमले कार्य हुन सक्दा मात्र यो अदृश्य शत्रू विरूद्धको युद्ध जितिने हो ।

महामारीको प्रभाव स्वाभाविक रूपले सबैलाई परेको छ तर बन्दाबन्दीको कारण सिर्जित परिस्थितिको चर्को मारमा सहरमा आफ्नो घर वा सुरक्षित आवासको व्यवस्था नहुने रोजगारी गुमेको विपन्न वर्ग, उनीहरूमा आस्रित व्यक्तिहरू र अध्ययनका लागि बसेका विद्यार्थीहरूलाई बढी परेको छ । हाल काठमाडौंलगायतका सहरी क्षेत्रबाट आफ्नो घरबास भएको जिल्लामा पैदलै जान बाध्य दिनरात देखिने जनताको लर्कोले यो यथार्थतालाई प्रदर्शित गरेको छ । हाल सिर्जित परिस्थितिको सन्दर्भमा सार्वजनिक सरोकारको विषय भनी दायर गरिएको प्रस्तुत रिट निवेदनमा उठाइएका कुराहरू, नेपालको संविधान तथा नेपाल पक्ष रहेका मानव अधिकारसम्बन्धी महासन्धिका व्यवस्थाहरूद्वारा प्रत्याभूत जीवन, जीविका, स्वास्थ्य, समानता, सम्मान र सुरक्षासमेतका हकहरूलाई मध्यनजर गर्दा तत्काल देहायबमोजिम हुनुपर्ने देखिएकोले नेपालको संविधानको धारा १३३ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम देहायबमोजिमको अन्तरिम आदेश जारी गरिएको छः-

क. विकल्पको अभावमा बाध्यतामा परेका र हाल काठमाडौंलगायत अन्य विभिन्न सहरी क्षेत्रहरूबाट आफ्नो स्थायी बसोबास रहेको गाउँ / नगरको निमित्त पैदलै प्रस्थान गरिसकेका जनताहरूलाई सुरक्षित रूपमा उनीहरूको गन्तव्यमा पुऱ्याउने राज्यको प्राथमिक कर्तव्य हो । यी वर्गको तथा समूहको व्यक्ति र बृहत् समाजको हितलाई समेत ध्यानमा राखी स्थानीय रूपमा हाल परिचालित स्वास्थ्य परीक्षणसम्बन्धी जनशक्तिको मोबाइल समूहहरू परिचालन गरी उनीहरूको च्यापिड टेस्ट गर्दै सुरक्षाको लागि अपनाउनु पर्ने सबै आवश्यक उपायहरू अवलम्बन गर्दै अत्यन्त प्राथमिकताको साथ उनीहरूलाई सरकारको कार्यमा आस्वस्थ हुने गरी अविलम्ब सबै राजमार्गहरूबाट सवारी साधनहरूको नि:शुल्क व्यवस्था गरी उनीहरूको गन्तव्य स्थानमा पुऱ्याई दिनू । सो गर्दा महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूको विशेष सुरक्षा गर्नु र प्राथमिकता क्रममा राख्नू । यी व्यक्तिहरूको परीक्षण गर्दा कोभिडको आशंका भएका व्यक्तिहरूलाई आवश्यकताअनुसार तत्काल क्वारेन्टाइन / आइसोलेसनमा राख्ने व्यवस्था गरी निको भएपछि वा शंकाबाहिर आएपछि मात्रै उनीहरूको गन्तव्यमा सुरक्षित तवरले पुऱ्याई दिने व्यवस्था गर्नु, गराउनू ।

ख. हाल प्रस्थान गरी नसकेका काठमाडौं उपत्यकालगायत सहरी क्षेत्रमा रहेका माथि उल्लिखित समूहका आफ्नो स्थायी बसोबास भएको जिल्ला, गाउँ / नगरपालिकामा जान चाहने व्यक्तिहरूको हकमा निजहरू हाल रहेको वडाद्वारा टेलिफोनमार्फत जान चाहने जिल्ला, गाउँ / नगरपालिका र वडासमेत खुल्ने गरी पृष्ठभूमिसमेत प्रमाणित हुने किसिमबाट लगत संकलन गर्नु गराउनू । तत्पश्चात् च्यापिड टेस्टको माध्यमद्वारा निजहरूको स्वास्थ्य परीक्षण गरी र सुरक्षा संयन्त्रसमेतको संलग्नतामा विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम सवारी साधनलाई स्यानिटाइज गरी अन्य आवश्यक स्वास्थ्य सुरक्षाको

उपायहरू अपनाई सम्बन्धित वडा-वडाबाट निजहरू जान चाहने प्रदेश, जिल्ला र पालिकासमेतसँग समन्वय गरी सो स्थानहरूमा पुगेपछि आवश्यकताअनुसार क्वारेन्टाइनमा राख्ने प्रबन्धसमेत मिलाउनू।

ग. कोभिड-१९ को सङ्क्रमणमा परेका, जोखिममा रहेका र पेसा रोजगार गुमाई तनावमा रहेका जनताहरूलाई केन्द्रित गरी उनीहरूको मानसिक स्वास्थ्यसमेतलाई विचार गरी उपयुक्त माध्यमद्वारा सघन मनोसामाजिक परामर्शको व्यवस्था गर्नु, गराउनू।

घ. यसरी आफ्नो स्थायी बसोबास भएको क्षेत्रमा पुगेका तत्काल राहतको आवश्यकता हुने व्यक्तिहरूलाई राहत प्रदान गर्न र क्वारेन्टाइनसमेतका स्वास्थ्य सेवाहरू प्रदान गर्न आवश्यक पर्ने स्रोत, साधन स्थानीय तहलाई उपलब्ध गराउनू। साथै हालको महामारीलगायत स्थानीय जनताको स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्न जिल्ला अस्पतालमा समेत आई.सी.यु. बेड र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने जनशक्ति विस्तार गर्नू। जनताको स्वास्थ्यसम्बन्धी हकको प्रभावकारी कार्यान्वयनको लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ अन्तर्गत निर्माण गर्नुपर्ने नियमावली तत्काल निर्माण गरी लागू गर्नु, गराउनू।

ङ. कोभिड-१९ को सङ्क्रमणको संख्या हाल पनि नियन्त्रणबाहिर रहेकोसमेत सन्दर्भमा सम्भावित जोखिमलाई मध्यनजर गरी भरपर्दो परीक्षणको दायरा तत्काल बढाउनु आवश्यक देखिन्छ। पिसिआर (PCR) मेसिनद्वारा परीक्षण गर्ने हाल स्थापित केन्द्रहरूबाहेक पनि जनघनत्व बढी भएका र स्वास्थ्य सेवाको पहुँचको हिसाबले समेत आवश्यक र उपयुक्त देखिएका सहरी क्षेत्रहरूमा परीक्षण केन्द्रहरू थप गर्नु आवश्यक देखिँदा प्राथमिकताका साथ परीक्षण केन्द्रहरू स्थापना गर्नू। स्वास्थ्यसम्बन्धी मेसिन, सामग्री र औषधीसमेत खरिद गर्दा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुकूल हुने गरी खरिद गर्नु, गराउनू।

च. हाल उद्योग, कलकारखाना बन्द रहेको र रोजगारी गुमेको कारण ग्रामीण क्षेत्रमा फर्किएका जनताहरूको उपलब्धतालाई कृषि क्षेत्रको पुनर्जागरणको अवसरको रूपमा प्रयोग गर्न सकिने हुँदा स्थानीय तहमा बिउ बिजन, मल, कृषि औजार आदि अवस्थाअनुसार नि:शुल्क वा सहुलियत दरमा सहज रूपमा उपलब्ध गराउने र कृषि बाली र पशुधनसमेतको बिमामार्फत ग्रामीण अर्थतन्त्रलाई स्वाबलम्बी अर्थतन्त्रको रूपमा विकास गर्न प्रदेश र स्थानीय तहसमेतको समन्वयमा आवश्यक कार्य अविलम्ब गर्नु, गराउनू।

छ. आफ्नै गाउँ समाज र परिवारको सदस्यहरू सहरबाट फर्की आएकोमा संक्रमित भएको वा नभएको हेरी थप सङ्क्रमण नहुन र सुरक्षाको निमित्त तोकिएको नियमन एवम् नियन्त्रणको सर्त पालन भएको छ वा छैन हेरी पालना हुने कुरा सुनिश्चित गरी सहरबाट फर्किएका आफ्नो समुदायका सदस्यहरूलाई सम्मानपूर्ण सामाजिक पुन:एकीकरणको वातावरणको सुनिश्चितता गर्न प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्नु, गराउनू।

कोभिड-१९ कै सम्बन्धमा यसअघि यस अदालतमा विभिन्न रिट निवेदनहरू दर्ता भई ती रिट निवेदनहरूमा विभिन्न इजलासहरूबाट आदेशहरू भएको अवस्था छ। यो महामारीले कुन रूप लिन्छ, यसलाई हामी कसरी परास्त गर्न सक्छौं सोबारे समीक्षा गर्न र संघ, प्रदेश तथा स्थानीय एवम् जनस्तरबाट भइरहेका कार्यहरूमा के कस्ता कमी कमजोरी रहन्छन् सो हेरी आवश्यक आदेशहरू जारी गर्नुपर्ने हुन्छ। नेपालको

संविधानले अङ्गीकार गरेको लोकतान्त्रिक व्यवस्था, विधिको शासन र प्रत्याभूत मौलिक हकसमेतको संरक्षणको निमित्त एकीकृत रूपमा आवश्यक आदेशहरू जारी गर्नु यस अदालतको कर्तव्य भएको र प्रस्तुत आदेश पनि सोही सन्दर्भमा जारी गरिएकोले प्रस्तुत रिट निवेदन र यस अदालतमा विचाराधीन रहेका ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३६ र ०७६-WO-०९४० का रिट निवेदनहरू साथै राखी एकैसाथ पेस गर्नू। साथै प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू।

इति संवत् २०७७ साल वैशाख ५ गते रोज ६ शुभम् ----------

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
फैसला मिति : २०७७।१।१४
०७६-WH-०३२९

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

निवेदक : कैलाली जिल्ला कैलाली गाउँपालिका वडा नं.२ घर भई हाल बाल सुधार केन्द्र डोटी सिलगढीमा रहेका परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDF-Nepal) सँग आबद्ध अधिवक्ता अजय शंकर झा "रूपेस"

विरूद्ध

विपक्षी : कैलाली जिल्ला अदालत, कैलाली, धनगढी

आदेश

न्या. सपना प्रधान मल्ल : नेपालको संविधानको धारा १३३(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भई नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ ।

निवेदकको निवेदन बेहोरा

बाल बिज्याइँकर्ता परिवर्तित नाम ७१ धनगढी ६५ ले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसुर अपराधमा निजलाई सोही संहिताको दफा २१९ को उपदफा (३) देहाय (ख) बमोजिम हुने सजायमा निजको उमेर वारदातको समयमा १७ वर्ष ११ महिना देखिन आएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम सजाय तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउन निज विरूद्ध कैलाली जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोग पत्र दायर भएकोमा जबरजस्ती करणी नभई बालयौन दुरूपयोगको कसुर देखिँदा निजलाई २ वर्ष कैद र रू.२०,०००।- जरिवाना हुने तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (४) बमोजिम १ वर्ष ४ महिना कैद र रू.१३,३३३।- जरिवाना हुने ठहऱ्याई मिति २०७६।६।२९ गतेदेखि नै निज प्रहरीको नियन्त्रणमा र त्यसपश्चात् बाल सुधार केन्द्रमा अद्योपरान्त ६ महिनाभन्दा बढी थुनामा रहेको हो । विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन न्यायालयलगायतका राज्यका सबै अंग तथा निकायहरू कार्ययोजना बनाई क्रियाशील रही तदनुसार कार्य गरिरहेको अवस्थामा सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेको बखत उपस्थित गराउने गरी परिवर्तित नाम ७१ धनगढी ६५ लाई जिम्मा लगाई पाउन निजको

संरक्षकले कैलाली जिल्ला अदालतसमक्ष दिएको निवेदनमा कुनै कानूनी आधार र कारणविना नै जिम्मामा दिन नमिल्ने गरी भएको आदेशबाट निज नाबालक हाल थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्याय अनुकूलको हक, स्वच्छ सुनुवाइको हक, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार विरूद्धको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक र सामाजिक न्यायको हकमा आघात पुग्न गएको र जिल्ला अदालतको उक्त आदेशको विरूद्धमा लकडाउनको कारण साधिकार उच्च अदालत दिपायलसमक्ष उपस्थित भई निवेदन गर्न सक्ने अवस्थासमेत नरहनुको साथै प्रभावकारीसमेत नहुने हुँदा निज परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको बुबाको जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ। साथै यस्तै प्रकृतिका अन्य निवेदनहरूको हकमा समेत बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखी कानूनको प्रक्रिया पुऱ्याई आवश्यक निर्णय लिनु भन्ने उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र।

यस अदालतको प्रारम्भिक आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले ३ दिनभित्र (विपक्षी कैलाली जिल्ला अदालत भएको र वर्तमान Lockdown को परिवेशलाई समेत विचार गर्दा) इमेलबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक / एक प्रति नक्कलसमेत साथै राखी विपक्षीका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७६।१।७ को आदेश।

कैलाली जिल्ला अदालतको लिखित जवाफ

विपक्षी रिट निवेदक परिवर्तित नाम ७१ धनगढी ६५ ले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसुर अपराध गरेको हुँदा सोबमोजिम सजाय तथा क्षतिपूर्ति दिलाउन जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा निजलाई १ वर्ष ४ महिना कैद र रू.१३,३३३/- जरिवाना गरिएकोमा सो आदेश र फैसलाउपर चित्त बुझाई पुनरावेदनसमेत गरेको छैन। निजको हकमा संरक्षक बुबा रामप्रसाद चौधरीले कोरोना भाइरसको सङ्क्रमण फैलिरहेको अवस्थामा बाल हितको लागि अदालतले खोजेका बखत उपस्थित गराउने गरी जिम्मा लगाई पाउन निवेदन गरेकोमा निजलाई अभिभावकका जिम्मा छोड्न नमिल्ने भनी भएको आदेशउपर चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा निवेदन दिनु पर्नेमा सो नदिई साधिकार निकायबाट कानूनबमोजिम फैसला भइसकेको विषयमा उपचारको वैकल्पिक बाटो छँदाछँदै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी दिनु भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कैलाली जिल्ला अदालतको लिखित जवाफ।

यस अदालतको अन्तिम आदेश

उपर्युक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता एवम् निवेदक स्वयम् श्री अजय शंकर झा, विदुषी अधिवक्ता श्री विमला यादव तथा विद्वान् अधिवक्ता श्री पंकजकुमार

कर्णले परिवर्तित नाम ७१ धनगढी ६५ विरूद्ध कैलाली जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा जबरजस्ती करणी नभई बालयौन दुरूपयोगको कसुरमा १ वर्ष ४ महिना कैद र रू. १३,३३३।- जरिवाना हुने ठहऱ्याई बाल सुधार केन्द्रमा थुनामा रहेको हो । विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन सामाजिक दुरी कायम राखी जीवनको संरक्षण गर्न सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेको बखत उपस्थित गराउने गरी परिवर्तित नाम ७१ धनगढी ६५ लाई जिम्मा लगाई पाउन निजको संरक्षक बुबाले कैलाली जिल्ला अदालतमा निवेदन दिएको हो । उक्त अदालतबाट निजको संरक्षक बुबाको जिम्मामा दिन नमिल्ने गरी आदेश भएको हो । सो आदेशबाट निज नाबालक थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको बुबाको जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले रिट निवेदकलाई जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भई निजलाई १ वर्ष ४ महिना कैद र रू.१३,३३३/- जरिवाना हुने फैसला भएको हो । निवेदकले सो फैसलामा चित्त बुझाई पुनरावेदनसमेत गरेको छैन । निजको संरक्षक बुबा रामप्रसाद चौधरीले अदालतले खोजेका बखत उपस्थित गराउने गरी जिम्मा लगाई पाउन दिएको निवेदनमा भएको आदेशउपर चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा निवेदन दिनु पर्नेमा सो नदिई साधिकार निकायबाट कानूनबमोजिम फैसला भइसकेको विषयमा उपचारको वैकल्पिक बाटो छँदाछँदै बन्दीप्रत्यक्षीकरणमा आएको प्रस्तुत रिट निवेदन खारेजभागी छ तर पनि COVID-19 को अवस्थामा सामाजिक दुरी कायम राख्ने हेतु निवेदकको माग विचारणीय नै देखिन्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरू तथा विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको उल्लिखित बहससमेत सुनी निवेदन बेहोरासहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदक परिवर्तित नाम ७१ धनगढी ६५ विरूद्ध जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा कैलाली जिल्ला अदालतबाट बालयौन दुरूपयोगको कसुर ठहऱ्याएको हो । सो कसुरमा १ वर्ष ४ महिना कैद र रू. १३,३३३।- जरिवाना हुने ठहऱ्याई बाल सुधार केन्द्रमा थुनामा रहेकोमा कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेको बखत उपस्थित गराउने गरी परिवर्तित नाम ७१ धनगढी ६५ लाई जिम्मा लगाई पाउन निजको संरक्षक बुबाले कैलाली जिल्ला अदालतमा निवेदन दिएकोमा निजको संरक्षक बुबाको जिम्मामा दिन नमिल्ने गरी आदेश भएको हो । सो आदेशबाट निज नाबालक थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको बुबाको जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने दाबी गरी निवेदकले रिट निवेदन दायर गरेको देखियो ।

रिट निवेदकलाई जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भई निजलाई १ वर्ष ४ महिना

कैद र १३,३३३/- जरिवाना हुने फैसला भएको हो। निवेदकले सो फैसलामा चित्त बुझाई पुनरावेदनसमेत गरेको छैन। निजको संरक्षक बुबा रामप्रसाद चौधरीले अदालतले खोजेका बखत उपस्थित गराउने गरी जिम्मा लगाई पाउन दिएको निवेदनमा भएको आदेशउपर चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा निवेदन दिनु पर्नेमा सो नदिई साधिकार निकायबाट कानूनबमोजिम फैसला भइसकेको विषयमा उपचारको वैकल्पिक बाटो छँदाछँदै बन्दीप्रत्यक्षीकरणमा आएको भन्नेसमेतको विपक्षीको भनाइ रहेको पाइयो।

निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, निवेदक परिवर्तित नाम ७१ धनगढी ६५ लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा २१९ को उपदफा (३) देहाय (ख) बमोजिम हुने सजायमा निजको उमेर वारदातको समयमा १७ वर्ष ११ महिना देखिन आएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम सजाय तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेतको मागदाबी लिई कैलाली जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोग पत्र दायर भएकोमा जबरजस्ती करणी नभई बालयौन दुरूपयोगको कसुरमा निज निवेदकलाई २ वर्ष कैद र रू.२०,०००।- जरिवाना हुने तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (४) बमोजिम १ वर्ष ४ महिना कैद र रू.१३,३३३।- जरीवाना हुने ठहऱ्याई भएको फैसलाबमोजिम मिति २०७६।६।२९ गतेदेखि नै निज प्रहरीको नियन्त्रणमा र त्यसपश्चात् बाल सुधार केन्द्रमा थुनामा रहेको देखिन्छ। कोरोना भाइरसको सङ्क्रमणबाट बाँच्न पाउने पहिलो प्राथमिकता रहेको हुँदा निवेदकको बुबा रामप्रसाद चौधरीले कैलाली जिल्ला अदालतमा मिति २०७६।१२।१० गते द.नं. २७६४ मार्फत खोजेको बखत उपस्थित गराउने गरी तत्काल जिम्मा लगाई पाउन सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को निर्णय बुँदा ५ को आधारमा निवेदन गरेको देखिन्छ। उक्त निवेदनउपर कैलाली जिल्ला अदालतबाट नाबालकलाई बालयौन दुरूपयोगको कसुरमा १ वर्ष ४ महिना कैद हुने गरी मिति २०७६।९।२४ मा फैसला भइसकेको हुँदा निज परिवर्तित नाम ७१ धनगढी ६५ लाई अभिभावकको जिम्मामा छोड्न मिल्ने देखिएन भन्ने आदेश गर्दै निजलाई थुनामा राखिएको देखिन्छ।

हाल नोबेल कोरोना भाइरस (कोभिड-१९) विश्वका १६८ भन्दा बढी देशहरूमा फैलिई २,०९,८३९ मानिसहरू प्रभावित भइसकेको र ८,७७८ जनाको मृत्यु भइसकेको अवस्थामा थप सङ्क्रमणबाट सिर्जना हुन सक्ने "महामारी" को अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनुपर्ने सावधानीका सम्बन्धमा इजलासबाट समेत COVID-19 बाट बढेको जोखिम न्यूनीकरण गरी रोकथामको पूर्वतयारीको लागि अत्यन्त संवेदनशील भई व्यक्तिको मानव अधिकार र मौलिक अधिकारको संरक्षण गर्नुपर्ने देखिन्छ।

नेपालको संविधानको धारा १६(१) मा **"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ"** भनी बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ। धारा ३९ उपधारा ८ ले **"प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ"** भनी बालबालिकाको सर्वोत्तम हितसहितको न्यायको अधिकारलाई सुनिश्चित गरेको पाइन्छ। धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले **बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने** तथा **ऐ. दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ** भनी कानूनी व्यवस्था

रहेको पाइन्छ ।

कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ । बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको, समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ । यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ । कोभिडको सङ्क्रमण रोकथाम गर्न र जोखिम न्यूनीकरण गर्न रणनीतिमूलक ढङ्गबाट राज्यको हरेक निकायले हेर्नु आवश्यक छ । यस अवस्थामा अत्यन्त जोखिममा रहेका वर्गहरू जस्तै कैदी, थुनुवा तथा सुधारगृहमा रहेका व्यक्तिहरूको सामाजिक दुरीको पनि सुनिश्चितता गर्न आवश्यक देखिन्छ ।

महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायमा पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ । बन्दाबन्दी (Lockdown) को अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हक (Right to Remedies) समेत जीवन्त रहेको अवस्था छ । **उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन हुने स्थिति आउँदछ । यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ । यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन । त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने नै देखियो ।** संविधानको धारा १३३(३) ले असाधारण अधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्थासमेत रहेकै देखिन्छ ।

यस्तो अवस्थामा सुधारगृहमा रहेका बालबालिकाको पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन्, जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ । हाल सुधारगृहको क्षमताभन्दा बढी बालबालिकाहरू रहेको कारण सुधारगृहमा सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र बन्दाबन्दीको उद्देश्यअनुरूप सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा कैलाली जिल्ला अदालत, धनगढीबाट भएको मिति २०७७।१।९ को निर्णय बालबालिकाको जीवन, स्वास्थ्य र सर्वोत्तम हित संरक्षणको निमित्त न्यायोचित भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ ।

कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनीहरूलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्राअनुरूप गल्ती अनुभूत गर्न सजाय भोग्नसम्म पठाइएको हो । बालबालिकाको हकमा बाल सुधारगृहमा पठाउनुको अर्थ सुधारका निश्चित उपायहरूसमेत अवलम्बन गर्नु हो ।

कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नुपर्दछ । बालबालिकासम्बन्धी

ऐन, २०७५ को दफा ३६(५) मा "*बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछन् भनी* ऐ. को खण्डहरूमा

(क) *परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,*

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।

भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ। निवेदक रहेको सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगत गर्न सक्ने कानूनी व्यवस्था छ भने बालबालिकाको हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूमध्ये हालको कोभिड-१९ को महामारीको सन्दर्भमा उपयुक्त विकल्पहरू रहेकै देखिन्छ।

अतः यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुनः उपयुक्त निर्णय गर्नु भनी कैलाली जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको छ। बन्दीप्रत्यक्षीकरणको हकमा केही बोलिरहन परेन।

उक्त रायमा सहमत छु।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृतः तारादेवी महर्जन
कम्प्युटरः सरस्वती दाहाल
इति संवत् २०७७ साल वैशाख १४ गते रोज १ शुभम्।

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
फैसला मिति : २०७७।१।१४
०७६-WH-०३३०

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

निवेदक : स्याङ्जा जिल्ला साबिक तुलसी भञ्ज्याङ गा.वि.स.वडा नं.७ हाल परिवर्तित गल्याङ न.पा.वडा नं.११ घर भई हाल कारागार कार्यालय स्याङ्जामा कैदमा रहेको बिमल खनालको हकमा कानून व्यवसायी अधिवक्ता तेजप्रसाद खराल.....१

विरूद्ध

विरूद्ध : जिल्ला अदालत बागलुङ.....१
उच्च अदालत पोखरा, बागलुङ इजलास.....१
कारागार कार्यालय स्याङ्जा.....१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ तथा 133 बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भई नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ।

१. निवेदकको निवेदन बेहोराः-

निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहरी भएको फैसलाउपर परेको पुनरावेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट सुरू सदर हुने गरी फैसला भई निजलाई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी अनुसन्धानका क्रममा थुनामा बसेको दिन १० बाहेक ०/११/२० दिन कैद २०७६/१०/१७ देखि लागू हुने गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी स्याङ्जा जिल्ला अदालतबाट २०७६/१०/१७ देखि कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो। निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदबापत रकम दाखिला गरी कैदबाट छुटि जाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा उक्त आदेश गर्न मिलेन भनी भएको आदेशउपर दिएको निवेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट उक्त आदेश सदर भएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयबमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञप्तिको बुँदा नं. ६ मा उल्लेखित व्यवस्थासमेतको बर्खिलाप हुने गरी गैरकानूनी रूपमा निवेदक विमल खनाल थुनामा रहेकाले बागलुङ जिल्ला अदालतबाट मिति २०७६/१२/२१ र उच्च अदालत

पोखरा, बागलुङ इजलासबाट मिति २०७७/०१/०२ मा भएको आदेश बदर गरी बाँकी कैदबापत लागेको रकम लिई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुना मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र ।

२. यस अदालतको प्रारम्भिक आदेशः-

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारण खुलाई ३ दिनभित्र इमेलबाट (वर्तमान Lockdown को परिवेशसमेतलाई विचार गर्दा) महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक / एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा आजै इमेलमार्फत म्याद सूचना पठाई उक्त अदालतलाई म्याद सूचना पठाएको जानकारी टेलिफोनमार्फत गराई शीघ्र तामेल गर्न लगाई प्रस्तुत रिट निवेदन सुनुवाइको लागि मिति २०७७।१।१२ गतेको पेसी तोकी नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।१।८ को आदेश ।

३. बागलुङ जिल्ला अदालतको लिखित जवाफः-

निज बिमल खनालले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापतको रकम बुझाई कैदबाट छुटकारा पाउन बागलुङ जिल्ला अदालतमा निवेदन दिएकोमा निवेदन मागबमोजिम आदेश गर्न मिलेन भनी भएको आदेश बदर गरी पाउन दिएको निवेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट जिल्ला अदालतबाट भएको आदेश सदर भएको देखिन्छ । तत्पश्चात् निज बिमल खनालले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापतको रकम तिरी कैदमा बस्न नपर्ने गरी आदेश गरी पाउन स्याङ्जा जिल्ला अदालतमा पुनः मिति २०७६।१२।२१ द.नं.१०६२ मा निवेदन दर्ता गरेकोमा निवेदकको मागबमोजिमको आदेश गर्न मिलेन भनी पुनः आदेश भएको र सो आदेशउपर पनि निज निवेदकले पुनः उच्च अदालत पोखरा, बागलुङ इजलासमा द.नं.०७६-AP-००४४ मिति २०७६।१२।२६ मा निवेदन दर्ता गरेकोमा स्याङ्जा जिल्ला अदालतको आदेशलाई पुनः सदर गरेको देखिँदा यस अदालतबाट कानूनबमोजिम भए गरेका काम कारबाहीबाट निवेदकको संवैधानिक र कानूनी हक अधिकार हनन नभए / नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बागलुङ जिल्ला अदालतको लिखित जवाफ ।

४. उच्च अदालत पोखरा, बागलुङ इजलासको लिखित जवाफः-

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भिरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त नदेखिएको समेतको आधारमा कसुरदारलाई कैदबापतको रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको तर सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ लाई सम्बोधन गरेको नदेखिएको, निवेदक ज्येष्ठ नागरिक नरही वर्ष ३० को रहेको देखिएको, अहिलेको महामारीको रूपमा रहेको नोबेल कोरोना भाइरस (COVID-19) लाई प्रभावित पुऱ्याउने खालको बिरामी रहेको भन्ने निवेदकले निवेदनमा देखाउन नसकेको, निवेदक किर्ते मुद्दामा कसुरदार ठहरी कैदमा रहेको देखिएको र यिनै निवेदकले मुलुकी फौजदारी

कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदमा बस्नु नपर्ने गरी आदेश गरिपाउन दिएको निवेदनमा एक पटक सुरू अदालतबाट भएको आदेशलाई यसै अदालतबाट मनासिब ठहऱ्याई आदेश भइसकेको परिप्रेक्ष्यमा न्यायका मान्य सिद्धान्तको प्रतिकूल हुने गरी यसै अदालतबाट आदेश गर्न नमिल्नेसमेत भएकाले सुरू जिल्ला अदालतबाट मिति २०७६।१२।२१ मा भएको आदेश सदर हुने गरी यस अदालतबाट मिति २०७७।१।२ मा आदेश भएको हो। यस अदालतको कानूनबमोजिम सम्पादित उक्त काम कारबाहीबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक अधिकार हनन नभए / नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पोखरा, बागलुङ इजलासको लिखित जवाफ।

५. यस अदालतको अन्तिम आदेशः-

उपर्युक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री तेजप्रसाद खराल, श्री सन्तोष भण्डारी र श्री लक्ष्मीनानी थापाले निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहरी भएको फैसलाउपर परेको पुनरावेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट सुरू सदर हुने गरी फैसला भई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी स्याङ्जा जिल्ला अदालतबाट २०७६/१०/१७ देखि कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो। निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदबापत रकम दाखिला गरी कैदबाट छुटि जाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा उक्त आदेश गर्न मिलेन भनी भएको आदेशउपर दिएको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट उक्त आदेश सदर भएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयबमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञप्तिको बुँदा नं. ६ मा उल्लेखित व्यवस्थाविपरीत हुने गरी गैरकानूनी रूपमा निवेदकलाई थुनामा राखिएको छ। कारागार कार्यालय स्याङ्जामा ५५ जना कैदी राख्ने क्षमता रहेकोमा हाल १५४ जना कैदी रहेको अवस्था छ। मुलुकी ऐन, दण्ड सजायको दफा ११(क) मा समेत कैदबापत रकम दाखिला गरी कैदबाट छुटि जाने सुविधाको व्यवस्था भएको हुँदा निवेदकबाट बाँकी कैदबापत लागेको रकम लिई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले निज बिमल खनालले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापतको रकम बुझाई कैदबाट छुटकारा पाउन बागलुङ जिल्ला अदालतमा निवेदन दिएकोमा मागबमोजिमको आदेश नभएको हो। उक्त आदेश बदर गरी पाउन दिएको निवेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट जिल्ला अदालतबाट भएको आदेश सदर भएको हो। तत्पश्चात् निज बिमल खनालले स्याङ्जा जिल्ला अदालतमा पुनः मिति २०७६।१२।२१ द.नं.१०६२ मा निवेदन दर्ता गरेकोमा निवेदकको मागबमोजिमको आदेश नभएको र सोउपर पनि निज निवेदकले पुनः उच्च अदालत पोखरा बागलुङ इजलासमा द.नं.०७६-AP-००४४ मिति २०७६।१२।२६ मा निवेदन दर्ता गरेकोमा स्याङ्जा जिल्ला अदालतको आदेशलाई पुनः सदर गरेको हो। सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदन परेमा कैदबापत रकम लिई छोड्न मिल्ने व्यवस्था भए तापनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै

कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम सजाय भएको मुद्दा भन्ने उल्लेख भएकोमा निज निवेदकको हकमा १ वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहरी फैसला भएको हुँदा जिल्ला र उच्च अदालतबाट कारण देखाई निवेदकको निवेदन माग अस्वीकार गरेको हो। साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ लाई अधिकारको रूपमा लिन नपाइने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विद्वान् अधिवक्ताहरू तथा विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको उल्लेखित बहससमेत सुनी निवेदन बेहोरासहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहरी भएको फैसलामा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सुरू सदर भई मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी मिति २०७६/१०/१७ देखि कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो। निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदबापत रकम दाखिला गरी कैदबाट छुटि जाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा दिएको निवेदनमा निवेदकको मागबमोजिमको आदेश नभएकोमा सोउपर दिएको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सदर भएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयबमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञप्तिको बुँदा नं. ६ मा उल्लेखित व्यवस्थाविपरीत हुने गरी गैरकानूनी रूपमा निवेदकलाई थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने दाबी गरी निवेदकले रिट निवेदन दायर गरेको देखियो।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भिरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त नदेखिएको समेतको आधारमा कसुरदारलाई कैदबापतको रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको भए तापनि सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ लाई सम्बोधन गरेको नदेखिएको, निवेदक ज्येष्ठ नागरिक नभएको, अहिलेको महामारीको रूपमा रहेको नोबेल कोरोना भाइरस (COVID-19) लाई प्रभावित पुऱ्याउने खालको बिरामी रहेको भन्ने निवेदकले निवेदनमा देखाउन सकेको छैन। निवेदक किर्ते मुद्दामा कसुरदार ठहरी कैदमा रहेको र यिनै निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिमको दिएको निवेदनमा एक पटक सुरू अदालतबाट भएको आदेशलाई उच्च अदालतबाट सदर भइसकेको अवस्थामा पुनः सुरू जिल्ला अदालतबाट मिति २०७६।१२।२१ मा भएको आदेश सदर हुने गरी उच्च अदालत पोखरा बागलुङ इजलासबाट मिति २०७७।१।२ मा भएको आदेशबमोजिम सम्पादित काम कारबाहीबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक अधिकार हनन् भएको छैन भन्नेसमेतको विपक्षीको भनाई रहेको पाइयो।

निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, प्र. ना.नि. छवबहादुर घर्तीको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार तथा प्रतिवादी बिमल खनाल भएको किर्ते मुद्दामा निवेदकलाई बागलुङ जिल्ला अदालतबाट मिति २०७३/०९/०३ मा १ वर्ष कैद र रू. ५०।- जरिवाना हुने गरी भएको फैसलाउपर निवेदकको पुनरावेदन परी उच्च अदालत पोखरा बागलुङ इजलासबाट सुरू सदर भई

अन्तिम भएको हुँदा निजलाई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले मिति २०७६/१०/१७ मा पक्राउ गरी स्याङ्जा जिल्ला अदालतमा पेस गरेकाले फैसलाबमोजिम लागेको जरिवाना रू.५०।- दाखिला गरी अनुसन्धानका क्रममा थुनामा बसेको दिन १० बाहेक ०/११/२० दिन कैद लागू हुने गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी मिति २०७६/१०/१७ देखी कारागार कार्यालय स्याङ्जामा कैदमा बसेको देखिन्छ। निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदबापत रकम दाखिला गरी कैदबाट छुटि जाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा निवेदन मागबमोजिम आदेश गर्न मिलेन भन्ने आदेशउपर परेको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सदर भएको देखिन्छ । सर्वोच्च अदालतको मिति २०७६/१२/०७ मा बसेको पूर्ण बैठकको निर्णयबमोजिम जारी गरिएको प्रेस विज्ञप्तिको बुँदा नं. ६ मा उल्लेख गरिएको बेहोरासमेतका अधिनमा रही निवेदकले स्याङ्जा जिल्ला अदालत तथा बागलुङ जिल्ला अदालतमा कैदबापत रकम दाखिल गरी कैदमा बस्न नपर्ने गरी आदेश जारी गरी पाउन पुनः निवेदन दिएकोमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट पुनः मागबमोजिमको आदेश जारी गर्न मिलेन भनी मिति २०७७।१।२ मा आदेश भएको देखिन्छ ।

प्रस्तुत निवेदनमा निवेदकको माग सम्बन्धमा विचार गर्दा सर्वप्रथमतः विश्वमा फैलिएको कोरोना भाइरस (COVID-19) को महामारीको अवस्था तथा हाल नेपालको कारागारमा थुनुवा बन्दी राख्ने क्षमता सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ । हाल कोरोना भाइरस (COVID-19) को महामारीले विश्व नै आक्रान्त भएको छ । नेपाल पनि यसै कारणबाट अत्यन्त नाजुक अवस्थामा रहेको र कोरोना भाइरसको संक्रमणका कारण बढी मानिस भिडभाड हुन नहुने, सामाजिक दुरी कायम नगरी बस्दा एकापसमा रोगको संक्रमण हुने भएकोले हाल नेपालमा पनि बन्दाबन्दी (Lockdown) को अवस्था रहेको छ । साथै यस्तो अवस्थामा निवेदक थुनामा बसेको स्याङ्जा कारागार कार्यालयमा पुरूष ३५ र महिला १५ गरी जम्मा ५० जना थुनुवा बन्दी राख्ने क्षमता रहेकोमा हाल उक्त कारागार कार्यालयमा पुरूष १४० र महिला १४ गरी जम्मा १५४ जना थुनुवा बन्दी रहेको जानकारी सम्बन्धित कार्यालयको आधिकारिक स्रोतबाट प्राप्त भएको अवस्था छ । यसरी कारागारमा क्षमताभन्दा बढी कैदीहरू हुँदा अत्याधिक भीडभाडको अवस्था सिर्जना भई कैदीहरूमा कोरोना भाइरसको संक्रमणको जोखिम बढ्ने अवस्था रहेको देखिन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा **"कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भिरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उल्लिखित व्यवस्थाबमोजिम एक वर्षभन्दा कम कैद सजाय भएको मुद्दामा कैदबापत रकम तिरी कैदमा बस्नु नपर्ने आदेश गर्न सकिने नै देखियो । प्रस्तुत निवेदनमा निवेदकलाई किर्ते मुद्दामा एक वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहरी फैसला भएबमोजिम निजलाई लागेको जरिवाना रू.५०।- र.नं. २९१३ बाट दाखिला भइसकेको भन्ने मिसिलबाट देखिन्छ । कैदबापत रकम तिर्ने व्यवस्थाले जरिवाना लागेको रकमसमेत तिरिसकेको अवस्थामा अन्यथा भन्न सकिने देखिएन ।

यसरी कोरोना भाइरसको महामारीले जन्माएको विषम परिस्थितिमा कारागारमा कैदी बन्दीको भीडभाड कम गर्ने प्रयोजनार्थ प्रयोग गर्ने भनिएको मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ अन्तर्गत प्रस्तुत निवेदन पेस भएकोमा कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको र बन्दाबन्दीको उद्देश्य शारीरिक दुरी कायम गरी महामारीबाट बचाउनु भएको तथा बन्दाबन्दीको विशेष परिस्थितिबाट बन्दीप्रत्यक्षीकरणबाहेक अन्य उपचारको हकहरूसमेत अवरूद्ध भएको फरक विशेष अवस्थामा पनि मिति २०७६।१०।२२ को बागलुङ जिल्ला अदालतको र मिति २०७६।११।२९ को उच्च अदालत पोखरा, बागलुङ इजलासको पूर्वआदेशहरू कायम नै रहेको अवस्थामा उक्त आदेशहरू विपरीत गर्न नमिल्ने भनिएको मिति २०७६।१२।२१ को बागलुङ जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरेको मिति २०७७।१।२ को उच्च अदालत पोखरा, बागलुङ इजलासको आदेश कानूनसङ्गत देखिएन।

अतः उपर्युक्त आधार र कारणसमेतबाट बागलुङ जिल्ला अदालत र उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएका आदेशहरूमा माथि उल्लेखित विषयहरूका सम्बन्धमा विचार नगरिएबाट उक्त आदेशहरू त्रूटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। आज सिङ्गो देश बन्दाबन्दी (Lockdown) को स्थितिमा रहेको अवस्थामा कारागारमा रहेको थुनुवा / कैदीको पनि अन्य नागरिकसरह जीवनको सुरक्षा, स्वास्थ्यको सुरक्षा तथा संक्रमणको जोखिमबाट सुरक्षित राख्नु पर्ने दायित्व राज्यमा रहेको छ। थुनुवा / कैदीको हकमा पनि न्यूनतम मानवीय व्यवहार गर्नुपर्ने हुन्छ। कारागारको क्षमताभन्दा बढी कैदी रहेको भनी निवेदनमा नै उल्लेख भएको र बहसको क्रममा तथा सम्बन्धित कार्यालयको आधिकारिक स्रोतबाट समेत प्राप्त तथ्याङ्कबाट पनि देखिएको अवस्थामा बन्दाबन्दी (Lockdown) मा भीड कम गर्दै शारीरिक दुरी कायम गरी संक्रमणको जोखिमबाट बच्नको लागि स्वास्थ्यको सुरक्षाको उपयोगितालाई ध्यानमा राखेर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतको उपयुक्त आदेश गर्नु भनी बागलुङ जिल्ला अदालत तथा उच्च अदालत पोखरा, बागलुङ इजलासको नाममा परमादेशको आदेश जारी गरिदिएको छ। जानकारीको लागि आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय र विपक्षी अदालतहरूलाई पठाई दिनू। प्रस्तुत निवेदनको आदेशको विद्युतीयप्रति अपलोड गरी दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला।

उक्त रायमा सहमत छु।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृतः तारादेवी महर्जन
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७७ साल वैशाख १४ गते रोज १ शुभम्.....।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।१।१६
०७६-WH-०३३६

मुद्दा: बन्दीप्रत्यक्षीकरण

निवेदक : जुम्ला जिल्ला, सिन्जा गाउँपालिका वडा नं. ३ घर भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठी बस्ने ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही १
ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठी बस्ने शक्तिराज शाहीसमेत जना दुईको हकमा अधिवक्ता ईन्द्रप्रसाद अर्याल १

विरूद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय ललितपुर, मानभवन, ललितपुर.....१
महानगरीय प्रहरी परिसर , जावलाखेल, ललितपुर.....१
महानगरीय प्रहरी वृत्त, चापागाउँ, ललितपुर.....१

आदेश

न्या.डा.मनोजकुमार शर्मा : नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

तथ्य खण्ड

१. रिट निवेदकहरूले विश्वभर फैलिएको कोभिड -१९ रोगको महामारीका कारण नेपाल सरकारले बन्दाबन्दी (Lockdown) को घोषणा गरेको र नेपाल सरकारले बन्दाबन्दीको समयावधि निरन्तररूपले बढाएकाले दैनिक ज्यालादारीमा काम गरी परिवारको पालनपोषण गर्ने नागरिकताविहीन मजदुर, विद्यार्थी, असहाय गरिब, दुःखीलाई नेपाल सरकारले पर्याप्तरूपले राहत उपलब्ध नगराएको कारण खान नपाई नेपालको संविधानले संरक्षण गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उल्लङ्घन हुन जाने अवस्था रहेकाले निवेदकहरूले विभिन्न सहयोगीहरूको सहयोगमा ललितपुर महानगरपालिका वडा नं. २७ मा बसोबास गर्ने करिब २०० जनालाई राहत वितरण गरेका थिए ।
नेपालको संविधानबमोजिम नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक र खाद्यसम्बन्धी हकको संरक्षणकै लागि राहत वितरण गरिरहेको सन्दर्भलाई लिएर मिति २०७७।०१।०९ मा निवेदकहरूलाई विपक्षी महानगरीय प्रहरी वृत्त चापागाउँले केही सोध्नु छ भनी लिएर गई विपक्षी महानगरीय प्रहरी परिसर, ललितपुरमा पुगेपछि विपक्षी वृत्तको अभद्र व्यवहारको जरूरी पुर्जी र विपक्षी महानगरीय प्रहरी परिसरको पक्राउ पुर्जी दिइएको थियो । बन्दीहरूले विपक्षीहरू कसैलाई पनि अभद्र व्यवहार गर्नुभएको थिएन ।

संकटको बेला मानवीय सहयोग नै मानव धर्मको मूलसार हो । कोभिड -१९ को महामारीको कारणबाट पीडित भई भोकभोकै रहेका गरिब, दीनदुःखी, दैनिक ज्यालादारीमा काम गरी परिवारको पालनपोषण गर्ने मजदुर, विद्यार्थी, असहायलाई राहत वितरण गर्ने कार्यबाट कोही कसैप्रति अभद्र व्यवहार हुने होइन । तसर्थ बन्दीहरूले राहत वितरण गरी मानवीय सेवा गरेको कार्यलाई अभद्र व्यवहारको कसुरको नामाकरण गरी मिति २०७७।०१।०९ गते पक्राउ गर्ने एवं ७ दिने म्याद थप गर्ने कार्य नेपालको संविधानको धारा १६, १७, १८(३), ३५, ३६, ४१, ४२(२),४२(३), ४८ को विपरीत एवं गैरकानूनी भएको स्पष्ट छ ।

प्रचलित नेपाल कानूनले अभद्र व्यवहारको कसुर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ र फौजदारी कसुर अनुसन्धान नियमावलीको नियम २५ बमोजिम जमानतबाट अनुसन्धान हुने अवस्था रहेको छ । विश्वभर फैलिएको कोभिड १९ को सन्दर्भमा नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालयले मिति २०७७।०१।०४ गते मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ र फौजदारी कसुर अनुसन्धान नियमावलीको नियम २५ बमोजिम मुद्दाको अनुसन्धान कारबाही गर्न भनी विपक्षीहरूसमेतलाई निर्देशन दिइएको थियो। यस निर्देशनबमोजिम अनुसन्धानमा रहेको आशंकितलाई देशैभरि जमानी / तारेखमा छोड्ने गरिएको अवस्था छ । बन्दीहरूले मानवीयता एवं मानव धर्मबमोजिम राहत वितरण गरी विपक्षीको गैरकानूनी धाकधम्की नमानेको कारण हाल बन्दीहरूलाई गैरकानूनीरूपमा अभद्र व्यवहारको कसुरमा हिरासतमा राखिएको छ । यसरी विपक्षीले बन्दीहरूलाई हिरासतमा राख्ने कार्यमाथि उल्लिखित फौजदारी कार्यविधि संहिता एवं फौजदारी कसुर अनुसन्धान नियमावली, नेपाल राज्यको महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।०१।०४ को निर्देशन एवं नेपालको संविधानको धारा १८ एवं नेपाल पक्ष भएका विभिन्न मानवअधिकार सन्धि, अभिसन्धिले सुरक्षित एवं संरक्षण गरिएको समानताको एवं अविभेदको सिद्धान्त विपरीत रही गैरकानूनी रहेको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३ तथा नेपालको संविधानको धारा ४४ र १३३(२) समेतका आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदकद्वय ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीको हकमा अधिवक्ता ईन्द्रप्रसाद अर्यालको निवेदन ।

२. "यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारण खुलाई साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(१) बमोजिम वर्तमान COVID-19 को कारण बन्दाबन्दी भएको अवस्थामा निवेदकलाई हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न किन नसकिने हो ? सोसमेतको कारण लिखित जवाफमा स्पष्ट खुलाई २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्ने भनी प्रस्तुत आदेश र रिट निवेदनको एक / एक प्रति प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा आजै म्याद सूचना जारी गरी शीघ्र तामेल गर्न लगाई प्रस्तुत रिट निवेदन सुनुवाइको लागि नियमानुसार पेस गर्नू । साथै उक्त पेसीका दिन उल्लिखित बन्दी दुवै जनालाई उपस्थित गराउनू र प्रस्तुत निवेदनसँग सम्बन्धित अनुसन्धानको क्रममा तयार भएको सक्कल फाइलसमेत इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी लिई आउनु भनी विपक्षीहरूलाई जानकारीसमेत दिनू" भन्ने यस अदालतको मिति २०७७।०१।१४ को आदेश ।

३. हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि सङ्क्रमण हुनसक्ने अवस्थालाई मध्यनजर गरी सोको रोकथामको लागि आम नागरिकको लागि हिँड्डुलमा नियन्त्रण

गर्न नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (Lockdown) घोषणा गरेकोमा र सो बन्दाबन्दीको अवस्थामा ज्याला मजदुरी दु:खी असहाय, गरिबी तथा दैनिकी जीविकोपार्जनमा समस्या परेका व्यक्तिहरूलाई राहत वितरण गर्नको लागि विभिन्न संघ, संस्था तथा व्यक्तिहरूले सहयोग तथा राहत दिन चाहेमा समस्यामा परेका व्यक्तिहरूको पहिचान गरी राहत वितरण गर्न राज्यको एकद्वार प्रणालीअनुरूप स्थानीय तहबाट राहत वितरण गर्ने भनी नेपाल सरकारबाट निर्देशन भएको थियो । राहत वितरण गर्न चाहने व्यक्ति, संघ, संस्थाहरूलाई सम्बन्धित एरियाका स्थानीय तहहरूसँग सम्पर्क, समन्वय गरी स्थानीय तहमार्फत राहत वितरण गर्नु भनी यस परिसर तथा जिल्ला प्रशासन कार्यालय ललितपुरसमेतबाट सम्बद्ध सबैलाई जानकारी गराइएकोमा रिट निवेदक ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीसमेतले मिति २०७७।०१।०७ का दिन अन्दाजी १६:०० बजेको समयमा बिना पास बा.१० च ४९६८ नम्बरको प्राइभेट गाडीमा बन्दाबन्दी (Lockdown) को अवज्ञा गरी ललितपुर महानगरपालिका वडा नं. १३ मा विभिन्न व्यक्तिहरूलाई व्यक्तिगतरूपमा राहत वितरण गरेको र सरकार तथा स्थानीय निकायलाई भ्रष्टाचारी तथा अपराधी भन्दै सरकारप्रति घृणा, द्वेष वा अपहेलना फैलाउने काम गरेको, कानूनबमोजिम नियन्त्रणमा लिन खोज्दा ड्युटीमा खटिएका सुरक्षाकर्मीको परिचयपत्र तान्ने र अपशब्द प्रयोग गरी अभद्र व्यवहार गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ९ (दफा ९ को उपदफा ६) ले दिएको अधिकार प्रयोग गरी तत्कालै जरूरी पक्राउ पुर्जी र थुनुवा पुर्जी दिई जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०७७।०१।१० गते जरूरी पक्राउ पुर्जी समर्थन गरी मिति २०७७।०१।०९ गतेबाट लागु हुने गरी प्रहरी हिरासतमा राखी थप अनुसन्धान गर्नको लागि पहिलो पटक दिन ७ को म्याद थप अनुमति भएकोमा उक्त अवधिमा घटनास्थल मुचुल्का, प्रतिवादीहरूको बयान गर्ने, बुझिएका व्यक्तिहरूको घटना विवरण कागज गर्नेलगायतको अनुसन्धान कार्य सम्पन्न भएको अवस्था छ । निवेदकहरूले सुरक्षा कर्मीको परिचयपत्र थुतेको र कसुरमा साबिती भई बयान गरेकाले यी निवेदकहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(१) बमोजिम हाजिरी जमानीमा छाड्न वा तारेखमा राख्न नसकिने र राष्ट्र सेवक सुरक्षा कर्मचारीउपर अभद्र व्यवहार गरेको होइन भन्ने तथ्यमा कुनै सत्यता नभएकाले आधारहीन एवं काल्पनिक रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुरको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ ।

४. हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि सङ्क्रमण हुन सक्ने अवस्थालाई मध्यनजर गरी सोको रोकथामको लागि आम नागरिकको लागि हिंड्डुलमा नियन्त्रण गर्न नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (Lockdown) घोषणा गरेको र सो बन्दाबन्दीको अवस्थामा ज्याला मजदुरी दु:खी असहाय, गरिबी तथा दैनिकी जीविकोपार्जनमा समस्या परेका व्यक्तिहरूलाई राहत वितरण गर्नको लागि विभिन्न संघ, संस्था तथा व्यक्तिहरूले सहयोग तथा राहत दिन चाहेमा समस्यामा परेका व्यक्तिहरूको पहिचान गरी राहत वितरण गर्न राज्यको एकद्वार प्रणालीअनुरूप स्थानीय तहबाट राहत वितरण गर्ने भनी नेपाल सरकारबाट निर्देशन भएको थियो । राहत वितरण गर्न चाहने व्यक्ति, संघ संस्थाहरूलाई सम्बन्धित एरियाका स्थानीय तहहरूसँग सम्पर्क, समन्वय गरी स्थानीय तहमार्फत राहत वितरण गर्नु भनी तालुक जिल्ला प्रशासन कार्यालय ललितपुर तथा महानगरीय प्रहरी परिसर, ललितपुरसमेतबाट जानकारी गराइएकोमा विपक्षी रिट निवेदक ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर

शाही र शक्तिराज शाहीसमेतले मिति २०७७।०१।०७ गतेका दिन अन्दाजी १६:०० बजेको समयमा बिना पास बा. १० च ४९६८ नम्बरको प्राइभेट गाडीमा बन्दाबन्दी (Lockdown) अवज्ञा गरी ललितपुर महानगरपालिका वडा नम्बर १३ स्थित विभिन्न व्यक्तिहरूलाई व्यक्तिगतरूपमा राहत वितरण गरेको हुँदा विपक्षी रिट निवेदकहरू ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीसमेतलाई आफूखुसी व्यक्तिगतरूपमा राहत वितरण गरी हिँडेको र सरकार तथा सरकारका स्थानीय निकायलाई भ्रष्टाचारी तथा अपराधी भन्दै सरकारप्रति स्थानीय जनताको घृणा, द्वेष वा अपहेलना फैलाउने जस्ता वचन बोलेको र ड्युटीमा खटिएका सुरक्षाकर्मीको परिचयपत्र तान्ने, अपशब्द प्रयोग गरी हुल हुज्जत गरी अभद्र व्यवहारसमेत गरेकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ९ (दफा ९ को उपदफा ६) ले दिएको अधिकार प्रयोग गरी तत्कालै जरूरी पक्राउ पुर्जी दिई र सोही संहिताको अनुसूची १० (दफा १३ को उपदफा २ सँग सम्बन्धित) थुनुवा पुर्जी दिई जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०७७।०१।१० गते जरूरी पक्राउ पुर्जी समर्थन र मिति २०७७।०१।०९ गतेबाट लागु हुने गरी प्रहरी हिरासतमा राखी थप अनुसन्धान गर्नको लागि पहिलो पटक दिन ७ को म्याद थप अनुमति लिई महानगरीय प्रहरी परिसर ललितपुरको हिरासतमा राखिएको र आधारहीन एवं कपोलकल्पित बन्दीप्रत्यक्षीकरण रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी वृत्त चापागाउँ, ललितपुरको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

५. रिट निवेदकहरूलाई यस जिल्लाका प्रमुख जिल्ला अधिकारीले विभिन्न किसिमको धम्की एवं गाली गलौज गर्ने कार्य भए गरेको छैन। COVID-19 को सङ्क्रमणको कारणले नेपाल सरकारले लकडाउन गरेको सन्दर्भमा नेपाल सरकारले असंगठित दैनिक ज्याला मजदुरी गर्ने व्यक्तिहरूको पहिचान गरी राहत वितरण गर्न एकद्वार प्रणालीअनुसार स्थानीय तहसँग समन्वय गरी राहत वितरण गर्ने भनी निर्णय भएकोमा रिट निवेदकहरूले नेपाल सरकारको निर्णयको उल्लङ्घन गर्दै लकडाउनको अवधिमा बिना पास प्राइभेट सवारी साधन चलाई लकडाउनको अवज्ञा गरेकोमा उक्त विषयमा नेपाल सरकारको निर्णय कार्यान्वयन गराउने क्रममा प्रमुख जिल्ला अधिकारीबाट सम्झाई बुझाई गर्दा कुनै वास्ता नगरी सामाजिक सञ्जालमार्फत नेपाल सरकारको काम कारबाहीको निराधार वा अप्रमाणित कुरा रची सरकार तथा स्थानीय निकायलाई भ्रष्टाचारी अपराधी भनी सरकारप्रति घृणा द्वेष वा अपहेलना फैलाउने जस्ता शब्द बोली प्रहरीलाई समेत जथाभावी बोली हुलहुज्जत गरी अभद्र व्यवहार गरेको भनी महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरबाट अभद्र व्यवहारसम्बन्धी मुद्दामा मुलुकी अपराध संहिता, २०७४ दफा १४ बमोजिम अनुसन्धान कार्यको लागि म्याद थप गरिपाउँ भनी म्याद थपको लागि माग गरिएकोमा निजलाई मुलुकी अपराध संहिता, २०७४ दफा १४(६) बमोजिम मिति २०७७ बैशाख ९ गतेदेखि लागु हुने गरी पहिलो पटक ७ (सात) दिनको म्याद थप्ने कार्य भएको। सोबाहेक रिट निवेदकहरूले निवेदनमा उल्लेख गरेअनुसार रिट निवेदकहरूलाई गैरकानूनी रूपमा थुनामा राख्ने, पक्राउ गर्ने आदेश यस कार्यालयबाट भए गरेको नदेखिएकोले कपोलकल्पित झुठा विवरण उल्लेख गरी यस कार्यालयलाई विपक्षी बनाई सम्मानित अदालतमा दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय ललितपुरको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

ठहर खण्ड

६. नियमबमोजिम पेसी सूचीमा चढी प्रस्तुत रिट निवेदन निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिलसंलग्न प्रमाण कागजातहरू अध्ययन गरियो।

७. निवेदकका तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ताहरू श्री बोर्णबहादुर कार्की, श्री नारायण घिमिरे, डा. श्री सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र विक्रम के.सी., श्री सुनिलकुमार पोखरेल, श्री विष्णु लुइँटेल, श्री केशरमणि अर्याल, श्री थानेश्वर काफ्ले, श्री गणेशबहादुर खत्री, श्री डिलहरि शर्मा, श्री ज्योतिदेव पनेरू, श्री दिवसप्रसाद खड्गी, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री पर्शुराम घिमिरे, श्री कल्याण पोखरेल, श्री ईन्द्रप्रसाद अर्याल, श्री तेजबहादुर रावल, श्री भुवनेश्वर थापा, श्री पुरूषोत्तम अधिकारी, श्री बद्रीप्रसाद भुसाल, श्री सम्मरबहादुर बस्नेत, श्री सन्तोष भण्डारी, श्री ज्ञानेन्द्रराज आरण, श्री सुजन नेपाल, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला र श्री आशिष कार्कीले विपक्षीहरूले बन्दीहरू ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीले कोभिडको विश्वव्यापी महामारी भइरहेका अवस्थामा हाम्रो देशमा पनि मिति २०७६।१२।११ गतेदेखि सरकारले लकडाउन जारी गरेकाले गरिब, निमुखा, मजदुर तथा असहायहरू भोकभोकै परेको र सरकारबाट राहतसमेत पाउन नसकेको अवस्थामा यी निवेदकहरूले त्यस्ता नागरिकको जीवन रक्षाका लागि राहत वितरण गरेकोमा विपक्षीहरूले त्यसरी राहत वितरण नगर भनी गैरकानूनी धाकधम्की दिएको र सो धाकधम्की निवेदकहरूले नमानेको कारण हाल बन्दीहरूलाई गैरकानूनी रूपमा अभद्र व्यवहारको कसुरमा हिरासतमा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

८. विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी र उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि सङ्क्रमण हुनसक्ने अवस्थालाई विचार गरी सोको रोकथामको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (Lockdown) घोषणा गरेकोमा र यी निवेदकहरूले तोकिएको एकद्वार प्रणालीअनुसार राहत वितरण बिनापास बा.१० च ४९६८ नम्बरको प्राइभेट गाडीमा बन्दाबन्दी (Lockdown) अवज्ञा गरी आफूखुसी व्यक्तिगतरूपमा राहत वितरण गरेको र निजहरूले ड्युटीमा रहेका सुरक्षाकर्मीहरूको परिचयपत्रसमेत तानी थुती अपशब्द प्रयोग गर्दै हुल हुज्जतसमेत गरी अभद्र व्यवहार गरेको हुँदा कानूनबमोजिम पक्राउ गरी अनुसन्धानको कार्य भइरहेको अवस्थामा निजहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

९. अब, प्रस्तुत रिट निवेदनसहितको मिसिल कागजात अध्ययन गरी विद्वान् वरिष्ठ अधिवक्ताहरू, अधिवक्ताहरू र विद्वान् सहन्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताहरूको बहस सुनी प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णयतर्फ विचार गर्दा, कोभिड-१९ को महामारीको कारणबाट पीडित भई भोकभोकै रहेका गरिब, दीनदुःखी, दैनिक ज्यालादरीमा काम गरी परिवारको पालनपोषण गर्ने मजदुर, विद्यार्थी, असहायलाई राहत वितरण गर्ने कार्य कोही कसैप्रति अभद्र व्यवहार हुने होइन। विपक्षीहरूले राहत वितरणजस्तो मानवीय सेवा गरेको कार्यलाई अभद्र व्यवहारको कसुरको नामाकरण गरी मिति २०७७।०१।०९ गते पक्राउ गर्ने र म्याद थप गर्नेजस्तो कार्य नेपालको संविधानको धारा १६, १७, १८(३), ३५, ३६, ४१, ४२(२),४२(३),

४८ समेत विपरीत गैरकानूनी रहेको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३ तथा नेपालको संविधानको धारा ४४ र १३३(२) समेतका आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी रहेको र विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि सङ्क्रमण हुनसक्ने अवस्थालाई विचार गरी सोको रोकथामको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (Lockdown) घोषणा गरेकोमा र यी निवेदकहरूले तोकिएको एकद्वार प्रणालीअनुसार राहत वितरण बिनापास बा.१० च ४९६८ नम्बरको प्राइभेट गाडीमा बन्दाबन्दी (Lockdown) अवज्ञा गरी आफूखुसी व्यक्तिगतरूपमा राहत वितरण गरेको र निजहरूले ड्युटीमा रहेका सुरक्षाकर्मीहरूको परिचयपत्रसमेत तानी थुती अपशब्द प्रयोग गर्दै हुल हुज्जतसमेत गरी अभद्र व्यवहार गरेको हुँदा कानूनबमोजिम पक्राउ गरी अनुसन्धानको कार्य भइरहेको अवस्थामा निजहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज खारेज गरिपाउँ भन्ने विपक्षीहरूको एकै मिलानको अलगअलग लिखित जवाफ रहेको पाइयो।

११. सो सन्दर्भमा विचार गर्दा यी निवेदकहरू ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीलाई व्यक्तिगत रूपमा राहत वितरण गरेको भनी मिति २०७७।०१।०९ मा विपक्षीमध्येका महानगरीय प्रहरी वृत्त, चापागाउँ, ललितपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको भन्ने तथ्यमा विवाद देखिन आएन।

१२. यी निवेदकहरूले बन्दाबन्दीको अवस्थामा नेपाल सरकारले लागु गरेको राहत वितरणको एकद्वार प्रणाली पालना नगरी आफूखुसी व्यक्तिगतरूपमा राहत वितरण गरेको र ड्युटीमा खटिएका राष्ट्र सेवक प्रहरी कर्मचारीहरूको परिचयपत्र तानी थुती अपशब्द बोलेको भनी यी निवेदकहरूलाई महानगरीय प्रहरी परिसर चापागाउँको मिति २०७७।०१।०९ मा पक्राउ गरिएको र सोही मितिको च.नं. २९५४ बाट दिएको जरूरी पक्राउ पुर्जी जारी हुँदा संक्रामक रोग ऐन, २०२० सम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी भएको देखिन्छ भने सोहीअनुसार निवेदकहरूलाई थुनुवा पुर्जी दिएकोमा म्याद थप हुँदाको अवस्थामा अभद्र व्यवहारतर्फको कसुर भनी म्याद थप भएको भन्ने तथ्य मिसिलसंलग्न कागजातहरूबाट देखिन्छ।

१३. मिति २०७६।१२।११ देखि कोरोनाको महामारीका कारण पूरै देश लकडाउनमा रहेको अवस्थामा निवेदकहरूले मिति २०७७।०१।०७ का दिन ललितपुर महानगरपालिकाको वडा नं.१३ मा नागरिकताविहीन मजदुर, गरिब, दुःखी, असहाय र विद्यार्थीलगायतलाई राहत वितरण गरेको र विपक्षीहरूले सो राहत वितरण गर्ने कार्य एकद्वार प्रणालीअन्तर्गत गर्नुपर्ने भनी जिकिर लिएको भए पनि रिट निवेदकहरूले लकडाउनका समयमा खान नपाएका नागरिकता विहिन उल्लिखित वर्गहरूलाई त्यसरी राहत वितरण गर्नु भनेको मानवीय दृष्टिकोणले परिस्थितिअनुकूल मान्नुपर्ने नै हुन्छ।

१४. मलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(९) मा **"मुद्दा हेर्ने अधिकारीले हिरासतमा राख्ने आदेश दिँदा कारणसहितको पर्चा खडा गर्नुपर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। मिसिल संलग्न कागजातहरू हेर्दा रिट निवेदकहरूलाई अनुसन्धानको लागि थुनामै राखी अनुसन्धान गर्नुपर्ने कारण, अवस्था खुलेको देखिँदैन भने साधिकार निकायबाट म्याद थप हुँदासमेत म्याद थप गर्नुपर्ने, थुनामै राख्नुपर्ने उचित कारण र कारणसहित पर्चा खडा भएको समेत देखिन आउँदैन।

१५. कानूनको उचित प्रक्रिया अवलम्बन नगरी तथा कानूनबमोजिम औचित्यपूर्ण कारण र आधारबाहेक नागरिकको स्वतन्त्रताको हक अपहरण गर्न मिल्दैन। संविधानद्वारा प्रत्याभूत गरेको अधिकारको उपभोग

गर्नबाट वञ्चित गर्न कानूनद्वारा निषेधित कार्य गरेको तथ्यगत आधार देखिनु पर्ने हुन्छ। कानूनद्वारा निषेधित कसुर गरेको देखिने भरपर्दो र विश्वसनीय आधारबिना व्यक्तिलाई स्वतन्त्रताको हक उपभोग गर्नबाट वञ्चित गर्नु कानूनी राज्यको अवधारणाविपरीत हुन जान्छ। यसरी उचित र पर्याप्त आधारबिना गैरकानूनी थुनाबाट नागरिकको संविधान प्रदत्त मौलिक हकको संरक्षण गर्नु यस अदालतको कर्तव्य र दायित्वसमेत हुन आउँछ।

१६. यस स्थितिमा निवेदकहरूलाई तारेखमा राखेर पनि मुद्दाको बाँकी अनुसन्धान हुनसक्ने अवस्था विद्यमान हुँदाहुँदै कानूनबमोजिमको प्रक्रिया नै पूरा नगरी थुनामा नै राख्नुपर्नेसम्मको कारणबिना नै निजहरूलाई प्रवृत्त धारणाबाट थुनामा राखेको देखिएबाट कुनै पनि नागरिकले केही कुरामा असहमति जनाउनु र आफ्ना कुरा व्यक्त गर्नु आफैंमा विचारणीय प्रश्न रहेको सन्दर्भमा प्रक्रिया पूरा नगरी भएको विपक्षीहरूको सो कार्यले कानूनी मान्यता प्राप्त गर्नसक्ने नदेखिँदा यी रिट निवेदकहरूका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिन आयो।

१७. तसर्थः माथि विवेचित आधार र कारणबाट निवेदकहरू ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाहीलाई उचित र पर्याप्त आधारबिना पूर्वाग्रह राखी प्रवृत्त धारणाबाट जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरी म्याद थप गरी राखेको उक्त थुना गैरकानूनी देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम थुना मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। यस अदालतको यसै इजलासबाट भएको मिति २०७७।०१।१६ को संक्षिप्त आदेशानुसार निवेदकहरू ज्ञानेन्द्र शाही भन्ने ज्ञानबहादुर शाही र शक्तिराज शाही थुनामुक्त भइसकेको देखिँदा केही गरिरहनु परेन। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : मिनबहादुर कुँवर
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७७ साल वैशाख १६ गते रोज ३ मा शुभम्।

सर्वोच्च अदालत ,संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।२।४
०७६-WO-०९४५

विषय : उत्प्रेषण

निवेदक : अधिवक्ता मणिराम उपाध्यायसमेत----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ----------

आदेश

अन्तरिम आदेश छलफलका लागि पेस हुन आएको सहितको मिसिल अध्ययन गरियो। रिट निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री मणिराम उपाध्याय, श्री पदमबहादुर श्रेष्ठ, श्री विकास भट्टराई, श्री विष्णुप्रसाद भण्डारी, श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला, श्री कीर्तिनाथ शर्मा, श्री परूषोत्तम अर्याल, श्री धर्मराज खनाल, श्री युद्धमान महर्जन, श्री पारसमणि भट्टराई, श्री सुवास विश्वकर्मा र श्री सुनिल महर्जनले बहस प्रस्तुत गर्नुभयो। त्यस्तै विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनुभएका सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो।

यसमा रिट निवेदकहरूले विदेशबाट फलफूल तथा तरकारीहरू चेकजाँच परीक्षण विना निर्वाध रूपले नेपालभित्र प्रवेश भइरहेकोले सो कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने माग गरेको भए तापनि सो सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा १६, ३६ तथा ४४ समेतले प्रत्याभूत गरेको अधिकार संरक्षण गर्ने प्रयोजनको निमित्त भारतलगायत अन्य देशहरूबाट आयात हुने फलफूल तथा तरकारी जस्ता वस्तुहरूमा पाइने विषादि तथा COVID-19 को उपलब्ध भएसम्मका परीक्षण सुविधा प्रयोग गरी मात्र आयात गर्नू। साथै आन्तरिक रूपमै उत्पादन भएका फलफूल तथा तरकारीहरूको विषादि तथा COVID-19 को समेत उपलब्ध भएसम्मका परीक्षण सुविधा प्रयोग गरी वितरणको व्यवस्था गर्नू। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३१ समेतको अधिकार प्रयोग गरी उपभोक्तासम्म पुग्ने गरी उत्पादक तथा उत्पादन स्थलहरूबाट उपपभोक्तासम्म वितरणको व्यवस्था गर्नु गराउनु भनी सर्वेच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश।

इति संवत् २०७७ जेष्ठ ४ गते रोज १ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति :२०७७।२।४
०७६-WO-०९४८
विषय : उत्प्रेषण

निवेदक : अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनसमेत----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ----------

आदेश

अन्तरिम आदेश छलफलका लागि पेस हुन आएको प्रस्तुत रिट निवेदनसहित मिसिल अध्ययन गरियो। रिट निवेदकहरूको तर्फबाट अधिवक्ता श्री दिनेश त्रिपाठी, विद्वान् अधिवक्ताहरू श्री मिरा ढुंगाना, श्री अजयशंकर झा, श्री विकास भट्टराई, श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला, श्री केशरमणि अर्याल र श्री कीर्तिनाथ शर्माले बहस प्रस्तुत गर्नुभयो। त्यस्तै विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनुभएका सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो।

अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा मिति २०७६ चैत्र १९ गतेबाट लागू हुने गरी नेपाल सरकारले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड, २०७६ जारी गरी उक्त मापदण्ड लकडाउन घोषणा गरेको अवधिसम्म मात्र लागू हुने भन्ने व्यवस्था गरेको पाइन्छ। सोही मापदण्डको दफा ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. ८ मा राहत पाउने व्यक्तिसँग नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा गरिब घरपरिवार परिचयपत्रको प्रतिलिपि वा सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा अन्य भन्ने उल्लेख भएको पाइन्छ। महामारी परेको अवस्थामा पनि राज्यले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्नुपर्ने र यस्तो अवस्थामा दिने कुनै राहत बिना भेदभाव दिनु पर्ने भन्ने सम्बन्धमा कुनै विवाद रहेको देखिँदैन। यस परिप्रेक्ष्यमा उक्त मापदण्डको बुँदा नं. २ को परिभाषा खण्डको (क) र (ख) मा उल्लेख भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायको परिभाषाभित्र परेका व्यक्तिहरूलाई नेपालको संविधानको धारा १६(१) तथा १८(२) को आर्थिक अवस्था को आधारमा समेत भेदभाव गरिने छैन भन्ने प्रावधान तथा धारा ३६ को खाद्यसम्बन्धी हक तथा सम्बन्धित व्यक्तिमा अन्तरनिहित मानवीयता निजको आवश्यक्ता र परिस्थितिसमेतलाई मध्यनजर गरी अनुसूची १ को बुँदा नं. ८ को (क) (ख) र (ग) मा उल्लेख गरेको कागजात नभए तापनि तत्काल राहत उपलब्ध गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नू।

इति संवत् २०७७ साल जेठ ४ गते रोज १ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।२।८
०७६-WO-०९४७

मुद्दाः- उत्प्रेषण

निवेदक : डा. शितलकाजी श्रेष्ठ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत----------

आदेश

यसमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, विद्वान् अधिवक्ता श्री मुकुन्द अधिकारी, विद्वान् अधिवक्ता श्री टिकाराम भट्टराई, विद्वान् अधिवक्ता श्री अमर राउत, विद्वान् अधिवक्ता श्री महेश्वर श्रेष्ठ, विद्वान् अधिवक्ता श्री सन्तोष भण्डारी, विद्वान् अधिवक्ता श्री कमल कोइराला र विद्वान् अधिवक्ता श्री लक्ष्मी (नानी) थापाले प्रस्तुत रिटमा अन्तरिम आदेश जारी होस् भनी गर्नुभएको बहस तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले कार्यपालिकाले सोसम्बन्धी कार्य गरिरहेकोले रिट र अन्तरिम आदेशको औचित्य नरहेको भनी गर्नुभएको बहससमेत सुनियो।

आज अन्तरिम आदेश छलफलका लागि बोलाइएको प्रस्तुत निवेदनमा पशु अधिकारका लागि भेटेरीनरी सेवालाई पनि आवश्यक सेवामा समावेश गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशलगायतको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर र नेपाल सरकारले पशु सेवालाई आवश्यक सेवामा समावेश गर्नका लागि गृहकार्य गरिरहेको हुँदा आदेश जारी गरिरहनु पर्दैन भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको सन्दर्भमा अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने विषयमा आदेश गर्नुपर्ने भयो।

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) मा आवश्यक सेवाहरू तोकिएको भए पनि भेटेरीनरी सेवा आवश्यक सेवामा समावेश भएको देखिएन भने सोही ऐन र दफाको खण्ड (क) कै उपखण्ड (७) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्य सेवालाई पनि आवश्यक सेवाअन्तर्गत राख्न सक्ने कानूनी व्यवस्था भएको पाइयो।

आज विश्व समुदाय नै COVID-19 को महामारीले आक्रान्त भइरहेको अवस्थामा नेपाल पनि बन्दाबन्दी (Lockdown) को अवस्थामा अछुतो रहनसकेको अवस्था छैन भने नेपाल कानूनअनुसार आवश्यक सेवामा नसमेटिएको भेटेरीनरी सेवालाई बन्दाबन्दीले गम्भीर रूपमा असर गरी पशु स्वास्थ्य तथा पशु सेवामा नकारात्मक प्रभाव परिरहेको देखिन्छ। परिणामत: World Organization for Animal Health तथा नेपाल सरकारले अनुमोदन गरेको पशु कल्याण निर्देशिका, २०७३ मा उल्लिखित ५ वटा सिद्धान्तहरूमध्ये रोग र पीडाबाट मुक्ति

(Freedom from pain and desease) को सुनिश्चितता गर्न नसकिएको तथा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले नै पौष्टिक भोजन तथा स्वास्थ्यको दृष्टिकोणबाट पनि पशुपालन व्यवसायलाई हेर्नुपर्ने कानूनी दायित्वको पनि परिपालना हुन नसक्ने अवस्था सिर्जना भएको देखिन्छ।

यसै सन्दर्भमा, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लिखित जवाफमा नै मिति २०७७/०१/२८ गते मन्त्रिस्तरीय निर्णय गरी भेटेरीनरी सेवालाई आवश्यक सेवामा समावेश गर्नका लागि गृह मन्त्रालयमा पत्र पठाइसकिएको भनिए तापनि हालसम्म आवश्यक सेवाको सूचीमा भेटेरीनरी सेवालाई समावेश गरेको नदेखिएकोले बन्दाबन्दीको समयमा पनि पशु स्वास्थ्य प्रयोगशालाको सञ्चालनको लागि भेटेरीनरी सेवालाई आवश्यक सेवाको सूचीमा राख्न आवश्यक व्यवस्था तत्कालै मिलाउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ठहर्छ। यो आदेश कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेशको जानकारी विपक्षीहरूलाई दिनू।

इति संवत् २०७७ साल जेष्ठ ८ गते रोज ५ शुभम्----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश मिति : २०७७।२।१३
०७६-WO-०९५७

विषयः उत्प्रेषण

निवेदक : अधिवक्ता सन्तोष भण्डारीसमेत ----------

विरूद्ध

विपक्षी : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत ----------

आदेश

निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू डा. श्री दिनेश त्रिपाठी, श्री गोपालकृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र विक्रम के.सी., डा. पुण्यप्रसाद खतिवडा, श्री खम्मबहादुर खाती, श्री अजयशंकर झा, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अनन्तराज लुइँटेल, श्री पुष्पराज पौडेल, श्री छविलाल घिमिरे, श्री पारसमणि भट्टराई, श्री दिपकविक्रम मिश्र, श्री ज्ञानेन्द्रराज आरण, श्री विष्णुप्रसाद भण्डारी, श्री दिपक दुवे, श्री प्रवल सिन्धु गुप्त, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री शैलेन्द्र अम्बेडकर, श्री रगेन्द्रमान सिंह प्रधान, श्री प्रतिभा उप्रेती, श्री कमला कोइराला, श्री लक्ष्मी (नानी) थापा र श्री नवराज पाण्डेले गर्नुभएको बहससमेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू ।

अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा, निवेदनसाथ संलग्न रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७७।२।२ मा आर.डी.टी. परीक्षणबाट परीक्षण गर्न अनुमति दिनेसम्बन्धी अन्तरिम निर्देशिका, २०७७ को बुँदा (८) मा "**आर.डी.टी. परीक्षणको शुल्क खरिद मूल्यको २०% (बीस प्रतिशत) नबढ्ने गरी लिन पाउने छ**" भन्ने व्यवस्था गरेको छ भने सोही मन्त्रालयले जारी गरेको जरूरी सूचनामा **"निःशुल्क परीक्षण गराउने कि स-शुल्क परीक्षण गराउने भन्ने व्यक्तिको इच्छामा भर पर्ने कुरा हो"** भनी उल्लेख भएको हुँदा उक्त नीतिगत बुँदा हाल सामाजिक न्यायको दृष्टिकोणबाट वार्षिक दुई लाख सत्तरी हजारभन्दा कम आय भएका, गरिबीको रेखामुनि भएका, देशको भूमि सीमाबाट लुकिछिपी र समूहगत रूपमा प्रवेश गरी कोरोनाको जोखिममा परेका समूहका व्यक्ति, सोको लक्षण देखिएका जिल्लाभित्रको कुनै क्षेत्रका समूहका व्यक्तिहरू र भारतबाहेक तेस्रो मुलुक विदेशबाट आउने वार्षिक रूपमा रू. सात लाख असी हजारभन्दा कम आय भएका श्रमिक वर्गहरूको

लागि उक्त नीति सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (१) बमोजिम तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राखी अन्य बाँकी क्षेत्र र विषयवस्तुको सन्दर्भमा उपर्युक्त निर्देशिका एवं सूचना नेपालको संविधानको धारा ३५, ४२, ५१ को (ज) को (६) र संक्रामक रोग ऐन, २०२० र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४) को सन्दर्भमा के कस्तो अवस्था, परिस्थिति र तहका जनताको लागि के के आधारहरूमा उक्त नीति ल्याउन लागेको र कार्यान्वयन हुने हो ? सो सन्दर्भमा दुवै पक्षलाई राखी छलफल गर्न उपयुक्त हुने देखिँदा सोको छलफलको लागि सो क्षेत्रमा आफ्नो नीतिगत कुरा लिखित रूपमा नै लिई मिति २०७७।२।१८ गतेका दिन आउनु भनी प्रत्यर्थीहरूलाई म्याद सूचना जारी गरी हाजिर भए वा गुजारेपछि नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल जेठ १३ गते रोज ३ शुभम्.....।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।२।१४
०७७-WH-०३५९

मुद्दा: बन्दीप्रत्यक्षीकरण

निवेदक : भोजपुर जिल्ला, साबिक तुङ्गेछा गाउँ विकास समिति वडा नं. ८ घर भई हाल बाल सुधार गृह भक्तपुरमा रहेका परिवर्तित नाम तुङ्गेछा 'एस' को हकमा अधिवक्ता अजयशंकर झा "रूपेस" ----------१

विरूद्ध

विपक्षी : भोजपुर जिल्ला अदालत ----------१

आदेश

न्या.तेजबहादुर के.सी.: नेपालको संविधानको धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

तथ्य खण्ड

बाल बिज्याइँकर्ता परिवर्तित नाम तुङ्गेछा 'एस' विरूद्ध भोजपुर जिल्ला अदालतमा दायर भएको ०७१-CR-०००५ को "जबरजस्ती करणीसम्बन्धी बाल बिज्याइँ" मुद्दामा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २ र ३(१) नं. को कसुरमा ऐ. ऐनको ३(१) नं. र हाडनाता करणीको महलको २ नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम जबरजस्ती करणीतर्फ ५ वर्ष कैद र हाडनाता करणीतर्फ १ वर्ष ६ महिना कैदसमेत गरी जम्मा ६ वर्ष ६ महिना कैद सजाय हुने र प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति भराई दिने भनी विपक्षी भोजपुर जिल्ला अदालतबाट मिति २०७१।०९।०८ मा भएको फैसलाउपर तत्कालीन पुनरावेदन अदालत धनकुटामा पुनरावेदन गर्दा सुरूले गरेको फैसलालाई नै सदर गरी फैसला भई मुद्दा अन्तिम भएको र उक्त फैसलाले लागेको कैद सजाय भुक्तानको क्रममा निज हाल बाल सुधार गृह भक्तपुरमा रहेकामा निजलाई भएको कैद सजायमध्ये ७ महिना मात्र बाँकी रहेको अवस्था छ।

हाल कोरोना भाइरसको सङ्क्रमणबाट बाँच्न पाउने व्यक्तिको पहिलो प्राथमिकता रहेको हुँदा आमा बुबाको स्वीकृतिले निजको सानीआमा रेखकुमारी जोगीले विपक्षी भोजपुर जिल्ला अदालतमा मिति २०७६।१२।२४ मा बाल सुधार गृहमार्फत खोजेका बखत उपस्थित गराउने गरी तत्काल जिम्मा लगाई पाउन निवेदन दिएको र मिति २०७६।१२।२८ मा सो निवेदनमा सुनुवाइ हुँदा प्रतिवादीउपर परेको मुद्दाको गाम्भीर्य र प्रतिवादीले गरेको कसुरसमेतबाट यी प्रतिवादीलाई अभिभावकको जिम्मा लगाई पठाउन मिल्ने देखिएन भन्ने आदेश भएको र उक्त आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम विपक्षी उच्च अदालत

विराटनगर, धनकुटा इजलासमा दिएको निवेदनमा सुनुवाइ हुँदा "सक्षम अदालतबाट अन्तिम फैसला भई सजाय भुक्तान गरिरहेको सन्दर्भमा निवेदनमा उल्लेख गरेबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ मा गरिएको कानूनी व्यवस्था आकर्षित हुने देखिएन। भोजपुर जिल्ला अदालतबाट अभिभावकलाई जिम्मा लगाई पठाउन मिल्ने अवस्था देखिएन भनी भएको आदेशमा थप विचार गर्नुपर्ने देखिएन" भन्ने आदेश भएकाले बाल सुधार गृह, भक्तपुरमा रहेका निज नाबालकलाई घर जान नपाउने गरी बाल सुधार गृहमा नै बस्न बाध्य पारिएको अवस्था छ।

सोही बाल सुधार गृहमा रहेका केही बालबालिकालाई कोरोनाले छुन सक्ने र यी परिवर्तित नाम तुङ्गेछा 'एस' लाई नछुने भन्ने सोच कदापि पनि विवेकसम्मत छैन। निज परिवर्तित नाम तुङ्गेछा 'एस' सँग प्रत्यक्ष सरोकार राख्ने नेपालको संविधानको धारा ३९ (बालबालिकाको हक) को उपधारा २ ले "प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ" भन्ने र राज्यबाट उचित स्याहारको अधिकारलाई प्रत्याभूत गर्नुको साथै उपधारा ८ ले "प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ" भन्दै बालबालिकाअनुकूल र उसको सर्वोत्तम हितसहितको न्यायिक अधिकारलाई संवैधानिक व्यवस्थाले सुनिश्चित गरेको छ।

कोरोना भाइरसको प्रभावबाट पर्न जाने असहज परिस्थितिमा बाँच्न पाउने अधिकारलाई सर्वोपरि मानी सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकबाट नाबालकहरूलाई खोजेको बखत उपस्थित गराउने गरी अभिभावकले निवेदन दिएमा आवश्यक निकासा दिने गरी भएको उक्त पूर्ण बैठकको निर्णयबमोजिम मिति २०७६।१२।२० गतेसम्ममा भक्तपुरबाट ५३ जना, बाँकेबाट ३३ जना, मोरङबाट २० जना, रूपन्देहीबाट १८ जना, डोटीबाट १७ जना, कास्कीबाट १५ जना, पर्साबाट १२ जना र मकवानपुरबाट ५ जना बालबालिका गरी कूल १७७ बालबालिका छुटी गएको अवस्था छ। निज परिवर्तित नाम तुङ्गेछा "एस' ' लाई लागेको कसुरसरहकै आरोपमा दोषी ठहर भएको र कैदबापत ६ महिनाजति मात्र बाल सुधार गृहमा बसी १० महिना कैद भुक्तान गर्न बाँकी रहेका परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा सम्मानित अदालतसमक्ष परेको रिट नं.०७६-WH-०३२९ मा भएको निर्देशनात्मक आदेशअनुसार Parental Custody मा जानपाउने तर आफूलाई लागेको कैदको ७ महिना मात्र भुक्तान गर्न बाँकी रहेका यी परिवर्तित नाम तुङ्गेछा 'एस' ले उक्त सुविधा नपाउनु समान कानूनको प्रयोगमा भेदभावजन्य कार्य हो, जुन संविधानत: नै अस्वीकार्य रहेको छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(१) मा "कसुरजन्य कार्य गर्दा बालबालिकाको उमेर..." भन्ने प्रयोग भएको शब्दावली र सोही ऐनको दफाले ३२ मा "मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाइ र किनारा गर्नुपर्नेछ" भनी गरेको कानूनी व्यवस्थाले बालबालिकासँग सम्बन्धित मुद्दामा कसुर गर्दाको उमेर हेर्नुपर्ने र सोही मुद्दाको कारबाहीको क्रममा त्यो व्यक्ति साबालक हुन गए पनि बाल अदालतबाट मुद्दा हेर्नुको अर्थ बालबालिकासम्बन्धी ऐनकै व्यवस्था लागू हुने हुँदा मुद्दा कारबाहीको क्रममा व्यक्ति साबालक भइसकेको हुँदा बालबालिकासम्बन्धी ऐनअनुसार अभिभावकको जिम्मामा छोड्न मिल्दैन भनी विपक्षी उच्च अदालत विराटनगर, धनकुटा इजलासले आदेश गर्दाको क्रममा उल्लेख गरेका कुराहरू त्रूटिपूर्ण तथा कानूनविपरीत रहेको छ। परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा अधिवक्ता अजय शंकर झा "रूपेस" विरूद्ध कैलाली जिल्ला अदालत रहेको ०७६-WH-०३२९ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा सम्मानित अदालतबाट प्रतिपादन भएको न्यायिक सिद्धान्त तथा निर्देशनसमेत भएको अवस्था छ।

यसरी परिवर्तित नाम तुङ्गेछा "एस" लाई अभिभावकको जिम्मा नलगाई थुनामा नै राख्ने गरी भएको उक्त आदेश कानूनी मनसायविपरीत हुन गई कानूनको समान संरक्षणसमेत विपरीत रही गैरकानूनी रहेको र त्यसबाट निजलाई नेपालको संविधानको धारा १७(१), १८(१)(२) र (३), २०(९), २२(१), ३०(१), ३५(३)(४), ३६(२) र ३९(२)(८) समेतका अधिकारहरू हनन् हुन गएको छ । त्यस्तै संविधानको धारा ३९(९) ले जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गरेको अवस्था छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा उनीहरूको सर्वोत्तम हितलाई प्राथमिकता दिइनुपर्ने व्यवस्था रहेको र उपदफा (२) ले जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने भन्ने कानूनी व्यवस्था भएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४ अनुसार प्रस्तुत निवेदनमा सुनुवाइ गरी ऐ. नियम ३७ तथा नेपालको संविधानको धारा १३३(२) बमोजिम निज परिवर्तित नाम तुङ्गेछा "एस" लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकलाई जिम्मामा छाड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक परिवर्तित नाम तुङ्गेछा "एस" को हकमा अधिवक्ता अजयशंकर झा "रूपेस" को यस अदालतमा पर्न आएको निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित थुनामा राख्दा लिएका आधार, प्रमाण कागजातहरूको प्रतिलिपिसमेत साथै राखी ३ (तीन) दिनभित्र इमेलमार्फत (वर्तमान बन्दाबन्दीको परिवेशसमेतलाई विचार गर्दा) महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूलाई इमेलमार्फत म्याद सूचना पठाई विपक्षीहरूको हकमा सम्बन्धित अदालतलाई म्याद सूचना पठाएको जानकारी टेलिफोनमार्फत समेत गराई म्याद सूचना शीघ्र तामेल गर्न लगाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु" भन्ने यस अदालतको मिति २०७७।२।५ को आदेश ।

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णय नं. ५ लाई आधार लिई अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदक तुङ्गेछा "एस" को हकमा निजकी सानीआमा रेखकुमारी जोगीले भोजपुर जिल्ला अदालतमा पेस गरेको निवेदनमा विपक्षी निवेदकलाई अभिभावकको जिम्मा लगाउन मिल्ने देखिएन भनी भोजपुर जिल्ला अदालतले गरेको आदेशउपर फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम बेरीतको आदेश बदर गरिपाउँ भनी यस इजलासमा मिति २०७४।१।१२ मा निवेदन प्राप्त भई इजलाससमक्ष पेस हुँदासक्षम अदालतबाट अन्तिम फैसला भई सजाय भुक्तान गरिरहेको सन्दर्भमा निवेदनमा उल्लेख गरेबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ मा गरिएको कानूनी व्यवस्था आकर्षित हुने देखिएन । भोजपुर जिल्ला अदालतबाट अभिभावकलाई जिम्मा लगाउन पठाउन मिल्ने अवस्था देखिएन भनी आदेशमा कैफियत प्रतिवेदनसमेत माग गरी भोजपुर जिल्ला अदालतबाट भएको आदेश सम्बन्धमा थप विचार गर्नुपर्ने देखिएन, निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत बेहोराको यस इजलासबाट २०७७।१।१४ मा आदेश भएको अवस्था छ ।

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ मा थुनछेक वा तोकिएको धरौट जमानत वा बैंक जमानतमा चित्त नबुझ्ने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ भन्ने कानूनी

व्यवस्था रहेको पाइन्छ । रिट निवेदक विपक्षी थुनछेक आदेशको कारणले थुनामा रहेको नभई अदालतको फैसलाबमोजिम बाल सुधार गृहमा रहेको अवस्थामा निजका हकमा उल्लिखित कानूनी व्यवस्था आकर्षित हुने होइन । विपक्षीले रिट निवेदनमा उल्लेख गरेको सम्मानित सर्वोच्च अदालतसमक्ष दायर भएको रिट नं.०७६-WH-०३२९ मा भएको निर्देशनात्मक आदेश बालबालिकाको हकको प्रयोजनका निमित्त जारी भएको हो । यी निवेदक विपक्षी सुरू भोजपुर जिल्ला अदालतबाट फैसला हुँदा मिति २०७१।९।८ मा १४ वर्षभन्दा माथि १६ वर्षभन्दा कम उमेरका भएको भनी उल्लेख भएको देखिँदा हाल निवेदक १८ वर्ष नाघिसकेका अर्थात् पूर्णरूपमा साबालक भइसकेको देखिँदा यी निवेदकका हकमा उल्लिखित निर्देशनात्मक आदेश एवं सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय नं. ५ आकर्षित हुने होइन । सम्मानित सर्वोच्च अदालतबाट ०७६-WH-०३२९ को रिट निवेदनमा जारी भएको निर्देशनात्मक आदेश एवं उल्लिखित मितिको पूर्ण बैठकको निर्णयलाई आधार लिई यस इजलासलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गर्ने निवेदकलाई हकदैयासमेत नभएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत विराटनगर, धनकुटा इजलासको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ ।

परिवर्तित नाम तुङ्गेछा 'ए' को जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी परिवर्तित नाम तुङ्गेछा 'एस' भएको मुद्दा नं. ०७१-CR-०००५ को जबरजस्ती करणी मुद्दामा प्रतिवादी परिवर्तित नाम तुङ्गेछा 'एस' ले पीडित परिवर्तित तुङ्गेछा 'बी' लाई जबरजस्ती करणी र हाडनातामा करणी गरेको हुँदा निज प्रतिवादी परिवर्तित नाम तुङ्गेछा 'एस' लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम जबरजस्ती करणीतर्फ ५ वर्ष कैद र हाडनाता करणीमा १ वर्ष ६ महिना कैदसमेत गरी जम्मा ६ वर्ष ६ महिना कैद हुने ठहरी यस अदालतबाट मिति २०७१।९।८ मा फैसला भएको र तत्कालीन पुनरावेदन अदालत धनकुटाबाट सो फैसलालाई मिति २०७३।४।२४ सदर गरी अन्तिम भएको अवस्था छ । विपक्षी रिट निवेदकले अदालतबाट भएको फैसलाबमोजिम सजाय भुक्तानको लागि बाल सुधार गृहमा राखिएकोमा त्यस्तो व्यक्तिलाई अभिभावकको जिम्मा नलगाई थुनामा नै राख्ने गरी भएको आदेशलाई कानूनविपरीत आदेश गरेको भनी कानूनमा भएको व्यवस्थाभन्दा बाहिर गई रिट निवेदन दर्ता गरेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भोजपुर जिल्ला अदालतको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो ।

निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अजयशंकर झा "रूपेस", श्री पंकजकुमार कर्ण र श्री विमला यादवले परिवर्तित नाम तुङ्गेछा 'एस' विरूद्ध भोजपुर जिल्ला अदालतमा दायर भएको "जबरजस्ती करणीसम्बन्धी बाल बिज्याइँ" मुद्दामा निजलाई जबरजस्ती करणीतर्फ ५ वर्ष कैद र हाडनाता करणीतर्फ १ वर्ष ६ महिना कैदसमेत गरी जम्मा ६ वर्ष ६ महिना कैद सजाय हुने र निजबाट रू. २५,०००।- क्षतिपूर्ति भराई दिने भनी भोजपुर जिल्ला अदालतबाट फैसला भएकोमा सो फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत धनकुटाको फैसला अन्तिम भएको र सो कैद सजाय भुक्तानको लागि निवेदक बाल सुधार गृह भक्तपुरमा थुनामा रहेको अवस्था छ । वर्तमान कोभिड-१९ को महामारी वा कोरोना भाइरसको सङ्क्रमणको जोखिम बाल सुधार

गृहमा हुन सक्ने अवस्था रहनुका साथै सामाजिक तथा शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्थासमेत नरहेको र यी निवेदकले आफूलाई लागेको कैद सजाय भुक्तान गरी ७ महिना मात्र भुक्तान गर्न बाँकी रहेको छ । सम्मानित अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णय नं.५ र परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा अधिवक्ता अजयशंकर झा "रूपेस" विरूद्ध कैलाली जिल्ला अदालत रहेको ०७६-WH-०३२९ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा प्रतिपादन भएको न्यायिक सिद्धान्त तथा निर्देशनबमोजिम यस रिट निवेदनमा पनि बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राधिका सुवालले रिट निवेदक थुनछेक आदेशको कारणले थुनामा रहेको नभई अदालतको फैसलाबमोजिम बाल सुधार गृहमा रहेको अवस्था हो। विपक्षीले रिट निवेदनमा उल्लेख गरेको रिट नं.०७६-WH-०३२९ मा भएको निर्देशनात्मक आदेश बालबालिकाको हकको प्रयोजनका निमित्त जारी भएको हो । यी निवेदक विपक्षी सुरू भोजपुर जिल्ला अदालतबाट फैसला हुँदा १४ वर्षभन्दा माथि १६ वर्षभन्दा कम उमेरका भएको भनी फैसलामा उल्लेख भएको र हाल निज १८ वर्ष नाघिसकेका अर्थात् पूर्णरूपमा साबालक भइसकेको हुँदा सम्मानित अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय नं.५ आकर्षित हुने अवस्था छैन । सम्मानित सर्वोच्च अदालतबाट ०७६-WH-०३२९ को रिट निवेदनमा जारी भएको निर्देशनात्मक आदेश यी निवेदकका हकमा लागू हुने अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन । रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

अब, प्रस्तुत रिट निवेदनसहितको मिसिल कागजात अध्ययन गरी विद्वान् अधिवक्ताहरू र विद्वान् उपन्यायाधिवक्ताको बहस सुनी प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, परिवर्तित नाम तुङ्गेछा 'एस' विरूद्ध भोजपुर जिल्ला अदालतमा दायर भएको "जबरजस्ती करणीसम्बन्धी बाल बिज्याइँ" मुद्दामा निजलाई जबरजस्ती करणीतर्फ ५ वर्ष कैद र हाडनाता करणीतर्फ १ वर्ष ६ महिना कैदसमेत गरी जम्मा ६ वर्ष ६ महिना कैद सजाय हुने र निजबाट रू.२५,०००।- क्षतिपूर्ति भराई दिने भनी भोजपुर जिल्ला अदालतबाट फैसला भई सो फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत धनकुटाको फैसला अन्तिम भएको र सो कैद सजाय भुक्तानको लागि निवेदक बाल सुधार गृह भक्तपुरमा थुनामा रहेको अवस्था छ । वर्तमान कोभिड-१९ को महामारी कोरोना भाइरस बालबालिकाहरूमा सङ्क्रमणको जोखिम रहेको कारण बाल सुधार गृहमा सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र यी निवेदकले आफूलाई लागेको कैदमध्ये ७ महिना मात्र भुक्तान गर्न बाँकी रहेको र सम्मानित अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णय नं. ५ र परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा अधिवक्ता अजयशंकर झा "रूपेस" विरूद्ध कैलाली जिल्ला अदालत रहेको ०७६-WH-०३२९ को बन्दीप्रत्यक्षीकरणको रिटमा सम्मानित अदालतबाट प्रतिपादन भएको न्यायिक सिद्धान्त तथा निर्देशनबमोजिम यस निवेदनमा पनि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन मागदाबी रहेकोमा विपक्षी रिट निवेदक थुनछेक आदेशको कारणले थुनामा रहेको नभई अदालतको फैसलाबमोजिम बाल सुधार गृहमा रहेका छन् । विपक्षीले रिट निवेदनमा उल्लेख गरेको रिट नं.०७६-WH-०३२९ मा भएको निर्देशनात्मक आदेश बालबालिकाको हकको प्रयोजनका निमित्त जारी भएको हो । यी निवेदक विपक्षी सुरू भोजपुर जिल्ला अदालतबाट फैसला हुँदा १४ वर्षभन्दा माथि १६ वर्षभन्दा कम उमेरका भएको भनी फैसलामा उल्लेख भएको र हाल निज १८ वर्ष नाघिसकेकाले पूर्णरूपमा

साबालक भइसकेको हुँदा निवेदकका हकमा सम्मानित अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय नं. ५ आकर्षित हुने अवस्था छैन । ०७६-WH-०३२९ को रिट निवेदनमा जारी भएको निर्देशनात्मक आदेश निवेदकका हकमा लागू हुने अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन। हकदैयाविहीन रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको एकै मिलानको लिखित जवाफ रहेको पाइयो ।

हाल कोरोना भाइरसको महामारीले जन्माएको विपद्को परिस्थितिका सन्दर्भमा यस अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयानुसार यस अदालतबाट प्रेस विज्ञप्ति जारी भएपश्चात् उक्त बैठकको निर्णयका आधारमा प्रस्तुत निवेदन दर्ता भएको अवस्था रहेको देखिन्छ । वर्तमान समयमा कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको र मूलतः बन्दाबन्दीको उद्देश्य सामाजिक एवम् शारीरिक दुरी कायम गरी नागरिकहरूलाई सो महामारीबाट बचाउने नै हो ।

निवेदकउपर भएको सजायको मात्रालाई हेर्दा निजलाई जम्मा कैद ६ वर्ष ६ महिना भएकोमा निवेदक मिति २०७७।१०।१० मा छुटी जाने भएकोमा निजले अधिकांश कैद सजाय भुक्तान गरिसकेको तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । निवेदक नाबालक भएको अवस्था र हाल समग्र विश्व नै कोरोनाको महामारीको चपेटामा परेको स्थितिमा हाम्रो सिङ्गो देश नै बन्दाबन्दी (Lockdown) को अवस्थाबाट गुज्रिरहेको र बाल सुधार गृहमा रहेका बालबालिकाहरूको पनि अन्य नागरिकसरह जीवनको रक्षा, स्वास्थ्यको सुरक्षा तथा संक्रामक रोगहरूबाट तिनीहरूलाई सुरक्षित राख्नुपर्ने दायित्व राज्य स्वयम्को हुन आउँछ ।

यी निवेदक नाम परिवर्तित तुङ्गेछा 'एस' बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा थुनामा रहेको र उक्त बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिकाहरू रहेको भन्ने तथ्य बहस बुँदाहरूबाट देखिन आएको छ । कोभिड १९ को महामारीका कारण अहिले पूरै देश नै बन्दाबन्दी (Lockdown) बाट गुज्रिएको अवस्थामा भिडभाड कम गर्दै शारीरिक दुरी कायम गरी कोरोना सङ्क्रमणको जोखिमबाट संरक्षणको लागि बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा स्वास्थ्य सुरक्षाको उपयोगितालाई ध्यानमा राखी मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गरी आदेश गर्नुपर्नेमा सोतर्फ विचार नै नगरी भोजपुर जिल्ला अदालतबाट मिति २०७१।९।८ मा यी निवेदक प्रतिवादी परिवर्तित नाम तुङ्गेछा 'एस' लाई गम्भीर प्रकृतिको कसुर ठहर भई सजायसमेत निर्धारण भएकोले यी निवेदक प्रतिवादी ठहर भएको सजाय भुक्तानको लागि बाल सुधार गृहमा बसिरहेको देखिँदा मुद्दाको गाम्भीर्य, यी प्रतिवादीले गरेको कसुरसमेतलाई मध्यनजर गरी हेर्दा हाल निवेदकको निवेदन मागबमोजिम यी निवेदकलाई अभिभावकको जिम्मा लगाई पठाउन मिल्ने अवस्था देखिएन भनी भोजपुर जिल्ला अदालतले मिति २०७६।१२।२८ मा गरेको आदेशलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७७।०१।१४ मा भएको आदेश मिलेको देखिन आएन ।

यस परिस्थितिमा निवेदक बाल सुधार गृह, भक्तपुरमा रहेको र सो बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिकाहरू रहेको भन्ने तथ्यसमेत स्थापित हुन आएको छ। निवेदकको निवेदनमा उल्लिखित वर्तमान विषम परिस्थितिलाई मध्यनजर गर्दा बन्दाबन्दी (Lockdown) मा भिडभाड कम गर्दै शारीरिक दुरी कायम गरी बाल सुधार गृहमा रहने बालबालिकालाई पनि कोरोना भाइरसको सङ्क्रमणको जोखिमबाट बचाउन तिनीहरूको संरक्षणको लागि उनीहरूलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षाको उपयोगितालाई ध्यानमा राखी मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गर्दा त्यस्ता बालबालिकाको समेत न्यूनतम मानवीय व्यवहार गर्नुपर्ने देखिएबाट यी रिट निवेदकका हकमा उपयुक्त आदेश जारी गर्नुपर्ने देखिन आयो ।

तसर्थः माथि विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी नाबालकलाई अदालतको फैसलाले तोकिएको ६ वर्ष ६ महिना कैदमध्ये अधिकांश कैद भुक्तान गरी अब केवल ७ महिना मात्र बाँकी रहेको र साथै वर्तमान समयमा आकस्मिकरूपमा पर्न आएको कोरोना भाइरसको महामारीले विषम परिस्थिति सिर्जना गर्नसक्ने नकारात्मक असरहरूलाई विचार नै नगरी भोजपुर जिल्ला अदालतले मिति २०७६।१२।२८ मा गरेको आदेशलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७७।१।१४ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । निवेदकलाई जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ कसुरमा सजाय भई मिति २०७१।४।११ देखि मिति २०७७।१०।१० सम्मको कैद सजाय भएकोमा निजको कैद सजायमध्ये अधिकांश समय व्यतित गरी अब केही महिना मात्र बाँकी रहेको देखिँदा निजलाई हाल अभिभावकको जिम्मा लगाउँदा पनि न्यायको मकसद पूरा हुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(घ) मा केन्द्रित रहेर बाँकी कैद पछि असुल गर्ने वा नगर्ने गरी पुनः यी निवेदक परिवर्तित नाम तुङ्गेछा 'एस' हकमा आदेश गर्नु भनी भोजपुर जिल्ला अदालतको नाममा यो आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत : मिनबहादुर कुँवर
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७७ साल जेठ १४ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।२।१४
०७६-WO-०९५६
मुद्दाः उत्प्रेषण

निवेदक : सार्वजनिक प्रतिरक्षक समाज नेपालको तर्फबाट समेत अधिवक्ता अजय शंकर झा "रूपेस" समेत -----१
विरूद्ध
विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत----------१

आदेश

यसमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेशप्रसाद त्रिपाठी र विद्वान् अधिवक्ताहरू श्री कीर्तिनाथ शर्मा, श्री पंकजकुमार कर्ण, श्री श्यामकुमार विश्वकर्मा, श्री विमला यादव, श्री इन्द्रप्रसाद अर्याल, श्री लक्ष्मी नानी थापा, श्री नवराज पाण्डे, श्री सन्तोष भण्डारी र श्री दिपक दुवेले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आधार र कारण भए सोसमेत साथै राखी यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरू १, २, ३, ४, ५ र ६ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी ७ का हकमा आफैँ वा कानूनबमोजिमको आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा म्याद सूचना पठाई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा अस्पताल भर्ना भई उपचार गराई रहेका COVID-19 रोगबाट संक्रमित व्यक्ति स्वयम् मानसिक रूपमा प्रताडित रहने भएकोले त्यस्ता व्यक्तिहरूलाई राम्रो व्यवहार गरी उनीहरूको उच्च मनोबल बढाउन सहयोग गर्नुपर्ने अवस्था रहेको छ। यस्तो अवस्थामा रोगबाट संक्रमित व्यक्तिहरूमा त्रास उत्पन्न गर्ने तवरबाट हिंसात्मक काम कारबाही हुने वा हुलदङ्गा हुने आशंका भएको कार्य रोक्न बनेको कानून स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को प्रयोग गरी संक्रमित व्यक्ति भाग्न खोजेमा आवश्यकताअनुसार बल प्रयोग गर्दै नियन्त्रणमा लिने भनी विपक्षी जिल्ला संकट व्यवस्थापन केन्द्र पर्साको मिति २०७७।२।१ को बैठकको निर्णय नं.३ लाई संशोधन गर्दै मिति २०७७।२।२ मा उक्त केन्द्रबाट भएको निर्णय कार्यान्वयन नगर्नु नगराउनु तथा कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड-२०७६ बमोजिम सम्पूर्ण क्वारेन्टाइनको व्यवस्थापन प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरूलाई दिनू। प्रस्तुत रिट निवेदनलाई यस अदालतमा यसअघि दायर भएको COVID-19 सँग सम्बन्धित रिट निवेदनसँग साथै राखी नियमानुसार गर्नू।

इति संवत् २०७७ साल जेठ १४ गते रोज ४ शुभम्----------

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास
सम्माननीय प्र.न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिंन्हा
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।२।१५

विषयः बन्दाबन्दी (Lockdown) को अवधिमा हदम्याद, म्याद, तारेखलगायतका विषयमा परेको अडबडको निकासा पाउँ भन्ने।

०७६-RE-०३९२

प्रतिवेदक : सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा

विषय : परमादेश।

०७६-WO-०९४४

निवेदक : झापा जिल्ला गौरादह नगरपालिका घर भई हाल काठमाडौं महानगरपालिका वडा नं.१० बस्ने अधिवक्ता टिकाराम भट्टराईको वारेस भई आफ्नो हकमा समेत काठमाडौं महानगरपालिका वडा नं.१५ बस्ने अधिवक्ता महेश्वर श्रेष्ठ

आदेश

न्या.ईश्वरप्रसाद खतिवडा : यसमा बन्दाबन्दी (Lockdown) को अवधिमा मुद्दाको हदम्याद, म्याद, तारिखलगायतका विषयमा कार्यान्वयनमा आइपरेको अडबडको निकासा हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ बमोजिमको प्रतिवेदन संयुक्त इजलाससमक्ष पेस भई कानूनी प्रश्नको जटिलता र महत्त्व विचार गरी यस अदालतको संयुक्त इजलासको आदेशबमोजिम यस बृहत् पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रतिवेदन तथा नेपालको संविधानको धारा १३३ अन्तर्गत आदेश जारी गरिपाउँ भनी परेको ०७६-WO-०९४४ को रिट निवेदनसमेतको संक्षिप्त तथ्य र यस इजलासको आदेश निम्नानुसार छः

<u>प्रतिवेदनको बेहोरा</u>

१. विश्वभरि महामारीको रूपमा फैलिँदै गएको कोरोना भाइरस (कोभिड - १९) को सङ्क्रमण नेपालमा समेत फैलिँदै छ । नेपाल सरकारबाट सङ्क्रमण नियन्त्रणका लागि विभिन्न निर्णयहरू भएका छन् । अदालतको कार्य जनसाधारणको ठुलो उपस्थिति र भिडभाड हुने प्रकृतिको भएकोले महामारीको स्थितिलाई दृष्टिगत गरी अदालतको काम कारबाही र सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने अवस्था आएको छ । यसरी सेवा प्रवाह व्यवस्थापन गर्ने क्रममा सर्वोच्च अदालतको मिति २०७६।१२।०७ मा बसेको पूर्ण बैठकको निर्णयअनुसार मिति २०७६।१२।०९ देखि ऐ. २१ गतेसम्म नियमित सेवा स्थगन गरी बन्दीप्रत्यक्षीकरणको निवेदन, अभियोगपत्र दर्ता, बयान र थुनछेक, पक्राउ पुर्जी अनुमति र जरूरी पक्राउ पुर्जीको समर्थन, म्याद थप तथा महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरूउपरको सुनुवाइ, रकम तिरी कैदबाट छाड्न दिइने निवेदन, बालबालिका जिम्मा दिनेसम्बन्धी निवेदनउपर सुनुवाइ गर्ने गरी अन्य काम कारबाही स्थगन / बन्द गरिएको थियो । यसपछि नेपाल सरकारले मिति २०७६।१२।१० मा संक्रामक रोग ऐन, २०२० अनुसार कोभिड-१९ को सङ्क्रमण फैलन सक्ने सम्भावना देखिएको भनी विभिन्न आदेशसहित पहिलो पटक मिति २०७६।१२।११ देखि ऐ. १८ गतेसम्म बन्दाबन्दी (Lockdown) घोषणा गर्ने निर्णय गरेको थियो । यसपछि पटकपटक अवधि थप गर्दै हालसम्म बन्दाबन्दीको अवस्था कायम रहेको छ । यसबिच यस अदालतको पूर्ण बैठकहरू बसी सेवा-प्रवाहको कुरामा केही सामान्य हेरफेर गरिएको छ । यस अवधिमा आम सेवाग्राहीका लागि अदालतबाट प्रवाह हुने सामान्य वा नियमित सेवा बन्द रहेको छ । मुद्दा, पुनरावेदन, मुद्दासरहका निवेदन दर्ता गर्ने, पेसी तोकिएका मुद्दाहरूको सुनुवाइ गर्ने, तारिख दिनेलगायतका कार्यहरू सञ्चालन भएका छैनन् ।

२. मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा ५१ मा हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यस्ता बिदापछि लगत्तै अड्डा खुलेको पहिलो दिन फिराद दर्ता गर्न सरोकारवालाले माग गरेमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नुपर्ने छ भन्ने, दफा ५२ मा नाबालक, होस ठेगाना नरहेको व्यक्तिको हदम्याद प्रारम्भ हुने कुरा, दफा ५३ मा हकवालाको हदम्याद प्रारम्भ हुने कुरा उल्लेख छ । दफा ५८ मा केही खास-खास अवस्थामा हदम्याद गुज्रेको हदम्याद नाघेपछि पनि फिरादपत्र दर्ता हुने प्रावधान छ । तर यसमा लामो अवधिको बन्दाबन्दीको अवस्थामा गुज्रिएको हदम्याद थाम्न सकिने प्रस्ट वा किटानी प्रावधान

समावेश भएको देखिँदैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९क. मा प्रचलित कानूनबमोजिम हदम्याद तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा जहिलेसुकै मुद्दा गर्न सकिने छ भन्ने उल्लेख छ। उक्त ऐनको दफा ५९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशमा काबुबाहिरको परिस्थिति उत्पन्न भएमा केही सीमित अवस्थामा म्याद थाम्न सकिने व्यवस्था रहेको छ। तर हदम्याद थाम्ने, थामिन सक्ने कुरा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लेख भएको देखिँदैन । सोही संहिताको दफा ८५ मा अदालतबाट कुनै कामका लागि उपस्थित हुन तारिख तोकिएकोमा तोकिएको तारिखका दिन अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित हुनुपर्ने, तर तोकिएको तारिखका दिन काबुबाहिरको परिस्थिति उत्पन्न भई अदालतमा उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र त्यस्तो बेहोरा मनासिब देखिएमा अदालतले बढीमा दुई पटकसम्म एक्काइस दिनसम्मको गुज्रेको तारिख थामिदिने आदेश दिन सक्ने व्यवस्था रहेको देखिन्छ। मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा २२३ मा पनि कुनै मुद्दामा आफ्नो काबुबाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद वा तारिखका दिन अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले म्यादको हकमा पन्ध्र दिनसम्म एक पटक र तारिखको हकमा बढीमा दुईपटक एक्काइस दिनसम्म थमाउन सक्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त दफा २२५ मा समेत केही विशेष काबुभन्दा बाहिरको परिस्थितिमा तारिख थामिन सक्ने व्यवस्था छ । तर महामारीको अवस्थामा भएको बन्दाबन्दीको कारणबाट लामो समय तारिखमा हाजिर नभएको अवस्थामा के हुने भन्ने सम्बन्धमा प्रस्ट व्यवस्था रहेको देखिँदैन।

३. विशेष अदालत ऐन, २०५९ को दफा ११ मा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनका सन्दर्भमा म्याद तारिख थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा एक पटकमा बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था छ । संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८क. मा पक्षको काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको भन्ने अदालतलाई लागेमा एकै पटक वा दुई पटकसम्म गरी जम्मा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था रहेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५५, उच्च अदालत नियमावली, २०७३ को नियम ४९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ३८ मा काबुबाहिरको परिस्थितिमा पन्ध्र दिनसम्म गुज्रेको म्याद तारिख थाम्ने प्रावधान रहेका छन्।

४. संक्रामक रोग ऐन, २०२० मा नेपालभर वा यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिने सम्भावना देखिएमा सो रोग निर्मूल गर्न वा रोकथाम गर्न नेपाल सरकारले आवश्यक कारबाही गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूहउपर लागू हुने गरी आदेश जारी गर्न सक्नेलगायतका व्यवस्थाहरू गरेको पाइन्छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को परिभाषा खण्डमा गैरप्राकृतिक विपद्को परिभाषा गरी अन्य कुराको अतिरिक्त महामारी, कीट वा सूक्ष्म जीवाणु आतङ्क, विभिन्न प्रकारका फ्लुलाई समेटेको पाइन्छ। तर यी ऐनहरूमा समेत विपद् वा महामारीको समयमा गुज्रेको हदम्याद, म्याद वा तारिखको सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन।

५. न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम अदालतले तीन दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा त्यस्तो बिदाको अवधिमा पनि अदालत खुला गरी बन्दीप्रत्यक्षीकरणसम्बन्धी

निवेदनको सुनुवाइ गर्ने व्यवस्था छ । नेपाल सरकारले जारी गरेको २०७६ साल चैत्र १० गतेको बन्दाबन्दीको आदेशबाट समेत सरकारी कार्यालय पूर्णतः बन्द हुने भन्ने देखिँदैन । सर्वोच्च अदालतको पूर्ण बैठकका निर्णयहरूबाट अदालतहरू पूर्णतः बन्द राखिएको नभई अधिकांश काम-कारबाही तथा सेवा-प्रवाह स्थगनसम्म भएको अवस्था छ ।

६. उल्लिखित सन्दर्भमा हेर्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले केही अवस्थाहरूमा हदम्यादभित्र फिराद दिन नपाई काबुबाहिरको परिस्थितिमा बढीमा पन्ध्र दिनसम्मको अवधिसम्म थामिन सक्ने व्यवस्था गरेको देखिन्छ भने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा म्याद तारिख थामिने व्यवस्था रहेको भए पनि महामारी वा अन्य प्राकृतिक विपद्लगायतका कुनै पनि अवस्थामा हदम्याद थामिन सक्ने प्रावधान रहेको देखिँदैन । विश्वव्यापी रूपमा फैलिएको महामारीको यस अवस्थामा न्याय प्रबन्ध व्यवस्थापनको लागि कुनै विशेष ऐन जारी भएको देखिँदैन । उल्लिखित परिप्रेक्ष्यमा देहायका विषयमा स्पष्टताको आवश्यकता भएकाले विषयको जटिलता र महत्त्वलाई दृष्टिगत गरी बाधा अड्काउ फुकाउन साधसोधका लागि प्रतिवेदन पेस गरिएको छः

क. सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७६/१२/७ र त्यसपछि भएका निर्णयबाट अदालतहरूको काम कारबाही स्थगन, सेवा प्रवाह बन्द गरेको अवधिमा हदम्याद, म्याद, तारिख नगुज्रने मानी बन्दाबन्दी खुलेपछि बाटाको म्यादबाहेक १० दिनभित्र उपस्थित हुन आएमा मुद्दा दर्तालगायतका अन्य काम कारबाहीको व्यवस्थापन गर्ने भन्ने निर्णय भएको छ । मुलुकी फौजदारी कार्यविधि संहितामा हदम्याद नगुज्रने व्यवस्थाबारे केही उल्लेख भएको देखिँदैन । हदम्यादसम्बन्धी विषय मुद्दाको सुरू कारबाही किनारा गर्ने अदालतबाट सुरूमा नै निरूपण हुनुपर्ने; सो सम्बन्धमा सम्बन्धित पक्षले पछि प्रश्न उठाउन नपाउने; सोको तत्काल निक्यौंल नगरिएमा हदम्यादका सम्बन्धमा विभिन्न अदालतबाट फरक-फरक दृष्टिकोण बन्न सक्ने हुँदा एकरूपताका लागि आवश्यक निकासा हुनु पर्ने;

ख. बन्दाबन्दी खुलेपछि दश दिनभित्र यस अवधिका पेसी, तारिखमा आउने व्यक्ति, मुद्दा दर्तालगायतका काम-कारबाहीमा अदालतमा आउने पक्ष, सरोकारवालालगायतको सङ्ख्या सर्वोच्च अदालत तथा कार्यबोझ बढी भएका अदालतहरूमा अत्यधिक हुने भई सङ्क्रमणको जोखिम रहने खतरा हुने हुँदा तत्सम्बन्धमा आवश्यक निकासा हुनु पर्ने;

ग. मुलुकी फौजदारी कार्यविधि संहिता, मुलुकी देवानी कार्यविधि संहिता, विशेष अदालत ऐन, संक्षिप्त कार्यविधि ऐन तथा अदालतका नियमावलीहरूमा गुज्रिएको म्याद तारिख थाम्ने सम्बन्धमा एकरूपता नभई विविधता रहेको हुँदा उत्पन्न वर्तमान महामारीको सन्दर्भमा प्रयोगमा स्पष्टता कायम हुनु पर्ने;

घ. एकै पटक नेपाल राज्यभर बन्दाबन्दी नखुली आंशिक वा क्षेत्रगतरूपमा खुलेको अवस्थामा सबैतिर सार्वजनिक यातायातको साधन सुचारू नहुने हुँदा यस्तोमा हदम्याद र म्याद तारिखको गणना कसरी गर्ने भन्ने सम्बन्धमा निकासा हुनु पर्ने;

ङ. विभिन्न कानूनमा भएका म्याद तारिख थाम्ने अवधिसम्बन्धी व्यवस्था पनि बन्दाबन्दी आंशिक खुलेको अवस्थामा अपर्याप्त हुन सक्ने भएबाट सो सम्बन्धमा निकासा हुनु पर्ने;

च. काबुभन्दा बाहिरको परिस्थिति परी गुज्रेको म्याद तारिख थाम्ने सम्बन्धमा काबुबाहिरको परिस्थिति

परेको प्रमाणसहित निवेदन दिनुपर्ने कानूनी व्यवस्था रहेको, यसबाट पक्षलाई अनावश्यक झन्झट हुने तथा महामारीको अवस्थामा अदालतहरूमा भिडभाड थप बढ्न जाने भएकाले सो सम्बन्धमा निकासा हुनु पर्ने;

छ. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८(२) मा "सजाय निर्धारण गर्दा कसुरदार ठहरिएको तीस दिनभित्र निर्धारण गरिसक्नुपर्ने छ" भन्ने व्यवस्था रहेको, बन्दाबन्दीको अवस्थामा सो सेवा स्थगित रहेकोले सो सम्बन्धमा आवश्यक निकासा हुनु पर्ने;

ज. लामो समय भएको बन्दाबन्दीका कारण अदालतको फैसला कार्यान्वयनका क्रममा दिइने निवेदनहरू (फैसला कार्यान्वयनको निवेदन, फौजदारी मुद्दामा फैसलाले लागेको कैद तथा जरिवाना छुटको निवेदनलगायत) मा म्याद गुज्रन जाने अवस्था रहेकाले त्यस्ता विषयहरूसमेतका सन्दर्भमा द्विविधा पर्न सक्ने भएबाट स्पष्ट निकासा हुनुपर्ने।

यस अदालतको प्रारम्भिक आदेश

७. प्रस्तुत प्रतिवेदनमा उल्लिखित मुद्दामा समावेश हुने वा भएको कानूनी प्रश्नको जटिलता र महत्त्वको विचार गरी प्रस्तुत प्रतिवेदन बृहत् पूर्ण इजलासमा पेस हुन आवश्यक देखिएको हुँदा सो प्रयोजनार्थ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ को उपनियम (२) को देहाय (च) बमोजिम सम्माननीय प्रधानन्यायाधीशज्यूसमक्ष पेस गर्नू, साथै विषयवस्तुको गाम्भीर्य, महत्त्व तथा समावेश भएका कानूनी प्रश्नलाई विचार गर्दा अदालतको सहयोगीको रूपमा महान्यायाधिवक्ता, नेपाल बार एसोसिएसन तथा सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्षहरूलाई तीन दिनभित्र लिखित बहसनोट इमेलमार्फत पठाई एक / एकजना प्रतिनिधिसमेत उपस्थित हुन लेखी पठाई आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७७/१/२४ को यस अदालत, संयुक्त इजलासको आदेश।

विद्वान् महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलबाट प्रस्तुत लिखित बहस-नोटको संक्षिप्त बेहोरा

८. सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण बैठकको निर्णयका आधारमा लकडाउन खुलेको १० दिनभित्र मुद्दा दर्ता गर्न सकिने अवस्था रहेपनि यसको कानूनी आधार कमजोर छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९क. ले प्रचलित कानूनबमोजिम हदम्याद तोकिएकोमा सोहीबमोजिम हुने व्यवस्था गरेको देखिन्छ। यसमा कुनै कारण हदम्याद गुज्रन गएमा थप हुनसक्ने परिकल्पना गरिएको देखिँदैन। सर्वोच्च अदालतको मिति २०७६/१२/२८ को पूर्ण बैठकको निर्णयअनुसार नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा २०७६ चैत्र २८ देखि अभियोगपत्र दर्ता गर्ने कार्य भइरहेको हुँदा त्यस्ता मुद्दाको हकमा हदम्यादको समस्या हुने अवस्था छैन। व्यक्तिवादी फौजदारी मुद्दाको हकमा बन्दाबन्दीपछि हदम्याद समाप्त हुने भएमा के गर्ने भन्ने प्रश्न छ। दफा ५९ को व्यवस्था हदम्यादको विषय नभई विशुद्ध म्यादको विषय भएकोले सो व्यवस्थाका आधारमा हदम्याद थप गर्ने कानूनी आधार देखिँदैन। बन्दाबन्दी खुलेको दिनमा मुद्दा दर्ता गर्न सकिने कुरासम्म कानूनसम्मत हुने देखिन्छ। कानूनी आधार बिना हदम्याद गुज्रन गएको फौजदारी मुद्दा दर्ता गर्न सकिने देखिँदैन। हदम्याद सम्बन्धमा ऐनले प्रस्ट गरेको अवस्थामा

व्याख्याद्वारा बढाउनेतर्फ सतर्क हुनुपर्ने देखिन्छ (ने.का.प. २०७०, अङ्क ४, नि.नं. ९००७)। वारदात भएको मितिले यति दिन भनेकोमा यो वा त्यो आधारमा हदम्याद बढाउन सकिने कुरा विचारणीय हुन्छ। सार्वजनिक बिदा परेकोमा वा यातायात नचलेको वा काबुबाहिरको परिस्थितिमा हदम्याद गुज्रन गएको अवस्थामा अड्डा खुलेको दिन मुद्दा दर्ता गर्न सकिने कानूनी व्यवस्था रहेको छ। सोही आधारमा मुद्दा दर्ता गर्न सकिने अवस्था देखिन्छ। अन्यथा कानूनमा परिवर्तन नगरी हदम्याद बढाउन सकिने अवस्था हुँदैन। राजु चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत (ने.का.प. २०७३, अङ्क २, नि.नं.९५४७) को मुद्दामा हदम्याद निर्धारण गर्दा कसरी र कति निर्धारण गर्ने भन्ने सम्बन्धमा अपराधको गाम्भीर्य, समसामयिक परिवेश, देशको सामाजिक तथा भौगोलिक अवस्था तथा अन्तर्राष्ट्रिय कानून र अभ्याससमेतलाई विचार गरिनुपर्ने हुन्छ। यो विषय विधायिकी विवेकको विषय भएकोले यति नै हदम्याद निर्धारण गर्नु उपयुक्त हुन्छ भनी अदालतले दिन किटान गरिदिन भने मिल्दैन भनी व्याख्या भएको छ।

९. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा काबुबाहिरको परिस्थितिका कारण हदम्याद गुज्रन गएकोमा थप हुन सक्ने व्यवस्था दफा २२५ मा छ। सो व्यवस्था फौजदारी मुद्दामा लागू हुन सक्ने देखिँदैन। मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३४ मा हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यस्तो बिदापछि अदालत खुलेको पहिलो दिन अदालतमा उपस्थित भएमा हदम्याद गुज्रेको मानिने छैन भन्ने व्यवस्था रहेको छ। बन्दाबन्दीको अवस्थालाई नेपाल सरकारले तोकेको सूचनाले सार्वजनिक बिदासरह मानेको अवस्था छ। बन्दाबन्दीपछि अदालत खुलेकोमा खुलेको दिन मुद्दा दर्ता गर्दा हदम्याद गुज्रने अवस्था हुँदैन। एकै दिन मुद्दा दर्ता गर्न नसकिने अवस्था भएमा कसरी व्यवस्था गर्ने भन्ने प्रश्न व्यवस्थापकीय विषय पनि हो। यसका लागि नियमावलीको उक्त व्यवस्था सर्वोच्च अदालतबाट संशोधन गरी वा प्रतिबन्धात्मक व्यवस्था थप गरी विशेष अवस्थामा (कोभिड १९ जस्ता महामारी) हदम्याद गुज्रन गएकोमा थाम्न सकिने यथोचित अवधि थप गर्न सकिने विकल्प प्रयोग गर्न सकिन्छ। यो विकल्प उपयुक्त र कानूनसम्मत हुने देखिन्छ।

१०. बन्दाबन्दी खुलेपछि बढी कार्यबोझ हुने अदालतमा व्यवस्थापन गर्ने विषय कानूनीभन्दा पनि व्यवस्थापकीय प्रश्न हो। सूचना प्रविधिको प्रयोगबाट म्याद तारिख थाम्न सकिन्छ, सेवाग्राहीलाई मुद्दाको प्रकृति वा मुद्दा नं. को आधारमा कुन दिन, कुन प्रकृतिका मुद्दाको म्याद तारिख थाम्न निवेदन गर्ने हो भन्ने अग्रिम जानकारी गराउने, दैनिक प्रदान गरिने सेवाको सङ्ख्या निर्धारण गर्ने, सङ्क्रमणको जोखिम कम गर्न अदालतमा स्वास्थ्य सुरक्षाका उपायहरू अपनाउने गर्न सकिन्छ।

११. कोभिड-१९ महामारीको अवस्थामा बन्दाबन्दी गरिएको र सार्वजनिक यातायात नचलेको हुँदा यसलाई काबुबाहिरको परिस्थिति मान्न सकिन्छ। मुद्दाका पक्षलाई बढी सहज हुने र सुविधा दिने गरी व्याख्या गर्नु कानूनसम्मत हुन्छ। क्षेत्रगत वा आंशिक रूपमा सार्वजनिक यातायात खुलेकोमा पक्षको सहजताअनुसार म्याद तारिख थाम्न सकिन्छ। कुनै जिल्ला पूरै खुलेको, कुनै जिल्लाको कुनै भाग मात्र खुलेको वा अर्को जिल्लाबाट आउनु पर्नेमा सो जिल्ला खुलेको तर मुद्दा दर्ता गर्नुपर्ने जिल्ला नखुलेको वा मुद्दा दर्ता गर्नुपर्ने जिल्ला खुलेको, तर बसोबास गरेको जिल्ला नखुलेको जस्ता अवस्थामा मुद्दाको पक्षलाई सहज हुने व्याख्या गर्नु उपयुक्त हुन्छ।

१२. कानूनमा काबुबाहिरको परिस्थिति उत्पन्न भएको प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ । यो सबै अवस्थामा लागू हुने निरपेक्ष व्यवस्था होइन । कोभिड-१९ महामारीका कारण बन्दाबन्दीको आदेश जारी भएको र सार्वजनिक यातायात सञ्चालनमा पूर्ण रोक लगाएको हुँदा मुद्दाका पक्षहरूका लागि यो काबुबाहिरको परिस्थितिको अवस्था हो। नेपाल राजपत्र, भाग ५, मिति २०७६।१२।९ मा बन्दाबन्दीको सूचना प्रकाशन भएको छ। यो न्यायिक जानकारीमा लिने विषय हो।

१३. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ को उपदफा (२) अनुसार कसुरदार ठहरिएको तीस दिनभित्र सजाय निर्धारण गरिसक्नु पर्ने प्रावधानअनुसार सजाय निर्धारणका लागि तारिख तोकिएको, तर बन्दाबन्दीको कारणबाट सजाय निर्धारण हुन नसकेको कुरालाई तारिख गुज्रेसरह मानेर बन्दाबन्दी खुली अदालत सुचारू भएपश्चात् अर्को सुनुवाइको तारिख तोकी सजाय निर्धारण गर्नु कानूनसम्मत् हुन्छ। पुनरावेदन, पुनरावलोकन र दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन, फैसला कार्यान्वयनका निवेदनहरू, सजाय वा जरिवाना छुटका निवेदनहरूमा पनि म्याद तारिख थामेर निकासा दिन सकिन्छ।

अदालतका सहयोगी (Amicus Curiae) को रूपमा नेपाल बार एसोसिएसनका तर्फबाट अध्यक्ष विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठबाट प्रस्तुत लिखित बहस-नोटका संक्षिप्त बेहोराः

१४. कोभिड–१९ सङ्क्रमण विश्वव्यापीरूपमा फैलिएको र विश्व स्वास्थ्य संगठनले नेपाललाई अत्यन्त जोखिमको सूचीमा राखेको छ। यस अवस्थामा अदालतहरूमा नियमित सेवा सञ्चालन गर्दा स्वाभाविकरूपमा मानवीय भिडभाड हुने भई रोग सङ्क्रमणको अधिक जोखिम बढ्न सक्ने कुरालाई महसुस गरी मिति २०७६।१२।४ मा नेपाल बार एसोसिएसनले अदालतमा लिखित ध्यानाकर्षण गराएको, मिति २०७६।१२।७ को अदालतको पूर्ण बैठकबाट भएको निर्णयबमोजिम वैयक्तिक स्वतन्त्रता र अति आवश्यकीय सेवाबाहेक मुद्दा, रिट तथा निवेदनहरूका पेसी, तारिख र सुनुवाइलगायतका नियमितरूपमा सञ्चालन हुने सबै सेवाहरू मिति २०७६।१२।९ देखि ऐ. २१ गतेसम्म बन्द गरिएको थियो। मिति २०७६।१२।९ मा नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (Lockdown) तथा अदालतको पूर्ण बैठकबाट भएका निर्णयहरूसमेतका आधारमा हालसम्म अदालतका नियमित सेवाहरू पूर्णरूपमा बन्द रहेको अवस्था छ। बन्दाबन्दी खुलेपछि नियमितरूपमा अदालतबाट सेवाग्राहीले पाउनुपर्ने कानूनी उपचारका लागि प्रचलित कानूनमा रहेका व्यवस्थाहरूको सकारात्मक व्याख्या गरी प्रतिवेदकको मागबमोजिम निकासा दिन, नियमावलीमा आवश्यक संशोधनसमेत गरी सेवा प्रवाहलाई सुरक्षित र व्यवस्थित गर्न निर्देशनात्मक आदेशसमेत जारी गर्न सकिने नेपाल बार एसोसिएसनको स्पष्ट धारणा रहेको छ।

१५. नोबल कोरोना (COVID-19) रोगको सङ्क्रमण सुरूमा छिमेकी मुलुक चीनमा जनवरी २२, २०२० मा देखिएकोमा सङ्क्रमण रोक्नका लागि २३ जनवरी, २०२० बाट बन्दाबन्दी (लकडाउन) सुरू गरेको ५९ दिनपछि मात्र खुकुलो पारिएको भए पनि हालसम्म थप नयाँ बिरामी देखिइरहेको छ। भारतमा कोरोना सङ्क्रमण फेब्रूअरी १५, २०२० मा देखिएको र अहिलेसम्म सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या निरन्तर बढिरहेको छ। नेपालमा माघ १० मा हवाइजहाजबाट आएका विद्यार्थीमा सङ्क्रमण भएको देखिएको थियो। अहिले सङ्क्रमणका बिरामीहरू बढ्दो अवस्थामा रहेका छन्। रोग परीक्षणका लागि आवश्यक

स्वास्थ्य उपकरणहरूको अभावले परीक्षण विस्तार हुन सकेको छैन, संक्रमितहरू सङ्ख्या बढेर जाने स्थिति छ। काम विशेषले एक ठाउँबाट अन्यत्र (विभिन्न जिल्ला र विदेशमा) गएका मानिसहरू बन्दाबन्दीको कारण आफ्नो ठाउँमा फर्किन सकिरहेका छैनन्। कतिपय बिचबाटोमा छन्, कोही Quarantine मा रहेका छन्, हवाइउडान नहुँदा कतिपय विदेशमै रहेका छन्। लकडाउनले करिब दुई महिना घरभित्र रहेका कारण काम र खाद्यान्नको अभावले कतिपय मानसिक तनावमा रहेका छन्। देशबाहिर गएका नेपाल फर्कन चाहने नेपालीहरू फर्कन पाइरहेका छैनन्। सरकारले अहिलेसम्म पनि देशभित्र फर्काई नल्याएको र जहाँ जुन देशमा रहेको हो त्यहीँ नै बस्न भनिएको छ। यो स्थितिमा, लकडाउन खुलिसकेपश्चात् पनि, घरभित्र रहेका मानिसहरूलाई मानसिक व्यवस्थापनकै लागि पनि समय लाग्न सक्ने स्थिति छ। सार्वजनिक यातायातका सवारी साधन पूर्णरूपमा सञ्चालनमा नआएसम्म भिडभाडका कारण आफ्नो घर-ठाउँमा पुग्न हप्तौं लाग्न सक्ने अवस्था छ। उद्योग व्यवसाय, पेसा रोजगारी एवम् आर्थिक स्थिति डरलाग्दो ढङ्गले गिर्ने अवस्था छ। बन्दाबन्दीको समाप्तिपछि पनि कोरोना सङ्क्रमणको भयबाट देशले मुक्ति पाउन लामो समय लाग्न सक्ने आँकलन भइरहेको छ। यस्ता महामारीसँग सम्बन्धित न्याय प्रशासनलगायतका नयाँ कानूनहरू निर्माण हुनु आवश्यक थियो। सरकारले सुरूमै संघीय संसद् चलिरहेको बेलामा संसद्बाटै संक्षिप्त कार्यविधि अपनाई यससम्बन्धी कानून निर्माण हुनुपर्दथ्यो, संसद्को बैठक अन्त्यपश्चात् पनि अध्यादेशमार्फत यसको सम्बोधन गर्न सकिन्थ्यो। अहिले संघीय संसद्को अधिवेशन चालु रहेको अवस्था हुँदा संक्षिप्त कार्यविधि अवलम्बन गरी कोभिड-१९ जस्ता महामारीसँग सम्बन्धित विषयमा आवश्यक छाता कानून (Umbrella Acts) तर्जुमा गर्नुपर्ने टड्कारो आवश्यकता छ। कदाचित तत्काल संसद्बाट कानून निर्माण वा संशोधन हुन सकेन भनेपनि सम्मानित अदालतबाटै न्याय प्रशासनमा देखिएका अडबडका विषयहरूमा विद्यमान संविधान र कानूनकै आधारमा न्यायोचित व्याख्या गरी निकासा दिन सकिन्छ र निकासा दिनु आवश्यक छ।

१६. लामो समय लकडाउनका कारण कतिपयको कानूनले तोकेको हदम्याद व्यतित भइसकेको स्थिति हुन सक्छ; कतिपय सेवाग्राहीहरू घरमा फर्किन नसकिरहेको, सबुद प्रमाण जुटाउन, अदालती दस्तुरको जोरजाम गर्न र अदालतमा पेस गरिने कागज तयारीका लागि कानून व्यवसायी मुकरर गर्न नसकेका जस्ता परिस्थितिहरू पनि हुन सक्दछन्। यस्तो स्थितिमा सेवा प्रवाह बन्द भएको मिति २०७६।१२।७ गतेदेखि लकडाउन हटाइएको अवस्थासम्मको अवधि हेर्दा सेवा प्रवाहका लागि १० दिनको समय पर्याप्त हुनसक्ने देखिँदैन। यसबाट महामारी अवधिको न्याय (Pandemic Period Justice) मा गम्भीर असर पुग्न सक्ने देखिन्छ। अदालतमा (विशेष गरी सर्वोच्च अदालतमा) महिनौंदेखि स्थगित रहेका मुद्दा दर्ता, हजारौं मुद्दाहरूको पेसी, म्याद, तारिख आदिको व्यवस्थापनमा कठिनाइ छ। हदम्याद, म्याद वा तारिखका लागि पहिले तोकिएको १० दिनको समयावधि अहिलेको अवस्थामा न्यायमा पहुँचका दृष्टिले बिलकुलै अपर्याप्त हुने देखिन्छ।

१७. हदम्यादको सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ को देहाय (क) देखि (च) सम्म हदम्याद नगुज्रने / थामिने अवस्थाहरू उल्लेख छ। उक्त संहिताको दफा ५८ (ग) मा "कुनै कारणले सार्वजनिक यातायात बन्द भएकोमा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्यादबाहेक पन्ध्र दिन" र दफा ५८(ङ) मा "विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्यादबाहेक दश

दिन" कानूनले तोकेको हदम्याद नगुज्रने व्यवस्था गरेको छ। दफा ५९ अनुसार विवादका पक्षले हदम्याद गुज्रिएको कुराको पुष्ट्याइँका लागि आवश्यक प्रमाणसहित निवेदन दिनुपर्ने र निवेदनसाथ प्रमाण पेस गर्न नसक्ने अवस्था देखाई निवेदन दिएमा पन्ध्र दिनमा नबढाई उपयुक्त ठहराएको म्याद दिनसक्ने व्यवस्था रहेको देखिन्छ। सो कानूनी व्यवस्थाअनुसार दफा ५८(ग) को अवस्थामा "बाटोको म्यादबाहेक पन्ध्र दिन" र दफा ५९(२) को अवस्थामा बढीमा पन्ध्र दिनसम्मको हदम्याद नगुज्रिने देखिएबाट सोअनुसार बढीमा ३० दिनसम्म हदम्याद विस्तार हुने गरी सुविधा प्रदान गर्न सकिने विधायिकी मनसाय रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा हदम्यादका विषयमा केही उल्लेख भएको देखिँदैन। महिनौंको लामो अवधिसम्म सर्वसाधारणले घरभित्र बस्नुपर्ने र बाहिर आवत-जावत गर्ने नहुने; उद्योग, व्यवसाय, कार्यालय, सार्वजनिक यातायात, हवाई यातायात ठप्प रहने गरी विश्वभर नै सङ्क्रमण फैलिन सक्ने कुराको आँकलन गरेर संहिताहरूमा ती विषय समेटिएको देखिँदैन। यो आँकलन गर्न सक्ने कुरा पनि होइन। म्याद वा तारिख गुज्रेको अवस्थामा केही दिन थमाउने सम्बन्धमा मुलुकी देवानी तथा फौजदारी दुवै संहिताहरूमा व्यवस्था रहेका छन्। लामो समयसम्म बन्दाबन्दी रहेको कारण न्यायको ढोका ढकढकाउन अदालत वा न्यायिक निकायसम्म पुग्न नसकेका व्यक्तिहरूलाई संविधान र कानूनले प्रत्याभूत गरेको न्यायिक तथा कानूनी उपचारको हकको प्रचलनमा सरल र सहज तरिकाले अदालत प्रवेश गर्न र पुर्पक्ष गर्न पाउने कुराको सुनिश्चितता हुने गरी कानूनको व्याख्याद्वारा उचित मार्ग प्रसस्त गर्नुपर्ने गहन जिम्मेवारी अहिले अदालतमा रहेको छ।

१८. न्यायसम्बन्धी हक व्यक्तिको नैसर्गिक हक हो। यो व्यक्तिको प्राकृतिक हक पनि हो। यो हकलाई नेपालको संविधानले समेत मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। स्वच्छ सुनुवाइको आधारमा स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट न्यायिक उपचार प्राप्त गर्न पाउने हकबाट कुनै पनि व्यक्ति वञ्चित नहुने गरी कानूनको व्याख्या हुनुपर्दछ। संविधानको धारा १२६ ले नेपालको न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायाधिकरणहरूबाट प्रयोग गरिने व्यवस्था गरेको छ। धारा १२८ मा संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा निहित रहेको कुरा उल्लेख छ। धारा १३३(२) ले संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए तापनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ। संविधानको धारा २० द्वारा प्रदत्त न्यायसम्बन्धी हक, न्यायमा सहज पहुँचका लागि सर्वोच्च अदालतबाट गम्भीर भएर सही दिशा निर्देश गर्नुपर्ने टड्कारो आवश्यक देखिएको छ।

१९. कोरोना भाइरसको महामारीसम्बन्धी विपद् व्यवस्थापनका लागि सेवा प्रवाह बन्द भएको, सार्वजनिक यातायातका साधन सञ्चालन नभएको; महामारीको स्थिति कामय रहेको; मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ ले उक्त संहिताको कार्यान्वयन गर्दा अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा सर्वोच्च अदालतको पूर्ण बैठकले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न

सक्ने व्यवस्था गरेको; तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७४ को नियम ९९ मा "ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी अदालत आफैँले व्यवस्थित गर्न सक्ने छ" भनी उल्लेख भएको; महामारीको वर्तमान समयमा केबल बन्दाबन्दी खुलेको भन्ने सूचनालाई मात्र पूर्णरूपले विपद् समाप्त भएको भन्ने निष्कर्ष निकाल्न नसकिने भएको हुँदा कसैको पनि न्याय प्राप्तिको मार्ग अवरूद्ध नहुने र न्यायमा सहज पहुँच कायम हुने गरी कानूनको बृहत् व्याख्याद्वारा निकासा हुन आवश्यक छ । प्रचलित कानूनमा रहेको "विपद्" शब्दको विस्तारित व्याख्या गरिनुपर्दछ ।

२०. महामारीको अवस्था कहिलेसम्म रहन्छ भन्ने कुनै निश्चित छैन । सरकारले घोषणा गरेको बन्दाबन्दीको समाप्तिपछि पनि तत्काल विपद्को अवस्था समाप्त भइहाल्ने देखिँदैन । विपद्को अवस्था सामान्य नभएसम्म बन्दाबन्दीको अवधि समाप्त भएकै मितिबाट १० दिनभित्र बन्दाबन्दीको कारण देशभित्र र देशबाहिर रहेका सेवाग्राहीहरू अदालतमा उपस्थित हुन सक्ने अवस्था छैन । मुद्दाको चाप भएका अदालत वा न्यायिक निकायहरूले सोही समय सीमाभित्र सहजरूपमा सेवा प्रवाह गर्न सक्ने सम्भावना पनि छैन । म्याद तारिखमा उपस्थित हुनुपर्ने वा मुद्दा, उजुरी, निवेदन दायर गर्नुपर्ने व्यक्ति स्वयं क्वारेन्टाइन वा आइसोलेसनमा बस्नुपरेको पनि हुन सक्दछ । त्यस्ता व्यक्तिको कानूनी उपचारको हक अवरूद्ध नहुने गरी व्याख्या हुनुपर्दछ ।

२१. नागरिकको कानूनी उपचारको मार्ग नै अवरूद्ध हुने गरी कानूनको व्याख्या हुन सक्दैन । कोभिड-१९ महामारीको जोखिमबाट न्यायाधीश, कानून व्यवसायी, अदालतका कर्मचारी र सेवाग्राहीसमेतलाई जोगाउने पवित्र उद्देश्यबाट सेवा प्रवाह बन्द गरिएको हो । न्यायको अपेक्षा लिएर अदालतमा प्रवेश गरिसकेका वा प्रवेश गर्न चाहने व्यक्तिहरू उपचारविहीन हुन हुँदैन । बन्दाबन्दी खोलेको अवस्थामा विदेश वा स्वदेशको अन्यत्र स्थानमा रहेकाहरूलाई घरमा फर्कन समय लाग्ने अवस्था भएको; रोजगारी, खाद्यान्नको जोहो गर्नुपर्ने मानसिक तनावबाट मुक्ति पाउन समय आवश्यक पर्ने भएको हुँदा मुलुकी देवानी कार्यविधि संहिताको दफा २८७ र नेपालको संविधानको धारा १२८, धारा १३३(२) को अधिकार प्रयोग गरी देहायबमोजिम हुने गरी बाधा अडकाउ फुकाइनुपर्दछः

क. देशभर सम्पूर्णरूपमा बन्दाबन्दी (Lockdown) खुला भएको, देशभरका सम्पूर्ण क्षेत्रमा सार्वजनिक यातायातका साधन एवम अन्तर्राष्ट्रिय / राष्ट्रिय हवाई उडान सञ्चालन भएको र नेपाल सरकारबाट कोरोना सङ्क्रमणको जोखिमबाट राष्ट्र मुक्त भएको घोषणा भएको अवस्थालाई हदम्याद, म्याद वा तारिखको प्रयोजनका लागि "लकडाउन खुलेको मिति" भनी परिभाषित गरिनुपर्दछ;

ख. लामो समयको बन्दाबन्दीका कारण मानिसहरूमा महामारीको डरत्रास रहिरहने भएको, फिरादपत्र दायर गर्दा अदालतमा पेस गर्ने लिखत प्रमाण जुटाउन, तयार गर्न समय लाग्ने भएको हुँदा पनि १० दिनभित्र मुद्दा दायर गर्न सकिने अवस्था देखिँदैन । तसर्थ, "सेवा-प्रवाह बन्द भएको अवधि" लाई "महामारी-अवधि" कायम गरी बन्दाबन्दी पूर्णरूपमा खुलेको मितिबाट पक्षको निवेदनबिना नै ३० दिनभित्र उजुरी निवेदन, फिरादपत्र दर्ता गर्न ल्याएमा हदम्याद गुज्रेको नमानिने गरी बाधा अड्काउ फुकाउनु उपयुक्त हुन्छ;

ग. फौजदारी मुद्दा मामिलाहरूमा काबुबाहिरको परिस्थिति पर्दा हदम्याद नगुज्रने व्यवस्था कानूनमा नरहेको भन्ने सन्दर्भ उठेको छ । विपद्को कारण न्यायिक उपचारको मार्ग समाप्त भएको भनी व्याख्या गर्दा नेपालको संविधानको धारा २० ले प्रत्याभूत गरिएको न्यायको हक नै समाप्त हुन जान्छ । विधायिकाले कानून निर्माण गर्दा कुनै विपद् परेको कारणबाट न्यायिक उपचारको लागि अदालत प्रवेश गर्ने मार्ग समाप्त हुन्छ भन्ने कुराको परिकल्पना गरेर फौजदारी विवादमा हदम्याद थाम्ने व्यवस्था संहितामा समावेश नगरेको होला भन्ने सम्झन मिल्दैन । महा-विपत्तिको विशेष परिस्थितिमा अदालतको सेवा प्रवाह बन्द भएको कारणबाट व्यक्तिका कानूनी उपचारको मार्ग अवरूद्ध गर्ने विधायिकाको मनसाय होइन । कार्यविधि कानूनमा भएको रिक्तालाई अदालतबाट हुने व्याख्याले पूर्णता दिन सकिन्छ । सबै प्रकारका मुद्दामा काबुबाहिरको अवस्थामा हदम्याद, म्याद र तारिख नगुज्रिने गरी कानूनको व्याख्या गरिनु उपयुक्त हुन्छ । अन्यथा व्यक्तिको न्याय प्राप्त गर्ने हक नै समाप्त हुन जान्छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ ले उक्त संहिताको कार्यान्वयन गर्दा अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा सर्वोच्च अदालतको पूर्ण बैठकले त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था गरेको र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७४ को नियम ९९ मा "ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी अदालत आफैँले व्यवस्थित गर्न सक्ने छ" भनी उल्लेख भएको हुँदा सेवा-प्रवाह नभएको अवधिभरको हदम्याद, म्याद र तारिख नगुज्रेसरह मानी “उदार तथा समन्वित” (Beneficial & harmonious Construction) सिद्धान्तको आधारमा देवानी मुद्दासरह फौजदारी मुद्दामा पनि गुज्रेको हदम्याद थाम्न पाउने व्यवस्था सुनिश्चित गरिनुपर्दछ । देवानी मुद्दामा गुज्रेको हदम्याद थाम्न मिल्ने व्यवस्था गर्ने, फौजदारी मुद्दामा त्यस किसिमको व्यवस्था नराख्नुको कुनै तर्कसङ्गत आधार (Rationale) देखिँदैन । तसर्थ देवानी मुद्दासरह नै फौजदारी मुद्दाको हकमा पनि हदम्याद नगुज्रिने व्यवस्था गरिनु युक्तिसङ्गत हुन्छ ।

घ. कोभिड-१९ महामारी सम्बन्धमा सर्वोच्च अदालत पूर्ण बैठकबाट भएको निर्णय र सोपश्चात् नेपाल सरकारले गरेको बन्दाबन्दीको घोषणा (२०७६।१२।९ को नेपाल राजपत्रमा प्रकाशित) भएको कुरालाई प्रमाण ऐन, २०३१ को दफा ५ बमोजिम अदालतले स्वतः जानकारीमा लिन सक्ने भएकोले उक्त बेहोरा जनाई उपस्थित हुन आएका पक्षहरूबाट अरू कुनै प्रमाण वा निवेदन नलिई मुद्दा दर्ता गर्न, तारिख दिन वा न्यायिक सेवा-प्रवाह गराउनमा कुनै बाधा अड्चन पर्दैन ।

२२. बन्दाबन्दी खुलेपछि केही समयसम्म अदालतमा सेवाग्राहीहरूको भीड स्वाभाविक हुने भएकोले सो अवस्थामा अदालतका अन्य सेवाहरूमा न्यूनता ल्याई यथासम्भव थप स्थानको प्रबन्ध गरी भएको जनशक्तिलाई सुरक्षित तवरले अधिक रूपमा यसैमा मात्र केन्द्रित हुने गरी सुरक्षाका अन्य आवश्यक प्रबन्धसहित आलोपालो सेवा प्रवाह गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

२३. विपद् परेका कारणले हदम्याद, म्याद र तारिख थाम्नेसम्बन्धी व्यवस्था मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा मात्र रहेको र विशेष अदालत ऐन, २०५९ एवम् संक्षिप्त कार्यविधि ऐन, २०२८ र अदालतसम्बन्धी नियमावलीलगायतमा अन्यथा उल्लेख नभएको

अवस्थामा ती मुद्दाहरूमा पनि मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहितामा भएको व्यवस्था लागू हुने कुरामा कुनै सन्देह छैन । अन्य कानूनमा उल्लेख नभएको कार्यविधिको सम्बन्धमा यसै ऐनमा लेखिएको कार्यविधि लागू हुने भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३ को उपदफा (२) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३ को उपदफा (२) मा स्पष्ट रूपमा उल्लेख छ । विशेष अदालत ऐन, २०५९ को दफा १२ एवम् संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८(१) को खण्ड (ख) मा समेत उक्त ऐनमा उल्लेख नभएको कुरामा मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहिता लागू हुने भनी उल्लेख भएकोले पनि वर्तमान विपद्को अवस्थालाई उपर्युक्तबमोजिमको कानून र बाधा अडकाउ फुकाउने आदेश निर्देशनबमोजिमकै कार्यविधि लागू हुने व्यवस्था हुनुपर्ने देखिन्छ। अदालतको फैसला कार्यान्वयनसँग सम्बन्धित निवेदनका हकमा पनि माथि उल्लिखित हदम्याद, म्याद र तारिख नगुज्रिने व्यवस्थासरह व्याख्या गर्नुपर्दछ ।

२४. कुनै प्रदेशमा बन्दाबन्दी नखुलेको र यातायातका साधन सुचारू नभएको कुरा नेपाल सरकार वा प्रदेश सरकार र स्थानीय सरकारको सूचनामा नै उल्लेख हुने भएकोले सो कुरालाई न्यायिक जानकारीको रूपमा लिएर नेपाल राज्यमा पूर्णरूपमा बन्दाबन्दी समाप्त भई सम्पूर्ण यातायातसमेत सुचारू भएको मितिदेखि मात्र उपर्युक्तबमोजिमको सिद्धान्त लागू हुने गरी सम्पूर्ण अदालत र न्यायिक निकायहरूमा हदम्याद वा म्याद तारिख नगुज्रिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२५. बन्दाबन्दी आंशिक खुलेको आधारमा मात्र अदालतको सम्पूर्ण नियमित काम कारबाही सुचारू गर्नु उपयुक्त हुँदैन । यस्तो अवस्थामा रिट, बन्दी तथा थुनुवासम्बन्धी मुद्दाहरू मात्र सुनुवाइ गर्ने व्यवस्था गरी पूर्णरूपमा बन्दाबन्दी नखुलेको क्षेत्रमा वा तत् क्षेत्रमा बसोबास रहेको पक्षहरूको हकमा उपर्युक्तअनुसार बन्दाबन्दी नखुलेसम्म हदम्याद, म्याद र तारिख नगुज्रिने गरी उपर्युक्तबमोजिमको सिद्धान्तअनुरूप संहिताहरूमा रहेको व्यवस्थाहरूको व्याख्या गरिनुपर्दछ ।

२६. विपद्को कारणबाट अदालतको काम कारबाही सूचारू हुन नसकेको हुँदा तोकिएको अवधिमा सम्पन्न हुन नसकेको कामलाई पूर्णता दिनु गैरकानूनी हुँदैन । बन्दाबन्दी खुलेको मितिबाट ३० दिनभित्र सजाय निर्धारण गर्नको निमित्त पेसी तारिख तोक्ने व्यवस्था मिलाउन निर्देशन दिने गरी व्याख्या गरिनु उपयुक्त हुन्छ ।

२७. बन्दाबन्दी कायम रहेको अवस्थामा हदम्याद बाँकी नै रही बन्दाबन्दी खुल्नासाथ त्यस्तो हदम्याद वा म्याद समाप्त हुने अवस्थालाई माथि उल्लिखित देवानी तथा फौजदारी कार्यविधि संहिताको व्याख्या गरेको आधारमा मात्र न्यायमा पहुँचको सुनिश्चितता हुन सक्दैन । लामो समय घरबाट बाहिर निस्कन नपाएका व्यक्तिहरूले १/२ दिन वा केही दिनमा फिरादपत्र, प्रतिउत्तरपत्र पेस गर्न, प्रमाण जुटाउन र कानून व्यवसायीसँग सम्पर्क गरी लिखतहरू तयार गर्न सम्भव हुँदैन । उदाहरणको लागि जेठ ५ गते बन्दाबन्दी खुले पनि जेठ ६ वा ७ गते कानूनले तोकेको हदम्याद वा म्याद समाप्त हुने व्यक्तिले तत्कालै उल्लिखित कागजातहरू तयार गरी आफ्नो कानूनी उपचार अवलम्बन गर्न सम्भव हुन नसक्ने भएकोले यस्तो गम्भीर विषयवस्तुलाई सम्बोधन गरी न्यायमा पहुँचको सुनिश्चितता प्रदान गर्न बन्दाबन्दी रहेको समयावधिलाई शून्य दिन मानी बन्दाबन्दी खुलेको दिनबाट ३० दिनभित्र आएमा हदम्याद वा म्याद तारिख गुज्रेको नमानिने सुनिश्चित गरी निकासा दिनु आवश्यक देखिन्छ ।

२८. अतः कानून निर्माताले अहिलेको महामारी जस्ता विषम परिस्थितिको परिकल्पना गरी कानून निर्माण गरेको नभए पनि नेपालको संविधानको धारा १२६, १२८ र १३३(२) र कानून तथा न्यायका मान्य सिद्धान्तसमेतको आधारमा अदालतको काम-कारबाही व्यवस्थित गरी सेवाग्राही, अदालतका प्रयोगकर्तालगायतका नेपाली नागरिकहरूले न्यायिक उपचारबाट वञ्चित हुन नपर्ने गरी कानूनको उदार, न्यायोचित र सकारात्मक व्याख्या गर्नुपर्दछ र मुद्दा तथा रिट महाशाखाको प्रतिवेदनउपर आवश्यक निकासा दिइनुपर्दछ।

अदालतका सहयोगी (Amicus Curiae) को रूपमा सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष विद्वान् वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारीबाट प्रस्तुत लिखित बहस-नोटको संक्षिप्त बेहोरा:

२९. नेपालको संविधानको धारा २७३ को उपधारा (१) ले प्राकृतिक विपद् वा महामारीको परिकल्पना गरेको भए तापनि अदालत एवम् न्याय प्रशासनसँग सम्बद्ध फौजदारी एवं देवानी कानूनमा महामारीको अवस्थालाई सम्बोधन गरेको देखिँदैन। बन्दाबन्दीको कारणबाट स्थगन हुन पुगेका न्यायिक तथा अर्धन्यायिक काम कारबाहीलाई मुद्दा मामिलासम्बन्धी प्रयोजनका लागि बन्द भएकोसरह मानी पूर्णरूपमा बन्दाबन्दी खुलेका मितिदेखि लागू हुने गरी १ महिनाभित्र आएमा हदम्याद, म्याद र तारिख थामी मुद्दा मामिला दर्ता र अन्य कारबाही हुन सक्ने गरी तत्कालका लागि आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ। हाल भइरहेको कानूनी व्यवस्थाका आधारमा महामारीबाट उत्पन्न परिस्थितिको न्यायिक व्यवस्थापन हुन सक्ने देखिँदैन। भारतको सर्वोच्च अदालतले हदम्याद सम्बन्धमा संविधानको धारा १४१ र १४२ प्रयोग गरी न्यायका लागि वर्तमान महामारीका सन्दर्भमा हदम्यादसम्बन्धी प्रबन्ध गरेको छ। नेपालको सर्वोच्च अदालतबाट पनि नेपालको संविधानको धारा १२६, १२८ र १३३ समेतका रोहमा उपयुक्त आदेश जारी भई हदम्याद, म्याद, तारिख एवं मुद्दाको सुनुवाइ र सजाय निर्धारणसम्बन्धी अन्तरिम व्यवस्थापन गर्नु समय-सान्दर्भिक देखिन्छ।

३०. कोभिड-१९ को महामारीबाट देशभित्र बन्दाबन्दीको अवस्था छ। अन्य राष्ट्रहरूले गरेको बन्दाबन्दी एवं नेपालतर्फ आउने वायुसेवालगायतका यातायात सेवाहरू स्थगित गरेका कारणले मुद्दाका पक्षका रूपमा रहेका विदेशी र नेपाली नागरिकहरूसमेत नेपालमा आउन सकेका छैनन्। तत्काल नेपालमा बन्दाबन्दी खुलेकै अवस्थामा पनि नेपालमा तत्काल आउन सक्ने अवस्था छैन। अन्य मुलुकहरूले कोभिड-१९ को महामारीको कारण गरिएको बन्दाबन्दीको कारणबाट आफ्ना देशको आर्थिक, सामाजिक, जन-जीविकाको क्षेत्रमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्न क्षेत्रगतरूपमा बन्दाबन्दीलाई क्रमशः खुल्ला गर्दै जाने निर्णय गरेका छन्। नेपाल सरकारले मिति २०७७।१।२३ गतेको मन्त्रिपरिषद्को बैठकबाट नेपालमा बन्दाबन्दीलाई विषयगत आधारमा खुल्ला गरेको छ। नेपालमा पनि आवश्यकताको आधारमा बन्दाबन्दीलाई क्षेत्रगतरूपमा केही भूभाग खुल्ला गर्ने एवं केही भू-भाग पूर्णरूपले बन्द गरिएको अवस्थामा बन्द गरिएको क्षेत्रका मानिसहरूको आवागमनमा पूर्णरूपले निषेध गरिने हुँदा ती मानिसहरूले सहज प्रक्रियाबाट अदालतमा आई हदम्याद, म्याद तारिख थाम्न थमाउन नसक्ने स्पष्ट छ। यसबाट विदेशमा बन्दाबन्दीको कारण नेपाल आउन नसकेका व्यक्तिहरू एवं देशभित्रकै बन्दाबन्दीको कारण हाजिर हुन नसकेको व्यक्तिहरूका सम्बन्धमा समेत छुट्टै विशेष प्रबन्ध हुनुपर्दछ। नेपालको संविधानको धारा १२६, १२८ र १३३ ले नेपालको न्याय

व्यवस्थापनका लागि नेपालको सर्वोच्च अदालतलाई अख्तियारी दिएको हुँदा यही संवैधानिक जिम्मेवारी र सीमाका आधारमा अहिलेको महामारीबाट उत्पन्न परिस्थितिको व्यवस्थापनका लागि न्यायिक सक्रियता अपनाउनुपर्दछ।

३१. लम्बिएको लकडाउन, कार्यबोझ र मानव स्वास्थ्यसमेतलाई ध्यानमा राखी कम्तीमा एक महिनाको म्याद कायम गर्न हुन उपयुक्त हुन्छ। देशैभर बन्दाबन्दी पूर्णरूपले अन्त्य भएको अवस्थामा मात्र म्याद गणना हुने गरी व्यवस्था गरिनुपर्दछ। नेपालमा बन्दाबन्दी खुला भए पनि अन्य राष्ट्रमा बन्दाबन्दी कायमै रहेको वा बन्दाबन्दी नरहे पनि हवाइजहाजलगायतका यातायातका साधनहरू चल्न नसकी नेपाल आउन नसक्ने एवं प्रचलित नेपाल कानूनबमोजिम रीतपूर्वक वारेस अख्तियारनामासमेत लिन, दिन नसक्ने अवस्थाको सम्भावना देखिन्छ। यस्तो अवस्थामा विदेशमा रहेका व्यक्तिहरू (नेपाली नागरिक तथा विदेशीहरूसमेत) ले नेपालको अदालत तथा न्यायिक निकायहरूबाट सेवा लिइरहेका वा लिन चाहनेको हकमा ती देशको बन्दाबन्दी समाप्त भई नेपालमा आउने अवस्था भएपछि मात्र हदम्याद, म्यादको गणना गर्ने व्यवस्था गर्नुपर्दछ।

३२. नेपालको प्रचलित कानूनबमोजिम धेरै मुद्दाहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालय, भन्सार कार्यालय, आन्तरिक राजस्व विभाग, सम्पत्ति शुद्धीकरण विभाग, गाउँपालिका, नगरपालिका जस्ता अर्धन्यायिक निकायहरूमा उठान/दर्ता हुने र कोभिड-१९ को महामारीका कारण नेपालका अदालत र न्यायिक निकायहरूमा समेत हदम्याद, म्याद र तारिख थाम्ने थमाउने कार्य गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा सो सम्बन्धमा समेत नेपालको संविधान धारा १२६, १२८ (२) (३), र धारा १३३(२), (३) बमोजिम निकासा दिइनुपर्दछ।

३३. कोभिड १९ रोगको हालसम्म पनि औषधि एवं खोप पत्ता लागी नसकेको र हालसम्मको कोभिड १९ महामारीको प्रकृतिको आधारमा भन्नुपर्दा यस महामारी जहिलेसुकै जुनसुकै बेला फैलन सक्ने र यसको रोकथामको लागि सरकारले पटकपटक बन्दाबन्दी गर्नसक्ने भएकाले हदम्याद, म्याद र तारिख थाम्ने थमाउनेसम्बन्धी यस अदालतबाट जारी हुने आदेशहरू भविष्यमा समेत प्रभावी हुने गरी आदेश जारी गरिनुपर्दछ।

३४. अतः मिति २०७६ चैत ७ गतेसम्म नेपालका अड्डा अदालत खुल्ला रहेका र चैत्र ८ गते शनिबारदेखिका हदम्याद, म्याद र तारिख थमाउने प्रयोजनका लागि सर्वोच्च अदालतको व्यवस्थापनभित्रका सबै अड्डा अदालतहरू सर्वोच्च अदालतको मिति २०७६।१२।७ को निर्णयले पूर्णरूपमा बन्द रहेको अवस्था हुँदा गुज्रेको हदम्याद, म्याद र तारिख, मुलुकभर लकडाउनको अन्त्य भई परिस्थिति सहजीकरण भएको मितिले एक महिनाभित्र थामिने गरी आदेशद्वारा आवश्यक प्रबन्ध गरी न्यायिक व्यवस्था गर्न पर्ने देखिन्छ। साथै अदालत सम्बद्ध नियमावली सर्वोच्च अदालतले संशोधन गर्ने र नेपालको फौजदारी एवं देवानी कानूनहरूको हालको हदम्याद, म्याद र तारिखसम्बन्धी व्यवस्थालाई मिति २०७६।१२।८ देखि नै लागू हुने गरी भूतलक्षी असर दिई सोही आदेशसँग मिलान हुने गरी संशोधन गर्न नेपालको संघीय व्यपस्थापिका (संसद्), नेपाल सरकार मन्त्रिपरिषद् र नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसमेतका नाममा परमादेश वा निर्देशनात्मक आदेश जारी गर्नु उपयुक्त हुन्छ।

निवेदक टिकाराम भट्टराईसमेत भएको ०७६-WO-०९४४ को रिट निवेदनको संक्षिप्त बेहोरा

३५. विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले महामारीको रूप ग्रहण गरेपछि नेपाल सरकारले नेपालमा पनि मिति २०७६।१२।११ देखि बन्दाबन्दी (लकडाउन) को घोषणा गरेको छ। यसरी बन्दाबन्दीको घोषणा भएका कारणले अदालतको काम कारबाहीसमेत प्रभावित हुन गएको छ। यसबाट उत्पन्न असहज परिस्थितिले देशभरका संविधानको धारा १२७ बमोजिम स्थापित सबै न्यायिक निकायहरू, संविधानको धारा १५२ बमोजिम स्थापित विशेष अदालत र न्यायाधिकरणमा विचाराधीन मुद्दामा संलग्न पक्षहरू वा ती अदालतमा उपचार खोज्ने क्रममा रहेका न्यायका याचकहरू वा सबै प्रकारका तारिख, सूचना, म्याद, हदम्याद प्राप्त गर्नुपर्ने पक्षहरू वा तिनलाई म्याद, सूचना र तारिख तोक्ने कर्तव्य भएका न्याय प्रशासनमा कार्यरत कर्मचारीहरू, पक्षको तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीहरूसमेतले प्रचलित कानूनले तोकिदिएका कर्तव्य वा अधिकार पालना गर्न वा प्रयोग गर्न वञ्चित भएको अवस्था छ। मुद्दाका पक्षहरूको म्याद वा हदम्याद गुज्रिएको, गुज्रने क्रममा रहेको र महामारीको अन्त्यको कुनै निश्चिततासमेत छैन। यसबाट म्याद, हदम्याद, तारिख वा सूचनाको अवधि निरन्तर प्रभावित हुने देखिएकोले यस सम्बन्धमा सम्मानित अदालतबाटै उपयुक्त न्यायिक निकास हुनु अनिवार्य भएको र यस सम्बन्धमा अन्य कुनै वैकल्पिक उपचारको हकसमेत नभएकाले नागरिकको मौलिक, कानूनी र संवैधानिक हकको निर्वाध प्रयोग, प्रचलन र अभ्यासका लागि नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम देहायबमोजिमको आदेश वा अन्य उपयुक्त आदेश जारी गरी पाउन अनुरोध गर्दछौं भन्नेसमेत बेहोराको रिट निवेदनः

क. प्रचलित कानूनले तोकेका म्याद, हदम्याद, तारिख र सूचनाको अवधि अर्को व्यवस्था नभएसम्मको लागि वा नेपाल सरकारले महामारीको अन्त्य भएको औपचारिक घोषणा गरेको १५ दिनसम्मका लागि नगुज्रने व्यवस्था हुन र सो अवधिमा पनि पक्षहरू आउन सक्ने भए उपस्थित पक्षलाई स्वयम् अदालतमा उपस्थित भई वा आफ्नो पायक पर्ने नजिकको कुनै पनि अदालतमा गई विद्युतीय प्रविधिद्वारा तारिख लिन पाउने व्यवस्था गर्न;

ख. मौलिक हकसँग जोडिएका निवेदनहरूको दर्ता र सुनुवाइ, लिखित जवाफ पेस गर्ने म्याद वा थमाउने म्यादका सम्बन्धमा हाल प्रचलित कानूनी व्यवस्थाको सट्टा छोटो विधि र प्रक्रियाको अर्कै अन्तरिम कानूनी व्यवस्था गर्न गराउन;

ग. महामारीको कारणले साधारण अवस्थाको पेसी व्यवस्थापन र मुद्दाको सुनुवाइसँग सम्बन्धित व्यवस्था यथा-अवस्थामा सुचारू हुन नसक्ने, तर अर्कोतर्फ यही अवधिमा पनि नागरिकका मौलिक हक तथा कानूनी हकको संरक्षण गर्ने दायित्वबाट न्यायपालिका विमुख हुन नसक्ने भएकोले नेपाल बार एसोसिएसनसमेतको परामर्शमा मुद्दाको सुनुवाइ, पेसीको व्यवस्थापन, कार्यस्थलको सुरक्षा गर्नका लागि उचित प्रबन्ध मिलाई मुद्दाको दर्ता र सुनुवाइका लागि अन्तरिम व्यवस्थाको प्रबन्ध गर्न गराउन;

घ. पक्षको तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायी वा तारिखमा रहने वारेस र अदालतमा कार्यरत जनशक्तिलाई बन्दाबन्दीको अवधिमा पनि सम्बन्धित अदालत र सम्बन्धित बार एकाइले उपलब्ध गराएको अनुमति वा पासको आधारमा आवत-जावतमा रोक नहुने व्यवस्था गर्न सर्वोच्च अदालतको

मुख्य रजिस्ट्रारमार्फत सम्बन्धित सुरक्षा निकायमा पत्राचार गरी सो व्यवस्था कार्यन्वयन गर्न गराउन;

ङ. कानून बनाउने एकलौटी अधिकार व्यवस्थापिकाको भएकोले यस सम्बन्धमा सर्वोच्च अदालतसमेतको परामर्शमा निश्चित अवधिपश्चात् स्वतः निष्क्रिय हुने प्रकृतिको (sun set) कानून बनाउन कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेतलाई यो निवेदनको सुनुवाइबाट अदालतले गर्ने आदेशको प्रतिलिपि पठाउने व्यवस्थासमेत गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक अधिवक्ता टिकाराम भट्टराईसमेतको यस अदालतमा मिति २०७७/०१/२८ मा पर्न आएको ०७६-WO-०९४४ को निवेदन।

३६. यसमा ०७६-RE-०३९२ को प्रतिवेदनसमेत साथै राख्नु भनी रिट नम्बर ०७६-WO-०९४४ को निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७७।१।२९ मा भएको आदेश।

आदेश खण्ड

३७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत प्रतिवेदन तथा रिट निवेदनसमेतको अध्ययन गरियो। मिति २०७७/०२/०५ गते गरिएको सुनुवाइको क्रममा "अदालतका सहयोगी" (*Amicus Curiae*) को रूपमा उपस्थित नेपाल बार एसोसिएसनका अध्यक्ष विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले गर्नुभएको बहस जिकिर सुनियो। उहाँले बन्दाबन्दीको अवस्था हटेपछि हदम्याद, म्याद, तारिख, सजाय निर्धारणसमेतका कुरामा कानूनी जटिलता र व्यावहारिक समस्याहरू पैदा हुने अवस्था छ, सेवा प्रवाहका कतिपय कुरामा समेत कठिनाइ आउन सक्दछ। कोभिड-१९ महामारीको कारणबाट न्यायिक प्रक्रियामा उत्पन्न हुने समस्याको पूर्ण समाधानका लागि प्रचलित ऐन तथा नियमावलीहरूमा उपायहरू व्यवस्थित छैनन्। भएका प्रावधानहरू अपर्याप्त छन्। बन्दाबन्दीको कारणबाट जनताको न्याय प्राप्त गर्ने हक तथा न्यायमा पहुँचको कुरामा आघात पर्न दिनु हुँदैन। नेपालको संविधानको धारा १२६, १२८ तथा १३३ मा रहेका प्रावधानका आधारमा सर्वोच्च अदालतको बृहत् पूर्ण इजलास यस विषयमा निकास दिन सक्षम छ। यसरी निकास दिँदा बन्दाबन्दी खुलेको अवस्थालाई व्यावहारिकरूपमा परिभाषित गरिनुपर्दछ, आंक्षिकरूपमा खुलेकोलाई बन्दाबन्दी खुलेको मान्न हुँदैन। बन्दाबन्दीको अवधिलाई शून्य समयावधि मानेर व्यवस्थापन गरिनुपर्दछ भन्नेसमेतका जिकिर गर्दै नेपाल बारको धारणा लिखित बहस-नोटमा प्रस्तुत गरेको कुरा उल्लेख गर्नुभयो। अदालतका सहयोगीको रूपमा नेपाल बार एसोसिएसनको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले मध्यस्थता ऐन, मध्यस्थता नियमावलीलगायत विभिन्न नेपाल कानूनहरूले हदम्याद, म्याद र तारिख सम्बन्धमा गरेको व्यवस्थालई बृहत्तररूपमा समेट्ने गरी आदेश हुनुपर्दछ। बन्दाबन्दी खुलेपछि एक महिना समय प्राप्त हुने गरी हदम्याद, म्याद आदि कायम गरिनुपर्दछ। बन्दाबन्दीको कारणबाट यातायात मात्र बन्द भएको नभएर मानिसको गतिविधि नै सीमित हुन पुगेको अवस्थातर्फ पनि विचार पुग्नुपर्दछ। भूकम्प, ज्वालामुखी जस्ता विपद्भन्दा कोरोना भाइरसको महामारी फरक किसिमको संकट हो। संविधानमा रहेका प्रावधानहरूका आधारमा अहिले देखा परेको कठिनाइको सम्बोधन गरिनुपर्दछ र यसरी समाधान दिन अदालत सक्षम छ भन्नेसमेत बहस जिकिर प्रस्तुत गर्नुभयो।

३८. अदालतका सहयोगीको रूपमा उपस्थित सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारीले वर्तमान समस्याको समाधान गर्दा न्याय प्रणाली सम्बन्धमा पनि विचार पुऱ्याइनुपर्दछ । न्याय प्रशासनलाई जीवन्तता प्रदान गर्ने अधिकार सर्वोच्च अदालतमा अन्तरनिहित रहेको हुँदा यही अधिकार प्रयोग गरेर वर्तमान जटिलताको सम्बोधन गरिनुपर्दछ । भारतीय सर्वोच्च अदालतको हालैको निर्णयको दृष्टान्त प्रस्तुत गर्दै विशेष परिस्थितिमा न्यायमा पहुँच कायम गर्न सर्वोच्च अदालतले न्यायिक सक्रियता अपनाउनु पर्ने हुन्छ भनी जिकिर गर्नुभयो । उहाँले अहिलेको सन्दर्भमा आवश्यकताको सिद्धान्त आकर्षित हुन्छ, यसलाई सार्वजनिक सरोकारको विवादको रूपमा हेरिनुपर्दछ। देवानी संहितामा हदम्याद थामिन सक्ने व्यवस्था रहेको सापेक्षतामा फौजदारी कार्यविधिलाई पनि हेरिनुपर्दछ । बाधा अड्काउ परेको कुरामा तत्कालका लागि सर्वोच्च अदालतबाट आदेश जारी हुनुपर्दछ र सरकारका नाउँमा पनि आदेश जारी हुनुपर्छ । लिखित बहस-नोटमा अन्य कुराहरू उल्लेख गरेको कुरा उल्लेख गर्दै संक्रामक रोग ऐनलगायत प्रचलित नेपाल कानूनबाट मात्र वर्तमान कठिनाइको समाधान नहुने भएकाले आवश्यक आदेश जारी होस भनी बहस गर्नुभयो । अदालतका सहयोगीको रूपमा सर्वोच्च अदालत बार एसोसिएसनका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापाले वर्तमान छलफलको कुरालाई कानून बनाउने विषयको रूपमा होइन, न्याय प्रशासन सुचारू गर्ने विषयको रूपमा हेरिनुपर्दछ । संविधानको धारा २७३ अनुसार महामारीलाई संकटकालको रूपमा पनि हेर्न सकिन्छ, यो सामान्य अवस्था होइन। हदम्याद, म्याद र तारिखलगायत न्यायिक प्रक्रियाका विषयमा देखा परेका कानूनी रिक्तालाई कोभिड-१९ महामारीको प्रकृतिको सन्दर्भमा हेरिनुपर्दछ । यसमा अन्य कुराका अतिरिक्त मानिसको स्वास्थ्यसम्बन्धी हक पनि जोडिएको छ। वर्तमान जटिलतालाई सम्बोधन गर्न कानूनको शाब्दिक व्याख्या गरेर हुँदैन, व्याख्याको स्वर्णिम वा रचनात्मक नियम अपनाउनुपर्दछ। विशेष परिस्थितिमा न्यायमा पहुँच कायम गर्ने विषय भएकाले यसलाई कानून निर्माणको अर्थमा बुझिनु हुँदैन। गरिबी तथा अभावका बिच रहेका सेवाग्राही रोगबाट बढी प्रभावित हुने अवस्था भएकाले त्यस अवस्थाका सेवाग्राहीको मनोविज्ञानप्रति ध्यान दिनुपर्दछ र सेवाग्राहीको न्यायमा पहुँच कायम रहने गरी उदारतापूर्वक व्याख्या गरिनुपर्दछ भनी बहस जिकिर गर्नुभयो।

३९. ०७६-WO-०९४४ का निवेदक विद्वान् अधिवक्ता श्री टिकाराम भट्टराईले निवेदनमा उल्लेख गरिएका कुराहरूका सन्दर्भमा जिकिर गर्दै वर्तमान अड्बडको विषयमा प्रतिवेदनको आधारमा नभएर रिट निवेदनका सन्दर्भमा आदेश गरिनुपर्दछ । यसरी आदेश गर्दा न्यायिक तथा स्थानीय तहलगायत अर्ध-न्यायिक निकायका सम्बन्धमा पनि सम्बोधन गरिनुपर्दछ । यसका अतिरिक्त लोक सेवा आयोगमा बढुवा निर्णयउपर गरिने उजुरी, मध्यस्थतालगायतका विविध नौवटा विषयहरूमा गरिने उजुरी सम्बन्धित म्यादको विषयमा पनि विचार गर्नुपर्ने अवस्था छ । अहिले "महामारी विधिशास्त्र" (Pandemic Jurisprudence) निर्माणको अवस्था आएको छ । अहिलेको अवस्थालाई कानूनमा ग्रहण (eclipse) लागेको अवस्थाको रूपमा हेरिनुपर्दछ र अन्तरिम प्रकृतिको बाधा अडकाउ फुकाउने गरी आदेश हुनुपर्दछ। सर्वोच्च अदालतले म्याद र हदम्याद पक्षको सुविधाको लागि हो भनी विगतमा व्याख्यासमेत गरेको छ, अहिले यिनै कुराहरूलाई पक्षको हित प्रतिकूल हुने अवस्थामा आउन दिनु हुँदैन। तसर्थ, लकडाउनको अवधिलाई शून्य समय मानेर

पक्षलाई सुविधा दिने गरी आदेश जारी हुनुपर्दछ भनी बहस जिकिर गर्नुभयो । रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गोविन्द शर्मा बन्दीले न्यायिक प्रक्रियालाई सहज र सेवाग्राहीको हितअनुकूल कायम गर्न अदालतले स्वयम् (Suo motu) सार्वजनिक हित कायम गर्ने गरी आदेश गर्नुपर्दछ भनी बहस गर्नुभयो । निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री रमेश बडाल, श्री अम्बरबहादुर राउत, श्री सरोजकृष्ण घिमिरे, श्री मुकुन्द अधिकारी, श्री पुष्पराज पौडेलसमेतले गर्नुभएको बहस जिकिरसमेत सुनियो ।

४०. महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले प्रस्तुत विषयमा महान्यायाधिवक्ताको कार्यालयको दृष्टिकोण लिखित बहस-नोटमा नै उल्लेख गरिएको छ । हदम्याद बढाउने कुराका लागि कानूनी आधार कमजोर देखिन्छन् । केही विषयमा अदालत सम्बन्धित नियमावलीहरूमा संशोधन गरेर पनि हदम्यादसम्बन्धी केही विषयलाई सम्बोधन गर्न सकिन्छ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो ।

४१. मिति २०७७/०२/०५ गते सुनुवाइ भई आज निर्णय सुनाउने गरी तोकिएको प्रस्तुत विषयमा अब यस अदालतको मुद्दा तथा रिट महाशाखाको प्रतिवेदन तथा ०७६-WO-०९४४ को रिट निवेदनका सन्दर्भमा कोभिड-१९ महामारीको कारणबाट गरिएको बन्दाबन्दीको अवधिमा गुज्रिएको हदम्याद, म्याद, तारिखलगायतका न्यायिक प्रक्रिया सम्बद्ध व्यवस्थापनका कुरामा देखा परेको र पछि पर्न सक्ने अष्पष्टता र द्विविधाको कुरामा स्पष्टता कायम गर्न; तथा बन्दाबन्दीको कारणबाट सेवाग्राहीलाई पर्न जाने कठिनाइ हटाई न्यायमा पहुँच कायम गर्ने कुरामा सहजीकरण गर्न आवश्यक आदेश, निर्देशन जारी गर्न मिल्छ वा मिल्दैन ? यदि त्यसप्रकारको आदेश जारी गर्न मिल्ने हो भने के-कस्ता आदेश जारी हुने हो ? भन्ने प्रश्नको निरूपण गर्नुपर्ने हुन आएको छ ।

४२. निर्णयतर्फ विचार गर्दा कानूनी प्रश्नको निरूपण गर्नुभन्दा पहिले सर्वप्रथम कोभिड-१९ को सङ्क्रमण र यसबाट मानव जीवनमा परेको असर सम्बन्धमा केही तथ्य उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । प्रसङ्गअनुसार “नोवल-कोरोना”, “कोरोना-भाइरस”, “कोभिड-१९” भनी उल्लेख गर्ने गरिएको यो महामारी (Pandemic) को प्रारम्भ सन् २०१९ को डिसेम्बर अन्तिम सातादेखि देखिन थालेको मानिएको छ । यो कोभिड-१९ महामारी सुरू भएको अहिले करिब ६ महिना भएको छ र अहिलेसम्म विश्वभर (प्रायः सबै देशमा) फैलिन पुगेको छ । अहिले यो आदेश तयार गर्दाको अवस्थासम्म कोभिड-१९ बाट विश्वभर ५७,८८,७८२ जना मानिस संक्रमित हुन पुगेका र त्यसमध्ये अहिलेसम्म ३,५७,४२५ व्यक्तिले मृत्यु-वरण गरेको कुरा सार्वजनिक भएका तथ्याङ्कबाट देखिन्छ[1] । नेपालमा अहिलेसम्म ९०१ जना मानिसमा सङ्क्रमण देखिएको र त्यसमध्ये ५ जनाको मृत्यु भएको तथ्याङ्क छ । सङ्क्रमण बढ्ने क्रम निरन्तर कायम छ । यसको अन्त्य हुने समयको अहिले नै आँकलन गर्न सकिने अवस्था छैन । दैनिक ठूलो मानवीय क्षति भइरहेको छ, तर निरोधात्मक वा निवारणका भरपर्दा उपायहरू अझै वैज्ञानिक खोजी र चुनौतीको विषय बनिरहेको छ । अति-सूक्ष्म यो कोभिड-१९ भाइरसको सङ्क्रमण सर्ने सिलसिला मानिसको सामान्य बुझाइभन्दा फरक र भयावह किसिमको देखिएको छ । यसले साना-ठुला, बालबालिका, युवा-युवती, वृद्ध-वृद्धा, धनी-गरिब सबै मानिसलाई गाँजेको छ । कतिपय स्वास्थ्यकर्मी / चिकित्सकहरू स्वयम् पनि यस

1 https://www.worldometers.info/coronavirus/?utm_campaign=homeAdvegas1? - Accessed on:2077/02/15 at 7:30 AM

महामारीको चपेटामा परेका छन् र ज्यान गुमाउन पुगेका छन्। कुन मानिसबाट, कहाँ, कसरी यो सङ्क्रमण सर्ने हो भन्ने कुराको सही अनुमान गर्न प्रायः कठिन भएको छ। सङ्क्रमण भएको थाहा नै नपाउँदै शरीरमा फैलिन पुग्ने र थाहा पाउँदा उपचारका लागि ढिलो भइसकेको हुने गरेका दृष्टान्तहरू पनि प्रसस्तै छन्। यसको सुरूवात ६ महिना अगाडि भयो, अन्त्य कहिले हुन्छ, थाहा छैन। अहिले हामी सङ्क्रमणको चरम अवस्थामा छौं वा अझ धेरै मानव विनासको विभीषिका बेहोर्न बाँकी छ भन्ने पनि यकिन छैन। संक्षेपमा भन्दा अहिले महामारीको भयावह अवस्था रहेको छ।

४३. मानिसको अदृष्य-शत्रूको रूपमा फैलिएको कोभिड-१९ महामारीको कारणबाट धनी, गरिब सबै देशको अर्थ-व्यवस्थामा गम्भीर असर परेको छ। यस सङ्क्रमणको कारणबाट मानिसको सामाजिक, धार्मिक, सांस्कृतिक जीवनमा समेत ठुलो असर परेको छ। थल, जल, हवाई यातायात बन्द भएका छन; स्कुल कलेज बन्द छन्; उद्योग-धन्दा, व्यापार व्यवसाय करिब ठप्प हुन पुगेका छन्; मन्दिर, मस्जिद, गुम्बा, गिर्जाघर, गुरूद्वारा आदि बन्द गरिएका छन्। कोभिड-१९ बाट संक्रमित मात्र नभएर अन्य सामान्य बिरामीहरूको उपचारमा पनि जटिलता र कठिनाइ थपिँदै आएको छ। बन्दाबन्दी (Lockdown) को कारणबाट मानिस घरभित्र बस्न विवश छ; सामाजिक सम्बन्धहरू टाढा भएका वा पातलिँदै गएका छन्। आफ्ना प्रियजनको मृत्यु हुँदा पनि आ-आफ्नो संस्कारअनुसार अन्त्यष्टि गर्न तथा शोक-वरण गर्न कठिनाइ पैदा भएको छ। कसैको मलामी जान सीमित कोटाभित्र पर्नुपर्दछ, कसैको मलामी जान हिजोसम्मका प्रिय-स्वजनहरू पनि पीडाबोधका साथ अस्वीकार गर्ने गर्दछन्। स्थापित कतिपय संस्कार भत्किएको छ। जीवन-पद्धति खलबलिएको छ। अहिले धेरै मानिसको दैनिकी बन्दाबन्दी, शिलबन्दी, सीमाबन्दी, क्वारिन्टाइन, सामाजिक दुरी, मास्क, सेनिटाइजर, सरसफाइ, उपचार प्रोटोकल, संक्रमितको गणना आदिको रटानमा बितेको छ। यो क्रम थपिदै जाँदा अझ कति असजिलाहरू थप हुन आउने हुन !! यी समग्र कुराबाट सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि विविध पक्षमा पर्ने दुरगामी असरको अनुमान लगाउन सजिलो छैन। अहिले हामी यिनै प्रतिकूलताहरूका बिचमा छौं; हाम्रो न्याय प्रणालीमा पनि यी प्रतिकूलताका असरहरू स्वाभाविक रूपमा परेका छन्। सम्भवतः विधायिकाबाट कानून निर्माण गरिँदा यसप्रकारको परिस्थितिको परिकल्पना गर्न सकिने अवस्था पनि थिएन।

४४. प्रतिकूलताभित्र पनि अनुकूलताको खोजी गर्नु र सिर्जनशीलताको मार्गमा अगाडि बढ्नु मानवीय स्वभाव हो। अहिले महामारीको समस्या छ, यो यथार्थ हो। यो महामारीबाट मानवजातिको रक्षा गर्नु चुनौतीपूर्ण भए पनि दुष्कर कार्य भने अवश्य होइन। विगतमा पनि बेला-बखत मानवजातिले महामारीका चुनौतीहरूको सामाना सफलतापूर्वक गरेको छ। यसका लागि नचाहँदा नचाहँदै पनि केही मूल्य चुकाउनु पर्ने हुन्छ। अहिलेको बन्दाबन्दीलाई पनि यस्तै एउटा मूल्य चुकाएको अर्थमा लिन सकिन्छ। सङ्क्रमण नियन्त्रण गर्न, फैलन नदिन, सरोकारवालाहरूको स्वास्थ्य सुरक्षा कायम गर्न तथा सेवाग्राहीलाई बन्दाबन्दीको समयमा अदालतसम्मको पहुँचमा आउने कठिनायको सम्बोधन गर्न यसबिच अदालतबाट प्रवाह हुने गरेका प्रायः सबै सेवाहरू (अपवादबाहेक) बन्द गर्नुपर्ने अवस्था आएको देखिन्छ। यो बाध्यात्मक परिस्थितिको कारणबाट न्यायिक सेवा प्रभावित भएको छ। यसरी परेको प्रभावबाट सेवाग्राहीहरूको स्वाभाविक र वैध अपेक्षालाई न्यायोचित तवरबाट सम्बोधन गर्नु अत्यावश्यक देखिएको छ।

४५. सम्भवतः मानवजातिले अझ केही लामो समय कोभिड-१९ सँग जुध्नु र बाँच्नु पर्ने हुन्छ । यसबिच लामो अवधिसम्म राष्ट्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक क्रियाकलापहरूलाई ठप्प राखेर मात्रै व्यवहार चल्न कठिन होला । दुई महिनाभन्दा बढी अवधिदेखि कायम रहेको बन्दाबन्दीको कारणबाट उद्योगधन्दा, व्यापार व्यवसाय, रोजगारी, कृषि व्यवसायलगायतका विविध आर्थिक गतिविधि र क्रियाकलापमा गम्भीर असर परेको हुनु स्वाभाविक छ । सम्भवतः महामारी समाप्त नहुन्जेलसम्म यस्ता आर्थिक क्रियाकलाप बन्द गरेर लामो अवधि बस्न पनि व्यावहारिक नठानिएला !! कोभिड-१९ महामारीको समाप्ति नहुँदैको अवस्थामा पनि कतिपय काम कारबाही र क्रियाकलाप सञ्चालन गर्नुपर्ने अवस्था आउलान् !! अदालतको सेवा प्रवाह खुला गर्ने अवस्था पनि यसबिच आउने नै छ । यस अवस्थामा स्वास्थ्य सुरक्षा कायम गर्ने, सामाजिक / भौतिक दुरी राख्ने चुनौतीहरू पनि थप हुनेछन् । कार्य-फछ्र्यौटका सीमाहरू निर्धारण हुन पुग्नेछन् । यी सबै कुराको व्यवस्थापन हाल उपलब्ध साधन, स्रोत र जनशक्तिबाट गर्नुपर्ने कुरा स्वाभाविक देखिँदैछ । अर्कोतर्फ लामो अवधिको बन्दाबन्दीका कारणबाट सञ्चित हुन पुगेका कार्यहरूसमेत एकै पटक थप हुन आउने छन् । यी कार्यहरूको व्यवस्थापन असहज मात्र नभएर निकै चुनौतीपूर्ण हुने देखिन्छ । अदालतका सन्दर्भमा भन्ने हो भने न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, सेवाग्राहीलगायतका सबै सरोकारवालाहरूका अप्ठ्यारो कठिनाइहरू एकसाथ अगाडि आउने अवस्था देखिन्छ । सर्वोच्च अदालतमा हाल चालु अवस्थाका २३ हजारभन्दा बढी विवाद रहेको देखिन्छ । विगत दुई महिनादेखि रहेको बन्दाबन्दीको कारणबाट अदालतमा प्रवेश हुन नपाई रोकिएका कुराहरूलाई पनि अदालतमा प्रवेश दिनु पर्ने अवस्था छ । बन्दाबन्दी हुनु अगाडिसम्म दैनिक सरदर ४०० / ५०० थान मुद्दा पेसीमा चढ्ने गरेको र यो क्रम दुई महिनादेखि रोकिएको हुँदा यी सबै कामको चाप पनि एकै पटक पर्न आउने स्थिति छ । यस दृष्टिले हेर्दा बन्दाबन्दी खुलेपछि अदालतमा केही अवधि केही हजारको सङ्ख्यामा सेवाग्राहीहरूको भीड जम्मा हुने अवस्था देखिन्छ । त्यसमा थप न्यायिक जनशक्ति र कानून व्यवसायीहरूको स्वाभाविक उपस्थितिले सङ्ख्या अझ बढी हुन पुग्दछ । धेरै कार्यबोझ रहेका उच्च अदालत तथा जिल्ला अदालतहरूमा पनि यही प्रकारको चुनौती रहने देखिन्छ । त्यस अवस्थाको व्यवस्थापनप्रति वाञ्छित संवेदनशीलता नअपनाई, व्यावहारिक कठिनाइलाई अन्देखा गरी बन्दाबन्दी खुला हुनासाथ सबै कुरा दुरूस्त भयो वा हुन्छ भनी सम्झनु बुद्धिमत्तापूर्ण कुरा हुँदैन ।

४६. सम्भवतः देशभर बन्दाबन्दी एकै पटक खुला नहोलान् । कुनै शहर वा जिल्लामा बन्दाबन्दी हटाइयो, कुनै ठाउँमा कायम रह्यो वा तत्पश्चात् पनि सेवाग्राहीले क्वारेन्टाइनमा बस्नु वा उपचारमा रहनु परेको अवस्थामा तत्तत् स्थान वा अवस्थाका सेवाग्राहीहरूका सम्बन्धमा अपनाउने दृष्टिकोण निर्माण गर्नु पनि आवश्यक देखिन्छ । प्रचलित कानूनमा तोकिएको हदम्यादभित्र फिरादपत्र, तथा म्यादभित्र निवेदन, पुनरावेदन आदि गर्न अदालत खुलेको दिन हाजिर हुन आउनुपर्दछ भन्ने मान्यता राख्ने हो भने देशका विकट दुर्गम स्थानहरू वा यातायातको सहज सुविधा नभएको स्थानहरूबाट आएर अदालत खुलेकै दिन सेवा प्राप्त गर्न कसरी सम्भव होला ! दुर्गम वा असहज स्थानमा रहेका वा क्वारेन्टाइनमा बसेका मानिसको न्यायमा पहुँच कसरी कायम रहला !! कागजात कहिले, कसरी तयार होला, कानूनी सहायता कसरी प्राप्त होला !! यस्ता कठिनाइका फेहरिस्त लामो हुन

सक्दछ। यो विषयलाई कानूनमा लेखिएका शब्दहरू तथा कानूनी सिद्धान्तको सीमित र सतही प्रयोगको दृष्टिले मात्र नभएर व्यावहारिक रूपमा आवश्यक र उपयोगी न्यायिक व्यवस्थापनका दृष्टिले पनि हेरिनुपर्दछ।

४७. अब "हदम्याद, म्याद र तारिख"[2] थाम्ने विषयमा रहेका कानूनी प्रावधान सम्बन्धमा उल्लेख गर्नु सान्दर्भिक हुन आएको छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५१ मा "हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यस्तो बिदापछि लगत्तै अदालत खुलेको पहिलो दिन फिरादपत्र दर्ता गर्न सरोकारवालाले माग गरेमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नुपर्नेछ" भनी उल्लेख भएको देखिन्छ। यसमा प्रयुक्त "बिदापछि लगत्तै अदालत खुलेको पहिलो दिन" भन्ने वाक्यांशले समय-सीमा तोकेको छ र यो प्रावधानअनुसार बिदापछि अदालत खुलेको पहिलो दिन (एक दिन) मात्र फिराद दर्ता गर्न सकिने अवस्था रहने देखिन्छ।

४८. मुलुकी फौजदारी कार्यविधि संहितामा हदम्याद नगुज्रिने (गुज्रिएको हदम्याद थाम्न पाउने) कानूनी प्रावधान रहेको देखिँदैन। देवानी कार्यविधि संहिताको दफा ५८ मा भने देहायबमोजिमको प्रावधान रहेको पाइन्छः

दफा ५८. "<u>हदम्याद नगुज्रने</u>: कसैको देहायबमोजिमको काबुबाहिरको परिस्थिति उत्पन्न भई हदम्यादभित्र फिरादपत्र दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरी निजले देहायको अवधिभित्र फिरादपत्र दर्ता गर्न ल्याएमा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५९ को अधीनमा रही अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नुपर्नेछः

क. फिरादपत्र दर्ता गर्नुपर्ने व्यक्तिको कोही मृत्यु भई परम्पराअनुसार निज आफैँ किरिया वा किरियासरहको शोक-वरण गरी बस्नुपरेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्यादबाहेक सात दिन,

ख. फिराद दर्ता गर्नुपर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्यादबाहेक साठी दिन,

ग. खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यु घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्यादबाहेक पन्ध्र दिन,

घ. फिराद दर्ता गर्नुपर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्यादबाहेक पन्ध्र दिन,

ङ. भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्यादबाहेक दश दिन,

2 प्रचलित नेपाल कानूनमा "हदम्याद", "म्याद" र "तारिख" शब्दहरूको छुट्टै परिभाषा गरिएको देखिँदैन। यसको प्रयोग वा प्रयोजनतर्फ दृष्टिगत गर्दा सम्पत्ति, पद, अधिकार, वा कसुरसम्बन्धी दाबी गरी न्यायिक उपचारका लागि अधिकारप्राप्त अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष फिरादपत्र, अभियोगपत्र, निवेदनपत्र वा सोसरहको दाबी-पत्र पेस गर्न कानूनद्वारा तोकिएको समयावधिलाई "हदम्याद" भनिन्छ। "म्याद" शब्दले कसैउपर परेको फिरादपत्र, अभियोगपत्र, निवेदनपत्र वा सोसरहको दाबी-पत्रअनुसारको विषयमा प्रतिवाद वा बयान गर्न अदालत वा मुद्दा हेर्ने निकायसमक्ष प्रतिउत्तरपत्र पेस गर्न वा बयान दिन उपस्थित हुनका लागि तोकिएको वा प्रदान गरिएको समयावधिलाई जनाउँदछ। यो "म्याद" शब्दले पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन गर्ने, पुनरावलोकनको अनुमतिका लागि निवेदन गर्ने, कानूनी कारबाहीको सिलसिलामा प्रतिदाबी वा लिखित जवाफ पेस गर्ने, फैसला कार्यान्वयनका लागि निवेदन गर्ने जस्ता कार्यका लागि कानूनद्वारा तोकिएको वा निर्धारण गरिएको समयावधिलाई समेत जनाउँदछ। "तारिख" शब्दले अदालत वा मुद्दा हेर्ने निकायले कुनै खास काम वा प्रयोजनका लागि उपस्थित हुन (हाजिर हुन) भनी विवादका पक्षहरूलाई तोकेको दिनमा उपस्थित (हाजिर) हुने कुरालाई जनाउँदछ।

च. कुनै दुर्घटनाको कारण अचेत वा हिँड्डुल गर्न नसक्ने भई वा अचानक कुनै कडा रोग लागेको कारण हिँड्डुल गर्न नसकेकोले अस्पतालमा भर्ना भई उपचाररत रहनु परेको अवस्थामा त्यसरी भर्ना भएको मितिले बाटोका म्यादबाहेक पन्ध्र दिन"।

४९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२२, २२३, २२४ र २२५ मा म्याद वा तारिख गुजार्न नहुने, तथा गुज्रेको म्याद, तारिख थाम्नेसम्बन्धी व्यवस्थाहरू रहेका देखिन्छन्। उपर्युक्त कानूनी प्रावधानहरूमा काबुबाहिरको परिस्थितिको रूपमा किरिया वा शोक-वरण गरी बस्नुपरेको, सुत्केरी भएको, खोलो पहिरो, हिउँ, कर्फ्युले बाटो बन्द भएको, भूकम्प, ज्वालामुखी जस्ता विपद् परेको, अपहरण वा शरीर बन्धकमा परेको दुर्घटनामा परी अस्पताल भर्ना भई उपचार गराएको आदि कुरालाई समेटेको देखिन्छ। यसरी काबुबाहिरको अवस्था परेमा तत्-तत् कुराका लागि तोकिएअनुसारका दिन गुज्रिएको म्याद वा तारिख थाम्न, थमाउन सकिने अवस्था छ। यसरी गुज्रिएको म्याद वा तारिख थमाउनका लागि निवेदन दिनुपर्ने र निवेदनसाथ काबुबाहिरको परिस्थिति उत्पन्न भएको बेहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नुपर्ने व्यवस्थासमेत रहेकोछ। यी व्यवस्थाहरूले कोभिड-१९ बाट उत्पन्न विशेष परिस्थितिलाई समुचित रूपमा सम्बोधन गर्न सक्ने देखिँदैन। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ मा बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सकिने प्रावधान रहेको सन्दर्भमा पनि प्रस्तुत विषयलाई हेर्नु पर्ने देखिन्छ।

५०. सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतसम्बन्धी तत्-तत् नियमावलीहरूमा बन्दीप्रत्यक्षीकरणको निवेदनमा एकपटक मात्र बढीमा सात दिन र अन्य प्रकारका रिट निवेदनमा एक पटक मात्र बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थमाउन सकिने व्यवस्था रहेका छन्। यसका अतिरिक्त किरियामा बस्नु परेको, सुत्केरी भएको, यातायातको साधन नचलेको, भूकम्प जस्ता दैवी प्रकोप परेको कुराका लागि केही सीमित अवधि (सामान्यतयाः १५ दिन) तारिख थमाउन सकिने व्यवस्था रहेको देखिन्छ। मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ को नियम १४ मा काबुभन्दा बाहिरको अवस्थामा बाटोको म्यादबाहेक सात दिनभित्र गुज्रेको म्याद वा तारेख थामिन सक्ने व्यवस्था रहेको छ। विशेष अदालत ऐन, २०५९ को दफा ११ अनुसार सो अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिने प्रावधान रहेको पाइन्छ। संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८ मा समेत पक्षको काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको अवस्थामा बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था रहेको छ। कोभिड-१९ बाट उत्पन्न विशेष परिस्थितिको समुचित रूपमा सम्बोधन हुने गरी उल्लिखित कानूनहरूमा प्रावधान समावेश भएको देखिँदैन। मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९९ मा मुलुकी फौजदारी कार्यविधि ऐन, २०७४ र यस नियमावलीमा लेखिएदेखि बाहेकका अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी अदालत आफैँले व्यवस्थित गर्न सक्नेछ भनी उल्लेख भएको छ।

५१. न्याय प्रशासन ऐन, २०७३ को दफा २६ मा तीन दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा

त्यस्तो बिदाको अवधिभर अदालत खुला गरी बन्दीप्रत्यक्षीकरणको निवेदनउपर सुनुवाइ गर्ने व्यवस्था रहेको छ। संक्रामक रोग ऐन, २०२० मा नेपालभर वा यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिने सम्भावना देखिएमा सो रोग निर्मूल गर्न वा रोकथाम गर्न नेपाल सरकारले आवश्यक कारबाही गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूहउपर लागू हुने गरी आदेश जारी गर्न सक्नेलगायतका व्यवस्थाहरू रहेको देखिन्छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ ले "गैर प्राकृतिक विपद्को परिभाषा गरी अन्य कुराको अतिरिक्त महामारी, कीट वा सूक्ष्म-जीवाणु आतङ्क, विभिन्न प्रकारका फ्लु" लाई समेटेको पाइन्छ। यी ऐनहरूमा विपद् वा महामारीको परिकल्पना गरेको भए तापनि त्यस्को प्रभाव रहेको समय वा अवधिमा हदम्याद, म्याद, तारेख गुज्रेको अवस्थाका लागि कुनै प्रावधान समावेश रहेको देखिँदैन।

५२. यसप्रकार देवानी तथा फौजदारी संहिता तथा अन्य केही कानूनमा "काबुबाहिरको परिस्थिति" भएमा केही दिन म्याद, तारिख थामिन सक्ने व्यवस्था रहेका छन्। यहाँ प्रयुक्त "काबुबाहिरको परिस्थिति" भन्ने वाक्यांशले "आफ्नो नियन्त्रणभन्दा बाहिरको अवस्था" लाई समेटेको देखिन्छ। सामान्यतयाः "काबुबाहिरको परिस्थिति" लाई व्यक्तिगत परिस्थितिको रूपमा बुझ्ने गरिएको छ र यही मान्यताका आधारमा "काबुबाहिरको परिस्थिति" परेको कुराको प्रमाण पुऱ्याउने जिम्मेवारी सम्बन्धित पक्षमा रहने कुरा कानूनले नै निर्दिष्ट गरेको छ। तथापि काबुबाहिरको परिस्थिति सबै व्यक्तिगत प्रकृतिका मात्रै हुँदैनन्। "खोलो, पहिरो, हिउँ, कर्फ्यु, यातायात बन्द, भूकम्प, ज्वालामुखी" जस्ता विपद्को अवस्था केवल व्यक्तिगत प्रकृतिका परिस्थिति मात्रै होइनन्। यसको असर वा प्रभाव स्थानीय, क्षेत्रीय वा राष्ट्रिय स्तरमा पनि परेको हुन सक्दछ। देवानी संहिताको दफा ५८ को देहाय (ङ) मा "भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद्..." भनी प्रयोग भएको शब्दावलीले भूकम्प वा ज्वालामुखीबाहेकका अन्य सम्भावित विपद्का परिस्थिति आउन सक्ने कुरालाई समेटेको अर्थमा बुझ्न सकिन्छ। यसप्रकारका शब्दावली अन्य कानूनमा पनि प्रयोग भएको देखिन्छ। तथापि उल्लिखित अभिव्यक्तिले गरेको विपद्को परिकल्पनामा सो विपद्को "आदि र अन्त्य" अथवा "सुरूवात र समाप्ति" को एउटा तात्कालिक (Tentative) समयावधिको अनुमान गरेको छ। कोभिड-१९ सम्बन्धी विपद् वा महामारीको "सुरूआत वा प्रारम्भ" भएको मिति वा समय भन्न सकिने भए पनि सोको अन्त्य वा समाप्तिको कुनै पूर्वानुमान गर्न नसकिने भएबाट प्रचलित कानूनमा समेत त्यसप्रकारको परिकल्पना गरी तदनुसार प्रावधान समावेश भएको देखिँदैन।

५३. कोभिड-१९ महामारी असाधारण र अकल्पनीय अवस्थाको रूपमा देखा परेको छ। यसको अन्त्य कहिले हुन्छ तथा यसको नियन्त्रण हुँदाको अवस्थासम्म कति मानवीय क्षति हुन्छ भनी अहिले नै अनुमान गर्न सकिने अवस्था छैन। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ को देहाय (ङ) मा "भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद्" भन्ने शब्द प्रयोग गरिएको छ। यसमा प्रयुक्त "आदि जस्ता विपद्" भन्ने वाक्यांशलाई कानून व्याख्याको सहायक सिद्धान्त (Ejusdem Generis rule) प्रयोग गरी कोभिड-१९ द्वारा सिर्जित परिस्थितिलाई सम्बोधन गर्न सकिन्छ भन्ने तर्क पनि गर्न सकिएला !! तर उक्त प्रावधानमा विपद् सुरू हुने र अन्त्य हुने निश्चित समयको परिकल्पना गरी दश दिनसम्म मात्र हदम्याद थामिन सक्ने व्यवस्था गरेको; सो कानूनी प्रावधान देवानी मुद्दाहरूसँग मात्र सम्बन्धित देखिएको; र सो दफाले विपद्को

प्रमाण पेस गर्ने दायित्व सम्बन्धित व्यक्तिमा नै रहने व्यवस्था गरेको कारण कानून व्याख्याको उल्लिखित सिद्धान्तको प्रयोग गरी दफा ५८(ङ) को व्याख्या गरेर मात्र वर्तमान परिस्थिति वा जटिलताको सम्बोधन गर्न सकिने देखिँदैन। संक्षेपमा भन्दा मुलुकी देवानी संहिताको दफा ५८(ङ) ले विश्वव्यापी महामारीको स्वरूप लिएको कोभिड-१९ को विपद्लाई पनि समेटेको छ भन्न मिल्ने देखिएन[3]। त्यसैले मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहितालगायतका प्रचलित अन्य कानूनमा रहेका हदम्याद थपसम्बन्धी व्यवस्थाले वर्तमान विपद् वा महामारीको कारणबाट पैदा हुने जटिलतालाई पर्याप्त रूपमा सम्बोधन गरेको देखिन नआएकाले वर्तमान अवस्थामा प्रचलनमा रहेका ऐन वा संहितामा रहेको प्रावधानको व्याख्या गरेर मात्र यो विपद् परिस्थितिको कारणबाट उत्पन्न जटिलताको सम्बोधन हुनसक्ने अवस्था देखिएन।

५४. मुलुकी अपराध संहिता, २०७४ का विषयगत भाग वा परिच्छेदहरूमा कसुरको प्रकृति, गम्भीरताका आधारमा विभिन्न अवधिका हदम्याद तोकिएका छन्। फौजदारी कार्यविधि संहितामा हदम्याद थाम्न सकिने सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन। हदम्यादको सीमा-बन्देज कायम गरिएन र अनन्तकालसम्म मुद्दा गर्न सकिने अवस्था कायम रह्यो भने अनिश्चय र अन्यायपूर्ण स्थितिको सिर्जना हुन जान्छ। यसलाई रोक्नु विधायिकी धर्म पनि हो। तसर्थ निश्चित समयमा हदम्याद समाप्त हुने सीमा-रेखा कानूनमा निर्धारण गरिनुपर्दछ। तर यसको तात्पर्य स्वाभाविक मानवीय व्यवहार बाहिरको कठिनाइ वा असाधारण परिस्थितिमा पनि सामान्य अवस्थामा जसरी नै हदम्याद सम्बन्धमा कठोर दृष्टिकोण नै अपनाई रहनुपर्दछ भन्ने होइन। एकै समयमा जारी भएका संहिताहरूमध्ये देवानी संहिताले हदम्यादभित्र फिराद दर्ता गर्न नसकिने "काबुबाहिरको परिस्थिति" पर्छ भन्ने मान्यता राखेर तत्सम्बन्धमा प्रावधानहरू समावेश गरेको देखिन्छ भने फौजदारी संहितामा सो सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन। यसको तार्किक आधार के हो भन्ने पनि प्रस्ट छैन। काबुबाहिरको परिस्थिति देवानी, फौजदारी सबै प्रकारका विवादका पक्षमा आइपर्न सक्दछ। देवानी विषयमा हदम्याद थामिन सक्छ, फौजदारी मुद्दामा थामिन सक्दैन भनिँदा असमान व्यवहारको स्थिति पैदा हुन जाने अवस्था रहन्छ। कतिपय अवस्थामा एउटै विवादको विषयवस्तुमा देवानी र फौजदारी तत्त्वहरू (component) समाहित रहेका पनि हुन्छन्। यस अवस्थामा देवानी विषयमा हदम्याद थामिन्छ, फौजदारी विषयमा थामिँदैन भनियो भने न्यायको दृष्टिबाट उचित देखिँदैन। "म्याद" का सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ (५) मा काबुबाहिरको परिस्थितिको परिकल्पना गरी म्याद थामिन सक्ने प्रावधान समावेश गरिएको छ। त्यसप्रकारको काबुबाहिरको परिस्थिति हदम्यादको सन्दर्भमा पनि उत्पन्न हुन सक्छन्। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ मा रहेको प्रावधानसरहको मापदण्ड फौजदारी मुद्दाका सन्दर्भमा पनि अपनाउँदा न्यायोचित नै हुने थियो। तर उल्लिखित विषयमा अहिले कानूनी रिक्तता देखा परेको छ।

५५. वर्तमान सन्दर्भमा हेर्दा मुलुकी अपराध संहिताका विभिन्न परिच्छेदहरूमा उल्लेख भएको हदम्यादमध्ये "जहिलेसुकै मुद्दा लाग्न सक्ने" भनिएको, वा हदम्याद नै किटान नगरिएको, वा नेपाल सरकार वादी भएको, वा लामो अवधिको हदम्याद तोकिएको कुरामा अहिले तत्काल कुनै समस्या पैदा भएको वा जटिलताको अवस्था रहेको देखिँदैन। तर निश्चित, सीमित वा छोटो अवधिको हदम्यादको व्यवस्था रहेका व्यक्ति वादी हुने

3 संक्रामक रोग ऐन, २०२० वा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद् सम्बन्धमा केही व्यवस्था गरेका छन्। तर यसबाट कोभिड-१९ महामारीका विषयमा समुचित रूपमा सम्बोधन हुन सक्ने अवस्था देखिँदैन।

मुद्दाहरूका सन्दर्भमा कोभिड-१९ महामारीका कारणबाट जटिल, असाधारण र अन्यायपूर्ण परिस्थिति पैदा हुने अवस्था देखिएको छ। वर्तमान महामारीको सन्दर्भमा म्याद वा तारिखको हकमा पनि कानूनी अस्पष्टता र जटिलता पैदा भएका र हुने अवस्था देखिएका छन्। कोभिड-१९ को अवस्थालाई सम्बोधन हुनेगरी म्याद वा तारिख थाम्ने व्यवस्थाहरू पनि कानूनमा समुचित रूपमा समावेश गरिएको देखिँदैन। यसप्रकारको कानूनी शून्यताको असहज परिस्थितिलाई न्यायोचित रूपमा सम्बोधन गर्नु वाञ्छनीय देखिन्छ।

५६. अधिवक्ता टिकाराम भट्टराईसमेतले दायर गर्नु भएको निवेदनमा नेपालको संविधानको धारा १२६ र धारा १२८ को अधिकार प्रयोग गर्दै धारा १३३ बमोजिम आदेश जारी गर्नुपर्ने कुरा उल्लेख गरिएको देखिन्छ। प्रस्तुत प्रसङ्गमा मुद्दा तथा रिट महाशाखाको प्रतिवेदनसमेत विचाराधीन छ र प्रतिवेदनका आधारमा कानूनको व्याख्या गरी रिक्तता-पूर्ति गर्न हुन्छ वा हुँदैन भन्ने प्रश्न पनि उठाइएको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयका तर्फबाट प्रस्तुत बहस-नोटमा हदम्याद, म्याद, तारिखका सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७६/१२/७ को पूर्ण बैठकको निर्णयका आधारमा लकडाउन खुलेको १० दिनभित्र मुद्दा दर्ता गर्न सकिने अवस्था रहेपनि "यसको कानूनी आधार कमजोर छ" भनी उल्लेख गरिएको पाइयो। विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले अहिले छलफलका लागि निर्धारित प्रसङ्ग मुद्दाको विषय (Case or controversy) होइन, यस अवस्थामा संविधान वा कानूनको व्याख्या गरी हदम्याद, म्याद वा तारिखको विषयमा कानूनमा उल्लेख भएकोभन्दा भिन्न व्यवस्था कायम हुने गरी निकासा दिन हुँदैन भनी जिकिर गर्नुभएको पाइयो। अदालतका सहयोगीको रूपमा उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री चण्डेश्वर श्रेष्ठ, श्री हरिहर दाहाल, श्री खगेन्द्रप्राद अधिकारी तथा श्री शम्भु थापाले प्रस्तुत विषयमा आवश्यक न्यायोचित निकास दिन यो इजलास सक्षम छ र निकास दिनुपर्दछ भनी बहस जिकिर गर्नुभएको छ। प्रस्तुत विषयलाई नेपालको संविधानको धारा १३३ का सन्दर्भमा हेर्नु आवश्यक देखिन्छ। तसर्थ नेपालको संविधान, प्रचलित कानून तथा हाम्रो न्यायिक अभ्यासका सन्दर्भमा यो प्रश्नको निरूपण गर्नुपर्ने हुन आएको छ।

५७. उल्लिखित जिकिरहरूका सन्दर्भमा विचार गर्दा हाल विचाराधीन प्रतिवेदन तथा अधिवक्ता टिकाराम भट्टराईसमेतले दायर गर्नुभएको रिट निवेदनमा हाल विभिन्न तहका अदालत वा न्यायिक निकायमा परिरहेका वा पर्न सक्ने मुद्दाको सन्दर्भलाई लिएर आदेशको माग गरिएको हुँदा यस विषयलाई मुद्दा मामिलाको रोहमा हेरिएको होइन भन्नु वस्तुपरक देखिँदैन। नेपालको संविधानको धारा १२६ को उपधारा (२) मा "मुद्दा मामिलाको रोहमा" अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने कुरा उल्लेख छ भने धारा १२८ को उपधारा (४) मा "मुद्दा मामिलाको रोहमा" सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नुपर्ने कुरा उल्लेख छ। उल्लिखित वाक्यांशले वैयक्तिक प्रकृतिको कुनै खास मुद्दालाई मात्र इङ्गित गरेको नभएर न्यायिक व्याख्याको सन्दर्भका अन्य परिस्थितिलाई पनि समेट्ने देखिन्छ। यहाँ उठाइएको विषय परिकल्पित विषय (Hypothetical matter) होइन; यो अदालतमा पर्ने र परिरहेका मुद्दाका सन्दर्भमा उठेको जटिलताको विषय हो। यस अर्थमा यो सार्वजनिक हित, चासो र सरोकारको विषय पनि हो। सार्वजनिक हित, चासो वा सरोकारका विषयमा उच्चतम् न्यायालयले कतिपय विषयलाई स्वयम् जानकारीमा लिई (Suo motu) न्यायिक उपचार प्रदान

गरेका र कानूनी सिद्धान्तहरू प्रतिपादन गरेका दृष्टान्तहरू छन् । यसप्रकारका आम जनसमुदायको हित र सरोकार रहने विषयमा पनि सम्बन्धित पीडित पक्ष नै वादी वा निवेदक भएर अदालतमा प्रवेश गरेको हुनुपर्दछ, अन्यथा न्यायिक उपचारको मार्ग बन्द रहन्छ भन्ने जस्ता विधिशास्त्रीय मान्यता अब पुरानो भइसकेको छ । अदालतका पदाधिकारीबाट पेस भएको प्रतिवेदनउपर सुनुवाइ गरिनुलाई अदालतले विषयलाई स्वयम् (suo motu) जानकारीमा लिएको अर्थमा पनि बुझ्न सकिन्छ । महत्त्वपूर्ण सार्वजनिक सरोकारको विषयमा वा न्यायिक सुव्यवस्थाका लागि आवश्यकता र औचित्यका आधारमा suo motu आदेश गर्ने अभ्यास अमेरिका, भारत आदि देशका न्यायपालिकाले पनि गरेको पाइन्छ । कोभिड-१९ महामारीको कारण सिर्जित असाधारण परिस्थितिको परिप्रेक्ष्यमा आवश्यकता र औचित्यका आधारमा संविधानको प्रावधान प्रतिकूल नहुने गरी यस अदालतले पनि महत्त्वपूर्ण सार्वजनिक सरोकारको विषयमा न्यायिक सुव्यवस्था कायम गरी विवादका पक्षको हक अधिकार संरक्षण हुने अवस्था कायम गर्नका लागि suo motu आदेश गर्न सक्ने नै देखिन्छ । तसर्थ प्रक्रियागत दृष्टिले प्रस्तुत विषयमा विचार गर्न र आवश्यक निकास दिनमा कुनै बाधा देखिन आएन ।

५८. कानूनको न्यायशील र उद्देश्यमूलक प्रयोगको सन्दर्भमा Equitable Tolling को सिद्धान्त पनि प्रचलनमा रहेको देखिन्छ । पक्षको सदाशयपूर्ण प्रयासका बाबजुद पनि न्यायका लागि आवश्यक पूर्वतयारी पूरा गर्न नसकेको अवस्थामा केबल हदम्यादलाई न्याय-प्राप्तिको मार्गमा बाधक बन्न दिनु हुँदैन भन्ने धारणा रहेको छ[4] । यस अवधारणाले निजी वा वैयक्तिक कमजोरीको परिणामस्वरूप समयमा काम हुन नसकेको कुरामा पनि केही सहुलियत प्रदान गर्दछ भने वर्तमान कोभिड-१९ सङ्क्रमणको अवस्थामा राज्य स्वयम्का तर्फबाट गरिएको बन्दाबन्दीको परिणामस्वरूप हदम्याद, म्याद, तारिख जस्ता कुरामा परेको प्रभावबाट सेवाग्राहीलाई संरक्षित गर्नु न्यायको रोहमा अनुचित मानिँदैन । फ्रान्सको सर्वोच्च न्यायालय (Court of Cassation) का President ले कुनै कानूनको व्याख्या र प्रयोग गर्दा मानिसको आधुनिक जीवन पद्धति, मानवीय भावना वा दृष्टिकोणप्रति उदार-भाव राख्नु पर्ने कुरा उल्लेख गरेको पाइन्छ[5] । स्वीस कानून प्रणालीका सन्दर्भमा पनि कानूनमा कुनै विषयको अभाव वा असङ्गति रहेको स्थिति छ भने त्यस सम्बन्धमा विधायिकाले अहिले कानून निर्माण गरेको भए के व्यवस्था गर्दथ्यो होला भन्ने कुरा विचार गरेर न्याय निरूपण गर्न सकिन्छ भन्ने धारणा राखिएको पाइन्छ[6] । अहिलेको कोभिड-१९ सङ्क्रमणकै सन्दर्भलाई लिएर भारतीय सर्वोच्च अदालतले परिस्थितिको स्वयम् जानकारी राखेर (Suo Motu) हदम्याद बढाउने गरी आदेश जारी गरेको

4 *The Doctrine that the statute of limitations will not bar a claim if the plaintiff, despite diligent efforts, did not discover the injury until after the limitations period had expired* - (Bryan A. Garner, Black's Law Dictionary, 8th ed. Thomson West, USA 2005, page 460)

5 *"When a text expressed in imperative language is clear, precise, unambiguous, the judge must apply its literal meaning….But when the text is ambiguous, when there are doubts as to its meaning and intent, when it can be either restrained or extended or even contradicted by some other text, then, in my opinion, the judge has the widest power of interpretation; he must not then stubbornly (inflexible) attempt to ascertain what the original thought of the draftsmen of the Civil Code was 100 years ago; he must rather ask himself what their intention would be were that provision to be drafted by them today-in the face of all the changes which have come about in the last century in ideas, social manners, institutions, the economic and social condition of France, he must say to himself that justice and reason require that the text be liberally and humanely adapted to the realities and requirements of modern life". (Rene David et.al., An Introduction to the Comparative Study of Law, 3rd ed., Stevens & Sons, at 120 (1985).*

6 *Konrad Zweigert et. al., Introduction To Comparative Law, 3rd ed., Oxford, at 18 (1998)*

देखिन्छ[7]। यसरी अन्यत्रका न्यायपालिकाले गरेको अभ्यासका दृष्टिले हेर्दा पनि विशेष परिस्थितिमा न्यायिक व्याख्याद्वारा हदम्याद, म्याद, तारिखजस्ता कुराका सम्बन्धमा उचित व्यवस्थापन गर्न सकिने नै देखिन्छ।

५९. अहिले विचाराधीन विषय केबल हदम्याद, म्याद तारिखको विषय मात्र नभएर यसमा स्वच्छ सुनुवाइ, न्यायमा पहुँच, प्रभावकारी उपचार, स्वास्थ्य सुरक्षा तथा अदालत र मुद्दा व्यवस्थापनका विषयहरू पनि अन्योन्याश्रित रूपमा जोडिएका देखिन्छन्। विशेष परिस्थितिमा उल्लिखित विषयहरूको व्यवस्थापनका लागि आदेश जारी हुनु कुनै अस्वाभाविक कुरा हुँदैन। कानूनमा विद्यमान उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा संविधान प्रदत्त हकको प्रचलन निमित्त संविधानको धारा ४६ र धारा १३३ (२), (३) अन्तर्गत यस अदालतले उचित उपचार प्रदान गर्न उपयुक्त आदेश जारी गर्न सक्ने नै हुन्छ। वस्तुतः "उचित उपचार" साध्य र साधन दुवै हो अर्थात् यो सारभूत प्राप्ति र सो प्राप्तिको लागि तय गरिने सरल, सहज र उपयुक्त मार्ग दुवै हो। स्वतन्त्र न्यायपालिकाको अवधारणाभित्र यसले प्रदान गर्ने प्रभावकारी उपचारका साथै सो क्रममा अन्तरनिहित अधिकारको प्रयोग गर्दै स्वयंले निर्धारण गरेका कतिपय न्यायिक प्रक्रियाहरू तथा व्यवस्थापनका कुराहरू पनि पर्दछन्। धारा ४६ र धारा १३३ को व्यवस्थाले यसै मान्यतालाई आत्मसात् गर्छ। पछिल्लो अवधिमा विधायिकाद्वारा निर्मित कानूनमा अदालतका सामान्य र आन्तरिक प्रकृतिका कार्यविधिगत विषयहरूसमेत समावेश गर्ने सिलसिला देखापरेको छ। तर यसको तात्पर्य अब अदालतले न्यायिक प्रक्रिया व्यवस्थापनका सन्दर्भमा कुनै रिक्तताको पूर्ति गर्न सक्दैन भनियो भने त्यो कुरा अव्यावहारिक मात्र नभएर स्वतन्त्र र सक्षम न्यायपालिकाको अवधारणा प्रतिकूलसमेत हुन जान्छ। कोभिड-१९ को महामारीकै क्रममा संयुक्त राज्य अमेरिकाका कतिपय राज्यहरूमा गर्भनरको कार्यकारी आदेश वा अदालतको आदेशबाट महामारीको अवधिको हदम्यादलगायत अदालती काम कारबाहीको व्यवस्थापन गरिएका छन्[8]। लामो संवैधानिक अभ्यास गरेको प्रजातान्त्रिक शासन प्रणाली अपनाएको मुलुकमा केबल कार्यकारी आदेशबाट हदम्यादलगायतका विधायिकाले बनाएका कानूनका कुराहरू निलम्बन गरिँदा न यसलाई कानूनी रूपमा आधार कमजोर भनिएको छ, न त राष्ट्रपति, गभर्नर वा अदालतले संविधान, कानूनउपरको थिचोमिचो गरेको ठानिएको छ। यस अवस्थामा यस अदालतले आफ्नो संवैधानिक अख्तियारी प्रयोग गरेर विपद्को न्यायिक व्यवस्थापनका लागि आदेश गरिएको र गरिने कुराप्रति कुनै प्रकारको संशय वा द्विविधा राख्नु पर्ने कारण देखिँदैन।

६०. नेपालको संविधानको प्रस्तावनामा "सक्षम न्यायपालिका" भन्ने शब्दावलीको प्रयोग भएको छ। यो अत्यन्त महत्त्वपूर्ण शब्दावली हो र यसले धेरै गहिरो विधिशास्त्रीय अर्थ राख्छ। "सक्षम न्यायपालिका" भन्ने

7 *"To obviate difficulties and to ensure that lawyers / litigants do not have to come physically to file such proceedings in respective Courts / Tribunals across the country including this Court, it is hereby ordered that a period of limitation in all such proceedings, irrespective of the limitation prescribed under the general law or Special Laws whether condonable or not shall stand extended w.e.f. 15th March 2020 till further order/s to be passed by this Court in present proceedings" भनी २३ मार्च २०२० मा सर्वोच्च अदालतबाट आदेश जारी भएको पाइन्छ ।* (https://ibclaw.in/sou-motu-writ-petition-civil-nos-3-2020-in-congnizance-for-extension-of-limitation-sc-23-03-2020/)

8 यसरी जारी गरिएको आदेशको एउटा नमुना उदाहरण यसप्रकार छः
"I hereby suspend, for the duration of this public health and civil preparedness emergency, unless earlier modified or terminated' by me, all statutory (1) location or venue requirements; (2) time requirements, statutes of limitation or other limitations or deadlines relating to service of process, court proceedings or court filings; - Executive Order No. 7G (https://jud.ct.gov/HomePDFs/Executive-Order-No-7G.pdf)

अभिव्यक्तिमा लोकतन्त्रका मूलभूत मान्यताहरूको अनुशरण गरी संविधानद्वारा प्रत्याभूत अधिकारहरूको रक्षा गर्न कानूनको न्यायपूर्ण व्याख्या र प्रयोग गर्न सक्षम न्यायपालिका भन्ने भाव अन्तर्निहित छ। कानूनी रिक्तताको कारणबाट देखा पर्ने मानिसका मौलिक वा कानूनी हक अधिकारहरूको न्यायिक उपचारविहीनताको अवस्था हटाई संविधानको मर्मअनुरूप निकास दिने र प्राकृतिक वा काबुबाहिरको परिस्थितिलाई केबल व्यक्तिको निजी दुर्भाग्यमा परिणत हुन नदिई न्यायिक निरूपणको मार्ग खुला राखेर "कानूनी राज्यको अवधारणा" लाई साकार तुल्याउने कार्यसमेत "सक्षम न्यायपालिकाको" बृहत्तर अवधारणाभित्र समाहित छ। यही अवधारणालाई आत्मसात् गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२ मा "कानून अपर्याप्त वा अस्पष्ट भएको आधार लिई मुद्दाको निर्णय गर्नबाट पञ्छिन" नपाउने र "कानून र न्यायका मान्य सिद्धान्तका आधारमा निर्णय गर्नुपर्ने" प्रावधान समावेश भएको देखिन्छ। नेपालको संविधानको धारा १२८(२) अनुसार "संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार" भएको कारणबाट पनि यस अदालतले उपचारविहीनताको अवस्थालाई गम्भीरतापूर्वक लिई संविधानको प्रस्तावनामा उल्लिखित "सक्षम न्यायपालिका" को भूमिका निर्वाह गर्नु वाञ्छनीय हुन आउँदछ।

६१. कोभिड-१९ महामारीको सन्दर्भमा देखा परेको हदम्याद, म्याद, तारिख र यस्तै अन्य केही कानूनी जटिलतालाई नेपालको संविधानको धारा २० को उपधारा (९) को परिप्रेक्ष्यमा समेत हेर्नुपर्ने देखिन्छ। उक्त धारामा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निस्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ" भनी उल्लेख गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १० मा पनि स्वच्छ सुनुवाइको हक सम्बन्धमा व्यवस्था गरिएको छ। स्वच्छ सुनुवाइको हकभित्र न्यायमा पहुँचसहितको अर्थपूर्ण एवम् प्रभावकारी न्यायिक उपचारको हक पनि समाहित रहन्छ। वस्तुतः स्वच्छ सुनुवाइका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्नु पनि आवश्यक हुन्छ। आफूलाई असर पर्ने वा आफ्नो पक्षमा प्रयोग गर्न सकिने कागजात प्राप्त गर्ने, आफ्नो कानूनी हक वा प्रतिरक्षाको रणनीति तय गर्ने, कानूनी परामर्श गर्ने, कानूनी सहायता प्राप्त गर्ने, आवश्यक दस्ताबेजसमेत तयार गर्ने, अदालतमा पुग्ने र मुद्दा, प्रतिवाद, पुनरावेदन, निवेदन आदि दर्ता गर्ने हकसमेत न्यायमा पहुँचका विषय बन्दछन्। व्यक्तिको आफ्नो दोष, कमी-कमजोरी, लापर्बाही, उदासीनता वा अकर्मण्यताको कारणबाट उत्पन्न परिस्थितिमा बाहेक कुनै व्यक्तिको अदालत वा न्यायिक निकायमा पहुँच पाउने कुरा नै अवरूद्ध गरिएमा निजको संविधान प्रदत्त स्वच्छ सुनुवाइ पाउने हकमा आघात पुग्न जान्छ। कोभिड-१९ महामारीको कारणबाट हदम्याद, म्याद वा तारिख सम्बन्धमा उत्पन्न हुन गइरहेका जटिलताहरू व्यक्तिका निजी परिस्थिति वा वैयक्तिक दुर्भाग्य मात्रै होइनन्। सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/७ को निर्णय तथा नेपाल सरकारको मिति २०७६/१२/९ को निर्णयसमेतको परिणामस्वरूप अदालत, अन्य न्यायिक तथा अर्धन्यायिक निकायहरू बन्दाबन्दीको अवस्थामा पुगेका हुन्। यस बन्दाबन्दीको अवधिमा सरकारी कार्यालय, स्कुल, कलेज, औद्योगिक प्रतिष्ठान, यातायातलगायतका विविध गतिविधि बन्द रहेका छन्। कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरूको सेवासमेत अवरूद्ध छ। यस अवस्थामा कानूनमा स्पष्ट व्यवस्था नभएको, कानूनले सहयोग नगरेको वा कानूनी मौनता रहेको कुरालाई टेकेर अदालत वा अन्य कुनै न्यायिक वा अर्ध-न्यायिक निकायमा पहुँचको हकबाट वञ्चित गर्नु धारा २० द्वारा प्रत्याभूत स्वच्छ सुनुवाइको हक प्रतिकूल हुन जान्छ। यस दृष्टिले हेर्दासमेत वर्तमान विषम परिस्थितिबाट उत्पन्न जटिलता वा कठिनाइहरूको विवेकपूर्ण समाधान हुने गरी

आवश्यक आदेश जारी गर्नु यस अदालतको कर्तव्य बन्न गएको देखियो।

६२. आदेश जारी गर्ने संवैधानिक सक्षमताको दृष्टिले हेर्दा नेपालको संविधानको धारा १३३ मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भनी उल्लेख गरिएको छ। धारा १३३ को उपधारा (३) मा "असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ" भनी उल्लेख छ। उल्लिखित धारा १३३ को उपधारा (३) बमोजिम आदेश जारी गर्दा उपधारा (२) मा उल्लिखित अवस्थाहरू देखिनु पर्याप्त हुन्छ। सो अवस्था कसको प्रतिवेदन वा रिट निवेदनबाट देखियो भन्ने कुरा सामान्य प्रक्रियागत र गौण विषय हो। कोभिड-१९ को महामारी सार्वजनिक सरोकार र चासोको विषय हो भन्ने कुरामा विवाद छैन। विपद्को यस अवस्थाका लागि व्यक्तिको मौलिक तथा कानूनी हकको निर्वाध प्रयोग गर्ने कुरालाई कानूनी व्यवस्थाले नसमेटेको वा सबै पक्षमा पर्याप्त सम्बोधन नभएको अवस्थाका बारेमा माथि नै विवेचना गरिसकिएको छ। मौलिक तथा कानूनी हक प्रभावित भएको वा हुन जाने अवस्था रहेको वर्तमान सन्दर्भमा सार्वजनिक हित, चासो र सरोकारको संरक्षणका लागि नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) का आधारमा आवश्यक आदेश जारी गर्नु यस अदालतको कर्तव्य नै बन्दछ। यसलाई अदालतमा अन्तर्निहित अधिकार (Inherent power) को रूपमा पनि लिन सकिन्छ र यसलाई विपद्को परिस्थितिबाट सिर्जित कानूनी जटिलतालाई सम्बोधन गर्ने एउटा संविधानसम्मत मार्गको रूपमा ग्रहण गर्नु मनासिब हुन्छ। सर्वोच्च अदालतलाई संविधानको धारा १३३ बमोजिम प्रदान गरिएको "असाधारण अधिकार" को प्रयोग कोभिड-१९ वा यस्तै प्रकृतिका "असाधारण परिस्थिति" बाट सिर्जित कानूनी रिक्तता तथा जटिलताको सम्बोधन गर्नका लागि वाञ्छनीय हुने कुरामा विमति राख्नु पर्ने उचित कारण देखिँदैन।

६३. प्रस्तुत विषयका सन्दर्भमा कानून नै निर्माण गरी सम्बोधन गर्नुपर्ने विषयमा अदालत आफैँले विधायिकी प्रकृतिको आदेश गर्नु कति उचित हुन्छ भनी छलफलका क्रममा प्रकारान्तरले प्रश्न उठाइएको पनि देखिएको छ। वस्तुतः यो प्रश्न शक्ति-पृथकीकरणको अवधारणासँग सम्बन्धित रहेको देखिन्छ। नेपालको संविधानले शक्ति-पृथकीकरणको अवधारणालाई आत्मसात् गरी राज्य शक्तिको बाँडफाँट गरेको छ। राज्यका प्रत्यक अङ्ग र निकायहरूले संविधानद्वारा निर्धारित परिधिभित्र रही आ-आफ्नो अधिकारको प्रयोग र जिम्मेवारीको निर्वाह गर्नुपर्दछ। यस कुरामा विवाद गरिरहनु पर्ने कुनै कारण छैन। न्यायपालिका संविधानद्वारा निर्धारित सीमा र परिधिभित्र रही आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न प्रतिवद्ध छ। आफ्नो संवैधानिक सीमा र जिम्मेवारीप्रतिको संवेदनशीलता यस अदालतबाट विगतमा पनि कतिपय विवादका सन्दर्भमा दृष्टिकोण प्रस्ट पारिएको पनि छ। न्यायपालिका स्वयम् आफ्नो संवैधानिक सीमाभित्र रहने र अन्य अंङ्गहरूलाई पनि तत्ततत् सीमाभित्र राख्न भूमिका निर्वाह गर्ने कुरामा न्यायपालिका सजग र सचेष्ट रही आएको पनि छ। त्यसैले पनि

अहिलेको प्रसङ्गमा आदेश जारी गर्दा कुनै संवैधानिक सीमा उल्लङ्घन होला कि भनी सम्झनु पर्ने कारण देखिँदैन। यसै सन्दर्भमा अर्को के कुरा पनि विचारणीय छ भने वर्तमान कोभिड-१९ महामारीको कारणबाट न्यायिक प्रक्रिया र व्यवस्थापनमा देखा परेका र पर्ने कठिनाइ, अप्ठ्यारो वा रिक्ततालाई सम्बोधन हुने गरी आवश्यक कानूनी प्रावधान व्यवस्थापकीय माध्यमबाट निर्माण भएको अवस्था हुन्थ्यो भने यस अदालतले प्रस्तुत विषयमा विचार गरिरहनु पर्ने आवश्यकता नै रहने थिएन। प्रस्तुत आदेश जारी हुँदाको अवस्थासम्म त्यस्तो कानूनको निर्माण भइसकेको छैन। यो सुनुवाइ कुनै, रहर, लहड वा महत्त्वाकांक्षा राखेर, वा बौद्धिक विलासका लागि सुनुवाइको प्रक्रिया अपनाइएको होइन भन्ने कुरा विषय-सन्दर्भबाट नै प्रस्ट देखिन्छ। वस्तुतः प्रस्तुत विषय विधायिकाद्वारा निर्मित कानूनमा परिवर्तन गर्ने, संशोधन वा खारेज गर्ने वा कुनै कुरा विस्थापन गर्ने कुराप्रति पनि लक्षित छैन। यसबाट कसैको नभएको हक अधिकार सिर्जना हुने वा भएको हक अधिकार समाप्त हुने वा कुनै हक दायित्व पैदा हुने अवस्था पनि छैन। यो अदालत संविधानद्वारा निर्धारित सीमाभित्र रही न्यायिक आत्मसंयमता अपनाई आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न प्रतिवद्ध र संवेदनशील रही आएको छ। प्रस्तुत सुनुवाइ केवल कोभिड-१९ महामारीको प्रतिकूल परिस्थितिका कारणबाट उत्पन्न भएको र निकट भविष्यमा आइपर्ने कानूनी जटिलता वा कठिनाइलाई सम्बोधन गरी न्यायमा सेवाग्राहीहरूको पहुँच कायम गर्ने, सरोकारवालाहरूको स्वास्थ्य सुविधा कायम राख्ने, स्वच्छ सुनुवाइको प्रत्याभूति दिने र सार्वजनिक हक हित र सरोकारको रक्षा गर्ने कुरामा सम्म परिलक्षित छ। अहिलेको प्रतिकूल परिस्थितिमा न्यायको ढोका खुला नराखी प्राविधिक रूपमा कानूनी अड्चन देखाएर न्यायका सेवाग्राहीहरूको वैध अपेक्षालाई कोरोनाको कहरसँग नै अलपत्र छाडिदिने कुरा विवेकपूर्ण हुँदैन भन्ने यो इजलासको स्पष्ट मत रहेको छ।

६४. पूर्व अभ्यासका दृष्टिले हेर्दा पनि यस अदालतले बेला-बखत कानूनी जटिलता वा असामञ्जस्यताको स्थितिमा आदेशहरू जारी गरी कानूनी जटिलता फुकाएका र कानूनी बन्देजहरू (Normative Provisions) को व्यवस्था गरेका दृष्टान्तहरू देखिन्छन्। सूचनाको हक कार्यान्वयन सम्बन्धमा रहेका कानूनी अभाव-पूर्ति गर्न र सूचनाको हक प्रचलनका लागि यस अदालतबाट आवश्यक नियमनकारी आदेश जारी भएको छ[9]। पीडित महिला, बालबालिका तथा एच.आई.भि. / एड्स संक्रमित मानिसहरूको न्यायिक प्रक्रियाका सन्दर्भमा पहिचानमा गोपनीयता कायम गर्ने सम्बन्धमा यस अदालतबाट जारी गरिएको आदेशबाट तत्कालीन कानूनी रिक्तता-पूर्ति गर्ने काम भएको देखिन्छ[10]। यसैगरी, सार्वजनिक सरोकारको विवाद अदालतमा ल्याउने, यसको सुनुवाइ गर्नेलगायतका विविध विषयमा यस अदालतबाट जारी गरिएको आदेश / मार्गदर्शन स्वयम्मा पनि कानूनी बन्देजसरहका देखिन्छन्[11]। क्याबिन रेष्टुरेन्टस र डान्स बारमा काम गर्ने महिलाहरूको सम्मान र संरक्षणको लागि यस अदालतले केही कानूनी बन्देजसहितको आदेशहरू जारी गरेको छ।[12] उल्लिखित दृष्टान्तहरूबाट व्यक्तिको हक अधिकार संरक्षण गर्न तथा सार्वजनिक सरोकारका विषयमा न्यूनतम कानूनी बन्दोबस्त मिलाउन यस अदालतबाट आदेशहरू गर्ने अभ्यास गरी आएको देखिन्छ। कानूनले

9 गोपाल सिवाकोटीसमेत वि. अर्थ मन्त्रालयसमेत ने.का.प. २०५१, अङ्क ४, नि. नं. ४८९५

10 महिला, कानून र विकास मञ्चका तर्फबाट अख्तियारप्राप्त साथै आफ्नो तर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ने.का.प. २०६४, अङ्क ९, निर्णय नं. ७८८०

11 भीमसेन पोखरेलसमेत वि. व्यवस्थापिका संसद् सचिवालयसमेत ने.का.प. २०७०, अङ्क १, नि.नं.८९४० (पूर्ण ई.)

12 जनहित संरक्षण मञ्चको तर्फबाट प्रकाशमणि शर्मासमेत वि. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेत, ने.का.प.२०६५, नि.नं.८००५, पृ. ९९९

सबै परिस्थितिको आँकलन गर्न नसकेको वा कानूनको प्रयोग गर्दा स्पष्टतः अन्याय हुने स्थिति रहेको अवस्थामा कानूनको शाब्दिक, सङ्कुचित र प्राविधिक व्याख्या नगरी "उद्देश्यमूलक व्याख्या" (Purposive interpretation of law) गरी न्यायपूर्ण अवस्था कायम गर्नु यस अदालतको दायित्व पनि हो। यो दायित्व निर्वाह गर्नबाट अदालत विमुख हुन सक्दैन[13]। हदम्याद वा म्याद, तारेख थामी दिने विषय मुद्दाका पक्षलाई पर्न गएको समस्या निराकरणका लागि प्रदान गरिएको कानूनी सुविधा भएकाले सो व्यवस्थाको दुरूपयोग गरेको देखिएमा बाहेक सामान्यतयाः यो व्यवस्थाको लाभ सम्बन्धित पक्षलाई दिनुपर्दछ। कुनै प्राविधिक समस्या उठाई न्याय पाउने व्यक्तिको सारभूत विषयबाट नै विमुख पार्ने न्यायिक प्रक्रिया र प्रणालीको उद्देश्य होइन। हदम्याद, म्याद, तारिख थाम्न दिनुको एउटा उद्देश्य न्यायमा सहज पहुँच कायम गर्ने र त्यसको अनुभूति सेवाग्राहीलाई दिलाउने भन्ने पनि हो। पक्षले कसरी न्याय पाउन सक्छन्, त्यस्तोमा सानातिना प्राविधिक कुराहरूले के कति मात्रामा बाधा अवरोध खडा गर्ने गरेका छन्, सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी त्यस्ता प्रकारका समस्याको निराकरणतर्फ न्यायपालिकाले आफूलाई अग्रसर गराउनै पर्दछ भनी यस अदालतबाट व्याख्या भएकोसमेत देखिन्छ[14]।

६५. अतः नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको "स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको" अवधारणा, धारा २०(९) बमोजिमको सेवाग्राहीको न्यायमा पहुँच तथा स्वच्छ सुनुवाइसम्बन्धी हक, संविधानको धारा ३५ बमोजिमको नागरिकको स्वास्थ्यसम्बन्धी हक र धारा ४६ द्वारा प्रत्याभूत संवैधानिक उपचारको हकसमेतको संरक्षणका लागि सार्वजनिक चासो र सरोकारको प्रस्तुत विषयमा न्यायपालिकामा अन्तर्निहित अधिकार तथा संविधानको धारा १२६, १२८ तथा १३३ को उपधारा (२) र (३) बमोजिमका अधिकारको समेत प्रयोग गरी कोभिड-१९ को कारणबाट उत्पन्न कठिनाइ, अप्ठ्यारो र असहजतालाई उचित रूपमा सम्बोधन गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको र अब आइपर्न सक्ने महामारी वा गम्भीर संकटको अवस्थालाई समेत विचार गरी देहायबमोजिमका कुरामा देहायबमोजिम गर्ने, गराउने गरी यो आदेश जारी गरिएको छः

क. यस अदालतको पूर्ण बैठकबाट मिति २०७६/१२/७ मा भएको निर्णयअनुसार अदालतबाट प्रदान हुने नियमित सेवा-प्रवाह बन्द गरिएको मिति २०७६ साल चैत्र ९ गतेदेखि बन्दाबन्दी (Lockdown) खुलेको मितिसम्मको अवधिलाई न्यायिक काम कारबाहीको प्रयोजनका लागि "शून्य अवधि" (Zero Period) मान्ने। यो "शून्य अवधि" लाई हदम्याद, म्याद, तारिख वा यस्तै अदालतमा वा कुनै न्यायिक वा अर्ध न्यायिक निकायमा प्रस्तुत गर्नुपर्ने फिरादपत्र, प्रतिउत्तरपत्र, अभियोगपत्र, पुनरावेदनपत्र, कुनै खास म्याद वा अवधिमा दिनु पर्ने भनी किटान गरिएका निवेदन, लिखित जवाफ फैसला कार्यान्वयनका लागि दिने निवेदन आदि सबै प्रकारका कानूनी काम कारबाही प्रयोजनका लागि गणना नगर्ने।

13 उद्देश्यमूलक व्याख्या सम्बन्धमा निम्न भनाइहरू उद्धृत गर्नु सान्दर्भिक देखिन्छः

१. "Whenever the strict interpretation of a statute gives rise to an absurd and unjust situation, the judges can and should use their good sense to remedy it – by reading words in, if necessary - so as to do what Parliament would have done, had they had the situation in mind". - **(Lord Denning in Nothman v Barnet London Borough Council [1978] 1 All ER 1243);**

2. "To apply the words literally is to defeat the obvious intention of the legislature and to produce a wholly unreasonable result. To achieve the obvious intention and to produce a reasonable result we must do some violence to the words…" - (Lord Reid in Luke v IRC [1963] AC 557).

14 यमुनादेवी चौधरीसमेत विरूोद्ध चन्द्रकान्त मण्डलसमेत, ने.का.प. २०६६ चैत, अङ्क १२, नि.नं. ८२८४, पृष्ठ २०२७

ख. अदालतबाट प्रवाह हुने सेवा बन्द गरिएको मिति २०७६/१२/९ गतेसम्म कुनै फिरादपत्र, अभियोगपत्र, प्रतिउत्तरपत्र दायर गर्न, प्रतिउत्तरसरहको बयान गर्न, पुनरावेदन वा निवेदन गर्न अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुने हदम्याद वा म्याद बाँकी रहेको भई बन्दाबन्दीको अवधिमा सो हदम्याद, म्याद वा यसबिचको तारिख गुज्रिएकाहरूको हकमा बन्दाबन्दी खुलेको मितिले बाटोको म्यादबाहेक ३० (तीस) दिनभित्र फिराद, प्रतिउत्तर, अभियोगपत्र, प्रतिउत्तरसरहको बयान, पुनरावेदन वा निवेदन आदि दिन आएमा वा तारिखमा बस्न आएमा सोलाई हदम्याद वा म्यादभित्र दायर गर्न ल्याएको तथा तारिख नगुज्रिएको मानी अरू कुराको रीत पुगेको भए कानूनबमोजिम कारबाही र सुनुवाइ गर्ने। अवस्था र सन्दर्भअनुसार यो व्यवस्था देवानी, फौजदारी, रिट निवेदनलगायत सबै प्रकृतिका काम कारबाहीमा लागू हुनेछ।

<u>स्पष्टीकरण:</u>

अ. विषय वा सन्दर्भले अर्को अर्थ नलागेमा यो आदेशको उपर्युक्त प्रकरण ६५ (ख) को प्रयोजनका लागि "निवेदन" भन्नाले फिरादपत्रसरहको निवेदन, मुद्दामा भएका थुनछेक आदेश वा अन्तरकालीन आदेशउपर पुनरावेदन सुन्ने अदालतमा गरिने निवेदन, मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन, पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन, पुनरावलोकनसम्बन्धी निवेदन, फैसला कार्यान्वयनका लागि दिइने निवेदन, दण्ड जरिवानामा छुट सुविधा पाउँ भन्ने निवेदन वा यस्तै प्रकृतिका न्यायिक प्रक्रियाका सन्दर्भमा निश्चित समयावधिभित्र अदालतमा पेस गर्नुपर्ने अन्य निवेदनहरूलाई समेत जनाउने छ।

आ. यस आदेशको प्रयोजनका लागि "बन्दाबन्दी खुलेको" भन्नाले देहायको अवस्थामा देहायबमोजिम हुनेछः

१. कुनै सेवाग्राही बसोबास गरी आएको जिल्लामा बन्दाबन्दी खुलेको तर सेवा प्राप्त गर्नुपर्ने जिल्ला वा गाउँपालिका वा नगरपालिकामा बन्दाबन्दी कायम रहेको अवस्थामा निजको हकमा बन्दाबन्दी खुलेको मानिने छैन।

२. सेवाग्राही बसोबास गरी आएको जिल्ला / गाउँपालिका / नगरपालिका तथा सेवा प्राप्त गर्ने जिल्ला / गाउँपालिका / नगरपालिका दुवै ठाउँमा बन्दाबन्दी खुलेको भएपनि सेवाग्राही रहेको जिल्लाबाट सेवा प्राप्त गर्ने जिल्लामा जाँदा बिचमा अन्य जिल्ला भई जानु पर्ने रहेछ र त्यस्तो बिचको (बाटोमा पर्ने) जिल्लामा बन्दाबन्दी कायम रहेको भए त्यस्ता सेवाग्राहीको प्रयोजनका लागि बन्दाबन्दी खुलेको मानिने छैन। **<u>उदाहरणका लागि:</u>** दाङका सेवाग्राहीले कञ्चनपुरमा सेवा प्राप्त गर्नुपर्ने अवस्थामा बाँके, बर्दिया वा कैलालीमा बन्दाबन्दी कायम रहेको रहेछ भने निजको हकमा बन्दाबन्दी खुलेको मानिने छैन।

३. देशभर वा जिल्लास्तरमा बन्दाबन्दी खुलेको आदेश जारी भएको, तर स्थानीय गाउँपालिका वा नगरपालिका वा सोको कुनै भाग वा वडा-क्षेत्रलाई सिलबन्दी गरेर वा यस्तै अन्य आदेशबाट आवत-जावत वा हिँडडुल गर्न प्रतिबन्ध लगाइएको अवस्था भएमा त्यस्तो क्षेत्रमा बसोबास

गरिआएका सेवाग्राहीको हकमा सो स्थानमा बन्दाबन्दी खुलेको मितिले उपर्युक्त प्रकरण ६५ (ख) मा उल्लेख भएबमोजिमको ३० (तीस) दिनको अवधि प्रारम्भ हुनेछ।

४. घरमा बस्नु पर्ने, हिँड्डुल गर्न नपाउने जस्ता कुरामासम्म बन्दाबन्दी खुलेको तर सार्वजनिक यातायात सञ्चालन नभएको अवस्थालाई बन्दाबन्दी खुलेको मानिने छैन।

५. कुनै गाउँ वा नगरपालिकामा वा जिल्लामा वा देशभर बन्दाबन्दी खुलेकोमा पुनः सो ठाउँमा ३० (तीस) दिनभित्र बन्दाबन्दी लागू गरियो भने पहिलेदेखि नै निरन्तर बन्दाबन्दी कायम रहेको सरह मानेर यो आदेशबमोजिमको सुविधा आनुषङ्गिक रूपमा प्रदान गर्नुपर्ने छ।

६. उपर्युक्त प्रकरण (१), (२), (३) वा (४) बमोजिम सुविधा पाउने अवस्थाका सेवाग्राही वा निजको कानूनबमोजिमको प्रतिनिधि अदालत खुला रहेको अवस्थामा सेवा प्राप्त गर्न आएमा निजलाई कानूनबमोजिमको न्यायिक सेवा प्रदान गर्न कुनै कानूनी बाधा पर्ने छैन।

ग. बन्दाबन्दीको अवस्था प्रारम्भ हुनुभन्दा अगाडि नै (मिति २०७६/१२/०९ गतेभन्दा अगाडि) तारिख गुजारेको र कानूनबमोजिम थाम्न थमाउन पाउने अवस्था बाँकी नरहेकाहरूका हकमा यो आदेशबमोजिमको सुविधा प्रदान गरिने छैन । सोबाहेक बन्दाबन्दीको कारणबाट तारिख गुज्रिएकाहरूका हकमा बन्दाबन्दी खुला भएको मितिले बाटोको म्यादबाहेक ३० (तीस) दिनभित्र अदालत वा सम्बन्धित न्यायिक वा अर्धन्यायिक निकायमा हाजिर हुन आएमा तारिख नगुज्रिएको मानी निजलाई तारिखमा राखी मुद्दामा अरू काम कारबाही गरिनेछ।

घ. यस अदालतको पूर्ण बैठकको निर्णय तथा नेपाल सरकारको मिति २०७६/१२/९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम बन्दाबन्दी भएको हुँदा यस विषयलाई प्रमाण ऐन, २०३१ को दफा ५ को उपदफा (१) को खण्ड (च) तथा उपदफा (२) बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने निकायले स्वयम् न्यायिक जानकारीमा लिनु पर्नेछ। यस विषयमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५९, दफा २२५(२), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ वा अन्य प्रचलित कानूनमा रहेका सोही प्रकृति र प्रयोजनका लागि बन्दाबन्दीको कारणबाट हदम्याद, म्याद वा तारिख गुज्रेको कारण खुलाई सम्बन्धित पक्षले प्रमाण पेस गर्नुपर्ने छैन र सो प्रयोजनका लागि निवेदनसमेत दिनु / लिनु अनिवार्य हुने छैन।

ङ. बन्दाबन्दी सुरू भएको मितिभन्दा अगाडि प्रमाणीकरण भएका र बन्दाबन्दी प्रारम्भ भएको मिति २०७६/१२/९ सम्म पुनरावेदन गर्ने म्याद रहेका वा बन्दाबन्दीको अवधिमा प्रमाणीकरण भएका फैसलाउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५ समेतका प्रचलित नेपाल कानूनबमोजिम पुनरावेदन गर्ने प्रयोजनका लागि बन्दाबन्दी खुलेको मितिलाई प्रमाणीकरण भएसरह मानेर तदनुसार म्याद कायम गरी पुनरावेदन दर्ता गर्नुपर्नेछ।

च. मुद्दा दर्ता हुँदाको अवस्थामा आर्थिक असमर्थताको कारणबाट तत्काल कानूनबमोजिम लाग्ने कोर्ट फी दाखिल गर्न नसक्ने पक्षहरूको हकमा विवादको प्रकृति, मुद्दामा उल्लेख भएको बिगो अङ्कलगायत तत्काल प्रस्तुत हुन आएका फिरादपत्र, निवेदनपत्रसमेतका कागजात हेरी न्यायोचित रूपमा औचित्य

विचार गरी मनासिब देखिएमा कमजोर आर्थिक अवस्थाको पुष्ट्याइँका लागि कुनै निकायबाट सिफारिस गरिएको नभए पनि पछि मुद्दामा फैसला भएपछि ठहरेबमोजिम हुने गरी तत्काल कोर्ट फी रकम दाखिल गर्नु नपर्ने सुविधा दिन सकिनेछ।

छ. बन्दाबन्दी खुलेको मितिले ३० (तीस) दिनभन्दा पछिसम्म कुनै सेवाग्राहीको हदम्याद, म्याद वा तारिख कायम रहने अवस्था रहेछ भने निजको हकमा प्रचलित कानूनबमोजिमको (अर्थात् बन्दाबन्दी खुलेको मितिले ३० दिनभन्दा पछिसम्मको) हदम्याद, म्याद कायम रहनेछ।

ज. बन्दाबन्दीको सन्दर्भमा विवादका पक्ष (सेवाग्राही) लाई प्रदान गरिएको यस आदेशबमोजिमको सुविधाको कारणबाट निजले प्रचलित कानूनबमोजिम थाम्न थमाउन पाउने हदम्याद, म्याद वा तारिखको कुरामा असर पर्ने छैन। प्रचलित कानूनअनुसार पाउने समय, मौका, अवसर वा सुविधा निजलाई प्रदान गर्नुपर्नेछ।

झ. यो आदेशमा उल्लेख भएअनुसारको सुविधा विषय र सन्दर्भअनुसार देवानी, फौजदारी, रिट निवेदनलगायत सबै प्रकारका न्यायिक तथा अर्धन्यायिक निकायबाट हेरिने कानूनी विवादमा प्रदान गरिनेछ।

ञ. प्रस्तुत आदेशमा उल्लेख भएको कुनै कुराले कुनै फौजदारी मुद्दामा पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने, निजको अनुमतिले मात्र थुनामा राख्न सकिने, कानूनमा तोकिएबमोजिम हिरासतमा राख्ने निश्चित अवधिभन्दा बढी थुना / हिरासतमा राख्न नपाउने जस्ता कुराहरूलाई अन्यथा प्रतिकूल असर पार्ने छैन। यसप्रकारका विषयमा प्रचलित कानूनमा उल्लेख भएअनुसारको म्याद / अवधिअनुसार नै हुनेछ।

ट. यो आदेशबमोजिमको सुविधा अवस्थानुसार अदालत-प्रेषित मेलमिलाप तथा मध्यस्थतासम्बन्धी काम कारबाहीका विषयमा समेत सन्दर्भअनुसार प्रदान गर्नुपर्नेछ।

ठ. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने मुद्दामा तीस दिनभित्र सुनुवाइ गरिसक्नु पर्नेमा बन्दाबन्दीको कारणबाट सुनुवाइ हुन नसकेको अवस्थाका सन्दर्भमा सोसम्बन्धी सबै मुद्दामा सजाय निर्धारण गर्न मुद्दाको पेसी तोक्नेलगायतका कार्यतालिका निर्धारण गरी बन्दाबन्दी खुलेको मितिले ३० (तीस) दिनभित्र सुनुवाइ कार्य सम्पन्न गरिसक्नुपर्ने छ। तर तारिखमा रहेका कुनै व्यक्ति (प्रतिवादी) को हकमा सजाय निर्धारण गर्नु पर्दा निज अदालतमा तारिख लिन उपस्थित भएको मितिले ३० दिनभित्र सजाय निर्धारण गर्नेसम्बन्धी कार्य पूरा गर्नुपर्ने छ।

ड. कुनै सेवाग्राही विदेशमा रहेको र कोभिड-१९ महामारीको कारण सो मुलुकमा बन्दाबन्दी भएको वा सार्वजनिक यातायातको साधन सञ्चालन नभएको अवस्था भएमा निज नेपाल आउन सक्ने यातायातको साधन सञ्चालन भएको मितिले ३० (तीस) दिनभित्र विदेशमा रहेको र सो स्थानसम्म यातायातको साधन सञ्चालन नभएको पुष्ट्याइँको लागि आवश्यक प्रमाणसहित निवेदन दिन आएमा यो आदेशबमोजिमको सुविधा प्रदान गर्नुपर्नेछ।

ढ. बन्दाबन्दी खुलेको ३० दिनभित्र अदालतमा उपस्थित हुनुपर्ने कुनै व्यक्ति अदालतमा उपस्थित हुन

नपाउँदै बन्दाबन्दी खुलेको ३० दिन बिचको अवधिमा कोरोना भाइरसको कारणबाट क्वारेन्टाइन वा आइसोलेसनमा बस्नु परेको रहेछ भने क्वारेन्टाइन वा आइसोलेसनमा बसेको र त्यहाँबाट फुर्सद पाएको कुराको पुष्टि हुने सम्बन्धित चिकित्सकको सिफारिस वा यस्तै अन्य सरकारी कार्यालयबाट प्रमाणित लिखतसहित सो अवस्थाबाट फुर्सद पाएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र निज हाजिर हुन आएमा निजको हदम्याद, म्याद वा तारिख गुज्रिएको मानिने छैन।

ण. यस आदेशमा उल्लेख नभएको न्यायिक वा अर्धन्यायिक काम कारबाहीको विषयमा कुनै द्विविधा, अस्पष्टता वा कार्यान्वयनमा कठिनाइ पैदा हुन आएमा यस आदेशमा उल्लेख भएका कुराहरूको सर्वमान्यता प्रतिकूल नहुने गरी आनुषङ्गिक रूपमा कार्यान्वयन गर्न सकिने छ।

त. कोभिड-१९ सम्बन्धी महामारीको कारणबाट पक्ष वा निजको कानूनबमोजिमको प्रतिनिधि मुद्दा परेको अदालतमा उपस्थित हुन नसक्ने अवस्था भएमा विद्युतीय माध्यमद्वारा पनि सम्बन्धित अदालतमा फिरादपत्र, प्रतिउत्तरपत्र वा निवेदनपत्र पेस गर्ने र अदालतबाट विद्युतीय माध्यमद्वारा तारिख दिने गरी आवश्यक व्यवस्था मिलाउन सकिनेछ। यससम्बन्धी आवश्यक प्रक्रिया, कार्यप्रणाली निर्धारण गरी कार्यान्वयनमा ल्याउन अदालत प्रशासनलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ।

थ. बन्दाबन्दी खुलेपछि सम्भावित रूपमा सेवाग्राहीहरूको ठूलो सङ्ख्या अदालतमा आउन सक्ने कुरा विचार गरी सेवा प्रवाहलाई व्यवस्थित गर्न प्रत्येक अदालतले सेवा प्रवाहको कार्यतालिकासहितको कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्नेछ। बन्दाबन्दी खुलेको पहिलो तीन दिन सेवा प्रवाहको लागि आन्तरिक आवश्यक पूर्वतयारी कार्य गर्ने र त्यसपछि व्यवस्थित र नियमित रूपमा कार्य सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ। यसरी निर्माण गरिएको कार्यतालिका सरोकारवालाहरूको जानकारीका लागि उपयुक्त माध्यमबाट प्रकाशन, प्रशारण गराउनु पर्नेछ। यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन अदालत प्रशासनलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ।

६६. मुद्दा तथा रिट महाशाखाको प्रतिवेदन तथा रिट निवेदनमा उल्लेख भएका प्रशासनिक प्रकृतिका अदालत तथा मुद्दा व्यवस्थापनसँग सम्बन्धित काम कारबाहीको विषय प्रशासनिक व्यवस्थापनको तहबाट नै हुने / गर्न सकिने प्रकृतिको देखिँदा सोतर्फ यस इजलासबाट विचार गरिरहन परेन।

६७. प्रस्तुत विषयमा सुनुवाइका लागि सार्वजनिक सरोकारको निवेदन गर्नु हुने निवेदकहरू, प्रतिवेदकहरू, अदालतको सहयोगी (Amicus Curiae) को रूपमा लिखित बहसनोट पेस गर्नु हुने विद्वान् महान्यायाधिवक्ता तथा लिखित बहसनोट पेस गरी इजलाससमक्ष उपस्थित भई बहससमेत गर्नु हुने विद्वान् वरिष्ठ अधिवक्ताहरू, विद्वान् अधिवक्ताहरू, विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मी, लिखित बहसनोट उपलब्ध गराई सहयोग गर्नु हुने विद्वान् अधिवक्ता श्री ईश्वरीप्रसाद भट्टराई तथा सुनुवाइ प्रक्रिया र आदेश तयारीको कार्यमा सहजीकरण गर्नु हुने मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला, रजिस्ट्रारहरू श्री लालबहादुर कुँवर र श्री नारायणप्रसाद पन्थी, सहरजिस्ट्रारहरू श्री नारायणप्रसाद रेग्मी, श्री विमल पौडेल, श्री नेत्रप्रकाश आचार्य र श्री वेदप्रसाद उप्रेती र इजलास अधिकृतहरू श्री भीमबहादुर निरौला, श्री ध्रूवराज कार्की, श्री उद्धवप्रसाद गजुरेलसहित सम्बन्धित सबै राष्ट्रसेवक कर्मचारीहरूलाई यो इजलास हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

६८. यो आदेशको जानकारी मातहतका सबै उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत, न्यायाधिकरणहरू,

महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एसोसिएसन तथा सर्वोच्च अदालत बारलाई दिनू । साथै, न्यायिक काम कारबाही गर्ने विभिन्न निकाय वा कार्यालय (अर्धन्यायिक निकाय) हरूको जानकारीका लागि ती निकायहरू सम्बद्ध मन्त्रालयहरूमा समेत लेखी पठाई दिनू ।

६९. प्रतिवेदन तथा रिट निवेदनसमेतको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उपर्युक्त रायमा हाम्रो सहमति छ ।
प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.
न्या.दीपककुमार कार्की
न्या.मीरा खडका
न्या.हरिकृष्ण कार्की
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ
न्या.डा.आनन्दमोहन भट्टराई
न्या.अनिलकुमार सिन्हा
न्या.प्रकाशमान सिंह राउत
न्या.सपना प्रधान मल्ल
न्या.तेजबहादुर के.सी.
न्या.पुरूषोत्तम भण्डारी
न्या.बमकुमार श्रेष्ठ
न्या.टंकबहादुर मोक्तान
न्या.प्रकाशकुमार ढुंगाना
न्या.सुष्मालता माथेमा
न्या.कुमार रेग्मी
न्या.हरिप्रसाद फुयाल
न्या.डा.मनोजकुमार शर्मा

इति संवत् २०७७ साल जेष्ठ १५ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।२।१८
०७६-WO-०९५८

विषयः अन्तरिम आदेश जारी गरिपाऊँ ।

निवेदक : अधिवक्ता डा. पुण्यप्रसाद खतिवडासमेत .....
विरूद्ध
विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत .....

मुद्दा : उत्प्रेषण

आदेश

न्या.प्रकाशमान सिंह राउत : यसमा अन्तरिम आदेश छलफलको लागि पेस भएको निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरियो ।

निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री मुकुन्द शर्मा पौडेल, डा. श्री दिनेश त्रिपाठी तथा विद्वान् अधिवक्ताहरू डा. पुण्यप्रसाद खतिवडा, श्री सुरेन्द्र विक्रम के.सी., श्री विष्णु लुइँटेल, श्री नारायणप्रसाद दुवाडी, श्री विष्णुप्रसाद भण्डारी, श्री विकास भट्टराई, श्री किर्तीनाथ शर्मा पौडेल, श्री अनन्तराज लुइँटेल, श्री चिरन्जिवी ढकाल, श्री ज्ञानेन्द्रराज आरण, श्री कमल कोइराला, श्री विशालकुमार उपाध्याय, श्री जगन्नाथ मिश्र, श्री पारसमणि भट्टराई, श्री चन्द्रप्रसाद गुरागाई, श्री प्रवल सिन्धु गुप्ता, श्री दिपक दुवे, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री उत्तमबहादुर श्रेष्ठ, श्री प्रमोदकुमार थापा, श्री केशरमणि अर्याल, श्री तुलसीबहादुर कार्की, श्री दिपक विक्रम मिश्र, श्री लक्ष्मी (नानी) थापा, श्री चण्डिका ढकाल, श्री छोनाम मोक्तान, श्री हरिकृष्ण श्रेष्ठ र श्री नवराज पाण्डेले तथा विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सन्जीवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत रिट निवेदन विश्व नै आतङ्कित बनाएको कोरोना भाइरस महामारी (COVID-19) सँग सम्बन्धित रहेको देखिएकोले वर्तमान अवस्थामा यसको शीघ्रातिशीघ्र नियन्त्रण तथा रोकथाम गरी यसको दुष्प्रभावबाट आम नागरिकको जीवन रक्षा गर्नुपर्ने भएको छ । कोरोना भाइरसले हाम्रै मुलुकमा पनि हजारभन्दा माथिको सङ्ख्यालाई सङ्क्रमित बनाइसकेको र सोही कारण केहीले मृत्युसमेत वरण गर्न परेको दु:खद् र अप्रिय हालको अवस्थामा राज्य, सरकार तथा संविधान कानूनबमोजिमका सम्पूर्ण निकाय, संस्था र नागरिक सबै बढी जिम्मेवार हुनै पर्ने भएको छ । कोरोना भाइरसबाट सिर्जित कैयौं घटनाको कारण कतिपय व्यक्ति बेसहारा र बिचल्लीमा परी आफ्नो जीवनको रक्षा खातिर राज्य, सरकार र सबैसँग अनुनय विनय गरेको कारूणिक, कहालिलाग्दो र अमानवीय

दृश्यहरूले हाम्रो मनोविज्ञान नै त्रसित हुन पुगेको छ।

नेपालको संविधानको धारा १६ मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र धारा ३५(१) मा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी संवैधानिक प्रावधान रहेको पाइन्छ। यस्तो बाँच्न पाउने संविधान प्रदत्त मौलिक हकअन्तर्गत नागरिकको अमूल्य जीवनको रक्षा गर्न सकिएन भने उसका लागि राज्य, सरकार र संविधानको कुनै अर्थ हुँदैन। अत्यन्त असहज, कठिन र विषम परिस्थितिमा नागरिकले आफ्नो राज्य र सबै तहको सरकार तथा सबै जिम्मेवार निकायबाट सार्थक सहयोगको अपेक्षा राख्नुलाई अनुचित भन्न पनि मिल्दैन। अरू जेसुकै भए पनि मानिसको बाँच्न पाउने हकमा राज्य र सरकार उदासीन हुन सक्दैन र पाउँदैन। नागरिकको बाँच्न पाउने मौलिक हक र मानव अधिकारप्रति राज्य संवेदनशील हुन सकेन भने आघात पुगेको संविधान प्रदत्त मौलिक हक प्रचलनको रक्षार्थ यस अदालतबाट आफ्नो संवैधानिक सीमा र न्यायको मान्य सिद्धान्तको अन्तरनिहित अधिकारअन्तर्गत उपयुक्त र न्यायोचित आदेश दिनु पर्ने हुन्छ। तसर्थ, कोरोना भाइरसले मुलुक आक्रान्त भएको कठिन र असहज अवस्थामा आम नेपाली नागरिकको जीवन रक्षाको खातिर अविलम्ब देहायबमोजिमको कार्य सम्पादन गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाउँमा यो अन्तरिम आदेश जारी गरिदिएको छः

१. विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार प्रत्यक्ष र अग्रिम पङ्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू, सफाइकर्मीहरू तथा आम जनसमुदायसँग प्रत्यक्ष सम्पर्कमा रहने सुरक्षाकर्मीलाई आवश्यक पर्ने पोसाक, वस्तु, उपकरणलगायतका सम्पूर्ण सामग्रीहरू पर्याप्त मात्रामा निःशुल्क अविलम्ब उपलब्ध गर्ने व्यवस्था गर्नु, गराउनू।
२. क्वारेन्टाइनमा रहेका सम्पूर्ण व्यक्तिहरूको अविलम्ब PCR विधिबाट निःशुल्क स्वास्थ्य परीक्षण गर्नु, क्वारेन्टाइनमा राखिएको व्यक्तिहरूको हकमा निजहरूलाई आवश्यक पर्ने स्वास्थ्य सेवा र सुरक्षाको यथोचित प्रबन्ध मिलाउनु र सामाजिक दुरीको मान्यतालाई कायम राखी गर्मीको मौसम भएकाले लामखुट्टेलगायतबाट हुन सक्ने सङ्क्रमणबाट जोगाउन आवश्यक व्यवस्था गर्नु एवं क्वारेन्टाइनको अवधिभर क्वारेन्टाइनमा बसेका व्यक्तिहरूलाई निःशुल्क भोजन, पानीको अतिरिक्त सामाजिक दुरी कायम गरी उचित तवरले बस्ने, सुत्ने र शौचको प्रबन्ध अविलम्ब मिलाउनू।
३. आधारभूत स्वास्थ्य सेवा संविधानमा नै मौलिक हकको रूपमा रही निःशुल्क भएको, सरूवा रोगलाई आधारभूत सेवाभित्र पारी निःशुल्क रहेको भन्ने कुरा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४)(ग) मा पनि उल्लेख भएको र कोरोना भाइरस सरूवा रोग भएको हुँदा अत्यावश्यक सिटामोललगायतका औषधीहरू, मास्क र चिकित्सकीय मास्कहरू, गुणस्तरीय हान्ड स्यानिटाइजरहरू निःशुल्क रूपमा आवश्यक पर्ने व्यक्तिलाई अविलम्ब उपलब्ध गर्नु, गराउनू।
४. प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र दिई नियमानुसार गरी पेस गर्नू।

न्या.कुमार रेग्मी

इति संवत् २०७७ साल जेष्ठ १८ गते रोज १ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।२।२३
०७६-WH-०३७१

विषय : बन्दीप्रत्यक्षीकरण

निवेदक : चक्रबहादुर खत्रीको हकमा प्रतिक चन्द .....
विरूद्ध
विपक्षी : जिल्ला प्रहरी कार्यालय, सिराहासमेत .....

आदेश

यसमा निवेदनपत्रसहितका मिसिल कागजात अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री एकराज भण्डारी तथा विद्वान् अधिवक्ताहरू श्री कमल कोइराला, श्री सन्तोष भण्डारी, श्री कान्तीराम ढुंगाना, श्री सुजन नेपाल र श्री लक्ष्मी (नानी) थापा तथा विपक्षीहरूका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले गर्नुभएको बहससमेत सुनियो।

बन्दी चक्रबहादुर खत्रीलाई मिति २०७६।१।२ मा जिल्ला प्रहरी कार्यालय, खोटाङले पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाई जिल्ला प्रशासन कार्यालय, खोटाङबाट रू.५,०००।- (पाँच हजार रूपैयाँ) धरौट माग भएकोमा सो रकम तिर्न नसकी थुनामा रहेको र फैसलाले तोकेको कैद कट्टी भएपछि पनि थुनाबाट मुक्त नगरी मिति २०७६।१२।२८ देखि पनि निवेदक बन्दीलाई थुनामा राखी विभिन्न मुद्दा लगाइएको र निवेदकलाई थुना मुक्त गर्नु भनी यस अदालतबाट मिति २०७७।१।२८, मिति २०७७।२।२ र मिति २०७७।२।१५ मा आदेश जारी भएकोमा थुनाबाट मुक्त नगरी फरक विचार र आस्थाको कारण निवेदकलाई थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुना मुक्त गरिपाउँ भनी बन्दी चक्रबहादुर खत्रीको हकमा प्रतिक चन्दले दायर गरेको प्रस्तुत रिट निवेदन आज इजलाससमक्ष पेस हुन आएको देखियो।

निज चक्रबहादुर खत्रीलाई अभद्र व्यवहार गरेको मुद्दामा पक्राउ गर्नको लागि अनुमति दिइएको र उक्त मुद्दामा प्रतिवादीलाई हिरासतमा राखी अनुसन्धानलगायतको कार्य सम्पन्न गर्न मिति २०७७।०२।१६ बाट लागू हुने गरी पहिलो पटक दिन १० (दश) को म्याद थप गरी जिल्ला प्रहरी कार्यालय, सिराहाको हिरासतमा राखिएको भन्ने बेहोराको लिखित जवाफ जिल्ला प्रशासन कार्यालय, सिराहाबाट फिराएको देखिन्छ।

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरले यिनै निवेदक बन्दीको थुनाको विषयमा पटक पटक पक्राउ गर्ने कार्य तत्काल बन्द गरी मानव अधिकारको सम्मान र संरक्षण गर्न नेपाल सरकारको ध्यानाकर्षण गराइएको मिति २०७७।२।१७ को प्रेस विज्ञप्ति मिसिल सामेल रहेको देखिन्छ।

निवेदक बन्दीको थुना गैरकानूनी, प्रवृत्त भएको भनी मिति २०७७।०१।२८, मिति २०७७।०२।०२ र

मिति २०७७।०२।१५ मा यिनै निवेदक बन्दीलाई मुक्त गर्नु भनी विपक्षीका नाउँमा पटक पटक यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखियो। तथापि बन्दी मुक्त भएको देखिएन र हाल पनि अभद्र व्यवहारको आरोपमा बन्दीलाई हिरासतमा नै राखिएको भन्ने लिखित जवाफ रहेको देखिन्छ। कोरोना भाइरस (COVID-19) को कारणबाट मुलुक नै बन्दाबन्दी (Lockdown) मा रहेको र सोही समयमा यस अदालतबाट प्रहरी हिरासतमा रहेका यी बन्दीलाई थुना मुक्त गर्नु भनी पटकपटक आदेश जारी हुँदा पनि थुनाबाट मुक्त नगरेको र निरन्तर थुनामा रहेका अवस्थामा यी बन्दी निवेदकले अभद्र व्यवहार गरेको भन्ने विपक्षीको लिखित जवाफ तथ्य र कानूनसम्मत देखिएन। यी निवेदक बन्दीलाई थुनामा राख्नुपर्नेसम्मको तथा म्याद थप गर्नुपर्नेसम्मको औचित्यपूर्ण कारण र आधार पनि पाइएन। यस अदालतबाट जारी भएको मिति २०७७।१।२८, मिति २०७७।२।२ र मिति २०७७।२।१५ को आदेशमा यी निवेदकको थुना गैरकानूनी, प्रवृत्त रहेको भनी उल्लेख गरेको पाइन्छ र सोही थुनालाई निरन्तरता दिइएको देखिँदा निवेदकको हालको थुना गैरकानूनी र प्रवृत्त नै देखिन आयो।

यो मुलुक संविधानले शासित मुलुक हो। नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र धारा १७ मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन र धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक प्रावधान रहेको पाइन्छ। निवेदक बन्दीको थुनाको सम्बन्धमा पटकपटक जारी भएको आदेश हेर्दा कतै यस अदालतको आदेश छल्ने, अवज्ञा गर्ने र निस्तेज पार्ने प्रयास त गरिएको होइन भन्ने आशंकाको आभाष हुन पुगेको छ। कानूनी शासन भएको मुलुकमा अदालतको आदेश छल्ने तथा निस्तेज पार्ने कार्य कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन।

अदालतको आदेश छल्ने, निस्तेज पार्ने, अवज्ञा गर्ने अभिप्रायअन्तर्गत व्यक्तिलाई निरन्तर थुनामा राखी वैयक्तिक स्वतन्त्रताको उपभोगबाट वञ्चित गरियो भने नेपालको संविधानले स्थापना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको मर्म र भावनाविपरीत हुन पुग्छ, विधिको शासनको उपहास हुन्छ, नागरिकको अदालतप्रतिको जनआस्था डगमगाउन थाल्छ र शक्ति पृथकीकरणको सिद्धान्तअन्तर्गत निर्वाह गर्नुपर्ने स्वतन्त्र न्यायपालिकाको भूमिका, गरिमा र मर्यादामाथि नै प्रश्न चिह्न उठ्न सक्छ। व्यक्तिको वैयक्तिक स्वतन्त्रता कुण्ठित भएमा सोको प्रचलन, उपभोग र संरक्षण गर्नका लागि असाधारण अधिकार क्षेत्र प्रयोग गरी उपयुक्त आदेश जारी गरी यस अदालतले संवैधानिक दायित्व निर्वाह गर्नुपर्नेसम्मको संविधानले नै संवैधानिक बन्दोबस्त गरेको पाइन्छ। निवेदक बन्दीले संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रताको निर्बाध उपभोग गर्न नपाएको विषयवस्तु र यस अदालतबाट पटकपटक जारी भएका आदेशको पालना नभएको नगरिएको सन्दर्भमा यो इजलास गम्भीर र संवेदनशील भएको छ। यस अदालतबाट जारी भएको आदेशको उल्लङ्घन भइरहेमा नेपालको संविधानको धारा १२८(४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को अधीनमा रही यस अदालतले विपक्षीका नाउँमा आवश्यक र उपयुक्त आदेश जारी गर्नुपर्ने अवस्थाको सिर्जना हुन सक्नेतर्फ समेत नेपाल सरकार र मातहतका निकायहरू तथा जिम्मेवार पदाधिकारीहरूको गम्भीर ध्यानाकर्षणसमेत यसै सन्दर्भमा गराइएको छ।

अतः प्रवृत्त भावना राखी निवेदक बन्दीलाई गैरकानूनी थुनामा राखिएको देखिएको र यस अदालतबाट पटकपटक यी बन्दीलाई थुनाबाट मुक्त गर्न आदेश जारी हुँदा पनि निरन्तर थुनामा राखिएको देखिँदा निवेदक बन्दीलाई जिल्ला प्रहरी कार्यालय, सिराहा वा निज जहाँ थुनामा रहेको भए पनि राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरसमक्ष मिति २०७७।२।२५ मा उपस्थित गराई मानव अधिकार

आयोगका माननीय अध्यक्ष वा माननीय सदस्यको रोहवरमा बन्दी चक्रबहादुर खत्रीलाई थुना मुक्त गर्नु भनी विपक्षीको नाउँमा यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ र निवेदकलाई थुना मुक्त गरेपश्चात् निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपभोग गर्न पाउने सन्दर्भमा मानव अधिकार आयोगले नै अनुगमन गर्नु भन्ने आदेशसमेत जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलगायत राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुरसमेतलाई दिनू। प्रस्तुत आदेशको पूर्ण पाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश तयार गरिदिएको छ।

इति संवत् २०७७ साल जेष्ठ २३ गते रोज ६ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७७।२।२५
०७६-WO-०९५५

मुद्दा : परमादेश

रिट निवेदक : ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँपालिका वडा नं. ६ बस्ने अधिवक्ता डा. श्री पुण्यप्रसाद खतिवडा.....१
काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता श्री दिपक विक्रम मिश्र १

विरूद्ध

विपक्षी : मुख्य रजिस्ट्रारको कार्यालय, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं १
प्रशासन महाशाखा, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं १

आदेश

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ:

नेपालको संविधानको धारा १८ मा समानताको हक प्रत्याभूत गरिएको र धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था गरिएको छ। मौलिक हकहरूको प्रचलनका लागि धारा १३३ बमोजिम संवैधानिक उपचार पाउने हक प्रदान गरिएको छ। यस्ता हकहरू धारा २७३(१) बमोजिम संकटकालीन अवस्थाको घोषणा भएको वा आदेश जारी गरेको अवस्थामा मात्र धारा २७३ बमोजिम निलम्बन गर्न सकिने व्यवस्था छ। मिति २०७७।१।१४ मा बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७७।१।१६ देखि रिट निवेदन दर्ता र सुनुवाइ गर्नेसमेतको निर्णय भएको सूचना मिति २०७७।१।१५ मा जारी प्रेस विज्ञप्तिमा उल्लेख थियो। सो सूचनामा विश्वभरि महामारीको रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिई सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न मिति २०७६।१२।७ तथा सोपछि विभिन्न मितिमा बसेको पूर्ण बैठकको निर्णयबमोजिम अदालतहरूको काम कारबाही र सेवा प्रवाहमा सीमितितासहितको व्यवस्थापन हुँदै आएकोमा संविधान प्रदत्त मौलिक हकको संरक्षण र प्रचलन गर्नुपर्ने संवेदनशीलतालाई विचार गरी सर्वोच्च अदालतमा मिति २०७७।१।१६ देखि रिट निवेदन दर्ता र सोको सुनुवाइसमेतको कार्य गर्ने उल्लेख गरिएको थियो। मिति २०७७।१।२८ को सर्वोच्च अदालतको पूर्ण बैठकबाट भएको निर्णय जानकारी गराउनका लागि प्रकाशित सर्वोच्च अदालतको प्रेस विज्ञप्तिमा नेपाल सरकार निवेदक भएको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन, पुनरावेदनको अनुमतिको निवेदन र विपक्षी झिकाउने आदेश भई नसकेका नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन तथा साधक जाँचका लागि आएका मुद्दाको मिति २०७७।१।२९ गतेबाट सुनुवाइ प्रारम्भ गर्ने भन्ने निर्णय भएको भनिएको थियो। उपर्युक्त मिति २०७७।१।१४ र मिति २०७७।१।२८ को पूर्ण बैठकका निर्णयहरू हालसम्म पूर्णरूपमा कार्यान्वयन

नगरिएको हुँदा उक्त बैठकको निर्णयबमोजिम सबै प्रकारका रिट निवेदनहरूलाई दर्ता गर्ने गराउने कार्य गर्नु गराउनु साथै दरपिठ आदेश बदरका लागि दिइने सबै प्रकारका निवेदनहरूलाई मूल निवेदनसरहको प्राथमिकतामा राखी पेसी चढाउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई संविधानद्वारा प्रदत्त मौलिक हकसम्बन्धी संवैधानिक उपचारका रिट निवेदनहरू दर्ता गरी सुनुवाइ गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशलगायतका उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र विक्रम के.सी., डा.श्री पुण्यप्रसाद खतिवडा, श्री कृतिनाथ शर्मा पौडेल, श्री इन्द्रप्रसाद अर्याल, श्री हरिकृष्ण श्रेष्ठ, श्री दिपक विक्रम मिश्र र श्री लक्ष्मी नानी थापाले सर्वोच्च अदालतको मिति २०७७/१/१४ को पूर्ण बैठकबाट सबै प्रकारका रिट निवेदनहरू दर्ता तथा सुनुवाइ गर्ने भनेर निर्णय गरिसकेको र मिति २०७७/१/२८ को पूर्ण बैठकबाट नेपाल सरकार पुनरावेदक / निवेदक भएका केही निवेदन पुनरावेदनसमेत सुनुवाइ गर्ने भनी सूचना निस्केकोमा सर्वोच्च अदालत प्रशासनबाट समयमा रिट लिन नमान्ने गरेको र कति रिट निवेदनहरू दर्ताको क्रममा थन्काएर राखिएको हुँदा पूर्ण बैठकको निर्णयबमोजिम निवेदन दर्ता तथा सुनुवाइ प्रक्रिया अविलम्ब अगाडि बढाउनु भनी आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब यसमा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्नेसम्मको गरे बिराएको देखिने (Prima Facie) अवस्था देखिन्छ वा देखिँदैन ? निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ विचारगर्दा कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्थालाई दृष्टिगत गरी यस अदालतको पूर्ण बैठकको निर्णयबमोजिम अदालतबाट प्रवाह गरिने सेवामा केही कटौती वा सीमितता कायम गर्नु परेको कुरामा विवाद गर्नुपर्ने देखिँदैन। नेपाल सरकारले देशभर बन्दाबन्दी (Lockdown) को घोषणा गरेको कारणबाट आम सार्वजनिक सेवा प्रवाहमा असर परेको तथ्यसमेत स्वयम्मा प्रस्ट नै छ। बन्दाबन्दीको अवस्थामा पनि नियमित रूपमा सबै प्रकारका न्यायिक सेवा प्रदान गर्ने कार्य भइरहनु पर्दछ भन्ने कुरा उचित, व्यावहारिक र विवेकपूर्ण हुँदैन। यो विशेष अवस्था हो र यसलाई हेर्ने दृष्टिकोण पनि फरक किसिमको हुनु स्वाभाविक छ। महामारीको कारणबाट गरिएको बन्दाबन्दीको कुरालाई नेपालको संविधानको धारा २७३ बमोजिम जारी हुने संकटकालीन अवस्था र सो अवस्थामा आकर्षित हुने कानूनी परिणामसँग दाँजेर सोही मापदण्डका आधारमा हेर्न मिल्दैन। यी दुई फरक अवस्थाहरू हुन्। बन्दाबन्दीलाई सामान्य अर्थमा हेर्दा सेवा प्रवाह गर्ने निकाय, संस्था, कार्यालय आदिको काम कारबाही वा क्रियाकलाप सञ्चालन नगरी स्थगित गरिने अवस्थाको रूपमा बुझिनु पर्दछ। कुनै रहर, लहड वा अकर्मण्यताको कारणबाट बन्दाबन्दी घोषणा गरिएको नभएर कोभिड-१९ महामारीको प्रकोपबाट आम जनताको स्वास्थ्य सुरक्षा गर्न एउटा बाध्यकारी उपायको रूपमा बन्दाबन्दी गरिएको देखिन्छ। यस अवस्थामा अमुक प्रकारको न्यायिक सेवा प्रवाह गरिएन वा कुनै खास मुद्दा / निवेदन पेसी सूचीमा चढाइएन भनी प्रश्न खडा गरी यसलाई न्यायिक निरूपणको विषय बनाउनु उचित र तर्कपूर्ण देखिँदैन। बन्दाबन्दीको अवधिमा मुद्दा व्यवस्थापनका काम कुरामा यदि कुनै सामान्य त्रूटि रहेको भए पनि सो कुरालाई प्रशासनिक वा व्यवस्थापन प्रक्रियाबाट नै सुधार गर्न सकिने हुन्छ। तसर्थ बन्दाबन्दीको अवस्थामा मुद्दामा सुनुवाइ गर्नेसम्बन्धी खास प्रकारको सेवा प्रवाहित गरिएन भनी गरिएको जिकिर मनासिब देखिँदैन।

बन्दाबन्दीको अवस्थामा अदालतबाट प्रदान हुने नियमित सेवा रोकिनु, स्थगित गर्नु वा सञ्चालन नगरिनु स्वाभाविक थियो । तथापि बन्दाबन्दीको अवस्थाकै अवधिमा पनि यस अदालतबाट सबै प्रकारका न्यायिक सेवा बन्द गरिएको भने अवश्य नै थिएन, छैन। नागरिकको वैयक्तिक स्वतन्त्रतासम्बन्धी विषय जोडिएका बन्दीप्रत्यक्षीकरणको निवेदन तथा कोभिड-१९ महामारीसँग सम्बन्धित रिट निवेदनहरूउपरको सुनुवाइ बन्दाबन्दीको अवधिमा पनि नियमित र निर्वाध रूपमा गरिएको तथ्य स्वयम् न्यायिक जानकारीमा रहेको विषय देखिन्छ । नागरिकको वैयक्तिक स्वतन्त्रता तथा विषयवस्तुको संवेदनशीलतालाई हेरेर बन्दाबन्दीको प्रतिकूल अवस्थामा पनि यस अदालतबाट सेवा प्रवाह गर्ने कार्य निरन्तर रूपमा भई आएको थियो र छ । बन्दाबन्दीको प्रारम्भिक अवस्थामा स्थगित गरिएका सेवाहरूमध्ये कतिपय सेवा कार्यहरू पछिल्ला दिनहरूमा क्रमशः सञ्चालन गरिएको तथ्यसमेत रिट निवेदनमा उल्लेख भएको पाइयो। समय समयमा यस अदालतको पूर्ण बैठक बसेर निर्णय गरी रिटहरूको दर्ता र सुनुवाइ गर्ने, दरपिठ आदेशहरूउपर सुनुवाइ गर्ने, पक्ष तारेखमा नरहने प्रकृतिका नेपाल सरकार निवेदक भएका मुद्दा, दोहोऱ्याई पाउँ भन्ने निवेदन, पुनरावलोकनसम्बन्धी निवेदन, विपक्षी झिकाउने आदेश नभएका (एकपक्षीय सुनुवाइ हुने प्रकृतिका) नेपाल सरकारको तर्फबाट परेका पुनरावेदन, निवेदन तथा साधक जाँचका लागि आएका मुद्दाहरू आदिको सुनुवाइ कार्यलाई यसबिच पनि सञ्चालन गरिएको र निरन्तरता दिइएको पाइन्छ । महामारीको यस विषम परिस्थितिमा पनि सेवा प्रवाहका कतिपय कार्यहरू भइरहेका छन् । बन्दाबन्दी भएको, सार्वजनिक यातायातको साधन सञ्चालनमा नरहेको अवस्थामा सेवाग्राहीहरू अदालतमा आफ्नो मुद्दामा प्रतिरक्षार्थ उपस्थित हुन नसक्ने परिस्थितिलाई हेरेर केही सेवा प्रवाह कार्य स्थगित गरिएको बाध्यात्मक परिस्थितिलाई अनदेखा गरेर अहिले यसलाई न्यायिक निरूपणको विषय बनाउनु सर्वथा अनुचित र अविवेकपूर्ण हुन जान्छ। न्यायिक प्रक्रियालाई बौद्धिक-विलासको विषय बनाउनु उचित होइन। न्यायकर्मी, कानून व्यवसायीलगायत आम सेवाग्राहीको स्वास्थ्य सुरक्षाप्रति वाञ्छित संवेदनशीलता अपनाउनु यस अदालतको समेत कर्तव्य बन्दछ। बन्दाबन्दीको विषम परिस्थितिप्रति विवेकपूर्ण दृष्टिकोण नअपनाई केवल भावनात्मक रूपमा अमुक कानूनी प्रावधानको सतही अर्थ लगाएर अदालतबाट सम्पादन भई आएका र सम्पादन गरिने कार्यहरूको सम्बन्धमा यस प्रकारको प्रश्न उठाउनुको कुनै कानूनी औचित्य वा सान्दर्भिकता देखिँदैन।

अतः निवेदकले उल्लेख गरेको जिकिरका सन्दर्भमा हेर्दा गरे-बिराएको जस्तो देखिने अवस्था (Prima Facie Case) नदेखिएकाले विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नु परेन । निवेदन बेहोराबाट प्रथमदृष्टिमा नै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम निवेदन जिकिर उचित र कानूनसङ्गत नदेखिएको अर्थात् कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु, साथै यो आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

इजलास अधिकृत:- रूद्रप्रसाद अर्याल
कम्प्युटर अपरेटर:- मन्दिरा रानाभाट
इति संवत् २०७७ साल जेष्ठ २५ गते रोज १ शुभम् ..... ।

सर्वोच्च अदालत, एक न्यायाधीश इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७७।२।२५
०७६-WO-०९६८

मुद्दा : उत्प्रेषण

रिट निवेदक : ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँपालिका वडा नं. ६ बस्ने अधिवक्ता डा. श्री पुण्यप्रसाद खतिवडा.....१
काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता श्री दिपक विक्रम मिश्र १

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं १
माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको संयोजकत्वमा गठित कोभिड-१९ सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति, काठमाडौं १
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं १
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं..... १
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं १
नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०, सानोठिमी, भक्तपुर १

आदेश

नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले वि.सं.२०७६ को SEE परीक्षा मिति २०७६ चैत्र ६ गतेदेखि मुलुकभर एकैसाथ सुरू गरी चैत्र १७ गते सम्पन्न गर्ने जनाएको थियो। कोरोना भाइरस (COVID-19) को कारणबाट SEE परीक्षा स्थगित गर्ने भनी मिति २०७६ चैत्र ५ गते बेलुका मात्र नेपाल सरकारबाट निर्णय गरियो। त्यसैगरी हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा हुने गरी निर्धारण गरिएका CTEVT र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने र सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित सबै प्रकारका बाल विकास केन्द्रहरू, आधारभूत तथा माध्यमिक विद्यालयहरू, शैक्षिक प्रतिष्ठानहरू र विश्वविद्यालयहरूको पठनपाठन २०७६ चैत मसान्तसम्म बन्द गर्ने भनी निर्णय भएको छ। विशेष परिस्थिति उत्पन्न भएको कारण जनाई SEE को परीक्षा नै नगर्ने, अनिश्चितकालका लागि सार्ने, एकै दिन वा दुई दिनमै सबै विषयको परीक्षा सिध्याउने, सैद्धान्तिक विषयको परीक्षा लिने तर प्राविधिक वा प्रयोगात्मक विषयको परीक्षा नलिई अङ्क दिने, कुनै पनि विषयको परीक्षा नै नलिई सबैलाई उत्तीर्ण गराउने आदि तर्कहरू सुनिने गरेका छन्। तर त्यस्ता कार्यहरू संवैधानिक तथा कानूनी आधारविहीन छन्। यस्तो अवस्थामा,

एस.ई.ई. परीक्षाका सम्बन्धमा अन्यथा व्यवस्था गर्न प्रचलित कानूनमा संशोधन वा नयाँ कानूनी व्यवस्था नै गर्नुपर्ने हुन्छ । हतारमा यस्तो व्यवस्था गर्दा त्रूटि हुने धेरै सम्भावना रहन्छ र त्यसको दीर्घकालीन असर हुन पुग्छ । SEE लगायतका परीक्षाहरू यथाशीघ्र सञ्चालन गर्नु अत्यावश्यक भएको सन्दर्भमा नेपालको संविधानको धारा ३१ शिक्षासम्बन्धी हक, धारा ३२ भाषा तथा संस्कृतिको हक, धारा ३९ बालबालिकाको हकसमेतको प्रचलनका लागि धारा ४६ तथा धारा १३३ (२), (३) बमोजिम निवेदनसहित उपस्थित भएका छौं ।

परीक्षालाई कोभिड-१९ कै कारण देखाएर अनिश्चित अवधिका लागि स्थगन गर्ने कार्य आवश्यकता र औचित्यको दृष्टिकोणबाट समेत पुष्टि हुने खालको छैन । कोरोनाको अस्तित्व तुरून्तै सकिने र आरामले परीक्षालगायतका कार्यहरू गरौंला भन्ने स्थिति छैन । बन्दाबन्दीको नाममा अनिश्चित अवधिका लागि SEE स्थगन गर्ने गरी भएको COVID-19 सङ्क्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।५ को बैठकको बुँदा नं.१२ मा उल्लेख भएको २०७६ चैत ६ गतेदेखि सञ्चालन हुन गइरहेको Secondary Education Examination (SEE) हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा हुने गरी निर्धारण गरिएका सिटिइभीटी र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने भन्ने निर्णय र मिति २०७७।२।१८ गते माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले जारी गर्नुभएको प्रेस विज्ञप्तिको बुँदा नं. २ मा COVID-19 महामारीको कारणबाट SEE समेतका परीक्षाहरू सञ्चालन नगर्ने नगराउने वा स्थगन गर्ने गरी कुनै नीति तर्जुमा, निर्णय, सिफारिस वा आदेश गरिएको भए सोसमेत झिकाई त्यस्ता सबै गैरसंवैधानिक एवं गैरकानूनी नीति, निर्णय तथा सिफारिस, आदेशसमेत उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर घोषित गरिपाऊँ। साथै, SEE स्थगनसमेतका कार्यहरूबाट परीक्षार्थी, अभिभावक र बालबालिकाहरूलगायत आम नेपाली नागरिकहरू र समग्र रूपमा राष्ट्रलाई नै गम्भीर तथा अपुरणीय क्षति पुग्ने सम्भावना रहेको, यसरी अनिश्चित अवधिका लागि एसईईलगायतका परीक्षाहरू स्थगित गर्ने कार्य राष्ट्रिय हितअनुकूलसमेत नहुने भएकोले त्यसको निराकरण गर्नका लागि एसईईको परीक्षा लकडाउनकै अवधिमा यथाशीघ्र सञ्चालन गर्दा बढी सुरक्षितसमेत हुने भएकोले निवेदनको प्रथम सुनुवाइ भएकै मितिदेखि राज्यले निःशुल्क रूपमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने गराउने गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरूका नाममा तुरून्त दुई सिफ्टमा परीक्षा सञ्चालन गर्ने, कक्षा कोठा तथा यातायातका साधनसमेत निर्मलीकरण गर्ने, सामाजिक दुरी कायम गर्नेसमेत गरी सुरक्षित र भयमुक्त वातावरणमा परीक्षा सञ्चालन हुने वातावरण मिलाउनु भनी अन्तरिम आदेश जारी गरिपाऊँ । भविष्यमा आइपर्ने सम्भावित समस्याहरूसमेतलाई मध्यनजर गर्दै सम्भावित समस्याको तत्काल निरूपण गर्ने प्रयोजनका लागि उत्तरदायीपूर्ण तथा प्रभावकारी ढङ्गको एक उच्चस्तरीय विज्ञ समितिको समेत स्थायी रूपमा गठन गरी काम गर्नु भन्नेसमेतको परमादेशलगायतका उपयुक्त आदेशहरू विपक्षीहरूका नाममा जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र विक्रम के.सी., डा. श्री पुण्यप्रसाद खतिवडा, श्री कृतिनाथ शर्मा पौडेल, श्री इन्द्रप्रसाद अर्याल, श्री हरिकृष्ण श्रेष्ठ, श्री दिपक विक्रम मिश्र र श्री लक्ष्मी नानी थापाले नेपाल सरकारले कोरोना (कोभिड-१९) को बहानामा नागरिकको शिक्षासम्बन्धी हकमा बन्देज हुने वा आघात पर्ने गरी SEE तहको परीक्षा स्थगित गरेको छ । शिक्षाको फलामे ढोकाको रूपमा चिनिएको तथा शैक्षिक योग्यतासम्बन्धी कागजात पेस गर्नुपर्ने सेवा, पेसाका लागि आवेदन गर्दा अनिवार्य रूपमा पेस

गर्नुपर्ने आधारको रूपमा रहेको SEE तहको परीक्षा रोकिँदा विद्यार्थीको भविष्य अन्यौल बनेको छ । कहिलेसम्म कोरोनाको महामारी अन्त्य हुने भन्ने निश्चित नभएको सन्दर्भमा SEE परीक्षा तथा पठनपाठन रोक्नु विद्यार्थीको संवैधानिक हकविपरीत भएको हुँदा आवश्यक व्यवस्था गरी तुरून्त SEE परीक्षा सुरू गर्नु भनी आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

अब यसमा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्नेसम्मको गरे बिराएको देखिने (Prima Facie) अवस्था देखिन्छ वा देखिँदैन ? SEE समेतका परीक्षा सञ्चालन गर्न निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा SEE परीक्षा सञ्चालनलगायतको पठनपाठनको विषय उठान गरी रिट निवेदन परेको देखियो । निवेदन लेखाइबाट नै विश्वमै महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) सङ्क्रमणको कारणबाट देशभर बन्दाबन्दी भएको, मानिसमा सामाजिक दुरी कायम गर्नुपर्ने अवस्था आएको र जनस्वास्थ्यमा गम्भीर चुनौती देखा परेको भन्ने देखिएको छ। निवेदकले SEE परीक्षा नगराउने वा अनिश्चितकालका लागि सार्ने अथवा एकै दिनमा सयौं परीक्षा सिध्याउने जस्ता हल्ला चलेको भनी केही परिस्थिति, आशंका र हल्लाका कुरासमेतलाई लिएर रिट निवेदन परेको पाइयो । निवेदकले एस.ई.ई. परीक्षा सञ्चालन तत्काल गर्नुपर्ने, परीक्षा सञ्चालन गर्दा अपनाउनु पर्ने सावधानीका उपायहरूसहित शैक्षिक गतिविधिसम्बन्धी विविध पक्षमा गर्नुपर्ने कार्यका फेहरिस्तसहित रिट आदेश जारी हुनुपर्ने भनी उल्लेख गरेको देखियो ।

सामान्यतयाः सबै तहका शैक्षिक गतिविधि नियमित रूपमा निर्धारित कार्यतालिकाअनुसार सञ्चालन हुनुपर्दछ । यस हदमा विवाद र धेरै चर्चा-परिचर्चा गरिरहनु पर्ने आवश्यकता देखिँदैन । तर यसप्रकारका शैक्षिक गतिविधिका कुरालाई सधैँ एउटै मापदण्डबाट हेर्ने र निरपेक्ष रूपमा प्रयोगमा ल्याउने कुरा पनि तर्कपूर्ण देखिँदैन । कोभिड-१९ महामारीबाट शैक्षिक गतिविधि मात्र नभएर सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि राष्ट्रिय जीवनका विविध पक्षमा गम्भीर असर परेको देखिन्छ । स्वभावतः यसबाट शैक्षिक गतिविधिमा समेत असर परेको छ । तर यसरी असर पऱ्यो भन्दैमा महामारीबाट सिर्जित जोखिमप्रति उदासीन भई सबै प्रकारका सार्वजनिक गतिविधि सञ्चालन गर्नु पर्दछ भन्नु उचित हुँदैन । बन्दाबन्दी रहेको, सार्वजनिक यातायातका साधनहरू नियमित रूपमा सञ्चालन नभएको, सङ्क्रमणको क्रम निरन्तर बढ्दै आएको, सामाजिक दुरी कायम गर्ने कुरामा अझ बढी सचेष्ट रहनु पर्ने अवस्था रहेको, र आम-जनस्वास्थ्यमा चुनौती थप हुँदै आएको वर्तमान अवस्थामा लाखौंको संख्याका छात्रछात्राहरू सामेल हुने एस.ई.ई. परीक्षा सञ्चालन तत्काल गर्नुपर्छ भन्ने कुरा मनासिब देखिँदैन । यसका अतिरिक्त निवेदकले उठाएका प्रश्न वा विषयहरू अनिश्चित, अस्पष्ट (Vague) देखियो; न्यायिक निरूपण र न्यायिक व्यवस्थापनका लागि उपयुक्त विषय (Judicially manageable विषय) भन्ने देखिएन । महामारीबाट पैदा भएको परिस्थिति, जटिलता, कार्य सञ्चालनको सम्भाव्यता वा अनुकूलता, जनस्वास्थ्यउपरको चुनौतीजस्ता कुराहरू मूल्याङ्कन गर्ने कुरा आधारभूत रूपमा प्राविधिक विषयहरू हुन् । परीक्षा कहिले, कुन मितिमा सञ्चालन गरिनु पर्दछ, परीक्षाको व्यवस्थापन कसरी गरिनु पर्दछ, पठन-पाठन कसरी सञ्चालन गर्ने हो भन्ने जस्ता विषयहरू सरकारको सम्बद्ध निकायका शिक्षाविद्हरूबाट निर्धारण गरिनु पर्ने कुराहरू हुन् । सम्बन्धित निकायबाट कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको वा कानूनबमोजिम गर्न नहुने कार्य गरेको कारणबाट कसैको मौलिक वा कानूनी हक अधिकारमा आघात परेको भन्ने देखिने अवस्थामा शैक्षिक गतिविधि सञ्चालनको विषय पनि न्यायिक निरूपणको विषय बन्न सक्तछन् । त्यस प्रकारको अवस्था नदेखिएसम्म यस प्रकारका शैक्षिक

गतिविधि सञ्चालनको कुरालाई न्यायिक निरूपणको विषय बनाउनु केवल बौद्धिक विलास वा प्राज्ञिक सन्तुष्टिको अभ्यास हुन जान्छ। पठनपाठन तथा परीक्षा सञ्चालन गर्ने कुरा परिस्थितिको मूल्याङ्कन गरेर नेपाल सरकारका सम्बद्ध निकायलगायतका शैक्षिक संस्थाहरूबाट उचित समयमा उचित निर्णय हुने कुरामा अहिले नै अन्यथा सोच्नु पर्ने कारण देखिँदैन। तसर्थ रिट निवेदकले उल्लेख गरेका कुरालाई न्यायिक परीक्षणको विषय बनाउनु मनासिब देखिएन।

अतः निवेदकले उल्लेख गरेको जिकिरका सन्दर्भमा हेर्दा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको गरे-बिराएको जस्तो देखिने अवस्था (Prima Facie Case) देखिएन। निवेदन जिकिरबाट प्रथमदृष्टिमा नै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम निवेदन जिकिर उचित र कानूनसङ्गत नदेखिएको अर्थात् कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु, साथै यो आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

इजलास अधिकृत:- रूद्रप्रसाद अर्याल
कम्प्युटर अपरेटर:- मन्दिरा रानाभाट
इति संवत् २०७७ साल जेष्ठ २५ गते रोज १ शुभम् .....।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।२।२६
०७६-WH-०३६८

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : परिवर्तित नाम ७१(ग) को हकमा अधिवक्ता दलबहादुर धामी.....१
विरूद्ध
विपक्षी : कैलाली जिल्ला अदालत.....१
बाल सुधार गृह, सिलगढी, डोटी.....१

आदेश

प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.: नेपालको संविधानको धारा ४६ तथा १३३ (२) र (३) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एंव आदेश यस प्रकार रहेको छः

तथ्य खण्ड

१. निवेदकउपर कैलाली जिल्ला अदालतमा चलेको महेश भट्टको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ७१(ग) समेत भएको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा उक्त अदालतको मिति २०७५।११।६ को आदेशानुसार परिवर्तित नाम ७१(ग) र ७१(ङ) लाई पुर्पक्षको सिलसिलामा बाल सुधार गृहमा राखिएकोमा हाल मुलुकमा कोभिड-१९ को महामारीको विपद्जन्य परिस्थितिको सिर्जना भई निजहरूको ज्यान कोरोना भाइरसको संक्रमणको कारण जोखिममा रहेको हुँदा नेपालमा महामारीको रूपमा रहेको कोभिड-१९ को रोकथाम तथा व्यवस्थापन सम्बन्धमा सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयानुसार बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई खोजेका बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने भन्ने उल्लेख भएबमोजिम निज परिवर्तित नाम ७१(ग) लाई खोजेका बखत उपस्थित गराउने गरी जिम्मा बुझिलिन पाउँ भनी निजको संरक्षक आमा सुशिला कडायतले मिति २०७६।१२।९ मा कैलाली जिल्ला अदालतमा निवेदन दिएकोमा निवेदन मागबमोजिम परिवर्तित नाम ७१ (ग) ७१ (ङ) लाई अभिभावकको जिम्मा दिन मिल्ने देखिएन भनी उक्त अदालतको मिति २०७६।१२।१३ मा भएको आदेशबाट संविधानको धारा १७(१), धारा २०(९), धारा २४(१), धारा ३९ द्वारा प्रदत्त हकमा आघात पुग्न गएकोले निवेदक परिवर्तित नाम ७१(ग) लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको

जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेशलगायत अन्य उपर्युक्त आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने बेहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित थुनामा राख्दा लिइएका आधार प्रमाण कागजातहरूको प्रतिलिपिसमेत साथै राखी ३ (तीन) दिनभित्र इमेलमार्फत (वर्तमान बन्दाबन्दीको परिवेशसमेतलाई विचार गर्दा) महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूलाई इमेलमार्फत म्याद सूचना पठाई विपक्षीहरूको हकमा सम्बन्धित अदालतलाई म्याद सूचना पठाएको जानकारी टेलिफोनमार्फत समेत गराई म्याद सूचना शीघ्र तामेल गर्न लगाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।२।१८ को आदेश।

३. महेश भट्टको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ७१(ग) समेत भएको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा कैलाली जिल्ला अदालतको मिति २०७५।११।६ गतेको आदेशानुसार परिवर्तित नाम ७१ (ग) र ७१ (ङ) लाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (२) बमोजिम मुद्दा पुर्पक्षको सिलसिलामा यस बालसुधार गृहमा राखिएको हो। निवेदकको मौलिक हक हनन हुने गरी यस सुधार गृहबाट कुनै कामकारवाही नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी बालसुधार गृह, डोटीको लिखित जवाफ।

४. महेश भट्टको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ७१(ग) समेत भएको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा बालसुधार गृहमा रहेका परिवर्तित नाम ७१(ग) को हकमा निजको संरक्षक आमा सुशिला कडायतले कोरोना भाइरसको संक्रमण फैलिरहेको अवस्थामा सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयानुसार अदालतले खोजेको बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मा लगाई पाउँ भनी मिति २०७६।१२।९ मा यस अदालतमा निवेदन पेस गरेकोमा प्रस्तुत मुद्दामा परिवर्तित नाम ७१(ग) र ७१ (ङ) ले मौकामा तथा अदालतमा गरेको बयान, कसुरको प्रकृति, निजको प्रस्तुत मुद्दामा संलग्नता एवं वारदातमा प्रयोग भएको चक्कुसमेतका आधारमा निज परिवर्तित नाम ७१(ग) र ७१(ङ) लाई अभिभावकका जिम्मा छोडन मिल्ने देखिएन" भनी यस अदालतबाट मिति २०७६।१२।१३ मा आदेश भएको हो। उक्त आदेशउपर चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिनु पर्नेमा नदिई उपचारको वैकल्पिक बाटो छँदाछँदै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी दिनुभएको रिट निवेदन खारेज गरिपाउँ भन्ने कैलाली जिल्ला अदालतको लिखित जवाफ।

आदेश खण्ड

५. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दलबहादुर धामीले विपक्षी कैलाली जिल्ला अदालतको मिति २०७६।१२।१३ को आदेश नेपालको संविधानको धारा १६(१), ऐ. को धारा ३९(९) ले प्रत्याभूत गरेको संवैधानिक हक तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१), (२) र २४ (१) ले प्रदान गरेको

कानूनी हकविपरीतको हुँदा उक्त मितिको आदेश गैरकानूनी भएकोले तत्काल निज नाबालकलाई अदालतले खोजेका बखत उपस्थित गराउने सर्तमा अभिभावकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणलगायतको अन्य उपर्युक्त आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

६. उपर्युक्तबमोजिम निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले गर्नुभएको बहस सुनी रिट निवेदनसहितको मिसिल कागजात अध्ययन गरी निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो ? वा होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

७. निर्णयतर्फ विचार गर्दा महेश भट्टको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ७१(ग) समेत भएको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा कैलाली जिल्ला अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको सिलसिलामा बाल सुधार गृहमा रहेका परिवर्तित नाम ७१(ग) र ७१ (ङ) लाई मुलुकमा कोभिड-१९ को महामारीको विपद्जन्य परिस्थितिमा बालसुधार गृहमा भिड्भाड बढ्न गई हाल निजहरूको ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको हुँदा अदालतले खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदकको हकमा निजको अभिभावकको तर्फबाट मिति २०७६।१२।९ मा कैलाली जिल्ला अदालतमा निवेदन परेको देखिन्छ । निवेदकलाई अभिभावकको जिम्मा दिन नमिल्ने गरी कैलाली जिल्ला अदालतको मिति २०७६।१२।१३ को आदेशबाट नेपालको संविधानको धारा १७ (१), धारा २० (९) तथा धारा ३९ द्वारा प्रदत्त मौलिक हकमा आघात पुग्न गएको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६, दफा २४ को कानूनी हकविपरीत भएकोले अदालतले खोजेको बखत उपस्थित गराउने सर्तमा अभिभावकको जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेशलगायत अन्य उपर्युक्त आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन जिकिर लिई परिवर्तित नाम ७१(ग) को हकमा प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । परिवर्तित नाम ७१(ग) र ७१ (ङ) ले मौकामा तथा अदालतमा गरेको बयान, कसुरको प्रकृति, निजहरूको प्रस्तुत मुद्दामा संलग्नता एवं वारदातमा प्रयोग भएको चक्कुसमेतका आधारमा निज परिवर्तित नाम ७१(ग) र ७१(ङ) लाई अभिभावकको जिम्मा छोडन मिल्ने देखिएन भन्ने विपक्षीको लिखित जवाफ रहेको पाइयो ।

८. एउटै मुद्दाका प्रतिवादीमध्ये परिवर्तित नाम ७१ (क) र ७१ (ख) लाई कैलाली जिल्ला अदालतले अभिभावकको जिम्मा लगाएको र परिवर्तित नाम ७१ (ग) र ७१ (ङ) लाई कसुरको प्रकृति र निजहरूको प्रस्तुत मुद्दामा संलग्नतासमेतका आधारमा अभिभावकको जिम्मा छोड्न मिल्ने देखिएन भनी मिति २०७६।१२।१३ मा कैलाली जिल्ला अदालतबाट आदेश भएको देखिन्छ । कैलाली जिल्ला अदालतको उक्त मितिको आदेश बदरको माग दाबी लिई अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदक परिवर्तित नाम ७१ (ग) को तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखियो ।

९. नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने र धारा ३९(९) ले जोखिममा रहेका बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गरेको छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने, ऐ. दफा १६(२) मा "जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने,

ऐ. दफा २४ (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा सर्तहरू तोकी निजको बाबु, आमा र परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाउन बाधा पर्ने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ।

१०. कैलाली जिल्ला अदालतको उक्त मितिको आदेशउपर असाधारण अधिकार क्षेत्रअन्तर्गत वैकल्पिक उपचारको माग गरी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन पर्न आएको देखिन्छ। प्रस्तुत निवेदनको सन्दर्भमा विचार गर्दा हाल मुलुकमा कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य संक्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक बालबालिका, नागरिक वा नागरिक समूह तथा बृहद् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक तथा सामाजिक दुरी कायम राख्नु आवश्यक हुन्छ। यस्तो महामारीको संक्रमणको जोखिमबाट बाल सुधार गृहमा रहेका बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हकपनि अवरूद्ध भएको र आजको बन्दाबन्दीको परिणाम स्वरूप न्यायको पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दीको अवस्थामा कुनैपनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहने संवैधानिक र कानूनी व्यवस्था छ। उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीको कारणले न्यायको पहुँच अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिका अन्तरनिहित मौलिक अधिकारकै हनन हुने स्थिति आउँदछ। यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहद् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ। यो जवाफदेहिता राज्यको हरेक अंग र निकायमा रहेको कुरा माथि उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाले प्रस्ट पारेको छ। यो संवैधानिक र कानूनी हकबाट अदालत अलग रहन सक्दैन। त्यसैले बाल सुधार गृहमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिकाको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा अन्य उपयुक्त आदेश जारी गर्न मनासिब नै देखियो।

११. बाल सुधार गृहमा रहेका बालबालिकाले पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यको हो। हाल निवेदक पुर्पक्षको लागि बाल सुधार गृहमा रहेको र उक्त सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका रहेको कारण सामाजिक शारीरिक दुरी कायम राखी सुरक्षित व्यवस्थापनको अवस्था रहेको देखिएन। जो कुनैपनि बालबालिका थुना वा सुधार गृहमा रहेका छन् यिनलाई सजाय भोग्न पठाउनुको अर्थ जीवननै जोखिममा राख्न पठाइएको नभई फौजदारी कानूनको विश्वव्यापी सिद्धान्तअनुसार आफूले गरेको गल्तीमा सुधारका निश्चित उपायहरू अवलम्बन गर्न पनि हो। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २० (३) को प्रतिबन्धात्मक वाक्यांशले पुपर्क्षको सिलसिलामा बालबालिकालाई बाल सुधार गृहमा राख्नुबाहेक अन्य विकल्प पनि दिएको छ। निर्णयकर्ताले महामारीको विषम परिस्थितिले सन्त्रास छाएको अवस्थामा संक्रमणको रोकथाम र जोखिम न्यूनीकरणमा आवश्यक उपयुक्त विकल्प खोज्नु पर्दछ भनी यस अघि पनि यस अदालतबाट ०७६-WH-०३२९ को मुद्दामा मिति २०७७/१/१४ गते रिट जारीसमेत भइसकेको अवस्था छ। उक्त रिट निवेदन जारी गर्दा यस अदालतबाट सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेका बालबालिकाको सर्वोत्तम हित तथा

समग्र बालबालिकाको शारीरिक अवस्थालाई ध्यानमा राखी निजलाई बालसुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा सर्तहरू तोकी अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहेभएको देखिँदा निवेदकको हकमा पुनः निर्णय गर्न कैलाली जिल्ला अदालतको हकमा परमादेशको आदेश जारी भएको देखिन्छ। उक्त मुद्दामा फैसला भइसकेको अवस्था छ भने प्रस्तुत मुद्दामा निवेदकलाई पुर्पक्षको सिलसिलामा बाल सुधार गृहमा राख्न पठाइएको अवस्थाको भिन्नता देखिए तापनि बाल सुधार गृहको विकल्पको रूपमा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा ०७६-WH-०३२९ को मुद्दामा अवलम्बित आधार र कारण समान रहेकाले प्रस्तुत निवेदनमा समेत आकर्षित हुने देखियो।

१२.परिवर्तित नाम ७१ (क), ७१(ख), ७१(ग) र ७१(ङ) लाई एउटै कसुरमा एउटै अभियोग लगाई कैलाली जिल्ला अदालतमा मुद्दा दायर भएकोमा परिवर्तित नाम ७१(क), ७१(ख) को हकमा अभिभावकलाई जिम्मा लगाउने गरी र परिवर्तित नाम ७१(ग) को हकमा अभिभावकको जिम्मा लगाउन मिल्ने देखिएन भनी कैलाली जिल्ला अदालतबाट भएको आदेश संविधानको धारा १८ को समानताको हकविपरीत देखिन आयो। परिवर्तित नाम ७१ (ङ) को हकमा विचार गर्दा निजले सुरू अदालतको थुनछेक आदेशउपर निवेदन दिएको देखिँदैन। बाल सुधार गृहमा कोभिड-१९ को संक्रमणको जोखिम रहेकाले सुरक्षित रहनका लागि खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मा लगाई पाउँ भनी निज नाबालक परिवर्तित नाम ७१ (ङ) को अभिभावक भाउजूले कैलाली जिल्ला अदालतमा निवेदन गरेको देखिन्छ। तथापि प्रस्तुत निवेदनमा चार जना नाबालक कसुरदारमध्ये तीन जनालाई अभिभावकको जिम्मा लगाउने आदेश हुने र एक जनाको हकमा निवेदन नपरेको कारण मुद्दा पुर्पक्षका लागि थुनामा बस्नु पर्ने अवस्था आएमा निजको हकमा नेपालको संविधानको धारा १८ द्वारा प्रदत्त समानता हुने संवैधानिक हक कुण्ठित हुने देखिन आयो। समानहरूका बिच असमान व्यवहार गर्न मिल्दैन। उक्त संविधानको धारा १८ द्वारा प्रदत्त संवैधानिक हक प्रचलन र संरक्षणका लागिसमेत यस अदालतले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हुँदा परिवर्तित नाम ७१ (ङ) ले निवेदन नगरेको भए पनि न्यायको रोहमा निजको हकमा समेत हेर्न मनासिब देखिएकाले निज प्रतिवादीको हकमा समेत पुनः आदेश गर्न कैलाली जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी गर्न न्यायोचित नै देखियो।

१३.तसर्थ, माथि उल्लिखित संवैधानिक एवं कानूनी आधार, कारण एवं नोबल कोरोना भाइरस (COVID-19) बाट सिर्जित असामान्य तथा असहज परिस्थिति र बालबालिकाको सर्वोत्तम हितलाई मध्यजनर राख्दा एउटै कसुरमा एउटै अभियोग लगाइएका समान स्थितिका निवेदकहरूका हकमा कैलाली जिल्ला अदालतबाट मिति २०७६।१२।१३ मा भएको आदेश विभेदपूर्ण तथा समानताको हकविपरीतको भई न्यायसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिइएको छ। अब, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१), (२) तथा २४(३) अनुसार परिवर्तित नाम ७१(ग) र ७१(ङ) लाई खोजेको बखत अदालतमा उपस्थित गराउन निजहरूको अभिभावकले मन्जुर गरेमा परिवर्तित नाम ७१(ग) र ७१(ङ) को हकमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउने सम्बन्धमा पुनः उपयुक्त निर्णय गर्नु भनी कैलाली जिल्ला अदालतको नाममा परमादेश जारी हुने ठहर्छ। उक्त आदेशानुसार निवेदक र परिवर्तित नाम ७१(ङ) को हकमा अभिभावकको

जिम्मा लगाउने सम्बन्धमा पुनःनिर्णय गर्नसमेत कैलाली जिल्ला अदालतको नाममा संक्षिप्त आदेश जारी भई च.नं.७७३-३-३३३९७९ मिति २०७७।२।२७ मा पत्राचार भइसकेको अवस्था छ । बन्दीप्रत्यक्षीकरणको हकमा केही गर्नु परेन । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत : जगन्नाथ पौडेल
कम्प्युटर : विकेश गुगाराई
इति संवत् २०७७ साल जेठ २६ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २७७।२।२६
०७६-WH-०३६४

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : सांकेतिक नाम एम. कुमारको हकमा अधिवक्ता अजय शंकर झा "रूपेस".....
विरूद्ध
विपक्षी : खोटाङ जिल्ला अदालत.....

आदेश

न्या. सपना प्रधान मल्ल: नेपालको संविधानको धारा ४६ तथा १३३ (२) र (३) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः

१. निवेदकउपर विपक्षी खोटाङ जिल्ला अदालतमा चलेको वादी नेपाल सरकार र प्रतिवादी सांकेतिक नाम एम.कुमार भएको जबरजस्ती करणी मुद्दामा खोटाङ जिल्ला अदालतको मिति २०६७।९।१३ को फैसलानुसार आरोपित नाबालक एम. कुमारलाई जबरजस्ती करणीको उद्योग गरेको ठहऱ्याई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (घ) तथा दफा ३४ (३) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (४) अनुसार ३ वर्ष ४ महिना कैद सजाय भई निजले बाल सुधार गृहमा बसी कैद भुक्तान गरिरहेको, हाल मुलुकमा COVID-19 को महामारीको विपद्जन्य परिस्थिति रहेकोले निजको ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको हुँदा विश्वव्यापी महामारी कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनसम्बन्धी सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयबमोजिम निज नाबालक एम. कुमारलाई खोजेका बखत उपस्थित गराउने गरी जिम्मा बुझिलिन पाउँ भनी निजको अभिभावक दाजु सुरेश राईको मिति २०७६।१२।१६ मा खोटाङ जिल्ला अदालतमा निवेदन परी उक्त निवेदनमा तत्काल निजलाई अभिभावकको जिम्मा लगाई थुनाबाट मुक्त गर्न मिलेन भनी खोटाङ जिल्ला अदालतबाट भएको मिति २०७६।१२।२० को आदेशबाट निवेदकलाई नेपालको संविधानको धारा १७ (१), १८ (१) (२) र (३), २० (९), २२ (१), ३० (१), ३५ (३) (४), ३६ (२) र ३९ (२) (८) द्वारा प्रदत्त मौलिक हकमा आघात पुग्न गएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४ ऐ. को नियम ३७ बमोजिम निज सांकेतिक नाम एम. कुमारलाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मा जमानीमा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणलगायतको अन्य उपर्युक्त आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने बेहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारणसहित ३(तीन) दिनभित्र वर्तमान बन्दाबन्दी (Lockdown) को परिवेशलाई विचार गर्दा विपक्षीलाई इमेलबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक-एक प्रति नक्कलसमेत साथै राखी विपक्षीका नाममा म्याद सूचना इमेलबाट पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।२।१४ को आदेश।

३. सांकेतिक नाम जे. कुमारको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सांकेतिक नाम एम.कुमार भएको जबरजस्ती करणी मुद्दामा यस अदालतको मिति २०७६।९।१३ को फैसलानुसार आरोपित नाबालक निज एम. कुमारले जबरजस्ती करणीको उद्योग गरेको ठहरी निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (घ) तथा दफा ३४ (३) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (४) अनुसार ३ वर्ष ४ महिना कैद सजाय भई बाल सुधार गृहमा नै बसी भुक्तान गरिरहेकोमा निजको ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको हुँदा विश्वव्यापी महामारी कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनसम्बन्धी सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयबमोजिम निज नाबालक एम. कुमारलाई खोजेका बखत उपस्थित गराउने गरी जिम्मा बुझिलिन पाउँ भनी निजको अभिभावक दाजु सुरेश राईले मिति २०७६।१२।१६ मा यस अदालतमा निवेदन दिनु भएकोमा पूर्ण बैठकको उक्त निर्णयको भावनाबमोजिम अभिभावकको निवेदन परेपछि सम्बन्धित बाल सुधार गृहको तत्कालीन अवस्था, बालबालिकाहरूमा सङ्क्रमणको जोखिम र जोखिम नियन्त्रण तथा न्यूनीकरणसम्बन्धी प्रबन्धहरूको बारेमा बाल सुधार गृहलाई सोधिएकोमा बाल सुधार गृहले हालसम्म कसैलाई सङ्क्रमण नदेखिएको, सङ्क्रमणको जोखिमलाई नियन्त्रण गर्न सुधार गृहमा बाह्य प्रवेशलाई नियन्त्रण गरिएको र अभिभावकहरूको भेटघाट समेतमा रोक लगाइएको छ भनी लेखी आएको हुँदा तत्काल निज नाबालकलाई बाल सुधार गृहबाट मुक्त गरी अभिभावकको जिम्मा लगाउनु नपर्ने भनी यस अदालतबाट मिति २०७६।१२।२० मा आदेश भएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने बेहोराको खोटाङ जिल्ला अदालतको लिखित जवाफ।

४. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री अजय शंकर झा "रूपेस" र श्री पंकजकुमार कर्णले खोटाङ जिल्ला अदालतबाट मिति २०७६।९।१३ मा भएको फैसलानुसार निर्धारण भएको कैद सजाय निज बालकले बाल सुधार गृह बसी भुक्तान गरिरहेका, सांकेतिक नाम एम. कुमारको ज्यान हाल कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको हुँदा खोजेका बखत उपस्थित गराउने गरी निजको अभिभावकले दिएको निवेदनमा निजलाई अभिभावकको जिम्मा नलगाई थुनासरह बाल सुधार गृहमा नै राख्ने गरी भएको मिति २०७६।१२।२० को आदेश संविधान तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को भावनाविपरीतको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

५. उपरोक्तबमोजिम विद्वान् कानून व्यवसायीले गर्नु भएको बहस सुनी प्रस्तुत रिट निवेदनको मिसिलसमेत

अध्ययन गरी निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो ? वा होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

६. निर्णयतर्फ विचार गर्दा साङ्केतिक नाम जे. कुमारको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक साङ्केतिक नाम एम. कुमार भएको जबरजस्ती करणी मुद्दामा खोटाङ जिल्ला अदालतको मिति २०७६।९।१३ को फैसलानुसार निवेदकलाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको ठहऱ्याई ३ वर्ष ४ महिना कैद सजाय भएको र निवेदक हाल बाल सुधार गृहमा रहेको रिट निवेदन बेहोरा एवं खोटाङ जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ। उक्त अदालतको फैसलानुसार निर्धारण भएको कैद सजाय निज नाबालकले बाल सुधार गृहमा बसी भुक्तान गरिरहेको अवस्थामा COVID-19 को महामारीको विपद्जन्य परिस्थितिमा सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयानुसार बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई खोजेका बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने भन्ने उल्लेख भएबमोजिम तत्पश्चात् निज नाबालक एम. कुमारलाई खोजेका बखत उपस्थित गराउने गरी बाल सुधार गृहबाट अभिभावकको जिम्मा लगाई पाउँ भनी निजको अभिभावक सुरेश राईले मिति २०७६।१२।१६ मा खोटाङ जिल्ला अदालतमा निवेदन दिएको देखिन्छ। निज नाबालकलाई तत्काल बाल सुधार गृहबाट मुक्त गरी अभिभावकको जिम्मा लगाउनु नपर्ने भनी खोटाङ जिल्ला अदालतबाट मिति २०७६।१२।२० मा आदेश भएउपर उक्त मितिको आदेश बदरको माग गरी अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदकको तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखियो।

७. उक्त आदेशउपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा हाल कोरोना भाइरस (COVID १९) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक बालबालिका, नागरिक वा नागरिकको समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी कायम राख्नु रहेको देखिन्छ। यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेका बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। नेपालको संविधानको धारा ३९(९) मा जोखिममा रहेका बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गरिएको, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने तथा ऐ. दफा १६(२) मा "जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ भन्ने उल्लेख भएको, ऐ. दफा ३६(५) मा "बाल अदालतले उपदफा (२) (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप कुनै उपर्युक्त निर्णय गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

८. महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत

आएको प्रस्तुत निवेदनको सन्दर्भमा विचार गर्दा वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायको पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ। उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीको कारणले न्यायको पहुँच अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिका अन्तरनिहित मानव अधिकारकै हनन हुने स्थिति आउँदछ। यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ। यो जवाफदेहिता राज्यको हरेक अंग र निकायमा रहेको छ। यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन। त्यसैले सुधार गृहमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिकाको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा उपयुक्त आदेश गर्नुपर्ने नै देखियो।

९. सुधार गृहमा रहेका बालबालिकाले पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ। हाल पनि निवेदक रहेको सुधार गृहको क्षमताभन्दा बढी बालबालिका रहेको कारण सामाजिक शारीरिक दुरी कायम राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेकोले स्वास्थ्य र जीवनको जोखिमको संरक्षण हुन नसक्ने अवस्थामा खोटाङ जिल्ला अदालतबाट भएको मिति २०७६।१२।२० को आदेश COVID-19 को समय सान्दर्भिक र न्यायोचित देखिएन्।

१०. कुनै पनि बालबालिका जो थुना वा सुधारगृहमा रहेका छन् यिनलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न पठाइएको नभई आफूले गरेको गल्तीमा सुधारका निश्चित उपायहरू अवलम्बन गर्न पनि हो। सुधार गृहमा राख्नु भनेको अन्तिम विकल्प हो। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ ले बालबालिकालाई सुधार गृहमा राख्नुबाहेक अन्य विकल्प पनि दिएको छ। निर्णयकर्ताले महामारीको विषम परिस्थितिले सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणमा कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ भनी यसअघि यस अदालतबाट ०७६-WH-०३२९ को मुद्दामा मिति २०७७/१/१४ गते रिट जारी समेत भइसकेको अवस्था छ।

११. तसर्थ, माथि उल्लिखित आधार र कारण, नोबल कोरोना भाइरस (COVID-19) का कारण सिर्जित आजको असामान्य र असहज परिस्थितिमा खोटाङ जिल्ला अदालतको मिति २०७६।१२।२० को आदेश न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ। यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा जोखिमपूर्ण अवस्थामा रहेको बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ३६ (५) को व्यवस्था अनुसार सांकेतिक नाम एम.कुमार लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा स्थगनको निमित्त आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पहरू खोजी पुनः निर्णय गर्नु भनी खोटाङ जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। उक्त आदेशानुसार निवेदकका हकमा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा पुनःनिर्णय गर्नसमेत खोटाङ जिल्ला अदालतको नाममा संक्षिप्त आदेश जारी भई च.नं. ७७३-३-३३३९७८ मिति २०७७।२।२७ मा पत्राचार भइसकेको हुँदा सो

सम्बन्धमा र बन्दीप्रत्यक्षीकरणको निवेदनको हकमा केही बोलिरहनु परेन । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.

इजलास अधिकृत :– जगन्नाथ पौडेल
कम्प्युटर :– विकेश गुरागाइँ
इति संवत् २०७७ साल जेष्ठ २६ गते रोज २ शुभम्.....।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश मिति : २०७७।२।२७
०७६-WO-०९६२

मुद्दा : परमादेश

निवेदक : अधिवक्ता रोशनी पौडेलसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : यसमा अन्तरिम आदेश छलफलका लागि पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ताद्वय श्री रोशनी पौडेल, श्री सरोजकृष्ण घिमिरे र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री राघवलाल वैद्य, श्री रविनारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, डा.श्री नारायण घिमिरे, श्री शेरबहादुर के.सी., श्री उषा मल्ल पाठक, डा.श्री चन्द्रकान्त ज्ञवाली, श्री गोपालकृष्ण घिमिरे, विद्वान् अधिवक्ताहरू श्री टीकाराम भट्टराई, श्री सुनिलकुमार पोखरेल, श्री विष्णु लुइँटेल, श्री इश्वरीप्रसाद भट्टराई, श्री मेघराज पोखरेल, श्री योगेन्द्रबहादुर अधिकारी, श्री खम्मबहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विष्णुमाया भुषाल, श्री सरस्वती श्रेष्ठ, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री अन्जु कायस्थ, श्री श्रीधरा कुमारी पुडासैनी, श्री अजयशंकर झा "रूपेस", श्री लक्ष्मी पोखरेल, श्री विष्णु बस्याल, श्री पुनदेवी महर्जन, श्री शान्तिदेवी खनाल, श्री चण्डिका शाही, श्री लक्ष्मीदेवी दाहाल, श्री खड्गबहादुर बुढाथोकी, श्री रक्षा बस्याल, श्री लक्ष्मी थापा खड्का, श्री मुकुन्द अधिकारी, श्री रजिता थापा, श्री सन्तोष भण्डारी, श्री इन्दिरा सिलवाल, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री नवराज पाण्डे, श्री कमल कोइराला, श्री राजु पौडेल, श्री प्रतिमा उप्रेती तथा विपक्षीहरूको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुषालले गर्नुभएको बहस सुनियो।

यसमा अन्तरिम आदेश जारी हुनुपर्ने विषयमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूले मूलतः "नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति" मा महिलाहरूको प्रतिनिधित्व नरहेको, महामारीको क्रममा घरेलु हिंसाको घटना बढेको, महिलाहरूको प्रजनन स्वास्थ्यको रक्षा हुन नसकेको, सीमा प्रवेश तथा स्वास्थ्य परीक्षण र क्वारेन्टिनहरूमा महिलाहरूलाई प्राथमिकता नदिइएको र अलग्गै रहने बस्ने व्यवस्था नगरिएको आदि कुराहरू उठाउनु भएको छ।

नेपालको संविधानले महिलाहरूसमेतको प्रतिनिधित्व रहने समावेशी राज्य संयन्त्रको परिकल्पना गरेको छ। संविधानको प्रस्तावना, धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४२ र धारा ४३

समेतका व्यवस्थाहरूद्वारा प्रत्याभूत हकहरूका सन्दर्भमा कोभिड महामारीसँग सम्बन्धित उच्च स्तरीय संयन्त्रमा महिलाहरूको सहभागिता रहनुपर्छ भन्नु संविधानका व्यवस्थाहरूप्रति राज्य संयन्त्रको पूर्ण आस्था र समर्पण रहनुपर्छ भन्नु नै हुँदा संविधानको यो अभिष्टलाई विपक्षीहरूले हेर्न सक्ने र नहेरिएमा अन्तिम सुनुवाइ हुँदा विचार हुन सक्ने नै देखिन्छ।

अन्तरिम आदेशद्वारा तत्काल सम्बोधन गरिनुपर्ने कुराहरूमा मुख्य रूपमा प्रजनन स्वास्थ्यको रक्षा, सुरक्षा र गोप्यतासँग सम्बन्धित विषय उठाइएकाले सोही विषयहरूसँग सीमित रही संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेतबमोजिम देहायबमोजिम गर्न, गराउनको लागि अन्तरिम आदेश जारी गरिएको छः-

क. कोभिड १९ को महामारीको सन्दर्भमा यसअघि विभिन्न मितिहरूमा यस अदालतबाट विभिन्न आदेशहरू जारी भएका छन्। ती आदेशहरूको मुख्य प्रयोजन महामारीबाट प्रभावित जनताहरूको के कसरी प्रभावकारी रूपमा रक्षा गर्न सकिन्छ भन्ने नै हो। संविधान प्रदत्त हकहरूको रक्षा गर्नु यस अदालतको कर्तव्य हो। संविधानको रक्षा गर्दा नै संविधानले हामी सबैको रक्षा गर्न सक्छ भन्ने मान्यतामा आदेशहरू जारी भएका हुन्। ती कुनै न्यायिक महत्त्वाकांक्षा वा लहडका उपज होइनन्। यसै क्रममा मिति २०७७।१।५ मा आदेश जारी हुँदा पैदलै घर फर्किरहेका व्यक्तिहरूलाई सुरक्षापूर्वक र निःशुल्क यातायातको व्यवस्था गरी घर पुऱ्याउनु भनी आदेश गर्ने क्रममा "महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अस्वस्थ्य व्यक्तिहरूको विशेष सुरक्षा गर्नु र प्राथमिकतामा राख्नु" भन्नेसमेत उल्लेख भएकै छ। यसो भन्नुको मुख्य कारण कोभिड भाइरसले कसैलाई नछाड्ने भए पनि यसको प्रभाव भने सबैमा बराबर नहुने भएर नै हो। महामारीबाट महिला र विशेषतः सुत्केरी, गर्भिणी वा स-साना बालबालिकासहितका महिला, वृद्ध तथा अस्वस्थ अवस्थामा रहेका व्यक्तिहरूको विशेष रूपमा रक्षा गर्नुपर्ने हुँदा त्यस्ता व्यक्तिहरूलाई नेपालको सीमामा प्रवेश गर्दाको अवस्थादेखि क्वारेन्टिन वा आइसोलेसमा रहँदा सुरक्षासाथ अलग राखी विशेष हेरचाहको व्यवस्था गर्नू।

ख. बन्दाबन्दीको अवस्थामा महिलाहरूले विशेष रूपमा घरेलु र अन्य प्रकारका हिंसाहरू भोग्नुपरेका कुरा उठेका छन्। नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय घोषित गरेको छ। यो हकको उपयोग महिलाहरूलाई न्यायमा सहज पहुँच सुनिश्चित हुँदा मात्र हुन सक्ने हुन्छ। तसर्थः बन्दाबन्दीको कारण देखाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ बमोजिम पर्ने उजुरी लिन र त्यसमा गर्नुपर्ने कानूनबमोजिमको अनुसन्धान कारबाही आदि नरोक्नु भनी विपक्षीहरूलाई सूचित गर्नू। साथै सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम उजुरी पर्न आए तत्काल दर्ता गरी कानूनबमोजिम तत्कालै आवश्यक कार्य गर्नु भनी सबै जिल्ला अदालतहरूलाई सर्वोच्च अदालतबाट लेखी पठाउनू।

ग. महिलाउपर हुने हिंसाका सन्दर्भमा राष्ट्रिय महिला आयोगमा एउटा ११४५ नं. को हेल्प लाइन टेलिफोन रहेको तर सो हेल्प लाइनबाट कुनै कारबाही हुन नसकेको भन्ने जिकिर बहसमा उठ्यो। तसर्थ यसमा के कसो भएको हो हेर्नु र महिलाहरूको सुरक्षा, हित रक्षामा कुनै पनि प्रतिकूल प्रभाव पर्न नदिनु र मन्त्रालयको तहबाट थप हेल्प लाइनको व्यवस्था गर्नु भनी विपक्षी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई लेखी पठाउनू।

घ. कोभिड-१९ को कारण महिलाहरूको प्रजनन स्वास्थ्यमा प्रतिकूल असर परेको भन्ने कुरा निवेदनमा उठाइएको छ। नेपालको संविधानको धारा ३८(२) ले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई महिलाको हकको रूपमा प्रत्याभूत गरेको छ। यो हकको प्रचलन सहज रूपमा हुनुपर्छ र कुनै पनि हालतमा रोकिनु हुँदैन। गर्भवती महिलाहरूको समय समयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरू तथा नाबालक शिशु बालबालिकाहरूले लिनुपर्ने खोप तथा सुइहरू प्राप्त गर्ने कुरालाई कुनै रूपमा पनि प्रभावित हुन नदिनू।

ङ. निवेदनमा प्रभावित व्यक्तिको गोप्यताको हकको कुरा पनि उठेको छ। एकातर्फ व्यक्तिको गोप्यताको हक अनतिक्रम्य छ भने अर्कोतर्फ सरकारद्वारा जनहितमा सूचनाहरू जारी गर्नुपर्ने हुन्छ। तसर्थ प्रभावित व्यक्ति तथा निजको परिवारमा पर्न सक्ने असरसमेतलाई विचार गरी सम्बन्धित व्यक्तिको सहमतिले मात्र व्यक्तिगत सूचनाहरू प्रचार प्रसार गर्नु, गराउनू।

निवेदनमा उठाइएका र बहसमा जिकिर लिइएका अन्य कैयौं कुराहरूमा यसअघि यस अदालतबाट ०७६-WO-०९३३, ०७६-WO-०९३८, ०७६-WO-०९५८ लगायतका रिट निवेदनहरूमा विभिन्न मितिमा आदेश भइसकेका र प्रस्तुत आदेशलाई पनि आनुषङ्गिक रूपमा हेरी कार्यान्वयन गर्नु गराउनु भनी प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नू।

न्या.सुष्मालता माथेमा

इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।२।२८

मुद्दा : उत्प्रेषण

०७६-WO-०९६६

निवेदक : अधिवक्ता सिर्जना अधिकारीसमेत----------१

विरूद्ध

विपक्षी : अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत ----------१

०७६-WO-०९७४

निवेदक : अधिवक्ता थानेश्वर काफ्लेसमेत----------१

विरूद्ध

विपक्षी : आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत ----------१

आदेश

न्या.अनिलकुमार सिन्हा : आज अन्तरिम आदेशको छलफलको लागि पेस भएको निवेदन नं.०७६-WO-०९६६ मा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रकाशबहादुर के.सी. तथा अधिवक्ताहरू सर्वश्री मेघराज पोखरेल, श्री राजु पौडेल, श्री सरोजकृष्ण घिमिरे, श्री सुजन नेपाल, श्री सन्तोष भण्डारी एवं निवेदकद्वय श्री शैलेन्द्र उप्रेती तथा अधिवक्ता श्री सिर्जना अधिकारी र निवेदन नं.०७६-WO-०९७४ मा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुशिलकुमार पन्त र निवेदकद्वय अधिवक्ता श्री थानेश्वर काफ्ले र श्री हरिबहादुर खड्का एवं दुवै निवेदनहरूमा विपक्षीतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले गर्नुभएको बहस सुनियो।

यसमा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागको वेबसाइट www.ird.gov.np मा राखिएको तथा पत्रपत्रिकामा प्रकाशित सूचना हेर्दा सो सूचनामा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणबाट उत्पन्न असहज परिस्थितिको कारण करदाताहरूले आवधिक रूपमा बुझाउनु पर्ने कर दाखिल गर्नुपर्ने म्याद बन्दाबन्दी समयभित्रै पर्ने गरी २०७७ जेठ २५ र जेठ मसान्तसम्म थप गरिएकोमा पुनः सो म्याद हालको बन्दाबन्दी अवधि जेठ मसान्तलाई विचार गरी २०७७ असार ७ तथा १५ गतेसम्म थप गरिएको भन्ने देखिन्छ। जसरी बन्दाबन्दीसम्बन्धमा नेपाल सरकारले कुनै निश्चित कानूनको दफाभन्दा पनि परिस्थितिको माग र अपरिहार्यतालाई विचार गरी निर्णय गरेको देखिन्छ, त्यस्तै समयावधिसम्बन्धी उक्त सूचनाहरू सम्बन्धित ऐन, नियमको कुनै दफामा सीमित रही जारी भएको नभई वर्तमान विषम परिस्थिति, व्यावहारिकता र आवश्यकतालाई

विचार गरी करदाताहरूलाई विवरण एवं कर तिर्ने वातावरण सिर्जना गर्ने उद्देश्यले प्रशासकीय निर्णयबाट जारी भएको अनुभूति हुन्छ । बन्दाबन्दीले समयमा करदाताहरूले नेपालको संविधानको धारा १७(२)(च) प्रदत्त अधिकारबमोजिम आ-आफ्नो पेसा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको सञ्चालन गर्न सकेको अवस्था छैन भन्ने सम्बन्धमा विवाद हुन सक्दैन । मिति २०७६।१२।९ को नेपाल सरकारको निर्णयले मिति २०७६।१२।११ देखि अनवरत रूपमा रहेको बन्दाबन्दी २०७७ जेठ ३२ पश्चात् फुकुवा हुने विश्वासमा उक्त सूचना जारी भएको अनुमान गर्न सकिन्छ। तथापि लामो बन्दाबन्दीपश्चात् उक्त म्यादभित्र करदाताहरूले आ-आफ्नो पेसा व्यापार व्यवसाय यथास्थितिमा पूर्ण सञ्चालनमा ल्याई आफ्ना कर्मचारी एवं हिसाबकिताबहरूको व्यवस्थापन गरी सम्बन्धित कर विवरण तथा सो विवरणबमोजिम कर तिर्न सक्ने आवश्यक प्रबन्ध र व्यवस्था गर्न व्यावहारिक रूपमा तत्कालै पूर्ण सक्षम हुन्छन् भन्ने अनुमान गर्ने विश्वसनीय आधार देखिँदैन।

सर्वोच्च अदालतको प्रतिवेदन ०७६-RE-०३९२ तथा रिट निवेदन ०७६-WO-०९४४ मा सुनुवाइ भई मिति २०७७।२।१५ मा बृहत् इजलासबाट जारी भएको आदेशमा बन्दाबन्दीको कारणबाट तारेख गुज्रिएकाहरूको हकमा बन्दाबन्दी खुला भएको मितिले बाटोको म्यादबाहेक ३० दिनभित्र अदालत वा सम्बन्धित न्यायिक वा अर्धन्यायिक निकायमा हाजिर हुन गएमा तारिख नगुज्रिएको मानिने भन्ने उल्लेख भएको देखिन्छ । यसबाट कानूनले समयसीमा तोकेको अवस्थालाई विचार गर्दा यस्तो उक्त बाटोको म्यादबाहेक ३० दिनभित्र भन्ने समयावधिलाई न्यायोचित समयावधिको रूपमा स्वीकार गरिएको अवस्था छ। कोभिड-१९ महामारीको कारण सिर्जित असाधारण परिस्थितिको परिप्रेक्ष्यमा अस्वाभाविक रूपमा दुई महिनाभन्दा बढी अवधिदेखि कायम रहेको बन्दाबन्दीको कारणबाट उद्योगधन्दा, व्यापार व्यवसाय, रोजगारी, कृषि व्यवसायलगायतका विविध आर्थिक गतिविधि र क्रियाकलापमा गम्भीर एवं प्रतिकूल असर परेको अवस्था रहेकोसमेत उपर्युक्त आदेशमा उल्लेख छ । यस्तो अवस्थामा केही अपवादबाहेक राज्यलाई साबिकमा समयमै विवरण र कर दाखिला गर्दै आएका करदातालाई आजको असहज परिस्थितिमा आइपरेका व्यावहारिक समस्याहरूसमेत विचार गरी न्यायोचित सुविधा दिनुबाट राज्य पन्छिनु वाञ्छनीय देखिँदैन। यस दृष्टिकोणबाट हेर्दा आन्तरिक राजस्व विभागको सूचनामा उल्लेख भएको समयावधिले करदातालाई सुविधा दिएको भन्दा पनि सन्त्रास सिर्जना गर्ने अवस्था देखिन्छ।

राज्य संयन्त्रले करदातालगायत सम्पूर्ण जनतालाई अभिभावकत्व महसुस गराउनु जनताको वैधानिक अपेक्षाको विषय हो । नेपालको संविधानको धारा ११५ मा कानूनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने व्यवस्थाको पछाडि कर उठाउने कानून न्यायोचित र व्यावहारिकसमेत हुनुपर्छ भन्ने कर विधिशास्त्रको मान्यता र अवधारणासमेत समाहित रहेको छ। यस परिप्रेक्ष्यमा हेर्दा सरल सहज अवस्था परिस्थितिमा करदाताले राज्यलाई समयानुकूल कर तिर्ने कर्तव्य हुन्छ भने असामान्य र असहज परिस्थितिमा राज्यले जनतालाई सहयोग र सुविधा दिनु पनि अपेक्षित हुन्छ। आजको परिस्थिति हेर्दा कुनै पूर्वअनुमानित समयमै सबै परिस्थिति सामान्य हुन्छ र पेसा रोजगार व्यापार व्यवसायले तत्काल गति लिइहाल्छ भनी अनुमान गर्न सक्ने अवस्था र परिस्थिति देखिँदैन।

यिनै परिस्थितिहरूलाई विचार गरी प्रस्तुत निवेदनहरूमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा निम्नानुसार अन्तरिम आदेश जारी गरिएको छ।

१. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागबाट २०७७ असार ७ र १५ गतेभित्र कर तथा विवरण बुझाउने सम्बन्धमा भनी जारी भएको सूचना बन्दाबन्दीको अवधिसम्म कार्यान्वयन नगरी

बन्दाबन्दी पूर्णरूपमा खुलेपश्चात् बाटोको म्यादबाहेक ३० दिनभित्र सम्बन्धित विवरण र कर बुझाउन सक्ने गरी आवश्यक व्यवस्था मिलाउनू। बन्दाबन्दीपश्चात् पनि केही अवधिसम्म सामाजिक दुरीलगायत अन्य विभिन्न सुरक्षित रहने उपायहरू अवलम्बन गर्नुपर्ने अवस्था परिस्थितिलाई विचार गरी विवरण र कर राजस्व दाखिल गर्ने प्रक्रिया र कार्यविधिलाई सरलीकृत गर्नू।

२. बन्दाबन्दी पूर्णरूपमा खुलेपश्चात् पुन: नयाँ परिस्थिति सिर्जना भई देशभर वा कुनै खास क्षेत्रमा प्रतिकूल अवस्था देखिएको कारण करदाताहरूले आ-आफ्नो पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसायको सञ्चालनमा कठिनाई देखिन आएमा न्यायोचित तवरले उपर्युक्तबमोजिमको अवधिहरू पुनरावलोकन गरी नयाँ समयावधि तोक्नेतर्फ आवश्यक व्यवस्था मिलाउनू।

न्या.डा.मनोजकुमार शर्मा

इति संवत् २०७७ साल जेठ २८ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
आदेश मिति : २०७७।२।२९
०७६-WH-०३७२

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक / पक्ष : हस्तबहादुर कार्कीको छोरा, काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं.४ घर भई हाल कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा कैदमा रहेका वर्ष ५८ को मदनबहादुर कार्की --------१

विरूद्ध

प्रत्यर्थी / विपक्षी : कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं ----------१

आदेश

न्या.दीपककुमार कार्की : नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

१. निवेदकसमेत प्रतिवादी भएको ०६८-FJ-००७८ नं.को बैंकिङ कसुर मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।२९ मा भएको फैसलाअनुसार मलाई तीन वर्ष कैद र सात करोड चौसठ्ठी लाख तीन हजार दुई सय चौवालीस रूपैयाँ सतासी पैसा जरिवाना भएको छ। सो फैसलाउपर मैले पुनरावेदन गर्न नपाई अन्य प्रतिवादीहरू र नेपाल सरकारसमेतले सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरी हाल कारबाही चलिरहेको छ। फैसलाबमोजिमको कैद तीन वर्ष म निवेदक पक्राउ परेको मिति २०७३।११।८ देखि मिति २०७६।११।७ सम्ममा कैदमा बसी लागेको कैद भुक्तान भइसकेको छ। लागेको जरिवाना तिर्न नसकेको हुनाले सोबापत चार वर्ष कैद भुक्तान गर्नुपर्नेमा मिति २०७६।११।८ गतेदेखि मिति २०८०।११।७ गतेसम्ममा कैदमा बसी भुक्तान गर्नुपर्ने हुन्छ। मिति २०७६।११।८ गतेदेखि मिति २०७७।२।१५ गतेसम्म तीन महिना सात दिन कैद भुक्तान भइसकेको र बाँकी तीन वर्ष आठ महिना तेइस दिन जरिवानाबापत कैद भुक्तान गर्न हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा कैदमा बसेको छु। मिति २०७७।१।२८ गते म बिरामी भई वीर अस्पतालमा जचाउने क्रममा मलाई आन्द्रा कुहिएको भनी डाक्टरले अप्रेसन गर्नुपर्छ भनेपछि विपक्षीले वीर अस्पतालमा ल्याइ मिति २०७७।२।९ गते मेरो अप्रेसन भएको छ। हाल म उल्लिखित अस्पतालको मेल सर्जिकल वार्ड बेड नं.३२० मा उपचार गराई रहेको छु। कारागारमा मेरो आचरण राम्रो रहेको छ। भरखरै मात्र आन्द्राको अप्रेशन गरेकोले कारागारभित्र खाना, पानी, बसोबाससमेत स्वस्थकर नरहेको र एउटै कोठामा धेरै मान्छेहरू राख्ने गर्दा मेरो स्वास्थ्यमा प्रतिकूल असर पर्ने अवस्था छ। नेपालको प्रत्येक कारागारमा क्षमताभन्दा धेरै गुणा बढी कैदी बन्दी राख्ने गरिएको छ। कारागारभित्र सुत्ने ओछ्यान नै जोडिएर राखिरहेको छ। यस्तो अवस्थामा राज्यले नै कैदी बनाउने र राज्यले नै स्वस्थ वातावरणमा

सुरक्षितसाथ राख्न नसक्दा म जस्तो अस्वस्थ व्यक्तिलाई हाल विश्वभरी फैलिरहेको महामारी कोभिड-१९ ले अझ चाँडै नै सङ्क्रमण हुन सक्ने प्रवल सम्भावना रहेको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ अनुसार कैद कट्टा हुने कानूनी व्यवस्था कार्यान्वयन गरी सुधार गर्न सर्वोच्च अदालतबाट मिति २०७७।१।१७ मा आदेशसमेत भएको अवस्था छ। सर्वोच्च अदालतले संविधानअनुसार प्रत्येक नागरिकको बाँच्न पाउने हक हित तथा स्वास्थ्य सुरक्षामा सकारात्मक भूमिका खेल्दै आएको छ । नेपालमा कोभिड-१९ बाट सामान्य जीवनयापन गर्न सहज नभएसम्म म निवेदक घरमै बसी घरमा बसेको अवधिको कैद कट्टा गरी कैद भुक्तान गरी पाउनको लागि संविधानको धारा १६(१) र १७(१) बमोजिम मेरो सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्न संविधानको धारा १३३(२)(३) बमोजिम विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको बन्दीप्रत्यक्षीकरणको निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक पाँच दिनभित्र निवेदक मदनबहादुर कार्की बिरामी भएको देखिदा उपस्थित गराई रहनु पर्ने अवस्था नहुँदा मिसिल संलग्न कागज प्रमाणहरूको प्रमाणित प्रतिलिपिहरू र लिखित जवाफ महान्यायाधिवक्ता कार्यालयमार्फत पेस गर्नु भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७७।२।२० मा भएको आदेश ।

३. विपक्षी रिट निवेदक मदनबहादुर कार्की अधिकारप्राप्त निकाय काठमाडौं जिल्ला अदालतको च.नं.५००८, मिति २०७३।११।८ को पत्रले बैंकिङ कसुर मुद्दामा कानूनबमोजिम यस कारागारमा थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा निवेदन माग दाबीअनुसारको आदेश जारी हुने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ ।

४. नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दामोदर खड्का र अधिवक्ताहरू श्री लक्ष्मण थपलिया, श्री प्रमिला कायस्थ र श्री सन्तोष भण्डारीले निवेदकसमेत प्रतिवादी भएको बैंकिङ कसुर मुद्दामा निवेदकलाई तीन वर्ष कैद र सात करोड चौसट्ठी लाख तीन हजार दुई सय चौवालिस रूपैयाँ सतासी पैसा जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसलाअनुसार निवेदक कैदमा बसी लागेको कैद भुक्तान भइसकेको छ । हाल लागेको जरिवानाबापत कैदमा बसी रहेकोमा निजको आन्द्राको अप्रेसन गरेकोले कारागारभित्र खाना, पानी, बसोबाससमेत स्वस्थकर नरहेको र हाल विश्वभरी फैलिरहेको कोभिड-१९ ले अझ चाँडै नै सङ्क्रमण हुन सक्ने सम्भावना रहेको छ । संविधानअनुसार निवेदकको सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्न नेपालमा कोभिड-१९ बाट सामान्य जीवनयापन गर्न सहज नभएसम्म निवेदक घरमै बसी कैद कट्टा हुने गरी कैद भुक्तान गरी पाउन विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

५. प्रत्यर्थी कारागार कार्यालय, जगन्नाथदेवलको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शान्तीप्रसाद लुइँटेलले बन्दीप्रत्यक्षीकरणको रिट कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा राखेको अवस्थामा मात्र जारी

हुन सक्दछ। प्रस्तुत रिट निवेदनको सन्दर्भमा निवेदक बैंकिङ कसुरको मुद्दामा अदालतको फैसला अनुसार लागेको कैद र जरिवानाबापत कारागारमा कैदमा बसेको अवस्था हो। यसरी फैसलाअनुसार कैदमा बसेको व्यक्तिले स्वास्थ्य तथा हाल विश्वभरी फैलिएको कोभिड-१९ को कारण देखाई घरमा बसी कैद भुक्तानी गर्ने संवैधानिक तथा कानूनी व्यवस्था नहुँदा निवदेन मागबमोजिमको आदेश जारी हुने होइन, रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

६. निवेदकसमेत प्रतिवादी भएको बैंकिङ कसुर मुद्दामा निवेदकलाई तीन वर्ष कैद र सात करोड चौसठ्ठी लाख तीन हजार दुई सय चौवालिस रूपैयाँ सतासी पैसा जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट २०७१।१।२९ मा भएको फैसलाअनुसार निवेदक कैदमा बसी लागेको कैद भुक्तान भइसकेको छ। हाल लागेको जरिवानाबापत कैदमा बसिरहेकोमा निवेदकको आन्द्राको अप्रेसन गरेकोले कारागारभित्र खाना, पानी, बसोबाससमेत स्वस्थकर नरहेको र हाल विश्वभरी फैलिरहेको कोभिड-१९ ले अझ चाँडै नै सङ्क्रमण हुन सक्ने सम्भावना रहेको हुँदा संविधानअनुसार निवेदकको सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्न नेपालमा कोभिड-१९ बाट सामान्य जीवनयापन गर्न सहज नभएसम्म निवेदक घरमै बसी कैद कट्टा गरी कैद भुक्तान गरी पाउनको लागि विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी रहेको देखियो। रिट निवेदकलाई अधिकार प्राप्त निकाय काठमाडौं जिल्ला अदालतको पत्रले बैंकिङ कसुर मुद्दामा कानूनबमोजिम यस कारागारमा कैदमा राखिएको हुँदा निवेदन दाबीअनुसारको आदेश जारी हुने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थी कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंको लिखित जवाफ रहेको पाइयो।

७. उपर्युक्त तथ्य एवम् बहस सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा निवेदन मागदाबीबमोजिम विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

८. निर्णयतर्फ विचार गर्दा, निवेदकसमेत प्रतिवादी भएको बैंकिङ कसुर मुद्दामा निवेदकलाई तीन वर्ष कैद र सात करोड चौसठ्ठी लाख तीन हजार दुई सय चौवालिस रूपैयाँ सतासी पैसा जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट २०७१।१।२९ मा फैसला भई निवेदकलाई लागेको कैद तीन वर्ष मिति २०७३।११।८ देखि मिति २०७६।११।७ सम्म भुक्तान भइसकेको र हाल जरिवानाबापत कैदमा बसेको भन्ने रिट निवेदनबाट देखिएको छ। अदालतको फैसलाअनुसार कैद तथा जरिवानाको सजायबापत कैदमा बसी रहेका निवेदकले अप्रेशन गरेको हुँदा हाल विश्वभरि फैलिएको कोभिड-१९ समेतबाट सङ्क्रमण हुने भनी घरैमा बसी कैद कट्टा गरिपाउँ भन्ने जिकिर लिएको देखिन्छ। अदालतको फैसलाअनुसार लागेको कैद जरिवानाबापत कैदमा बसी रहेको व्यक्तिले स्वास्थ्यमा सङ्क्रमण हुन सक्ने सम्भावनाको कारण घरमै बसी लागेको कैद कट्टा हुने संवैधानिक तथा कानूनी व्यवस्था रहे भएको देखिँदैन। सक्षम अदालतबाट भएको फैसलाअनुसार लागेको कैद र जरिवानाबापत कैदमा बसेको विषयले निवेदकको संवैधानिक एवम् कानूनी हक अधिकार हनन हुने अवस्था हुँदैन।

९. अदालतको फैसलाअनुसार कारागारमा कैदमा बसेको कारण रिट निवेदकको के कुन हक अधिकार के कसरी हनन हुन गएको हो ? बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने आधार के हुन सक्छ ? सो विषयमा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन। सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी

गरिन्छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने सन्दर्भमा निवेदक थुनामा रहेको हुनुपर्ने र सो थुना गैरकानूनी रहेको हुनुपर्छ। गैरकानूनी थुना भएको अवस्थामा मात्र यस प्रकारको आदेश जारी गरिने अवस्था हुन्छ तर प्रस्तुत रिट निवेदकको उक्त अवस्था रहेको देखिँदैन। निवेदकको अप्रेसन गरेको र हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को कारण निजको स्वास्थ्यमा सङ्क्रमण हुन सक्ने सम्भावना भएको अनुमान गरी कानूनबमोजिम सक्षम अदालतबाट भएको फैसलाअनुसार लागेको कैद र जरिवानाबापत कैदमा बसिरहेको निवेदकलाई घरैमा बसी कैद भुक्तान गर्न आदेश जारी गर्नु बन्दीप्रत्यक्षीकरणको सिद्धान्तविपरीत हुन जान्छ।

१०. अत: माथि विवेचित आधार कारणबाट सक्षम अदालतको फैसलाअनुसार यी रिट निवेदकलाई लागेको कैद र जरिवानाबापत कैदमा बसेको देखिन्छ। त्यसरी कानूनबमोजिम भएको फैसलाअनुसार कैदमा बसेको व्यक्तिले अप्रेसन गरेको र हाल विश्वभरि फैलिएको कोभिड-१९ समेतबाट सङ्क्रमण हुन सक्ने सम्भावना रहेको अनुमान गरी घरैमा बसी कैद कट्टा गर्ने संवैधानिक तथा कानूनी व्यवस्था देखिँदैन। सक्षम अदालतको फैसलाअनुसार कैदमा बसेको अवस्थालाई गैरकानूनी थुना मानी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदनको दायरीको लगत कट्टा गरी, आदेश विद्युतीय प्रणालीमा अपलोड गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत: रामचन्द्र खड्का
इति संवत् २०७७ साल जेठ २९ गते रोज ५ शुभम् .....।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।२।३२
०७६-WH-०३६९

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) को हकमा अधिवक्ता अजय शंकर झा "रूपेस".....
विरूद्ध
विपक्षी : काठमाडौं जिल्ला अदालतसमेत.....

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ तथा १३३ (२) र (३) बमोजिम यसै अदालतको असाधारण अधिकारक्षेत्रभित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

१. विपक्षी काठमाडौं जिल्ला अदालतसमेतको आदेशले बाल सुधार गृहमा रहेका परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) को ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेकोले सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को निर्णयको अधीनमा रही यी परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई खोजेका बखत उपस्थित गराउने गरी निजका अभिभावकले काठमाडौं जिल्ला अदालतमा निवेदन दिएका थिए। निज परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई अभिभावकको जिम्मा नलगाई थुनासरह बाल सुधार गृहमा नै राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६७/१२/२० आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७७/२/१५ आदेश सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को निर्णय तथा कानूनको मनसायविपरीत हुनुको साथै कानूनको समान संरक्षणसमेतको विपरीत रही गैरकानूनी रहेको छ। यसरी काठमाडौं जिल्ला अदालतको आदेश र उच्च अदालत पाटनको आदेशबाट निज परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) को नेपालको संविधानको धारा १७(१), १८(१)(२) र (३), २०(९), २२(१), ३०(१), ३५(३)(४), ३६(२) र ३९(२)(८) समेतका अधिकारहरूमा हनन पुग्न गएको हुँदा परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मामा छाड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी यस अदालतसमक्ष पेस भएको मिति २०७७/०२/१८ गतेको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक

३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७/०२/१९ गतेको आदेश।

३. यसमा सुरू अदालतको मिति २०७६ आश्विन २९ को आदेशअनुसार हाल बाल सुधार गृह भक्तपुर, सानोठिमीमा रहेका परिवर्तित नाम २६ लैनचौर १(ङ) उपर लागेको हाडनाता जबरजस्ती करणीसमेतको अभियोग मागदाबी, पीडितको उमेर वर्ष ७ मात्र रहेको अवस्था, हालसम्म संकलित मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कन र अभियोगबमोजिम कसुर ठहर भएमा निवेदकलाई हुन सक्ने सजायसमेतका समग्र वस्तुस्थितिलाई विचार गर्दा सुरू अदालतबाट निज निवेदकलाई अभिभावकको जिम्मा लगाउन निमल्ने भनी मिति २०७६।१२।२० मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गर्न परेन। कानूनबमोजिम गर्नु भनी मिति २०७७।२।१५ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको छ। यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको उच्च अदालत पाटनको मिति २०७७/०२/२० गतेको लिखित जवाफ।

४. बिज्याइँकर्ता परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) ले ७ वर्षकी नाबालक बहिनी नाता पर्ने परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(घ) लाई जबरजस्ती करणी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) तथा दफा २२० को उपदफा (१) र (२) बमोजिमको कसुरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (क) बमोजिमको सजाय तथा दफा २२० को उपदफा (२)(घ) बमोजिम थप सजाय हुनुपर्नेमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई अभियोग पत्र दायर भएको थियो। यस अदालतबाट मिति २०७६।६।२९ मा तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसुरदार रहेको देखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) लाई मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर सानो ठिमी राख्न पठाउनु भनी भएको आदेशानुसार निज बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेको देखिन्छ। अदालतले खोजेका बखत उपस्थित गराउने गरी संरक्षकको जिम्मा लगाई पाउँ भनी निजका बुबा चाउरे कामीको निवेदन परेकोमा उक्त निवेदनउपर आदेश हुँदा प्रस्तुत मुद्दामा बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) को हकमा कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतलाई आधार मानी निजको अभिभावकले निवेदन माग गरेअनुसारको सुविधा दिन मिल्ने देखिएन भनी यस अदालतबाट मिति २०७६।१२।२० मा आदेश भएको छ। अतः मिसिल संलग्न रहेका प्रमाणहरूका आधार यी बिज्याइँकर्तालाई कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम नै पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको हो। निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम संविधान तथा कानूनको प्रतिकूल यी निवेदक बिज्याइँकर्तालाई थुनामा नराखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था छैन तसर्थ विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको काठमाडौं जिल्ला अदालतको मिति २०७७/०२/२१ को लिखित जवाफ।

५. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अजय शंकर झा "रूपेस", श्री पंकजकुमार कर्ण, श्री लक्ष्मी नानी थापा र श्री सन्तोष भण्डारीले विपक्षी काठमाडौं जिल्ला अदालतलको आदेशले बाल सुधार गृहमा रहेका परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) को ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको तथा निज रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका रहेको अवस्था हुँदा खोजेका बखत उपस्थित गराउने गरी निजका अभिभावकले निवेदन गरेकोमा निजलाई अभिभावकको जिम्मा नलगाई थुनासरह बाल सुधार गृहमा नै राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको आदेश कानूनको मनसायविपरीत हुनुको साथै कानूनको समान संरक्षणसमेतको विपरीत रही गैरकानूनी रहेको छ । तसर्थ काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनको आदेशलाई बदर गरी निज परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मामा छाड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

६. त्यसैगरी विपक्षीका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) लाई तत्काल प्राप्त प्रमाणका आधारमा मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर सानोठिमी राख्न पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट आदेश भएको थियो । निजलाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी निजका संरक्षकको जिम्मा लगाई पाउँ भनी निजका बाबु चाउरे कामीको निवेदन परेकोमा बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) को लाई कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतलाई आधार मानी निजको अभिभावकले निवेदन माग गरेअनुसारको सुविधा दिन मिल्ने देखिएन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१२।२० मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।२।१५ को आदेश कानूनसम्मत हुँदा सदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहस सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा काठमाडौं जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको आदेश मिलेको छ, छैन ? तथा निवेदकको माग पुग्छ, पुग्दैन ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

८. निर्णयतर्फ विचार गरी हेर्दा परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) जबरजस्ती करणी र हाडनाता करणी मुद्दामा बाल सुधार गृहमा पुर्पक्षका लागि थुनामा रहेकोमा यस अदालतको फुल कोर्टको मिति २०७६/१२/०७ को आदेशानुसार निज परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) को बाबु चाउरे कामीले खोजेका वखत उपस्थित गराउने सर्तमा जिम्मा लगाई पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन दिएको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट निवेदन मागबमोजिम जिम्मा लगाउन नमिल्ने भनी आदेश भएको र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट आदेश भएकोले सो आदेशहरू बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ ।

९. परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९

को उपदफा (१) र (२) तथा दफा २२० को उपदफा (१) र (२) बमोजिमको कसुरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (क) बमोजिमको सजाय तथा दफा २२० को उपदफा (२)(घ) बमोजिम थप सजायमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई काठमाडौं जिल्ला अदालतसमक्ष अभियोगपत्र दायर भएको देखिन्छ । यी बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) लाई मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर सानो ठिमी राख्न पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०६।२९ मा भएको आदेशानुसार बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेको देखियो ।

१०. तत्कालीन अवस्थामा विश्वव्यापी रूपमा नोबेल कोरोना भाइरस (COVID-19) को महामारी फैलिन गई नेपालमा समेत यस कोरोना भाइरस (COVID-19) को प्रकोप फैलिई यसको सङ्क्रमणबाट सिर्जना हुन सक्ने महामारीको अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनु पर्ने सावधानीका सम्बन्धमा यस अदालतको फुल कोर्टबाट मिति २०७६/१२/०७ मा "...नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा बाल सुधार गृहको अनुरोध र महामारीको यस विपद्जन्य परिस्थितिमा बाल सुधार गृहमा रहेको अत्यधिक भिडभाड कम गर्न र बालबालिकाहरूमा रोग सङ्क्रमणको जोखिम न्यूनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न अत्यावश्यक देखिएकोले दिशान्तरलगायत थुनाको विकल्पसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने । बालबालिका स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने....." भनी निर्णय भएको देखियो ।

११. यसै परिस्थितिमा बाल सुधार गृहमा रहेका परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) को बाबु चाउरे कामीले द.नं.३३०४६ मार्फत खोजेका बखत उपस्थित गराउने सर्तमा जिम्मा लगाई पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन दिएको देखिन्छ । तर परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) लाई कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र निजलाई हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतका आधारमा अभिभावकको जिम्मा दिई छोड्न मिल्ने देखिएन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१२।२० मा आदेश भएको देखियो । साथै सो आदेश बेरीतको नदेखिएकोले परिवर्तन गर्नु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७७/०२/१५ मा आदेश भएको देखिन्छ ।

१२. उक्त आदेशउपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा हाल कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ । बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ । यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ । नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व

हुनेछ भनी कानूनी व्यवस्था रहेको देखिन्छ ।

१३. महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायको पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ । बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ । उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीको कारणले न्यायको पहुँच अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिका अन्तरनिहित मानव अधिकारकै हनन हुने स्थिति आउँदछ । यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ । यो जवाफदेहिता राज्यको हरेक अंग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन । त्यसैले सुधार गृहमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिकाको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा उपयुक्त आदेश गर्नुपर्ने नै देखियो ।

१४. सुधार गृहमा रहेका बालबालिकाले पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ । हाल पनि निवेदक रहेको सुधार गृहको क्षमताभन्दा बढी बालबालिका रहेको कारण सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेकोले स्वास्थ्य र जीवनको जोखिमको संरक्षण हुन नसक्ने अवस्थामा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७६।१२।२० को निर्णय तथा उच्च अदालत पाटनबाट भएको मिति २०७७/०२/१५ गतेको आदेश COVID-19 को समय सान्दर्भिक र न्यायोचित देखिएन् ।

१५. कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्राअनुरूप गल्ती अनुभूत गर्न सजायसम्म भोग्न पठाइएको हो । बालबालिकालाई सुधार गृहमा राख्नको अर्थ सुधारका निश्चित उपायहरू अवलम्बन गर्न पनि हो । कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिले सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणमा कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ भनी यसअघि यस सम्मानित अदालतबाट ०७६-WH-०३२९ को मुद्दामा २०७७/०१/१४ गते रिट जारीसमेत भइसकेको छ ।

१६. तसर्थ उल्लिखित आधार र कारण, नोबल कोरोना भाइरस (COVID-19) का कारण सिर्जित वर्तमान परिस्थिति तथा यस अदालतको मिति २०७६/१२/०७ को निर्णयसमतेबाट काठमाडौं जिल्ला अदालतको मिति २०७६।१२।२० को निर्णय तथा उच्च अदालत पाटनको मिति २०७७/०२/१५ को आदेश न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ । यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा जोखिमपूर्ण अवस्थामा रहेको बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ३६(५) को व्यवस्थाअनुसार परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा स्थगनको निमित्त आवश्यक प्रक्रिया

पुऱ्याई अभिभावकको जिम्मा लगाउन यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पहरू खोजी पुनः निर्णय गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा यो परमादेशको आदेश जारी हुने ठहर्छ। उक्त आदेशअनुसार निवेदकका हकमा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा पुनःनिर्णय गर्नसमेत काठमाडौं जिल्ला अदालतको नाममा संक्षिप्त आदेश जारी भइसकेको हुँदा केही गर्नु परेन। बन्दीप्रत्यक्षीकरणको हकमा समेत केही बोल्नु परेन। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.

इजलास अधिकृत: जयन्ती अवस्थी भट्ट
कम्प्युटर सेटिङः विकेश गुरागाई
इति संवत् २०७७ साल जेष्ठ महिना ३२ गते रोज १ शुभम्.....।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।२।३२
०७६-WH-०३७०

विषयः बन्दीप्रत्यक्षीकरण

निवेदक : परिवर्तित नाम कमलपोखरी ६९(ग) को हकमा अधिवक्ता अजय शंकर झा "रूपेस".....
विरूद्ध
विपक्षी : काठमाडौं जिल्ला अदालतसमेत.....

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ तथा १३३ (२) र (३) बमोजिम यसै अदालतको असाधारण अधिकारक्षेत्रभित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

१. विपक्षी काठमाडौं जिल्ला अदालतसमेतको आदेशले बाल सुधार गृहमा रहेका परिवर्तित नाम कमलपोखरी ६९(ग) को ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेकोले सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को निर्णयको अधीनमा रही यी परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई खोजेका बखत उपस्थित गराउने गरी निजका अभिभावकले काठमाडौं जिल्ला अदालतमा निवेदन दिएका थिए। निज परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई अभिभावकको जिम्मा नलगाई थुनासरह बाल सुधार गृहमा नै राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६७/१२/१६ आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७७/०२/१५ आदेश सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को निर्णय तथा कानूनको मनसायविपरीत हुनुको साथै कानूनको समान संरक्षणसमेतको विपरीत रही गैरकानूनी रहेको छ। यसरी काठमाडौं जिल्ला अदालतको आदेश र उच्च अदालत पाटनको आदेशबाट निज परिवर्तित नाम कमलपोखरी ६९(ग) को नेपालको संविधानको धारा १७(१), १८(१)(२) र (३), २०(९), २२(१), ३०(१), ३५(३)(४), ३६(२) र ३९(२)(८) समेतका अधिकारहरूमा हनन पुग्न गएको हुँदा परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मामा छाड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी यस अदालतसमक्ष पेस भएको मिति २०७७/०२/१८ गतेको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो

आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७/०२/१९ गतेको आदेश।

३. यसमा कसुरजन्य कार्यको प्रकृति कसुरको गम्भीरतासमेतका आधारमा निवेदन मागबमोजिम परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई अभिभावकको जिम्मा लगाउन मिलेन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१२।१६ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तित गरिरहन परेन भन्ने मिति २०७७।२।१५ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको छ। यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको मिति २०७७/०२/२० गतेको लिखित जवाफ।

४. तत्काल प्राप्त प्रमाणबाट यी बाल कसुरदार हैनन् भनी भन्न सकिने अवस्था देखिएन। बालकको सामाजिक अध्ययन प्रतिवेदनमा उल्लिखित बेहोरा पछि प्रमाणको रोहमा विवेचना हुने नै हुँदा हाल यी बालकलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर राखी मुद्दाको पुर्पक्ष गर्नु भनी यस अदालतबाट मिति २०७६।३।२ मा भएको आदेशानुसार बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेको देखिन्छ। नाबालक छोरा कमलपोखरी ६९(ग) लाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी संरक्षकको जिम्मा लगाई पाउँ भनी निजका बुबा रितबहादुर श्रेष्ठको निवेदन परेकोमा उक्त निवेदनउपर आदेश हुँदा प्रस्तुत मुद्दामा बिज्याइँकर्ता परिवर्तित नाम कमलपोखरी ६९(ग) को हकमा कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतलाई आधार मानि निजको अभिभावकले निवेदन माग गरेअनुसारको सुविधा दिन मिल्ने देखिएन भनी यस अदालतबाट मिति २०७६।१२।१६ मा आदेश भएको छ। तसर्थ मिसिल संलग्न रहेका प्रमाणहरूका आधार यी बिज्याइँकर्तालाई कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम नै पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको हो। निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम संविधान तथा कानूनको प्रतिकूल यी निवेदक बिज्याइँकर्तालाई थुनामा नराखिएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोरोको काठमाडौं जिल्ला अदालतको मिति २०७७/०२/२१ गतेको लिखित जवाफ।

५. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अजय शंकर झा "रूपेस", श्री पंकजकुमार कर्ण, श्री लक्ष्मी नानी थापा र श्री सन्तोष भण्डारीले विपक्षी काठमाडौं जिल्ला अदालतलको आदेशले बाल सुधार गृहमा रहेका परिवर्तित नाम कमलपोखरी ६९(ग) को ज्यान कोरोना भाइरसको सङ्क्रमणको कारण जोखिममा रहेको तथा निज रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका रहेको अवस्था हुँदा खोजेका बखत उपस्थित गराउने गरी निजका अभिभावकले निवेदन गरेकोमा निजलाई अभिभावकको जिम्मा नलगाई थुनासरह बाल सुधार गृहमा नै राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको आदेश कानूनको मनसायविपरीत हुनुको साथै कानूनको समान संरक्षणसमेतको विपरीत रही गैरकानूनी रहेको छ। तसर्थ काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनको आदेशलाई बदर गरी निज परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मामा छाड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी

बहस प्रस्तुत गर्नुभयो ।

६. त्यसैगरी विपक्षीका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले बिज्याइँकर्ता कमलपोखरी ६९(ग) लाई तत्काल प्राप्त प्रमाणका आधारमा मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर सानो ठिमी राख्न पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट आदेश भएको थियो । निजलाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी निजका संरक्षकको जिम्मा लगाई पाउँ भनी निजका बाबु रितबहादुर श्रेष्ठको निवेदन परेकोमा बिज्याइँकर्ता परिवर्तित नाम कमलपोखरी ६९(ग) को लाई कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतलाई आधार मानी निजको अभिभावकले निवेदन माग गरेअनुसारको सुविधा दिन मिल्ने देखिएन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१२।१६ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।०२।१५ को आदेश कानूनसम्मत हुँदा सदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहस सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा काठमाडौं जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको आदेश मिलेको छ, छैन ? तथा निवेदकको माग पुग्छ, पुग्दैन् ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

८. परिवर्तित नाम कमलपोखरी ६९(ग) जबरजस्ती करणी र हाडनाता करणी मुद्दामा बाल सुधार गृहमा पुर्पक्षका लागि थुनामा रहेकोमा यस अदालतको फुल कोर्टको मिति २०७६/१२/०७ को आदेशानुसार निज परिवर्तित नाम कमलपोखरी ६९(ग) को बाबु रितबहादुर श्रेष्ठले खोजेका बखत उपस्थित गराउने सर्तमा जिम्मा लगाई पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन दिएको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट निवेदन मागबमोजिम जिम्मा लगाउन नमिल्ने भनी आदेश भएको र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट आदेश भएकोले सो आदेशहरू बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ ।

९. परिवर्तित नाम कमलपोखरी ६९(ग) उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) तथा दफा २२० को उपदफा (१) बमोजिमको कसुरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (क) बमोजिमको सजाय तथा दफा २२० को उपदफा (२)(घ) बमोजिम थप सजायमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई काठमाडौं जिल्ला अदालतसमक्ष अभियोगपत्र दायर भएको देखिन्छ । यी परिवर्तित नाम कमलपोखरी ६९(ग) लाई मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह भक्तपुर सानो ठिमी राख्न पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०३।०२ मा भएको आदेशानुसार बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेको देखियो ।

१०. तत्कालीन अवस्थामा विश्वव्यापी रूपमा नोबेल कोरोना भाइरस (COVID-19) को महामारी फैलिन गई नेपालमा समेत यस कोरोना भाइरस (COVID-19) को प्रकोप फैलिई यसको सङ्क्रमणबाट सिर्जना हुन सक्ने महामारीको अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनु पर्ने सावधानीका सम्बन्धमा यस अदालतको फुल कोर्टबाट मिति २०७६/१२/०७ मा "...नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा बाल सुधार गृहको अनुरोध र महामारीको यस विपद्जन्य परिस्थितिमा बाल सुधार गृहमा रहेको अत्यधिक

भिडभाड कम गर्न र बालबालिकाहरूमा रोग सङ्क्रमणको जोखिम न्यूनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न अत्यावश्यक देखिएकोले दिशान्तरलगायत थुनाको विकल्पसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने। बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने....." भनी निर्णय भएको देखियो।

११. यसै परिस्थितिमा बाल सुधार गृहमा रहेका परिवर्तित नाम कमलपोखरी ६९(ग) को बुबा रितबहादुर श्रेष्ठले खोजेका बखत उपस्थित गराउने सर्तमा जिम्मा लगाई पाउन काठमाडौं जिल्ला अदालतसमक्ष मिति २०७६/१२/१६ मा निवेदन दिएको देखिन्छ। परिवर्तित नाम कमलपोखरी ६९(ग) हकमा कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र निजलाई हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतका आधारमा निजलाई अभिभावकको जिम्मा दिई छोड्न मिल्ने देखिएन भनी मिति २०७६।१२।१६ मा काठमाडौं जिल्ला अदालतबाट आदेश भएको देखिन्छ। सो आदेश बेरीतको नदेखिएकोले परिवर्तन गर्नु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७७/०२/१५ मा आदेश भएको देखिन्छ।

१२. उक्त आदेशउपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा हाल कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ। यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ भनी कानूनी व्यवस्था रहेको देखिन्छ।

१३. महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायको पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ। उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीको कारणले न्यायको पहुँच अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिका अन्तरनिहित मानव अधिकारकै हनन हुने स्थिति आउँदछ। यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ। यो जवाफदेहिता राज्यको हरेक अंग र निकायमा रहेको छ। यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन। त्यसैले सुधार गृहमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिकाको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा उपयुक्त आदेश गर्नुपर्ने नै देखियो।

१४. सुधार गृहमा रहेका बालबालिकाले पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ। हाल पनि

निवेदक रहेको सुधार गृहको क्षमताभन्दा बढी बालबालिका रहेको कारण सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेकोले स्वास्थ्य र जीवनको जोखिमको संरक्षण हुन नसक्ने अवस्थामा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७६।१२।१६ गतेको निर्णय तथा उच्च अदालत पाटनबाट भएको मिति २०७७/०२/१५ गतेको आदेश COVID-19 को समय सान्दर्भिक र न्यायोचित देखिएन।

१५. कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन् यिनलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्राअनुरूप गल्ती अनुभूत गर्न सजायसम्म भोग्न पठाइएको हो। बालबालिकालाई सुधार गृहमा राख्नको अर्थ सुधारका निश्चित उपायहरू अवलम्बन गर्न पनि हो। कैदको सजाय भनेको अन्तिम विकल्प हो। कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिएको छ। निर्णयकर्ताले महामारीको विषम परिस्थितिले सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणमा कानून बमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ भनी यसअघि यस सम्मानित अदालतबाट ०७६-WH-०३२९ को मुद्दामा २०७७/०१/१४ गते रिट जारीसमेत भइसकेको छ।

१६. तसर्थ उल्लिखित आधार र कारण, नोबल कोरोना भाइरस (COVID-19) का कारण सिर्जित वर्तमान परिस्थिति तथा यस अदालतको मिति २०७६/१२/०७ को निर्णयसमतेबाट काठमाडौं जिल्ला अदालतको मिति २०७६।१२।१६ को निर्णय तथा उच्च अदालत पाटनको मिति २०७७/०२/१५ को आदेश न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ। यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा जोखिमपूर्ण अवस्थामा रहेको बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) को व्यवस्थाअनुसार परिवर्तित नाम कमलपोखरी ६९ (ग) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा स्थगनका निमित्त आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्प खोजी पुनः निर्णय गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा यो परमादेशको आदेश जारी हुने ठहर्छ। उक्त आदेशअनुसार निवेदकका हकमा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा पुनःनिर्णय गर्नसमेत काठमाडौं जिल्ला अदालतको नाममा संक्षिप्त आदेश जारी भइसकेको हुँदा केही गर्नु परेन। बन्दप्रत्यक्षीकरणको हकमा समेत केही बोल्नु परेन। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.

इजलास अधिकृत: जयन्ती अवस्थी भट्ट
कम्प्युटर सेटिङः विकेश गुरागाई
इति संवत् २०७७ साल जेठ महिना ३२ गते रोज १ शुभम्.....।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।२।३२
०७६-WH-०३७३

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक :बारा जिल्ला, सिमरा उ.म.न.पा.वडा नं १० घर भई हाल जिल्ला कारागार कार्यालय नख्खु ललितपुरमा मुद्दा पुर्पक्षको लागि थुनामा रहेका वर्ष ३४ को रामसुन्दर राय भर.....१
जिल्ला रूपन्देही भैरहवा ओम सतिया गा.पा.वडा नं ४ बस्ने वर्ष ३७ को राकेश पाण्डेय १

विरूद्ध

विपक्षी : उच्च अदालत पाटन..... १
काठमाडौं जिल्ला अदालत १
जिल्ला कारागार कार्यालय नख्खु, ललितपुर.....१
राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुर १

आदेश

न्या. सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ र धारा १३३ (२)(३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:-

तथ्य खण्ड

१. विश्वबन्धु पौडेलको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामसुन्दर राय भर र राकेश पाण्डेसमेत भएको राजस्व चुहावट मुद्दामा हामी निवेदकसमेतलाई राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ द्वारा निषेधित दफा ४ को (क) (ख) र (घ) को कसुरमा सोही ऐनको दफा २३ (१) र (३) बमोजिम सजाय गरी पाउन विपक्षी राजस्व अनुसन्धान विभागले विपक्षी काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर गरेको थियो। विपक्षी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०७।२८ मा उक्त मुद्दामा थुनछेक आदेश हुँदा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २२ बमोजिम राजस्व चुहावट मुद्दालाई विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउनु पर्ने भएकोले विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम हामी निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी आदेश भएकोले हामीलाई थुनामा राख्ने विपक्षी काठमाडौं जिल्ला अदालतको उक्त आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा बेरीतको आदेश बदर गरिपाउँ भनी निवेदन गरेकोमा विपक्षी उच्च अदालत पाटनबाट पनि मिति २०७६।०९।१० मा सुरू अदालतको आदेशलाई नै सदर गरेकोले उल्लिखित विपक्षी अदालतहरूको आदेशबाट हामीहरू गैरकानूनी थुनामा बस्न बाध्य

भएकोले हाम्रो वैयक्तिक स्वतन्त्रताको हक प्रचलनका लागि अन्य कुनै वैकल्पिक प्रभावकारी उपचारको अभाव भएको हुँदा नेपालको संविधानको धारा १६, १७, १८, २०, ४६ तथा धारा १३३ बमोजिम प्रस्तुत निवेदन गरेका छौँ। अत: हामी निवेदकहरूलाई काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनबाट थुनामा राख्न गरेको आदेश नै गैरकानूनी भई अहिलेसम्मको थुनामा राख्नेसम्बन्धी सम्पूर्ण काम कारबाही गैरकानूनी भएकोले उक्त आदेशहरू बदर गरी गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेशलगायतको जो चाहिने उपर्ययुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारण खुलाई ३ दिनभित्र (वर्तमान Lockdown को परिवेशमा उपयुक्त सहजतासमेत हेरी आवश्यक देखिए इमेलबाट) महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक / एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूको नाउँमा आजै इमेलमार्फत म्याद सूचना पठाई उक्त म्याद सूचना पठाएको जानकारी टेलिफोन मार्फत गराई शीघ्र तामेल गर्न लगाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भनी यस अदालतबाट भएको मिति २०७७/०२/२३ को आदेश।

३. विश्वबन्धु पौडेलसमेतको जाहेरीले वादी नेपाल सरकार र राम सुन्दर राय भर समेत प्रतिवादी भई दायर भएको राजस्व चुहावट मुद्दा यस अदालतमा कारबाही युक्त अवस्थामा रहेकोमा उच्च अदालत पाटनले हेर्ने गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ संसोधन भई प्रकाशित राजपत्रअनुसार सोहीबमोजिम यस अदालतको मिति २०७६।११।०४ मा मुद्दा सार्ने आदेश भई मिति २०७६।११।१२ च.नं. २४५२४ को पत्रमार्फत उच्च अदालत पाटनमा पठाइएको हुँदा यस सम्बन्धमा उच्च अदालत पाटनले पेस गर्ने लिखित जवाफमा सम्पूर्ण बेहोरा उल्लेख हुनेछ भन्ने बेहोराले काठमाडौं जिल्ला अदालतले यस अदालतसमक्ष पेस गरेको लिखित जवाफ।

४. यसमा यी निवेदक प्रतिवादीहरूको नाममा फर्म दर्ता रहेको, निज प्रतिवादीहरूले स्वीकार गरी बयान गरेको आधारसमेतलाई उल्लेख गरी काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूलाई पछि ठहरेबमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राख्ने गरी गरेको मिति २०७६।०७।२८ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन भनी यस अदालतबाट मिति २०७६।०९।१० गते आदेश भएको छ। यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा आदेश भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराले उच्च अदालत पाटनले यस अदालतसमक्ष पेस गरेको लिखित जवाफ।

५. रामसुन्दर राय भरलाई राजस्व चुहावट मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. २५७८ मिति २०७६।०७।२८ को थुनुवा पुर्जीअनुसार थुनामा राखिदिन भनी लेखी आएबमोजिम निजलाई थुनामा राखिएको हुँदा यस कार्यालयको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराले कारागार कार्यालय नख्खुले यस अदालतसमक्ष पेस गरेको लिखित जवाफ।

६. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम यस विभागबाट राजस्व चुहावटको

कसुरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट भएको निर्णयबमोजिम यी निवेदकहरूउपर मिति २०७६/०७/२५ मा काठमाडौं जिल्ला अदालतसमक्ष ०७६-CR-०१२२ नं को राजस्व चुहावट मुद्दाको अभियोग पत्र दायर गरिएको थियो। अदालतको आदेशबमोजिम निजहरूलाई मुद्दा पुर्पक्षका लागि जिल्ला कारागार कार्यालय, नख्खु, ललितपुरमा थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराले राजस्व अनुसन्धान विभाग, हरिहरभवनले यस अदालतसमक्ष पेस गरेको लिखित जवाफ।

आदेश खण्ड

७. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री रेशमकुमार शाही, श्री लक्ष्मी (नानी) थापा, श्री सन्तोष भण्डारीले यी निवेदकहरूउपर राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम सजाय गरी पाउन विपक्षी राजस्व अनुसन्धान विभागबाट काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर भई काठमाडौं जिल्ला अदालतबाट विशेष अदालत ऐन,२०५९ को दफा ७ को देहाय (ङ) बमोजिम यी निवेदकहरूलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाउने गरी थुनछेक आदेश भएको थियो। विशेष अदालत ऐन, २०५९ बमोजिम थुनछेकको आदेश गर्ने क्षेत्राधिकार काठमाडौं जिल्ला अदालतलाई छैन। कार्यविधिका हकमा फौजदारी कार्यविधि संहिता,२०७४ को परिच्छेद-७ नै आकर्षित हुन्छ। साथै उच्च अदालत पाटन ललितपुरबाट समेत प्रस्तुत मुद्दामा गम्भिर कानूनी प्रश्नहरूमा विचार नै नगरी काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरी आदेश भएकोले उल्लिखित अदालतहरूको गैरकानूनी आदेशबाट यी निवेदकहरू गैरकानूनी थुनामा बस्न बाध्य भएको हुँदा उल्लिखित आदेशहरू बदर गरी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

८. त्यसैगरी विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले राजस्व चुहावट मुद्दामा यी निवेदकहरूउपर काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो। काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनको आदेशानुसार निज निवेदकहरूलाई मुद्दा पुर्पक्षका लागि थुनामा राखिएको हो। बेरीतको भनी निवेदकहरूले जिकिर गरे पनि के कारणले बेरीतको भएको भन्ने कुरा उल्लेख हुन सकेको छैन। कानूनबमोजिमको थुना गैरकानूनी हुन सक्दैन। तसर्थ रिट जारी हुन पर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो।

९. दुवै तर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहस सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको आदेश मिलेको छ, छैन ? तथा निवेदकको माग पुग्न सक्छ, सक्दैन ? भनी निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णयतर्फ विचार गर्दा निवेदकहरू प्रतिवादी रामसुन्दर राय भर र राकेश पाण्डेसमेतउपर राजस्व चुहावट मुद्दामा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ द्वारा निषेधित दफा ४ को (क) (ख) र (घ) को कसुरमा सोही ऐनको दफा २३ (१) र (३) बमोजिम सजाय गरी पाउन राजस्व अनुसन्धान विभागबाट काठमाडौं जिल्ला अदालतसमक्ष अभियोग पत्र दायर भएको जसअनुरूप कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद हुन सक्ने व्यवस्था रहेकोमा काठमाडौं जिल्ला अदालतबाट उक्त मुद्दामा थुनछेक आदेश

हुँदा विशेष अदालत ऐन, २०५९ को दफा ७ को (ङ) बमोजिम प्रतिवादीहरू राकेश पाण्डेय र रामसुन्दर राय भरलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाउने भनी मिति २०७६।०७।२८ मा आदेश भएको तथा सो आदेशउपर यी निवेदकहरूले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा बेरीतको आदेश बदर गरिपाउँ भनी निवेदन दिएकोमा उच्च अदालत पाटनबाट समेत काठमाडौं जिल्ला अदालतबाट भएको आदेश सदर हुने गरी मिति २०७६।०९।१० मा आदेश भएकोले उक्त आदेशहरूबाट निवेदकहरू गैरकानूनी थुनामा बस्न बाध्य भई वैयक्तिक स्वतन्त्रताको हनन भएकोले उक्त आदेशहरू बदर गरी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ।

११. काठमाडौं जिल्ला अदालतले मिति २०७६।०७।२८ मा आदेश गर्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २२ मा उल्लिखित "यस ऐनबमोजिमको कसुरमा मुद्दा हेर्ने अधिकारीबाट मुद्दाको कारबाही गर्दा विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउनु पर्ने छ" भन्ने व्यवस्थाका आधारमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम निवेदकहरूलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने आदेश गरेको देखियो। उक्त ऐनको दफा ७ को देहाय (ङ) मा "तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने" भन्ने कानूनी व्यवस्था रहेको छ। राजस्व चुहावटसम्बन्धी विवादमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २२ मा **"**यस ऐनबमोजिमको कसुरमा मुद्दा हेर्ने अधिकारीबाट मुद्दाको कारबाही गर्दा विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउनु पर्ने" भन्ने व्यवस्थाअनुरूप विशेष अदालत ऐन, २०५९ को दफा ७ बमोजिमका अधिकारको प्रयोग गरी थुनामा राख्ने आदेश गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नमा विचार गर्दा विशेष अदालत ऐन, २०५९ को दफा १२ मा मुद्दाको कारबाही र किनारा गर्दा **"यस ऐनमा लेखिएजतिमा यसै ऐनबमोजिम र सोबाहेकमा प्रचलित कानूनबमोजिम जिल्ला अदालतलाई भएसरह अधिकार र कार्यविधि प्रयोग गर्न पाइने"** कानूनी व्यवस्था रहेको देखिन्छ। यस अर्थमा विशेष अदालत ऐनको दफा ७ मा व्यवस्था भएको विशेष अदालतको अधिकार तथा सोही ऐनको दफा १२ मा उल्लिखित अन्य अधिकार र कार्यविधिलाई छुट्याई हेरी विशेष अदालत ऐनको दफा १२ को विधायिकी मनसायबमोजिमको व्यवस्था गर्नुपर्ने देखिन्छ। विशेष अदालत ऐन, २०५९ को दफा १२ ले नै स्पष्ट रूपमा जिल्ला अदालतलाई भएसरह अधिकार र कार्यविधि प्रयोग गर्न पाइने भन्ने व्यवस्था रहेको अवस्थामा राजस्व चुहावटसम्बन्धी मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा ७ बमोजिमको अधिकार प्रयोग गरेको मिलेको देखिएन। जिल्ला अदालतले आफ्नो अधिकार क्षेत्रअन्तर्गतको मुद्दा हेर्दा प्रयोग गर्ने कार्यविधि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ रहेको र उक्त कार्यविधिमा थुनछेक धरौट तथा जमानतसम्बन्धी परिच्छेद-७ को छुट्टै व्यवस्था रहेको अवस्थामा थुनछेकको हकमा सोही कार्यविधि नै आकर्षित हुने देखिन्छ। तर्सथ थुनछेक आदेश गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अवलम्बन गर्नुपर्ने देखियो।

१२. अब मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ६७ मा अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा के व्यवस्था छ भनी हेर्नु पर्ने देखिन्छ। सो दफाको उपदफा (१) मा "देहायको कुनै कसुरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब

आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्नेछः-

(क) जन्म कैदको सजाय हुन सक्ने कसुर,

(ख) तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कसुर, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कसुरको उद्योग, दुरूत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा त्यस्तो कसुरमा मतियार भएको कसुर" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१३. यी निवेदकहरूलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ उपदफा (१) र (३) बमोजिम सजायको मागदाबी लिई अभियोग दायर भएको देखियो। संशोधित उक्त ऐनको दफा २३ को उपदफा १ मा "राजस्व चुहावटको कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (ख) बमोजिम तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसुरको अभियोग लागेको व्यक्तिलाई मात्र तत्काल प्राप्त प्रमाणका आधारमा अदालतले मुद्दा पुर्पक्षका लागि थुनामा राख्न सक्ने व्यवस्था रहेको देखिन्छ। निवेदकहरूलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई मुद्दा पुर्पक्षका लागि भएको थुनछेक आदेश सम्बन्धमा विचार गर्दा सजाय मागदाबी लिएको सो दफामा कसुरको मात्रा हेरी कैदको हद तीन वर्षसम्म तोकेको पाइन्छ। तीन वर्षभन्दा घटी कैदको सजाय हुन सक्ने मुद्दामा पुर्पक्षको क्रममा सामान्यतया थुनामै राखी कारबाही गर्नुपर्ने अवस्थाको परिकल्पना मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ उपदफा (१) ले गरेको देखिँदैन।

१४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ६८ ले दफा ६७ को अवस्थामा बाहेक कुनै अभियुक्तउपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले धरौटी जमानत लिई तारेखमा राख्न सक्ने व्यवस्था गरेको छ। यस्तो विषयमा विशेष अदालत ऐन, २०५९ को दफा ७ (ङ) बमोजिम राजस्व चुहावटको मुद्दामा यी निवेदकहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७६।०७।२८ को आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पाटनको मिति २०७६।०९।१० को आदेश यी निवेदकहरूको हकमा मिलेको देखिएन। तसर्थ उक्त दुवै आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

१५. अब यी निवेदकहरूलाई मुद्दा पुपर्क्षका लागि थुनामा राख्ने वा धरौट वा जेथा जमानत लिई छाड्ने सम्बन्धमा विचार गर्दा निवेदकहरूउपर चलेको राजस्व चुहावट मुद्दामा निवेदकहरूलाई तीन वर्षसम्म कैद सजाय हुन मागदाबी लिएको देखिन्छ। अभियोगपत्रमा नै तीन वर्षसम्म कैद सजायको मागदाबी भएको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट विशेष अदालत ऐनको प्रयोग गरी निवेदकहरूलाई मुद्दा पुपर्क्षका लागि थुनामा राख्ने आदेश भएको देखिन्छ। तीन वर्षसम्म कैदको सीमा तोकिएको कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दाको तथ्य र अभियोग मागदाबीको विश्लेषण गरी हेर्दा काठमाडौं जिल्ला अदालतबाट थुनछेक आदेश गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ आकर्षित हुने देखियो। उक्त संहिताको दफा ६८ मा उपदफा (१) मा "दफा ६७ को अवस्थामा हुनेमा बाहेक कुनै अभियुक्तउपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैङ्क जमानत लिई तारिखमा राख्न सक्नेछ तर बैङ्क जमानत विना सर्तको र अदालतले तोकेबमोजिमको अवधिसम्म अद्यावधिक हुन सक्ने

हुनु पर्नेछ" भन्ने व्यवस्था तथा उपदफा (२) मा "उपदफा (१) बमोजिम धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ" भन्ने व्यवस्था रहेको देखियो।

१६. तसर्थ उल्लिखित कानूनी व्यवस्थासमेतका आधार कारणबाट निज निवेदकहरूले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को उपदफा (१) बमोजिम जनही रू.१,००,००० (अक्षरेपि एक लाख) का दरले नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखी प्रस्तुत मुद्दामा कारबाही किनारा गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। उक्त आदेशअनुसार निज निवेदकहरूले नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत तिरेमा थुना मुक्त हुने गरी उच्च अदालत पाटनको नाममा संक्षिप्त आदेश भइसकेको हुँदा केही गर्नु परेन। बन्दीप्रत्यक्षीकरणको हकमा समेत केही बोलिरहनु परेन। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
प्र.न्या.चोलेन्द्र शम्शेर ज.ब.रा.

इजलास अधिकृत: जयन्ती अवस्थी भट्ट
कम्प्युटर अपरेटरः रामशरण तिमिल्सेना
इति संवत् २०७७ साल जेठ महिना ३२ गते रोज १ शुभम्।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
आदेश मिति : २०७७।२।३२
०७६-WO-०९९१

मुद्दाः परमादेश

निवेदक : अधिवक्ता आलोक पोखरेलसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहंदरबार, काठमाडौंसमेत ----------

आदेश

निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री आलोक पोखरेल र श्री वरूण घिमिरेले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र छिटो साधनद्वारा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

अन्तरिम आदेश माग गरेको सन्दर्भमा दुवै पक्षको उपस्थितिमा छलफल हुनु उपयुक्त देखिँदा मिति २०७७।३।४ गते अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि पेसी तोकी विपक्षीहरूलाई सूचना दिनू। उक्त छलफलमा निवेदकले उठाएका वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ कार्यान्वयन गर्दा इन्टरनेट, रेडियो, टेलिभिजनलगायतका सञ्चार माध्यममा पहुँच नभएका तथा फरक क्षमतायुक्त विद्यार्थीहरूका तथ्याङ्कसम्बन्धी विवरणसहित उपर्युक्त वैकल्पिक प्रणाली अवलम्बन गर्दा त्यस्ता विद्यार्थीहरूको संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनमा पर्ने असर प्रभाव र सोको पहुँचबाट वञ्चित हुन पुग्ने बालबालिकाहरूमा पर्न सक्ने मनोसामाजिक असरलाई व्यवस्थापन गर्ने सम्बन्धमा गरिएको नीति र सोको कार्यान्वयनको विषयमा आवश्यक प्रतिवेदनसाथ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव वा सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुखलाई उक्त छलफलका दिन उपस्थित हुने सूचना दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल जेठ ३२ गते रोज १ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।३।१
०७६-FN-०५५८ / ०७६-WO-०९४०

मुद्दाः विविध / परमादेश

निवेदक : सोमप्रसाद लुइँटेलसमेत ----------१

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ----------१

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : आज पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री नारायणप्रसाद प्रसाई, विद्वान् अधिवक्ताहरू श्री सोमप्रसाद लुइँटेल, श्री नरेन्द्रप्रसाद खनाल, श्री कृष्णप्रसाद न्यौपाने, श्री सुदिप देवकोटा, श्री शोभा कार्की र श्री लक्ष्मी (नानी) थापा र नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल, नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे, सहन्यायाधिवक्ताहरू श्री संजिवराज रेग्मी र श्री लोकनाथ पराजुलीले गर्नुभएको बहससमेत सुनियो । साथै आदेशबमोजिम उपस्थित श्रम तथा रोजगार मन्त्रालयका निमित्त सचिव श्री बाबुराम अधिकारी तथा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले व्यक्त गर्नुभएको कुराहरू सुनियो ।

प्रस्तुत निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७७।१।४ मा वैदेशिक रोजगारीमा रहेका नागरिकहरूलाई WHO को मापदण्ड अनुशरण गर्दै उनीहरूको जीवन, स्वास्थ्य र सुरक्षासमेतलाई दृष्टिगत गरी फिर्ता ल्याउने / उद्धार गर्ने कार्यसमेतको लागि अन्तरिम आदेश जारी भएपछि वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को परिधिभित्र पर्ने मजदुरहरूको हकमा नेपाल सरकारबाट मिति २०७७।२।१२ मा "कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७" जारी भएको अवस्थामा सो आदेशको दफा ७ को देहाय (ग) मा वैदेशिक रोजगारको लागि श्रम गन्तव्यमा रहेका व्यक्तिहरूमध्ये अन्य स्रोतबाट खर्च नबेहोरिने व्यक्तिको हकमा सो खर्च निजले बेहोर्नु पर्ने भनी गरेको व्यवस्था वैदेशिक रोजगार ऐन, २०६४ को दफा २२, ३३, ७५ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ समेतको विपरीत रहेको भन्ने जिकिर लिएको पाइयो ।

नेपालको संविधानको धारा ५१ (झ) को (५) मा वैदेशिक रोजगारलाई 'सुरक्षित' बनाउने भन्ने उल्लेख भएको पाइयो । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३(१)(ख) मा भएको व्यवस्थाअनुसार दफा ३२ बमोजिम स्थापित 'वैदेशिक रोजगार कल्याणकारी कोष' को प्रयोग र सञ्चालन सो ऐनको दफा ७५ को प्रयोजनको लागि गर्न

सक्ने देखियो । दफा ७५ मा कामदारलाई स्वदेश फिर्ता गर्ने व्यवस्था गर्दै उपदफा (१) मा करारबमोजिम सुविधा नपाएका कामदारलाई इजाजतपत्रवालाले स्वदेश फिर्ता गर्नुपर्ने, त्यसैगरी उपदफा (२) मा कामदार रहेको मुलुकमा 'महामारी' परी कामदार तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनीतिक नियोग वा श्रम सहचारीमार्फत फिर्ता गर्ने भन्ने व्यवस्था रहेको पाइयो ।

वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरू निजी आर्थिक उपार्जनको लागि मात्र जाने होइन । आफ्नो कार्यमार्फत उनीहरूले नेपालको महत्त्वपूर्ण योगदान गर्दछन् । वर्तमान कोभिड-१९ को महामारी सम्बन्धमा नेपाल सरकारले बनाएको 'नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७' वैदेशिक रोजगारमा गएका कामदारलाई मात्र नभई विदेशमा रहेका सम्पूर्ण नागरिकलाई आकर्षित हुने देखियो । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ बमोजिम स्थापित कोषमा श्रम स्वीकृति लिई गएका व्यक्तिहरूको योगदान रहेको भन्ने सम्बन्धमा कुनै विवाद देखिएन । उक्त कोषको रकम ऐनको दफा ३३, नियमावलीको नियम २६ बमोजिम कोषमार्फत खर्च हुने अवस्था देखियो ।

यस परिप्रेक्ष्यमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करारको अवधि नपुगी फर्कनुपर्ने अवस्थामा रहेका तथा गन्तव्य मुलुक वा रोजगार दाताबाट टिकट प्राप्त गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरूमध्ये पनि रोजगारीको प्रकृति, आयस्रोतसमेतका कारण आफ्नो खर्चमा स्वदेश फर्कन नसक्ने अवस्था भई अलपत्रमा परेका, वैदेशिक रोजगारीमा गएका नागरिकहरूको हकमा कुटनीतिक नियोग वा श्रम सहचारीबाट उद्धार गर्नुपर्ने अवस्थामा रहेको भनी प्रमाणित भएका कामदारहरूलाई नेपाल ल्याई गन्तव्य स्थानसम्म पुऱ्याउनु पर्ने दायित्व राज्यको हुँदा रिट निवेदकको समेत संलग्नतामा सम्बन्धित सरोकारवालाहरूसँग संक्षिप्त परामर्शसमेत गरी एक कार्यविधि जनाई योगदानकर्ताको वैधानिक अपेक्षा र कोषको न्यायपूर्ण प्रयोगबिच सन्तुलन कायम हुने गरी तत्काल उद्धारको प्रक्रिया सुरू गर्नू ।

साथै वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको हकमा श्रम गन्तव्यको मुलुकले नै कोभिड-१९ को सङ्क्रमणबाट जोगाउन र सङ्क्रमण भइहालेको अवस्थामा निजलाई औषधोउपचार गरी सुरक्षा प्रदान गर्नुपर्छ । सो गर्दा नागरिक र गैरनागरिकबिच वा भिसाको अवस्था र बसोबासको वैधता जस्ता कुनै पनि आधारमा भेदभाव गर्न मिल्दैन । यस्तो कुनै पनि कार्य आप्रवासी कामदारहरूको आधारभूत मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विरूद्ध हुन्छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठन, विश्व स्वास्थ्य संगठनसमेतका मार्गदर्शनहरू र विशेषत: UNITED NATIONAL NETWORK ORGANIZATION को १४ मे २०२० को विज्ञप्तिसमेतलाई मध्यनजर गर्दै वैदेशिक रोजगारमा रहेका नेपाली मजदुरहरूको हित रक्षाको लागि सम्बन्धित सरकारहरूलाई नेपाली कुटनीतिक नियोगमार्फत पत्राचार गरी नेपाली श्रमिक / कामदारको सुरक्षा गर्नु भनी नेपाल सरकारको नाममा नेपालको संविधानको धारा १३३ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ । यसै विषयसँग सम्बन्धित रिट निवेदन ०७६-WO-०९६७ साथै राखी नियमअनुसार पेस गर्नुहोला ।

न्या.हरिप्रसाद फुयाल

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।३।१
०७६-WO-०९८४

मुद्दा : उत्प्रेषण

निवेदक : अधिवक्ता डा. पुण्यप्रसाद खतिवडासमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

साथै अन्तरिम आदेशको माग गरेको सम्बन्धमा हेर्दा निवेदकले माग गरेबमोजिमको अन्तरिम आदेश अन्तिम सुनुवाइका समयमा हुने अवस्थाको रहेकोले अन्तरिम आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित विषयको रहेकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।३।१
०७६-WO-०९९२

मुद्दा : उत्प्रेषण

निवेदक : अधिवक्ता डा. पुण्यप्रसाद खतिवडासमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनपत्रको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

साथै अन्तरिम आदेशको माग गरेको सम्बन्धमा हेर्दा निवेदकले माग गरेबमोजिमको अन्तरिम आदेश अन्तिम सुनुवाइका समयमा हुने अवस्थाको रहेकोले अन्तरिम आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित विषयको रहेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।३।१
०७६-WO-०९९३

मुद्दा : परमादेश

निवेदक : अधिवक्ता दलबहादुर धामीसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ----------

आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

साथै अन्तरिम आदेशको माग गरेको सम्बन्धमा हेर्दा निवेदकले माग गरेबमोजिमको अन्तरिम आदेश अन्तिम सुनुवाइका समयमा हुने अवस्थाको रहेकोले अन्तरिम आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित विषयको रहेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ----------।

सर्वोच्च अदालत, एकल इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।३।२
०७६-WO-०९९५

मुद्दा : उत्प्रेषण

निवेदक : जनहित संरक्षण मञ्चको तर्फबाट र आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासमेत -----१
विरूद्ध
विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ----------१

आदेश

प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री प्रकाशमणि शर्मा र श्री दिनेशमणि त्रिपाठी तथा विद्वान् अधिवक्ताहरू श्री विष्णुप्रसाद भुषाल, श्री सञ्जय अधिकारी, श्री पंकजकुमार कर्ण र श्री लक्ष्मी नानी थापाले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदनको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

अन्तरिम आदेश माग भएकोतर्फ विचार गर्दा, रिट निवेदनमा बंगलादेशमा अध्ययनरत ६५० जना जति नेपाली विद्यार्थीहरूले कोभिड-१९ को महामारी फैलिन सुरूवात भएदेखि नै आफ्नो दूतावासलाई आफूहरूलाई उद्धार गर्न माग गरिएको भन्ने उल्लेख पाइयो। मिति २०७७।१।१६ गते बंगलादेशका प्रधानमन्त्रीले इ.सं.२०२० को सेप्टेम्बरसम्म शैक्षिक संस्थाहरू बन्द गर्ने घोषणा गरे। साथै बंगलादेशमा पढ्न बसेका नेपाली विद्यार्थीहरू के-कसो गर्ने स्थितिमा आकुलब्याकुल भई निज विद्यार्थीहरू र नेपालमा रहेका उनीहरूका परिवारका सदस्यहरू तनावको स्थितिमा रहेको, उनीहरूले आफूहरूले नै न्यूनतम खर्च बेहोर्छु भन्दा पनि नेपाल ल्याउनेतर्फ केही नगर्नु संविधानले प्रदत्त गरेको समानताको हकसमेतको प्रतिकूल रहेको भन्नेसमेतको बेहोरा रिट निवेदनमा उल्लेख गरी उनीहरूको सुरक्षित र छिटो स्वदेश फिर्ताको लागि अन्तरिम आदेश माग गरेको पाइयो। कोभिड-१९ को महामारीबाट विदेशमा आक्रान्त भइरहेका आफ्ना नागरिकलाई छिटोभन्दा छिटो उद्धार गरी आफ्नो देश फिर्ता लैजाने कार्यमा विश्वका धेरै राष्ट्रहरूले कार्य गरिरहेका छन्। नेपालले समेत चीनलगायतका केही राष्ट्रहरूबाट आफ्ना नागरिकहरूलाई फिर्ता ल्याउने कार्य गरेको छ। बंगलादेशमा वा जहाँसुकै अध्ययनरत नेपाली विद्यार्थी उनीहरूको परिवारको लागि मात्र नभएर नेपाल राष्ट्रका भविष्यका कर्णधार र अमूल्य निधि हुन्। उनीहरूको जीवन र स्वास्थ्यको सुरक्षा गर्नु राज्यको कर्तव्य हो। नेपालको संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न

पाउने अधिकार, कानूनको दृष्टिमा समानताको अधिकार, स्वतन्त्रताको अधिकार र आधारभूत स्वास्थ्यसम्बन्धी अधिकारको उपभोगबाट बंगलादेशमा अप्ठ्यारोमा परी बसेका नेपाली विद्यार्थीहरूलाई वञ्चित गर्न मिल्दैन । नागरिकको मौलिक हक हननको प्रश्न उठी हक अधिकारको अपूरणीय क्षतिको अवस्थामा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी तत्काल उपचारको मार्ग प्रशस्त गर्नुपर्ने हुन्छ । यस्तो अवस्थाको विद्यमानता प्रस्तुत रिट निवेदनमा देखिएको हुँदा बंगलादेशमा रहेका कोभिड-१९ का कारण अप्ठ्यारोमा परी घर फर्कन चाहने नेपाली विद्यार्थीहरूलाई स्वदेश फर्कने आवश्यक व्यवस्था तत्काल मिलाई विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार स्वास्थ्य जाँच गरी क्वारेन्टाइनमा राख्नु र सो समय व्यतित भएपछि निजहरूको अभिभावकको जिम्मा लगाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षी नं.१, २, ३, ४ र ५ का नाममा यो अन्तिरम आदेश जारी गरिदिएको छ। नियमानुसार गर्नू।

इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम् ----------

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।३।४
०७६-WO-१०२७
मुद्दा : परमादेश

निवेदक : अधिवक्ता सीतादेवी श्रेष्ठसमेत ----------

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ----------

आदेश

यसमा, मिसिल अध्ययन गरी निवेदकका तर्फबाट कानूनी प्रतिरक्षाका लागि उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री सीतादेवी श्रेष्ठ, श्री हरिनाथ ढकाल, श्री रामबहादुर कार्की र श्री बद्रीप्रसाद पौडेलले गर्नुभएको बहससमेत सुनियो।

हाल देखा परेको कोभिड-१९ को जनस्वास्थ्य समस्याका कारण मुलुक बन्दाबन्दी (Lockdown) मा रहेको अवस्थामा सम्पूर्ण आर्थिक क्रियाकलाप ठप्प रहेको हुँदा बन्दाबन्दी खुली व्यापार व्यवसाय सामान्य रहेको मितिले ६ महिनापछि मात्र किस्तामार्फत बैंक तथा वित्तीय संस्थाको बाँकी साँवा ब्याज रकम भुक्तान गर्ने व्यवस्थाका साथै म्याद समाप्त भएका कर्जा मिलान एवम् नवीकरणको प्रबन्धका लागि विपक्षीहरूका नाउँमा परमादेशसमेत र निवेदनको अन्तिम टुङ्गो नलागेसम्म ऋणीहरूबाट ऋण असुलीको कुनै कारबाही अगाडि नबढाउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको निवेदन मागदाबी रहेछ।

निवेदन माग सम्बन्धमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने, भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.३, ६ र ७ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत र अन्य विपक्षीहरूको नाममा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनी विपक्षीहरूका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई दिनू।

निवेदनमा अन्तरिम आदेशसमेत माग गरिएको सम्बन्धमा विचार गर्दा, मर्का पर्ने पक्षले सरोकारवाला वा नियमनकारी निकायमार्फत आफ्नो गुनासो राखी समस्या समाधान गर्नसक्ने अवस्थाको विद्यमानता रहेको तथा उद्योग व्यवसायीको ऋण र ऋणको सावाँ ब्याज तिर्ने बुझाउने विषयमा सार्वजनिक हकहितअन्तर्गत निवेदन दर्ता भएको तर असर पर्ने पक्ष कानूनी उपचारका लागि आएको नदेखिँदा विपक्षीहरूको त्यस प्रकारको कामकारबाहीबाट प्रत्यक्ष असर पर्ने पक्षहरू उपस्थित हुँदा निजहरूको हित सरोकार सम्बोधन हुने नै हुँदा सुविधा सन्तुलनका दृष्टिबाट समेत अन्तरिम आदेश जारी गरिरहनुपर्ने अवस्था देखिन आएन; नियमानुसार पेस गर्नू।

इति संवत् २०७७ साल आषाढ ४ गते रोज ५ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश मिति : २०७७।३।५
०७६-WH-०३७५

विषयः- बन्दीप्रत्यक्षीकरण

निवेदक : विकाश चौधरीको हकमा अधिवक्ता दलबहादुर धामी ----------१
विरूद्ध
विपक्षी : उच्च अदालत दिपायल, राजपुर दिपायल डोटी----------१
बाल सुधार गृह, सिलगढी, डोटी----------१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधान, २०७२ को धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत बन्दीप्रत्यक्षीकरण निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ:

१. निवेदकको निवेदन बेहोराः

निवेदक विकाश चौधरी विरूद्ध अपहरण तथा करणीसम्बन्धी मुद्दा कैलाली जिल्ला अदालतमा दायर भई थुनछेकको आदेशले बाल सुधार गृह, डोटीमा राख्ने आदेश भई आजका मितिसम्म सोही बाल सुधार गृह डोटीमा नै रहेको अवस्थामा कैलाली जिल्ला अदालतले ७ वर्ष कैद सजाय ठहर फैसला गरी सोका विरूद्ध उच्च अदालत दिपायलमा पुनरावेदन दर्ता गरी अहिले विचाराधीन रहेको छ । विद्यमान संगिन अवस्थाको उपयुक्त संवेदनशिलतालाई मध्यनजर गरी विश्वभरी महामारीको रूपमा फैलिरहेको नोबेल कोरोना भाइरसको सम्बन्धमा आवश्यक निर्णय लिन सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक निर्णय आइसकेपछि बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक विकाश चौधरीलाई मेरो जिम्मा लगाई पाउँ भनी मिति २०७६।१२।१० गते उच्च अदालत दिपायलमा निवेदन पेस गरेको गरेको थियो ।

उक्त निवेदनमा मिति २०७६।१२।११ गते छलफल हुँदा उच्च अदालत दिपायलबाट नाबालकको नाम परिवर्तित नाम कायम गरी सोही नामबाट प्रतिवादी कायम गराई मुद्दा उच्च अदालत दिपायलमा विचाराधीन रहेकोमा सोको कुनै ख्याल नगरी आदेशमा "निवेदकले निवेदन साथ पेस गरेको विकाश चौधरीको नागरिकताको छाँयाप्रतिबाट निजको जन्ममिति २०५८।८।२२ रहेकोले निज मिति २०७६।१२।११ गते निजको उमेर १८ वर्ष ३ महिना १९ दिन पूरा गरेको देखिँदा निजलाई १८ वर्षमुनिको नाबालक मान्न मिल्ने अवस्था नदेखिँदा निवेदकको

मागबमोजिम विकाश चौधरीलाई निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन" भन्ने आदेश भएको थियो । वर्तमान विषम परिस्थितिको यथार्थ विश्लेषणसमेत नगरी विद्यमान कानून, सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय, नेपालको संविधानको धारा १६, ३९(९), बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१),(२) विपरीत नाबालकको हितसमेतलाई नजर अन्दाज गरी हचुवाका भरमा नाबालकको हैसियतमा बाल सुधार गृहमा रहेको नाबालकलाई अहिले आएर १८ वर्ष नाघेको अर्थ लगाई उमेर पुगेको साबालक भएको आधारमा निवेदन मागबमोजिम नहुने भनी विपक्षी उच्च अदालत दिपायलबाट मिति २०७६।१२।११ मा भएको आदेश कानूनसम्मत्, न्यायसम्मत् एवं तर्कसम्मत् नभएको हुँदा उक्त आदेश बदर गरी विकाश चौधरीको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ साथै अदालतले चाहेका बखत अदालतमा उपस्थित गराउने गरी निजलाई अभिभावकको जिम्मा लगाई पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर भएको निवेदनपत्र ।

२. यस अदालतको प्रारम्भिक आदेशः

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत इमेलबाट लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।२।२६ को आदेश ।

३. बाल सुधार गृह, डोटीको लिखित जवाफः

परिवर्तित नाम ७१ धनगढी १५५ को संरक्षक बुबाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विकाश चौधरीसमेत भएको अपहरण र करणीसम्बन्धी कसुर मुद्दामा श्री कैलाली जिल्ला अदालतको च.नं. १३३८५ मिति २०७६/०३/२८ गतेको पत्रबमोजिम उक्त अदालतमा मिति २०७६/०३/२८ गतेको आदेशअनुसार निवेदकलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा २ बमोजिम मुद्दा पुर्पक्षको सिलसिलामा यस बाल सुधार गृहमा राखिएको अवस्था छ । सम्मानित अदालतको आदेशको पालना गर्न यस सुधार गृहको कर्तव्य हुँदा निवेदकले रिट निवेदनमा जिकिर लिएजस्तो निजको मौलिक हक हनन हुने गरी यस सुधार गृहबाट कुनै निर्णय गरेको भन्ने कुनै आधार तथा प्रमाणहरूबाट नदेखिएको हुँदा उक्त कपोलकल्पित र भ्रमपूर्ण बेहोराको रिट निवेदन औचित्यहिन भएकोले निवेदकको उक्त रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बाल सुधार गृह, डोटीको लिखित जवाफ ।

४. उच्च अदालत दिपायल, डोटीको लिखित जवाफः

परिवर्तित नाम ७१ धनगढी १५५ को संरक्षक बुबासमेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी विकाश चौधरीसमेत जना-४ भएको अपहरण र करणीसम्बन्धी कसुर मुद्दामा यी निवेदक विकाश चौधरीसमेतले मुलुकी फौजदारी संहिता, २०७४, को दफा २१९(३)(घ) बमोजिमको कसुर गरेको ठहरी निजलाई १०-१२ वर्षसम्म कैद सजाय हुनेमा निज १८ वर्षभन्दा कम उमेरको देखिँदा बालबालिका ऐन, २०७५ को दफा ३४(४)

बमोजिम ७ वर्ष कैद हुने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७६/०६/०९ मा कसुर ठहर भई मिति २०७६/०७/०६ मा सजाय निर्धारण भएको र हाल बाल सुधार गृह, डोटीमा रहेका यी निवेदक प्रतिवादी विकाश चौधरीको यस अदालत दिपायलमा सो फैसलाउपर पुनरावेदन परेको देखिन्छ । यस अदालतमा उक्त मुद्दा विचाराधीन रहेको अवस्थामा संरक्षकको जिम्मा लगाई पाउँ भनी निजका बाबु खुशीराम चौधरीले मिति २०७६/१२/१० मा निवेदन दिएका र उक्त निवेदन इजलाससमक्ष पेस हुँदा निवेदकले निवेदन साथ पेस गरेको विकाश चौधरीको नागरिकताको छाँयाप्रतिबाट निजको जन्ममिति २०५८/०८/२२ रहेकोले आज मिति २०७६/१२/११ गते निजको उमेर १८ वर्ष ३ महिना १९ दिन पूरा गरेको देखिँदा निजलाई १८ वर्षमुनिको नाबालक मान्न मिल्ने अवस्था नदेखिँदा निवेदकको मागबमोजिम विकाश चौधरीलाई निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०७६/१२/११ मा आदेश भएको हुँदा यस अदालतबाट निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन भनी भएको आदेश कानूनबमोजिम नै भएको हुँदा यस अदालतलाई विपक्षी बनाई दायर भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन औचित्यहिन हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत दिपायल, डोटीको लिखित जवाफ ।

५. यस अदालतको अन्तिम आदेशः

उपर्युक्तानुसार तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता एवम् निवेदक स्वयम् दलबहादुर धामीले विश्वभरी महामारीको रूपमा फैलिरहेको नोबेल कोरोना भाइरसको सम्बन्धमा आवश्यक निर्णय लिन सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठकले निर्णय गरेको साथै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) का अनुसार अभिभावक जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ । विकाश चौधरीको नागरिकतामा निजको जन्ममिति २०५८।८।२२ रहेकोमा वारदात घटेको मिति २०७६।२।३१ मा निज १८ वर्षमुनि रहेको पुष्टि भइरहेको अवस्था हुँदा बाल सुधार गृहमा रहेको नाबालक विकाश चौधरीलाई अहिले आएर साबालकको अर्थ लगाई अभिभावकको जिम्मा लगाउन नमिल्ने गरी उच्च अदालत दिपायलबाट भएको मिति २०७६।१२।११ को आदेश कानूनसम्मत नभएको र यसले बाल न्यायअनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुऱ्याएको हुँदा निज विकाश चौधरीलाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मामा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता टेकराज भुषालले निज विकाश चौधरी विरूद्ध दायर भएको अपहरण तथा जबरजस्ती करणी कसुरको अभियोग गम्भीर प्रकृतिको कसुर हो । सो कसुरमा निज विकाश चौधरीलाई १०-१२ वर्षसम्म कैद सजाय हुनेमा वारदात घटेको मितिमा निज १८ वर्षभन्दा कम उमेरको देखिएको आधारमा ७ वर्ष कैद हुने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट फैसला भएको र सोही फैसलाबमोजिम कैद भुक्तानको लागि निज बाल सुधार गृहमा रहेको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ता तथा उपन्यायाधिवक्ताले गर्नुभएको उल्लिखित बहससमेत सुनी निवेदन बेहोरासहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदक विकाश चौधरी विरूद्ध अपहरण र करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा सुरू कैलाली जिल्ला अदालतले अपहरणमा सफाई दिई करणीसम्बन्धी कसुर ठहऱ्याएको देखिन्छ । सो कसुरमा निजलाई १०-१२ वर्षसम्म कैद सजाय हुनेमा वारदात मितिमा निज १८ वर्षभन्दा कम उमेरको देखिँदा बालबालिका ऐन, २०७५ को दफा ३४(४) बमोजिम ७ वर्ष कैद हुने ठहरी बाल सुधार गृह, डोटीमा रहेको देखिन्छ । नोबेल कोरोना भाइरसको महामारीबाट बच्न बचाउन तथा सर्वोच्च अदालतको मिति २०७६।१२।७ गतेको पूर्ण बैठक निर्णयको अधीनमा रही अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक विकाश चौधरीलाई अभिभावकको जिम्मा लगाई पाउँ भनी उच्च अदालत दिपायलमा निजका बाबु खुशीराम चौधरीले निवेदन पेस गरेकोमा निजको उमेर १८ वर्षमाथि भएको भनी निजलाई नाबालक मान्न नमिल्ने र अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी आदेश भएको देखिन्छ । नाबालकको हैसियतमा बाल सुधार गृहमा रहेका नाबालकलाई अहिले साबालकको अर्थ लगाई गरिएको उक्त आदेश तर्कसम्मत र न्यायसम्मत नभएको साथै हाल कोभिड-१९ को महामारीको अवस्थामा सोही आदेशको आधारमा थुनामा रहँदा संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज विकाश चौधरीलाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मामा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी रिट निवेदन दायर भएको देखिन्छ ।

रिट निवेदकलाई अपहरण र करणीसम्बन्धी कसुरको अभियोग दायर भएकोमा करणीसम्बन्धी कसुरमा ७ वर्ष कैद हुने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट फैसला भएको हो । सो फैसलाउपर उच्च अदालत दिपायलमा पुनरावेदन परी मुद्दा विचाराधीन रहेको अवस्थामा निजलाई अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदन दायर भएकोमा निजलाई १८ वर्षमुनिको नाबालक मान्न मिल्ने नदेखिँदा अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी कानूनबमोजिम नै आदेश भइसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीहरूको तर्फबाट लिखित जवाफ रहेको पाइन्छ ।

सर्वप्रथम, निवेदकको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सुविधा प्रयोग हुने वा नहुने सम्बन्धमा विचार गर्दा, उपर्युक्त कानूनी व्यवस्थालाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । सो दफाअनुसार *"बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछन् भनी ऐ. को खण्डहरू (क) मा परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,*

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने" भन्ने उल्लेख भएको पाइन्छ ।

यसरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(१)(२)(३)(४) को सजायसम्बन्धी व्यवस्था (Date of Commission) कसुर गर्दाको उमेरअनुसार निर्धारण गरिने र सोबमोजिमको सजाय छुटको सुविधा पाउने व्यवस्था भए तापनि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को कानूनी व्यवस्थालाई हेर्दा, सजाय स्थगनको सुविधाको निर्णय गर्दा कसुरको प्रकृति, कसुर गर्दाको परिस्थिति, परिपक्वता र लिङ्ग मात्र नभई सजाय ठहर भएको बालबालिकाको उमेर पनि हेर्नुपर्दछ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २(ञ) मा *"बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ"* भनी उल्लेख गरिएको छ। प्रस्तुत रिट निवेदनमा निवेदक विकाश चौधरीको जन्ममिति २०५८।८।२२ रहेकोबाट निजको उमेर हाल १८ वर्षभन्दा माथिको रहेको देखिन्छ। निवेदकलाई अदालतले सजाय स्थगन गरी अभिभावकको जिम्मा लगाउने वा नलगाउने अदालतको स्वविवेकीय अधिकार (Discretionary Power) हो। १८ वर्षभन्दा माथिको उमेरको व्यक्तिलाई कानूनले वयस्क मानेको छ र एक वयस्क व्यक्तिलाई सामान्यतया अभिभावकको जिम्मा लगाउनु पर्ने भन्ने हुँदैन। तसर्थ बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सजाय स्थगनको सुविधाको प्रयोग हाल साबालक विकाश चौधरीले गर्न पाउँछ भन्न मिल्ने अवस्था देखिएन।

साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा मागको सम्बन्धमा विचार गर्दा, *"कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा कैदबापत रकम तिरी कैद बस्नु नपर्ने आदेश गर्न सक्छ"* भनी व्यवस्था भएकोमा प्रस्तुत मुद्दा यस कानूनी व्यवस्थाको दायराभित्र परेकोसमेत देखिएन।

अब, निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, निवेदक विकाश चौधरी विरूद्ध अपहरण तथा जबरजस्ती करणी कसुरको अभियोग दायर भई सुरू कैलाली जिल्ला अदालतले अपहरणमा सफाई दिई करणीसम्बन्धी कसुर ठहऱ्याएको देखिन्छ। सो कसुरमा निजलाई १०-१२ वर्षसम्म कैद सजाय हुनेमा निज १८ वर्षभन्दा कम उमेरको देखिँदा बालबालिका ऐन, २०७५ को दफा ३४(४) बमोजिम ७ वर्ष कैद हुने ठहरी बाल सुधार गृह, डोटीमा रहेको देखिन्छ। उक्त फैसलाउपर उच्च अदालत दिपायलमा पुनरावेदन परी उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ। यसरी कानूनले तोकेको विधि र प्रक्रिया पूरा गरी प्रमाणको आधार र कारणबाट कानूनबमोजिम कसुर ठहर भई फैसलाबमोजिम कैद भुक्तानको लागि सुधार गृहमा रहेको हुँदा निज निवेदक विकाश चौधरी गैरकानूनी थुनामा रहेको अवस्था देखिएन।

हाल कोभिड-१९ को महामारीको अवस्थामा अत्यन्त भिडभाड रहेको सुधार गृहमा कानूनसँग विवादमा रहेका बालबालिकाको सजाय स्थगनको अर्थ शारीरिक सामाजिक दुरी कायम गर्नु हो। शारीरिक दुरीको अर्थ सुधार गृहमा रहेको सबैको सजाय स्थगन गरी सुधार गृह खाली गर्ने नभई सुधार गृहको क्षमताअनुसार शारीरिक दुरी कायम गरी बालबालिका स्वस्थ्य र सुरक्षित भई रहने वातावरणको सिर्जना गर्नु हो।

त्यसैगरी निवेदकले घटाएको वारदातको प्रकृतिसमेतलाई हेर्दा, **अपहरण तथा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिका मुद्दामा निवेदकको सजाय स्थगन गर्न उचित देखिँदैन। कानूनसँग विवादमा रहेका बालकलाई अभिभावकको जिम्मा लगाउँदा सँगै समाजमा रहेका पीडितलाई त्रासको स्थितिमा बाच्नुपर्ने स्थिति आउँदछ। पीडितलाई भयबाट संरक्षण गर्नु पनि राज्यको दायित्व रहन्छ। सजाय स्थगन गरी**

अभिभावकसँग निवेदकलाई पठाउँदा समाजमा भयको स्थिति नआओस् भन्ने कुराको सुनिश्चितता गर्नु पर्दछ । साथै विवादमा रहेका बालकले उन्मुक्ति र स्वच्छताको अनुभुति नहोस् भन्ने सुनिश्चितता पनि गर्नु पर्दछ । रिट निवेदकको संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक सम्बन्धमा विचार गरिरहँदा वारदातबाट पीडित बालिकाको सम्मानपूर्वक बिना डर बाँच्न पाउने हकको समेत खयाल गर्नु पर्ने हुन्छ । यसै सम्बन्धमा "क" कुमारको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पवनकुमार यादवसमेत भएको जबरजस्ती करणीसम्बन्धी मुद्दा **(ने.का.प.२०६७, नि.नं.८४९४, पृष्ठ १८०२, पूर्ण इजलास)** मा "बालबालिकासम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा बिज्याइँ गर्ने बालकको अधिकार मात्र हेर्ने हो भने पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरूद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसङ्गति ल्याउन सक्ने" भनी सिद्धान्त प्रतिपादन भएको अवस्था छ । यसर्थ समाजमा विकृति र विसङ्गति फैलन नदिन दुवै पक्ष बालक भएको जबरजस्ती करणी कसुरमा कानूनसँग विवादमा रहेका बालकको मात्र नभई वारदातबाट पीडित बालिकाको हकको समेत संरक्षण गर्नुपर्ने देखिन्छ । न्यायिक सन्तुलनबाट अदालत विचलित हुन सक्दैन ।

निवेदक विकाश चौधरी विरूद्ध अपहरण तथा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा सुधार गृहमा रहेको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) को सजाय छुटको सुविधा प्राप्त गरिसकेको तथा हाल सजाय स्थगनको निवेदनको अवस्थामा निजलाई १८ वर्षमुनिको नाबालक मान्न मिल्ने अवस्थासमेत नदेखिँदा उमेर पुगेको व्यक्ति रहेको र कसुरजन्य कार्यको प्रकृतिसमेतलाई हेर्दा निवेदकको सजाय स्थगनको मागबमोजिम अभिभावकको जिम्मा लगाउन नमिल्ने गरी भएको मिति २०७६।१२।११ को उच्च अदालत दिपायलको आधार र कारणसहितको आदेश मिलेकै देखियो । साथै रिट निवेदक सजाय भुक्तानीको क्रममा कानूनी रूपमा थुनामा रहेको र उपयुक्त आदेश दिने अधिकारीको आदेशबाट नै थुनामा रहेको हुँदा सो कैद गैरकानूनी नभई कानूनबमोजिम नै भएको देखिन आयो ।

अतः माथि उल्लिखित आधार, कारण तथा प्रमाणसमेतबाट रिट निवेदक विकाश चौधरी गैरकानूनी रूपमा थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा म सहमत छु ।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत:- मतिना शाक्य
कम्प्युटर अपरेटर:- सरस्वती दाहाल
इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम् .....।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश मिति : २०७७।३।८
०७६-WO-०९७३

मुद्दा : उत्प्रेषण

निवेदक : अधिवक्ता सन्तोष भण्डारीसमेत----------१
विरूद्ध
विपक्षी : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत----------१

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : अन्तरिम आदेशको छलफलको लागि पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू डा. श्री ठकेन्द्रप्रकाश गिरी, श्री सुजन नेपाल, श्री आनन्दकुमार गुप्ता, श्री कमल कोइराला, श्री ज्ञानेन्द्रराज आरण, श्री सुरेन्द्र विक्रम के.सी., श्री शैलेन्द्र अम्बेडकर, श्री विकास भट्टराई, श्री जनकसिंह साउद, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री प्रवल सिन्धु गुप्त र श्री प्रविण पन्दाक लिम्बूले तथा विपक्षी स्वास्थ्य मन्त्रालयसमेतका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नुभएको बहस सुनियो। साथै इजलाससमक्ष उपस्थित नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. श्री गुणनिधि शर्माले राख्नुभएको कुरासमेत सुनियो।

यसमा कोभिड-१९ को महामारीको सम्बन्धमा यसअघि पनि सार्वजनिक सरोकारका निवेदनहरूमा यस अदालतबाट विभिन्न मितिमा जनताको आधारभूत स्वास्थ्य रक्षाको निमित्त अन्तरिम आदेशहरू जारी भएको अवस्था छ। प्रस्तुत रिट निवेदनमा निवेदकहरूले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।२।२० को निर्णयबमोजिम जारी भएको कोभिड-१९ को परीक्षणसम्बन्धी निर्देशिका (National Testing Guidelines for COVID-19) नेपालको संविधानसँग बाझिएको हुँदा सो कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्ने माग रहेको देखियो।

सो सन्दर्भमा हेर्दा, नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूमध्ये पनि धारा ३५ द्वारा प्रत्याभूत स्वास्थ्यसम्बन्धी हक वर्तमान कोभिड-१९ को महामारीको सन्दर्भमा विषेशरूपले सान्दर्भिक देखिएको छ। उक्त धाराको उपधारा (१) मा **"प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन"** भन्ने उल्लेख भएको छ। कोभिड-१९ को महामारीको सन्दर्भमा प्रदान गरिने स्वास्थ्य सेवा आपतकालीन सेवा र आधारभूत स्वास्थ्य सेवा दुवै हो र यो सेवा तत्काल र निःशुल्क प्रदान गरिनुपर्ने कुरा संविधानको माथि उल्लिखित व्यवस्थाको अध्ययनबाट स्पष्ट हुन्छ।

कोभिड-१९ को परीक्षणसम्बन्धी माथि उल्लिखित निर्देशिका हेर्दा सो निर्देशिकामा गरिएका व्यवस्थाहरूमध्ये दफा ६ मा उल्लिखित Isolation मा राखिएका बिरामीहरूलाई १४ दिन Isolation मा राखेपछि कुनै परीक्षण आवश्यक नपर्ने कुरा उल्लेख भएको पाइयो। सो कुराको वैज्ञानिक आधार खोज्नको लागि विश्व स्वास्थ्य संगठनको निर्देशनहरू हेर्ने क्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उपस्थित वरिष्ठ स्वास्थ्य प्रशासक श्री गुणनिधि शर्माले विश्व स्वास्थ्य संगठनको मिति २७ मे २०२० को मार्गदर्शन इजलासलाई देखाउनु भयो। सो मार्गदर्शनमा परीक्षणबाट कोभिड-१९ को सङ्क्रमण देखिएका बिरामीहरूलाई निश्चित समयपछि Isolation मा राख्नु नपर्ने भन्नेसम्म उल्लेख भएको देखियो भने विश्व स्वास्थ्य संगठनकै १७ जुन २०२० को Isolation मा रहेका बिरामीहरूलाई Isolation बाट छाड्ने मापदण्ड (Criteria for releasing COVID-19 patients from isolation) मा कोभिडको सङ्क्रमण देखिई Isolation को अवधि पूरा गरेका बिरामीहरूलाई पुनः परीक्षण आवश्यक पर्ने वा नपर्ने भन्ने कुरा सम्बन्धित राष्ट्रको स्वविवेकमा छाडिएको देखियो।

नेपालको संविधानमा स्वास्थ्यसम्बन्धी हक प्रत्याभूत गरिएको सन्दर्भमा हेर्दा सो हकले शारीरिक तथा मानसिक स्वास्थ्य दुवैलाई समेट्ने देखिन्छ। स्वस्थ रहनु भनेको रोग नलाग्नु र लागेमा रोगबाट मुक्त हुनु त हुँदै हो यसभित्र बिरामी परेको अवस्थामा म रोगबाट मुक्त छु, स्वस्थ छु र कुनै समयमा सङ्क्रमण भएको थियो भन्ने कारणले समाजमा अपहेलना वा उपेक्षा बेहोर्नु पर्दैन, विभेदजन्य व्यवहार हुँदैन भन्ने कुराको सुनिश्चितता पनि हो। संविधानको धारा ३५ लाई धारा १६ र १८ द्वारा प्रत्याभूत हकसँगै राखी एकैसाथ हेरेमा सोही अर्थ निस्किन्छ। राज्य संयन्त्रद्वारा स्थापित परीक्षणबाट संक्रमित देखिएका बिरामीहरू जुन मानसिक सन्त्रासमा हुन्छन् सो कुराको निवृत्ति पनि परीक्षणद्वारा नै गरी उनीहरूलाई आफू स्वस्थ छु भन्ने कुरामा आश्वस्त पार्नुपर्छ। जनताको स्वास्थ्य, समानता र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्नु राज्यको कर्तव्य रहेको सन्दर्भमा परीक्षणपश्चात् कोरोना संक्रमित देखिई Isolation मा राखिएका बिरामीहरूलाई बिना परीक्षण घर फर्काउने भन्ने कुरा किञ्चितरूपमा पनि मानवीय तथा संविधानसम्मत हुने देखिँदैन।

तसर्थ यी समस्त सन्दर्भमा रिट निवेदनमा उल्लिखित अन्य कुराहरूको हकमा अन्तिम सुनुवाइ हुँदा विचार गरिने हुँदा र हाल Isolation मा रहेका बिरामीहरूको संख्या र सरकारको परीक्षणको क्षमता हेर्दा Isolation मा रहेका बिरामीहरूको पुनः PCR गर्न सकिँदैन भन्ने नदेखिएकोसमेतबाट Isolation मा राखिएका बिरामीहरूलाई निश्चित अवधिपछि बिना परीक्षण घर पठाउन सकिने भनी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।२।२० को निर्णयद्वारा जारी निर्देशिकाको दफा ६ हाल कार्यान्वयन नगरी Isolation मा रहेका बिरामीहरूको PCR परीक्षण गरी रोगमुक्त भएपछि मात्र घर पठाउनु भनी नेपालको संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाममा यो अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नू।

न्या.टंकबहादुर मोक्तान

इति संवत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश मिति : २०७७।३।११
०७६-WH-०३७७

मुद्दा : बन्दीप्रत्यक्षीकरण

निवेदक : परिवर्तित नाम ६४ विरेन्द्रनगर PP को हकमा अधिवक्ता पुष्पराज पौडेल ----------१
विरूद्ध
विपक्षी : सुर्खेत जिल्ला अदालत ----------१

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन राज्यका सबै अंगले कार्ययोजना बनाई क्रियाशील रहेको अवस्थामा सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गते बसेको पूर्ण बैठकको निर्णयसमेतका अधीनमा निज नाबालकलाई अभिभावकको जिम्मा लगाई पाउन अभिभावकले सुर्खेत जिल्ला अदालतमा निवेदन दिएकोमा फैसला हुँदाका अवस्थामा नै निजलाई न्यूनतम सजाय गरेकाले हाल निवेदन मागबमोजिम अभिभावकको जिम्मा दिन नमिल्ने भनी आदेश भएकाले निज नाबालक हाल थुनामा बस्न बाध्य भएको अवस्था रहेको छ।

नेपालको संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हक, स्वच्छ सुनुवाइको हक, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार विरूद्धको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक र सामाजिक न्यायको हकबाट निवेदक नाबालक वञ्चित हुनुपरेको अवस्था रहेको छ। नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ, धारा १८ मा समानताको हक, धारा २० मा न्यायसम्बन्धी हक, धारा २२ मा यातना विरूद्धको हक, धारा ३० मा वातावरणसम्बन्धी हक, धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक र धारा ३९ मा बालबालिकाको हकसमेतले बालबालिकाको जीवनमा पर्न सक्ने जोखिमबाट सुरक्षित हुन पाउने अधिकार प्रदान गरेको छ। कोरोना भाइरसको प्रभावबाट पर्न गएको वर्तमान असहज परिस्थितिमा बाँच्न पाउने अधिकारलाई सर्वोपरि मानी सम्मानित अदालतको मिति २०७६।१२।७ को बैठकबाट थुनुवा बन्दीहरूलाई कैदको विकल्पको प्रयोग, नाबालकहरूलाई खोजेको बखत उपस्थित गराउने गरी अभिभावकले निवेदन गरेमा आवश्यक निकासा दिने गरी रिहाइका लागि गरिएको निर्णयबाट न्यायालय संविधानको रक्षक रहेको कुरा स्थापित भइरहेको अवस्थामा परिवर्तित ६४ वीरेन्द्रनगर PP लाई अभिभावकको

जिम्मा लगाई पाउँ भनी सुर्खेत जिल्ला अदालतमा निवेदन दिएकोमा थुनामा नै राख्ने गरी भएको आदेशबाट संविधानको धारा ३९(९) ले जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने कानूनी दायित्व हुँदाहुँदै सुर्खेत जिल्ला अदालतबाट सोअनुसार हुन नसकेकोले उक्त आदेश बदर गरी निजको आमाको जिम्मा लगाउने गरी संविधानको धारा ४६ र १३३ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी यस अदालतमा दायर भएको निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत खुलाई मिति २०७७।३।३ गते दिनको १० बजे सुनुवाइ हुने हुँदा सो मितिसम्ममा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ लेखी स्क्यान गरी इमेलद्वारा पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीका नाउँमा इमेलद्वारा म्याद सूचना पठाई नियमानुसार गरी पेस गर्नुहोला भन्ने मिति २०७७।२।२९ को यस अदालतको आदेश।

यसमा निवेदिकाकी छोरीसँगै सवार टाटा सुमो जीपमा अमृता कार्कीको साथबाट लागु औषध ब्राउनसुगर सेवन गर्न साथमा राखेको अवस्थामा पक्राउ परी सो मुद्दामा श्री सुर्खेत जिल्ला अदालतमा उक्त लागु औषध ब्राउनसुगर सेवन गर्नको लागि ल्याएको भनी अनुसन्धान र अदालतमा बयान गरी अनुसन्धान र अदालतमा आरोपित कसुरमा साबित रहेकी र श्री सुर्खेत जिल्ला अदालतबाट ६४ वीरेन्द्रनगर PP लाई पुर्पक्षका क्रममा बाल सुधार गृहमा राख्ने आदेश भई थुनामा राखिएकोमा श्री सुर्खेत जिल्ला अदालतबाट मिति २०७६।९।१७ गते ३ वर्ष ४ महिना कैद हुने ठहरी फैसला भएकोमा सो फैसलाउपर पुनरावेदन नगरेकी हुँदा निजकी छोरी अदालतको आदेशले बाल सुधार गृहमा रहेकी छिन्। मुलुकमा अहिले कोभिड-१९ को महामारीको विषम विपत्जन्य परिस्थितिमा छोरी बाल सुधार गृहमा रहेको र आवश्यक संख्याभन्दा बढी बालबालिका बाल सुधार गृहमा रही सो स्थानमा सङ्क्रमणको जोखिम उच्च रहेकोले बालबालिकाको सर्वोत्तम हितलाई सुनिश्चित गर्नुपर्ने हुँदा बाल सुधार गृहमा रहेकी छोरी ६४ वीरेन्द्रनगर PP लाई लागेको बाँकी कैद स्थगन गरी छोरीलाई म संरक्षक आमा PP१ जिम्मा लगाउने आदेश गरी जिम्मा लगाई पाउँ भनी निज प्रतिवादीको आमाले मिति २०७६।१२।१० मा निवेदन दिएकोमा प्रतिवादीको उमेर वारदात हुँदाका बखत १७ वर्ष ४ महिना रहेको र हाल १८ वर्ष १ महिना रहेको देखिएको र प्रतिवादी परिवर्तित नामथर ६४ वीरेन्द्रनगर PP लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय हुने ठहरेकोमा न्यूनतम सजाय ५ वर्ष कैद गरी सोको दुई तिहाई कायम हुन गएको फैसला गर्दाको अवस्थामा नै निजको उमेर अवस्था, पहिलो पटक कसुर गरेकोसमेतलाई विचार गरी न्यूनतम सजाय गरिएको हुँदा हाललाई निवेदन मागबमोजिम गरिरहनु परेन भनी यस अदालतबाट मिति २०७६।१२।१२ मा आदेश भएको हो। अत: यी प्रतिवादी १८ वर्षभन्दा कम उमेरको बालिका देखिएकोले यस अदालतबाट सम्पूर्ण कानूनी प्रक्रिया अवलम्बन गर्दै मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा पठाइएको र निजको उमेर वारदात हुँदाका बखत १७ वर्ष ४ महिना रहेको र हाल १८ वर्ष १ महिना रहेको देखिएकोले मुद्दा फैसला गर्दाका बखतसमेत निजको उमेर अवस्था र पहिलो पटक कसुर गरेको अवस्थासमेतलाई विचार गरी न्यूनतम सजाय गरिएको कार्यलाई गैरकानूनी थुनामा राखेको भनी यस अदालतसमेतलाई विपक्षी बनाई विपक्षी निवेदकले दायर गरेको प्रस्तुत रिट निवेदन नै खारेजभागी भएकाले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सुर्खेत जिल्ला अदालतको लिखित जवाफ।

यस अदालतको ठहर

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अजय शंकर झा "रूपेस", श्री पंकजकुमार कर्ण, श्री सम्मरबहादुर बस्नेत, श्री विकास बस्नेत र श्री विमला यादवले निवेदिका लागु औषध खैरो हिरोइन मुद्दामा सुर्खेत जिल्ला अदालतको फैसलाबमोजिम बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा बन्दीको रूपमा रहेकी छन् । हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको प्रकोपको कारण जीवन नै जोखिममा परेको अवस्थामा सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयसमेतका आधारमा बाल सुधार गृहमा रहेकी बालिकालाई आमाको जिम्मामा रहने गरी बन्दीको स्वरूप परिवर्तन गरिपाउँ भनी सुर्खेत जिल्ला अदालतमा निवेदन दिएकोमा सो अदालतबाट फैसला गर्दाकै अवस्थामा न्यूनतम सजाय गरिएको हुँदा अभिभावकको जिम्मा दिन नसकिने भनी गरेको निर्णय सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयको भावनाविपरीत रहेको छ । हालसम्म पनि कोभिड-१९ को महामारीको प्रकोप नरोकिएको अवस्था छ भने बाल सुधार गृहमा अझै पनि बन्दी बालबालिकाहरूलाई विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डबमोजिम सामाजिक दुरी कायम गरी बस्ने अवस्था नभएकाले संविधानको धारा ३९ बमोजिमको बाल न्यायअनुकूलको हकलगायतका संवैधानिक हक पालना गराउन सुर्खेत जिल्ला अदालतको मिति २०७६।१२।१२ को निर्णय बदर गरी यी बालिकालाई अभिभावक आमाको जिम्मामा रहने गरी आवश्यक र उपयुक्त आदेश जारी गरिपाउँ भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताद्वय श्री संजिवराज रेग्मी र श्री हरिप्रसाद जोशीले यो थुना गैरकानूनी होइन यो विशुद्ध रूपमा सुरू अदालतको क्षेत्राधिकारको विषय हो । बालिकालाई आमाको जिम्मा दिने कि नदिने भन्ने कुरा अदालतको स्वविवेकको कुरा हो । मुद्दाको प्रकृति, कसुर गर्दाको अवस्थासमेतलाई विचार गरी अदालतले निर्णय गर्ने कुरा हो । यो अधिकार नभई सुविधा मात्र भएकाले अधिकारको रूपमा दाबी गर्न मिल्दैन भनी गर्नुभएको बहससमेत सुनियो ।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी सम्बन्धित मिसिल अध्ययन गरी हेर्दा सुर्खेत जिल्ला अदालतबाट मिति २०७६।१२।१२ मा भएको आदेश मिलेको छ वा छैन, निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णयतर्फ विचार गर्दा निवेदनमा कोभिड-१९ को विश्वव्यापी महामारीको कारण उत्पन्न विषम परिस्थितिमा सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयसमेतका आधारमा थुनुवाको रूपमा रहेकी परिवर्तित नाम ६४ वीरेन्द्रनगर PP लाई निजको जीवन र स्वास्थ्यलाई समेत विचार गरी वैकल्पिक सजाय स्वरूप अभिभावक आमाको जिम्मा लगाई पाउँ भन्ने निवेदन सुर्खेत जिल्ला अदालतमा दायर गरेकोमा सो अदालतबाट निवेदन मागबमोजिम गर्न अस्वीकार गरी मिति २०७६।१२।१२ मा आदेश गरेकाले सो आदेश बदर गरी निवेदिकालाई वैकल्पिक सजायको रूपमा अभिभावकको जिम्मा लगाई पाउँ भन्ने निवेदन जिकिर रहेको देखियो भने विपक्षी सुर्खेत जिल्ला अदालतको लिखित जवाफ हेर्दा निवेदिकाको हकमा फैसला गर्दाको अवस्थामा नै निजको उमेर, पहिलो पटक कसुर गरेको अवस्थासमेतलाई विचार गरी न्यूनतम सजाय गरिएको हुँदा हाललाई निवेदिकाको थुना गैरकानूनी भनी भन्न नमिल्ने भई निवेदन मागबमोजिम अभिभावकको जिम्मा दिन नमिल्ने भनी लिखित जवाफमा उल्लेख भएको पाइयो ।

निवेदन जिकिर र लिखित जवाफबाट यी निवेदिकासमेत प्रतिवादी रहेको लागु औषध खैरो हिरोइन मुद्दामा निजसमेतको विरूद्ध सुर्खेत जिल्ला अदालतमा अभियोगपत्र पेस भई मुद्दा चली मिति २०७६।९।१७ मा फैसला हुँदा निज नाबालिका भई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाईले हुने ३ वर्ष ४ महिना कैद र रू.३३३३।- जरिवाना भएको देखियो । सो फैसलाउपर यी निवेदिकाको पुनरावेदन नपरी फैसला अन्तिम भएको र साधिकार निकाय जिल्ला अदालतबाट कानूनको उचित न्यायिक प्रक्रियाअन्तर्गत फैसला भएको र उक्त फैसलाबमोजिम यी निवेदिका सजाय भुक्तान गर्ने क्रममा सुधार गृहमा रहेकाले निजको थुनालाई गैरकानूनी थुना भन्न नमिलेबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था देखिएन ।

अब जहाँसम्म कोभिड-१९ को महामारीको सन्दर्भमा यस अदालतको पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयको प्रश्न छ, उक्त निर्णय "नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा बाल सुधार गृहको अनुरोध र महामारीको यस विपद्जन्य परिस्थितिमा बाल सुधार गृहहरूमा रहेको अत्यधिक भिडभाड कम गर्न र बालबालिकाहरूमा रोग सङ्क्रमणको जोखिम न्यूनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न अत्यावश्यक देखिएकोले दिशान्तरलगायत थुनाको विकल्पसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने । बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने" भन्नेसमेत निर्णय भएको देखिन्छ । यसरी थुनुवा बन्दीहरूलाई कैदको विकल्पको प्रयोग गर्ने, नाबालकहरूलाई खोजेको बखत उपस्थित गराउने गरी अभिभावकले निवेदन गरेमा आवश्यक निकासा दिने भन्ने निर्णय भएपश्चात् निजकी आमा परिवर्तित नामथर ६४ विरेन्द्रनगर PP२ ले सुर्खेत जिल्ला अदालतमा नाबालक छोरीको स्वास्थ्य जोखिमको अवस्थालाई विचार गरी बाल सुधार गृहमा रहेकी छोरी ६४ विरेन्द्रनगर PP लाई लागेको बाँकी कैद स्थगन गरी छोरीलाई म संरक्षक आमाको जिम्मा लगाई पाउँ भनी निवेदन गरेकोमा फैसला गर्दाको अवस्थामै निजको उमेर अवस्था पहिलो पटक कसुर गरेको स्थितिसमेतलाई विचार गरी न्यूनतम सजाय गरिएको हुँदा हाललाई निवेदन मागबमोजिम गरिरहन परेन भनी भएको आदेश कानूनअनुरूप र उपयुक्त छ वा छैन भन्ने प्रश्न यहाँ उत्पन्न भएको अवस्था छ । पूर्ण बैठकबाट मिति २०७६।१२।७ मा निर्णय हुँदा पनि हरेक बालबालिका विरूद्ध चलेको मुद्दाको प्रकृति, गम्भीरता, कसुरमा सो बालकको संलग्नता, पीडितको उमेर, निजलाई पुऱ्याएको क्षति, पीडितउपर पर्ने डर त्रास र खतराको अवस्था, भएको सजायमध्ये के कति भोगिसकेको छ र के कति बाँकी छ भन्नेसमेतका कुराहरू हेरी सन्तुलित रूपमा न्यायिक सद्विवेकको प्रयोग गरी निर्णय निष्कर्षमा पुग्न सकियोस् भनेर नै सर्वोच्च अदालत आफैँले निर्णय नगरी सम्बन्धित अदालतबाट आदेश गर्नको लागि एउटा नीतिगत निर्णय गरिएको अवस्थासम्म हो । सो निर्णयको उद्देश्य विधिको शासन, स्वच्छ सुनुवाइ, फैसलाको अन्तिमताको सिद्धान्त र न्यायमा कसुरदार, पीडित र समाजको हित एवं सुरक्षाबिच गरिनु पर्ने उचित सन्तुलन (Balancing Act) र हरेक तहको अदालतको अख्तियारीलाई बिर्सेर कारागार वा सुधार गृह नै खाली गर्ने भन्ने कदापि होइन । न त यसको उद्देश्य पूर्ण बैठकको निर्णयअधिसम्म अदालतको फैसला वा आदेश छली भागेर हिँड्ने र पूर्ण बैठकको निर्णयको फाइदा लिने उद्देश्यबाट कैद वा थुनामा गई निवेदन गर्ने मौका परस्त एवं छलकपट गर्दै र न्यायको मार्ग छल्दै हिँड्ने व्यक्तिहरूको पक्षमा आदेश होस् भन्ने नै हो ।

न्यायले सन्तुलनलाई कदापि बिर्सनु हुँदैन न त कुनै घटना विशेषमा यो बहकिन नै हुन्छ । चाहे आकाश नै खसोस् तर न्याय मर्न कदापि हुँदैन भन्ने कुरालाई न्यायकर्ताले कदापि बिर्सन मिल्दैन । त्यसकारण पूर्ण बैठकको निर्णयको गलत व्याख्या गर्दै र तल्ला अदालतहरूको अख्तियारी विरूद्ध आदेश गरिनु हुँदैन । पूर्ण बैठकको निर्णयको कानूनी हैसियतलाई बिर्सेर त्यसलाई सबै मुद्दामा निरपेक्ष रूपले लागू गर्दा अन्याय पनि पर्ने हुँदा प्रत्येक मुद्दालाई संविधान र कानूनको रोहमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्छ भन्ने यस इजलासको स्पष्ट धारणा छ ।

पूर्ण बैठकको निर्णयबारे यति भनेर अब प्रस्तुत मुद्दाको रोहमा हेर्दा बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा रहेकी निवेदिकामा बालबालिकासम्बन्धी ऐन, २०७५ आकर्षित हुने व्यक्ति हुन भन्नेमा विवाद भएन । नेपालको संविधानको धारा ४९ को उपधारा (८) मा प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ भन्ने र उपधारा (९) मा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । बालअनुकूल न्यायको पहिलो सिद्धान्त बालबालिकाको सर्वोत्तम हितको रक्षा नै हो । कोभिड-१९ को महामारीको अवस्थाबाट हाल जीवन र स्वास्थ्यको जुन जोखिमको अवस्था सिर्जना भएको छ त्यसबाट सुधार गृहभित्र वा बाहिर जहाँ रहेका भए पनि बालबालिकाहरूको रक्षा गरिनु पर्छ । संविधानको धारा ३९ द्वारा प्रत्याभूत बालबालिकाको हक र धारा ४३ द्वारा प्रत्याभुत सामाजिक सुरक्षाको हक त्यसैगरी धारा १६ द्वारा प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने हकको सान्दर्भिक र सर्वाङ्गीण अर्थ गर्दा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चित गर्दै कोभिड-१९ को महामारीबाट उनीहरूलाई जोगाउने भन्ने नै अर्थ निस्कन्छ ।

अब बालबालिकाको सर्वोत्तम हितको रक्षा वा जोखिमबाट बचाउन सुधार गृहबाट उनीहरूलाई निकाल्दा वा छुट्कारा दिँदा मात्र हुन्छ त भन्ने प्रश्न पनि यहाँ नउठ्ने होइन । यसै सन्दर्भमा यी निवेदिकालाई भएको सजाय स्थगन गरी आमाको जिम्मा लगाई पाउँ भन्ने कुरा हक होइन यो सुविधा हो । यो सुविधा न्यायाधीशले दिन पनि सक्छ नदिन पनि सक्छ भनी विद्वान् सहन्यायाधिवक्ताहरूले बहसको क्रममा जिकिर लिनुभएको छ । सहन्यायाधिवक्ताको सो जिकिरलाई अस्वीकार गरिहाल्नु पर्ने अवस्था छैन । हरेक व्यक्तिको अनुहार फरक भएजस्तै हरेक मुद्दाको परिस्थिति पनि फरकफरक हुन्छ । यही कुरालाई मध्यनजर गरेर नै पूर्ण बैठकले आदेश गर्ने जिम्मेवारी सम्बन्धित अदालत र न्यायाधीशलाई सुम्पेको हो । तर न्यायाधीशहरूले आफ्नो स्वविवेक र अधिकारको प्रयोग गर्दा संविधान र कानूनको व्यवस्थाको सही परख गऱ्यो वा गरेन भन्ने कुरा सदा न्यायिक पुनरावलोकनको विषय बन्दछ । बालबालिकासम्बन्धी रिट निवेदनहरूमध्ये ०७६-WH-०३५९ मा सुधार गृहमा व्यतित गरिसकेको अवधिलाई हेरिएको छ भने ०७६-WH-०३२९ को निवेदनमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) र (२) को कुरातर्फ इजलासको ध्यान गएको देखिन्छ । त्यस्तै आधार र कारणहरू अन्य मुद्दाहरूमा पनि खोजिएको पाइन्छ । प्रस्तुत विवादमा सुर्खेत जिल्ला अदालतबाट मिति २०७६।१२।१२ मा आदेश गरेकोमा फैसला हुँदा नै न्यूनतम सजाय गरिएको भन्दै निवेदिकाको माग अस्वीकार गरेको देखिँदा कोभिड-१९ को महामारीको सन्दर्भमा संविधान वा बालबालिकासम्बन्धी ऐनका माथि उल्लिखित व्यवस्थाहरूतर्फ विचार गरिएको पाइएन । तसर्थ सो आदेश कानूनको दृष्टिमा त्रूटिपूर्ण देखिन आयो ।

माथि उल्लिखित रिट निवेदन र यस अदालतबाट आदेश जारी भएका अन्य रिट निवेदनहरूमा कोभिड-१९ को महामारीको अवस्था र सुधार गृहहरूमा क्षमताभन्दा बढी बालबालिका रहेको कुरालाई दृष्टिगत गरी बाबुआमा अभिभावकको जिम्मा लगाउने भन्ने आदेश भएको देखिन्छ । आदेश जारी गर्नुपूर्व सुधार गृहलाई बुझियो वा बुझिएन भन्ने कुरा खुल्न सकेन । आजको मितिसम्ममा यस अदालतबाट आदेश जारी भएका उपर्युक्त निवेदन र

अन्य निवेदनहरूमा भएका आदेशको पूर्ण पाठ प्राप्त हुन बाँकी नै देखिँदा सम्बन्धित इजलासहरूले बालबालिकाको मुद्दामा सुधार गृहमा राख्नेबाहेकको वैकल्पिक व्यवस्था गर्दा लिने आधारहरूबारे प्रस्ट हुन सकेन ।

सुधार गृहमा रहेका बालबालिकाहरूको चाप र कोभिड-१९ को महामारीको सन्दर्भमा वैकल्पिक व्यवस्थाबारे बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत अन्य विषयगत कानूनको रोहमा हेर्दाः (क) आरोपित कसुर जघन्य, गम्भीर वा सामान्य कुन प्रकृतिको कसुर हो, (ख) प्रतिवादीलाई के कति सजाय भएको छ र भएको सजायमध्ये के कति भोगिसकेको छ । कैद भोगेको हिसाबबाट हेर्दा "जघन्य" वा "गम्भीर" कसुरको सजायको अवधि समाप्त भई वा "सामान्य कसुर" गर्दा हुने सजायको अवधिमा कैदको अवधि प्रवेश गरी सो कैद भोगिरहेको अवस्था छ वा छैन, (ग) सो मुद्दामा पीडित छ वा छैन, छ भने पीडितको उमेर के कस्तो छ, निजलाई के कस्तो हानि पुगेको छ, निवेदकलाई पुनः समाजमा पुऱ्याउँदा पुनः पीडितउपर हानि पुऱ्याउने, त्रासको स्थिति सिर्जना गर्ने अवस्था छ वा छैन । संविधानको धारा २१ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ र बालबालिकासम्बन्धी ऐन, २०७५ मा उल्लिखित पीडितको अधिकार र सुविधाहरूको सम्मान भएको छ वा छैन, (घ) निवेदकले कसुर स्वीकार गरेको हो वा होइन, सुधारबारे निजको भनाइ के छ, (ङ) मुद्दा अन्तिम भएको अवस्था हो वा होइन, (च) कसुर पहिलो पटक गरिएको हो वा होइन, सुधारको स्थिति र सम्भावनाबारे बाल सुधार गृहको के राय छ, (छ) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को व्यवस्थाबमोजिम सजाय स्थगन गरेको हो वा सजायको स्वरूप परिवर्तन गर्न खोजिएको हो । (ज) सजाय स्थगन वा सजायको स्वरूप परिवर्तन गर्दा सोही दफा ३६(५) (घ) बमोजिम निगरानीमा जिम्मा लिन दिनको लागि आचरण सुधारसमेतका के कस्ता सर्तहरू आवश्यक हुन्छन्; र (झ) अदालतबाट तोकिएका सर्तहरूको उल्लङ्घन हुँदाको परिणाम के हुन्छ भन्नेबारे स्पष्ट गरी आदेश हुँदा अदालतले बालबालिकासँग सम्बन्धित मुद्दामा एउटा सन्तुलित दृष्टिकोण कायम हुन जाने हुन्छ । त्यसैले यी समस्त कुराहरूतर्फ विचार गरेर मात्र अदालतले सजाय स्थगन गर्ने वा स्वरूप बदल्ने निर्णय गर्नुपर्छ । यसरी सजाय स्थगन गर्दा वा स्वरूप बदल्दा सुधारगृहमा रहनु पर्ने अवधि कम रहेका अर्थात् ६ महिना, १ वर्ष वा २ वर्षसम्म अवधि बाँकी रहेका, उमेर, स्वास्थ्य, आर्थिक, सामाजिक स्थितिको रोहमा हस्तक्षेप गर्न योग्य वर्ग, समूह वा व्यक्तिबाट गरिनु पर्छ । त्यसो गरिएमा धेरै अवधि कैद भुक्तान गरिसकेका बालबालिकाको हकमा उनीहरूको सुधारको अवस्थासमेतलाई हेरी वैकल्पिक हेरचाहको उचित व्यवस्था कायम हुन सक्छ । सो सम्बन्धमा सम्बन्धित सुधार गृह वा केन्द्रीय बालन्याय समितिबाट आवश्यक तथ्याङ्क प्राप्त हुन सक्ने हुँदा सो कार्य दुरूह पनि देखिँदैन । सुधार गृहमा रहेको व्यक्तिको वर्तमान अवस्था र सुधारका गुञ्जायस र सम्भावनाबारे सुधार गृहको राय बुझी उपर्युक्त आदेश गर्दा एउटा न्यायपूर्ण यथार्थपरक र सम्यक स्थिति कायम हुन सक्छ ।

यसै क्रममा कोभिड-१९ को महामारीको सन्दर्भमा पूर्ण बैठकबाट निर्णय भएपछि हाल सुधार गृहमा रहेका बालबालिकाको स्थितितर्फ दृष्टिगत गर्दा आजका मितिसम्म २९७ बालबालिकाहरू सुधार गृहबाट अभिभावकको जिम्मा लगाएका र छुटी हाल ८ वटा सुधार गृहमा ६६१ बालबालिका रहेको देखिन्छ । बाल सुधार गृहमा सुरक्षाका केही उपायहरू अपनाएको जानकारी पनि आएको छ र यो ३ महिनाको अवधिमा सङ्क्रमण नभएको अवस्था पनि छ । तर अझै पनि बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका रहेको हुँदा कोभिड-१९ को महामारीबाट उनीहरूलाई जोगाउने सरोकार जायज नै देखिँदा नेपालको संविधान र बालबालिकासम्बन्धी ऐन, २०७५ को मर्म र भावनाअनुरूप यो विषयलाई हेर्नुपर्ने हुन आयो ।

अतः उपर्युक्त आधार र कारणहरूसमेतलाई दृष्टिगत गर्दै प्रस्तुत रिट निवेदनमा बन्दीप्रत्यक्षीकरणको

आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा सो आदेश जारी गरिपाउँ भन्नेतर्फको निवेदन स्वीकारयोग्य देखिएन । तर सुर्खेत जिल्ला अदालतबाट भएको मिति २०७६।१२।१२ को आदेशमा माथि उल्लिखित कुनै कुराहरूतर्फ विचार नगरिएको कारण सो आदेश त्रूटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदिकाको मुद्दाको प्रकृति हेर्दा कुनै व्यक्ति पीडित रहे भएको अवस्था नभएको र निवेदिका मुद्दाको सुरूबाटै पुर्पक्षको निमित्त थुनामा रही निजलाई भएको सजायलाई "गम्भीर कसुर" को वर्गमा राख्न सकिने भए पनि निजले आजका मितिसम्म १ वर्ष ४ महिना ४ दिन बाल सुधार गृहमा बिताइसकेको र अब बाँकी अवधि १ वर्ष ११ महिना २५ दिन देखिई भुक्तान भएको सजायको हिसाबबाट गम्भीर कसुर भए तापनि "सामान्य कसुर" को अवधिभित्र पर्न आएको देखिएबाट माथि उल्लिखित कुराहरूसमेतलाई दृष्टिगत गरी र बाल सुधार गृहको समेत राय लिई पुनः कानूनबमोजिम आदेश गर्नु भनी विपक्षी सुर्खेत जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय र विपक्षी अदालतलाई पठाई दिनू । प्रस्तुत निवेदनको आदेशको विद्युतीय प्रति अपलोड गरी दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला ।

उक्त रायमा सहमत छु ।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत: तेजप्रसाद पौडेल
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७६ साल असार ११ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७७।३।१५
०७६-WH-०३८४

विषयः- बन्दीप्रत्यक्षीकरण

निवेदक : झापा जिल्ला अनारमनी गाउँ विकास समिति वडा नं. ६ परिवर्तित बिर्तामोड नगरपालिका वडा नं.३ मा घर भई हाल बाल सुधार गृह भक्तपुरमा रहेको परिवर्तित नाम बबरमहल १२ को हकमा सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDS-Nepal) सँग आवद्ध अधिवक्ता अजय शंकर झा "रूपेस".....१

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत.....१
उच्च अदालत पाटन.....१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भई नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

१. निवेदकको निवेदन बेहोराः-

बाल बिज्याइँकर्ता परिवर्तित नाम बबरमहल १२ विरूद्ध वादी नेपाल सरकारको तर्फबाट तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले परिभाषित गरेको ३(२) नं. बमोजिमको कसुर अपराधमा सोही महलको ३(२) नं. बमोजिम सजायको मागदाबी लिई काठमाडौं जिल्ला अदालतसमक्ष मिति २०७४।७।१२ गते दायर भएको अभियोगमा अभियोग दाबीअनुसार निज परिवर्तित नाम बबरमहल १२ लाई ५ वर्ष ४ महिना कैद हुने गरी मिति २०७५।८।१९ गते फैसला भई पहिला मुद्दा पुर्पक्षका लागि र फैसलापश्चात् सजाय भुक्तानको क्रममा निज बाल सुधार गृह भक्तपुरमा रहेका छन्। निज मिति २०७४/६/१७ गते पक्राउ परी अद्योपरान्त आजको मितिसम्ममा अर्थात् २ वर्ष ८ महिना ८ दिनभन्दा बढि सजाय भुक्तान गरिसकेको अवस्था छ।

विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न एक मात्र उपायको रूपमा सामाजिक दुरी कायम राख्नु पर्ने भएकोमा निज परिवर्तित नाम बबरमहल १२ लाई राखिएको बाल सुधार गृहमा सामाजिक दुरी कायम गर्न नसक्ने अवस्थामा तथा यसको सङ्क्रमणबाट बचाउने न्यायालयलगायतका राज्यका सबै अंग तथा निकायहरू कार्ययोजना बनाई क्रियाशील रही तदानुसार कार्य

गरिरहेको अवस्थामा सम्मानित अदालतको मिति २०७६/१२/७ गते बसेको पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेका बखत उपस्थित गराउने गरी निज परिवर्तित नाम बबरमहल १२ लाई जिम्मा लगाई पाउन निजको संरक्षकले काठमाडौं जिल्ला अदालतसमक्ष दिएको निवेदनमा कुनै कानूनी आधार र त्यसलाई पुष्टि गर्ने कारण बिना नै जिम्मा दिन नमिल्ने गरी आदेश भएको र सो आदेशउपर उच्च अदालत पाटनमा निवेदन गर्दा काठमाडौं जिल्ला अदालतको आदेश सदर भएकोबाट निज नाबालक हाल थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हक, स्वच्छ सुनुवाइको हक, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार विरूद्धको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक र सामाजिक न्यायको हकमा आघात पुग्न गएको र त्यस आदेशउपर अर्को प्रभावकारी उपचारको बाटोसमेत नरहेको हुँदा नेपालको संविधानको धारा १३३(२) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) बमोजिम निज परिवर्तित नाम बबरमहल १२ लाई खोजेको बखत उपस्थित गराउने गरी हाल अभिभावकको जिम्मा तथा नियन्त्रण (Parental Custody) मा छाडी पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर भएको निवेदनपत्र ।

२. **यस अदालतको प्रारम्भिक आदेशः-**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित यो आदेश प्राप्त भएको मितिले तीन (३) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूलाई म्याद सूचना दिई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।०३।०३ को आदेश ।

३. **उच्च अदालत पाटनको लिखित जवाफः-**

यसमा केवल कोभिड-१९ को मात्र कारण देखाई बिज्याइँ कर्तालाई अभिभावकको जिम्मा लगाई पाउँ भनी दिएको निवेदनको सन्दर्भमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।०२।१३ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन, कानूनबमोजिम गर्नु भनी मिति २०७७।०२।३० गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ । यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य, प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको लिखित जवाफ ।

४. **काठमाडौं जिल्ला अदालतको लिखित जवाफः-**

यसमा निज बिज्याइँकर्ता परिवर्तित नाम बबरमहल १२ को हकमा यस अदालतबाट मिति २०७५/८/१९ मा अभियोग दाबीबमोजिम निज बिज्याइँकर्ता लाई ५ वर्ष ४ महिना कैद सजाय हुने ठहरी फैसला भइसकेको

तथा प्रस्तुत मुद्दाको फैसलाको जानकारी दुवै पक्षलाई भइसकेको हुँदा सरोकारवालाको पुनरावेदन परी मुद्दा अन्तिम हुन बाँकी रहेको अवस्थामा निवेदन मागअनुसारको आदेश जारी गर्नु मिल्ने देखिएन भन्नेसमेत बेहोराको मिति २०७७/२/१३ गतेको आदेश भएको देखिँदा निवेदको मागबमोजिमको आदेश जारी गरिरहनु परेन प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।

५. **यस अदालतको अन्तिम आदेशः-**

उपरोक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता एवम् निवेदक स्वयम् श्री अजय शंकर झा, विद्वान् अधिवक्ताहरू श्री पंकजकुमार कर्ण, श्री कमलबहादुर घिसिङ, श्री विमला यादव, श्री सन्तोष भण्डारी तथा श्री बबिता बस्नेतले परिवर्तित नाम बबरमहल १२ विरूद्ध काठमाडौं जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा ५ वर्ष ४ महिना कैद हुने ठहऱ्याई बाल सुधार गृह, भक्तपुरमा थुनामा रहेको हो । विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन सामाजिक दुरी कायम राखी जीवनको संरक्षण गर्न सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेको बखत उपस्थित गराउने गरी परिवर्तित नाम बबरमहल १२ लाई जिम्मा लगाई पाउन निजको संरक्षकले काठमाडौं जिल्ला अदालतमा निवेदन दिएको हो । उक्त अदालतबाट निजको अभिभावकको जिम्मामा दिन नमिल्ने गरी आदेश भएको हो । सो आदेशउपर उच्च अदालत पाटनमा निवेदन गर्दा उक्त आदेश सदर भएकोबाट निज नाबालक थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज परिवर्तित नाम बबरमहल १२ लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मा तथा नियन्त्रण (Parental Custody) मा छाडी पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुषालले रिट निवेदकलाई जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भई निजलाई ५ वर्ष ४ महिना कैद हुने फैसला भएको हो । निवेदकले सो फैसलामा चित्त बुझाई पुनरावेदनसमेत गरेको छैन । यसरी साधिकार निकायबाट कानूनबमोजिम फैसला भइसकेको विषयमा उपचारको वैकल्पिक बाटो छँदाछँदै बन्दीप्रत्यक्षीकरणमा आएको प्रस्तुत रिट निवेदन खारेजभागी छ तर पनि COVID-19 को अवस्थामा सामाजिक दुरी कायम राख्ने हेतु निवेदकको माग विचारणीय नै देखिन्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरू तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नु भएको उल्लिखित बहससमेत सुनी निवेदन बेहोरासहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदक परिवर्तित नाम बबरमहल १२ विरूद्ध जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा सुरू काठमाडौं जिल्ला अदालतले जबरजस्ती करणीसम्बन्धी कसुर ठहऱ्याएको देखिन्छ । सो कसुरमा निजलाई ५ वर्ष ४ महिना कैद हुने ठहरी बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा रहेको देखिन्छ । नोबेल कोरोना भाइरसको महामारीबाट बच्न बचाउन तथा सर्वोच्च अदालतको मिति

२०७६।१२।०७ गतेको पूर्ण बैठक निर्णयको अधीनमा रही अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक बबरमहल १२ लाई अभिभावकको जिम्मा लगाई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा निजका संरक्षक आमा सीता थापाले निवेदन पेस गरेकोमा फैसला भइसकेको हुँदा अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी आदेश भएको देखिन्छ । सो आदेशउपर उच्च अदालत पाटनमा निवेदन दिएकोमा काठमाडौं जिल्ला अदालतको आदेश सदर भएकोबाट निज नाबालक थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्यायअनुकूलको हक लगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज परिवर्तित नाम बबरमहल १२ लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने दाबी गरी निवेदकले रिट निवेदन दायर गरेको देखिन्छ ।

रिट निवेदक परिवर्तित नाम बबरमहल १२ लाई ५ वर्ष ४ महिना कैद सजाय हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट फैसला भइसकेको तथा प्रस्तुत मुद्दाको फैसलाको जानकारी दुवै पक्षलाई भइसकेको हुँदा सरोकारवालाको पुनरावेदन परी मुद्दा अन्तिम हुन बाँकी रहेको अवस्थामा निवेदन मागअनुसारको आदेश जारी गर्नु नमिल्ने भनी कानूनबमोजिम आदेश भइसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको पाइन्छ ।

निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, हाल नोबल कोरना भाइरस (कोभिड-१९) विश्वका १६८ भन्दा बढी देशहरूमा फैलिएको अवस्थामा थप सङ्क्रमणबाट सिर्जना हुन सक्ने "महामारी" को अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनुपर्ने सावधानीका सम्बन्धमा इजलासबाट समेत COVID-19 बाट बढेको जोखिम न्यूनीकरण गरी रोकथामको पूर्वतयारीको लागि अत्यन्त संवेदनशील भई व्यक्तिको मानव अधिकार र मौलिक अधिकारको संरक्षण गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधानको धारा १६(१) मा ***"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ"*** भनी बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ । धारा ३९ उपधारा ८ ले ***"प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ"*** भनी बालबालिकाको सर्वोतम हितसहितको न्यायको अधिकारलाई सुनिश्चित गरेको पाइन्छ । धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले ***"बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने"*** तथा **ऐ. दफा १६(२) मा *"जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ"*** भनी कानूनी व्यवस्था रहेको देखिन्छ ।

कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ । बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको, समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ । यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। कोभिडको सङ्क्रमण रोकथाम गर्न र जोखिम न्यूनीकरण गर्न रणनीतिमूलक

ढङ्गबाट राज्यको हरेक निकायले हेर्नु आवश्यक छ । यस अवस्थामा अत्यन्त जोखिममा रहेका वर्गहरू जस्तै कैदी, थुनुवा तथा सुधारगृहमा रहेका व्यक्तिहरूको सामाजिक दुरीको पनि सुनिश्चितता गर्न आवश्यक देखिन्छ ।

महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिट अन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा, वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायमा पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दी (Lockdown) को अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हक (Right to remedies) समेत जीवन्त रहेको अवस्था छ । **उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन हुने स्थिति आउँदछ । यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ । यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन। त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका** थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने नै देखियो । संविधानको धारा १३३(३) ले असाधारण अधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था समेत रहेकै देखिन्छ ।

यस्तो अवस्थामा सुधारगृहमा रहेका बालबालिकाको पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन्, जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ। हाल सुधारगृहको क्षमताभन्दा बढी बालबालिकाहरू रहेको कारण सुधारगृहमा सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र कोरोना भाइरस (COVID-19) सङ्क्रमणको जोखिमबाट बच्न सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७७।२।१३ को आदेश र सोलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।२।३० को आदेश बालबालिकाको जीवन, स्वास्थ्य र सर्वोत्तम हित संरक्षणको निमित्त न्यायोचित भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ ।

कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनीहरूलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्राअनुरूप गल्ती अनुभूत गर्न सजाय भोग्नसम्म पठाइएको हो । बालबालिकाको हकमा बाल सुधारगृहमा पठाउनुको अर्थ सुधारका निश्चित उपायहरू समेत अवलम्बन गर्नु हो ।

कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनमा कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा "*बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप*

देहायका कुनै उपयुक्त निर्णय गर्नेछन् भनी ऐ. को खण्डहरू

(क) मा *परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,*

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ। निवेदक रहेको सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्था छ भने बालबालिकाको हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूमध्ये हालको कोभिड-१९ को महामारीको सन्दर्भमा उपयुक्त विकल्पहरू रहेकै देखिन्छ।

साथै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को कानूनी व्यवस्था सजाय ठहर भएको हकमा आकर्षित हुने हो। प्रस्तुत रिट निवेदकको हकमा काठमाडौं जिल्ला अदालतबाट सजाय ठहर भइसकेकोमा पुनरावेदनको रोहमा हुने फैसलामा अन्यथा भएमा सोहीबमोजिम हुने नै हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) आकर्षित हुने नै देखियो। फेरि सजाय स्थगनको अर्थ सजायबाट सफाइ नभई बालबालिकालाई निजको अभिभावकको जिम्मा लगाउनु हो र अदालतको आदेशबमोजिम पुनः फिर्ता बोलाउन सकिने नै हुँदा पुनरावेदनको रोहमा मुद्दा विचारणीय हुँदैमा असर पर्ने देखिएन।

अतः यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम बबरमहल १२ लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पूनः उपयुक्त निर्णय गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गरिदिएको छ। बन्दीप्रत्यक्षीकरणको हकमा केही बोलिरहन परेन।

उक्त रायमा म सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत:- मतिना शाक्य
कम्प्युटर अपरेटर:- सरस्वती दाहाल
इति संवत् २०७७ साल आषाढ १५ गते रोज २ शुभम् .....

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७७।३।१५
०७६-WH-०३८५

विषयः- बन्दीप्रत्यक्षीकरण

निवेदक :काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं.३ परिवर्तित वडा नं.९ मा घर भई हाल बाल सुधार गृह भक्तपुरमा रहेको साङ्केतिक नाम बनेपा (क) को हकमा सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDS-Nepal) सँग आवद्ध अधिवक्ता अजय शंकर झा "रूपेस".....१

विरूद्ध

विपक्षी : ललितपुर जिल्ला अदालत.....१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर भई नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

१. निवेदकको निवेदन बेहोराः-

बाल बिज्याइँकर्ता साङ्केतिक नाम बनेपा (क) विरूद्ध परिवर्तित नाम बयलवास (क) को जाहेरीले वादी नेपाल सरकार भई विपक्ष ललितपुर जिल्ला अदालतसमक्ष दायर भएको ०७२-CR-०४७७ को 'बालयौन दुराचार' मुद्दामा तत्कालीन मुलुकी ऐन जबरजस्ती करणीको महलको ९ (क) नं. बमोजिमको कसुरमा ५ वर्ष ६ महिना सजाय हुने गरी मिति २०७३।२।२ गतेमा फैसला भएको रहेछ। निज मिति २०७२।१२।१७ गतेमा पक्राउ परि सोही मितिदेखि अनवरत रूपमा थुना स्वरूप बाल सुधार गृहमा रहिरहँदा आजको मितिसम्ममा ४ वर्ष २ महिना १५ दिनभन्दा बढी अवधि आफूलाई लागेको सजाय भुक्तान गरिसकेका छन् भने जिल्ला अदालतले गरेको फैसलालाई नै चित्त बुझाई अन्तिम भई बसेको छ।

छोरालाई लागेको कैद ५ वर्ष ६ महिनामध्ये पक्राउ परेको मितिले ४ वर्ष १ महिना २८ दिन थुनामा बसिसकेको र छोरा नाबालक भई गृहमा बसेको कारण सामाजिक मानसिक रूपले परिपक्क भई नसकेको र हाल माहामारीको रूपमा फैलिएको कोरोना भाइरसको उच्च जोखिममा समेत रहेको हँदा खोजेको बखत उपस्थित गराउने गरी तत्कालका लागि अभिभावकको जिम्मामा लगाई पाउन अर्थात् बाल सुधार गृहमा रहेको नियन्त्रणलाई अभिभावकको नियन्त्रण (Parental Custody) मा लगाई पाउन निजको तर्फबाट अभिभावक लक्ष्मण रंजितकारले ललितपुर जिल्ला अदालतसमक्ष निवेदन दिँदा एक वर्षभन्दा बढी कैद सजाय भएकोमा रकम तिरी

कैद मुक्त गर्ने सम्बन्धमा कानूनी व्यवस्था समेत नरहेको हुँदा प्रतिवादीलाई कैदबाट मुक्त गरी अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी निवेदनमा माग्दै नमागेको विषयतर्फ ललितपुर जिल्ला अदालतबाट मिति २०७७।२।२१ गते आदेश भएकोबाट निज नाबालक हाल थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्याय अनुकूलको हक, स्वच्छ सुनुवाइको हक, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार विरूद्धको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक र सामाजिक न्यायको हकमा आघात पुग्न गएको र त्यस आदेशउपर अर्को प्रभावकारी उपचारको बाटोसमेत नरहेको हुँदा नेपालको संविधानको धारा १३३(२) र सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३७ (क) बमोजिम निज साङ्केतिक नाम बनेपा (क) लाई खोजेको बखत उपस्थित गराउने गरी हाल अभिभावकको जिम्मा तथा नियन्त्रण (Parental Custody) मा छाडी पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर भएको निवेदनपत्र ।

२. यस अदालतको प्रारम्भिक आदेशः-

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित यो आदेश प्राप्त भएको मितिले तीन (३) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूलाई म्याद सूचना दिई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।०३।०३ को आदेश ।

३. ललितपुर जिल्ला अदालतको लिखित जवाफः-

यी प्रतिवादीलाई यस अदालतबाट ठहर भएको कैद सजायउपर पुनरावेदन नपरी उक्त फैसला नै अन्तिम फैसलाको रूपमा रहेको र एक वर्षभन्दा बढी कैद सजाय भएकोमा रकम तिरी कैदमुक्त गर्ने सम्बन्धमा कानूनी व्यवस्थासमेत नरहेको हुँदा निवेदकको निवेदन मागबमोजिम प्रतिवादीलाई कैदवाट मक्त गरी अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी यस अदालतबाट मिति २०७७।०२।२१ मा भएको आदेशबाट रिट निवेदकको नेपालको संविधान प्रदत्त मौलिक हकमा र प्रचलित कानूनबमोजिमको नागरिक अधिकारमा समेत कुनै गम्भीर आघात पर्ने र निजका हक हनन हुने गरी कुनै किसिमको कार्य यस अदालतबाट नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको ललितपुर जिल्ला अदालतको लिखित जवाफ ।

४. यस अदालतको अन्तिम आदेशः-

उपरोक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता एवम् निवेदक स्वयम् श्री अजय शंकर झा, विद्वान् अधिवक्ताहरू श्री पंकजकुमार कर्ण, श्री कमलबहादुर घिसिङ, श्री विमला यादव, श्री सन्तोष भण्डारी तथा श्री बबिता बस्नेतले साङ्केतिक नाम बनेपा (क) विरूद्ध ललितपुर जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा ५ वर्ष ६ महिना कैद हुने ठहऱ्याई निज मिति २०७२।१२।१७ गते पक्राउ परी सोही मितिदेखि अनवरत रूपमा बाल सुधार गृह, भक्तपुरमा

रही रहँदा आजको मिति सम्ममा ४ वर्ष २ महिना १५ दिनभन्दा बढी सजाय भुक्तान गरिसकेका छन् । विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट बच्न तथा बचाउन सामाजिक दुरी कायम राखी जीवनको संरक्षण गर्न सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयसमेतका अधीनमा रही खोजेको बखत उपस्थित गराउने गरी साङ्केतिक नाम बनेपा (क) लाई जिम्मा लगाई पाउन निजको अभिभावक लक्ष्मण रंजितकारले ललितपुर जिल्ला अदालतमा निवेदन दिएकोमा उक्त अदालतबाट एक वर्षभन्दा बढी कैद सजाय भएकोमा रकम तिरी कैदमुक्त गर्ने सम्बन्धमा कानूनी व्यवस्थासमेत नरहेको हुँदा प्रतिवादीलाई कैदबाट मुक्त गरी अभिभावकको जिम्मामा दिन नमिल्ने गरी आदेश भएको हो । यसरी निवेदनमा माग्दै नमागेको विषयमा अदालतबाट आदेश हुँदा निवेदकको संविधानले प्रदान गरेको बाल न्याय अनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज साङ्केतिक नाम बनेपा (क) लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मा तथा नियन्त्रण (Parental Custody) मा छाडी पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुषालले रिट निवेदकलाई जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भई निजलाई ५ वर्ष ६ महिना कैद हुने फैसला भएको हो । निवेदकले सो फैसलामा चित्त बुझाई पुनरावेदनसमेत गरेको छैन । यसरी साधिकार निकायबाट कानूनबमोजिम फैसला भई बाल सुधार गृहमा रहेको हुँदा बन्दीप्रत्यक्षीकरणमा आएको प्रस्तुत रिट निवेदन खारेजभागी छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरू तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको उल्लिखित बहससमेत सुनी निवेदन बेहोरासहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदक साङ्केतिक नाम बनेपा (क) विरूद्ध जबरजस्ती करणीसम्बन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा ललितपुर जिल्ला अदालतले जबरजस्ती करणीसम्बन्धी कसुर ठहऱ्याएको देखिन्छ । सो कसुरमा निजलाई ५ वर्ष ६ महिना कैद हुने ठहरी बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा रहिरहँदा आजको मितिसम्ममा ४ वर्ष २ महिना १५ दिनभन्दा बढी सजाय भुक्तान गरिसकेका छन् । नोबेल कोरोना भाइरसको महामारीबाट बच्न बचाउन तथा सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक निर्णयको अधीनमा रही अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक साङ्केतिक नाम बनेपा (क) लाई अभिभावकको जिम्मा लगाइ पाउँ भनी ललितपुर जिल्ला अदालतमा निजका अभिभावक लक्ष्मण रंजितकारले निवेदन पेस गरेकोमा फैसला भइसकेको र एक वर्षभन्दा बढी कैद सजाय भएकोमा रकम तिरी कैदमुक्त गर्ने सम्बन्धमा कानूनी व्यवस्थासमेत नरहेको हुँदा अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी आदेश भएकोबाट निज नाबालक थुनामा बस्न बाध्य भएको र यसबाट संविधानले प्रदान गरेको बाल न्याय अनुकूलको हकलगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज साङ्केतिक नाम बनेपा (क) लाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने दाबी गरी निवेदकले रिट निवेदन दायर गरेको देखिन्छ ।

रिट निवेदक साङ्केतिक नाम बनेपा (क) लाई ५ वर्ष ६ महिना कैद सजाय हुने ठहरी ललितपुर जिल्ला अदालतबाट कानूनबमोजिम फैसला भई बाल सुधार गृहमा रहेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी

हुनु पर्ने होइन, रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको पाइन्छ।

निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, हाल नोबल कोरना भाइरस (कोभिड-१९) विश्वका १६८ भन्दा बढी देशहरूमा फैलिएको अवस्थामा थप सङ्क्रमणबाट सिर्जना हुन सक्ने "महामारी" को अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनुपर्ने सावधानीका सम्बन्धमा इजलासबाट समेत COVID-19 बाट बढेको जोखिम न्यूनीकरण गरी रोकथामको पूर्वतयारीको लागि अत्यन्त संवेदनशील भई व्यक्तिको मानव अधिकार र मौलिक अधिकारको संरक्षण गर्नुपर्ने देखिन्छ।

नेपालको संविधानको धारा १६(१) मा ***"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ"*** भनी बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ। धारा ३९ उपधारा ८ ले ***"प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने छ"*** भनी बालबालिकाको सर्वोतम हितसहितको न्यायको अधिकारलाई सुनिश्चित गरेको पाइन्छ। धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले ***"बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने"*** तथा **ऐ. दफा १६(२) मा *"जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने छ"*** भनी कानूनी व्यवस्था रहेको देखिन्छ।

कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको, समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ। यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। कोभिडको सङ्क्रमण रोकथाम गर्न र जोखिम न्यूनीकरण गर्न रणनीतिमूलक ढङ्गबाट राज्यको हरेक निकायले हेर्नु आवश्यक छ। यस अवस्थामा अत्यन्त जोखिममा रहेका वर्गहरू जस्तै कैदी, थुनुवा तथा सुधारगृहमा रहेका व्यक्तिहरूको सामाजिक दुरीको पनि सुनिश्चितता गर्न आवश्यक देखिन्छ।

महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिट अन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा, वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायमा पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दी (Lockdown) को अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हक (Right to remedies) समेत जीवन्त रहेको अवस्था छ। **उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन हुने स्थिति आउँदछ। यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ। यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ। यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन। त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका** थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने नै देखियो। संविधानको धारा १३३(३) ले असाधारण अधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्थासमेत रहेकै देखिन्छ। यस्तो

अवस्थामा सुधारगृहमा रहेका बालबालिकाको पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन्, जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ ।

कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनीहरूलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्रा अनुरूप गल्ती अनुभूत गर्न सजाय भोग्नसम्म पठाइएको हो । बालबालिकाको हकमा बाल सुधारगृहमा पठाउनुको अर्थ सुधारका निश्चित उपायहरू समेत अवलम्बन गर्नु हो ।

कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनमा कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा "*बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्ने छन् भनी* ऐ. को खण्डहरू

(क) मा *परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,*

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ ।

निवेदक रहेको सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्था छ भने बालबालिकाको हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूमध्ये हालको कोभिड-१९ को महामारीको सन्दर्भमा उपयुक्त विकल्पहरू रहेकै देखिन्छ । प्रस्तुत रिट निवेदनको सन्दर्भमा साङ्केतिक नाम बनेपा (क) ले जबरजस्ती करणीसम्बन्धी कसुर गरेको ठहरी ललितपुर जिल्ला अदालतले जबरजस्ती करणी निजलाई ५ वर्ष ६ महिना कैद हुने फैसलाबमोजिम निज साङ्केतिक नाम बनेपा (क) बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा रही रहँदा आजको मितिसम्ममा ४ वर्ष २ महिना १५ दिनभन्दा बढी सजाय भुक्तान गरिसकेको देखिन्छ । हाल सुधारगृहको क्षमताभन्दा बढी बालबालिकाहरू रहेको कारण सुधारगृहमा सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र कोरोना भाइरस (COVID-19) सङ्क्रमणको जोखिमबाट बच्न सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा साथै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा

३६(५) मा सजाय स्थगनको कानूनी व्यवस्था रहेको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित नहुँदा अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी ललितपुर जिल्ला अदालतबाट भएको मिति २०७७।२।२१ को आदेश बालबालिकाको जीवन, स्वास्थ्य र सर्वोत्तम हित संरक्षणको निमित्त न्यायोचित भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ।

अतः यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि साङ्केतिक नाम बनेपा (क) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुनः उपयुक्त निर्णय गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गरिदिएको छ। बन्दीप्रत्यक्षीकरणको हकमा केही बोलिरहन परेन।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत:- मतिना शाक्य
कम्प्युटर अपरेटर:- सरस्वती दाहाल
इति संवत् २०७७ साल आषाढ १५ गते रोज २ शुभम् .....

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।४।१५
०७६-WO-१०७२

विषयः उत्प्रेषण

निवेदक : OBC महासंघको केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरसमेत / मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश १, विराटनगर ----------१

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत ----------१

आदेश

रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री नागेन्द्र यादव, श्री विजयकुमार यादव, श्री उमेशप्रसाद, श्री सुरेश महतो, श्री देवराज यादव, श्री विरेन्द्रप्रसाद साह र विपक्षीमध्येका २ प्रदेशका मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा तथा नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले गर्नुभएको बहससमेत सुनियो।

यसमा प्रस्तुत विवाद हजाम नाईको कार्य गर्ने निवेदकहरूले आफूले घरभाडामा लिई व्यवसाय गर्दै आएकोमा हाल कोभिड-१९ को महामारीको कारणले बन्दाबन्दीको अवधिभर घरभाडा नलिनु भन्ने अन्तरिम आदेश जारी हुन माग गरिएको छ। यो एउटा व्यवसायीको मात्र समस्या नभई सबै व्यवसायीहरूसँग सम्बन्धित राष्ट्रिय स्तरको समस्या खडा हुन गएको छ। प्रस्तुत विवाद वा समस्या प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो लागेको बखतमा नै यस विवादको विविध पक्षको सन्दर्भमा निक्यौंल हुनुपर्ने देखिँदा अहिले बन्दाबन्दीको (Lockdown) अवधि भर घरभाडा नलिनु भन्ने अन्तरिम आदेश जारी गरिरहनु परेन।

साथै घरबहालमा बस्नेले घरबहाल कर तिरेको रसिद नभई वडा कार्यालयबाट राहत पाउने अवस्था नभएको भन्ने जिकिर हुँदा बन्दाबन्दीको अवधिभर घरबहाल कर नतिरेको अवस्थामा पनि राज्यले दिने राहत र अन्य सुविधाहरू पनि दिने कार्य नरोक्नु नरोकाउनु र साथै घरभाडाको विषय भाडामा दिने र बस्नेबिचको आपसी सम्झौता, सहमति र मानवीय सोच विचारको आधारमा निर्णय गर्नुपर्ने विषय हुँदा घरबहालमा बसेका व्यक्तिहरूलाई बन्दाबन्दीको अवधिभर तत्काल बहाल दिन नसकेको अवस्थामा पनि बहालमा बस्ने र व्यवसाय गर्नेहरूलाई घरबाट निस्कन बाध्य नपार्ने, निक्लन नभन्ने र सो आधारमा दुर्व्यवहार नगर्ने र नगराउने विषयमा स्थानीय वडा कार्यालयले अनुगमन र सुपरीवेक्षण गर्ने गरी व्यवस्था मिलाउन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ।

इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना
आदेश मिति : २०७७।४।१९
०७६-WO-०९३९

विषय : परमादेश

रिट निवेदक : काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. ६ बस्ने हाल केन्द्रीय कारागार काठमाडौंमा थुनामा रहेको गोपाल सिवाकोटी (चिन्तन).....१
जुम्ला जिल्ला, धापा गाउँ विकास समिति वडा नं.८ को हाल परिवर्तित सिंजा गाउँपालिका वडा नं. २ घर भई हाल केन्द्रीय कारागार, काठमाडौंमा थुनामा रहेको राम शर्मा.....१
जाजरकोट जिल्ला, दशेरा ९ घर भई हाल केन्द्रीय कारागार, काठमाडौंमा कैदमा रहेको मानबहादुर रावत १
रूकुम जिल्ला, नुवाकोट ७ घर भई हाल केन्द्रीय कारागार काठमाडौंमा कैदमा रहेको खिमबहादुर सुनार १
काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १२ बस्ने हाल केन्द्रीय कारागार, काठमाडौंमा थुनामा रहेको बद्रीकुमार थापा.....१
रूपन्देही जिल्ला, कञ्चन नगरपालिका ४ बस्ने हाल केन्द्रीय कारागार, काठमाडौंमा थुनामा रहेको ओमप्रकाश पौडेल (उपाध्याय).....१
सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका ४ बस्ने हाल केन्द्रीय कारागार, काठमाडौंमा कैदमा रहेको प्रकाश ओझा.....१

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं.....१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१
महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं.....१
कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं.....१
जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं.....१
कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं.....१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

तथ्य खण्ड

१. रिट निवेदन बेहोरा

क. नेपालका हिरासत तथा कारागारमा निर्धारित क्षमताभन्दा अत्यधिक बढी तथा कैदी बन्दीका हक, हित र सुविधासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यूनतम् मापदण्डविपरीत हुने गरी हजारौँको संख्यामा राखिएको बारेमा नेपाल सरकार, गृह मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयका प्रतिवेदनहरूमै विस्तृत रूपमा पटकपटक उल्लेख भइसकेको विषय हो । स्वास्थ्य र सुरक्षाका दृष्टिले अघिपछि सामान्य अवस्थामै पनि अत्यन्तै जीर्ण र जोखिमपूर्ण अवस्थामा रहेका कारागार भवन, न्यून सुविधा र सरसफाइको दुरावस्थाका कारण कैदी बन्दीहरूको जिउज्यान सधैँ असुरक्षित रहेको, विश्वव्यापीरूपमा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणका दृष्टिले नेपालका हिरासत र कारागारहरूको अवस्था झनै जोखिमपूर्ण हुन पुगेको छ । देशभरिका हिरासत तथा कारागारहरूमा सामान्य अवस्थामै पनि कष्ट र जोखिमपूर्ण अवस्थामा रहेका करिब २५ हजारको संख्यामा रहेका कैदी बन्दीहरूका हकमा भने विपक्षीहरू पूर्ण रूपले मौन रहेको अवस्था छ ।

ख. नेपालको संविधान, २०७२ को धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने तथा धारा १८ ले समानताको मौलिक हक प्रत्याभूत गरेको छ । यस हकअन्तर्गत संविधानको धारा ३० अन्तर्गतको स्वच्छ वातावरणको हक र धारा ३५ अन्तर्गतको स्वास्थ्यसम्बन्धी हकहरूसमेत अन्तरसम्बन्धित छन् । यी हकहरू सम्पूर्ण कैदी बन्दीहरूका हकमा समेत समान रूपमा लागू रहेका छन् । कैदी बन्दीहरूको हक, अधिकार र सुविधासँग सम्बन्धित कारागार ऐन तथा सोको नियमावलीमा उल्लेख भएका प्रावधानहरूसमेत सम्पूर्ण कैदी बन्दीहरूले समान रूपमा उपभोग गर्न पाउनुपर्नेमा ऐन तथा नियममा उल्लिखित प्रावधानहरू निष्क्रिय रहेसरहको अवस्था छ । प्रचलित कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) मा असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा ६० प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिने छ, सोही नियमको उपनियम (२क) मा असल चालचलन भएका ६५ वर्ष उमेर पुगेका कैदीहरूको हकमा ७५ प्रतिशतसम्मको कैद छोट्याउन वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अङ्गभङ्ग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेका कैदीको हकमा सजाय छोट्याउन सकिने प्रावधान, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) ले ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ । कैदीहरूका हकमा सो ऐनको दफा १२(१) मा कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी ६५ वर्ष उमेर पूरा भई ७० वर्ष ननाघेको हकमा २५ प्रतिशतसम्म, ७० वर्ष उमेर पूरा भई ७५ वर्ष ननाघेको हकमा ५० प्रतिशतसम्म र ७५ वर्ष उमेर पूरा भएकाहरूको हकमा ७५ प्रतिशतसम्म कैद छुट दिन सकिने प्रावधान छ । तर विपक्षीहरूबाट सामान्य अवस्थामा समेत यस्ता कैदीहरूको दैनिक लगत कायम गरी नियमित रूपमा कैदकट्टा तथा माफीमिनाहा गर्ने गराउने वा कैद छोट्याउनेसम्बन्धी कुनै पनि कार्य नगरे नगराएको अवस्था विद्यमान छ ।

ग. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ अन्तर्गत कैदीहरूलाई प्राप्त सुविधाहरूको समेत आजका मितिसम्म पनि कार्यान्वयन नै नभएको, ऐनको दफा २२ (कैदीलाई

सामाजिक सेवा गर्न आदेश दिन सक्ने), दफा २५ (सुधारगृहमा पठाउन सकिने), दफा २६ (पुनःस्थापना केन्द्रमा पठाउन सकिने), दफा २७ (सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने), दफा २८ (खुल्ला कारागारमा राख्न सकिने), दफा २९ (प्यारोलमा राख्न सकिने), दफा ३० (सामाजिकीकरण गराउनु पर्ने), दफा ३१ (कैदबापत शारीरिक श्रममा लगाउन सकिने) र दफा ४९ (प्रोवेशन वा प्यारोल अधिकृत तोक्ने) दफा ३४ अन्तरगत मानसिक रोग भएका कसुरदारलाई चिकित्सा केन्द्रमा राख्ने, दफा ३७ को कैद कट्टा हुन सक्ने व्यवस्था लागू गर्नेतर्फ विपक्षीहरू पूर्ण रूपले मौन रहेको अवस्था छ। केही दफाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि लागू हुने भनिएकोमा आजका मितिसम्म पनि सो सुविधाहरू कार्यान्वयन गरिएको छैन। नागरिक तथा कुनै पनि व्यक्तिले प्राप्त गर्ने यस्ता सुविधाहरू विपक्षीहरूको विलम्बका कारण अनिश्चितकालसम्मका लागि कदापि निष्क्रिय रहन सक्दैनन्।

घ. कैदीहरूले प्राप्त गर्नसक्ने सुविधाहरूका सम्बन्धमा दण्डको सुधारात्मक प्रणाली तथा कारागारमा कैदीहरूको चाप कम गरी कैदीहरूलाई यथासम्भव कारागारभन्दा बाहिर राखी सामाजिकीकरण गर्ने सन्दर्भमा विश्वका विभिन्न मुलुकहरूमा विभिन्न अभ्यासहरू भइरहेकोतर्फसमेत अदालतको ध्यानाकर्षण गर्नु समयसापेक्ष हुने छ। विभिन्न देशहरूले कैदीहरूलाई राज्यको पूर्ण नियन्त्रणमा रहेका व्यक्तिहरू भएका कारण उनीहरूले कैदको अवधिमा सम्बन्धित राज्यमा प्रचलित सार्वजनिक बिदाहरूसमेत गणना गरी कैदकट्टा तथा माफीमिनाहाको व्यवस्था गरेको पाइन्छ। नेपालमा समेत राज्यले निर्धारण गरेका सार्वजनिक बिदाहरूको हिसाब गरी कैदीहरूको कैद भुक्तानको अवधिमा गणना गर्ने हो भने कैदीहरूको करिब ३३ प्रतिशतसम्म कैद स्वतः भुक्तान हुन सक्छ। हाल प्रचलित कानूनमा नकारात्मक सूचीमा परेका भनिएका कसुरका कसुरदारहरूको कैदकट्टा गर्ने हो भने कैदीहरूको ठुलो संख्या स्वतः घट्न गई कारागारमा कैदीहरूको अधिक चाप न्यूनीकरणमा सहयोग पुग्ने तथा राज्यमाथिको आर्थिक व्ययभारसमेत कम हुने निश्चित छ। हाल देशभरिका कारागाहरूमा त्यस्तो नकारात्मक सूचीमा परेका कसुरका कसुरदारहरूको संख्या अत्यधिक रहेको तथ्य विपक्षीहरूलाई समेत अवगत भएकै अवस्थामा सोतर्फ विपक्षीहरूले कुनै ठोस, सकारात्मक र रचनात्मक कदम नचालेको स्वतः स्पष्ट हुन्छ।

ङ. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६) को धारा ४ ले बाँच्न पाउने अधिकारको व्यवस्था गरिएको छ। सोही अनुबन्धको धारा १४ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष न्यायपालिकाबाट छिटोछरितो रूपमा न्याय प्राप्त गर्न पाउने अधिकारसमेत सुरक्षित रहेको छ। तर विपक्षीका उल्लिखित निष्क्रियता र मौनताका कारण प्रचलित संविधान तथा कानूनअन्तर्गत प्राप्त न्यायसँग प्रत्यक्ष रूपले सम्बन्धित कैदीका संविधान तथा कानूनप्रदत्त सुविधाहरूको गम्भीर उल्लङ्घन भएको तथ्य निर्विवाद छ।

२. <u>माग गरिएको उपचार</u>

माथि विभिन्न प्रकरणहरूमा उल्लिखित तथ्य, कानून र नजिरसमेतका आधारमा संविधानको धारा ४६ र १३३(२) अन्तर्गत उल्लिखित उपर्युक्त आज्ञा, आदेश वा पुर्जीका निमित्त देहायबमोजिमको निवेदन मागदाबी रहेको छः

क. कोरोना भाइरसको सम्भावित सङ्क्रमणबाट बच्न विश्व स्वास्थ्य संगठन तथा विपक्षी नेपाल सरकारसमेतले लागू गरेका २५ जनाभन्दा बढी मानिस एक ठाउँमा भेला नहुने, परस्परमा सामाजिक दुरी कायम गर्नुपर्ने तथा मास्कको अनिवार्य प्रयोग र सरसफाइलगायतका मापदण्डहरू सम्पूर्ण कैदी बन्दीहरूका हकमा समेत संविधानको धारा १६, १८, ३० र ३५ अन्तर्गत प्रत्याभूत मौलिक हकहरूको बाध्यात्मक पालना र संरक्षणका लागि परमादेशको आदेश जारी गरिपाउँ,

ख. विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारले लागू गरेका मापदण्डहरूको यथार्थ र प्रभावकारी पालनाका निमित्त वर्तमान अवस्था, उदाहरणको लागि काठमाडौँ, जगन्नाथदेवलस्थित कारागार कार्यालयअन्तर्गत तीनवटा कारागारहरूमा कैदी बन्दीहरू राख्ने क्षमता करिब १,८०० मात्र भएकोमा हाल करिब ३,१३७ रहेकोमा, कैदी बन्दीहरूको अत्यधिक चाप न्यून गर्नुको कुनै विकल्प नभएको हुनाले समान रूपमा बाँच्न पाउने अधिकार, स्वच्छ वातावरण र स्वास्थ्यको मौलिक हकको संरक्षणका दृष्टिले निवेदकलगायतका कैदी बन्दीहरूले हाल भोगिरहेको अवस्थालाई तत्काल सम्बोधन गर्न तथा नियमित रूपमा कैदी बन्दीहरूको चाप निरन्तर रूपमा व्यवस्थापन गर्नका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२, २५, २६, २७, २८, २९, ३० र ४९ सोही ऐनको दफा १(२) बमोजिम तत्काल लागू गर्नु गराउनु तथा विश्वमा कायम रहेको दण्डको आधुनिक सुधारात्मक सिद्धान्त र प्रणालीलाई मध्यनजर गरी खासगरी प्यारोल र कैद कट्टाका सम्बन्धमा हाल कायम विभिन्न कसुरहरूको नकारात्मक सूचीको खारेजीका निमित्त आवश्यक कानूनी व्यवस्था गरिपाउँ,

ग. प्रचलित कारागार नियमावली, २०२० को नियम २९ को (१) र (२क) तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) र १२ बमोजिम कैदीहरूलाई प्राप्त सुविधाहरू दैनिक लगत कायम गरी नियमितरूपमा उपलब्ध गराई पाऊँ,

घ. कोराना भाइरस सङ्क्रमणको जोखिमबाट सबैभन्दा छिटो र सबैभन्दा बढी संख्यामा प्रभावित हुने अवस्थामा रहेका प्रचलित कानूनबमोजिम नकारात्मक सूचीमा रहेका कसुर र कसुरदारहरूका हकमा समेत उल्लिखित कैद कट्टा तथा माफी मिनाहाका सुविधाहरू संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपतिमार्फत माफीमिनाहा घोषणा गर्ने व्यवस्था गरिपाऊँ,

ङ. कैद तथा जरिवाना तोकिएका कैदीहरूका हकमा कैद भुक्तान भइसकेको वा कैद कट्टा तथा माफी मिनाहाका लागि कानूनतः योग्य भइसकेको अवस्थामा पनि जरिवाना तिर्न बुझाउन असमर्थ भएका कारण कैदमा बस्नुपर्ने बाध्यतामा रहेका कैदीहरूका हकमा समेत वर्तमान जोखिमलाई मध्यनजर गर्दै त्यस्तो जरिवानासमेत माफी मिनाहा गर्ने व्यवस्था गरिपाऊँ,

च. अन्य विभिन्न मुलुकहरूले अपनाएका अभ्यासहरूलाई समेत ध्यानमा राख्दै कैदी बन्दीहरूलाई सार्वजनिक बिदा गणना गरी कैद कट्टा गर्ने व्यवस्थाका निमित्त आवश्यक कानून निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी गरिपाऊँ,

छ. यस महामारीका कारण उत्पन्न वर्तमान सङ्कटपूर्ण अवस्थामा बन्दीहरूको जीवनरक्षा र स्वास्थ्यको मौलिक हकको संरक्षणका लागि हाल देशभरी नै उल्लेखनीय संख्यामा पुर्पक्षका लागि भनी थुनामा रहेका सम्पूर्ण बन्दीहरूलाई तारिख वा हाजिर जमानीमा छुटी छुटाई मुद्दा पुर्पक्ष गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी गरिपाउँ,

ज. हिरासत र कारागारको दुरावस्था तथा कैदी बन्दीहरूको अत्यधिक चाप कम गर्न विपक्षी गृह मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयका प्रतिवेदनहरू तत्काल कार्यान्वयन गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी गरिपाऊँ।

३. <u>यस अदालतको कारण देखाउ आदेश</u>

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।१।३ को आदेश।

४. <u>कारागार कार्यालय जगन्नाथदेवलको तर्फबाट परेको लिखित जवाफ</u>

विपक्षी रिट निवेदक गोपाल सिवाकोटी र बद्रीकुमार थापा काठमाडौं जिल्ला अदालतको च.नं. ६४३३, मिति २०७५।११।२९ को पत्रानुसार ठगी मुद्दामा, राम शर्मा जुम्ला जिल्ला अदालतको च.नं. ८६०, मिति २०७२।१२।२६ को पत्रानुसार कर्तव्य ज्यान मुद्दामा, मानबहादुर रावत काठमाडौं जिल्ला अदालतको स.फौ.नं. २१८१, मिति २०६७।१।२९ को पत्रानुसार लागु औषध खैरो हिरोइन मुद्दामा, खिमबहादुर सुनार बाँके जिल्ला अदालतको च.नं. १७२६, मिति २०७२।५।२४ को पत्रानुसार ठगी मुद्दामा, ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्याय काठमाडौं जिल्ला अदालतको मुद्दा नं. ०७५-CI-१८४९, मिति २०७६।९।६ को पत्रानुसार लिखतसम्बन्धी कसुर मुद्दामा र प्रकाश ओझा सुनसरी जिल्ला अदालतको च.नं. ११८९१ मिति २०७३।१०।२८ को पत्रानुसार जिउ मास्ने बेच्ने मुद्दामा कानूनबमोजिम थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेज गरिपाऊँ।

५. <u>कारागार व्यवस्थापन विभागका तर्फबाट परेको लिखित जवाफ</u>

प्रस्तुत रिटका विषयमा विश्वव्यापी रूपमा महामारीको रूपमा देखिएको कोरोना भाइरस (कोभिड - १९) का कारण सम्पूर्ण कारागारहरूमा यस भाइरसको सङ्क्रमण हुन नदिन उच्च सावधानी अपनाइएको छ। हाल कारागारहरूमा बाहिरी भेटघाट बन्द गरिएको अवस्था छ। अत्यावश्यक अवस्थामा बाहेक सङ्क्रमणलाई मध्यनजर गर्दै कारागार स्थानान्तरण बन्द गरिएको छ। कारागार कार्यालय जगन्नाथदेवलस्थित कारागार अस्पतालमा आइसोलेसनको लागि १५ बेड, कारागार कारखाना परिसरमा रेडक्रसको सहयोगमा १० वटा पालमा २० जना क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ। नख्खुस्थित कारागार परिसरभित्र महिला वार्डमा १०० जनासम्म राख्नका लागि क्वारेन्टाइन कक्ष निर्धारण गरिएको छ। नख्खु कारागार परिसरभित्रकै मनोसामाजिक अस्पतालमा २० जनालाई आइसोलेसनमा राख्न सक्ने स्थान निर्धारण गरिएको छ। सुनसरी, काभ्रेपलाञ्चोकलगायतका कारागारमा क्वारेन्टाइन कक्ष स्थापना भइसकेको छ। मानव अधिकार परिषद् नेपाल र प्रारम्भिक बाल विकास केन्द्रको सौजन्यमा १०९ थान PPE SET, मास्क / पञ्जासमेत उपलब्ध भई आवश्यक कारागारमा वितरण भएको र थप वितरण भइरहेको छ। मिति २०७७।०१।०४ का दिन माननीय महान्यायाधिवक्ताको संयोजकत्वमा भएको

बैठकको निर्णयअनुरूप कैदी बन्दी बाहिरबाट भित्र ल्याउँदा स्वास्थ्योपचारका लागि सबै कारागारहरूलाई निर्देशन दिइसकिएको छ। सर्वोच्च अदालतको २०७६ चैत्र ७ गतेको आदेश / प्रेस विज्ञप्तिअनुरूप २०७७।०१।०४ सम्म कारागारहरूबाट २०७ जना र बाल सुधार गृहबाट २१९ गरी जम्मा ४२६ जना कैदीहरू छुटी गएका छन्। कैदी बन्दीहरूको कैद छुट, माफी मिनाहा तथा कैद कट्टालगायतका कार्य नेपाल सरकारको नीति, वर्तमान कानूनी प्रावधान र मान्यताअनुरूप चलिरहेको र आगामी दिनमा समेत नेपाल सरकारबाट निर्देशन भएबमोजिम यस विभागले समग्र व्यवस्थापन गर्ने नै हुँदा यो महामारी व्यवस्थापन समग्र राज्यकै चुनौती भएको र सम्पूर्ण मुलुक नै बन्दाबन्दीको अवस्थामा रहेको हुँदा यस कारागार व्यवस्थापन विभागलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ।

६. <u>महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट पेस गरेको लिखित जवाफ</u>

महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम अन्य सरकारी वकिलहरूबाट हिरासत तथा कारागारको अनुगमन गरी थुनुवा तथा कैदी बन्दीहरूउपर मानवोचित व्यवहार भए नभएको कुरासमेतका सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट नेपाल सरकारसमक्ष प्रतिवेदनहरू पेस भएको कुरा रिट निवेदनमा उल्लेख गरिएबाट पनि महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालय थुनुवा तथा तथा कैदी बन्दीहरूको संविधान तथा कानून प्रदत्त हकको संरक्षण गर्न सदैव प्रतिवद्ध रहेको कुरा रिट निवेदकहरूले नै स्वीकारेको र असल चाल चलन भएका कैदी बन्दीहरूलाई कानूनबमोजिम कैद छुट तथा माफी मिनाहा दिने विषयका सम्बन्धमा प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारका सम्बन्धित निकायहरूबाट कारबाही हुने विषय भएको र सोअनुसारको कारबाही सम्बन्धित निकायहरूबाट भइरहेको र कोभिड-१९ को महामारीको हालको अवस्थामा हिरासत तथा कारागारभित्र सङ्क्रमण हुन नदिन हिरासत तथा कारागार व्यवस्थापन गर्ने निकायहरूले आवश्यक उपायहरूको अवलम्बन गरिरहेको अवस्थामा निवेदकहरूले रिट निवेदनमा उल्लेख गर्नुभए जस्तो थुनुवा तथा कैदी बन्दीहरूको संविधान तथा कानून प्रदत्त हक अधिकारको हनन् यस कार्यालयको कुनै पनि कार्यबाट नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ।

७. <u>नेपाल सरकार गृह मन्त्रालयको तर्फबाट पेस गरेको लिखित जवाफ</u>

नेपाल सरकार संविधान तथा कानूनको परिपालना गरी गराई नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान गर्न प्रतिवद्ध छ। स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयन भइरहेको छ। कुनै पनि बेला हुनसक्ने स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, उत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनःस्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागू भई सोहीबमोजिम काम कारबाही भइरहेको छ। यो व्यवस्था कारागारमा रहेका कैदी बन्दीहरूका हकमा समेत लागू भएको छ। कोभिड-१९ रोगको रोकथाम र निर्मूल गर्नका लागि मिति २०७६।१२।९ मा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी अत्यावश्यक काममा बाहेक कुनै व्यक्ति घरबाट बाहिर ननिस्कनेलगायतका आदेश नेपाल सरकारबाट जारी भई सोको कार्यान्वयन गर्न सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी कार्यान्वयन गरिएको छ। यस

रोगबाट संक्रमितको पहिचान गरी उपचार गर्न र निज एवं निजको सम्पर्कमा आएकाको समेत कोरोना सङ्क्रमण भए नभएको परीक्षण गरी निजहरूलाई अरू मानिसको सम्पर्कमा नआउने व्यवस्था गरिएको छ। रोगको उपचारमा खटिने स्वास्थ्यकर्मीको लागि आवश्यक पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पिपिई) को व्यवस्थापन गरी यस रोगको रोकथाम र नियन्त्रणका लागि आवश्यक सतर्कताका लागि विभिन्न सञ्चारका माध्यमबाट जनचेतनामूलक सन्देशहरू प्रशारण गर्ने गरिएको छ। कारागारहरूमा समेत बाहिरी व्यक्तिको आउजाउलाई नियन्त्रण गरिएकोले हाल निवेदकले दाबी गरेजस्तो कारागारमा यसको प्रभाव हुने अवस्था रहेको देखिँदैन। रिट निवेदकले माग गरेको संविधानको धारा २७६ मा व्यवस्था भएको राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनबमोजिम माफी मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्थाको कार्यान्वयनको सम्बन्धमा संविधान दिवसलगायतका समयमा निश्चित सर्त पूरा गरेका कैदी बन्दीहरूलाई कैद छुट दिएको, ज्येष्ठ नागरिकलाई उपलब्ध स्रोत साधनबमोजिम सेवा सुविधा उपलब्ध गराइएको, प्रोवेशन प्यारोलका सम्बन्धमा कानूनी पूर्वाधार तयार गर्ने कार्य सम्बन्धित निकायबाट भइरहेको, कैद कट्टा नियमावली, २०७६ लागू भई ५० प्रतिशत कैद भुक्तान गरेका कैदीहरूले कैद छुट पाइरहेका छन्। ज्येष्ठ नागरिकका हकमा सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूमा जारी गरेको आदेश कार्यान्वयन गर्ने प्रयोजनका लागि नकारात्मक सूचीका मुद्दाका कैदीहरूलाई समेत निजहरूको कानूनबमोजिमको कैद छुटको सुविधा दिई कैदबाट छुटकारा दिने प्रक्रिया सुरू गर्न कारागार व्यवस्थापन विभागलाई लेखी पठाएको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण देखिइसकेको नेपाल सरकारबाट उच्च सतर्कताका साथ सोको रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा आवश्यक काम कारबाही भइरहेको र रोगको सङ्क्रमणलाई फैलिन नदिनु र यसको नियन्त्रण र रोकथाम गर्नु नै अहिलेको पहिलो प्राथमिकता भएकोले रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य टोली खटाउने, सुसूचित गर्ने, क्वारेन्टाइनस्थललाई तयारी स्थितिमा राख्ने, आवश्यक स्थानमा क्वारेन्टाइन निर्माण गर्ने, आवश्यक औषधि तथा खाद्य आपूर्तिलाई सहज बनाउनेसहितका निर्णय भई कार्यान्वयन भएको र कारागारहरूमा समेत सोहीबमोजिमको सचेतनाका कार्यहरू भइरहेको र कानूनबमोजिमको सुविधा कैदी बन्दीहरूले पाइरहेको अवस्थामा बिदासमेत गणना गरी कैद कट्टा गरिपाउँ भन्ने मागदाबी सर्वथा अनुचित र असान्दर्भिक देखिँदा रिट निवेदन खारेज गरिपाऊँ।

८. <u>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस गरेको लिखित जवाफ</u>

स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयन भएको, स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, उत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनःस्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागू भई सोहीबमोजिम काम कारबाही भइरहेको, स्वास्थ्यकर्मीको लागि आवश्यक पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पिपिई) को व्यवस्थापन गरिएको छ। यस रोगको रोकथाम र नियन्त्रणका लागि आवश्यक सतर्कताका लागि विभिन्न सञ्चारका माध्यमबाट जनचेतनामूलक सन्देशहरू प्रशारण गर्ने गरिएको छ। कारागारहरूमा समेत बाहिरी व्यक्तिको आउजाउलाई नियन्त्रण गरिएको छ। रिट निवेदकले माग गरेको संविधानको धारा २७६ मा व्यवस्था भएको राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले

गरेको सजायलाई कानूनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्थाको कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारबाट समय समयमा निर्णय भई संविधान दिवसलगायतका समयमा निश्चित सर्त पूरा गरेका कैदी बन्दीहरूलाई कैद छुट दिएको, कारागारको सुधार तथा व्यवस्थापनको सम्बन्धमा पर्याप्त सचेतना अपनाइएको, ज्येष्ठ नागरिकका सम्बन्धमा ऐनले गरेको व्यवस्थाबमोजिम ज्येष्ठ नागरिकलाई उपलब्ध स्रोत साधनबमोजिम सेवा सुविधा उपलब्ध गराइएको छ। प्यारोल र कैद कट्टी तथा बिभिन्न कसुरहरूको नकारात्मक सूचीको खारेजीका सम्बन्धमा के कुन कारणले हो, सोको आधार र कारण निवेदकले खुलाउन सकेको अवस्था छैन। गम्भीर प्रकृतिका कसुरमा कसुरदारले कैद सजाय अनिवार्य भोग्नुपर्ने सिद्धान्तबमोजिम नै विधायिकाले कैद छुटका सम्बन्धमा नकारात्मक सूचीको व्यवस्था गरेको हुन्छ। बिनाआधार र कारण खारेज हुन सक्दैन। बिदासमेत गणना गरी कैद कट्टा गरिपाउँ भन्ने मागदाबी असान्दर्भिक रहेकोले कोरोना भाइरसको सङ्क्रमणको कारणबाट सर्वसाधारणलाई मर्का पर्ने अवस्था आउन नदिन रोगको नियन्त्रण तथा रोकथामको लागि विश्वसनीय ढङ्गबाट सेवा प्रवाह गर्ने, नागरिकहरूमा सचेतना अभिवृद्धि गर्ने, निगरानी र क्वारेन्टाइनको स्थितिलाई सुदृढ तुल्याउने, बिरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गरी कोरोनाको सङ्क्रमणबाट नेपाललाई मुक्त गराउने र जनसाधारणको जीवनलाई सहज बनाउन यथेष्ट प्रयास भइरहेको हुँदा सोही विषय जोडी दायर प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

९. <u>निवेदकहरूको तर्फबाट परेको पूरक निवेदन</u>

कोभिड १९ को सङ्क्रमणबाट कैदी बन्दीहरूलाई सुरक्षित राख्नका लागि विश्व स्वास्थ्य संगठनले तय गरेका र विपक्षी नेपाल सरकारले समेत लागू गरेका सुरक्षात्मक उपायहरू कारागारहरूका हकमा तत्काल लागू हुनुपर्ने आवश्यकता रहेकोमा आजका मितिसम्म पनि विपक्षीहरूबाट कैदी बन्दीहरूलाई कोभिड १९ को जोखिमबाट बचाउनका लागि तथा कैदी बन्दीहरूको अत्यधिक चाप न्यून गर्नेलगायतका सुरक्षात्मक कदमहरू लागू नभएकै अवस्थामा निवेदकहरू रहेको केन्द्रीय कारागारको अस्पतालका दुईजना नर्सहरूमा कोभिड १९ को र्‍यापिड डाइनामिक टेस्ट(आरडीटी) पोजिटिभ भएको समाचार टेलिभिजनबाट समेत सार्वजनिक भइसकेको छ। यसबाट निवेदकलगायतका कैदी बन्दीहरूबिच गम्भीर भय र त्रास सिर्जना भएको र मुलुकका कारागारहरूमध्येमा कारागारको आफ्नै अस्पतालको सुविधाका कारण सबैभन्दा बढी मानसिक बिरामी, दीर्घरोगी र बृद्ध कैदी बन्दीहरूको संख्या यसै कारागारमा रहेको छ। देशभरीका बिरामी कैदी बन्दीहरू उपचारका लागि यसै कारागार अस्पतालमा ल्याउने गरिएको छ। रिट निवेदनमा उल्लेख गरिएअनुसार, कोभिड १९ को सङ्क्रमण फैलने बित्तिकै कारागारका कैदी बन्दीहरूका हकमा यसको प्रभाव अत्यन्तै छिटो र अत्यधिक संख्यामा फैलने खतराका बारेमा समेत प्रस्टसँग उल्लेख गरिएकोमा, यस अदालतको मिति २०७७।१।३ को आदेशले अन्तरिम आदेशको मागदाबीको सम्बोधन नगरिएको कारण मागदाबीबमोजिम तत्काल कुनै ठोस कदम नचालेकोले यसअघि दर्ता गरेको रिट निवेदनको पूरक निवेदनका रूपमा दर्ता रहेको यस निवेदनका आधारमा माथि उल्लिखित मागदाबीको सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम तथा नियम ४९(२)(क) बमोजिम निम्नलिखित प्रयोजन र संकटकालीन कदमहरू चाल्नका निमित्त अन्तरिम आदेश जारी गरिपाउँ भनी परेको मिति २०७७।१।१० को पूरक निवेदनपत्र।

क. केन्द्रीय कारागारलगायतका सबै कारागारहरूमा कोभिड-१९ को सम्भावित सङ्क्रमण रोक्नका लागि

एक ठाउँमा २५ जनाभन्दा बढी कैदी बन्दीहरू नराख्ने तथा निर्धारित शारीरिक दुरीको मापदण्ड कायम गर्ने,

ख. प्रचलित कानूनबमोजिम कैद कट्टा र माफीमिनाहाका सुविधाहरू तत्काल लागू गरी कैदी बन्दीहरूको अत्यधिक चाप कोभिड-१९ विरूद्धका कदमस्वरूप चालिएका मापदण्डहरू अनुकूल हुने गरी न्यून गर्ने,

ग. कोभिड-१९ को सङ्क्रमण रोक्नका लागि प्रचलित कानूनले कैदकट्टा र माफीमिनाहाका लागि निषेध गरेका कसुरहरूका हकमा समेत संविधानको धारा ११४ बमोजिम तत्काल केही गर्नका लागि आवश्यक अध्यादेशमार्फत सबै कैदीहरूका हकमा कैदकट्टा तथा माफी मिनाहाको सुविधा लागू गर्ने,

घ. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद ५ अन्तर्गत उपलब्ध प्यारोल र खुल्ला कारागारलगायतका सबै प्रावधानहरू तत्काल लागू गर्ने।

१०.<u>०७६–FN–०५५४ (०७६–WO–०९३९) मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश</u>

क. कारागारभित्रको भिडभाड कम गरी कैदी थुनुवाहरूको स्वास्थ्यसमेतलाई मध्यनजर राखी निम्न कार्यहरू गर्न सर्वोच्च अदालत नियमावली, २०७४ को ४९ बमोजिम विपक्षीहरूको नाममा यो अन्तरिम आदेश जारी गरिएको छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२,२४,२५,२६,२७,२८,२९,३०,३१ र ४९ को व्यवस्थालाई कार्यान्वयनमा ल्याई कारागारहरूको व्यवस्थित सुधार गर्ने प्रयोजनको लागि सोही ऐनको दफा १(२) बमोजिम नेपाल राजपत्रमा ७ दिनभित्र सूचना प्रकाशित गरी उल्लिखित व्यवस्था कार्यान्वयनको प्रक्रिया प्रारम्भ गर्नू।

ख. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा कारागार नियमावली, २०२० को नियम २९ बमोजिम कैद सजाय छुट हुन सक्ने व्यवस्थाको बिना भेदभाव तत्काल कार्यान्वयन गर्नू।

ग. मिति २०७६।१२।०६ मा महान्यायाधिवक्ता कार्यालयबाट COVID-19 को परिप्रेक्ष्यमा गरिनुपर्ने कार्यको सम्बन्धमा भएको निर्णयको कार्यान्वयको प्रगति १५ दिनभित्र यस अदालतसमक्ष पेस गर्नू।

घ. कारागारहरूमा हुने आवतजावत नियन्त्रणका सम्बन्धमा चालिएका कदमका अलावा, देश भरीका कारागारहरूमा COVID-19 को सङ्क्रमण हुन सक्ने अवस्थालाई न्यूनीकरण गर्न सम्पूर्ण कारागारहरूमा थप जागरण, सरसफाइ (disinfection) लगायतका कार्यहरू गरी त्यसको अवस्था १५ दिनभित्र यस अदालतसमक्ष कारागार व्यवस्थापन विभागमार्फत प्रतिवेदन पेस गर्नू। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र दिई प्रस्तुत निवेदन मिति २०७७।०२।०७ गते बुधबार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।१।१७ को आदेश।

<u>आदेश खण्ड</u>

११. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, प्रा. डा. श्री रजितभक्त प्रधानाङ्ग, श्री रविनारायण खनाल, श्री एकराज भण्डारी तथा अधिवक्ताहरू श्री गोविन्दप्रसाद शर्मा (बन्दी), श्री मनिषकुमार श्रेष्ठ, श्री किर्तीनाथ शर्मा पौडेल, श्री रामेश्वरप्रसाद कोइराला, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण,

श्री अनन्तराज लुइँटेल, श्री शान्तिदेवी खनाल, श्री अमिता गौतम पौडेल, श्री भाइराजा राई, श्री सन्तोष भण्डारी, श्री जनकराज आचार्य, श्री विशालकुमार उपाध्याय, श्री सरोजकृष्ण घिमिरे, श्री नवराज पाण्डे, श्री मुकुन्द अधिकारी, श्री सुजन नेपाल, श्री शैलेन्द्र अम्वेडकर, श्री विरभद्र जोशीले हाल कारागारहरूमा कैदी बन्दीहरूको अत्यधिक चाप रहेको त्यसको न्यूनीकरण गर्नुको कुनै विकल्प नभएको, विश्व स्वास्थ्य संगठनसमेतले यसलाई कारागारमा चाप घटाउने रणनीतिको रूपमा लिएको हुँदा नेपालले पनि अत्यधिक चाप रहेको कारागारमा सोही अनुरूपको रणनीति लिनुपर्ने तथ्यमा जोड दिनुभयो। साथै नेपाल संयुक्त राष्ट्र संघको पक्षधर हुनाले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र नेपालको संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने अधिकार, स्वच्छ वातावरण र स्वास्थ्यको मौलिक हकको संरक्षणका दृष्टिले निवेदकलगायतका कैदी बन्दीहरूले हालको विषम् परिस्थितिमा भोगिरहेको कोरोना भाइरसको महामारीको डर त्रास र सङ्क्रमणको जोखिमताको अवस्थालाई तत्काल सम्बोधन गर्न आवश्यक रहेको विषयमा जोड दिनुभयो। नियमित रूपमा कैदी बन्दीहरूको चाप निरन्तर रूपमा कानूनबमोजिम व्यवस्थापन गरी कम गर्नका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ मा उल्लिखित सुधारात्मक दण्ड प्रणालीसम्बन्धी कानूनी व्यवस्था सोही ऐनको दफा १(२) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ भनी उल्लेख भएकोमा हालसम्म पनि लागू हुन नसकेको र अन्तरिम आदेशले समेत उक्त कानूनी व्यवस्था ७ दिनभित्र कार्यान्वयनमा ल्याउनु भनीएकोमा कार्यान्वयन हुन सकेको छैन। सम्मानित अदालतबाट नेपाल सरकार विरूद्ध सागर भट्टसमेत भएको ०७१-CR-०६५९ को जबरजस्ती करणी मुद्दामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था तयार गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएकोमा हालसम्म कार्यान्वयनमा नआएको, उक्त कानूनी प्रावधानहरू तत्काल लागू गरिएमा कारागारमा कैदी बन्दीहरूको चापलाई निकै कम गर्न सकिने तथा संविधान र कानूनले समेत परिकल्पना गरेको आधुनिक सुधारात्मक प्रणालीलाई लागू गर्न सकिने भनी तर्क गर्नुभयो। यसैगरी नकारात्मक सूची खारेज गर्नका लागि आवश्यक कानूनी व्यवस्था गरी पुरानो कानून बमोजिम दिएको कैद कट्टाको सुविधालाई वर्तमान कानूनमा नकारात्मक सूचीमा राखी उक्त सुबिधाबाट समेत वञ्चित गर्न नमिल्ने हुँदा पुरानो कानूनबमोजिमको कैद कट्टाको सुविधा नयाँ कानून लागू हुनुभन्दा अघिको समयसम्म उपलब्ध गराउनु र जरिवाना तिर्न बुझाउन नसकी कैदमा बसेकाहरूको हकमा समेत जरिवाना माफी मिनाहा गरी, प्रचलित कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) र (२क) तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) र १२ बमोजिम कैदीहरूलाई प्राप्त सुविधाहरू प्रत्येक दिन लगत विवरण कायम गरी विना भेदभाव नियमितरूपमा उपलब्ध गराउने व्यवस्था गर्न, नेपालका हिरासत र कारागारको दुरावस्था तथा कैदी बन्दीहरूको अत्यधिक चाप रहेको भनी सोलाई उचित व्यवस्थापन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसहितको निर्देशनात्मक आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

१२. विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनु भएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले कैदी बन्दीहरूलाई

कानूनबमोजिम कैद छुट पाउने प्रशासनिक विषय भएकोले कैद छुट तथा राष्ट्रपतिबाट माफी मिनाहा दिने विषय फरक फरक विषय हुन्। प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारका सम्बन्धित निकायहरूबाट कारबाही हुने विषय भएको र सोअनुसारको कारबाही सम्बन्धित निकायहरूबाट भइरहेको अवस्थासमेत छ । कोभिड-१९ को महामारीको हालको अवस्थामा हिरासत तथा कारागारभित्र कैदी बन्दीहरूको संख्या आवश्यकताभन्दा बढिरहेको भन्ने कुरा कारागार सुधार व्यवस्थापन समितिको प्रतिवेदनहरूमा समेत उल्लेख भएको देखिन्छ । कारागारभित्र सङ्क्रमण हुन नदिन हिरासत तथा कारागार व्यवस्थापन गर्ने निकायहरू सचेत रही तत् सम्बन्धमा आवश्यक उपायहरूको अवलम्बन गरिरहेको नै देखिन्छ । निवेदकहरूले रिट निवेदनमा उल्लेख गर्नुभएजस्तो थुनुवा तथा कैदी बन्दीहरूको संविधान तथा कानून प्रदत्त हक अधिकारको संरक्षणमा सरकारबाट आवश्यक पहल नभएको होइन आवश्यकताबमोजिमको काम भएको नै पाइन्छ । ज्येष्ठ नागरिकका हकमा सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूमा जारी गरेको आदेश कार्यान्वयन गर्ने प्रयोजनका लागि नकारात्मक सूचीका मुद्दाका कैदीहरूलाई समेत निजहरूको कानूनबमोजिमको कैद छुटको सुविधा दिई कैदबाट छुटकारा दिने प्रक्रिया सुरू गर्न कारागार व्यवस्थापन विभागलाई लेखी पठाएको, कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण देखिइसकेको नेपाल सरकारबाट उच्च सतर्कताका साथ सोको रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा आवश्यक काम कारबाही भइरहेको र रोगको सङ्क्रमणलाई फैलिन नदिनु र यसको नियन्त्रण र रोकथाम गर्नु नै अहिलेको पहिलो प्राथमिकता भएकोले सोको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य टोली खटाउने, सुसूचित गर्ने, क्वारेन्टाइन स्थललाई तयारी स्थितिमा राख्ने, आवश्यक स्थानमा क्वारेन्टाइन निर्माण गर्ने, आवश्यक औषधि तथा खाद्य आपूर्तिलाई सहज बनाउनेसहितका निर्णय भई कार्यान्वयन भएको र कारागारहरूमा समेत सोहीबमोजिमको सचेतनाका कार्यहरू भइरहेको छ। विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिडकै बहाना बनाएर कानूनले परिभाषित नगरेको सुविधा दिई कुनै पनि कारागारबाट भौतिक पूर्वाधारको उचित व्यवस्थापनको अभाव रहेको भनी कैदी बन्दीहरूलाई उन्मुक्ति दिन र निर्देशनात्मक आदेश जारी गर्न मिल्दैन। निवेदकहरूले उठाएको कैदकट्टाको लागि भएका नकारात्मक सूचीहरू हटाउने भन्ने कुरा विधायिकाको बुद्धिमताको विषय भएको हुँदा न्यायपालिकाले हस्तक्षेप गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

१३. मिसिल संलग्न निवेदन, लिखित जवाफहरूसमेतका कागजातहरू अध्ययन गरी तथा निवेदक विद्वान् कानून व्यवसायीहरू तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर समेत सुनी देहायका सवालहरूमा निर्णय दिनु पर्ने देखिन आयोः

(१) *सङ्क्रमणको जोखिमता घटाउन शारीरिक दुरी कायम राखी व्यक्तिगत सुरक्षाका अन्य उपायहरू अवलम्बन गर्नुपर्नेमा कोभिड-१९ को महामारीको समयमा समेत क्षमता भन्दा बाहिरको कारागारमा सामाजिक दुरी कायम गर्न नसकेको, विश्व स्वास्थ्य संगठन र नेपाल सरकार आफैले तोकेको मापदण्डबमोजिम २५ जनाभन्दा बढी व्यक्ति एकै ठाउँमा भेला नहुने आदेशको पालना गर्न नसकेको, सुरक्षित भई बस्नको लागि मास्क, साबुन पानी, स्यानिटाइजरको प्रयोग गर्नुपर्नेमा सो हुन नसकेको अवस्थामा सामाजिक दुरी कायम गर्न र सुरक्षित हुन परमादेश जारी गर्नुपर्ने हो वा होइन ? यसै सन्दर्भमा महान्यायाधिवक्ता कार्यालयको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन तत्काल कार्यान्वयन गर्न*

गराउन कुनै आदेश जारी गर्नुपर्ने हो वा होइन ?

(२) कारागारमा बढेको कैदी बन्दीको चाप कम गर्नका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ मा भएको सुधारात्मक दण्डप्रणालीको व्यवस्था, ऐ. ऐनको दफा १(२) तथा दफा ३४ र दफा ३७ को व्यवस्था कार्यान्वयन गरेमा कारागारको चाप घट्ने र महामारीको जोखिमता घट्ने हुँदा निवेदकको मागबमोजिम तत्काल उक्त ऐनको माथि उल्लिखित दफाहरू कार्यान्वयन गर्नका लागि परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

(३) कारागार नियमावली, २०२० को नियम २९(१), (२क) तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा २क. र १२ बमोजिम कैदीहरूलाई प्राप्त सुविधाहरू दैनिक लगत कायम गरी नियमित रूपमा सुविधा उपलब्ध गराउनु भनी परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

(४) प्रचलित कानूनबमोजिम नकारात्मक सूचीमा रहेका कसुर र कसुरदारको हकमा कैदकट्टा र माफी मिनाहाको सुविधाहरू संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपतिबाट माफी मिनाहा घोषणा गर्ने व्यवस्थाका लागि आदेश जारी गर्नुपर्ने हो वा होइन ? माफी मिनाहाका लागि नकारात्मक सूचीमा रहेका कसुरलाई सूचीबाट हटाउनको लागि नेपालको संविधानको धारा ११४ बमोजिम आवश्यक अध्यादेशलगायतका कानूनी व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?

(५) जोखिमतालाई मध्यनजर राखी सार्वजनिक बिदाको गणना गरी कैद कट्टी गर्ने व्यवस्था गर्न, कैद वा जरिवाना तोकेका कैदीहरूको हकमा कैद भुक्तान भइसकेको वा कैद कट्टा तथा माफी मिनाहाका लागि योग्य भएका जरिवाना तिर्न बुझाउन असमर्थ भएका कारण कैदमा बस्नु परेका कैदीहरूको हकमा समेत जरिवाना माफी मिनाहाका लागि तथा पुर्पक्षको निमित्त थुनामा रहेका सम्पूर्ण बन्दीहरूलाई तारिख वा हाजिर जमानीमा छाड्न कुनै आदेश जारी गर्नुपर्ने हो वा होइन ?

१४. प्रस्तुत निवेदनमा उठाइएका विषयवस्तु वर्तमान अवस्थामा विश्वभरी नै फैलिरहेको कोभिड-१९ का कारणले स्वतन्त्रता बन्धकमा रहेका वर्गहरूलाई पारेको असर र मुख्यतः कारागार/ सुधारगृहमा बन्दी/थुनुवा जीवन बिताइरहेका बालबालिका, महिला, पुरूष र ज्येष्ठ नागरिक सङ्क्रमणको उच्च जोखिममा रहेको हुँदा सङ्क्रमणको रोकथाम, स्वास्थ्य सेवाको समान पहुँचको सुनिश्चितता गराउन क्षमताभन्दा बाहिर अत्यन्त भिडभाड (Over crowded) हुने कारागारहरूमा शारीरिक दुरी कायम गरी सुरक्षाका उपायहरूसमेत अपनाई जोखिमता घटाउन संविधान, ऐन र नियमबमोजिमको सुविधाहरूको सुनिश्चितता गर्ने गराउने विषयसंग जोडिएको देखिन्छ । निवेदन मागमा प्रवेश गर्नुअघि कारागारको स्थिति तथा त्यसबाट सिर्जित उच्च जोखिमताको तथ्यहरू विश्लेषण गर्न मनासिब हुनेछ ।

क. कोभिड-१९ को जोखिमता आज प्रत्येक व्यक्तिमा रहे तापनि केही वर्गहरू उच्च जोखिमतामा रहेका छन् । विशेषगरी स्वतन्त्रता बन्धकमा (Persons deprived with their liberty) रहेको र सीमित अवस्था (Confined condition) मा बस्न बाध्य कैदी बन्दीहरू सङ्क्रमणको उच्च खतरामा हुने हुन्छन् । कारागारमा रहेका कैदी बन्दीहरूमा रोगको बोझ, अन्य व्यक्तिहरूभन्दा खराब स्वास्थ्य अवस्था हुने गरेको र प्रायः तनाव, कम पोषण, सरसफाइको कमी, कमजोर रोग प्रतिरोधात्मक क्षमता (Weak Immune System) जस्ता कारक तत्त्वहरूले गर्दा निजहरूको स्वास्थ्य स्थिति अत्यन्त

जोखिमतामा रहेको र कैदी बन्दीमध्ये पनि ज्येष्ठ नागरिक कैदी बन्दीहरू उमेरको कारण कोभिड-१९ सङ्क्रमणको थप जोखिमतामा रहेका छन्। विश्वमा ११ लाखभन्दा बढी थुनुवा र कैदी रहेका छन् जसमध्ये बहुसंख्यक कैदी बन्दी क्षमताबाहिरका भिडभाडपूर्ण कारागारमा अत्यन्त नाजुक सरसफाइको स्थितिमा, स्वास्थ्यको हेरचाहको पर्याप्त पहुँचबिना, कोभिड-१९ को सङ्क्रमणको महामारीमा पर्याप्त सुरक्षाका उपायविना बस्न बाध्य छन्। यसले गर्दा ती थुनुवा कैदीहरू वास्तविक र तत्काल जोखिमता (Real and Present Risk) मा रहेका छन्। कोभिड-१९ को उपचारको निमित्त औषधि तथा खोप पत्ता लगाउन कैयौं प्रयास भइरहेको भए तापनि हालसम्म अध्ययन अनुसन्धानमा नै सीमित रहेको देखिन्छ। यस महामारीबाट बच्ने एक मात्र भरपर्दो उपाय शारीरिक दुरी (Physical Distance) कायम गर्नु रहेको छ। सामाजिक दुरी भनेको अन्य व्यक्तिहरूबाट कम्तीमा ६ फिट टाढा रहनु, समूहमा नरहनु र भीडबाट टाढा रहनु हो[15] जुन हालको कारागारमा सम्भव छैन। परिणामत: कारागार/ सुधार गृहमा व्यापक महामारी फैलावटले मृत्युदरमा कैदी बन्दीहरूको हकमा असमानुपातिक असर पर्न सक्दछ। यसबाट थुनुवा / कैदीको जीवन मात्र उच्च खतरामा नरही कारागार प्रशासन, कर्मचारी, सुरक्षाकर्मी तथा त्यहाँ आवत जावत गर्ने परिवारको जीवन पनि खतरामा रहन्छ।

ख. कोरोना महामारीको जोखिमता घटाउन फरक देशमा फरक रणनीतिहरू लिएको देखिन्छ। केही देशहरूले त बन्दीहरूलाई छोडेको वा सजाय स्थगन गरेको देखिन्छ। भारतको सर्वोच्च अदालतले २०२० मार्च २३ मा जारी गरेको स्वस्फूर्त (Suo Moto) आदेशमा कारागारमा कैदी बन्दीबिच अधिकतम सामाजिक शारीरिक दुरीको सुनिश्चितता गर्न आवश्यक रहेको " It is necessary that prisons must ensure maximum possible distancing among the prisoners including under trials" भनी उल्लेख गर्दै भारतका राज्य र प्रान्त सरकारहरूलाई कोरोना भाइरस महामारीको अवस्थामा ७ वर्षसम्मको कैदको सजाय पाएको कैदीहरूलाई रिहा गर्ने उच्चस्तरीय कमिटी खडा गरी आवश्यक निर्णय गर्न निर्देशनसमेत दिएको र सोही कमिटीले अपराधको प्रकृति, गम्भीरता, कैद अवधिलगायतका आधारमा कैदमुक्त गर्न सकिने कैदी बन्दीहरूको वर्ग निर्धारण गर्नु "We direct that each State/Union Territory shall constitute a High Powered Committee … to determine which class of prisoners can be released on Parole or an interim bail for such period as may be thought appropriate…We leave it upon the High Powered Committee to determine the category of prisoners who should be released as aforesaid, depending upon the nature of offence, the number of years to which he or she has been sentenced or the severity of the offence which he/she is charged with and is facing trial or any other relevant factor, which the committee may consider appropriate." भनी आदेश दिएको छ। सोही निर्देशनअनुरूप भारतका विभिन्न राज्यहरूले कैदीहरूलाई कारागारमुक्त गर्ने प्रक्रिया सुरू गरेको छ जसअन्तर्गत भारतको राजधानी नयाँ दिल्लीमा रहेको तिहार कारागारबाट ३००० जना कैदीहरूलाई कारागारमुक्त गरिसकेको

15 Centre For Disease Control and Prevention, Available at https://www.cdc.gov/coronavirus/2019-ncov/prevent-getting-sick/social-distancing.html

छ । त्यसैगरी बेलायत र वेल्समा करिब ४००० कैदीहरू अस्थायी रूपमा रिहा हुने प्रक्रियामा छन् र बेलायतको न्याय मन्त्रालयले अप्रिल ४ मा कम जोखिमयुक्त अपराधीहरू (Low-risk Offenders) लाई इलेक्ट्रोनिक ट्यागको प्रयोगबाट निगरानीमा राखी कारागार मुक्त गरिने भनी घोषणा गरेको छ । त्यस्तै इन्डोनेसिया, ईरान, म्यानमार, अफगानिस्तान, मोरक्कोलगायतका देशहरूले पनि कैदीहरूलाई अस्थायी तथा स्थायी रूपमा कैद र थुनामुक्त गरेको र गर्ने तरखरमा रहेको उदाहरणहरू पाइन्छन् ।

ग. नेपालको सन्दर्भमा हेर्दा, कारागार व्यवस्थापन विभागको पत्र संख्या २०७७/०७८ चलानी नं. २८७ मा प्रस्तुत विवरणका अनुसार १६५०० पुरूष र १५०० महिला गरी जम्मा १८००० कैदी बन्दीको क्षमता संख्या रहेकोमा हाल जम्मा कैदी बन्दीको संख्या २२७३२ पुरूष र १४३१ महिला गरी कुल संख्या २४१६३ रहेको देखिन्छ । यसरी क्षमताभन्दा बढी कैदी बन्दी नेपालको कारागारमा रहेको देखिन्छ । त्यसैगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत बाल संरक्षण तथा विकास शाखाको पत्र संख्या २०७७/०७८ चलानी नं. ३८ मा प्रस्तुत विवरणका अनुसार बाल सुधार गृहको कुल क्षमता ४९५ रहेकोमा हाल सुधारगृहमा रहेका बालबालिकाको जम्मा संख्या ६५९ रहेको देखिन्छ । कोभिड-१९ को महामारीका सन्दर्भमा नेपाल सरकारको आदेशअनुसार भएको बन्दाबन्दी (Lockdown) को अवधिमा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा शंकित व्यक्तिलाई हिरासतमा राख्ने, म्याद थप गर्ने र अभियोग पत्र दायर गर्नेसमेतका कामकारबाहीको व्यवस्थापन गर्ने विषयमा महान्यायाधिवक्ताको अध्यक्षतामा मिति २०७६।१२।६ मा बसेको बैठकले बाल सुधार गृहमा रहेका बालबालिकाहरूलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम बालबालिकालाई भएको सजाय स्थगन गर्ने व्यवस्था र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापत रकम बुझाउने व्यवस्थाको कार्यान्वयनलाई अभ्यास गर्नु भनी निर्णय गरेको देखिन्छ । त्यसैगरी कोभिड-१९ महामारीको अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनुपर्ने सावधानीका सम्बन्धमा मिति २०७६/१२/७ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम १ वर्षसम्मको कैदबापत रकम लिई कैदबाट छोडी पाउन निवेदन परेमा उपयुक्त देखिए न्यायाधीशको इजलासबाट आवश्यक आदेश गरी छाड्ने व्यवस्था गर्नु तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा उपयुक्त देखिएका त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने भनी निर्णय गरेको देखिन्छ । सोही निर्णयबमोजिम पर्न आएको निवेदनमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गतको निवेदन र बन्दीप्रत्यक्षीकरणको निवेदनबाट सर्वोच्च अदालत, उच्च अदालतहरू र जिल्ला अदालतहरूका आदेशबाट कारागारबाट २१९ जना कैदी र बाल सुधार गृहबाट ३४८ जना बालबालिकाहरू छुटी गएको कारागार व्यवस्थापन विभाग तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बाल संरक्षण तथा विकास शाखाको तथ्याङ्कबाट देखिन्छ ।

घ. तर नेपालको कारागार अत्यन्त जीर्ण अवस्थामा रहेको र कारागारको Sanitary Condition पनि अत्यन्त नाजुक अवस्थामा रहेको छ। कोभिड-१९ को महामारीबाट सुरक्षित उपायको रूपमा प्रयोग गर्नुपर्ने साबुन पानी, स्यानिटाइजर, पन्जा, मास्क, डिसइन्फेक्सन आदिको समेत सीमित उपलब्धता रहेको देखिन्छ । बिरामी र संक्रमित भएमा पनि स्वास्थ्यको पहुँच अत्यन्त कठिनपूर्ण अवस्थामा रहेको छ। यसले पनि सङ्क्रमणको रोकथाममा कठिनाइ ल्याएको छ। सङ्क्रमण भएमा उपचारको पहुँचको हकमा पनि प्रभाव पारिरहेको छ । प्रस्तुत रिट निवेदनमा कारागार व्यवस्थापनले दिएको लिखित जवाफमा कारागार कार्यालय जगन्नाथदेवलस्थित कारागार अस्पतालमा आइसोलेसनको लागि १५ वेड, कारागार कारखाना परिसरमा रेडक्रसको सहयोगमा १० वटा पालमा २० जनालाई क्वारेन्टाइनमा राख्न सकिने व्यवस्था मिलाइएको छ । नख्खुस्थित कारागार परिसरभित्र महिला वार्डमा १०० जनासम्म राख्नको लागि क्वारेन्टाइन कक्ष निर्धारण गरिएको छ । नख्खु कारागार परिसरभित्रकै मनोसामाजिक अस्पतालमा २० जनालाई आइसोलेसनमा राख्न सक्ने स्थान निर्धारण गरिएको भनिएको छ । हालसम्म विभिन्न कारागारमा रहेका २४१६३ कैदीमध्ये ५९६ जनाको PCR परीक्षण गरिएकोमा ११८ जना पोजेटिभ रहेको, ११८ जना सङ्क्रमणमुक्त रहेको, ६५ जना उपचारार्थ रहेको र १ को मृत्युसमेत भएको अवस्था छ । कोभिड-१९ को सङ्क्रमण बढिरहेको अहिलेको अवस्थामा हाल गरिएको प्रयासको व्यवस्थापन पर्याप्त नभएको साथै सबै कारागारमा स्वास्थ्य उपचारको सहज पहुँच नभएको र स्वास्थ्यकर्मीको दरबन्दीसमेत पूर्ति नभएको भन्ने *महान्यायाधिवक्ता कार्यालयबाट गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७* बाट देखिन्छ।

१५. यसरी माथि उल्लिखित कारागारको क्षमता, सङ्क्रमणको अवस्था र स्वास्थ्यको पूर्वाधारको र सुरक्षित हुने उपाय र शारीरिक दुरी कायम गर्न सक्ने कमजोर अवस्थाले कारागारमा महामारीको थप जोखिमता र भयावहताको स्थिति देखिएको छ। साथै स्वास्थ्य उपचारको अपर्याप्तता तथा अन्य नागरिकभन्दा कैदी बन्दीको दयनीय स्वास्थ्य अवस्था रहेको अवस्थामा सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारको निमित्त राज्यको के कस्तो दायित्व रहेको छ भन्ने विषयमा चर्चा गर्न आवश्यक देखिन्छ।

क. नेपाल अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी घोषणा पत्र (Universal Declaration on Human Rights –UDHR) ले प्रदान गरेको मानव अधिकारको सम्मान संरक्षण र परिपूर्तिमा प्रतिवद्ध रहेको छ। नेपाल International Covenant on Economic, Social and Cultural Rights, १९६६ (ICESCR) को पनि पक्षधर रहेको छ। ICESCR को General Comment No. १४ को The Right to the Highest Attainable Standard of Health" ले States are under the obligation to respect the right to health by, inter alia, refraining from denying or limiting equal access for all persons, including prisoners or detainees, minorities, asylum-seekers and illegal immigrants, to preventive, curative and palliative health services" अर्थात् राज्यले नागरिकको स्वास्थ्यको अधिकारलाई सम्मान गरी कैदी वा थुनामा राखिएका व्यक्तिहरू, अल्पसंख्यक, शरणार्थी र गैरकानूनी आप्रवासीलगायत कुनै पनि व्यक्तिको रोकथाममूलक र उपचारात्मक स्वास्थ्य सेवाहरूको समान पहुँचलाई रोक्न वा

सीमित गर्न हुँदैन भनी हरेक नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान गर्नु राज्यको दायित्व हुने स्वीकारेको छ। International Covenant on Civil and Political Rights, 1966 (ICCPR) ले स्पष्ट रूपमा स्वास्थ्यसम्बन्धी हकको उल्लेख नगरे पनि UN Human Rights Committee ले ICCPR को धारा ६ प्रदत्त बाँच्न पाउने हक, धारा ७ प्रदत्त यातना विरूद्धको हक र धारा १० प्रदत्त कैदीहरूलाई मानवीय व्यवहारको हकअन्तर्गत स्वास्थ्यको हक पनि पर्ने हुँदा "adequate or appropriate and timely medical care must be provided to all detainees" अर्थात् पर्याप्त र उपयुक्त समयमा स्वास्थ्य सेवा प्रत्येक थुनुवामा पुग्नु पर्ने व्याख्या गरेको छ। International Covenant on Civil and Political Right, १९६६ (ICCPR) को धारा ६ मा "No one shall be arbitrarily deprived of his life" अर्थात् कसैको पनि स्वेच्छाचारी तरिकाले जीवन लिन नपाउने हकको सुनिश्चितता गरिएको छ।

ICCPR को General Comment No. 21 on Article 10 (Humane Treatment of Persons deprived of their liberty) ले "Article 10, paragraph 1 imposes on States parties a positive obligation towards persons who are particularly vulnerable because of their status as persons deprived of liberty, and complements for them the ban on torture or other cruel, inhuman or degrading treatment or punishment contained in article 7 of the Covenant…[and] neither may they be subjected to any hardship or constraint other than that resulting from the deprivation of liberty; respect for the dignity of such persons must be guaranteed under the same conditions as for that of free persons. Persons deprived of their liberty enjoy all the rights set forth in the Covenant, subject to the restrictions that are unavoidable in a closed environment" भनेर कैदीहरूले सीमित क्षेत्रमा बस्दा पाउन नसक्ने केही अधिकारबाहेक अन्य सम्पूर्ण अधिकारको सुनिश्चितता राज्यले गर्नुपर्ने हुन्छ भनी व्याख्या गरेको छ। यही कुरालाई Basic Principles for the Treatment of Prisoners, 1990 को Principle 5 मा पनि "Except for those limitations that are demonstrably necessitated by the fact of incarceration, all prisoners shall retain all the human rights" अर्थात् कारागारभित्र बन्धक रहेका कारणबाट कैदी बन्दीहरूले स्वाभाविक रूपमा उपभोग गर्न नसकिने वा नमिल्ने मानव अधिकारबाहेक अन्य सबै मानव अधिकारहरू कैदी बन्दीले उपभोग गर्न पाउने हुन्छ भनिएको छ। Committee against Torture ले पनि "Failure to provide adequate medical care can violate the convention against torture prohibition of cruel, inhuman or degrading treatment भनी व्याख्या गरेको छ।

ख. त्यसैगरी UN Standard Minimum Rules for the Treatment of Prisoners (Nelson Mandela Rules), 2015 को नियम २४ ले "The provision of health care for prisoners is a State responsibility. Prisoners should enjoy the same standards of health care that are available in the community, and should have access to necessary

health-care services free of charge without discrimination on the grounds of their legal status" अर्थात् राज्यले कैदीहरूको कानूनी अवस्था जे जस्तो भए पनि अन्य नागरिकको सरह नै स्वास्थ्यसम्बन्धी हकको सुरक्षा गर्नुपर्छ भनेको छ जसलाई महिला कैदी बन्दीको हकमा United Nations Rules for the Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders (the Bangkok Rules), 2010, UN Principles of Medical Ethics, 1982, UN Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment, 1988 तथा बालबालिकाको हकमा UN Rules for the Protection of Juveniles Deprived of their Liberty, 1990 ले पनि आत्मसात् गरेको छ । समाजमा सामान्य जीवनयापन गरी रहेका व्यक्तिहरूले आवश्यक स्वास्थ्योपचारका सेवाहरू प्राप्त गरेजस्तै कैदी बन्दीहरूले पनि कुनै विभेद र सीमा विना ती स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार राख्दछन् । केवल कारागारमा सीमित रहेकै कारणबाट कैदी बन्दीहरूलाई स्वास्थ्यसम्बन्धी अधिकारबाट वञ्चित गराउन मिल्दैन । त्यस्तै Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment, 1988 मा पनि कैद वा थुनामा रहेका व्यक्तिहरूको अन्य व्यक्तिसरह नै सम्मानपूर्वक बाँच्न पाउने हक हुनेबारे उल्लेख गर्दै “All persons under any form of detention or imprisonment shall be treated in a humane manner and with respect for the inherent dignity of the human person” भनिएको छ । Human Rights Committee ले Lantsova v. Russian Federation[16] को मुद्दामा "The State party by arresting and detaining individuals takes the responsibility to care for their life…it is incumbent on States to ensure the right of life of detainees, and not incumbent on the latter to request protection" अर्थात् राज्यको सक्रिय रूपमा कैदी बन्दीलाई पर्याप्त चिकित्सा सेवा प्रदान गर्ने दायित्व हुन्छ भन्ने कुरालाई स्वीकारेको छ । Fabrikant v. Canada[17] को मुद्दामा Human Rights Comminitee कैदीहरूको स्वास्थ्यको सुरक्षा गर्नु राज्यको दायित्व हुने "the State remains responsible for the life and well-being of its detainees" भनी व्याख्या गरेको पाइन्छ ।

ग. UNODC, WHO, UNAIDS and OHCHR Joint Statement on COVID-19 in Prisons and Other Closed Settings 13 may 2020 मा "Overcrowding constitutes an insurmountable obstacle for preventing, preparing for or responding to COVID-19" भनी कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी रहनाले कोभिड-१९ महामारीका रोकथामका उपायहरू अपनाउन बाधा खडा गरेको भनी उल्लेख गरिएको छ । सोही संयुक्त वक्तव्यमा राष्ट्रहरूलाई Non-Custodial Measures र Release Mechanisms अपनाउन आह्वान गरिएको छ । साथै United Nations Standard Minimum Rules for Non-custodial Measures (The Tokyo Rules) ले पनि कैद बाहेकका अन्य सजायका विकल्पहरूको प्रयोगलाई प्रोत्साहन गर्ने साथै कारावासमा

16 (26 March 2002) UN Doc CCPR/C/74/763/1997 para 9.2.

17 Communication No. 970/2001, U.N. Doc. CCPR/C/79/D/790/2001 (2003),

नहेरी वैकल्पिक सजाय भोगिरहेका कसुरदारहरूलाई पनि न्यूनतम संरक्षण प्रदान गर्नुपर्ने आधारभूत सिद्धान्तलाई अवलम्बन गरेको छ।

घ. नेपालले मृत्युदण्ड उन्मूलन गर्न Second Optional Protocol to the International Covenant on Civil and Political Rights, Aiming at the Abolition of the Death Penalty, 1991 को पक्षधर रहेको र यस आलेखको धारा १(२) मा "Each State Party shall take all necessary measures to abolish the death penalty within its jurisdiction." भनी उल्लेख गरिएको छ जसअनुसार पक्षधर राष्ट्रहरूले मृत्युदण्डलाई उन्मूलन गर्नुपर्ने सम्पूर्ण उपायहरू लिनेछ भन्ने व्यवस्था गरेको छ। उक्त आलेखको पक्षधर भएको कारण नेपालको संविधानको धारा १६ (२) मा "कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन" भन्ने व्यवस्था गरेको पाइन्छ। यसरी नेपालले मृत्युदण्ड उन्मूलन गरिसकेको अवस्था छ। त्यसैगरी कारागारभित्रै पनि सुरक्षित तथा स्वस्थ जीवनयापन गर्न सक्ने वातावरणको व्यवस्था मिलाउने दायित्व पनि राज्यको रहेको देखिन्छ। त्यसले गर्दा कसैलाई मर्ने अवस्थामा पुऱ्याउन नहुने र जीवन संरक्षण गर्न पर्ने दायित्वसमेत राज्यमा रहेको देखिन्छ। कसुरदार सजाय भोग्न कारागारमा बस्नुको अर्थ उसलाई कठिनभन्दा कठिन सजाय भोग्न तयार होउ भनेको होइन। कुनै पनि अपराधको सम्बन्धमा अभियोग लागि राज्यले आफ्नो कब्जामा, नियन्त्रणमा वा हिरासतमा राखेका व्यक्तिलाई वा सुधार गृहमा राखेको बालबालिकालाई दिइएको कैद सजाय निजको स्वतन्त्रतापूर्वक, आवत जावत, हिँड्डुल गर्न पाउने अधिकारलाई मात्र निश्चित समयावधिको लागि बन्देज लगाइने हो सो अवधिमा निजलाई मर्यादित, सम्मानपूर्वक स्वस्थ तरिकाबाट जीवन बाँच्न पाउने अधिकारबाट वञ्चित गरिएको होइन।

ङ. नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी सुनिश्चितता गरेको छ। संविधानको धारा १८(१) ले "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन" भनी व्यवस्था गरेको छ। संविधानको धारा १८(२) ले "सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था गरेको पाइन्छ। साथै संविधानको धारा १८(३) मा राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन" भनी व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा "सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था गरेको पाइन्छ। साथै नेपालको संविधानको धारा ३५(१) ले "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई

पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भनी व्यवस्था गरेको छ भने धारा ३५ (२) ले "प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ", धारा ३५(३) ले "प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ" र धारा ३५(४) ले "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी स्वास्थ्यसम्बन्धी अधिकारको सुनिश्चितता मौलिक हकको रूपमा गरेको छ । यसरी नेपालको संविधानले व्यवस्था गरेको विना विभेद, समानताका साथ सम्मानपूर्ण तरिकाले बाँच्न पाउने हक, आधारभूत स्वास्थ्यमा समान पहुँच तथा स्वस्थ खानेपानी तथा सरसफाइमा समेत समान पहुँचको हकको व्यवस्था गरेको छ जुन अधिकारहरू कैदी बन्दीको हकमा समेत विना भेदभाग उपलब्ध गराउनुपर्ने देखिन्छ ।

च. अब नेपालमा प्रचलित कानूनमा के कस्तो व्यवस्था गरिएको छ भन्ने विषयमा चर्चा गर्नुपर्ने देखिन्छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न बनाइएको र ऐ. ऐनको दफा २(क)मा आकस्मिक स्वास्थ्य सेवाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न तत्काल सेवा दिने विषय पनि पर्दछ । यस्तो उपचार विना भेदभाव समान व्यवहार गर्नुपर्ने व्यवस्था ऐ. ऐनको दफा १२ ले गरेको छ । स्वास्थ्य संस्थाले रोग लागेको बिरामीको उपचारको लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था ऐ. ऐनको दफा ४९(६) ले गरेको छ । यसैगरी संक्रामक रोग ऐन, २०२० संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रूप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्ने उद्देश्यले ल्याएको देखिन्छ । उक्त ऐनको दफा २ ले विशेष व्यवस्था गर्ने अधिकारअन्तर्गत नेपाल सरकारले कुनै व्यक्तिहरूको समूहउपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । हाल उक्त दफाकै प्रयोग गरी नेपाल सरकारले कोभिड-१९ को महामारी रोकथाम र नियन्त्रणमा विभिन्न समयमा विभिन्न आदेशहरू जारी गरिरहेको देखिन्छ ।

छ. कारागार ऐन, २०१९ को दफा ६ को उपदफा (१) को देहाय (ङ) मा रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा राख्नुपर्ने र ऐ.ऐनको दफा ६(२) मा फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकताअनुसार एक्लै भिन्दै कोठामा राख्न सकिने व्यवस्था रहेको छ । ऐ. ऐनको दफा ११(१) मा "मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारी चिकित्सकद्वारा उपचार गराउनुपर्छ" भनी व्यवस्था गरिएको छ । ऐ. ऐन को दफा १२ मा "कुनै थुनुवा वा कैदी महिला गर्भवती रहिछ भने जन्मकैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमाराबाहेक अरूको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भइसकेकोमा बाहेक फेरी कारागारभित्र राखिने" व्यवस्था गरिएको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले सुधारात्मक दण्ड प्रणालीको व्यवस्था गर्नुका साथै कारागार नियमावली, २०२० को नियम १६ख. ले नेपाल सरकारले आवश्यकताअनुसार खुल्ला कारागारको व्यवस्था गर्नुपर्ने, नियम १६ग. ले सामुदायिक सेवा र खुल्ला कारागारको सञ्चालन तथा व्यवस्थापन गर्ने, सामुदायिक सेवा तथा खुल्ला कारागार व्यवस्थापन गर्ने, नियम १६घ. ले

कसुरदार तथा खुल्ला कारागारमा बस्ने कैदीको चालचलन र काम, कारबाहीको अनुगमन र निरीक्षण गर्नका लागि गृह मन्त्रालयले सामुदायिक सेवा अधिकृत र खुल्ला कारागार अधिकृत तोक्न सक्ने, बालबालिकाको हकमा नियम १६ङ. ले बाल सुधार गृहमा पठाइएका बालबालिकाको उमेर १६ वर्ष पुगेको भए तापनि सम्बन्धित बाल सुधार गृहले निजको चालचलनमा सुधार आएको र निजलाई थप अवधिसम्म बाल सुधार गृहमा राख्न उपयुक्त छ भनी सिफारिस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बाल सुधार गृहमा बस्ने अवधि बढाउन सक्ने र नियम २९ ले असल चालचलन भएका कैदीको बढीमा ६० प्रतिशतसम्म र ६५ वर्ष उमेर पुगेका कैदीको हकमा ७५ प्रतिशतसम्म कैदको सजाय छोट्याउन सक्ने भनी व्यवस्था गरेको पाइन्छ। प्रहरी ऐन, २०१२ को दफा १५(१)(ज) मा पक्राउ भएका वा थुनामा रहेका व्यक्ति बिरामी भएमा आवश्यक मद्दत लिई चाहिने कारबाही तुरून्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लैजाँदा निजको स्वास्थ्यको उचित ख्याल राख्नुपर्ने भनी व्यवस्था गरेको पाइन्छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐन,२०५३ को दफा ३(१) मा थुनामा रहेका व्यक्तिलाई कुनै पनि किसिमको यातना दिन नहुने तथा दफा ३(२) मा कुनै व्यक्तिलाई थुनामा राख्दा र छोड्दा शारीरिक स्थितिको जाँच गराई राख्नुपर्ने भनी व्यवस्था गरेको पाइन्छ।

ज. त्यसैगरी निवेदक *जङ्गबहादुर सिंह समेत विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* (ने.का.प. २०६३, अंक ३, नि.नं ८६३१, पृष्ठ ९८६) भएको मुद्दामा "कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वतः स्थगन वा निलम्बित हुन्छ भन्ने होइन। कैद ठेकिएको व्यक्तिको हिँड्डुल र आवतजावत गर्ने स्वतन्त्रताबाहेक अरू स्वतन्त्रता अपहरण हुन नसक्ने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको छ।

झ. यसरी माथि उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा दस्तावेजहरूलाई विश्लेषण गर्दा कुनै व्यक्तिलाई गिरफ्तार गरी बन्दी बनाइएपछि वा सजायस्वरूप कारागारमा राखिएपछि ती व्यक्तिहरूको जीवन र स्वास्थ्यको हेरचाहको जिम्मेवारी राज्य पक्षमा रहन्छ। स्वास्थ्य उपचारको हक, जीवनको हक, व्यक्तिका अहरणीय मानव अधिकार हुन्। स्वास्थ्यको हकभित्र औषधि उपचार, शारीरिक, मानसिक स्वास्थ्यको स्वस्थता (Well beingness) को विषय पनि पर्दछ। कैदी बन्दीहरूले कुन औषधि उपचार गर्ने, निश्चित औषधि छान्ने अधिकार नरहे तापनि चिकित्सकबाट पेसागत मापदण्डबमोजिम उपयुक्त उपचारको सुनिश्चितता गराउनुपर्ने तथा जीवनको रक्षा तथा स्वास्थ्य उपचारको पहुँच विना भेदभाव, गोपनीयताको रक्षासहित गराउनुपर्ने कर्तव्य राज्यमा रहेको देखिन्छ। यसमध्ये पनि अत्यन्त जोखिममा रहेका दीर्घकालीन रोग भएका, महिला, ज्येष्ठ नागरिक तथा गर्भवती महिलाको संरक्षणको लागि विशेष उपायको अवलम्बन गर्ने दायित्वसमेत राज्यमा रहेको देखिन्छ।

ञ. कोभिड-१९ महामारी फैलिने क्रम बढ्दो अवस्थामा रहेको छ र कोभिड-१९ महामारीको हालसम्म कुनै उपचार पत्ता लागिसकेको अवस्था छैन। यस महामारीलाई रोक्ने कुनै भ्याक्सिन, कुनै ज्ञात उपचार वा एन्टि-भाइरल उपचार छैन। तसर्थ थुनुवा कैदीको हकमा समेत यस महामारीबाट बच्न अपनाउन सकिने एकमात्र महत्त्वपूर्ण रणनीति शारीरिक दुरी (Physical Distancing) र सुरक्षित उपायसहित रोकथामको उपाय अवलम्बन गर्नुपर्ने र वैकल्पिक सुधारको दण्ड प्रणालीसमेत प्रयोग गर्नुपर्ने अवस्था

रहेको देखिन्छ। सामान्य अवस्थामा पनि कारागारमा भिडभाड (overcrowding) गरी कैदीहरूलाई कारागारभित्र कठिन हिसाबले रहन बस्न बाध्य गर्नु कैदीहरूको मानव अधिकारको साथै संवैधानिक अधिकार र कानूनी अधिकारको उल्लङ्घनको विषय हुन जान्छ। अहिले महामारीको यस अवस्थामा झन् उच्च जोखिम र असमान स्थितिमा रहेका कैदी तथा बन्दीहरूको स्वास्थ्य र जीवनको हकको सुरक्षा गर्ने दायित्वको परिपालना गर्न गम्भीर हुनुपर्ने देखिन्छ।

१६. उपर्युक्त कारागारको अवस्था, राज्यको दायित्वको पृष्ठभूमिमा *सङ्क्रमणको जोखिमता घटाउन शारीरिक दुरी कायम राखी व्यक्तिगत सुरक्षाका अन्य उपायहरू अवलम्बन गर्नुपर्नेमा कोभिड-१९ को महामारीको समयमा समेत क्षमताभन्दा बाहिर कारागारमा सामाजिक दुरी कायम गर्न नसकेको, विश्व स्वास्थ्य संगठन र नेपाल सरकार आफैँले तोकेको मापदण्डबमोजिम २५ जनाभन्दा बढी एकै ठाउँमा भेला नहुने आदेशको पालना गर्न नसकेको, सुरक्षित भई बस्नको लागि मास्क, साबुनपानी, स्यानिटाइजरको प्रयोग गर्नुपर्नेमा सो हुन नसकेको अवस्थामा सामाजिक दुरी कायम गर्न र सुरक्षित हुन परमादेश जारी गर्नुपर्ने हो वा होइन ? यसै सन्दर्भमा महान्यायाधिवक्ता कार्यालयको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन तत्काल कार्यान्वयन गर्न गराउन कुनै आदेश जारी गर्नुपर्ने हो वा होइन ?* भन्ने पहिलो **प्रश्नतर्फ विचार गर्दा**, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय बनाउन जारी भएको जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति, २०७६ बमोजिम कारागारमा रहेका कैदी बन्दीहरूको हकमा समेत कारबाही भइरहेको तथा कोभिड-१९ को सङ्क्रमण हुन नदिनका लागि सुरक्षित उपाय अपनाइएको, कारागारमा आइसोलेसन बेड, क्वारेन्टाइन, महिला वार्डसमेतको व्यवस्था गरी आवश्यक स्वास्थ्य सामग्री कैदी बन्दीहरूलाई उपलब्ध गराइएको र कारागार सुधार तथा व्यवस्थापनको सम्बन्धमा पर्याप्त सचेतना अपनाइएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

१७. कारागार व्यवस्थापन विभागबाट प्रस्तुत विवरणमा जम्मा १८००० कैदी बन्दीको क्षमता संख्या रहेको हाम्रो कारागारहरूमा कैदी बन्दीको संख्या २४१६३[18] रहेबाट क्षमताभन्दा बढी कैदीहरू राखिएको तथ्य स्पष्ट देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयको कोभिड-१९ को सन्दर्भमा गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७ मा "कारागार तथा हिरासतहरूमा कैदी, बन्दीहरू क्षमता भन्दा दोब्बर तेब्बर रहेकोले कोभिड-१९ का सन्दर्भमा WHO ले निर्दिष्ट गरेबमोजिम सामाजिक दुरी कायम गर्न सम्भव नरहेको, स्वास्थ्यकर्मीको दरबन्दीअनुरूप उपलब्धता नभएको कारण स्वास्थ्य उपचारका कार्य सम्पादनमा बाधा पर्न गएको" भनी उल्लेख गरिएको पाइन्छ। यसरी पन्जा, मास्क स्यानिटाइजरको अभाव रहेको, एउटै कोठामा धेरै कैदी बन्दीहरू बस्नुपर्ने, कोठामा भेन्टिलेसनको कमी, एउटै मेसमा खाना खानुपर्ने, एउटै शौचालय प्रयोग गर्नुपर्ने, सरसफाइको अभाव हुने तथा सीमित स्वास्थ्य सेवाजस्ता सङ्क्रमणका कारक तत्त्वहरूको विद्यमानता रहेको कारणबाट कारागारमा रहेका कैदी तथा बन्दीहरूलाई कोभिड -१९ सङ्क्रमणको उच्च जोखिम रहेको देखिन्छ भनी प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ।

१८. कारागारमा बन्धक हुनुको कारणबाट स्वाभाविकरूपमा उपभोग गर्न नसकिने वा नमिल्ने मौलिक स्वतन्त्रतासम्बन्धी केही हकहरूबाहेक सबै प्रकारका हक अधिकारहरू कैदी बन्दीमा रहन्छन्। नागरिक

18 नेपाल सरकार, कारागार व्यवस्थापन विभाग, २०७७ कैदी बन्दीको विवरण https://www.dopm.gov.np/uploads/files/साउन%२०मास्कंवारी.pdf

र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR) को धारा ६ मा हरेक मानवको बाँच्न पाउने अधिकार हुन्छ र सो अधिकारको संरक्षण कानूनले गर्ने "Every human being has the inherent right to life. This right shall be protected by law. No one shall be arbitrarily deprived of his life. " तथा धारा ७ मा "No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment." अर्थात् कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन भनी उल्लेख गरिएको छ । नेपालको संविधानको धारा १६ अनुसार "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ", धारा १८ अनुसार "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन", धारा ३० अनुसार "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ" र धारा ३५ अनुसार "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।" भनी व्यवस्था गरिएको पाइन्छ ।

१९. अन्तर्राष्ट्रिय दस्तावेज तथा संविधान प्रदत्त हक वा मानव अधिकारहरू कारागारमा रहेका कैदी बन्दीको हकमा लागू हुँदैन भन्ने होइन । थुनाको कारण स्वाभाविकरूपमा निषेधित हुनेबाहेक अरू हकहरू यथावत् रहन्छन् । कैदीले आफूले गरेको कसुरको सजाय स्वरूप कारावासमा बसेको हो र थुनुवालाई पनि पुर्पक्षका निमित्त थुनामा राखिएको हो । कारागारमा सजाय भोगिरहेको भए तापनि निजहरूलाई सुरक्षित राख्ने जिम्मेवारी राज्यको देखिन्छ । राज्यको आदेश वा निर्णयका कारण बन्दी जीवन बिताउन बाध्य रहेका व्यक्तिहरूको जीवन स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ। यो राज्यको संवैधानिक दायित्व हो। यसै सन्दर्भमा *निवेदक चार्लस गुरूमुख शोभराज विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत* (ने.का.प. २०७३, नि.नं ९७२२, अंक ११) भएको परमादेश मुद्दामा "राज्यको आदेश वा निर्णयका कारण बन्दी जीवन बिताउन बाध्य रहेका व्यक्तिहरूको जीवन स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ । बन्दी अवस्थामा रहेको कारण सम्मानपूर्वक बाँच्न पाउने संविधान प्रदत्त हक समाप्त हुँदैन" भनी सिद्धान्त प्रतिपादन भएको छ । न्यायमूर्ति कृष्ण ऐयरले सुनिलवात्रा[19] को मुद्दामा कारागारभित्र रहेका व्यक्तिलाई न्यायसङ्गत र निष्पक्ष रूपमा विधिहरूमा सुनिश्चित गरिएको अधिकारबाट वञ्चित गरिनु हुँदैन "...Fundamental rights do not flee the prison as he enters the prison although they may suffer shrinkage necessitated by incarceration …whether inside prison or outside, a person shall not be deprived of his guaranteed freedom save by methods right, just and fair…" भनी उल्लेख गरेको छ ।

२०. अब, कोभिड-१९ को सन्दर्भमा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको *Preparedness, prevention and control of COVID-19 in prisons and other places of detention* सम्बन्धी *Interim guidance* मा "कारागारमा साबुन पानीले हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने, मास्क लगाउने, कम्तीमा १ मिटरको शारीरिक दुरी कायम गर्ने जस्ता व्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गर्न, वातावरणीय सफाइ र कीटाणुशोधन प्रक्रिया (Disinfection Process) नियमित र सही रूपमा पछ्याउन तथा बाहिरबाट आएका कैदी बन्दीलाई १४ दिनसम्म एकल आइसोलेशन कक्षमा राख्न, एकल आइसोलेशन सम्भव

19 Sunil Batra vs. Delhi Administration (1978) 4 SCC 409

नभए सामूहिक क्वारेन्टाइनमा राख्न तथा त्यस्ता कैदी बन्दीको दिनको कम्तीमा २ पटक तापक्रम लिने, सङ्क्रमणका लक्षणहरू जाँच गर्ने जस्ता स्वास्थ्य अवलोकन गर्न" सुझाव दिइएको छ। UN Standard Minimum Rules for the Treatment of Prisoners (Nelson Mandela Rules), २०१५ को नियम १२ मा कैदी बन्दीलाई सुत्नको लागि एकल कोठाको व्यवस्था हुनुपर्ने, नियम १३ मा कैदी बन्दी बस्ने कोठा बनाउँदा स्वास्थ्य, र स्वच्छ वातावरण (Health, climatic conditions and particularly to cubic content of air, minimum floor space, lighting, heating and ventilation) लाई ध्यानमा राख्नुपर्ने, नियम १४ मा कैदीहरूलाई पढ्न वा काम गर्न सहजताको लागि प्राकृतिक प्रकाश तथा ताजा हावाको प्रवेश हुने ठुला झ्यालहरू सो नभए कृत्रिम प्रकाश वा कृत्रिम भेन्टिलेसन निर्माण गरिनुपर्ने, नियम १५ र १६ मा सरसफाइको उचित व्यवस्था हुनुपर्ने भनी व्यवस्था गरिएको छ। कारागार ऐन, २०१९ को दफा ६ को थुनुवा वा कैदीलाई राख्ने व्यवस्थाको उपदफा १ को खण्ड (ङ) का अनुसार रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा राख्नुपर्ने, दफा ११(१) मा मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारी चिकित्सकद्वारा उपचार गराउनुपर्छ भनी व्यवस्था गरिएको छ।

२१. त्यसैगरी कारागार नियमावली, २०२० को नियम ३८(१) मा जेलरले कैदी वा थुनुवाहरूलाई स्वास्थ्यको लागि अन्नपानीको प्रबन्ध मिलाउनुपर्ने, नियम ३८(२) मा कारागारभित्र कैदी वा थुनुवा रहेका ठाउँ ठाउँमा पाइखाना, पिसाबखानाहरूमा रोजरोजै सुग्घर सफा गराई चुन, फिनेल, पोटास आदि छर्ने गराउनुपर्ने, नियम ३९ मा कारागारका कैदी थुनुवाहरू बिरामी भएमा कारागारको भए कारागारको डाक्टर र कारागारको नभए नजिक इलाकाको पाएसम्म सरकारी अस्पताल, डिस्पेन्सरी डाक्टर वा अन्य योग्य चिकित्सकबाट जँचाई समयमा औषधी उपचार गराउनु पर्ने, नियम ६० मा कडा रोग लागेका बिरामीलाई अस्पतालमा राख्ने भनी उल्लेख गरिएको छ। मिति २०७६।१२।१० मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ सङ्क्रमणको रोकथाम र नियन्त्रणको सम्बन्धमा जारी गरेको प्रेस विज्ञप्तिमा "२५ जनाभन्दा बढी संख्यामा भेला नहुन निर्णय गरिएको" भनी उल्लेख गरिएको छ। नेपाल सरकारले जारी गरेको Health Sector Emergency Response Plan: COVID-19 Pandemic मा समेत "Physical distancing at workplace social and cultural gatherings will be extensively promoted" भनी शारीरिक दुरी अवलम्बनमा जोड दिइएको छ।

२२. विपक्षी कारागार व्यवस्थापन विभागको लिखित जवाफमा कोभिड-१९ को सङ्क्रमण हुन नदिनका लागि कारागारमा आइसोलेसन बेड, क्वारेन्टाइन, महिला वार्डसमेतको व्यवस्था गरी आवश्यक स्वास्थ्य सामाग्री कैदी बन्दीहरूलाई उपलब्ध गराइएको र कारागार सुधार तथा व्यवस्थापनको सम्बन्धमा पर्याप्त सचेतना अपनाइएको भनी उल्लेख गरिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालय र सो मातहतका सरकारी वकिल कार्यालयको *कोभिड-१९ सन्दर्भमा महान्यायाधिवक्ता कार्यालयबाट गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७* ले निम्नबमोजिम निष्कर्ष निकालेको देखिन्छः-

क. कारागार तथा वालसुधार गृहमा स्वास्थ्यकर्मीको उपस्थिति नरहेको हुँदा विशेष प्राथमिकता राखी स्वास्थ्यकर्मीको सेवा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने,

ख. कारागार तथा हिरासतमा रहेका कैदी बन्दीहरूलाई आफन्त तथा कानून व्यवसायीहरूसँग भेटघाटलाई नियमित बनाई स्वास्थ्य सुरक्षालाई समेत आवश्यक प्रबन्ध गरी चेतनामूलक कार्यक्रमहरूसमेत

सञ्चालन गर्नुपर्ने,

ग. मास्क, स्यानिटाइजर, पञ्जा, साबुन पानीलगायतका स्वास्थ्य सुरक्षा सामाग्रीको थप व्यवस्थापन गर्नुपर्ने,

घ. क्षमताभन्दा बढी कैदी बन्दी राख्नु पर्ने बाध्यता र कारागार, बाल सुधार गृह र हिरासत कक्षको भौतिक अवस्थाका कारण कैदी बन्दीहरूको स्वास्थ्यमा जोखिम बढाएको,

ङ. स्वास्थ्य जोखिम र सावधानीका उपायहरूका बारेमा सचेतनामूलक कार्यक्रम र मनोपरामर्श सेवाको आवश्यकता देखिएको,

च. कारागार र हिरासत कक्षको र दैनिक भेटघाट कक्षलाई, बन्दीहरूलाई अदालत, अस्पताल लैजाँदा सवारी साधनलाई स्यानिटाइजेसन गर्न आवश्यक प्रबन्ध गर्नुपर्ने,

छ. ज्येष्ठ नागरिकलाई कानूनले दिएको सुविधा प्रयोग गर्ने तर्फ प्राथमिकता पूर्वक निर्णय गर्नुपर्ने,

ज. कारागार र बाल सुधार गृहमा कोभिड-१९ को परीक्षणलाई विस्तार गर्नुपर्ने, सङ्क्रमण देखिएमा आइसोलेसन कक्षको व्यवस्था गर्नुपर्ने।

२३. त्यस्तै कारागारहरूको निर्माण र व्यवस्थापनका लागि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७६।७।२० मा बसेको बैठकले हिरासत र कारागार कक्षको मर्मत तथा सुधारका लागि भौतिक पूर्वाधारका साथै आवश्यक कार्यहरू तुरून्त प्रारम्भ गर्ने, सबै कारागारहरूमा नियमित रूपमा खानेपानी सरसफाइ उर्जा तथा इन्धन, आधारभूत स्वास्थ्य परीक्षणलगायत अन्तर्राष्ट्रिय अभ्याससमेतलाई दृष्टिगत गरी आवश्यक आधारभूत सुविधा र आवश्यकताहरूको परिपूर्ति गर्ने जस्ता सुझावहरू नेपाल सरकारलाई दिएको पाइन्छ। यसैगरी कसुरको गाम्भीर्य र स्वास्थ्य स्थितिका आधारमा कैदी बन्दीहरूलाई राख्नका लागि अलग अलग स्थानको व्यवस्था गर्ने, कैदी बन्दीहरूलाई कोभिड-१९ को परीक्षण गर्ने व्यवस्था मिलाउने, कोभिड-१९ को सङ्क्रमणलाई मध्यनजर राखी बढी जोखिममा रहेका कैदी बन्दीका मुद्दाहरूलाई प्राथमिकीकरण गरी त्यस्तो मुद्दाको छिटो कारबाही र किनाराको लागि आवश्यक समन्वय गर्ने तथा सिधा खर्च (रासन) लाई बजारको महङ्गीअनुसार समयानुकूल पुनरावलोकन गर्ने विषयलाई अगाडि बढाउनुपर्ने सुझावसमेत दिएको देखिन्छ।

२४. कोभिड-१९ महामारी सङ्क्रमणप्रति संवेदनशील भई कारागारहरूमा उच्च सतर्कता अपनाउन पर्ने आजको आवश्यकता देखिन्छ। संविधानले प्रत्येक नागरिकको बाँच्न पाउने हक, समानताको हक, स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरेको तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा समेत कैदी बन्दीहरूको संविधानद्वारा प्रदत्त हक अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र सुनिश्चित गर्ने कर्तव्य राज्यमा हुने भनी उल्लेख हुनुका साथै विश्व स्वास्थ्य संगठनले समेत कारागारमा सुरक्षाका उपाय अपनाउन मापदण्ड तथा निर्देशन दिएको अवस्थामा नेपालका कारागारहरूमा सो कार्यान्वयन भएको स्थिति नभएको भन्ने महान्यायाधिवक्ता कार्यालयको *हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७* बाट देखिएको छ। कारागारमा एक जना व्यक्तिमा कोरोना सङ्क्रमण भएमा सङ्क्रमण भुसको आगो जस्तै फैलिने र कैदी बन्दीहरूले मृत्युवरण गर्नुपर्ने भयावह अवस्था आउने सम्भावना हुन्छ। कारागारभित्र सुरक्षित स्वास्थ्य जीवन यापन गर्न सक्ने व्यवस्थाको सुनिश्चितता गर्ने दायित्व राज्यमा निहित हुन्छ। कारागारमा Overcrowding तथा सङ्क्रमणको जोखिम रहेको परिप्रेक्ष्यमा कारागारको क्षमता अभिवृद्धि र भौतिक सुधार जस्ता दीर्घकालीन रणनीतिको

अतिरिक्त राज्यले सङ्क्रमणको रोकथामका लागि तत्काल सुरक्षाका उपायहरू अपनाउन आवश्यक देखिन्छ। तसर्थ कोभिड-१९ को परिप्रेक्ष्यमा हाल कारागारमा रहेको २४१६३ कैदीमध्ये ५९६ जनाको मात्र परीक्षण भएकोमा परीक्षणको दायरा बढाउनु, ११८ जना पोजिटिभ देखिएकोमा हाल उपचार गराइरहेको संक्रमित व्यक्ति ५० जना रहको तर १५ वटा मात्र आइसोलेसन बेड रहेको भनिएकोले आइसोलेसन बेड बढाउनु, २० जना मात्र क्वारेन्टाइनमा राख्ने व्यवस्था रहेकोमा सोको संख्या बढाउनु, शारीरिक दुरी कायम राख्न आवश्यकताअनुसार तत्कालको समस्या समाधान गर्न पालहरूको व्यवस्था गर्नु, कैदी नभएको कारागारहरूमा क्षमताअनुसार स्थान्तरण गर्नु, आवश्यकताअनुसार कोभिड-१९ को संक्रमितलाई हेर्ने विशेष अस्पतालमा उपचार गराउनु तथा महामारीको विस्फोटन (Outbreak) लाई कारागारभित्र रोक्न, सुरक्षित भई बस्न अपनाउनुपर्ने नियम कानून तथा WHO को निर्देशिका, नेपाल सरकार स्वास्थ्य मन्त्रालयले दिएको निर्देशिकासमेतको आधारमा सम्पूर्ण सुरक्षाका उपायहरू अवलम्बन गर्नु गराउनु र सोको लागि आवश्यक बजेट विनियोजनसमेत गर्नु भनी नेपाल सरकारका नाममा परमादेश जारी गरिएको छ।

२५. अब कारागारमा बढेको कैदी बन्दीको चाप कम गर्नका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ मा भएको सुधारात्मक दण्ड प्रणालीको व्यवस्था, ऐ. ऐनको दफा १(२) तथा दफा ३४ र ३७ को व्यवस्था कार्यान्वयन गरेमा कारागारको चाप घट्ने र महामारीको जोखिमता घट्ने हुँदा निवेदकको मागबमोजिम तत्काल उक्त ऐनको माथि उल्लिखित दफाहरू कार्यान्वयन गर्नका लागि परमादेश जारी गर्नुपर्ने हो वा होइन भन्ने **दोस्रो प्रश्नतर्फ विचार गर्दा**, कैदी बन्दीहरूको कैद छुट, माफी मिनाहा, कैद कट्टालगायतका कार्य नेपाल सरकारको नीति, वर्तमान कानूनी प्रावधान र मान्यताबमोजिम चलिरहेको तथा प्रोवेसन प्यारोलका सम्बन्धमा पनि कानूनी पूर्वाधार तयार गर्ने कार्य सम्बन्धित निकायबाट भइरहेको हुँदा आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको देखिन्छ।

२६. सुधारात्मक दण्ड प्रणालीसम्बन्धी वैकल्पिक कारागारसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको विषय सम्बन्धमा निवेदकको माग रहेकोमा सोमा प्रवेश गर्नुअघि सुधारात्मक दण्ड प्रणालीको व्यवस्थामा विवेचना गर्नुपर्ने देखिन्छ । पछिल्लो समयमा न्याय प्रणालीले अपराधीमाथि हुने र अपराध गरेबापत कसुरदारमा दायित्वहरू सिर्जना हुन्छ भन्ने पुन:स्थापकीय न्यायको अवधारणालाई अघि बढाएको पाइन्छ । पुन:स्थापकीय न्यायले पीडित, कसुरदार र समाजलाई सँगै राखी गल्तीलाई सुधार गर्दै सही दिशातर्फ अघि बढाउन सकिन्छ भन्दै हिंसाले पुऱ्याएको असरको सम्बोधनमा पीडितको आवश्यकता र कसुरदारको दायित्वलाई बढाउनेमा केन्द्रित भइरहेको छ। पुनःस्थापकीय न्याय पीडितको मात्र नभइ कसुरदारको पनि पुन:स्थापनामा केन्द्रित हुन्छ। यसले प्रगतिशिल दृष्टिकोणबाट दण्ड निर्धारण गरिनुपर्ने कुरामा जोड दिँदै उपचारात्मक तथा सुधारात्मक सिद्धान्तको आधारमा कसुरदारलाई सुधार गरी असल नागरिकको रूपमा समाजमा पुनर्स्थापित गर्ने आसय राख्दछ। सुधारात्मक दण्ड प्रणालीले कसुरदारलाई अपराध गर्ने एउटा माध्यम मात्र मान्दछ र आपराधिक कार्यले कसुरदार स्वयम्लाई पनि क्षति पुऱ्याएको हुन्छ भन्ने धारणा राख्दछ । फौजदारी अपराधमा दोषीहरूलाई समेत सुधारको मौका प्रदान गरिनुपर्दछ भन्नेमा जोड दिई वैकल्पिक कारागार प्रणालीलाई समेत प्रोत्साहित गर्दछ।

२७. नेपालको न्याय प्रणाली पुन:स्थापकीय न्याय तथा सुधारात्मक दण्ड प्रणालीमा प्रवेश गरिसकेको छ। नेपालको

संविधानको धारा २० मा न्यायसम्बन्धी हक तथा धारा २१(२) मा "अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ" भन्ने व्यवस्थाको सुनिश्चितता गरेको छ भने अर्कोतिर मिति २०७५/५/१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले प्रत्येक कसुरमा पीडित केन्द्रित क्षतिपूर्तिसहितको पुन:स्थापकीय न्याय प्रणालीलाई मार्गदर्शन प्रदान गरेको छ । कसुरदारको हकमा निश्चित प्रकृतिको अपराधको हकमा सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात् गर्न फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले वैकल्पिक कारागार प्रणाली (Alternative Prison System) को व्यवस्था गरेको छ जसअन्तर्गत दफा २२ मा सामुदायिक सेवाको व्यवस्था, दफा २५ मा सुधार गृहमा पठाउन सकिने व्यवस्था, दफा २६ मा पुन:स्थापना केन्द्रमा पठाउने व्यवस्था, दफा २७ मा सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने व्यवस्था, दफा २८ मा खुल्ला कारागारमा राख्ने व्यवस्था, दफा २९ मा प्यारोलमा राख्ने व्यवस्था, दफा ३० मा सामाजिकिकरण गराउनुपर्ने व्यवस्था, दफा ३१ मा कैद वापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्था, दफा ३४ मा अस्पताल वा यस्तै अन्य स्थानमा राख्नुपर्ने व्यवस्था र दफा ३७ मा कैद कट्टा हुन सक्ने व्यवस्था रहेको छ ।

२८. यसै सम्बन्धमा सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्नका लागि आवश्यक संरचना र कानूनी व्यवस्था गर्न यस अदालतबाट 'घ' कुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध सागर भट्टसमेत भएको ०७१-CR-०६५९ को जबरजस्ती करणी मुद्दामा कसुरदारहरूलाई आफूले गरेको गल्तीको अनुभूत गर्न लगाउने, उनीहरूको सुधार र समाजमा पुन:स्थापना गर्नु महत्वपूर्ण विषय हो । सजाय अपराधलाई गरिएको हो । राज्य र कानूनको उद्देश्य त्यस्तो अपराधलाई रोकथाम गर्नु हो । अपराधमा संलग्न व्यक्तिहरू अपराधका प्रतिकात्मक रूप मात्र भएकाले निजहरूको सुधार र समाजमा पुन:स्थापना राज्यको दण्ड नीतिको आधारभूत विषय भएको हुँदा यस्ता अपराधीहरूलाई कानूनको उद्देश्य पूरा हुने गरी कारागार, खुल्ला कारागार, सामुदायिक सेवा, पारिवारिक मिलन जस्ता विषयमा मध्यनजर गर्दै फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था गर्नु र सो सम्बन्धमा भएका प्रगति प्रत्येक तीन-तीन महिनामा यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा पठाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी भएको देखिन्छ । तर आदेशानुसारको कार्य हालसम्म पनि सम्पन्न भएको जानकारी यस अदालतसमक्ष प्राप्त हुन आएको छैन ।

२९. सुधारात्मक दण्ड प्रणालीमा आधारित कानून बनेको ३ वर्ष र कार्यान्वयनमा आएको २ वर्ष व्यतित भइसक्दासमेत उक्त कानूनी व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गरेको पाइएन । प्रस्तुत निवेदन मागदाबीका २२, २४, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ दफाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछन् भनी सोही ऐनको दफा १(२) मा उल्लेख भएको छ। सरकारी निर्णयको विलम्बको कारण उल्लिखित दफाहरू हालसम्म कार्यान्वयनमा नल्याउँदा कैदी बन्दीहरू कानूनी हक अधिकारहरूबाट सिर्जित सुधारात्मक दण्ड प्रणालीअन्तर्गतको सुविधा प्राप्त गर्नबाट वञ्चित भएको देखिन्छ ।

३०. कोभिड-१९ सङ्क्रमणको महामारीले जटिल रूप लिइरहेको र हाल कारागारको भयावहताको अवस्थामा

कारागारमा शारीरिक दुरी कायम गर्न सुधारात्मक व्यवस्थालाई तत्कालै कार्यान्वयनमा ल्याउन अत्यावश्यक देखिन्छ । वैकल्पिक कारागारको व्यवस्थालाई तत्काल अनुसरण गर्दा कारागारमा कैदीहरूको चाप कम हुनुका साथै कारागार व्यवस्थापनमा पनि सहजता हुन जाने हुन्छ । सामान्य अवस्थामा नै पर्याप्त भौतिक पूर्वाधारको अभाव भएको, भएको पूर्वाधार जीर्ण अवस्थामा रहेको र क्षमताभन्दा बढी कैदी भएको कारण विभिन्न समस्या देखिएको हाम्रो कारागारमा अहिलेको महामारीले स्वास्थ्य जोखिम बढाएको भन्ने कुरा कोभिड-१९ को सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिल कार्यालयबाट गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७ बाट देखिन्छ। त्यसैगरी कारागारहरूको निर्माण र व्यवस्थापनका लागि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७७।३।३० मा बसेको बैठकले कारागार सुधार तथा कैदी बन्दीको व्यवस्थामा देहायका निर्णयहरू गरेको पाइन्छः

क. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा उल्लिखित व्यवस्था अनुसार कैदी बन्दीहरूलाई सुधार गृहमा पठाउने, सामाजिक एवं सामुदायिक सेवामा लगाउने, पुनर्स्थापना केन्द्रमा पठाउने, खुल्ला कारागारमा राख्ने, प्यारोलमा राख्ने, सामाजिकीकरण गर्ने, शारीरिक श्रममा लगाउने, प्रोवेसन र प्यारोल अधिकृत तोक्ने, कैद छुट भएपछि आयमूलक कार्यमा सहभागी हुनेलगायतका कारागार र कैदी बन्दीसम्बन्धी व्यवस्थाहरू यथाशीघ्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने,

ख. प्रोवेसन तथा प्यारोल बोर्डलाई तत्काल पूर्णता दिँदै क्रियाशील बनाउने,

ग. कारागारहरूको विकास र विस्तार गरी श्रोत साधनसम्पन्न बनाउन आवश्यक व्यवस्था मिलाउने ।

३१. प्रस्तुत निवेदनपछि दर्ता भएको पूरक निवेदनमा मिति २०७७।१।१७ मा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२, २४, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ को व्यवस्थालाई तत्कालै कार्यान्वयनमा ल्याई कारागारहरूको व्यवस्थित सुधार गर्ने प्रयोजनको लागि सोही ऐनको दफा १(२) बमोजिम नेपाल राजपत्रमा ७ दिनभित्र सूचना प्रकाशित गरी उल्लिखित व्यवस्था कार्यान्वयनको प्रक्रिया प्रारम्भ गर्नु भनी यस अदालतबाट मिति २०७७।१।१७ मा अन्तरिम आदेश जारी भएको देखिन्छ तर यस मुद्दाको अन्तिम निर्णय हुने दिनसम्म पनि राजपत्रमा सूचना प्रकाशन नभई उक्त दफाहरूको कार्यान्वयनको प्रक्रिया प्रारम्भ भएको जानकारी आएको देखिएन। कोभिड-१९ को महामारीको विषम परिस्थितिमा कारागारमा रहेको भिडभाड हटाउन वैकल्पिक कारागारको व्यवस्था लागू हुन फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका वैकल्पिक कारागारको दफा २२, २४, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ व्यवस्थाहरू ऐ . ऐनको दफा १(२) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर मात्र प्रारम्भ हुने देखिन्छ । साथै उक्त दफाहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु अघि सरकारले केही दफाहरूको हकमा पूर्वतयारीसमेत गर्नुपर्ने देखिन्छ ।

३२. <u>सर्त / कार्यविधि निर्माण गर्नुपर्ने</u>

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को खुल्ला कारागारमा राख्न सकिने दफा २८ को "कैद अवधिको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रमुखको सिफारिसमा सम्बन्धित जिल्ला अदालतका न्यायाधीशले खुल्ला कारागारमा राख्ने आदेश दिन सक्ने" व्यवस्थाअन्तर्गत खुला कारागारमा राख्न दफा २८(२क) अनुसारको कार्यविधि निर्माण

गर्नुपर्ने देखिन्छ । यस्तै ऐ. ऐनको दफा ३० को सामाजिकीकरण गराउनु पर्ने भनी रहेको व्यवस्था "यस संहितामा तथा अन्य कानूनमा जुनसुकै कुरा उल्लेख भए तापनि एक वर्षभन्दा बढी अवधिको कैद सजाय पाई कैद भुक्तान गरिरहेको र राम्रो आचरण भएको कसुरदारलाई निजलाई तोकिएको कैद अवधि भुक्तान हुनभन्दा ६ महिनाअगाडि कारागारले विभिन्न काम गर्नका लागि मासिक वा दैनिक रूपमा छोड्न सक्ने" को कार्यान्वयनको हकमा दफा ३० (२) र (३) अनुसार सर्तहरू निर्माण गर्नुपर्ने तथा दफा ३१ को कैदबापत शारीरिक पारिश्रममा लगाउन सकिने "तीन वर्ष वा तीन वर्षभन्दा बढी कैदको सजाय पाएको अठार वर्षभन्दा बढी उमेरको र शारीरिक रूपमा स्वास्थ्य रहेको कसुरदारले चाहेमा निजलाई कारागारले सार्वजनिक कामको लागि शारीरिक श्रममा लगाउन सक्नेछ" भन्ने कैदबापत शारीरिक श्रममा लगाउन सकिनेसम्बन्धी व्यवस्थाको हकमा दफा ३१(३) को कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ ।

३३. <u>प्रोवेसन तथा प्यारोल अधिकृत नियुक्ति हुनुपर्ने</u>

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २६ अनुसार पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि प्रोवेसन अधिकृतको सिफारिसको आवश्यकता पर्ने तथा ऐ.ऐनको दफा २९ को प्यारोलसम्बन्धी "एक वर्षभन्दा बढी कैद सजायपछि कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोवेसन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने" व्यवस्था कार्यान्वयनको निमित्त प्रोवेसन र प्यारोल अधिकृत नियुक्त हुन आवश्यक रहेकाले ऐ. ऐनको दफा ४९ मा उल्लेख भएको "नेपाल सरकारले सामुदायिक सेवा वा पुनर्स्थापना कार्यमा काम गरेको व्यक्तिलाई प्रोवेसन अधिकृत वा प्यारोल अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ" भनेबमोजिम तोक्नुपर्नेमा हालसम्म तोकिएको नदेखिएको र हाल महान्यायाधिवक्ताको संयोजकत्वमा सोसम्बन्धी कार्य अघि बढिरहेको भन्ने लिखित जवाफबाट आज कानून आएको ३ वर्षसम्म प्रोवेसन अधिकृत नियुक्ति नभएको अवस्थाले वैकल्पिक कारागार प्रणाली निष्क्रिय भएको छ ।

३४. <u>अदालतले सजाय गर्दा विचार गर्न सक्ने</u>

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २४ ले कैद सजाय निलम्बन गर्न सकिने व्यवस्था गरेको, ऐ. ऐनको सप्ताहाको १ दिन वा रात्रिकालीन समयमा कारागारमा बसी कैद भुक्तान गर्ने दफा २७ को "एक वर्षसम्म कैद निर्धारण भएको कसुरदारलाई निजले गरेको कसुर निजको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका र निजको आचरणसमेतलाई विचार गर्दा नियमित रूपमा कैदमा राख्न उपयुक्त नदेखिएमा त्यसको कारण खोली अदालतले निजलाई सप्ताहको अन्तिम दिन वा दैनिक रूपमा रात्रिकालीन समयमा मात्र कारागार बस्न पर्ने गरी कैद निर्धारण गर्न सक्ने" भनी सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने व्यवस्थाको हकमा अदालतले सजाय गर्दा विचार गर्न सक्ने हुँदा सो दफासमेत तत्काललाई लागू हुन सक्ने नै देखिन्छ भने ऐ. ऐनको दफा २२ को सामाजिक सेवासम्बन्धी "छ महिनासम्म कैद सजाय निर्धारण भएको कसुरदारलाई निजले गरेको कसुर, निजको उमेर, आचरण, कसुर गर्दाको परिस्थिति, कसुर गर्दा अपनाएको तरिकासमेतलाई विचार गर्दा कैदमा राख्न उपयुक्त नदेखिएकोमा वा त्यस्तो कसुरमा अदालतले उपयुक्त ठहऱ्याएको अवधिको कैदमा बसेपछि बाँकी अवधिको लागि अदालतले निजलाई सामुदायिक सेवा गर्न आदेश दिन सक्ने" व्यवस्थाहरू

तत्काल कार्यान्वयन हुन सक्ने प्रकृतिको देखिए तापनि उक्त दफाहरू प्रारम्भ भएको राजपत्रमा प्रकाशित नहुँदा निष्कृय भएको अवस्था छ।

३५. तत्कालै कार्यान्वयन हुन सकिने व्यवस्थाहरू

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३४(१) मा अस्पताल वा अन्य स्थानमा राख्नु पर्ने व्यवस्थाको सम्बन्धमा "होस ठेगानमा नरहेमा त्यस्तो कसुरदारलाई कारागारले अस्पताल वा त्यस्तै अन्य चिकित्सा केन्द्रमा राख्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था तत्कालै कार्यान्वयन गर्न सकिने प्रकृतिको देखिन्छ। साथै दफा ३७ को हकमा नकारात्मक सूचीमा रहेको मुद्दामा बाहेक कसुरदार कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले ५०% कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय कारागारले तोकेबमोजिम कट्टा गर्न सक्ने व्यवस्था भएबमोजिम कैद कट्टा हुन सक्ने व्यवस्था रहेको र हाल फौजदारी कसुर (कैद कट्टा) नियमावली आइसकेको र उक्त नियमावलीले कैदीको चालचलनसम्बन्धी अभिलेख राख्ने सम्पूर्ण कार्यविधि फारमसमेत विकास गरिसकेको सन्दर्भमा सो दफा पनि कार्यान्वयन हुन कुनै कठिनाई देखिँदैन।

३६. नेपाल सरकारले भर्खर मात्र बाल सुधार गृहको हकमा सामुदायिक सेवा वा पुनर्स्थापना कार्यमा काम गरेको व्यक्तिलाई प्रोवेसन अधिकृत वा प्यारोल अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ, भन्ने कानूनी व्यवस्था रहेकोमा हालसम्म बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लिखित काम कर्तव्य र अधिकारको पालना र प्रयोग गर्न नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी सबै जिल्ला अदालतमा कार्यरत राजपत्राङ्कित अधिकृत स्तरका तहसिलदारलाई र राजपत्राङ्कित अधिकृतस्तरका तहसिलदार नभएको स्थानमा सो अदालतका स्रेस्तेदारलाई प्रोवेसन अधिकारी तोकिएको भनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मिति २०७६/१२/३ को राजपत्रमा सूचना प्रकाशित भएको देखिन्छ। यसैगरी हाल महामारीको अवस्थामा कारागारमा भएको कैदी बन्दीको जीवन रक्षाको निमित्त तत्कालको निमित्त अस्थायीरूपमा प्रोवेसन वा प्यारोल अधिकृतको व्यवस्थापन गरेर पनि केही वैकल्पिक कारागारका प्रणालीहरू व्यवस्थापन गर्न सकिने नै देखिन्छ त्यसतर्फ सरकारको ध्यानकार्षण गरिएको छ। साथै सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनको लागि दफा ३३ अन्तर्गतको सुधारात्मक कार्यक्रम सञ्चालन गर्नुपर्नेतर्फ पनि ध्यानकार्षण गराइन्छ।

३७. अब प्रस्तुत निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने विषयमा विचार गर्दा, आज सुधारात्मक दण्ड प्रणालीअन्तर्गत वैकल्पिक कारागार प्रणालीको व्यवस्था फौजदारी न्याय प्रणालीको पाटो भएको ३ वर्ष व्यतित भइसक्दा पनि सोको कार्यान्वयनको लागि आवश्यक संरचना सर्त प्रक्रिया कार्यविधिको निर्माण नभएको, प्रोवेसन / प्यारोल अधिकृत नियुक्ति नभएको, वैकल्पिक कारागार प्रणाली प्रारम्भको निमित्त राजपत्रमा सूचना प्रकाशित नभएको अवस्थामा कोभिड-१९ को महामारीको विषम परिस्थितिलाई ध्यानमा राखी कारागारको भिडभाड कम गरी वैकल्पिक कारागार प्रणालीको प्रयोग गर्न फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २८ को खुल्ला कारागारको व्यवस्था दफा ३० को सामाजिकीकरण गराउने व्यवस्था र दफा ३१ को कैदबापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्थाको कार्यान्वयनको निमित्त आवश्यक सर्त, प्रक्रिया, कार्यविधि एक महिनाभित्र तयार गर्नु,

ऐ.ऐनको दफा २६ को पुनर्स्थापना केन्द्रमा पठाउन सकिने व्यवस्था दफा २९ को प्यारोलमा राख्न सकिने व्यवस्थाको कार्यान्वयनको निमित्त प्रोवेसन र प्यारोल अधिकृतले सर्त बन्देज तयार गरी १ महिनाभित्र नियुक्त गर्नु, ऐ.ऐनको दफा २६, २८, २९, ३० र ३१, को प्रारम्भको सूचना सर्त / प्रक्रिया / कार्यविधि तयार भएको ७ दिनभित्र राजपत्रमा प्रारम्भको सूचना प्रकाशनको निमित्त तथा दफा २२ को सामुदायिक सेवा गर्न आदेश दिन सक्ने दफा २४ को कैद सजाय निलम्बन गर्न सकिने र २७ को सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने व्यवस्था तत्काल कार्यान्वयन हुने प्रकृतिको भएको हुँदा यो आदेशको ७ दिनभित्र राजपत्रमा सूचना प्रकाशित गर्नु गराउनु तथा दफा २५ को सुधारगृहमा पठाउने विषय तत्काल कार्यान्वयनको मागको सम्बन्धमा सुधारगृहको लागि आवश्यक संरचना निर्माण व्यवस्थापनको प्रक्रिया तत्काल अगाडि बढाउने कार्य गर्नु गराउनु भनी परमादेश जारी गरिदिएको छ।

३८. अब **प्रश्न नं. ३** तर्फ विचार गर्दा, कारागार नियमावली, २०२० को नियम २९(१)(२क) तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) र १२ बमोजिम कैदीहरूलाई प्राप्त सुविधा दैनिक लगत कायम गरी नियमित रूपमा सुविधा उपलब्ध गराउनु भन्ने प्रस्तुत निवेदनको माग रहेकोमा ज्येष्ठ नागरिकको विषयमा ऐनले गरेको व्यवस्थाबमोजिम ज्येष्ठ नागरिकलाई उपलब्ध स्रोत साधनबमोजिम सेवा सुविधा उपलब्ध गराइएको हुँदा रिट जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको छ।

३९. आज कोभिड-१९ को महामारीबाट सङ्क्रमणको उच्च जोखिमतामा कैदी बन्दीहरू रहेको र कैदी बन्दीहरूमा पनि विविधता (diversity) रहेको छ। विविधताभित्रको अन्तरस्थितिमा (intersectionality) उमेर, स्वास्थ्य स्थिति, लिङ्ग, शारीरिक स्थिति, गर्भधारणको अवस्था आदिको आधार पनि रहेको देखिन्छ। तसर्थ कैदी बन्दीमध्ये ज्येष्ठ नागरिकहरू उनीहरूको उमेर, शारीरिक अवस्था र दीर्घकालीन रोग स्वास्थ्यको अवस्थाको कारणसमेत थप जोखिमतामा रहेका छन्। WHO का अनुसार पनि "Those who are over 60 years of age and those with cardiovascular disease, diabetes, chronic respiratory disease and cancer are most at risk" भनिएको छ। UNODC, WHO, UNAIDS and OHCHR joint statement on COVID-19 in prisons and other closed settings को Reduce overcrowding को विषयमा कैदमा रहेका ज्येष्ठ नागरिकको हकमा "These efforts should encompass release mechanisms for people at particular risk of COVID-19, such as older people and people with pre-existing health conditions, as well as other people who could be released without compromising public safety, such as those sentenced for minor, non-violent offences, with specific consideration given to women and children." भनी व्यवस्था गरेको छ। त्यसैगरी नेपाल सरकारले पनि ६० वर्षभन्दा माथिका उमेरका व्यक्तिहरू, बालबालिका तथा दीर्घरोगी उच्च जोखिममा रहेको घोषणा गरी सर्तकता अपनाउन आदेश समेत दिएको छ। महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन २०७५/०७६ तथा कोभिड-१९ को सन्दर्भमा गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७७ समेतले ज्येष्ठ नागरिकहरूमा कानूनले दिएको सजाय छुट सुविधा प्रयोगतर्फ प्राथमिकतापूर्वक निर्णय गर्नुपर्ने सुझाव दिइएको छ।

४०. नेपालको संविधानको धारा ४१ ले "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको

हक हुनेछ" भनी ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा नै स्वीकार गरी विशेष संरक्षण गरेको पाइन्छ । संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले "सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, **ज्येष्ठ नागरिक**, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था रहेको छ ।

४१. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ज्येष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐनको रूपमा रहेको छ । उक्त ऐनको दफा १२(१)ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेका ज्येष्ठ नागरिकलाई "निजको उमेर र कसुरको अवस्था हेरी पैसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म, सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म, पचहत्तर वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म छुट दिन सकिनेछ" भन्ने व्यवस्था गरेको छ ।

४२. ज्येष्ठ नागरिक ऐनले ज्येष्ठ नागरिकको हकमा सजाय छुटको व्यवस्था गरे तापनि सो को कार्यान्वयन नभएको कारण यसै अदालतबाट पेम्बा गुरूङ विरूद्ध कारागार कार्यालय नख्खुको *(ने.का.प २०७६, नि.नं. १०२१९)* बन्दीप्रत्यक्षीकरण मुद्दामा "कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकको हकमा कानून र नियममा ज्येष्ठ नागरिकको सजाय छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएकोले तत्कालै कैदको सजाय छुट दिने अधिकारी किटान गर्न र कानूनबमोजिमको छुट दिने नियम / कार्यविधिसमेत बनाउन" निर्देशन दिइएको तर उक्त आदेश दिएको आज एक वर्षभन्दा बढी समय हुँदासम्म पनि आदेशबमोजिमको अधिकारी र कार्यविधि निर्माण नहुँदा संविधान र कानूनी अधिकार निष्प्रभावी हुन गएको छ । यसै रिटमा भएको आदेशबमोजिम उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूले कारागार निरीक्षणको क्रममा ज्येष्ठ नागरिकको हकमा कैद छुट गरेको भनी सहन्यायाधिवक्ताले बहसको क्रममा भन्नु भए तापनि अन्य अवस्थामा सजाय छुट सुविधा दिइएकोबारे निर्णय गर्ने निकायले निर्णय नगरी मौन भएर बसेको देखिन्छ ।

४३. अब प्रस्तुत रिट निवेदकको मागबमोजिम कारागार नियमावली, २०२० को नियम २९(१) को "असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा साठी प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिनेछ" भन्ने व्यवस्था गरेको छ । तर ऐ. नियमको २९(१क) मा उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद सजाय छोट्याउन सकिने छैन भनी नकारात्मक सूची राखिएको छः-

(क) जिउ मास्ने बेच्ने,
(ख) जबरजस्ती करणी,
(ग) कैदबाट भागे भगाएको,
(घ) भन्सार चोरी निकासी पैठारी,

(ङ) लागू औषधको कारोबार,
(च) भ्रष्टाचारसम्बन्धी,
(छ) जासुसी सम्बन्धी,
(ज) संरक्षित वन्यजन्तुसम्बन्धी,
(झ) पुरातात्विक वस्तुसम्बन्धी।

४४. यसरी केही प्रकृतिको मुद्दालाई नकारात्मक सूचीमा राखी कैद सजाय छोट्याउन नसकिने व्यवस्था गरिए तापनि ऐ. नियमको २९(२क) ले उपनियम २९(१) र २९(१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि "असल चालचलन भएका पैंसठ्ठी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अंगभंग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेका कैदीको हकमा बाँकी कैदको सजाय छोट्याउन सकिनेछ" भन्ने व्यवस्था गरेको देखिन्छ।

४५. उपरोक्त कानूनी व्यवस्थाले कैदीहरूको कारागारभित्र रहँदाको असल चालचलनलाई हेरी कैद छोट्याउन सक्ने प्रावधान राखेको देखिन्छ। ऐ. नियमावलीको नियम २९ (२क) ले ६५ वर्ष पुगेको हकमा उक्त नकारात्मक सूची लागू नहुने भनी कारागार (चौधौं संशोधन) नियमावली, २०७२ को संशोधनद्वारा स्पष्ट गरिएको छ। साथै यसै अदालतबाट नरध्वज गुरूङ विरूद्ध उच्च अदालत पोखरासमेतको (*ने.का.प. २०७५, नि.नं. ९९९८)* बन्दीप्रत्यक्षीकरण/परमादेशको मुद्दामा "ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ज्येष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐन हो। विधायिकाबाट निर्मित ऐनले गरेको व्यवस्था प्रतिकूल यदि कुनै नियममा प्रावधान छन् भने पनि त्यस्तो प्रावधानले मान्यता पाउन सक्तैन। ऐनकै व्यवस्थाको अनुशरण गरिनु पर्ने" भन्ने सिद्धान्त प्रतिपादन गरेको छ। कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित "असल चालचलन भएका" र "पैंसठ्ठी वर्ष उमेर पुगेका" कैदीहरूको हकमा उक्त नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भए पनि ज्येष्ठ नागरिक ऐन विशेष ऐन भएकोले नकारात्मक सूचीमा परेका मुद्दामा कैद भोगिरहेको अवस्थामा पनि ज्येष्ठ नागरिक ऐनको दफा १२ बमोजिमको कैद छुट पाउन सक्ने अवस्था रहेको देखिन्छ।

४६. यसरी नेपालको संविधानले ज्येष्ठ नागरिकको संरक्षण, सशक्तीकरण र विकासको लागि विशेष व्यवस्था गर्न सकिने नै देखियो। यस्तै ज्येष्ठ नागरिकको हित कल्याणको निमित्त ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) ले उमेर र कसुर हेरी ६५ वर्षमाथिका कैदी बन्दीलाई सजायमा उमेरअनुसारको छुट दिन सकिने व्यवस्था गरेको र कारागार नियमावली, २०२० को नियम २९(२क) ले पनि पैसठ्ठी वर्ष पूरा भएको ज्येष्ठ नागरिकको हकमा सजाय छुट गर्न मिल्ने नै भनी स्पष्ट उल्लेख गरेको, ने.का.प. २०७६ नि.नं. १०२१९ मा कानून प्रदत्त अधिकार तथा सुविधाको कार्यान्वयनको निमित्त जिम्मेवार निकाय सक्रिय र संवेदनशील हुनुपर्छ भनिएको साथै ने.का.प. २०७५ नि.नं. ९९९८ मा ज्येष्ठ नागरिकको सजायमा छुट दिने सम्बन्धमा उचित समयमा तथ्यसंगत निर्णय गर्नु सम्बन्धित अधिकारीको कर्तव्य रहेको भनिएको अवस्थामा संविधान, ऐन, नियम र यसै अदालतबाट विभिन्न मुद्दामा गरिएको आदेशहरूबमोजिम पैसठ्ठी वर्ष पूरा भई सत्तरी वर्ष ननाघेकोलाई पच्चिस प्रतिशत, सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेकोलाई

पचास प्रतिशत र पचहत्तर वर्ष पूरा भएको ज्येष्ठ नागरिकको हकमा पचहत्तर प्रतिशत सजाय छुट गर्न सकिने नै देखिन्छ । हालै कारागार व्यवस्थापन विभागले पत्र संख्या २०७७।०७८ च.नं. ९३ मार्फत ज्येष्ठ नागरिकको हकमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिमको कैद भुक्तान गरेका कसुरदार ज्येष्ठ नागरिकको हकमा नकारात्मक सूची नलाग्ने हुँदा कैदकट्टा, माफी मिनाहाको लागि सिफारिस पठाउनका लागि कार्यालयले पत्रसमेत पठाएको देखिन्छ । साथै नेपाल सरकारको तर्फबाट बहस गर्ने सहन्यायाधिवक्ताले यसै अदालतको ने.का.प. २०७६, नि.नं. १०२१९ मा पेम्बा गुरूङको मुद्दामा आदेश भएबमोजिम केही ज्येष्ठ नागरिकलाई सजाय छुट दिइसकेको र च.नं. १८६ को पत्र संख्या ०७७/७८ बाट २०७७।२।१४ सम्मको ज्येष्ठ नागरिकको हैसियतले कैद छुट लिन सक्ने ३१ जनाको सूची तयार गरी यस अदालतसमक्ष पेससमेत भएको देखिन्छ ।

४७. हाल COVID-19 को महामारीले कारागारमा भिडभाडको अवस्था रहेको र उक्त भिडभाड कम गर्न कैदी बन्दीमध्ये पनि अत्यन्त उच्च जोखिममा रहेको ज्येष्ठ नागरिकहरूको कैद छुट गरी कारागारको भिडभाड कम गरी शारीरिक दुरी कायम राखी कारागारमा हुने थप फैलावट रोक्न तथा अत्यन्त जोखिममा रहेका ज्येष्ठ नागरिकको जीवनको संरक्षण गर्न, संविधान र कानूनले नै ज्येष्ठ नागरिकको विशेष संरक्षण गर्नुपर्छ भन्ने स्पष्ट व्यवस्था गरी कैद छुटको व्यवस्था गरिएको र यसअघि पेम्बा गुरूङ र नरध्वज गुरूङको मुद्दामा भएको आदेशहरूको सन्दर्भमा समेत कानूनबमोजिम निर्णय नगरी संविधान र ऐनले गरेको व्यवस्थालाई निस्प्रवाही तुल्याउने छुट कसैलाई पनि नहुने हुँदा यो कोभिड १९ को महामारीको विषम परिस्थितिमा उमेर, शारीरिक अवस्था, स्वास्थ्यको अवस्था आदिको कारण अत्यन्त जोखिममा रहेको ज्येष्ठ नागरिक कैदीहरूको हकमा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार कैद छुटको सुविधा दिन सकिने कैदीहरूको दैनिक लगत सूची तयार गर्नु गराउनु तथा हाल कारागार व्यवस्थापन विभागले मिति २०७७।२।१४ सम्मको कैद छुट हुने ज्येष्ठ नागरिकको सूची तयार गरे तापनि यो आदेश पाएको ३ दिनभित्र कैद सजाय छुट हुने ज्येष्ठ नागरिकको संख्या अद्यावधिक गर्नु गराउनु भनी कारागार व्यवस्थापन विभाग, कालिकास्थानको नाममा परमादेश जारी गरिएको छ । यसैगरी हालको सङ्क्रमणको र फैलावटको जोखिमतालाई ध्यानमा राखी उचित र तत्काल निर्णय गर्नुपर्ने भएकोले यो आदेश प्राप्त भएको १०(दश) दिनभित्र कानूनले तोकेको उमेरका हदअनुसार सजाय छुट पाउन सक्ने कारागारका कैदीहरूको कारागार विभागले ल्याएको सूचीमा उमेर र कसुरको गाम्भीर्य हेरी ज्येष्ठ नागरिकको कैद छुटको लागि नेपाल सरकार गृह मन्त्रालयको नाममा समेत परमादेश जारी गरिएको छ ।

४८. अब प्रश्न **नं. ४** अर्थात् *प्रचलित कानूनबमोजिम नकारात्मक सूचीमा रहेका कसुर र कसुरदारको हकमा कैद कट्टा र संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपतिबाट माफी मिनाहा घोषणा गर्ने व्यवस्थाअन्तर्गतको माफी मिनाहाका सुविधाहरू लागु गर्नका लागि आदेश जारी गर्नुपर्ने हो वा होइन ? माफी मिनाहाका लागि नकारात्मक सूचीमा रहेका कसुरलाई सूचीबाट हटाउनको लागि नेपालको संविधानको धारा ११४ बमोजिम आवश्यक अध्यादेशलगायतका कानूनी व्यवस्था गर्न कुनै आदेश जारी गर्नुपर्ने हो वा होइन ?* भन्नेतर्फ विचार गर्दा, नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनबमोजिम माफी, मुल्तबी परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्थाअनुसार नेपाल सरकारबाट समय समयमा कानूनमा

भएबमोजिम निर्णय भई कार्यान्वयन भइरहेको तथा नकारात्मक कसुरहरूको खारेजी के कारणले हुनु पर्ने सम्बन्धमा निवेदकहरूले खुल्लाउन नसकेको भन्ने लिखित जवाफ जिकिर रहेको देखिन्छ ।

४९. सर्वप्रथम राष्ट्रपतिले कसुरको सजायबाट माफी मिनाहा घोषणा गर्ने सम्बन्धमा, नेपालको संविधानको धारा २७६ मा "राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ" भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ ।

अब के कस्तो अवस्थामा कैदी बन्दीले माफी मिनाहा तथा कैद कट्टाको सुविधा प्राप्त गर्न सक्छन् सोसम्बन्धी कानूनहरूको विवेचना गर्नुपर्ने देखिन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ ले देहायका कसुरलाई कैद कट्टाको सुविधा नपाउने गरी नकारात्मक सूचीमा राखेको छः-

क. जन्म कैदको सजाय भएको,
ख. जबरजस्ती करणीसम्बन्धी कसुरमा सजाय पाएको,
ग. भ्रष्टाचारसम्बन्धी कसुरमा सजाय पाएको,
घ. मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी कसुरमा सजाय पाएको,
ङ. अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुरमा सजाय पाएको,
च. लागु औषधको ओसार पसार तथा कारोबारसम्बन्धी कसुरमा सजाय पाएको,
छ. संगठित अपराधसम्बन्धी कसुरमा सजाय पाएको,
ज. सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय पाएको,
झ. यातना वा क्रूर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसुरमा सजाय पाएको,
ञ. मानवता विरूद्धको अपराधसम्बन्धी कसुरमा सजाय पाएको,

५०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४) मा देहायका कसुरहरूमा सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न नसकिने भनी उल्लेख भएको पाइन्छ-

क. भ्रष्टाचार,
ख. यातना,
ग. जबरजस्ती करणी,
घ. क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको,
ङ. जाति हत्या,
च. विष्फोटक पदार्थ,
छ. अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता,
ज. मानव बेचबिखन तथा ओसारपसार,
झ. सम्पत्ति शुद्धीकरण, र
ञ. तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबार

५१. फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ को नियम ३ को (३) ले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा उल्लिखित कसुरदारबाहेकका कसुरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा वा निजले पचास प्रतिशत कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद

सजाय कारागारले तोकेबमोजिम कट्टा गर्न सक्नेछ भनी व्यवस्था गरेको छ । यसरी नकारात्मक सूचीमा रहेका बाहेक अन्य कसुरदारको हकमा मात्र कैदमा रहँदा निजको चालचलनमा सुधार आएमा वा निजले ५० प्रतिशत कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद कट्टा गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ ।

५२. यसै अदालतद्वारा रामकृष्ण बन्जारासमेत विरूद्ध नेपाल सरकारको मुद्दामा *ने.का.प. २०७५, नि.नं. ९९४१* मा कारागार नियमावली, २०२० को नियम २९ बमोजिम कैदीको असल चालचलनको मूल्याङ्कन गरे पनि हुने, नगरे पनि हुने कुरा होइन भन्ने प्रस्ट छ । नियममा "सकिनेछ" भन्ने शब्द प्रयोग भएको कारणबाट नै यसलाई स्वेच्छाचारी किसिमको स्वविवेकीय अधिकारको रूपमा हेर्न मिल्दैन । कारागारमा रहेका हरेक कैदीको चालचलनको नियमित रूपमा यथार्थपरक मूल्याङ्कन गरिनु अनिवार्य छ । यसरी मूल्याङ्कन गर्दा "असल चालचलन" देखिएका कैदीहरूलाई तोकिएको कैद सजाय छोट्याउनु पर्दछ भने "खराब चालचलन" देखिएका कैदीहरूका हकमा नियम २९ बमोजिमको सुविधा नदिने अवस्था रहन्छ । यसरी मूल्याङ्कन गर्ने कुरामा सम्म स्वविवेकको प्रयोग गरिनु पर्ने हुन्छ ।

५३. कारागार नियमावली, २०२० को नियम २९(२) बमोजिमको कामकाजीबापतको सुविधा दिने सन्दर्भमा "बफादारीसाथ" प्रत्येक कारागारले आ-आफ्नो कारागारमा रहेका हरेक कैदीका सम्बन्धमा "चालचलन" सम्बन्धी अभिलेख अनिवार्यरूपमा खडा गरी राख्नु पर्दछ र मूल्याङ्कन गर्ने कार्यलाई नियमित र यथार्थपरक तुल्याउनु पर्दछ । यसरी भएको मूल्याङ्कनका आधारमा नियमद्वारा निर्धारित सीमा हद तथा प्रक्रिया अनुशरण गरी कैदीलाई ठेकिएको कैद छोट्याउनु पर्ने भनी आदेश भएको देखिन्छ ।

५४. उपरोक्त फैसलापश्चात् कस्ता कसुरमा माफी मिनाहा र मुलतवी दिने भन्ने विषयमा फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ लागू भइसकेको र सोको नियम ४ मा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ३७ अनुसार प्रत्येक कारागारले कैदीको चालचलनको अभिलेख कारागारले राख्ने तथा नियम ६ बमोजिम ५० प्रतिशत कैद सजाय भुक्तान भएको प्रमाणसहित आएको निवेदनउपर जाँचबुझ गरी कैदीको चालचलनसम्बन्धी अभिलेखसमेत संलग्न राखी, आफ्नो सिफारिससहित प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्ने र प्रमुख जिल्ला अधिकारीले सोही बेहोरा खुल्लाई कैदकट्टाको लागि कारागार व्यवस्थापन विभागमा सिफारिस गर्नुपर्ने, उक्त सिफारिससहितको निवेदन जाँचबुझ गर्दा ऐन तथा नियमावलीबमोजिम कसुरदारलाई लागेको कैदकट्टा गर्न मनासिब देखिएमा विभागले एकमुष्ठ विवरण तयार गरी कैद कट्टाको निर्णयको लागि गृह मन्त्रालयमा पठाउनु पर्ने र ऐ. नियमावलीको नियम ७ बमोजिम नेपाल सरकारको निर्णयसहित स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने, नियमबमोजिम राष्ट्रपतिबाट कैद कट्टा गर्ने गरी स्वीकृति प्राप्त भएपछि मन्त्रालयले सो निर्णयबमोजिम कसुरदारको कैद कट्टा गर्न विभागमार्फत सम्बन्धित कारागारमा लेखी पठाउनु पर्ने व्यवस्था रहेको देखिन्छ । विपक्षीमध्येका कारागार व्यवस्थापन विभागले कैदी बन्दीहरूको कैद छुट माफी मिनाहा तथा कैद कट्टालगायतको कार्य नेपाल सरकारको नीति र वर्तमान कानूनी प्रावधानअनुरूप भएको र विपक्षी गृह मन्त्रालयले कैद (कट्टी) नियमावली, २०७६ लागू भई ५० प्रतिशत कैद भुक्तान गरेको कैदीलाई नियमानुसार कैद छुट पाएका छन् भन्ने जिकिर लिएबाट समेत कैदी बन्दीहरूको कैदकट्टा तथा कैद छुट माफी मिनाहासम्बन्धी कामकारबाही भइरहेको देखिँदा सो सम्बन्धमा केही बोलिरहनु परेन ।

५५. अब संविधानको धारा २७६ बमोजिम राष्ट्रपतिबाट माफी मिनाहा गर्दा नकारात्मक सूचीमा रहेको कसुरमा

माफी मिनाहाको लागि घोषणा गर्न मिल्ने वा नमिल्ने प्रश्नमा विचार गर्दा, संविधानको धारा २७६ ले राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनबमोजिम माफी, मुल्तबी परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिँदा कानूनले नै कुन कुन प्रकृतिका कसुरमा सजाय छुट दिने वा नदिने भन्ने विषय विद्यायिकी विवेकमा (Legislative wisdom) रहने र नेपालको संविधानको धारा १२६ ले "संविधान, कानून र न्यायका मान्य सिद्धान्तभन्दा बाहिर गई न्यायिक अधिकारको प्रयोग हुन नसक्ने" भनी व्यवस्था गरेको परिप्रेक्ष्यमा यसरी कानूनमा नै नकारात्मक सूचीमा रहेका कसुरहरूको हकमा कैद कट्टा वा माफी मिनाहा गर्न नमिल्ने भनी उल्लेख भएकोमा अदालतले कानूनभन्दा बाहिर गएर नकारात्मक सूचीमा रहेका कसुर र कसुरदारको हकमा कैद कट्टा र माफी मिनाहाको सुविधा कार्यान्वयन गर्नु भनी आदेश जारी गर्न मिल्ने देखिएन।

५६. यसै सम्बन्धमा संसद्को राज्य व्यवस्था समितिले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा रहेको कैद कट्टा नहुने कसुरहरूको सूचीमा पुनरावलोकन गरी ऐन संशोधनको कारबाही अगाडि बढाउने भनी मिति २०७७।३।३ मा बसेको बैठकबाट निर्णय भएको देखिएबाट संसद्को जिम्मेवार समितिले समेत यस विषयलाई गम्भीरतापूर्वक लिएको देखिन्छ । तसर्थ माफी मिनाहाका लागि नकारात्मक सूचीमा रहेका कसुरलाई सूचीबाट हटाउनको लागि नेपालको संविधानको धारा ११४ बमोजिम आवश्यक अध्यादेश लगायतका कानूनी व्यवस्था गर्न परमादेश जारी गर्नु भन्ने निवेदन माग रहेको छ त्यसतर्फ तत्काल आवश्यक परेको खण्डमा कोभिड-१९ को महामारीले कारागारको भयावहताको स्थितिलाई ध्यानमा राखी संसद् नचलेको समयमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सकिने नै हुँदा सो विषयमा हाल केही बोलिरहनु परेन।

५७. यद्यपि प्रचलित कानूनले ज्यानसम्बन्धी कसुरलाई नकारात्मक सूचीमा राखे तापनि यसअघि कारागार नियमावली, २०२० को नियम २९(१) ले ज्यानसम्बन्धी कसुरलाई नकारात्मक सूचीमा नराखेको तर फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७(क) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४) मा जन्म कैदको सजायलाई नकारात्मक सूचीमा राखेको हुँदा प्रस्तुत ऐन आउनु अघिसम्म कैद सजाय भोगेका कैदी बन्दीका हकमा पुरानो कानूनबमोजिमको सुविधा पाउने हकबाट वञ्चित गर्न मिल्ने देखिँदैन। "कानूनको पश्चात्दर्शी असर हुनु हुँदैन" भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको छ। नेपालको संविधानको धारा २०(४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाका अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भनी व्यवस्था गरिएको छ। तसर्थ वर्तमान कानून लागू हुनुअघि नकारात्मक सूचीमा नरहेका कसुरहरूको हकमा साबिकका कसुरदारहरूलाई माफी मिनाहाको सुविधा उपलब्ध गराउनु भनी कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालयका नाममा परमादेश जारी गरिएको छ।

५८. **प्रश्न नं. ५** अर्थात् जोखिमतालाई मध्यनजर राखी सार्वजनिक बिदाको गणना गरी कैद कट्टी गर्ने व्यवस्था गर्न कैद वा जरिवाना तोकेका कैदीहरूको हकमा कैद भुक्तान भइसकेको वा कैद कट्टा तथा माफी मिनाहाका लागि योग्य भएका तर जरिवाना तिर्न बुझाउन असमर्थ भएका कारण कैदमा बस्नुपरेका कैदीहरूको हकमा समेत जरिवाना माफी मिनाहाका लागि तथा पुर्पक्षको निमित्त थुनामा रहेका सम्पूर्ण बन्दीहरूलाई

तारिख वा हाजिर जमानीमा छाड्न आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी रहेकोमा कैदी बन्दीले कानूनबमोजिमको सुविधा पाइरहेको अवस्थामा बिदासमेत गणना गरी कैद कट्टा गरिपाउँ भन्नेसमेतको मागदाबी अनुचित र असान्दर्भिक रहेको, फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ लागू भई ५०% कैद भुक्तान गरेका कैदीहरूले कैद छुट पाइरहेका छन् भन्ने समेतको लिखित जवाफ रहेको देखिन्छ। निवेदकहरूले सार्वजनिक बिदाको दिनको गणना गरी कैद कट्टा गर्नका लागि यस प्रकारको कानूनी व्यवस्था कुन कुन मुलुकमा प्रचलनमा रहेको छ भन्ने कुरा निवेदनमा किटानीका साथ नखुलाई विभिन्न मुलुकहरूमा रहेको बेहोरासम्म उल्लेख गरेको देखिन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४० मा "कैद अवधिको गणना गर्दा हिरासतमा वा थुनामा रहेकोमा त्यस्तो मितिदेखि र हिरासतमा नरहेकोमा कारागारमा बसेको मितिदेखि गणना गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसरी कैद गणनाको सम्बन्धमा कानूनले नै स्पष्ट रूपमा व्यवस्था गरेको र सार्वजनिक बिदाको गणना सम्बन्धमा कानूनी प्रावधानमा केही उल्लेख नभएको हुँदा कानूनभन्दा बाहिर गई सार्वजनिक बिदाको गणना गरी कैद कट्टी गर्नु भनी आदेश गर्न मिल्ने देखिएन।

५९. केही निश्चित मापदण्ड पूरा भएका कैदी बन्दीहरूलाई कैद सजाय छुट दिनको लागि कारागार ऐन, २०१९, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, कारागार नियमावली, २०२० र फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ समेत लागू भई कार्यान्वयनमा आएको देखिन्छ। साथै फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ को नियम ५ (१) (ग) ले कैदी बन्दीले कैद कट्टाको लागि जरिवाना बुझाएको वा कैद बसेको प्रमाणित गर्ने कागजातसहित निवेदन पेस गर्न सक्ने भनी व्यवस्था गरेको देखिन्छ। तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. ले जरिवाना वा सरकारी बिगोबापत कैद ठेक्नुपर्दा ऐनमा लेखिएको कैदको हदमा नबढ्ने गरी "कैद वा जरिवाना दुवै सजाय भएकोमा जरिवाना नतिरेवापतको कैद ठेक्नुपर्दा चार वर्षभन्दा बढी अवधिको कैद ठेक्नु हुँदैन। तर नाबालकलाई जरिवाना नतिरेबापत कैद ठेक्नुपर्दा उमेर पुगेका व्यक्तिलाई कैदको आधामा नबढ्ने गरी कैद ठेक्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ ले जरिवानाको सजाय कार्यान्वयनका सम्बन्धमा उक्त ऐनको दफा १६२(४) को उपदफा (२) बमोजिम किस्ताबन्दीमा जरिवाना रकम बुझाउने व्यवस्था भएकोमा वा मुद्दाको कारबाहीको सिलसिलामा कैद वा थुनामा परी सजाय भुक्तान गरिसकेकोमा वा दफा १३७ बमोजिम राखिएको धरौट वा जमानतबाट जरिवानाको रकम असुल हुने भएमा बाहेक कसुरदारले जरिवानाको रकम तत्काल नबुझाएमा अदालतले जरिवानाबापत कैद गर्न सम्बन्धित कारागारका नाउँमा आदेश पठाउनुपर्ने तथा दफा १६२ को उपदफा (४) बमोजिम आदेश भएकोमा जरिवाना नबुझाउने कसुरदारले जरिवानाको रकम केही बुझाई केही बाँकी राखेकोमा वा मुद्दाको सिलसिलामा कैद वा थुनामा परी त्यसरी कैद वा थुनामा परेको अवधिजति सजाय मिनाहा हुने अवस्था भएमा सोसमेत कट्टा गरी जरिवाना नबुझाएबापत हुने कैदको अवधि र जरिवानाको कूल रकमको अनुपातमा मात्र बाँकी जरिवानावापत कैद गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

६०. जहाँसम्म निवेदकहरूले कोभिड-१९ को महामारीको कारण देखाएर मुद्दा पुर्पक्षका लागि तारेख वा हाजिर जमानीमा छाडी मुद्दाको पुर्पक्ष गर्न पाउने आदेश जारी गरिपाउँ भन्ने जिकिर लिएकोमा विद्वान् सहन्यायाधिवक्ताले कोभिड-१९ को कारणले मात्र कानूनले व्यवस्था नगरेको विषयमा कैदी बन्दीहरूलाई

तारेखमा र हाजिर जमानीमा छाड्न मिल्दैन भनी बहस जिकिर प्रस्तुत गर्नुभएको देखिन्छ। हाल प्रचलनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७, ६८, ६९, ७०, ७१ ले धरौटी जमानतसम्बन्धी व्यवस्था गरेको छ। ऐ. ऐनको दफा ६७ मा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा निश्चित प्रकृति अपराधमा अभियुक्तलाई थुनामा नै राख्नुपर्ने व्यवस्था गरे तापनि दफा ६७(३) मा "उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसुरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागी अशक्त भएको वा सात महिनाभन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्षमाथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानतले तारेखमा छोड्न सक्ने व्यवस्था रहेको", दफा ६८ ले दफा ६७ को अवस्थामा बाहेक धरौट जमानत लिन सक्ने व्यवस्था गरेको तथा दफा ७१ मा "कारबाहीको जुनसुकै अवस्थामा पनि थुनुवा वा जमानतमा राख्न सकिनेः (१) मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थाअनुसार दफा ६७ बमोजिम थुनामा राख्न वा दफा ६८ बमोजिम निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ र सुरूमा पुर्पक्षको लागि अभियुक्तलाई थुनामा नराखेको वा निजसँग धरौट, जमानत वा बैंक जमानत नलिएको कारणले मात्र पछि निजलाई थुनामा रख्न वा निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न अदालतलाई बाधा परेको मानिने छैन भन्ने व्यवस्था रहेको तथा दफा ७१ (२) दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ" भन्ने व्यवस्था रहेकोमा कोभिड-१९ को महामारीको अवस्थामा मुद्दाको मिसिल प्रमाण अभियुक्तको अवस्थामा आधारित भएर न्यायाधीशले उक्त कानूनी दफाहरूका आधारमा कारबाहीको अवस्थामा उपयुक्त निर्णय गर्न सक्ने नै हुँदा त्यसतर्फ केही बोलिरहनु परेन।

६१. माथिको प्रकरणमा उल्लिखित कानूनी व्यवस्थाहरूलाई हेर्दा, सार्वजनिक बिदा गणना गरी कैद कट्टा गर्ने विषय जरिवाना तिर्न बुझाउन असमर्थलाई माफी दिने विषय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, कारागार ऐन, २०१९, कारागार नियमावली, २०२० र फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ मा नै स्पष्टरूपमा व्यवस्था रहेको देखिँदा कानूनको दायरको विषयमा कानून नै पुनरावलोकन भई संशोधन नभएसम्म प्रचलित कानूनी प्रावधानहरूभन्दा बाहिर गई यस अदालतबाट आदेश जारी गर्न मिल्ने देखिएन।

६२. आज विश्वले नै थुनुवा कैदी उच्च जोखिममा रहेको वर्गको रूपमा मान्यता दिई Prison health is public healthको रूपमा हेरी कोभिड-१९ को महामारीसँग लड्न शारीरिक दुरी कायम गर्ने एउटा रणनीतिको रूपमा स्वीकार गरेको अवस्थामा हालको कारागारको भिडभाडको स्थिति रहेकोमा सङ्क्रमणको थप फैलावटको रोकथाम गर्न कैदी बन्दीको विना भेदभाव स्वास्थ्यको हेरचाह र उपचारको पहुँचको सुनिश्चित गर्दै जीवनको रक्षा गर्न अत्यन्त आवश्यक देखिन्छ। तसर्थ आजको विषय उच्च जोखिममा कैदी बन्दीको जीवन संरक्षणको लागि तत्काल नै कारागारको भिडभाड (Overcrowding) कम गर्न नाजुक अवस्थामा रहेका बालबालिका, गर्भवती महिला, दुध खुवाइरहेको महिला तथा जटिल स्वास्थ्य समस्या भएका कैदीहरूलाई प्राथमिकताको आधारमा उनीहरूको अवस्थाको अत्यन्त सतर्कतापूर्वक (Carefully) पहिचान गरी निजहरूको स्वास्थ्यमा

हुने जोखिमतासँग कसुरको प्रकृति र सार्वजनिक सुरक्षासमेतलाई ध्यानमा राखी दुवैबिच सन्तुलन कायम गरी (Balancing Vulnerability of Detainees / Prisoners and Public Safety) संक्रामक रोग ऐन, २०२० को दफा २ प्रयोग गरी अहिले महामारी रोकथामको लागि नेपाल सरकारबाट आदेश तथा निर्णयहरू भइरहेको सन्दर्भमा तत्काल छोड्ने वा सजाय कम वा छुट गर्ने वा अन्य कुनै उपयुक्त विशेष निर्णय लिनको लागि निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ । साथै कोभिड-१९ को महामारीको विषम परिस्थितिमा प्रस्तुत रिट निवेदनमा भएका आदेशहरूको कार्यान्वयनको स्थिति देखिने प्रतिवेदन २ महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा पठाउनू । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.प्रकाशकुमार ढुंगाना

इजलास अधिकृतः नारायण सापकोटा / हिरा माया अवाल / मतिना शाक्य / श्रेया संजेल
कम्प्युटर सेटिङः चन्द्रावती तिमल्सेना
इति संवत् २०७७ साल साउन १९ गते रोज २ शुभम्----------

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
आदेश मिति : २०७७।४।२१
०७६-WO-०९६२

विषयः उत्प्रेषण / परमादेश

रिट निवेदक : ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. २ बस्ने अधिवक्ता रोशनी पौड्याल.....१
ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. २ बस्ने अधिवक्ता सरोजकृष्ण घिमिरे.....१

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौं.....१
संघीय संसद्को सचिवालय, नयाँ बानेश्वर, काठमाडौं.....१
नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति, मुकाम, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं.....१
नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं.....१
नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार काठमाडौं.....१
नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१
राष्ट्रिय सूचना आयोग, देवीनगर काठमाडौं.....१
गृह मन्त्रालय,सिंहदरबार काठमाडौं.....१

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

तथ्य खण्ड

१. रिट निवेदन बेहोरा

कोभिड-१९ को महामारीको कारणले नेपाल सरकारबाट घोषणा भएको बन्दाबन्दीको समयमा लैङ्गिक हिंसाबाट प्रभावित विशेषतः महिला तथा बालिकाहरूले आकस्मिक तथा तत्काल उद्धारका सेवाहरू र अन्य प्रकारका न्यायिक सेवाहरूमा पहुँच नपाई न्यायबाट विमुख हुनपरी नेपालको संविधानले प्रत्याभूत गरेको महिला हकको संरक्षणमा अवरोध उत्पन्न भएको छ भने अन्य कानूनबाट संरक्षित हकमा गम्भीर आघात परेको छ । त्यसैगरी महिलाको प्रजनन स्वास्थ्यमा समेत गम्भीर आघात पुग्नुका साथै राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन र अत्यावश्यक सेवा सुविधामा महिलाहरूको आवश्यकता र समस्याको

उचित सम्बोधन हुन सकेको छैन । यसका साथै विदेशी मुलुक र भारतका विभिन्न नाकाहरूमा रहेका नागरिकहरू नेपाल प्रवेश गर्न महिला तथा बालबालिका बाध्यात्मक रूपमा जोखिमपूर्ण तरिकाले बस्नु परेको अवस्था विद्यमान छ भने महिला तथा बालबालिका मनोसामाजिक असरबाट गुज्रिरहेका छन् । संघीय सरकारबाट गठित नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिमा महिलाको सहभागिता नगराएको हुँदा संविधानले निश्चित गरिसकेको अवस्थामा पनि सरकार महिला सहभागिताको सन्दर्भमा संवेदनशील भएको देखिएन । मिति २०७७ साल जेष्ठ ६ गते राष्ट्रिय सूचना आयोगबाट प्रेषित प्रेस विज्ञप्तिले कोभिड-१९ को सङ्क्रमण वा त्यसैको कारणबाट मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान स्थायी ठेगानासमेत उल्लेख गर्न आदेश गरेकोमा सो विज्ञप्तिको आदेशले व्यक्तिको संवैधानिक तथा कानूनले प्रत्याभूत गरेको गोपनीयताको हकमा समेत गम्भीर असर परेको छ ।

संवैधानिक तथा कानूनी प्रश्नः संविधानको प्रस्तावना तथा धारा १६, २८, ३५(१)(३), ३८(२)(३)(४)(५) र ४२(२) ले प्रदत्त गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, गोपनीयताको हक, निःशुल्क, आकस्मिक र स्वास्थ्य सेवामा समान पहुँचको हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, हिंसाजन्य कार्य वा शोषण विरूद्धको हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने मौलिक हकमा आघात पर्न गएको छ। त्यस्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(१), ४, सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३, ५, ७, ८, १५, २० ले प्रत्याभूत गरेको कानूनी हकमा समेत आघात परेको छ । साथै मानव अधिकारको विश्व्यापी घोषणापत्र, १९४८ को धारा १२, नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ र महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि,१९७९ को धारा ७(ख), १२, १४(२)(ख) बाट सुनिश्चित हकमा समेत आघात परेको छ ।

माग गरिएको उपचारः कोभिड-१९ र बन्दाबन्दीको अवस्थामा राज्यले महिलाका अधिकारको प्रत्याभूत, प्रचलन संरक्षण तथा प्रवर्द्धन गर्न विपक्षीहरूका नाउँमा परमादेश, उत्प्रेषणलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ ।

१. मिति २०७७।०२।०६ मा राष्ट्रिय सूचना आयोगबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोभिड-१९ बाट सङ्क्रमण वा त्यसैको कारण मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासमेत उल्लेख गर्न जारी गरेको आदेशयुक्त प्रेस विज्ञप्तिले व्यक्तिको गोपनीयताको हक उल्लङ्घन हुने र सामाजिक विभेदसमेत हुन जाने सक्ने हुँदा उक्त आदेशयुक्त प्रेस विज्ञप्ति उत्प्रेषणको आदेशले बदर गरी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ ।

२. मिति २०७६।११।१७ मा संघीय सरकारले बनाएको उच्च स्तरीय समितिमा एकजना पनि महिला सहभागिता नहुनुले समानुपातिक समावेशी सिद्धान्तको आधारमा नीति निर्माण प्रक्रियामा सहभागी हुने हकलाई लत्याएको हुँदा महिला सहभागिता गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरिपाऊँ ।

३. कोभिड-१९ को सङ्क्रमण, यसबाट सिर्जित बन्दाबन्दीलगायतका अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित विशेषत: महिलाहरूका लागि उचित आकस्मिक तथा तत्काल उद्धारका सेवाहरूलगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा उपलब्ध हुने कुराको सुनिश्चित गरी महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरी पाउन परमादेशको आदेश जारी पाऊँ।

४. स्वास्थ्य क्षेत्रमा अग्रपंक्तिमा रहेर आफ्नो भूमिका निर्वाह गरिरहेका महिला स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार तथा अत्यावश्यक सेवामा खटिएका महिलाहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न PPE लगायत स्वास्थ्य सुरक्षाका आवश्यक सरसामान तथा उपकरणहरू तत्काल उपलब्ध गर्नु गराउनु भन्ने परमादेशको आदेश गरिपाऊँ।

५. वैदेशिक रोजगार, अध्ययनलगायत अन्य विविध कारणले भारत तथा अन्य विभिन्न विदेशी मुलुक र विभिन्न नाकाहरूमा रहेका नागरिकहरूलाई नेपाल प्रवेश गराउँदा महिला तथा बालबालिकालाई प्राथमिकताकासाथ प्रवेश गराउने र लैङ्गिकमैत्री क्वारेन्टाइनको व्यवस्था गर्नसमेत परमादेशको आदेश जारी गरिपाऊँ।

६. महिलाहरूमा पर्न गएका असर, प्रभाव र न्यूनीकरण तथा समाधानका लागि प्रभावकारी मनोसामाजिक सेवा प्रवाह प्राथमिकताका साथ गर्न गराउन र नेपाल सरकारले गर्ने हरेक नीति निर्माण प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्नु गराउनु भन्ने उपयुक्त आदेश गरिपाऊँ।

७. कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपत्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपत, प्रकोप वा महामारीका अवस्थामा लैङ्गिकमैत्री व्यवस्थापन तथा न्यायोचित सम्बोधन र न्यायमा पहुँच सुनिश्चित गर्न महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को आवश्यकता भएकोले सोबामोजिमको कानूनको तर्जुमा गर्न गराउन परमादेशसहितको उपयुक्त अन्य आदेश जारी गरिपाऊँ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। अन्तरिम आदेशको मागको सम्बन्धमा विषयवस्तुको प्रकृति र महत्त्वलाई विचार गर्दा, दुवै पक्षको छलफलपश्चात् निर्णयमा पुग्दा मनासिब हुने भएकोले मिति २०७७।०२।२० गते अन्तरिम आदेश जारी गर्ने नगर्ने विषयमा हुने छलफलमा उपस्थित हुनु भनी विपक्षीलाई सूचनाको म्यादसमेत दिनु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।२।१६ को आदेश।

३. **<u>गृह मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा कुनै पनि बेला हुनसक्ने स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको

माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी प्राप्त भएका उपलब्धिको रक्षा गर्दै नागरिकको जिउ ज्यान स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न यस मन्त्रालयसमेतको सक्रियता रहने छ । नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिवद्ध रहेको छ । गृह मन्त्रालयको के-कस्तो काम कारबाहीबाट रिट निवेदकलाई के कस्तो मर्का पर्न गएको हो भन्ने विषयमा रिट निवेदनमा कुनै पनि आधार र कारण देखाउन नसकेकाले रिट निवेदन खारेज गरिपाऊँ ।

४. **<u>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

सर्वप्रथमतः यस मन्त्रालयको के कस्तो कामकारबाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको हो ? सो सम्बन्धमा रिट निवेदन जिकिरमा कुनै कुरा उल्लेखसम्म गर्न नसकेको हुँदा विना आधार र कारण यस मन्त्रालयलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन । नोबल कोरोना रोगको सङ्क्रमण (कोभिड-१९) विश्वव्यापीरूपमा फैलिँदो क्रममा रहेको र छिमेकी मुलुकहरूसमेत यसबाट प्रभावित भएको तत्कालीन अवस्थामा सम्भावित सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयानुसार माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा **"नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** गठन भई क्रियाशील रहेको विशिष्ट अवस्था हो । साथै यस संक्रामक रोगलाई फैलनबाट रोक्नको लागि संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकारले मिति २०७६ चैत्र ९ मा जारी गरेको आदेश नेपाल राजपत्रमा प्रकाशित भई पटक पटक थपिँदै आएको छ । कोरोना महामारीको विषम परिस्थितिमा समेत महिला तथा बालबालिकाउपर हुनसक्ने हिंसा नियन्त्रण गर्ने तथा राज्यका संयन्त्रमा महिलाको सहभागिता गराउनेसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपाल सरकारले महिलाउपर हुन सक्ने हिंसा नियन्त्रण गर्ने सम्बन्धमा महिला हिंसा विरूद्ध शुन्य सहिष्णुताको नीति अवलम्बन गर्दै नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयन गर्दै आएको छ । जहाँसम्म महामारी तथा प्रकोप सम्बन्धी एकीकृत कानूनको तर्जुमा गराउनु भन्ने निवेदन जिकिर छ, तत्सम्बन्धमा मुलुकमा के कस्तो नयाँ कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विद्यायिकी बुद्धिमता एवम् क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले यस मन्त्रालयको नाममा आदेश जारी हुनुपर्ने पनि होइन, रिट निवेदन खारेज गरिपाऊँ ।

५. **<u>यस अदालतको मिति २०७७।२।२७ को अन्तरिम आदेश</u>**

यसमा अन्तरिम आदेश जारी हुनुपर्ने विषयमा निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूले मूलतः "**नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति**" मा महिलाहरूको प्रतिनिधित्व नरहेको, महामारीको क्रममा घरेलु हिंसाको घटना बढेको, महिलाहरूको प्रजनन स्वास्थ्यको रक्षा हुन नसकेको, सीमा प्रवेश तथा स्वास्थ्य परीक्षण र क्वारेन्टिनहरूमा महिलाहरूलाई प्राथमिकता नदिइएको र अलग्गै रहने बस्ने व्यवस्था नगरिएको आदि कुराहरू उठाउनु भएको छ ।

नेपालको संविधानले महिलाहरूसमेतको प्रतिनिधित्व रहने समावेशी राज्य संयन्त्रको परिकल्पना गरेको छ। संविधानको प्रस्तावना, धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४२ र धारा ४३ समेतका व्यवस्थाहरूद्वारा प्रत्याभूत हकहरूका सन्दर्भमा कोभिड महामारीसँग सम्बन्धित उच्च स्तरीय संयन्त्रमा महिलाहरूको सहभागिता रहनुपर्छ भन्नु संविधानका व्यवस्थाहरूप्रति राज्य संयन्त्रको पूर्ण आस्था र समर्पण रहनु पर्छ भन्नु नै हुँदा संविधानको यो अभिष्टलाई विपक्षीहरूले हेर्न सक्ने र नहेरिएमा अन्तिम सुनुवाइ हुँदा विचार हुन सक्ने नै देखिन्छ।

अन्तरिम आदेशद्वारा तत्काल सम्बोधन गरिनुपर्ने कुराहरूमा मुख्य रूपमा प्रजनन स्वास्थ्यको रक्षा, सुरक्षा र गोप्यतासँग सम्बन्धित विषय उठाइएकोले सोही विषयहरूसँग सीमित रही संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम देहाय बमोजिम गर्न, गराउनको लागि अन्तरिम आदेश जारी गरिएको छ:

१. कोभिड-१९ को महामारीको सन्दर्भमा यसअघि विभिन्न मितिहरूमा यस अदालतबाट विभिन्न आदेशहरू जारी भएका छन्। ती आदेशहरूको मुख्य प्रयोजन महामारीबाट प्रभावित जनताहरूको के कसरी प्रभावकारी रूपमा रक्षा गर्न सकिन्छ भन्ने नै हो। संविधान प्रदत्त हकहरूको रक्षा गर्नु यस अदालतको कर्तव्य हो। संविधानको रक्षा गर्दा नै संविधानले हामी सबैको रक्षा गर्न सक्छ भन्ने मान्यतामा आदेशहरू जारी भएका हुन्। ती कुनै न्यायिक महत्त्वाकांक्षा वा लहडका उपज होइनन्। यसै क्रममा मिति २०७७।१।५ मा आदेश जारी हुँदा पैदलै घर फर्किरहेका व्यक्तिहरूलाई सुरक्षापूर्वक र निःशुल्क यातायातको व्यवस्था गरी घर पुऱ्याउनु भनी आदेश गर्ने क्रममा "महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूको विशेष सुरक्षा गर्नु र प्राथमिकतामा राख्नु" भन्नेसमेत उल्लेख भएकै छ। यसो भन्नुको मुख्य कारण कोभिड भाइरसले कसैलाई नछाड्ने भए पनि यसको प्रभाव भने सबैमा बराबर नहुने भएर नै हो। महामारीबाट महिला र विशेषतः सुत्केरी, गर्भिणी वा स-साना बालबालिकासहितका महिला, वृद्ध तथा अस्वस्थ अवस्थामा रहेका व्यक्तिहरूको विशेष रूपमा रक्षा गर्नुपर्ने हुँदा त्यस्ता व्यक्तिहरूलाई नेपालको सीमामा प्रवेश गर्दाको अवस्थादेखि क्वारेन्टिन वा आइसोलेसनमा रहँदा सुरक्षासाथ अलग राखी विशेष हेरचाहको व्यवस्था गर्ने।

२. बन्दाबन्दीको अवस्थामा महिलाहरूले विशेष रूपमा घरेलु र अन्य प्रकारका हिंसाहरू भोग्नुपरेका कुरा उठेका छन्। नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय घोषित गरेको छ। यो हकको उपयोग महिलाहरूलाई न्यायमा सहज पहुँच सुनिश्चित हुँदा मात्र हुन सक्ने हुन्छ। तसर्थ, बन्दाबन्दीको कारण देखाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ बमोजिम पर्ने उजुरी लिन र त्यसमा गर्नुपर्ने कानूनबमोजिमको अनुसन्धान कारबाही आदि नरोक्नु भनी विपक्षीहरूलाई सूचित गर्नू। साथै सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम उजुरी पर्न आए तत्काल दर्ता गरी कानूनबमोजिम तत्कालै आवश्यक कार्य गर्ने भनी सबै जिल्ला अदालतहरूलाई सर्वोच्च अदालतबाट लेखी पठाउनू।

३. महिलाउपर हुने हिंसाका सन्दर्भमा राष्ट्रिय महिला आयोगमा एउटा ११४५ नं. को हेल्प लाइन टेलिफोन रहेको तर सो हेल्प लाइनबाट कुनै कारबाही हुन नसकेको भन्ने जिकिर बहसमा उठ्यो। तसर्थ यसमा के कसो भएको हो हेर्ने र महिलाहरूको सुरक्षा, हित रक्षामा कुनै पनि प्रतिकूल प्रभाव पर्न

नदिनु र मन्त्रालयको तहबाट थप हेल्प लाइनको व्यवस्था गर्नु भनी विपक्षी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई लेखी पठाउनू।

४. कोभिड-१९ को कारण महिलाहरूको प्रजनन स्वास्थ्यमा प्रतिकूल असर परेको भन्ने कुरा निवेदनमा उठाइएको छ। नेपालको संविधानको धारा ३८(२) ले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई महिलाको हकको रूपमा प्रत्याभूत गरेको छ। यो हकको प्रचलन सहज रूपमा हुनुपर्छ र कुनै पनि हालतमा रोकिनु हुँदैन। गर्भवती महिलाहरूको समय समयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरू तथा नाबालक शिशु बालबालिकाहरूले लिनुपर्ने खोप तथा सुईहरू प्राप्त गर्ने कुरालाई कुनै रूपमा पनि प्रभावित हुन नदिनू।

५. निवेदनमा प्रभावित व्यक्तिको गोप्यताको हकको कुरा पनि उठेको छ। एकातर्फ व्यक्तिको गोप्यताको हक अनतिक्रम्य छ भने अर्कोतर्फ सरकारद्वारा जनहितमा सूचनाहरू जारी गर्नुपर्ने हुन्छ। तसर्थ प्रभावित व्यक्ति तथा निजको परिवारमा पर्न सक्ने असरसमेतलाई विचार गरी सम्बन्धित व्यक्तिको सहमतिले मात्र व्यक्तिगत सूचनाहरू प्रचार प्रसार गर्ने गराउनू। निवेदनमा उठाइएका र बहसमा जिकिर लिइएका अन्य कैयौं कुराहरूमा यसअघि यस अदालतबाट ०७६-WO-०९३३, ०७६-WO-०९३८, ०७६-WO-०९५८ लगायतका रिट निवेदनहरूमा विभिन्न मितिमा आदेश भइसकेका र प्रस्तुत आदेशलाई पनि आनुषङ्गिक रूपमा हेरी कार्यान्वयन गर्नु गराउनु भनी प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नू।

६. **<u>राष्ट्रिय सूचना आयोगका तर्फबाट परेको लिखित जवाफ</u>**

हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का सम्बन्धमा संक्रमित वा मृत्यु भएको व्यक्तिको गोपनीयताको हकका सम्बन्धमा राष्ट्रिय सूचना आयोग जानकार र संवेदनशील छ। कतिपय अवस्थामा व्यक्तिगत प्रकृतिका सूचनाहरू प्रकाशन, प्रसारण तथा सामाजिक सञ्जालमा सार्वजनिक भइरहेको पाइएको र यसबाट सम्बन्धित व्यक्ति र परिवारमा दु:खदायी र दुरगामी प्रभाव पर्ने हुनसक्छ। कोरोना भाइरसबाट संक्रमित व्यक्तिको स्थायी ठेगाना र अहिले बसोबास गरिरहेको स्थान वा सङ्क्रमण हुँदाको स्थान फरक फरक हुन सक्ने र एउटा मात्र स्थानका बारेमा उल्लेख गर्दा सर्वसाधारणमा भ्रम तथा अन्यौलता हुने भएकोले यसरी प्रवाह भइरहेको सूचनामा थप स्पष्ट गराई सर्वसाधारणमा सिर्जना भएको अन्यौल हटाउन आवश्यक देखिएकोले राष्ट्रिय सूचना आयोगबाट मिति २०७७।०२।०६ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नुपर्नेछ भन्ने व्यवस्था गरेकोतर्फ ध्यानाकर्षण गराउँदै कोरोना भाइरसको सङ्क्रमण वा यसैका कारण मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासम्म उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा १९ को खण्ड (ट) बमोजिम आदेश जारी भएको हो। अत: निवेदकले उल्लेख गरेबमोजिम राष्ट्रिय सूचना आयोगबाट व्यक्तिको वैयक्तिक गोपनीयतामा असर पर्ने कुनै आदेश वा निर्णय भएको छैन। यसरी राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आयोगलाई प्राप्त अधिकारको प्रयोग गरी भएको आदेशबाट कुनै पनि व्यक्तिको वैयक्तिक गोपनीयताको

हकको उल्लङ्घन हुने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ ।

७. **<u>संघीय संसद् सचिवालयको तर्फबाट परेको लिखित जवाफ</u>**

विपक्षी निवेदकहरूले दाबी लिनु भएको विषयमा संघीय संसद् सचिवालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख नभएको हुँदा रिट निवेदन प्रथमदृष्टिमा नै खारेजभागी छ । कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपद्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपद्, प्रकोप वा महामारीको अवस्थामा महिला र बालबालिकाको आवश्यकता तथा समस्याहरूको व्यवस्थापन, लैङ्गिकमैत्री एवम् न्यायोचित सम्बोधनका लागि महिला तथा बालबालिकालाई विशेष वर्गको रूपमा मान्यता दिई न्यायमा पहुँच सुनिश्चित गर्नका लागि प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को तर्जुमा गर्नु गराउनु भन्ने विषय छ, तत्सम्बन्धमा नेपाल सरकारबाट सोअनुरूपको विधेयकको मस्यौदा संघीय संसद्मा प्रस्तुत भएमा संसदीय विधि र प्रक्रियाबमोजिम विधेयक पारित गर्ने सन्दर्भमा यस सचिवालयबाट आवश्यक प्रशासकीय सहयोग रहने नै हुँदा यस सचिवालयको नाममा रिट निवेदकको मागबमोजिमको कुनै पनि आदेश जारी हुनु पर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ ।

८. **<u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

कोभिड-१९ बाट संक्रमित तथा सोका कारण मृत्यु हुनेहरूको विवरण सार्वजनिक गर्दा निजहरू तथा निजहरूको परिवारप्रति हुने सामाजिक विभेद र निजहरूको गोपनीयताको हकको सम्बन्धमा मन्त्रालय सदैब सजग सतर्क रहँदै विवरण सार्वजनिक गर्ने गरिएको छ र मन्त्रालयले गोपनीयताको हकको सदैब सम्मान गर्दछ । अर्कोतर्फ यो सङ्क्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा तत्कालै फैलने भएको हुँदा अन्य व्यक्तिलाई संक्रमित हुनबाट जोगाउन तथा समुदायलाई सुरक्षित राख्न संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको ट्रेसिङ र ट्र्याकिङ्ग गर्ने कार्यसमेत यसै मन्त्रालयको क्षेत्राधिकारको विषय भएको हुँदा उक्त प्रयोजनको लागि संक्रमित व्यक्तिको यथार्थ विवरण आवश्यक हुन्छ । यस परिस्थितिमा यस मन्त्रालयले WHO को मापदण्डबमोजिम कार्य गरिरहेको छ ।

कोभिड-१९ को यस महामारीको समयमा समेत संविधानद्वारा प्रदत्त नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको हक तथा लैङ्गिक हिंसा प्रभावित, मानसिक स्वास्थ्य समस्यामा परेका, दुर्घटनामा परेका व्यक्ति, आकस्मिक स्वास्थ्य उपचार आवश्यक पर्ने व्यक्तिलगायत नागरिकहरूको स्वास्थ्य उपचार प्राप्त गर्ने हक सुनिश्चित गर्नका लागि सबै स्वास्थ्य संस्थाहरूलाई आफूले प्रदान गर्ने स्वास्थ्य सेवाहरू सुचारू गर्न, मन्त्रालयले पटक पटक अस्पतालहरूलाई निर्देशन दिनुका साथै समय समयमा प्रेस विज्ञप्तिसमेत जारी गर्ने गरेको छ । यस सम्बन्धमा नेपाल मेडिकल काउन्सिलले समेत सबै अस्पतालहरूले स्वास्थ्य उपचारको व्यवस्था मिलाउन विज्ञप्ति जारी गरेको छ । सरकारको निर्देशनको अवज्ञा गर्ने अस्पताललाई स्पष्टीकरण सोधिएको छ । लकडाउनको अवधिमा बिरामीलाई अस्पताल आउन जानका लागि सहज हुने सन्दर्भलाई मध्यनजर गरेर बिरामीको

उपचार व्यवस्थापनमा सहजीकरण गर्न पेसेन्ट ट्रान्सफरटिमसम्बन्धी निर्देशिका तयार गरी त्यसअनुसार कार्य गरिँदै आइएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट डब्लु.एच.ओ. को गाइडलाइनबमोजिमको क्वारेन्टाइनसम्बन्धी कार्यविधि स्वीकृत भई लागू भएको र उक्त कार्यविधिबमोजिम क्वारेन्टाइनको व्यवस्थापन तथा गुणस्तरको अनुगमन केन्द्रिय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेशस्तरीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले तथा जिल्लाको कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले गर्ने व्यवस्था मिलाइएको छ भने क्वारेन्टाइनको लागि चाहिने स्वास्थ्यकर्मीको व्यवस्थापन मन्त्रालय, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहको आपसी समन्वयमा गर्ने गरिएको छ। क्वारेन्टाइनमा बस्दा अपनाउनु पर्ने कार्यविधि नियम फाराम तयार पारी वेवसाइटमार्फत सबैको पहुँचमा पुऱ्याइएको छ।

हाल प्रचलनमा रहेको संक्रामक रोग ऐन, २०२० ले सङ्क्रमणको महामारीको समयमा नेपाल सरकाले आवश्यक व्यवस्था गर्न सक्ने र नेपाल सरकारले गरेको व्यवस्था कार्यान्वयनमा बाधा गर्ने तथा सो व्यवस्थाको उल्लङ्घन गर्नेलाई सजायसमेतको व्यवस्था गरेको छ भने जनस्वास्थ्य सेवा ऐन, २०७५ ले आपतकालीन स्वास्थ्य सेवाको व्यवस्थापन, जनस्वास्थ्य विपदको घोषणा व्यवस्थापन, संक्रामक रोगको रोकथाम, सूचना व्यवस्थापन तथा उपचारको व्यवस्थापन जस्ता विषयहरू पर्याप्त मात्रामा व्यवस्था गरेको हुँदाहुँदै महामारी तथा प्रकोप नियन्त्रणसम्बन्धी छुट्टै कानून निर्माण गरी राज्यलाई थप आर्थिक व्ययभार सिर्जना गर्नसमेत मनासिब नहुने विद्यमान अवस्थामा मागदाबीबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ।

९. **<u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम महिला तथा बालबालिकाको आवश्यकता, समस्याहरूको व्यवस्थापन तथा विपत्, प्रकोप वा महामारीको अवस्थामा महिला, बालबालिकाको आवश्यकता र समस्याहरूको व्यवस्थापन, महिला तथा बालबालिकालाई विशेष वर्गको रूपमा मान्यता दिई न्यायमा पहुँच सुनिश्चित गर्ने माग राखी यस महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसमेतलाई विपक्षी बनाई दिनु भएको रिट निवेदनमा, यस मन्त्रालय संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान गर्न प्रतिवद्ध छ। नेपालको संविधानको धारा ३८ मा रहेको महिलाहकको कार्यान्वयन सम्बन्धमा यस मन्त्रालय प्रतिवद्ध भई सोसम्बन्धी देहायबमोजिमका विभिन्न कार्यहरू गर्दै आइरहेको छ:

१. यस मन्त्रालयको मिति २०७७/०२/२० को निर्णयबाट गर्भवती र सुत्केरी महिलाको विशेष संरक्षण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको बेहोरासमेत अनुरोध छ।
२. मिति २०७७/२/२० को पत्रबाट कोभिड-१९ महामारीको कारण रोजगार गुमाएका संकटापन्न समुदायका महिला तथा तिनका परिवारलाई कार्यक्रममा प्राथमिकताका साथ सम्बोधन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्राचार गरिएको।
३. मिति २०७६/१२/२१ मा राहत वितरणका लागि विशेष संरक्षण गर्नुपर्ने क्षेत्रलाई प्राथमिकतामा राख्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहमा पत्राचार

गरिएको ।

४. नेपाल टेलिभिजनलगायत आमसञ्चारको माध्यमबाट कोभिड-१९ ले पर्ने प्रभाव, रोकथाम, लैंगिक हिंसा न्यूनीकरण, बालबालिकाको सुरक्षा, अपाङ्गता भएका व्यक्तिको स्याहार, सुसारलगायतका जनचेतनामूलक संदेश प्रसारणमार्फत जागरण गरिएको ।

५. विपदको समयमा चलायमान हुने Gender In Humanitarian Action (GHIA) को माध्यमबाट लैंगिक हिंसा न्यूनीकरणका लागि सरोकारवालाबाट उठान भएका सवालबमोजिम निकायगत समन्वय गरिरहेको ।

६. क्वारेन्टाइन स्थल अनुगमनका लागि यस मन्त्रालय तथा UN Women को सहकार्यमा लैंगिक तथा सामाजिक समावेशीकरण रूजुसूची (चेकलिष्ट) तयार पारिएको ।

७. राष्ट्रिय महिला आयोगबाट कोभिड-१९ बाट पर्ने प्रभाव, रोकथाम गर्न विभिन्न पहलहरू हुँदै आएको छ:

   क. महिला हिंसाका घटनाका उजुरी फोनको माध्यमबाट जम्मा १९०७ वटा फोन कल लिएकोमध्ये जानकारी कल ९८९ र त्यस्को फलोअप कल जम्मा ९१८ लिएको ।

   ख. राष्ट्रिय महिला आयोग र गैरसरकारी संस्थाको संयुक्त पहलमा विभिन्न सेवाहरू दिँदै आइरहेको छ । जस्तैः मनोसामाजिक परामर्श (४८३ जनालाई), कानूनी परामर्श (१९२), कानूनी मुद्दासम्बन्धी कार्य (१६), अदालतमा प्रतिरक्षा (८), संरक्षण (४: जसमध्ये ३ जना साथी संस्थामा र १ जना CWIN मा), मानसिक स्वास्थ्य सेवा (मनोविमर्श ७), Emergency Relief (१६), र Recreational Activities (८ जना) लगायतका सेवाहरू सक्रिय रूपले प्रदान गर्दै आइरहेको छ ।

त्यसैगरी यस बन्दाबन्दीको अवस्थामा पनि यस मन्त्रालयबाट महिला र बालिकाहरूका लागि उचित आकस्मिक तथा तत्काल उद्धारका सेवाहरू सञ्चालन भइरहेका छन् र दोषीलाई कारबाहीको दायरामा ल्याउने कार्य पनि भइरहेको छ । तसर्थ, यस मन्त्रालयले सक्दो रूपमा यस विपद्को समयमा संवेदनशील रही प्राथमिकताका साथ कार्य गरिरेको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ ।

१०. **<u>नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति विघटन भई सोको तर्फबाट COVID-19 Crisis Management Center को निर्देशक समितिको तर्फबाट तथा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट परेको लिखित जवाफ</u>**

नेपाल सरकार नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको पूर्ण प्रत्याभूति गर्न प्रतिवद्ध छ । स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयनमा छ । कोभिडको महामारी नियन्त्रण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० कार्यान्वयनमा रहेको र यसै ऐनबमोजिम संक्रामक रोगका सम्बन्धमा विशेष व्यवस्था गरिएको छ । त्यसैगरी राष्ट्रिय स्वास्थ्य नीति, २०७६ कार्यान्वयनमा रहेको छ । स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी उपलब्धिको रक्षा गर्दै स्वास्थ्य क्षेत्रमा विद्यमान नयाँ चुनौतीलाई सही

ढङ्गले सम्बोधन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुन:स्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागू भई सोहीबमोजिम काम कारबाही भइरहेको छ। विदेशबाट नेपाल आउन चाहने तथा विदेशमा अप्ठेरोमा परेका नेपालीको लागि स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ जारी भई सोही आदेशबमोजिम प्राथमिकताको आधारमा स्वदेश आउने क्रम जारी छ। कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको लागि आवश्यक कोषको समेत व्यवस्था गरिएको छ।

कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार, औषधि तथा स्वास्थ्य सामग्रीहरूको उपलब्धता, आगमन व्यवस्थापन, क्वारेन्टिन स्थलहरूको निर्माणलगायतका काम कारबाही समन्वयात्मक रूपमा गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयले उपप्रधान एवं रक्षामन्त्रीको संयोजकत्वमा नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन भई सो समितिबाट नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रणका सम्बन्धमा आवश्यक कार्य भइरहेकोमा यससम्बन्धी कार्य एकै निकायबाट हुन उक्त समिति नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।२।२८ को निर्णयबाट बिघटन भई COVID-19 Crisis Management Center को निर्देशक समितिलाई पुनर्गठन गरी सो समिति क्रियाशील भई सोसम्बन्धी काम कारबाही भइरहेको छ।

जनस्वास्थ्य सेवा ऐन,२०७५ को परिच्छेद-६ मा आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापनसहितका स्वास्थ्य सेवासम्बन्धी व्यवस्था रहेको र सोहीबमोजिम स्वास्थ्य सेवाको व्यवस्थापनसमेतका काम कारबाही भइरहेको छ । विदेशबाट आएकालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको मापदण्डबमोजिमको प्रोटोकल पालना गर्ने गरी क्वारेन्टिनमा राख्ने व्यवस्था गरिएको छ। कोभिड-१९ को कारण पर्न जाने असरलाई ध्यान दिँदै महिला तथा बालबालिकालाई प्रभावित हुन नदिन विशेष व्यवस्था गरिएको छ। यस विषम परिस्थितिमा गर्भवती र नाबालकलाई पहिलो प्राथमिकतामा राखी तत्काल उपचार र उद्धारसहितका आवश्यक कार्य सम्बन्धित मन्त्रालय तथा मातहतका निकायबाट भइरहेको छ। कोभिड-१९ बाट संक्रमितको पहिचान गरी उपचार गर्ने र त्यस्ती संक्रमित एवं निजको सम्पर्कमा रहनेको समेत कन्ट्रयाक ट्रेसिङ गरी स्वास्थ्य परीक्षण हुँदै आएको छ। यस कार्यमा खटिने स्वास्थ्यकर्मीलगायत सम्पर्कमा रहने सुरक्षाकर्मी तथा अन्य कर्मचारीलाई आवश्यक पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पिपिई) लगायत अन्य सुरक्षाका सामाग्रीहरूको व्यवस्था गरिएको छ। कोभिड- १९ को परीक्षण तथा उपचार नि:शुल्क हुने व्यवस्था गरिएको हुँदा महिला स्वास्थ्यकर्मीका हकमा मात्र पिपिईको उचित प्रबन्धका लागि विषय उठान गरी निवेदन गर्नुपर्ने कुनै कारण देखिँदैन। तसर्थ, कोभिड-१९ को महामारी सम्बन्धमा नेपाल सरकारबाट माथि उल्लेख भएअनुसार आवश्यक सम्पूर्ण कार्य एवं व्यवस्थापन हुँदै आएकोले रिट निवेदन खारेज गरिपाऊँ।

आदेश खण्ड

११. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ताद्वय श्री रोशनी पौडेल, श्री सरोजकृष्ण घिमिरे र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री राघवलाल वैद्य, श्री रविनारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, श्री नारायणप्रसाद अधिकारी, श्री शेरबहादुर के.सी., श्री उषा मल्ल पाठक, डा.श्री चन्द्रकान्त ज्ञवाली, विद्वान् अधिवक्ताहरू श्री टीकाराम भट्टराई, श्री सुनिलकुमार पोखरेल, श्री मेघराज पोखरेल, श्री

खम्मबहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री सरस्वती श्रेष्ठ, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री अन्जु कायस्थ, श्री श्रीधरा कुमारी पुडासैनी, श्री मनिषकुमार श्रेष्ठ, श्री रामेश्वर नेउपाने, श्री विष्णु बस्याल, श्री शान्तिदेवी खनाल, श्री विष्णुमाया भुसाल, श्री लक्ष्मीदेवी रावल, श्री शुभास बुढाथोकी, श्री रक्षा बस्याल, श्री लक्ष्मी थापा खड्का, श्री मुकुन्द अधिकारी, श्री रजिता थापा, श्री सन्तोष भण्डारी, श्री इन्दिरा सिलवाल, श्री अमिता गौतम (पौडेल),श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री नवराज पाण्डे, श्री कमल कोइराला, श्री सुभनराज आचार्य, श्री विना पाण्डे, श्री पंकजकुमार कर्ण, श्री जनकराज आचार्य, श्री बिशालकुमार उपाध्याय, श्री बिरभद्र जोशी, श्री जनक सिंह साउद, श्री फर्शमायादेवी मगर, श्री हसिना प्रधान, श्री सृष्टि न्याछ्योले कोभिड-१९ को असर सबै जनालाई रहेको छ तर महिलाहरू अरूभन्दा अझ बढी प्रताडित छन्। महामारीको समयमा घरेलु हिंसा बढेको, बलात्कार र यौन जन्य हिंसाहरूले प्रस्रय पाएको तथा Cyber Crime हरू पनि बढेको अवस्था छ। महामारीको विषम परिस्थितिमा महिलाहरूको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी संविधान र कानून प्रदत्त हकहरूलाई प्राथमिकतासमेत नदिँदा कतिपय सुत्केरी महिलाहरूले ज्यान गुमाएको समेत स्थिति रहेको छ। यसरी कोभिड-१९ को परीक्षण, रोकथाम, उपचार, उद्धार र पुनर्स्थापनामा सरकार प्रभावकारी र लैङ्गिक संवेदनशील भएको देखिँदैन। संक्रामक रोग ऐन, २०२० र जन स्वास्थ्य ऐन,२०७५ ले महिलाको आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न सकेको पाइँदैन। नेपालको संविधानले महिला भएको आधारमा विभेद गर्न नपाउने तथा समानताको सुनिश्चितता गर्न पर्ने व्यवस्था गरेको छ। समानताको कुरा गर्दा पनि नेपालले Substantive Model of Equality With Corrective Approach लाई प्रबर्द्धन गरेको छ। WHO लगायत UN System हरूले पनि कोभिड-१९ को महामारीको अवस्थामा भएको महिला विरूद्धको हिंसा, सङ्क्रमणको आधारमा भएको वा हुन सक्ने भेदभाव, लाञ्छना रोक्न तथा मानसिक तनावहरूको व्यवस्थापन, सम्बोधन र उपचारको लागिसमेत मार्गदर्शनहरू निर्माण गरेको छ। महामारीको समयमा पनि महिलाको फरक अनुभूति रहेको र त्यस्तो अनुभूति पुरूषले गर्न सक्दैन। कोभिड-१९ को महामारीको अवस्थामा राज्यको तयारी (Preparedness), सम्बोधन (Response) र पुनर्लाभ (Recovery) को तीनवटै आधारमा प्रभावकारी लैंगिक संवेदनशीलतासहितको उत्तरदायीपूर्ण संरचना र सेवाको सुनिश्चितता गर्नु राज्यको दायित्व नै रहेको छ। महामारीको अवस्थामा विपत् व्यवस्थापन ऐन, २०७४ को कार्यान्वयन भएको अवस्था नभएको, अन्य विदेशी मुलुक सिङ्गापुर, इङ्ल्याण्ड, आइरल्याण्ड, न्युजिल्याण्ड, फिलिपिन्स, युनाइटेड किङ्गडम, चीन, अमेरिका जस्ता देशहरूले विपत्लाई व्यवस्थापन गर्नका लागि Pandemic Act ल्याएका छन्। संक्रामक रोग ऐन, २०२० ले संक्रामक रोगका बहुआयामिक विषयलाई सम्बोधन गर्न नसकेकोले सोतर्फ सरकार सचेत रहेको पनि देखिँदैन।

१२. साथै कोभिड-१९ को महामारीको कारण घरेलु हिंसा बढेकोमा बन्दा बन्दीका कारण महिलाले समयमा न्यायिक उपचार नपाएको अवस्था रहेकोले संविधान प्रदत्त उपचारको हक, न्यायको हक नै उल्लङ्घन भएको हुँदा हिंसा विरूद्धको उजुरी दर्ता गरी सुनुवाइ गर्ने व्यवस्था गर्न पर्ने दायित्वसमेत राज्यमा रहेको छ। महिला, बालबालिका, गर्भवती सुत्केरी ,अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत उच्च जोखिममा पर्ने समूहका लागि राज्यबाट विशेष प्राथमिकतामा नराखेको हुँदा महिलाको प्रजनन स्वास्थ्यमा गम्भीर आघात पुग्नुका साथै, राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन र आवश्यक सेवा सुविधाहरूमा महिलाको

समस्याहरूको उचित सम्बोधन भएको छैन । महिलामैत्री क्वारेन्टाइनको अभावमा क्वारेन्टाइनभित्र नै महिला बलात्कार हुन परेको स्थिति देखिएको छ । विषम परिस्थितिको सामना गर्नका लागि गठन गरिएको नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिमा महिलाको सहभागिता नै नगराएकोले संविधानले परिकल्पना गरेको समावेशिताको सिद्धान्तको आधारमा नीति निर्माण प्रक्रियामा सहभागी हुने हक र महिला सहभागिताका विषयमा सरकार संवेदनशील भएको अवस्था छैन । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार निरन्तर रूपमा सुनिश्चित गर्नका लागि स्वास्थ्य संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्नुपर्नेमा सोबमोजिमको कार्य नहुँदा महिलाहरू पीडित भएको अवस्था रहेको हुँदा सोतर्फ राहत र प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य समाग्री उपलब्ध गराउने व्यवस्था गरिपाऊँ। कोभिड-१९ कै कारण कतिपय महिलाहरूमा मनोवैज्ञानिक असर परेको, कतिपयको रोजगारीसमेत गुमेको हुँदा सोको लागि मनोसामाजिक परामर्शको व्यवस्था गरी रोजगारीको समेत सुनिश्चता गर्ने, राष्ट्रिय सूचना आयोगको मिति २०७७।०२।०६ को प्रेस विज्ञप्तिले संक्रमित तथा संक्रमितका परिवारलाई लाञ्छित व्यवहार गरी आत्मसम्मानका साथ बाँच्न पाउने हक र गोपनीयताको हकविपरीत कार्य भएकोले उत्प्रेषणको आदेशले बदर गरी संविधान प्रदत्त धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ अन्तर्गत समानताको हक, धारा २८ को गोपनीयताको हक, धारा ३५ को स्वास्थ्यसम्बन्धी हक, धारा ३८ को महिलाको हक, धारा २० को न्यायको हक, धारा २१ को क्षतिपूर्तिसहित पुनर्स्थापकीय न्यायको हक र धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकलगायतका मौलिक हक, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १२ तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ को धारा ७ (ख), १२, १४(२)(ख) बाट सुनिश्चित गरिएका हकमा समेत आघात परेकोले उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको पालना गर्दै कोभिड-१९ को सङ्क्रमणबाट सिर्जित बन्दाबन्दीको अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूका लागि उचित आकस्मिक र उद्धार सेवाहरूलगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकता साथ उपलब्ध गराउने कुराको सुनिश्चितता गर्ने गरी महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई संरक्षण गरी कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपत्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपत्, प्रकोप वा महामारीका अवस्थामा लैङ्गिक मैत्री व्यवस्थापन तथा न्यायोचित सम्बोधन र न्यायमा सहज पहुँचका लागि महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को आवश्यकता भएकोले सोबमोजिमको कानूनको तर्जुमा गर्न गराउनका लागि परमादेशलगायतको जो चाहिने उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

१३. विपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयबाट नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति गठन भई क्रियाशिल रहेको अवस्था छ । सर्वोच्च अदालतले प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश जारी गरी तथा अन्य रिट निवेदनमा पनि आदेश निर्देशनहरू जारी गरी महामारी रोकथाम र सम्बोधनमा महत्त्वपूर्ण योगदान दिएको नै छ । कोरोना महामारीको विषम परिस्थितिमा

महिला र बालबालिकाउपर हुन सक्ने हिंसा नियन्त्रण गर्नका लागि सरकार प्रतिवद्ध रहेको, निवेदकहरूले उठाएको महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून तर्जुमा गराउने भन्ने कुरा विद्यायिकीय बुद्धिमता एंव क्षेत्राधिकारभित्रको विषय हो। राष्ट्रिय महिला आयोगबाट वर्तमान परिस्थितिमा महिला हिंसाका घटनाका उजुरी टेलिफोनको माध्यमबाट समेत लिइएको, क्वारेन्टाइन स्थल अनुगमनका लागि UN Women को सहकार्यमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको लिस्टसमेत तयार गरिएको देखिन्छ। नेपाल टेलिभिजन, आमसञ्चारको माध्यमद्वारा कोभिड-१९ बाट पर्ने प्रभाव रोकथाम, लैङ्गिक हिंसा न्यूनीकरण, बालबालिकाको सुरक्षा, अपाङ्गता भएका व्यक्तिहरूको स्याहार सुसारसमेतका जनचेतनामूलक सन्देश प्रशारण गरी जनचेतनामा वृद्धि गरिएको, राष्ट्रिय सूचना आयोगबाट मिति २०७७।०२।०६ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासम्म उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा १९ को खण्ड (ट) बमोजिम आदेश जारी भएको हो। राष्ट्रिय सूचना आयोगबाट व्यक्तिको वैयक्तिक गोपनीयतामा असर पर्ने कुनै आदेश वा निर्णय भएको छैन। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आयोगलाई प्राप्त अधिकारको प्रयोग गरी भएको आदेशबाट कुनै पनि व्यक्तिको वैयक्तिक गोपनीयताको हकको उल्लङ्घन नहुने हुँदा निवेदकहरूले उठाएको जस्तो परिस्थिति नरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

१४. मिसिल संलग्न निवेदन, लिखित जवाफहरूसमेतका कागजातहरू अध्ययन गरी तथा निवेदक विद्वान् कानून व्यवसायीहरू, निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरू तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी देहायका सवालहरूमा निर्णय दिनुपर्ने देखिन आयो।

१. कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारद्वारा गठन भएका वा हुने समितिहरूमा समावेशिताको सिद्धान्तको आधारमा महिला सहभागिता गर्न गराउन नेपाल सरकारको नाउँमा परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

२. कोभिड-१९ महामारीबिच बन्दाबन्दीको अवस्थामा घरेलु हिंसा, लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूका लागि उचित, आकस्मिक तथा तत्काल उद्धारका सेवालगायतका न्यायिक सेवाको पहुँच प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा सुनिश्चित गर्न परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

३. वैदेशिक रोजगार र अध्ययनलगायत अन्य विविध कारणले भारत तथा विभिन्न देशमा रहेका नागरिकहरूलाई नेपाल प्रवेश गराउँदा प्राथमिकताका साथ ल्याउने र महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ सुरक्षित क्वारेन्टिन तथा आइसोलेसन वार्डको व्यवस्था गर्न परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

४. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार अनवरत रूपमा सुनिश्चित गर्न स्वास्थ्य

संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा दिन, दिलाउन आदेश जारी गर्न पर्ने वा नपर्ने तथा क्वारेन्टिनमा बसेका महिलाहरूका लागि राहत प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सामग्री प्रदान गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?

५. कोभिड-१९ को कारण मनोवैज्ञानिक असर परेकाहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?

६. कोभिड-१९ महामारीको आर्थिक-सामाजिक प्रभावस्वरूप रोजगारी गुमाउने महिलाहरूको रोजगारीको सुनिश्चितता गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?

७. अग्रपंक्तिमा रही स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू तथा सुरक्षाकर्मीहरूको विशेष स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?

८. राष्ट्रिय सूचना आयोगको मिति २०७७।०२।०६ को कोभिड-१९ बाट सङ्क्रमण वा त्यसको कारण मृत्यु भएको व्यक्तिहरूको स्थायी र अस्थायी ठेगाना खुल्ने व्यक्तिगत विवरण सार्वजनिक गर्ने आदेशयुक्त प्रेस विज्ञप्ति बदर गर्नुपर्ने हो वा होइन ?

९. कोभिड-१९ महामारीको उचित सम्वोधन गर्नका लागि लैङ्गिकमैत्री एकीकृत कानून बनाउनका लागि परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

१५. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम निवेदकले निवेदनमा उठाइएको कोभिड-१९ को कारण पर्न गएका असरहरूको र मुख्यतः यस विषम परिस्थितिले महिलाहरूमा पारेका प्रभावहरूसँग सम्बन्धित केही तथ्यहरू उल्लेख गर्नुपर्ने देखिन्छ। २०१९ डिसेम्बरको अन्तिम सातादेखि प्रारम्भ भएको भनी मानिएको यस महामारीको असर विश्वभर नै रहेको छ। रोकथामको लागि वा उपचारको लागि कुनै पनि औषधीहरू नरहेको, प्रत्येक व्यक्ति जोखिममा रहेको तर ज्येष्ठ नागरिक, केही अन्य रोगका बिरामीहरू थप जोखिममा रहेको र रोगकै कारण थुप्रै व्यक्तिहरूले जीवन गुमाएको स्थिति रहेको छ। परिणाम मानिसहरू डर, त्रास, तनाव तथा विभिन्न संकटको अवस्थाबाट गुज्रिरहेका छन्। कोभिड-१९ को कारण आज पनि दैनिक रूपमा नै स्वास्थ्यको जटिलता र मानवीय क्षति भइरहेको छ। विश्वभर नै भयावहको अवस्था रहेको छ। नेपालमा पहिलो कोभिड-१९ सङ्क्रमण जनवरीको अन्तिम सातामा देखिएको थियो। अहिले सङ्क्रमण निरन्तर रूपमा बढ्दो क्रममा रहेको छ। यसको नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारले पहिलो पटक मिति २०७६/१२/११ देखि २०७६/१२/१८ सम्म बन्दाबन्दी घोषणा गर्ने निर्णय गरेको थियो जसपश्चात् पटक पटक अवधि थप गरियो र हाल पूर्ण रूपमा बन्दाबन्दीको अवस्था नभएपनि देशभरका विभिन्न स्थानमा सङ्क्रमणको अवस्था, जोखिम तथा संक्रमितको संख्याअनुसार आंशिक बन्दी, क्षेत्रगत बन्दाबन्दी, शीलबन्दी, निषेधाज्ञा आदि कायम नै रहेको छ जसले मानिसको जीवनको सामाजिक, मानसिक, आर्थिक आदि विविध पक्षमा निकै असर पारी नै रहेको छ। साथै संक्रमित वा मृत्यु भएका व्यक्तिका घर ठेगाना सिल गरिने, सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र अस्थायी स्थायी ठेगानालगायतका व्यक्तिगत विवरण सार्वजनिक गरिने कार्यबाट निज संक्रमित र निजका परिवारहरू लाञ्छित र दुर्व्यवहारपूर्ण व्यवहारको शिकार भइरहेका छन्। यसले समाजलाई अशान्ति र अमानवीयतातर्फ उन्मुख गरिरहेको छ। यसको कारण सङ्क्रमणको आशंका भएको व्यक्तिले परीक्षण नै नगर्ने वा संक्रमितले आफ्नो स्थिति लुकाउने अवस्था सिर्जना भई जोखिमता झनै बढिरहेको छ।

१६. महामारीले कुनै पनि विभेद बिना (indiscriminately) विश्वभरका सम्पूर्ण मानिसहरूलाई उत्तिकै असर गरेको छ तर महामारीले समाज, राजनीति र आर्थिक प्रणालीमा रहेको महिलाको विद्यमान असमानताको प्रभाव र जोखिमताको खाडललाई झनै बढाइरहेको छ। महिलाहरूले महिला भएकै कारण यस्तो विपद्को अवस्थामा थप संकटहरूको सामना गर्नु परिरहेको छ। महिलाहरू जसको कमाइ कम रहेको, बचत कम रहेको र असुरक्षित रोजगारीमा रहेका वा गरिबीमा रहेका छन्, उनमा आर्थिक भारहरू अझ वृद्धि भएको छ। महिलाहरूले लैङ्गिक हिंसा (विशेषगरी घरेलु हिंसा, यौनजन्य हिंसा, cyber crime, प्रजनन स्वास्थ्यका समस्या, मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या, रोजगारीको सुरक्षा नहुनेलगायतका समस्याहरूको थप सामना गर्न परिरहेको छ। लैङ्गिक हिंसा र त्यसमा पनि विशेषतः घरेलु हिंसाका घटनाहरू दिनहुँ बढिरहेको अवस्था छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँचको अधिकार पनि प्रभावित भइरहेको छ। नेपालमा कोभिड-१९ को कारण पहिलो मृत्यु नै एक सुत्केरी महिलाको भएको थियो। अहिले सुरक्षित मातृत्व सेवाको अभावका कारण मातृत्वसँग सम्बन्धित मृत्युदर (maternal mortality) पनि बढ्दो क्रममा रहेको छ।[20] अझ सामाजिक संरचनाअनुसार महिलाको लैङ्गिक भूमिका घरायसी कामकाजमा बढि हुने भएको हुँदा बन्दाबन्दीको यस समयमा प्राय महिलाहरूको कार्य बोझ निकै बढेको छ जसको कारण निजहरूको शारीरिक र मानसिक स्वास्थ्य दुवैमा थप प्रतिकूल असर परेको छ। यसरी कोभिड-१९ को महामारीको लैङ्गिक असर रहेको (COVID-19 has gendered effects) छ। यसरी महिलाहरू माथि यस महामारीको कारण पर्न गइरहेको प्रतिकूलता र असमान असरहरू (Adverse and Disproportionate Effects) लाई न्यायोचित तवरबाट सम्बोधन गरी महिलाको स्वास्थ्य र जिवनको सुरक्षा तथा न्याय प्राप्तिलाई सुनिश्चित गर्नु अत्यावश्यक देखिएको छ।

१७. अहिले देशमा महामारीको कारण सामान्य अवस्था नभए तापनि संविधान प्रदत्त मौलिक हक अधिकारहरूको स्थगन भएको छैन र हुन मिल्ने पनि होइन तर महामारीबाट परेको र पर्ने बहुआयामिक प्रभावहरूको उचित सम्बोधन नहुँदा निरन्तर रूपमा सुनिश्चित गर्नुपर्ने महिलाको अविभेदको हक, समानताको हक, हिंसा विरूद्धको अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार, आफ्नो देशमा फर्किन पाउने अधिकार, आत्मसम्मानको साथ बाँच्न पाउने अधिकार, गोपनीयताको अधिकार, रोजगारीको अधिकारलगायतका मौलिक हकहरूमा वन्देज लागेको र लाग्न सक्ने अवस्था रहेको देखिन्छ। यसै अदालतमा रहेको मुद्दा नं. ०७६-RE-०३९२, ०७६-WO-०९४४ मा मिति २०७७/०२/१९ को अडबड् निकासाको १९ जनाको बृहत् पूर्ण इजलासको आदेशले "Pandemic Jurisprudence" को विकास गर्दै महामारीको बन्दाबन्दीको समयलाई शून्य समय "zero-hour" मानेर न्याय प्राप्तिको हकबाट कोहीलाई पनि वञ्चित गराउन नहुने हुँदा महामारीको कारण सिर्जना भएका दुविधाहरूको सहजिकरण गरी न्यायको पहुँचमा अवरोध रोक्न हदम्यादमा लचिलोपनसमेत कायम गरेको छ। अहिलेको परिस्थितिमा महामारीले निम्त्याएको जटिल अवस्था तथा प्रतिकूलताहरूको न्यायोचित रूपमा सम्बोधन गरी कसैको पनि संविधान प्रदत्त हक अधिकारमा आघात पुग्न नदिने अवस्था सिर्जना गर्न आवश्यक देखिन्छ भनी उक्त आदेशमा

20 UN Women, Surveys show that COVID-19 has gendered effects in Asia and the Pacific, UN Women Official Website, April 2020 available at, https://data.unwomen.org/resources/surveys-show-COVID-19-has-gendered-effects-asia-and-pacific

उल्लेख भएको छ। यसर्थ कोभिड-१९ को महामारीको भयावह स्थितिमा विभिन्न मानव अधिकारसम्बन्धी दस्ताबेज प्रदत्त अधिकार, संविधान प्रदत्त अधिकार तथा छरिएर रहेका कानूनहरूद्वारा व्यवस्था गरिएको अधिकारहरूको सुनिश्चितता गर्न राज्यको स्रोत साधनको विशेष परिचालन गर्नुपर्ने देखिन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसंग तत्काल र दीर्घकालीन संरचना र प्रणालीको विकास गर्न समन्वय गर्दै डर र आवश्यकताबाट स्वतन्त्रता (Freedom from Fear and Want) को सुनिश्चितता गर्न सीमान्तकृत वर्गको पूर्ण र समान आर्थिक, सामाजिक अधिकारको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

१८. उपर्युक्त पृष्ठभूमिमा कोभिड-१९ को महामारीको व्यवस्थापन सम्बन्धमा बन्ने संयन्त्रहरूमा महिला प्रतिनिधित्व नभएकाले उक्त समिति गठनका निर्णय वा उक्त समितिहरू उत्प्रेषणको आदेशले बदर हुनुपर्ने हो वा होइन भन्ने **प्रथम प्रश्नतर्फ विचार गर्दा**, कोभिड-१९ सँग सम्बन्धित नेपाल सरकारका समितिहरूमा महिला सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा सरकारबाट गठन भएका कोभिड-१९ सम्बन्धित समिति / संयन्त्रहरूमा कानूनी व्यवस्थाहरू अनुरूप पदेन सदस्यहरूको स्वतः नियुक्ति हुने र राज्यको सामार्थ्यको आधारमा समावेशितालाई क्रमिक रूपमा लागू गरिने (Progressive Realization) विषय भएकोले तत्काल पूर्ण रूपमा लागू हुन नसक्ने भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

१९. नेपालमा कोभिड-१९ सङ्क्रमणको रोकथाम तथा नियन्त्रण गर्नको लागि संघीय सरकारले मिति २०७६/११/१७ मा गठन गरेको नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिमा विभिन्न मन्त्रालयहरूको प्रतिनिधिहरू रहेकोमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई समावेस नगराइएको र परिणामतः अन्य संस्थागत संरचनामा हिजोको सामाजिक मूल्य मान्यताको कारण पनि पुरूषकै प्रभुत्व भएकोले सबै जसो संरचनामा पुरूष हुँदा पुरूषको मात्र प्रतिनिधित्व रही महिलाको सहभागिता नरहेको देखिन आयो। हाल नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/२८ को निर्णयबाट कोरोना रोग रोकथाम तथा नियन्त्रणको लागि उक्त समिति विघटन भई Corona Crisis Management Center क्रियाशील रहेको यस समितिमा समेत महिलाको प्रतिनिधित्व रहेको पाइएन।

२०. हरेक संकट वा विपद्को अवस्थामा महिलाहरूले महिला भएकै कारणबाट फरक समस्याहरू भोग्न परिरहेको हुन्छ। यस कोभिड-१९ को महामारीको समयमा पनि महिलाहरूको अनुभव पुरूषको भन्दा भिन्न र अझै संवेदनशील रहेको छ। लैङ्गिक हिंसा, प्रजनन स्वास्थ्यका पहुँचको समस्या, मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या, रोजगारीको सुरक्षा नहुनेलगायतका समस्याहरू महिलामा अझ प्रगाढ रूपमा थपिइरहेको हुन्छ। यसरी **महिलाहरूले भोगेको र भोग्न पर्ने फरक तथा जटिल अनुभवहरूलाई कोभिड-१९ सँग सम्बन्धित योजनाहरूको निर्माण तथा कार्यान्वयन गर्दा अनिवार्य रूपमा ध्यानमा लिनुपर्ने हुन्छ। महिलाहरूमाथि पर्ने प्रतिकूल तथा असमान असरहरू (Adverse and Disproportionate effects) को प्रभावकारी रूपमा सम्बोधन हुन कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नको लागि तर्जुमा हुने योजनाहरू महिलामैत्री भई महामारी विरूद्ध 'feminist response' समेत हुन आवश्यक देखिन्छ।** महामारीको कारण प्रभावित भएका महिलाहरूको हक-अधिकारको सुरक्षा गर्न र महिलाहरूमा यसले पारेको असरहरू न्यूनीकरण गर्नको लागि महामारीको नियन्त्रणसम्बन्धी भइरहेका सम्पूर्ण कार्यहरूमा महिलाको सहभागिता अपरिहार्य छ। तर सामाजिक र ऐतिहासिक सिमान्तकरण (Social and Historical marginalization) को कारण महिलाको सहभागितालाई महत्त्वपूर्ण रूपमा नलिई महिलाको बहिष्करणको

स्थिति सिर्जना भएको पाइन्छ ।

२१. नेपालको संविधानले समानता र समावेशिताको सिद्धान्तलाई आत्मसात् गरेको छ। UN Convention on the Elimination of All forms of Discrimination against Women, १९७९ (CEDAW) ले पनि Substantive Equality को मर्मलाई बोध गर्दै धारा ४ मा 'temporary special measures aimed at accelerating de facto equality between men and women' भनी समावेशी रूपमा महिला र पुरूषबिच समानताको सुनिश्चितता गर्नको लागि विशेष उपायहरूको अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यसैगरी CEDAW को धारा ७ मा पनि राज्यको कुनै पनि नीति निर्माण कार्यमा महिलाको पनि समान सहभागिता हुनुपर्ने अधिकारबारे "States Parties shall take all appropriate measures to eliminate discrimination against women in the political and public life of the country and, in particular, shall ensure to women, on equal terms with men, the right….[t]o participate in the formulation of government policy and the implementation thereof and to hold public office and perform all public functions at all levels of government" भनी उल्लेख गरिएको पाइन्छ ।

२२. नेपालको संविधानको प्रस्तावना तथा धारा १८(२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी तथा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा महिलाको लागि राज्यले कानूनबमोजिम विशेष उपाय अवलम्बन गर्न सक्ने व्यवस्था रहेको छ । साथै धारा ३८(४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशिता सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ । नेपालको संविधानको धारा ३८(५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ । नेपालको संविधानले बोकेको समावेशीताको मर्मलाई राज्यको हरेक निकायले शिरोपर गर्नुपर्ने हुन्छ । संविधानभन्दा माथि कोही छैन र हुन पनि सक्दैन । महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितताको लागि आगामी दिनमा हुने कोभिड-१९ को रोकथामसँग सम्बन्धित कुनै पनि छलफल, योजनाको निर्माण, व्यवस्थापन, अनुगमन प्रक्रिया लगायतका निर्णय प्रक्रियामा र यससम्बन्धी बन्ने सबै समितिहरूमा संविधानको समानुपातिक समावेशीताको मर्म र लैङ्गिक समानताको अवधारणा अनुसार समावेशीताको सुनिश्चितता गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

२३. अब **प्रश्न नं. २** अर्थात् कोभिड-१९ महामारीबिच भएका वा हुने घरेलु हिंसा, लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई आकस्मिक सेवा एवं उद्धारका सेवाहरू लगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा उपलब्ध गराउन नेपाल सरकारको नाउँमा परमादेशको आदेश जारी हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा घरेलु हिंसासम्बन्धी कानूनहरू यथोचित रूपमा कार्यान्वयन भई पीडितहरूले न्याय पाइरहेको हुँदा आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ ।

२४. कुनै पनि विपद् / आपत्कालीन अवस्थामा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरू बढी जोखिममा हुने र थप चुनौतिहरूको सामना गर्नुपर्ने हुन्छ ।[21] कोभिड-१९ को सङ्क्रमण विश्वव्यापी रूपमा

21 António Guterres, United Nations Secretary-General, Opening Remarks of the Secretary-General's Appeal for Global

फैलिरहेको अहिलेको अवस्थामा महिलाहरू महामारीको मात्र नभई व्यापक रूपमा लैङ्गिक विभेद् तथा हिंसाको पनि सिकार भइरहेका छन्। विश्वभर नै अन्य अपराधको दरमा कमी आए तापनि महिलामाथि हुने हिंसाहरू र मुख्यतः घरेलु हिंसाको तथ्याङ्कमा निकै वृद्धि भइरहेको पाइन्छ।[22] कोभिड-१९ ले निम्त्याएको विपद्को कारण बढिरहेको तनावको अवस्था र समाजमा चलिआएको विषाक्त सामाजिक अभ्यास तथा लैङ्गिक असमानताले बन्दाबन्दीको समयमा घरेलु हिंसामा वृद्धि भएको कुरा विभिन्न अध्ययनहरूबाट देखिन्छ।[23] UNFPA ले बन्दाबन्दी चलिरहेमा हरेक तीन महिनामा थप १५ लाख महिला लैङ्गिक हिंसाको सिकार हुने आँकलन गरेको छ।[24] कोभिड-१९ को कारणले महिलाहरू घरभित्रै बस्नुपर्ने बाध्यता रहेको तर घरेलु हिंसा बढिरहेको हुँदा महिलाहरू आफ्नै घरभित्र पनि असुरक्षित भएका छन्। यसरी बढ्दो क्रममा रहेको लैङ्गिक हिंसालाई कोभिड-१९ महामारीले निम्त्याएको अर्को महामारी भन्दै "Shadow Pandemic" (छायाँ महामारी) समेत भनिएको छ।[25]

२५. नेपालमा पनि गत वर्षको तुलनामा अन्य अपराधको संख्या घटे पनि बलात्कार, घरेलु हिंसाका घटनाहरू तथा महिला विरूद्ध cyber crime बन्दाबन्दीको समयमा निकै बढेको देखिन्छ। नेपाल प्रहरीको अपराध तथ्याङ्कअनुसार नेपालमा चैत्र ११ देखि साउन १० को अवधिमा मात्र पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरूद्ध जम्मा ४४४८ वटा वारदात घटेको जसमा ७१७ जबरजस्ती करणीको कसुर, १९९ करणी उद्योगको कसुर र १९३१ घरेलु हिंसाको कसुर रहेको छ।[26] महिलाहरूले घर जहाँ सबैभन्दा सुरक्षित ठान्दछन्। त्यही घरमा डर, अशान्ति र असुरक्षाको अवस्थामा बस्नु परेका छन्। सामान्य अवस्थामा घर भित्र हिंसाको वातावरण सिर्जना हुँदा महिलाहरूले उक्त स्थानमा नबसी सुरक्षित स्थानमा जाने, अन्य व्यक्ति वा संस्थाको सहयोग लिने, उजुरी गर्ने वा आफूलाई सुरक्षित राख्ने अन्य कुनै उपायहरू गर्न सक्ने अवस्था थियो भने अहिले बन्दाबन्दीको कारण त्यस्ता सहयोग प्रणालीको पहुँच कठिनपूर्ण रहेको अवस्था छ। यसरी लैङ्गिक हिंसामा पनि आकस्मिक तथा तत्काल उद्धार सेवा र न्यायिक सेवाको पहुँच प्रभावकारी रूपमा उपलब्ध हुन सकेको छैन।

२६. यस परिस्थितिमा महिलाहरूमाथि भइरहेका हिंसाको रोकथाम गर्न तथा सहयोग प्रणालीसँग पहुँच वृद्धि गर्दै न्यायको सुनिश्चितता गर्न राज्य निकै संवेदनशील र सक्रिय हुनु पर्दछ। महामारीको सम्बोधनसँगै

Ceasefire, (Speech at the UN Headquarters on 23 March 2020) available at https://www.un.org/sg/en/content/sg/speeches/2020-03-23/secretary-general-appeal-for-global-ceasefire

22 UNDP को अनुसार In France, for example, cases of domestic violence have increased by 30 per cent since the lockdown on March 17. Helplines in Cyprus and Singapore have registered an increase in calls by 30 per cent and 33 per cent, respectively. In Argentina, emergency calls for domestic violence cases have increased by 25 per cent since the lockdown started.

23 Human Rights Watch (HRW), Women Face Rising Risk of Violence During COVID-19, Official Website of HRW July 2020 available at https://www.hrw.org/news/2020/07/03/women-face-rising-risk-violence-during-COVID-19. See also, UN Women, COVID-19 and Ending Violence Against Women, UN Women, 2020.

24 United Nations Population Fund, Impact of the COVID-19 Pandemic on Family Planning and Ending Gender-based Violence, Female Genital Mutilation and Child Marriage, 2020.

25 UN Women, COVID-19 and Ending Violence Against Women, UN Women, 2020.

26 Nepal Police, Women, Children and Senior Citizen Service Directorate, Nepal Police Official Website available at https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

महिलालाई सुरक्षित पनि राखिनु पर्दछ । महिलाहरूको जटिल अवस्थालाई मध्यनजर गर्दै कोभिड-१९ को कारण महिलाहरूमाथि परेको थप प्रतिकूल प्रभावहरूलाई कम गर्नको लागि कोभिड-१९ रोकथामको तयारी (Preparedness), सम्बोधन (Response) र पुनर्लाभ (Recovery) को हरेक कार्यको केन्द्रमा महिलालाई (put women at center of COVID response)[27] राख्नु पर्ने हुन्छ । लैङ्गिक हिसाबले कोभिड-१९ बाट पर्न गएको प्रतिकूल र असमान (Adverse and Disproportionate) असर विश्वभर नै प्रगाढ रूपमा महसुस भएको छ र विभिन्न राष्ट्रहरूले यसको विरूद्ध उदाहरणीय कदम चालेका छन् । बेलायतले घर-घर पुगेर हुलाक सेवा पुऱ्याइरहेका हुलाकीहरूलाई घरेलु हिंसा प्रति चनाखो रही कुनै पनि घरमा हिंसा भएको शंका लागेमा प्रहरीमा खबर पुऱ्याउने व्यवस्था गरेको छ भने फ्रान्सले घरेलु हिंसाबाट पीडित महिलाहरूले औषधि तथा किराना पसलहरूमा गएर आफूमाथि भइरहेको हिंसाबारे सूचना दिन सक्ने र यदि हिंसा भएको पाइएमा पीडितलाई शोषण गर्ने व्यक्तिबाट टाढा लगी होटेलमा बस्न मिल्ने व्यवस्था मिलाएको छ, त्यस्तै क्यानडा, चीन, अमेरिकालगातका राज्यहरूले भर्चुअल माध्यमबाट आवश्यक परामर्श तथा कानूनी सहायता प्रदान गरिरहेका छन् ।[28] भारतमा पनि जम्मु कस्मिर हाई कोर्टले बढिरहेको घरेलु हिंसालाई सम्बोधन गर्दै suo moto आदेश जारी गरेको छ जसमा अदालतले लैङ्गिक हिंसाको रोकथामको लागि कोषको सिर्जना, उजुरीको सहजताको लागि call-in-services मा वृद्धि, अनलाइन मनोपरामर्श सेवा, किराना पसल तथा औषधी पसलहरूमा उजुरी गर्न मिल्ने व्यवस्था, घरमा बस्न सक्ने वातावरण नभएका पीडितहरूलाई बस्नको लागि होटेलहरूमा safe space को व्यवस्था, सूचना सम्प्रेषण र लैङ्गिक हिंसा विरूद्ध जागरण अभियानहरूको सञ्चालन गर्ने भनि विभिन्न उपायहरू अपनाएको पाइन्छ ।[29]

२७. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले विभेद विरूद्ध समानताको हक र धारा २० ले प्रत्येक व्यक्तिलाई न्यायसम्बन्धी हक, धारा २१ ले अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, धारा २९ ले शोषण विरूद्धको हक र धारा ३८(२) ले महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणजन्य कार्य विरूद्धको हक प्रदान गरेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ ले घरेलु हिंसामा प्रहरी, महिला आयोग, जिल्ला अदालत वा स्थानीय तह जुनसुकैमा पनि उजुरी गर्न सकिने व्यवस्था गरेको भए तापनि बन्दाबन्दीको अवस्थामा घरबाट निस्केर उजुरी गर्न सक्ने अवस्था निकै असहज भएको छ वा प्रतिकुल परिस्थितिमा दर्ता गर्न सम्बन्धित निकायमा दुःख साथ पुग्दा उजुरी दर्ता गर्न समेत कठिन परेको छ । राष्ट्रिय महिला आयोगले उजुरी गर्नको लागि हेल्प लाइन ११४५ टेलिफोन नम्बरको व्यवस्था गरेको छ तर देशभरको लागि त्यहि एउटा हेल्प लाइन टेलिफोन नम्बर पर्याप्त हुने देखिँदैन । यस्तोमा महिलाको न्यायमा पहुँचको हकलगायत हिंसा विरूद्धको हक निजहरूको शोषण विरूद्धको हक र आत्मसम्मानका साथ बाँच्न पाउने तथा पीडितको न्याय र उपचारको हकमा नै पनि प्रश्न चिह्न लागेको छ । त्यस्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६ ले घरेलु हिंसाको

27 United Nations Development Programme (UNDP), Gender-based Violence and COVID-19, UNDP, 2020.

28 United Nations Development Programme (UNDP), Gender-based Violence and COVID-19, UNDP, 2020, p.3.

29 Suo Moto Order of the High Court of Jammu and Kashmir dated 16.04.2020.

पीडितलाई तत्काल संरक्षण आवश्यक पर्ने भएको हुँदा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ। अदालतले बन्दाबन्दीको कारण निकै सीमित सेवाहरू मात्र प्रदान गरिरहेको हुँदा केही समयको लागि पीडितहरूले अदालतबाट राहत माग्न सक्ने अवस्थासमेत पाएनन् तर प्रस्तुत निवेदनमा यस अदालतबाट मिति २०७७।०२।२७ मा जारी भएको अन्तरिम आदेशअनुसार हाल घरेलु हिंसाका उजुरीहरूउपर कारबाही-किनारा भइरहेको भए तापनि बन्दाबन्दी पूर्ण रूपमा नखुलिसकेको हुँदा घरेलु हिंसाका धेरै पीडितहरूलाई न्यायमा पहुँचको सुनिश्चिततासँगै कानूनी प्रावधानअनुसार तत्कालै अन्तरिम संरक्षण, मानाचामल, राहत प्रदान गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ भने सहयोग प्रणालीसँग समन्वय र पहुँचको सुनिश्चितता गराउनु पर्नेसमेत देखिन्छ। साथै जबरजस्ती करणी, Cyber Crime लगायत अन्य लैङ्गिक हिंसामा पनि आकस्मिक तथा तत्काल उद्धारका सेवाहरू र न्यायिक पहुँचको तत्काल प्रभावकारी उपलब्धता गराउन आवश्यक देखिन्छ।

२८. CEDAW को General Recommendation No. 35 on Gender-based Violence Against Women, 2017 को प्रकरण १५ ले 'Women's right to a life free from gender-based violence is indivisible from and interdependent with other human rights' भनी महिलाको हिंसा मुक्त रूपमा बाँच्न पाउने अधिकारबारे व्याख्या गर्दै प्रकरण २१ मा राज्यले यस्तो किसिमको हिंसा रोकथाम गर्नको लागि कुनै पनि ढिलाई नगरी तत्काल आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ भनेको पाइन्छ; 'overarching obligation of States parties is to pursue by all appropriate means and without delay a policy of eliminating discrimination against women, including gender-based violence against women. This is an obligation of an immediate nature; delays cannot be justified on any ground….'

२९. त्यसैगरी महिलाको न्यायमा पहुँचको सम्बन्धमा CEDAW को General Recommendation No. 33 on Women's Access to Justice, 2015 ले पनि **'Justiciability requires the unhindered access by women to justice and their ability and empowerment to claim their rights as legal entitlements'** भनी CEDAW अन्तर्गत संरक्षित अन्य अधिकारको प्राप्तिका लागि महिलाको बिना कुनै बाधा अड्चन निरन्तर न्यायमा पहुँचको अधिकारको सुनिश्चितता हुनुपर्ने भनी व्याख्यासमेत गरेको पाइन्छ। लैङ्गिक हिंसाको बढ्दो घटनाको कारण सिर्जना भएको shadow pandemic को **सामना** गर्नको लागि Recommendation No. ३३ ले परिकल्पना गरेअनुसारको justiciability, availability, accessability, good quality justice system, legal remedies र accountable justice system हुनुपर्दछ र यस्तो संरचना सबै महिलाको पहुँचयोग्य र महिलाहरूको फरक आवश्यकता सम्बोधन गर्न सक्ने हुनुपर्दछ।

३०. हालको असामान्य अवस्थामा पनि हिंसा विरूद्धको अधिकार र उपचारको हक निलम्बित नरहेको अवस्थामा हिंसामा परेको महिलाको न्यायमा पहुँचको हकमा कुनै पनि हालतमा सम्झौता गर्न सकिँदैन। यो महामारीको असामान्य अवस्था कहिलेसम्म जान्छ भन्ने अनिश्चितताको अवस्था छ। संविधानले धारा १६, १८, २०, २१, २९, ३८ र ४६ मा सुनिश्चित गरेको मौलिक हकको रक्षा गर्नु पनि यस अदालतको कर्तव्य हो। साथै घरेलु हिंसा (रोकथाम तथा नियन्त्रण) ऐन, २०६६ को कार्यान्वयन गराउन पनि अदालत सक्रिय हुनुपर्दछ।

यसर्थ, कोभिड-१९ को कारण बढिरहेको विशेष रूपमा घरेलु हिंसा र अन्य प्रकारका लैङ्गिक हिंसाहरूमा तत्काल र प्रभावकारी न्यायको सुनिश्चितता गरिनु पर्दछ भन्ने कुरामा यो इजलास पूर्ण रूपमा सहमत छ। बन्दाबन्दीकै अवस्थामा पनि महिलाहरूको न्यायमा पहुँचको सुनिश्चितता गर्नका लागि साथै Shelter, मानसिक उपचार, औषधी उपचार, कानूनी सहयोगलगायत सहयोग प्रणालीको पहुँचको सुनिश्चितता गरी आकस्मिक तथा तत्काल उद्धार गर्न राज्य र राज्यका सबै न्यायिक निकायहरू तत्पर रहनु पर्दछ।

३१. महामारीको अवस्थामा राज्यले महिलाहरूप्रति सामान्य अवस्थामा भन्दा अझ बढी संवेदनशीलता देखाउन पर्ने हुन्छ। नेपालको संविधानको धारा २७३ को उपधारा (१०) ले संकटकालीन अवस्थामा पनि धारा ३८ अनुसारको महिलाको हक निलम्बन गर्न नमिल्ने (non-derogable) मौलिक हकको सूचीमा राखेको छ। त्यसैगरी International Covenant on Civil and Political Rights, १९६६ ले पनि धारा ४ मा न्यायमा लैङ्गिक समानताको हकलाई non-derogable right को रूपमा नै राखेको देखिन्छ तसर्थ महिला भएकै कारणले भोग्नु पर्ने हिंसा महिला विरूद्ध भेदभाव र असमानतासँग जोडिएको विषय पनि भएको हुँदा संविधान र कानूनद्वारा प्रदत्त अधिकारमा महामारीजस्तो विपत्को अवस्थामा पनि न्यायको पहुँचमा बन्देज लाग्ने कार्य कुनै पनि निकायबाट हुनु हुँदैन।

३२. घरेलु हिंसाबाट पीडित महिलाहरूको लागि आफूमाथि हिंसा गर्ने आफ्नो पति वा घरको कुनै सदस्यबारे उजुरी गर्नु निकै कठिन कार्य हो। त्यसमा पनि बन्दाबन्दीको अवस्थामा उजुरी गर्ने माध्यम र निकायमा नै पहुँच हुन नसक्ने भएको हुँदा अवस्था झन् जटिल भएको छ। तसर्थ महिलाहरूको लागि उजुरीको प्रक्रिया सहज बनाउनु निकै महत्त्वपूर्ण छ। लैङ्गिक हिंसा र त्यसमा पनि घरेलु हिंसामा भइरहेको वृद्धिलाई न्यूनीकरण गरी यसको रोकथाम तथा पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न भर्चुअल माध्यमबाट नै घरेलु हिंसालगायतका लैङ्गिक हिंसाका घटनाको उजुरी तथा मुद्दाको सुनुवाइ हुने व्यवस्था अहिलेको परिस्थितिमा अत्यावश्यक देखिन्छ। विभिन्न देशहरूले आजको असामान्य स्थितिमा न्यायको सुनिश्चितताको निम्ति यो पद्दति अपनाइसकेका छन्। नेपालमा पनि सहज रूपमा online case reporting गर्न सकिने व्यवस्था मिलाई तथा online hearing लाई अभ्यासमा ल्याई लैङ्गिक हिंसाबाट महिलाको सुरक्षा र न्यायमा पहुँचको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

३३. बन्दाबन्दीको कारणले प्रहरी, अदालत, महिला आयोग, स्थानीय निकायलागायत राज्यका विभिन्न सेवाप्रदायक संस्थाहरू पूर्ण रूपमा सञ्चालन हुन नसकेको हुँदा पीडितहरूको न्यायमा पहुँचको हक प्रभावित भएको छ। प्रहरी, अदालत, स्थानीय निकाय तथा अदालतबाट प्रदान गरिएका सेवाहरू केही समयको लागि स्थगन गरिएको हुँदा घरेलु हिंसाका मुद्दाको दर्ता तथा सुनुवाइमा बाधा पुग्न गएको भए तापनि केही सेवाहरू हाल सुचारू भइसकेका छन्। तर पनि पूर्ण रूपमा प्रभावकारी सेवा उपलब्ध हुन नसकेको हुँदा घरेलु हिंसाका उजुरीहरू दर्ता, मुद्दा कारबाही किनारा, पीडितहरूलाई तत्काल अन्तरिम राहत र अन्तरिम संरक्षणको सुनिश्चितता तथा विशेष कोष स्थापना गरी समन्वय प्रणाली खडा गरी सहयोग प्रणालीसँग समन्वयमा पहुँचलगायतका काम कारबाहीका निमित्त Online Case Registration/ Hearing लगायत उपर्युक्त उपायहरू अवलम्बन गरी अविच्छिन्न रूपमा तत्कालै सेवाहरू सुचारू गर्नु, गराउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिदिएको छ।

३४. महिलाउपर हुने हिंसाको सन्दर्भमा राष्ट्रिय महिला आयोगमा ११४५ नं. को एक मात्र हेल्पलाइन टेलिफोन

रहेको तर महामारीलाई नियन्त्रण गरी जनताको जीवन र स्वास्थ्यको सुरक्षाको लागि राज्य संयन्त्रको प्रभावकारिता बढाउनु पर्ने कुरा निर्विवाद छ । कोभिड-१९ को महामारीले सिर्जना गरेको असामान्य अवस्थामा पीडितको तत्काल सुरक्षा र आवश्यक निगरानीको लागि डिजिटल माध्यमको प्रयोग गर्नुपर्ने समकालीन आवश्यकता देखिएको छ र आवश्यकता पनि हो । छिमेकी राष्ट्र भारतको राष्ट्रिय महिला आयोगले महामारीको कारण लकडाउनको अवस्थामा घरेलु हिंसा भएको जानकारी व्हाट्स एप नम्बरबाट दिन सकिने, त्यस्तै स्पेनमा "Mask-19" भन्ने कोडको प्रयोग गरी घरेलु हिंसा भइरहेको सूचना फार्मेसीबाट दिन सकिने पद्धति अपनाएका उदाहरणहरू भेटिन्छन् । तसर्थ लैङ्गिक हिंसा तथा कोभिड-१९ बाट प्रभावित महिला तथा बालबालिकाको आकस्मिक र तत्काल उद्धार (Immediate Rescue and Relief) का लागि देशका ७५३ वटा स्थानीय सरकारमा हेल्पलाइन टेलिफोन वा Facebook को व्यवस्था गर्न साथै हेल्पलाइन रहेको जानकारी सबैमाझ पुऱ्याउन तथा अन्य आवश्यक पर्ने उपयुक्त विशेष उपायहरू अवलम्बन गर्नुपर्ने देखिँदा आवश्यक व्यवस्था मिलाउनसमेत नेपाल सरकारको नाउँमा यो आदेश जारी गरिदिएको छ ।

३५. **प्रश्न नं. ३** अर्थात् महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ स्वदेश भित्र्याउन परमादेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा यसै सम्बन्धमा घर फर्किरहेका व्यक्तिहरूलाई सुरक्षापूर्वक घर पुऱ्याउने क्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूलाई प्राथमिकतामा राख्नु भनी रिट नं ०७६-WO-०९३८ मा सर्वोच्च अदालतबाट आदेश भइसकेको र विदेशबाट नेपाल आउन चाहने तथा विदेशमा अप्ठ्यारोमा परेको नेपालीको लागि स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश २०७७ जारी भई सोही आदेशबमोजिम प्राथमिकताकै आधारमा स्वदेश आउने क्रम जारी रहेको भन्ने लिखित जवाफबाट देखिन्छ । सो प्राथमिकतालाई निरन्तरता दिईनेछ भन्ने कुरामा यस अदालत विश्वास गर्दछ । साथै प्राथमिकता क्रममा उद्धार गरिएका वा स्वदेश फर्काइएका महिला, बालबालिका र ज्येष्ठ नागरिकको संख्या लैङ्गिक पृथकीकरण तथ्याङ्क (Gender Disaggregated Data) अभिलेखीकरण गरी सार्वजनीकरण गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

३६. त्यसैगरी महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ सुरक्षित क्वारेन्टिन, आइसोलेसन(Isolation) को व्यवस्था गर्न परमादेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा विद्यमान कानूनी व्यवस्थाहरूले नै उच्च जोखिममा परेका समूहहरूलाई विशेष संरक्षणको व्यवस्था भएकोले परमादेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको देखिन्छ। कोभिड-१९ बाट हुने सम्भावित सङ्क्रमणबाट बच्न र बचाउन संक्रमित ईलाका वा संक्रमितको सम्पर्कमा रहेका वा आवास वा होटेलमा रहेका सम्भावित जोखिम भएका व्यक्तिलाई बाह्य सम्पर्कबाट टाढा राखी तोकिएको क्वारेन्टाइन सेन्टरमा राख्ने गरिएको छ। क्वारेन्टाइन सेन्टरमा रहेका व्यक्तिलाई आर्थिक, सामाजिक र मनोसामाजिक सहायताको साथै पर्याप्त र स्वस्थ खाना र पानी जस्ता आधारभूत आवश्यकताहरू प्रदान गरिनुपर्दछ । साथै महामारीको अवस्थामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष सुरक्षा चाहिने हुँदा यी वर्गको आवश्यकतालाई प्राथमिकतामा राख्नु पनि उत्तिकै आवश्यक छ । कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड,

२०७६ को दफा ३ (१) (छ) मा **"गर्भवती महिला, दश वर्षसम्मका बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिका लागि प्राथमिकता दिई अलग्गै क्वारेन्टाइनको व्यवस्था गर्ने**" भनी उल्लेख गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत कोरोना भाइरस महामारीको अवधिमा आश्रयस्थल सञ्चालनसम्बन्धी मापदण्ड २०७७ को दफा ५(३) मा **'क्वारेन्टिन कक्ष अपाङ्गता, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री हुनुपर्छ' भनी व्यवस्था गरिएको छ। विश्व स्वास्थ्य संगठनले जारी गरेको कोभिड-१९ सम्बन्धी मापदण्डमा** 'The needs of vulnerable populations should be prioritized.'[30] भनी उल्लेख गरिएको छ। यद्यपि राष्ट्रिय मानव अधिकार आयोगले गरेको बन्दाबन्दीको अवधिमा मानव अधिकारको अवस्थाको प्रारम्भिक अनुगमनको प्रतिवेदनमा **"क्वारेन्टिनहरू महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई विशेष ध्यान दिनुपर्नेलगायतका व्यवस्था हुनुपर्नेमा महिला, बालबालिका तथा अपाङ्ग मैत्री भएको पाइएन**" भनिएको पाइन्छ। क्वारेन्टिनमा स्वस्थ खाना र पानी जस्ता आधारभूत आवश्यकताविहीन मानिसहरू बसिरहेका, महिलाहरू बलात्कृत भइरहेका, महिला सुरक्षाकर्मीको उपस्थिति नभएको तथा छुट्टै शौच र आश्रयकक्षसमेतको व्यवस्थाको अभाव रहेको परिप्रेक्ष्यमा, नेपालमा लैंगिक मैत्रीपूर्ण, स्तरीय र सुरक्षित क्वारेन्टिनको अत्यावश्यकता रहेको देखिन्छ। आजको तितो यथार्थको रूपमा रहेको कोभिड-१९ को महामारीको पूर्ण नियन्त्रणको आँकलन अहिले नै गर्न सकिने अवस्था पनि छैन। तसर्थ क्वारेन्टाइन सेन्टरमा बसेका व्यक्तिहरूका लागि स्वस्थ खाना, शुद्ध पिउने पानी, सामाजिक दुरी कायम हुने गरी खाने, सुत्ने र शौचको प्रबन्ध मिलाउनु तथा महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिई सुरक्षित, स्तरीय र सुव्यवस्थित क्वारेन्टाइन तथा आइसोलेसनको लागि उपयुक्त व्यवस्था गर्नु गराउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिदिएको छ।

३७. **प्रश्न नं. ४** अर्थात् सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार अनवरत रूपमा सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा दिन, दिलाउन तथा क्वारेन्टिनमा बसेका महिलाहरूका लागि राहत प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सामग्री प्रदान गर्न आदेश जारी गर्नुपर्ने भन्ने निवेदन दाबी रहेकोमा विद्यमान कानूनी व्यवस्थाले यी विषय सम्बोधन गरेकै हुँदा आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको पाइन्छ।

३८. अब निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन भन्नेतर्फ विचार गर्दा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ ले व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्य उच्चतम प्राप्त स्तरको उपभोग गर्ने अधिकारको साथै यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रकोप, महामारी, पेसागत र अन्य रोगहरूको रोकथाम, उपचार र नियन्त्रण तथा बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह निश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्नुपर्ने व्यवस्था भएको पाइन्छ। त्यसैगरी महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा १२ ले विशेषतः परिवार नियोजनसँग सम्बन्धित सेवाहरूलगायत स्वास्थ्य सेवाहरूमा पहुँचको सुनिश्चितता गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नुका

30 World Health Organization, Considerations for quarantine of individuals in the context of containment for coronavirus disease (COVID-19), Interim Guidance, 19 March 2020.

साथै महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चात्को अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका बखत निःशुल्क सेवा उपलब्ध गर्नुपर्ने कुरालाई राज्यको दायित्वको रूपमा अंगीकार गरेको छ। WHO ले कोभिड-१९ को अवस्थामा मातृ र नवजात शिशुहरूको देखभालसहित आवश्यक स्वास्थ्य सेवाहरूको प्रावधानको बारे मार्गदर्शन प्रकाशित गरेको छ। सो मार्गदर्शनमा 'women's choices and rights to sexual and reproductive health care, however, should be respected regardless of COVID-19 status'[31] अर्थात् कोभिड-१९ जस्तो महामारीको अवस्थामा पनि महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको अधिकारलाई सम्मान गर्नुपर्ने हुन्छ भनिएको पाइन्छ।

३९. यसमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार मानव अधिकार मात्र नभई नेपालको संविधानको धारा ३८(२) ले मौलिक अधिकारको रूपमा मान्यता दिएको छ। प्रजनन स्वास्थ्यको अधिकारभित्र यौन तथा प्रजनन चक्रलाई प्रभाव पार्ने सबै किसिमका हिंसा विरूद्धको अधिकारलगायतका विषयहरू पर्दछन्। यसका साथै गर्भवती अवस्थामा कम्तीमा चार पटक भ्रूणको जाँच, कानूनी मापदण्डअनुसारको गर्भपतन सेवा, वैज्ञानिक प्रसूति सेवा, संक्रमित आमाबाट गर्भमा रहेको शिशुमा एच.आई.भी सर्न रोक्ने विधि सेवा, मातृशिशु खोप एवं उपचार सेवा, सुत्केरीपछिको स्याहार र उपचार जस्ता सेवाहरूलाई प्रजनन स्वास्थ्यले समेटेको हुन्छ।

४०. नेपालको संविधानको धारा ३५ ले "आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन र स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ" भनी प्रत्याभूत गरिएको पाइन्छ। नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नुका साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँच योग्य बनाउनका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ समेत जारी भएको पाइन्छ। यस ऐनको परिच्छेद ८ मा कसैलाई कुनै रोग वा जिवाणुबाट संक्रमित भएको वा जोखिममा रहेको अवस्थाको आधारमा विभेद गर्न रोक लगाइएको छ। यसका साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट "**कोरोना भाइरस रोग (कोभिड -१९) विश्व महामारीको समयमा प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको लागि**" अन्तरिम मार्गनिर्देशन पनि जारी भइसकेको छ।

४१. उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्थाहरू हुँदाहुँदै पनि महामारीको समयमा महिलाहरूको विशेष स्वास्थ्य अवस्था तथा त्यसको उचित सम्बोधन हुन नसकेको कारणले प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्यमा गम्भीर आघात पुग्न गएको पाइन्छ। महामारी र बन्दाबन्दीको कारणले स्वास्थ्य केन्द्र वा अस्पतालमा नगई वा जान नसकेको कारणले घरमा नै बच्चा जन्माउने परिस्थिति सिर्जना भएको छ। जसको कारणले गर्भवती महिलाहरूको स्वास्थ्य जोखिममा मात्रै नपरी मातृ मृत्युदरमा पनि उच्चतम वृद्धि भएको छ। कोरोना भाइरस सङ्क्रमणका कारण नेपालमा पहिलो मृत्यु पनि एक सुत्केरी महिलाको भएको पाइन्छ। चैत्रदेखि श्रावणसम्मको अवधिभर अस्पतालमा ६२ जनाको र अस्पतालबाहेक अन्य स्थानमा २५ जनाको मातृ तथा भ्रूण मृत्यु (Maternal and Perinatal Death) भएको भन्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको परिवार कल्याण विभागको तथ्याङ्कबाट देखिन्छ। केही महिलाहरूलाई

31

हेलिकप्टरको माध्यमबाट उद्धार गरी उपचार गर्न ल्याइए तापनि सबै महिलाको पहुँच उपरोक्त सेवामा हुन सकेको देखिँदैन।

४२. अतः नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयनार्थ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ जारी भई प्रारम्भमा आइसकेको सन्दर्भमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्नु, Quarantine / Isolation मा बसेका गर्भवती महिला, सुत्केरी महिला, नवजात शिशुहरूको संरक्षण, हेरचाह, औषधी तथा पौष्टिक आहारको व्यवस्था मिलाउनु, गर्भवती महिलाको समयसमयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरू तथा शिशु बालबालिकाहरूले लिनुपर्ने खोप, तथा सुइहरू प्राप्त गर्ने कुरालाई असहज हुन नदिनु, कोभिड-१९ को समयमा राहत वितरण गर्दा महिला संवेदनशील भई यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा पहुँच पुऱ्याई स्वास्थ्य सेवाको आवश्यक प्याकेज (essential package) मा प्रजनन स्वास्थ्य सामाग्रीहरू समावेश गर्नु भन्ने परमादेश जारी गरिएको छ। साथै संविधानले नै प्रजनन स्वास्थ्यको हकलाई मौलिक हकको रूपमा कायम गरी सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ समेत प्रारम्भमा आइसकेको तर नियमावली नबनेको कारण संवैधानिक र कानूनी अधिकारसमेत धरापमा पर्न जाने हुँदा सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ सँग सम्बन्धित नियमावली समेत यथाशीघ्र बनाउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिन्छ।

४३. अब **प्रश्न नं. ५** अर्थात् कोभिड-१९ को कारण मनोवैज्ञानिक असर परेकाहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गर्न आदेश जारी हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा मनोसामाजिक परामर्शका कार्यक्रम नेपाल सरकारले लागू गरिरहेको हुँदा थप आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफका सम्बन्धमा विचार गर्दा, कोभिड-१९ को महामारी आज पनि तीव्र गतिमा फैलिरहेको र विभिन्न स्वरूपमा मानिसहरूलाई विभिन्न तरिकाले प्रभाव पारिरहेको सन्दर्भमा मानिसहरूको मानसिक स्वास्थ्यलाई समेत ध्यान दिनुपर्ने आजको आवश्यकता भएको छ। स्वस्थ हुनुको अर्थ शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि स्वस्थ हुनु हो। विश्व स्वास्थ्य संगठनले 'Health is a state of complete physical, mental, and social well-being and not merely the absence of disease or infirmity' भनी दुवै शारीरिक र मानसिक रूपले स्वस्थ भए मात्र व्यक्ति पूर्ण रूपले स्वस्थ हुने परिभाषा गरेको छ। त्यस्तै WHO ले **'आफ्नो क्षमताहरूलाई चिन्न सक्नु, जीवनको सामान्य तनावसँग सामना गर्न सक्षम हुनु, फलदायी काम गर्न, र आफ्नो समुदायमा केही योगदान दिन सक्नु नै मानसिक रूपले स्वस्थ हुनु हो'** भनी व्याख्या गरेको छ। नेपालको संविधानको धारा ३५ ले स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गरेको छ भने जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को देहाय (ख) ले पुनर्स्थापनात्मक सेवालाई आधारभूत स्वास्थ्य सेवाको परिभाषामा सम्मिलित गरेको छ।

४४. कोभिड-१९ महामारीले मानिसहरूमा डर, चिन्ता, उदासीनता र तनाव जस्ता मानसिक समस्याहरू उत्पन्न गरिरहेको छ। Inter-Agency Standing Committee on Mental Health Support को Interim Briefing Note Addressing Mental Health and Psychosocial Aspects of COVID-19 Outbreak[32] मा कुनै पनि महामारीले व्यक्तिहरूमा देखा पार्ने सामान्य प्रभावहरू (common

32 IASC's Reference Group on Mental Health and Psychosocial Support, Interim Briefing Note Addressing Mental Health

responses) मा संक्रमित हुन सक्ने सम्भावनाले डर र त्रास उब्जने, आफ्नो परिवार तथा बालबच्चालाई सङ्क्रमण हुने चिन्ताले गर्दा मानिसहरूमा मानसिक तनाव सिर्जना हुने, सामाजिक बहिष्करणमा पर्ने डर, रोजगारी गुमाउने डरलगायतका मानसिक समस्याहरू उत्पन्न हुने तथा अग्रपङ्क्तिका रूपमा काम गर्ने स्वास्थ्यकर्मीहरूसमेत उपर द्वेष, घृणापूर्ण व्यवहार भई अधिक तनाव हुने भनी समेत उल्लेख गरिएको छ । नेपालमा पनि सामाजिक दुरी, पृथकीकरण, भाइरसको बारेमा निरन्तर विकसित हुने र परिवर्तन भइरहने जानकारी, मृत्युको जानकारी, भाइरससँग जोडिएको व्यक्ति, परिवार, चिकित्सकलाई गरिएको लान्छनापूर्ण व्यवहार (Stigmatization) तथा महामारीका कारण पेसा रोजगार गुमाएका कारण कतिपय मानिसहरूमा अत्यधिक तनाव तथा डिप्रेसन भएको अवस्था छ।

४५. नेपाल प्रहरी अपराध अनुसन्धान विभागका अनुसार बन्दाबन्दीको अघिल्लो महिनाभन्दा बन्दाबन्दीको पछिल्लो एक महिना अवधिभित्र आत्महत्या गर्ने महिलाहरूको संख्या ६%, पुरूषहरूको संख्या १९%, बालिकाहरूको संख्या ४१% तथा बालकहरूको संख्या ४६% ले वृद्धि भएको[33] र २०७६ चैत्र ११ देखि २०७७ श्रावण १० को महामारीको अवधिभर ३४११ ले आत्महत्या गरेको देखिन्छ।

४६. यस महामारीले मानिसहरूमा निम्त्याएको मनोवैज्ञानिक असरहरूको उपचार तथा न्यूनीकरणका लागि आधिकारिक निकायबाट, आवश्यक सूचना मात्र दिने, सामाजिक दुरी कायम गर्नुपरे तापनि फोनलगायत अन्य डिजिटल माध्यमबाट आफन्तजन, इष्टमित्र तथा परिवारसँग नजिक रहने, कोरोना संक्रमित व्यक्तिलाई लान्छना (Stigmatization) नगरी साथ र सहयोग प्रदान गर्ने तथा समाज र समुदायमा कोभिड-१९ विरूद्ध ऐक्यबद्धता जनाउने प्रवृत्तिको विकास हुनुपर्ने देखिन्छ । साथै मनोपरामर्शजस्तो पुनर्स्थापकीय स्वास्थ्य सेवाको सुनिश्चितताले कोभिड-१९ का कारण सिर्जित मनोसामाजिक असर र यसबाट पर्ने थप प्रभाव न्यूनीकरण तथा समाधानमा थप मद्दत पुऱ्याउने हुँदा विश्व स्वास्थ्य मापदण्डअनुरूप हरेक क्वारेन्टाइन स्थल, स्वास्थ्य सेवा केन्द्र तथा स्थानीय तहमा मनोसामाजिक परामर्श सेवा प्रवाहको लागि उचित प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

४७. **प्रश्न नं. ६** अर्थात् कोभिड-१९ महामारीको आर्थिक-सामाजिक प्रभाव स्वरूप रोजगारी गुमाउने महिलाहरूको रोजगारीको सुनिश्चितता गर्न आदेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा रोजगारी गुमाउनेमा महिला मात्र नभई पुरूषहरूसमेत भएको सन्दर्भमा आदेश जारी गर्नुपर्ने होइन भन्ने लिखित जवाफको सम्बन्धमा विचार गर्दा, कोभिड-१९ को सिधा असर विश्व अर्थतन्त्र, जीवन तथा रोजगारीमा पनि परेको छ। यस महामारीबाट आइपरेको आर्थिक संकटले समाजमा र महिलालगायतका सिमान्तकृत वर्गलाई विशेषतः बढी असर गरेको छ । (This pandemic have had a disproportionate negative impact on marginalized groups.) सेवा उद्योग तथा शैक्षिक संस्थामा बढी महिलाहरू कार्यरत भएका अवस्थामा हाल शैक्षिक सत्रहरूसमेत ठप्प भएको अवस्था छ । साथै हेरचाह गर्ने सेवा व्यवसाय (Care service) मा प्राय: जसो महिला रहेका कारण पनि रोजगारी गुमाउने जोखिममा महिलाहरू अत्यधिक रहेका छन् । यसरी कोभिड-१९ को महामारीबाट आइपरेको आर्थिक संकटबाट रोजगारी गुमाउने तथा सेवाबाट कटौती

and Psychosocial Aspects of COVID-19 Outbreak, 17 March 2020. Available at: https://interagencystandingcommittee.org/iasc-reference-group-mental-health-and-psychosocial-support-emergency-settings/interim-briefing

33 Crime Investigation Department, Nepal, Women, Children and Senior Citizen Service Directorate. Available at https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate Accessed on 20th August, 2020

हुने जोखिमताको अत्याधिक प्रभाव महिलाहरूलाई पर्ने देखिन्छ । पुरूषहरूको रोजगारी गुम्दा पनि घर व्यवहारको व्यवस्थापनमा महिलामा थप तनावको स्थिति सिर्जना भएको छ ।

४८. आर्थिक संकटको परिणाम स्वरूपको सामाजिक र आर्थिक असमानताले महिला विरूद्ध हुने हिंसा बढी रहेको र थप बढ्ने सम्भावना पनि उत्तिकै प्रबल हुन्छ । हिंसात्मक वातावरणमा रहिरहेका महिलाहरूले आम्दानी गुमाउँदा सो हिंसाबाट उम्कन र हिंसासँग लड्नसमेत अझ कठिन हुने हुन्छ । CEDAW को धारा १ ले "The term "discrimination against women" shall mean any distinction, exclusion or restriction made on the basis of sex which has the effect or purpose of impairing or nullifying the recognition, enjoyment or exercise by women, irrespective of their marital status, on a basis of equality of men and women, of human rights and fundamental freedoms in the political, economic, social, cultural, civil or any other field" भनी कुनै पनि आधारमा वा क्षेत्रमा महिलालाई विभेद गर्न नहुने, धारा 11(1)(a) मा "The right to work as an inalienable right of all human beings" भनी उल्लेख गरिएको र धारा 11(2)(a) मा "In order to prevent discrimination against women on the grounds of marriage or maternity and to ensure their effective right to work, States Parties shall take appropriate measures: (a) To prohibit, subject to the imposition of sanctions, dismissal on the grounds of pregnancy or of maternity leave and discrimination in dismissals on the basis of marital status" भनी व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा १८ मा विभेद विरूद्धको हक, धारा ३३(१) मा "**प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ**" र धारा ३८ (५) मा "**महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ**" भनी व्यवस्था गरिएको छ। त्यस्तै श्रम ऐन, २०७४ को दफा ६(१) मा "**रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन**" साथै दफा ६ (२) मा "**काम वा सेवाको अन्तर्निहित आवश्यकताको आधारमा कुनै व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिने, गर्भवती श्रमिकलाई पारिश्रमिक र सुविधामा कटौती नगरी निजको शारीरिक अवस्थाअनुसार सहज र उपयुक्त काम वा सेवामा लगाउने कार्यलाई भेदभाव गरेको मानिने छैन**" भनी व्यवस्था गरिएको छ । यसै सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत अन्य मन्त्रालयसमेतलाई कोभिड-१९ को महामारीका कारण रोजगार गुमाएका संकटापन्न समुदायका महिला तथा तिनका परिवारलाई कार्यक्रममा प्राथमिकतासाथ सम्बोधन गर्न भनी पत्राचारसम्म गरिएको लिखित जवाफबाट देखिए तापनि त्यसको निम्ति सम्बन्धित मन्त्रालय तथा निकायले कुनै ठोस योजना, कार्यक्रमसहित कदम चालेको भने देखिँदैन । यस परिप्रेक्ष्यमा महामारीको अवस्थामा महिलाहरूको लागि रोजगारी सुनिश्चितताको विशेष उपाय अवलम्बन गर्दै स्वदेशमा रोजगारी गुमाएका वा विदेशमा रोजगारी गुमाई आएका महिलाहरूलाई विशेष सुरक्षा प्रदान गर्नका लागि आवश्यक आय आर्जनको वैकल्पिक उपायको पहल गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

४९. **प्रश्न नं. ७** अर्थात् अग्रपंक्तिमा रही स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरूको विशेष

स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा विचार गर्दा, अग्रपंक्तिमा रही कार्य गर्ने स्वास्थ्यकर्मीहरूको सुरक्षाको उचित प्रबन्ध नेपाल सरकारद्वारा भई नै रहेको तथा उपचारका लागि अस्पतालहरू सुचारू रहेको हुँदा यस सम्बन्धमा आदेश हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

५०. विश्वव्यापी रूपमा कोरोना भाइरस महामारीबाट संक्रमित भई वा संक्रमितको अवस्था नखुलेको तर स्वास्थ्य उपचारको सेवा लिन अस्पतालहरूमा भर्ना भएका व्यक्तिहरूको संख्या बढ्दो क्रममा रहेको छ। यस्तो अवस्थामा अग्रिम पंक्तिमा रहने स्वास्थ्य सेवा कर्मचारीहरू विशेषत: सरकारी र निजी अस्पताल तथा क्वारेन्टाइनमा स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, कोभिड-१९ परीक्षण गर्ने चिकित्सकहरू, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू, सफाइकर्मीहरू, अत्यावश्यक सेवामा खटिएका व्यक्तिहरू तथा प्रहरीहरू सङ्क्रमणको उच्च जोखिममा रहेका छन्। विश्व स्वास्थ्य संगठनले २०१९ मा गरेको 'Gender Equity in the health work force: Analysis of 104 countries' को अध्ययनअनुसार विश्वव्यापी स्वास्थ्यकर्मीहरूमध्ये ७० प्रतिशत महिला स्वास्थ्यकर्मीहरू रहेका छन्। लैङ्गिक लघुताभास (Gender Stereotype) का कारण नर्सिङ पेसामा पुरूषभन्दा पनि महिलाहरूकै बाहुल्यता भएको अवस्थामा महामारी सङ्क्रमणको जोखिममा स्वास्थ्य सेवाको अग्रपंक्तिमा बढी संख्या महिलाको रहेको देखिन्छ।

५१. हाल कोभिड-१९ को महामारीमा जति पनि अग्रिम पंक्तिमा रहने चिकित्सक, स्वास्थ्यकर्मीहरूले आफ्नो तथा आफ्नो परिवारको जीवनसमेत जोखिममा राखी सेवा प्रवाह गरिरहेका छन् सो कार्य सराहनीय छ। यद्यपि स्वास्थ्यकर्मी र तिनका परिवारको स्वास्थ्य उत्तिकै महत्त्वपूर्ण छ। बिरामीहरूलाई सुरक्षित र स्वस्थ राख्नका लागिसमेत स्वास्थ्यकर्मीहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ। नेपालमा पहिलो पटक वैशाख ३० गते कपिलवस्तुस्थित एक अस्पतालमा कार्यरत नर्समा कोरोना सङ्क्रमण देखिएको थियो र हाल आएर चिकित्सक, स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरूलगायतका अग्रीमपंक्तिमा कार्यरत व्यक्तिहरू संक्रमित हुने क्रम अत्यधिक नै रहेको देखिन्छ।

५२. विश्व स्वास्थ्य संगठनले सदस्य राष्ट्रहरूलाई सबै फ्रन्ट-लाइन स्वास्थ्य र सामाजिक कर्मीहरू र स्याहारबाहकहरूलाई प्रशिक्षण, पिपिई र अन्य आवश्यक उत्पादनहरूको उचित पहुँचको सुनिश्चितता गर्नमा जोड दिए तापनि स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरूको बढ्दो संक्रमित संख्यालाई हेर्दा सो मापदण्ड तथा नेपाल सरकार स्वयंले पारित गरेको मापदण्डहरूबमोजिम अग्रिम पंक्तिमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरूको उचित सुरक्षाको पर्याप्त र प्रभावकारी अवलम्बन गरिएको देखिँदैन। सुरक्षित व्यवस्थाको अभावमा स्वास्थ्य सेवा प्रवाहमा रोकावट आइपर्ने र कैयौं बिरामीहरूमा सेवाप्रदायकबाटै सङ्क्रमण हुने वा सेवाको पहुँचमा अवरोध भई स्वास्थ्य जटिलता भई मृत्युवरणको परिणाम भोग्नुपर्ने जस्ता भयावह स्थितिको सिर्जना हुन सक्छ।

५३. अग्रस्थानमा रही सेवा प्रदान गरिरहेका यी स्वास्थ्यकर्मीको उत्प्रेरणा र सुरक्षालाई उच्च प्राथमिकतामा राखी उच्च मनोबलमा कायम गर्ने वातावरणको सुनिश्चितता आजको आवश्यकता रहेको देखिन्छ। तसर्थ विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार प्रत्यक्ष र अग्रिम पंक्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू, सफाइकर्मीहरू तथा अत्यावश्यक सेवामा खटिएका व्यक्तिहरूलाई आवश्यक पर्ने Personal Protective Equipment (PPE) तथा अन्य

आवश्यक उपकरणलगायतका सम्पूर्ण सामग्रीहरू उच्च गुणस्तरको, पर्याप्त मात्रामा निःशुल्क उपलब्धताको व्यवस्था गर्नु, गराउनु, महिला स्वास्थ्यकर्मीका size अनुरूपको PPE, सुविधाअनुरूपको कार्यसमय र अन्य सुविधामा समान पहुँचको सुनिश्चितता जस्ता विशिष्ट आवश्यकताहरूको व्यवस्थापन गर्नु साथै कोभिड-१९ महामारी सङ्क्रमणबाट सुरक्षाको लागि मात्र नभई रोकथाम उपचारको लागि पनि उचित संयन्त्रको सुनिश्चितता गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

५४. **प्रश्न नं. ८** अर्थात् राष्ट्रिय सूचना आयोगको मिति २०७७।०२।०६ को आदेशयुक्त प्रेस विज्ञप्ति बदर गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, उक्त पत्रमा राष्ट्रिय सूचना आयोगबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोभिड-१९ बाट संक्रमित वा यस सङ्क्रमणबाट मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासमेत उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम जारी गरेको आदेशयुक्त प्रेस विज्ञप्तिले व्यक्तिको गोपनीयताको हक उल्लङ्घन हुने र त्यस्ता व्यक्तिलाई सामाजिक विभेद समेत हुन जान सक्ने हुँदा सो विज्ञप्ति उत्प्रेषणको आदेशले बदर गरी अन्तराष्ट्रिय सन्धी सम्झौता, नेपालको संविधान प्रदत्त मौलिक हक तथा कानूनी अधिकारको प्रभावकारी र प्राथमिकताका साथ प्रचलन गराउन विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रेहेकोमा सूचनाको हक सम्बन्धी मौलिक हक तथा कानूनी व्यवस्थाको कार्यान्वयनको सिलसिलामा राष्ट्रिय सूचना आयोगले जारी गरेको आदेशले गोपनीयताको हक हनन् नहुने र संक्रमितहरूको यथोचित सूचना व्यवस्थापन गरी सङ्क्रमण न्यूनीकरण गर्न सूचनाको आवश्यकता हुने हुँदा राष्ट्रिय सूचना आयोगको आदेशयुक्त प्रेस विज्ञप्ति बदर हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

५५. सूचनाको हकलाई व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हकको अभिन्न अंगको रूपमा लिइन्छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १९ ले विश्वव्यापी रूपमा प्रत्येक व्यक्तिलाई वाक् तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ। नेपालको संविधानको धारा २७ मा "**प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ**" भन्ने व्यवस्था भएको पाइन्छ। सार्वजनिक महत्त्वका सूचनाहरू पाउने प्रक्रियाबारे कानूनमा नै व्यवस्था भएको पनि पाइन्छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको र यस ऐनको दफा ४ ले राज्यका कामकारबाही खुला र पारदर्शी हुनुपर्ने तथा दफा ३ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँच हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

५६. तथ्यपरक सूचना सबैको लागि महत्त्वपूर्ण हुन्छ। कोभिड-१९ को महामारीको यस्तो विकराल अवस्थाको परिकल्पना विश्वले नै गर्न सकेको थिएन। यो अवस्थामा सही र उपयुक्त सूचनाको प्रवाह गरी जनतालाई सजग गराउनु राज्यको पहिलो कर्तव्य हुन जान्छ। महामारीसँग जुध्न तयार रहन आम नागरिकलाई सूचनाले सहयोग गरेको हुन्छ। यो सङ्क्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा तत्कालै फैलने भएको हुँदा अन्य व्यक्तिलाई संक्रमित हुनबाट जोगाउन तथा समुदायलाई सुरक्षित राख्न WHO को मापदण्डबमोजिम संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको खोज (Tracing, Tracking) र उपचार (Treatment) गर्न अनिवार्य पनि छ।

५७. सूचनाको हकसम्बन्धी अधिकार निरपेक्ष (Absolute) होइन, यसको पनि सीमा छ। नेपालको संविधानको

धारा २७ को प्रतिबन्धात्मक वाक्यांशमा "कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भनी व्यवस्था गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा (३) (ङ) मा व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने जस्ता सूचनाको उपलब्धतामा कानूनले बन्देज लगाएको पाइन्छ।

५८. यसर्थ सूचनाको हक प्रचलन गर्दा व्यक्तिको गोपनीयताको हकको पनि उत्तिकै सम्मान गर्नुपर्ने स्पष्ट छ। विश्वव्यापी मानव अधिकारको घोषणापत्र, १९४८ को धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ को धारा १७ मा कसैलाई पनि आफ्नो गोपनीयता, परिवार, घर अथवा प्रचारप्रसारमा स्वेच्छाचारी हस्तक्षेप गरिने छैन न त तिनको सम्मान तथा ख्यातिमाथि आघात पुऱ्याइने छ र प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप अथवा आक्रमणका विरूद्ध कानूनी संरक्षणको अधिकार हुनेछ भनी उल्लेख गरेको पाइन्छ। नेपालको संविधानको धारा २८ ले "**कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अतिक्रम्य हुने छैन"** भनि प्रत्येक व्यक्तिको गोपनीयताको हक सुनिश्चित गरेको पाइन्छ। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ समेत निर्माण भई लागू भएको अवस्था छ।

५९. वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ सार्वजनिक निकाय वा संस्थामा रहेको वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्याख्या गर्न तथा निजको गोपनीयता अतिक्रमण हुन नदिई मर्यादित जीवनस्तर प्रवर्द्धन गर्न आएको देखिन्छ। ऐ. ऐनको दफा ३(२) मा **"कुनै पनि व्यक्तिको शारीरिक गोपनीयताको विषय निजको शरीर वा स्वास्थ्य परीक्षण गर्दा, उपचार गर्दा वा आपत्कालीन उद्धार कार्य गर्दाको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको मन्जुरीविना अनतिक्रम्य रहनेछ"** भन्ने व्यवस्था संविधानको धारा ३५ को स्वास्थ्यसम्बन्धी हकसँग समेत अन्तरसम्बन्धित छ। यसै ऐनको दफा ३(३) ले कुनै पनि व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरूषत्व, नपुंशकत्व वा शारीरिक रोग जस्ता विषयको गोपनीयता कायम राख्ने अधिकार हुनेछ भनी व्यवस्था गरेको छ। ऐ. ऐनको दफा ७ ले प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुनेछ भनी व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १६ ले आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ। कोभिड-१९ बाट संक्रमित व्यक्तिहरूको व्यक्तिगत विवरण सार्वजनिक गर्दा संक्रमित भएको वा संक्रमित भई मृत्यु भएको अवस्थामा समेत सामाजिक बहिष्करण गरिने, परिवारलाई समेत लान्छित र भेदभाव गरिने गरिएको र हाल कोरोना संक्रमितको उपचारमा संलग्न रहेका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा कर्मचारीहरूमा समेत लक्षित हिंसात्मक व्यवहारहरू भएको कारण संक्रमित व्यक्तिहरू, स्वास्थ्यकर्मी तथा निजका परिवारहरूसमेत विभेदमा पर्नुका साथै उक्त कुराले व्यक्तिको गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र विभेद विरूद्धको हकसमेत उल्लङ्घन भएको देखिन्छ। सामाजिक लान्छना (Social stigma) लाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा WHO ले **'संक्रामक रोगसँग सम्बन्धित लान्छना तथा भयले यसको उचित सम्बोधनलाई प्रभावित पार्दछ, संक्रमितप्रति सहानुभूति राख्दै, रोगलाई सही तवरले बुझ्दै तथा प्रभावकारी र व्यावहारिक रणनीतिहरू अवलम्बन गर्दै यससँग सम्बन्धित स्वास्थ्य सेवा तथा सुझावहरू जनताको विश्वास निर्माण गर्ने किसिमको हुनुपर्छ, जसले गर्दा जनताले आफू र आफ्ना प्रियजनहरूलाई सुरक्षित**

राख्न सकुन्'[34] भनी आफ्नो मार्गदर्शनमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी यस्तो वातावरणको सिर्जना गरिनुपर्दछ जसमा यस रोग तथा यसका प्रभावहरूका सम्बन्धमा खुला र इमान्दारी रूपमा तथा प्रभावकारी छलफल एवं निराकरण होस् ।[35] त्यसैगरी यस सङ्क्रमणसँग सम्बन्धित लान्छनालाई न्यूनीकरण गर्नका लागि कोभिड-१९ सँग जोडेर व्यक्तिको परिचय परिभाषित गर्ने अभ्यास हटाउनुपर्ने देखिन्छ भनी भनिएको छ ।[36]

६०. त्यसैले नेपालको संविधानको धारा २७ ले प्रत्याभूत गरेको सूचनाको हक, धारा २७ कै सूचनाको हकमा सीमा तथा धारा २८ द्वारा प्रदत्त गोपनीयताको हक (Right to Privacy), संविधानकै धारा १६(१) द्वारा प्रदत्त व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक (Right to live with dignity) र धारा १८(२) द्वारा "**सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, <u>स्वास्थ्य स्थिति,</u> वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन**" भन्ने स्वास्थ्य स्थितिको आधारमा अविभेदको हक (right to non-discrimination based on health status) सँग समेत जोडेर हेरिनु पर्दछ । कोभिड-१९ को महामारीले गर्दा निश्चित व्यक्ति, परिवार र समुदायका बिचमा लान्छना, घृणा द्वेषभाव, बहिष्करण, घृणाजन्य अपराध (hate crime) जस्ता घटनाहरू घटिरहेका छन् । भेदभाव र लान्छनाबाट संरक्षण गर्न गोपनीयतासम्बन्धी अधिकारको सुनिश्चितता हुनु पर्ने जरूरी देखिन्छ । व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास उद्देश्य र कानूनी प्रयोजनको लागिबाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिकको शोषण विरूद्धको हक, हिंसा विरूद्धको हक, गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र स्वास्थ्यको आधारमा विभेद नगर्ने हकसम्बन्धी स्थापित विधिशास्त्र, अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, वैयक्तिक गोपनीयताको हकसम्बन्धी ऐन, २०७४ को उद्देश्य एवम् ऐ. ऐनको दफा ३ र दफा ७ को समेत उल्लङ्घन हुन जाने देखिन्छ ।

६१. यस सम्बन्धमा यसै अदालतबाट *सपना प्रधान मल्ल विरूद्ध नेपाल सराकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको परमादेश (*ने.का.प.२०६४ अंङ्क नि नं ७८८०*) मा "**व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास कानूनी प्रयोजनको लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्थामा पुग्न सक्ने हुन्छ"** भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । यसबाट पनि कोभिड-१९ का संक्रमित तथा मृतकको सूचना कुनै कानूनी प्रयोजनको लागि सार्वजनिक गर्दा त्यस्ता संक्रमित व्यक्ति तथा निजका परिवारजनसमेतले उक्त सूचनाकै कारण कुनै दुष्प्रभावको सामना गर्नु नपर्ने स्थितिको सुनिश्चितता गरिनुपर्ने देखिन्छ ।

34 'Evidence clearly shows that stigma and fear around communicable diseases hamper the response. What works is building trust in reliable health services and advice, showing empathy with those affected, understanding the disease itself, and adopting effective, practical measures so people can help keep themselves and their loved ones safe.' A guide to preventing and addressing social stigma associated with COVID-19. [hereafter WHO Social stigma guideline]

35 'An environment needs to be created in which the disease and its impact can be discussed and addressed openly, honestly and effectively.' WHO Social stigma guideline.

36 'It is important to separate a person from having an identity defined by COVID-19, in order to reduce stigma.' Mental health and psychosocial considerations during the COVID-19 outbreak- WHO.

६२. यसका साथै मुलुकी फौजदारी संहिता, २०७४ को दफा १६० ले "**कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानूनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा...स्वास्थ्य स्थिति...वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन**" भनी भेदभावपूर्ण व्यवहारलाई रोक लगाएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २९४ ले **व्यावसायिक कामको सिलसिलामा थाहा पाएको गोप्य कुरा कानूनले बाध्य गरेको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक प्रकट गर्न रोक लगाएको छ** । अतः एकातिर संक्रमितको स्वास्थ्य स्थितिले ल्याउने विभेद, समानताका साथ सम्मानपूर्वक बाँच्न पाउने र हिंसारहित समाजमा बस्न पाउने हक कुण्ठित हुने स्थिति रहेको छ भने अर्कोतिर सार्वजनिक सरोकारको कुनै विषयमा सूचना माग्न पाउने हकअन्तर्गतको सूचना दिने राष्ट्रिय सूचना आयोगको दायित्व रहेतर्फ विचार गर्दा, ऐ. ऐनको दफा २८ को सूचनाको संरक्षण गर्नुपर्ने भनी सोही दफाको उपदफा (२) को खण्ड (क) मा **"कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने प्रयोजनका लागि सूचना दिन मिल्ने"** अपवादात्मक अवस्था उल्लेख गरेको भए तापनि कोरोना भाइरसको सङ्क्रमण दिनानुदिन बढ्दै गएको र यसको उपचार हालसम्म पत्ता नलागेको हुनाले जनमानसमा दुविधा, चिन्ता र डर उत्पन्न भई संक्रमित व्यक्तिमाथि गरिने समाजिक विभेद एवं लान्छनापूर्ण व्यवहारले गर्दा जोखिममा रहेका वर्गले परीक्षण नगर्ने, बिरामीपना लुकाउने, तत्काल उपचारको सेवा नलिने वा नपाउने तथा सुरक्षित र स्वस्थ व्यवहार गर्नसमेत हतोत्साहित हुने स्थिति भएको र परिणाम स्वरूप सार्वजनिक स्वास्थ्यको सुरक्षामा नै जोखिम बढ्ने स्थिति भएको देखिन्छ । त्यसैले कोभिड-१९ को सङ्क्रमणको अवस्थामा अरूको अधिकारको सम्मान गर्दै थप फैलावट (Further Spread) रोक्नका लागि संक्रमित वा निजका परिवारमा हुने सामाजिक लान्छना, भेदभाव, घृणाजन्य अपराध (hate crime) बाट संरक्षण गर्दै निजको गोपनीयतासम्बन्धी अधिकारको संरक्षण गर्नुपर्ने संवैधानिक तथा कानूनी दायित्व राज्यको जिम्मेवार निकायउपर रहेको देखिन्छ ।

६३. महामारीको विषयको निश्चित र पहुँचयोग्य सूचना, सम्प्रेषणको जोखिमता घटाउन र समाजमा गलत सूचना जानबाट रोक्न महत्त्वपूर्ण रहेको हुन्छ । तर यस्तो सूचनाले लान्छनाको जोखिमतालाई घटाउन, जोखिमतामा रहेको वर्गहरू र सङ्क्रमणमाथि कुनै गलत कार्य (Harmful) नहुने कुराको सुनिश्चितता गर्न अत्यन्त आवश्यक रहन्छ अन्यथा व्यक्तिगत पहिचानका विवरणहरू सार्वजनिक गर्दा कोभिड-१९ सँग जुध्ने क्रममा थप जोखिमको स्थिति आई यस महामारीले जटिल रूप लिई भुसजस्तै भित्र भित्र फैलिने साथै नेपाल सरकारले महामारी रोक्न अपनाएको tracing, tracking र treatment विधिमा समेत असर पर्ने हुँदा राष्ट्रिय सूचना आयोगबाट प्रकाशित मिति २०७७/०२/०६ को सूचना आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । विभेद र लान्छनाको डरले आफ्नो स्वास्थ्य स्थिति लुकाउँदा हुने सङ्क्रमणको थप फैलावटको जोखिमताबाट संरक्षण गर्न र संक्रमित व्यक्तिउपरको लान्छना, भेदभाव, बहिष्करणपूर्ण क्रियाकलाप रोकी संक्रमित वा उनको परिवारको आत्मविश्वास वृद्धि गरी समाजमा खुलेर आउने वातावरण सिर्जना गर्न संक्रमित व्यक्तिहरूको व्यक्तिगत विवरण (सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगाना) खोज्न र खोल्न आवश्यक भएमा सम्बन्धित जिम्मेवार निकायहरूले व्यक्तिगत विवरणहरू महामारीको रोकथाम र व्यवस्थापनको लागि संकलन, प्रयोग, खुलासा गर्नुपर्ने ठाउँमा गर्नु गराउनु,

विभेद र लाञ्छनाबाट संक्रमित व्यक्तिका परिवारको संरक्षण गर्न सम्बन्धित निकायमा आएको जानकारीको गोपनीयता सम्बन्धित जिम्मेवार निकायले नै राख्नु, विभिन्न सामाजिक सञ्जाल, पत्र पत्रिकाहरूलगायतका सञ्चार माध्यममा कोभिड-१९ का संक्रमित व्यक्तिहरूको सहमतिबेगर व्यक्तिगत पहिचान खुल्ने विवरणहरू (सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगाना) छाप्ने वा सार्वजनिक गर्ने कार्य बन्द गर्नु गराउनु भनी नेपाल सरकारको नाममा परमादेश जारी गरिएको छ।

६४. अब अन्तिम **प्रश्न नं. ९** अर्थात् महामारीले समाजमा पारेका बहुआयामिक असर / प्रभावहरूको यथोचित सम्बोधन तथा High Risk Group मा पर्ने महिला तथा बालबालिकाहरूलाई विशेष संरक्षण विद्यमान कानूनी व्यवस्थाहरूले गर्न नसकेको तथा कोरोना भाइरस जस्ता जीवाणुहरूबाट सिर्जना हुने महामारीको उचित व्यवस्थापनको लागि एकीकृत कानून (Pandemic Law) नहुँदा महामारीको नियन्त्रण, रोकथाममा समस्या रहेकोले निवेदकको मागबमोजिम लैङ्गिक संवेदनशील एकीकृत कानून निर्माण गर्नको लागि आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, विद्यमान कानूनी व्यवस्थाअनुरूप हालसम्म कोरोना महामारीको व्यवस्थापन हुँदै आएको र कानून बनाउन अदालतले आदेश गर्दा कानूनको आवश्यकता महसुस गरी कानून बनाउने विधायिकी विवेक (Legislative Prudence) माथि हस्तक्षेप हुन जाने भन्ने विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर रहेको पाइन्छ।

६५. यस सन्दर्भमा महामारीले सिर्जना गरेका असर / प्रभावहरूका सम्बन्धमा विद्यमान संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाहरू पर्याप्त छन् वा छैनन् र भएका कानून लैङ्गिक संवेदनशील छन् वा छैनन् भनी विवेचना गर्न जरूरी देखिन्छ।

६६. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने, धारा १८(२) ले अविभेदको हकले लैङ्गिक, स्वास्थ्य स्थिति, गर्भावस्थाको आधारमा कुनै प्रकारको भेदभाव गर्न नपाइने, धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले महिला तथा सीमान्तकृत वर्गको लागि कानून बनाई विशेष व्यवस्था गर्न सक्ने, धारा ३८(५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने, धारा २९ ले कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने मौलिक हकहरूको प्रत्याभूति गरेको पाइन्छ। त्यसैगरी धारा २० ले न्यायसम्बन्धी हक, धारा २१ ले पीडितको हक, तथा धारा ४६ ले उपचारको हकको व्यवस्था गरेको छ। साथै धारा ३८(४) ले महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हकको व्यवस्था गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले "**स्वस्थ तथा सुखी जीवनलक्षित सजग र सचेत नागरिक**" निर्माण गर्ने दीर्घकालीन सोच (Vision) राखेको देखिन्छ। उक्त नीतिले गुणस्तरीय स्वास्थ्य सेवा, दक्ष जनशक्तिको उत्पादन, प्राप्ति, विकास र उपयोग, संस्थागत सुदृढीकरण, जनसहभागिता, सार्वजनिक-निजी साझेदारीदेखि स्वास्थ्य अनुसन्धानको गुणस्तरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाई अनुसन्धानका सुझावबमोजिम नीति निर्माण, योजना तर्जुमा, औषधी एवं उपचार पद्धतिमा उपयोग गर्ने तथा महामारी नियन्त्रणलगायतका विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गर्नेसम्मका रणनीतिहरू

लिएको देखिन्छ। उपर्युक्त संवैधानिक तथा नीतिगत व्यवस्थाहरूको रोहमा विद्यमान कानूनी व्यवस्थाहरूको मूल्याङ्कन गर्नु वाञ्छनीय देखिन्छ।

६७. संक्रामक रोग ऐन, २०२० को प्रस्तावना हेर्दा, "**नेपाल भर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रूप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्न**" उक्त ऐन बनेको देखिन्छ। सो ऐनको उद्देश्यअनुरूप आवश्यक कारबाही गर्ने, सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूहउपर लागू हुने गरी आवश्यक आदेश जारी गर्ने, पैदल वा सवारी साधनबाट लगिने, ल्याइने, सफर गर्ने यात्रूको जाँचबुझ गर्न, संक्रामक रोग लागेको आशंका लागेका पशुपंक्षी वा यात्रूलाई अस्पताल तथा अन्य स्थानहरूमा अलग गरी राख्न वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेश जारी गर्ने अधिकार क्रमशः ऐनको दफा २ र दफा २क ले नेपाल सरकार र प्रदेश सरकारलाई तथा जाँचबुझ गर्न खटिएको कर्मचारीलाई सुम्पेको देखिन्छ। जम्मा ६ वटा दफाहरू भएको उक्त ऐनको दफा ३, ४ र ५ मा क्रमशः आदेशको अपहेलना गर्नेलाई सजायसम्बन्धी, कसुरमा कारबाही र किनारा गर्ने अधिकारसम्बन्धी र अधिकृत व्यक्तिले कर्तव्य पालना गर्दा असल नियतले काम कारबाही गरेकोमा बचाउसम्बन्धी व्यवस्थासम्म रहेको पाइन्छ। नेपाल सरकार र प्रदेश सरकारहरूले यिनै व्यवस्थाका आधारमा हालसम्म बन्दाबन्दीसम्बन्धी विभिन्न आदेशहरू जारी गर्दै आएको देखिन्छ।

६८. करिब ५६ वर्षअघि अर्थात् वि.सं. २०२० सालमा जारी भएको उपर्युक्त ऐनले संक्रामक रोग रोकथामसम्बन्धी सामान्य व्यवस्था गरी आवश्यक कारबाही तथा आदेश गर्ने अधिकार नेपाल सरकारलाई तथा मिति २०७५।११।१९ को नेपालको संविधानअनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा दफा २क थप गरी प्रदेश सरकारलाई समेत सोहीअनुरूपको अधिकार प्रदान गरेकोसम्म पाइन्छ। कोरोना भाइरस आफैँमा संक्रामक रोग भएकोले यस ऐन कोरोनाको सङ्क्रमण नियन्त्रणमा आकर्षित हुने भए तापनि हाल यस रोग मानिसबाट मानिससँग नजिक हुनासाथ श्वास वा उसले छोएको, प्रयोग गरेको ठाउँबाट समेत सर्ने अत्यन्त गम्भीर किसिमको रोगले विश्वभरी नै महामारीको रूप लिएको, यसको निर्मूलनको उपाय पत्ता लागि नसकेको तथा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जीवन नै गुमाउनु पर्ने स्थिति सिर्जना गरेको छ र यसको भयावहताले उपचार, आर्थिक, सामाजिक, मनोवैज्ञानिकलगायतका मानव जीवनका बहुआयामिक पक्षमा पारिरहेको असर / प्रभावहरू तथा सो अवस्थामा High Risk Group मा पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा अन्य रोगका बिरामी भएका व्यक्तिहरूको सम्बन्धमा गरिनुपर्ने विशेष संरक्षणसमेतका सवालहरू (Issues) लाई उचित सम्बोधन गर्न सक्ने देखिँदैन। **हाल प्रचलित कानूनले यो फरक प्रकृतिको महामारीको प्रकोप रोकथाम (prevention), सम्बोधन (response), पुनर्लाभ (recovery) को लागि सम्बन्धित निकायले आवश्यक दृष्टिकोण र कार्यक्रमको परिकल्पना गर्नसकेको छैन। अन्य विभिन्न निकायहरूसँगको समन्वयात्मक दृष्टिकोणहरूसमेत ल्याउन सकेको छैन। विपद्को स्वरूप हेर्दा पनि यो अनिश्चितकालीन अवस्थामा रहेको छ। यस्तो विपद् व्यवस्थापन कसरी गर्ने भन्ने रणनीतिहरू पनि कानूनले निर्दिष्ट गर्नसकेको अवस्था छैन।**

६९. त्यसैगरी नेपालको संविधानको धारा ३५ अन्तर्गत "**नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुभ तुल्याई नागरिकको पहुँच स्थापित गर्नको**

लागि आवश्यक कानूनी व्यवस्था गर्न" भनी जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भएको देखिन्छ । सो ऐनको दफा २ को देहाय (क) ले "आकस्मिक स्वास्थ्य सेवा भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकताअनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ" भनी परिभाषा गरेको पाइन्छ । कोरोना भाइरसको सङ्क्रमण विश्वभर आपतकालीन अवस्था निम्त्याएको भए तापनि नेपालको सन्दर्भमा जनस्वास्थ्य सेवा ऐनले गरेको आकस्मिक स्वास्थ्य सेवाको उपर्युक्त परिभाषाले नै आकस्मिक स्वास्थ्य सेवालाई प्रारम्भिक तथा तत्काल सेवाको दायराभित्र संकुचन गरिदिएको हुँदा कोरोना सङ्क्रमणको आशंका रहेको व्यक्तिको परीक्षणदेखि संक्रमितको उपचार गरी रोगको निदान र पुनर्स्थापनासम्म अवलम्बन गरिनुपर्ने बहुपक्षीय सेवाहरूलाई समेट्न सकेको देखिँदैन ।

७०. जनस्वास्थ्य सेवा ऐनको अर्को उद्देश्य भनेको नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने रहेको पाइन्छ । सो ऐनले 'आधारभूत स्वास्थ्य सेवा' को परिभाषा गर्दा ऐनको दफा ३ को उपदफा (४) मा उल्लिखित सूचीबमोजिम "**आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ**" भनी उल्लेख गरिएको छ । सो सूचीले कोरोना रोगलाई समेट्न सकेको छ कि छैन भनी हेर्दा, सूचीकृत विभिन्न १० वटा सेवामध्ये दफा ३ को उपदफा (४) को देहाय (ग) मा 'सरूवा रोगसम्बन्धी सेवा' उल्लेख भएको पाइन्छ । सरूवा रोगअन्तर्गत कोरोनाको सङ्क्रमणसमेत पर्न सक्ने भए तापनि सङ्क्रमणले महामारीको रूप लिएको र सामान्य अवस्थामा भन्दा फरक प्रकृतिको रोग भएको र अधिक स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गरिनुपर्ने हुँदा तत्सम्बन्धी सेवाहरूको बारेमा स्पष्ट उल्लेख गरिएको छैन र ऐनको दफा ३ को उपदफा (७) ले आधारभूत "**सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोकेबमोजिम हुनेछ**" भनी स्वास्थ्य तथा जनसंख्यासम्बन्धी विषय हेर्ने मन्त्रालयलाई जिम्मेवारी सुम्पिएको पाइन्छ । सोही जिम्मेवारीबमोजिम मन्त्रालयले कोरोना सङ्क्रमण रोकथाम सम्बन्धमा केही मापदण्डहरू तयार गरी लागू गरेको देखिन्छ ।

७१. त्यसैगरी प्रचलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ हेर्दा, "**विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा न्यूनीकरणसँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न**" सो ऐन ल्याइएको देखिन्छ । उक्त ऐनको दफा २ को देहाय (घ) ले महामारीलाई "**गैरप्राकृतिक विपद्**" भनी परिभाषित गरेको पाइन्छ । विपद्को प्रभावकारी व्यवस्थापन गर्ने, गराउने सन्दर्भमा दफा ३ अन्तर्गत 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्', दफा ६ बमोजिम 'कार्यकारी समिति', दफा ९ बमोजिम 'विशेषज्ञ समिति', दफा १० बमोजिम 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण', दफा १४ बमोजिम 'प्रदेश विपद् व्यवस्थापन समिति', दफा १६ बमोजिम 'जिल्ला विपद् व्यवस्थापन समिति', तथा दफा १७ बमोजिम 'स्थानीय विपद् व्यवस्थापन समिति' समेतका संस्थागत व्यवस्था गरी सम्बन्धित निकायहरूको काम, कर्तव्य र अधिकारहरूको समेत व्यवस्था उक्त ऐनमा गरिएको पाइयो । विपद्

व्यवस्थापनका यी सामान्य व्यवस्थाका अलावा कार्यकारी समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा ८ को देहाय (ङ) मा "**विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने**" भन्ने व्यवस्था रहेको देखिन्छ। उपर्युक्त विशेष योजना तथा कार्यक्रमले कोभिड-१९ को उच्च जोखिममा रहेका 'अन्य रोगका बिरामी' लाई समेट्न सकेको देखिएन। विपद् व्यवस्थापनसम्बन्धी उपर्युक्त ऐनले महामारीलगायतका सबै प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपद्हरूलाई एकमुष्ठ सम्बोधन गर्न खोजेको भए तापनि कोभिड-१९ को महामारीले सिर्जना गरिरहेको विशेष तथा नवीन असर प्रभावहरूलाई तथा 'उच्च जोखिममा परेका' सबै समूहहरूलाई समेट्न सकेको देखिँदैन। यस्तो अवस्थामा नेपाल सरकारले विभिन्न मापदण्ड, कार्यविधि, निर्देशनहरू जारी गर्दै स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गर्दै आएको अवस्थामा समेत महामारीको उचित न्यूनीकरण, व्यवस्थापन प्रभावकारी हुन नसकी दिनानुदिन संक्रमित तथा मृतकको संख्या बढ्दो क्रममा रहेको देखिन्छ र यस महामारीले निम्त्याइरहेका बहुपक्षीय, बहुआयामिक असरहरूबारे नेपालमा यथेष्ट अध्ययनसमेत भई नसकेको देखिन्छ।

७२. हाल कोरोना सङ्क्रमणको महामारीले विश्वभर विकराल रूप लिएकाले यसको असर मानिसको स्वास्थ्यमा मात्र नभएर राज्य तथा मानव जीवनका विविध क्षेत्रहरूमा बहुआयामिक प्रभावहरू परिरहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्य-तथ्याङ्कहरूले उजागर गरिरहेका छन्। व्यक्तिले रोजगारी गुमाउनेदेखि ज्यानै गुमाउनेसम्म, व्यवसायीले घाटा बेहोर्नेदेखि टाट पल्टिनेसम्म तथा राष्ट्रले चरम आर्थिक विश्रृङ्खलता भोग्नुपर्नेसम्मका नियतिहरू यस महामारीको प्रतिनिधि दृष्टान्तहरू मात्र हुन्। यी र यस्ता अन्य सम्भाव्य असर र प्रभावहरू अझै देखिने क्रममै छन्। जनस्वास्थ्य सेवा ऐनअन्तर्गत आकस्मिक स्वास्थ्य सेवा प्रारम्भिक तथा तत्काल सेवामा सिमित रहेको तथा आधारभूत सेवालाई निःशुल्क गर्ने प्रयोजनको लागि मात्र सूचीकृत गरिएको देखिँदा सो ऐन नागरिकको स्वास्थ्य सेवामा मात्र केन्द्रित रहेको पाइन्छ। उक्त ऐनले समेत कोरोना सङ्क्रमणले निम्त्याएको बहुआयामिक असर प्रभावहरूलाई सम्बोधन गर्न सकेको देखिँदैन।

७३. मुलुकी फौजदारी संहिताको दफा १०४ ले संक्रामक रोग फैलाउन नहुने भनी उपदफा (१) मा "**कसैले कसैको ज्यानलाई खतरा पुऱ्याउन सक्ने कुनै किसिमको संक्रामक रोग फैलाउने वा फैलिन सक्ने कुनै काम गर्न हुँदैन**" भनी संक्रामक रोग फैलाउने कार्यलाई अपराधीकरण गरी त्यस्तो कसुर गर्नेलाई ऐ. उपदफा (२) ले सजाय तथा जरिवानाको व्यवस्थासम्म गरेको पाइन्छ। संक्रामक रोग सम्बन्धमा संहितामा अपराधीकरण गरी सजाय तथा जरिवानाको प्रावधानबाहेक अन्य कुनै व्यवस्था रहेको पाइँदैन।

७४. यसरी ऐन कानूनहरूले कोरोना महामारीको विषयलाई उचित सम्बोधन गर्न नसकेकोले नेपाल सरकारले हाल कोरोना महामारीसम्बन्धी केही मापदण्ड जारी गरेको पाइन्छ। "**कोरोना भाइरसको सङ्क्रमणबाट लाग्न सक्ने रोगबाट नागरिकहरूलाई सुरक्षित राख्न शङ्कास्पद व्यक्तिलाई कम्तीमा १४ देखि १७ दिनसम्म क्वारेन्टाइनमा सुरक्षित तथा सुव्यवस्थित तरिकाले राखी त्यस्ता र समाज दुवैलाई सुरक्षित राख्न**" भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६' जारी गरेको देखिन्छ। त्यसैगरी कोभिड-१९ सङ्क्रमणको "**शंकास्पद, सम्भावित र पुष्टि भएका बिरामीहरूको केस अनुसन्धान**

र निजका कन्ट्याक्टमा आएका व्यक्तिहरूको खोज पड्ताल गर्न हरेक स्थानीय तहहरूमा प्राविधिक जनशक्ति रहेको टिम गठन गरी परिचालन गर्न" भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'कोभिड-१९ का लागि केस अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टिम परिचालन अन्तरिम निर्देशिका, २०७७' जारी गरी लागू भएको देखिन्छ। त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ का बिरामीहरूका उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापनसम्बन्धी मार्ग निर्देशन, २०७७, कोभिड-१९ महामारीको सन्दर्भमा ज्येष्ठ नागरिकहरूको सेवा प्रवाहसम्बन्धी मापदण्ड, २०७७, कोभिड-१९ को संक्रमितहरूको आइसोलेसनसम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७, क्वारेन्टाइनमा रहेका व्यक्तिका लागि स्वास्थ्यसम्बन्धी व्यवस्था, २०७७, कोभिड-१९ रोगका महामारीको समयमा आपतविन्दुमा अपनाउनुपर्ने सुरक्षा विधि, २०७७, कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७७, Health Sector Emergency Response Plan: COVID-19 Pandemic समेत जारी गरेको देखिन्छ।

७५. त्यसैगरी "**सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रलगायतका आश्रयस्थलमा आश्रित व्यक्तिहरूलाई विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट जोगाउन तथा महामारीको अवधिमा सङ्क्रमण हुन नदिन पूर्ण सुरक्षाका उपायहरू अपनाएर सुरक्षित तथा सुव्यवस्थित तरिकाले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन**" भनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'कोरोना भाइरस (कोभिड-१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालनसम्बन्धी मापदण्ड, २०७७' जारी गरेको पाइन्छ। यो मापदण्ड सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी बनाइएको देखिन्छ। सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ मा "**यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरि उपयुक्त कार्यविधि अपनाउनु पर्नेछ**" भन्ने उल्लेख भएबाट समेत संक्रामक रोग वा विद्यमान कोरोना महामारी सम्बन्धमा कुनै पनि कानूनमा कार्यविधिको व्यवस्था नभएकै कारण उपर्युक्त व्यवस्थामा टेकेर सो मापदण्ड बनाइएको पाइयो।

७६. यसरी कोरोना महामारीको सवाललाई सम्बोधन गर्न सक्ने कुनै एकीकृत कानून नभएकोले नेपाल सरकारका विभिन्न निकाहरूले विभिन्न ऐन कानूनहरू देखाई अस्थाई तथा तत्कालीन उपायका रूपमा मापदण्ड तथा आदेश जारी गर्दै आएको पाइयो। माथि विश्लेषण गरिएअनुसार कोरोना भाइरसको महामारीको विषय बृहत् भएको, यसले नागरिक तथा राष्ट्रको जीवनमा बहुआयामिक असरहरू पारिरहेको र यसका नयाँ आयामहरू दिनानुदिन विकास हुँदै गइरहेको, High Risk Group अन्तर्गत पर्नेहरूलाई उच्च प्राथमिकता दिई विशेष व्यवस्था गर्न जरूरी भएको, यी विषयहरूलाई सम्बोधन गर्न सक्ने एकीकृत कानूनको अभावमा नेपाल सरकारले विभिन्न कार्यकारी निर्णयहरू गरी अस्थायी रूपमा समाधान गर्न खोजेको सन्दर्भमा आवश्यक अध्ययन गरी कोरोना भाइरसजस्तो महामारीको रोकथाम (Prevention), यसका असर / प्रभावहरूलाई यथोचित सम्बोधन (Response) गर्नको लागि तथा नोक्सानीहरूलाई पूर्ति गर्न र समाजमा घृणा-द्वेष हटाई सद्भावपूर्ण वातावरणसहित प्रभावितलाई पुनर्लाभ (Recovery) मा लैजान एकीकृत कानून बनाउन आवश्यक देखिन्छ।

७७. अब कोभिड-१९ को महामारीलाई उचित व्यवस्थापन गर्नका लागि कानून बनाउने विषय विधायिकी विवेकको विषय भएकोले कानून बनाउनको लागि सर्वोच्च अदालतले आदेश जारी गर्न मिल्दैन भनी विद्वान् सहन्यायाधिवक्ताले बहस जिकिर प्रस्तुत गर्नुभएको सम्बन्धमा विचार गर्दा, कानून बनाउने अधिकार निश्चय पनि विधायिकामा रहेको र विद्यमान महामारीलाई उचित सम्बोधन गर्ने एकीकृत कानूनको अभावमा नेपाल सरकारले विभिन्न कानूनहरूका आधारमा तथा कार्यकारी अधिकारको प्रयोग गरी विभिन्न मापदण्डहरू जारी गरी महामारीको व्यवस्थापन गर्नेतर्फ अग्रसर रहेकोतर्फ समेत यस अदालतको ध्यानाकर्षण भएको छ । नेपाल सरकारको उपर्युक्त पहल कदमीहरूसमेतबाट विद्यमान महामारीको संकटको तथा यस महामारीले निम्त्याएका विकराल अवस्यम्भावी दुस्परिणामहरूको समेत उचित व्यवस्थापन हुन सकेको देखिँदैन । प्रभावकारी कानूनका अभावमा न्यायापालिका स्वयंले कानून बनाउने नभए तापनि सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत परेका निवेदकहरूमार्फत यस्ता विषयमा अदालतको ध्यानाकर्षण हुन गएको छ । यसै सन्दर्भमा ०७६-RE-०३९२ को अड्बडको निकासा एवं ०७६-WO-०९४४ को परमादेश माग भएको निवेदनमा यस अदालतको १९ जनाको बृहत् पूर्ण इजलासबाट देवानी वा फौजदारी कार्यविधि संहिता लगायत तथा अन्य प्रचलित कानूनहरूमा रहेको हदम्यादसम्बन्धी व्यवस्थाले वर्तमान विपद् वा महामारीको कारण कानूनहरूमा पैदा हुने जटिलतालाई पर्याप्त सम्बोधन गरेको देखिन नआएकोले कानूनी शून्यताको असहज परिस्थितिलाई न्यायोचित रूपमा सम्बोधन गर्न संविधानको धारा १२६, १२८ र १३३ (२) बमोजिम मिति २०७७।०२।१५ मा आदेश गरिसकेको छ । यसरी कानूनको रिक्तता तथा अपर्याप्तता रहेका विषयहरूमा कानून बनाउन आवश्यक व्यवस्थापन गर्नका लागि भनी यस अदालतबाट विभिन्न निवेदनहरूमा नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको[37] वा कहिले कानूनको खाडललाई अस्थायी रूपमा पूर्ति गर्ने निर्देशिका नै जारी गर्दै आएको न्यायिक परम्परासमेत रहेको छ ।[38] प्रस्तुत रिट निवेदनको हकमा कोभिड-१९ जस्ता महामारीको वर्तमान चुनौतीलाई सामना गर्न सक्ने अवस्थामा संक्रामक रोग ऐन, २०२० लगायतको प्रचलित कानूनहरूको पर्याप्तता र प्रभावकारिता छ छैन अध्ययन गरी अध्ययन प्रतिवेदनबमोजिम उपर्युक्त र आवश्यक लैङ्गिक मैत्रीय र High Risk Group लाई उच्च प्राथमिकतामा राखी कानून बनाउन नेपाल सरकारको नाउँमा आदेश जारी हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.प्रकाशकुमार ढुंगाना

इजलास अधिकृतहरू: नारायण सापकोटा / विकाश कुमार रजक / मतिना शाक्य / श्रेया संजेल / पुजा सुवेदी
कम्प्युटर अपरेटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७७ साल साउन महिना २१ गते रोज ४ शुभम् ।

37 ने.का.प. २०७१, नि.नं.७४४९, ने.का.प. २०६२ नि.नं ७४९८, ने.का.प. २०६५ नि.नं ७९७३, ने.का.प. २०६५ नि.नं ८०८३, ०६८-WO-००४६
38 ने.का.प. २०६४ अंक ९ नि. नं ७८८०, ने.का.प. २०६५ नि.नं ८००५ पृ.९९९, ने.का.प. २०७० अंक १ नि.नं ८९४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७७।५।२४
०७७-WH- ००१६

विषय :- बन्दीप्रत्यक्षीकरण

निवेदक : चितवन जिल्ला कालिका न.पा. वडा नं. ११ घर भई हाल बाल सुधार गृह सानोठिमी, भक्तपुरमा रहेको नाम परिवर्तित (ग) को हकमा निजको बाबु चितवन जिल्ला कालिका न.पा. वडा नं. ११ बस्ने वर्ष ३५ को नाम परिवर्तित (ख) ----------१

विरूद्ध

विपक्षी : उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुर, हेटौंडा ----------१
चितवन जिल्ला अदालत, भरतपुर, चितवन ----------१
बाल सुधार गृह सानोठिमी भक्तपुर ----------१

आदेश

न्या.अनिलकुमार सिन्हा : नेपालको संविधानको धारा ४६, १३३(२) बमोजिम यसै अदालतको असाधारण क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

१. चितवन जिल्ला अदालतबाट नाम परिवर्तन कालिका १ को जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मेरो छोरा नाम परिवर्तित नाम (ग) लाई जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ मुद्दामा मिति २०७३।३।२० गते बालबिज्याइँ ठहरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद हुनेमा निज १४ वर्षको नाबालक देखिएकोले बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय अर्थात् ५ वर्ष कैद र पीडितलाई रू.१,००,०००।– क्षतिपूर्ति भराई दिने निर्णय भएकोमा सो फैसलाउपर पुनरावेदन परी **उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७४।५।४ मा सुरू सदर फैसला भई नाबालक छोरा नाम परिवर्तित (ग) बाल सुधार गृह भक्तपुरमा नै छन ।** कोरोना भाइरसको विश्वव्यापी महामारीबाट बच्न सर्वोच्च अदालतको मिति २०७६/१२/०७ गतेको पूर्ण बैठकको निर्णयबाट स्वास्थ्य जोखिम आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्नो बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने भन्ने निर्णय भएकोले सो निर्णयबमोजिम सानोठिमी भक्तपुरमा रहेका नाबालक छोरा नाम परिवर्तित (ग) लाई अदालतमा खोजिएको बखत उपस्थित गराउने गरी मेरो छोरा मेरै जिम्मामा लगाई पाउँ भनी चितवन जिल्ला अदालतमा निवेदन

पेस गरेकोमा सो अदालतबाट मिति २०७६।१२।११ गते नाम परिवर्तित (ग) लाई तोकिएको कैद सजायको अवधि, क्षतिपूर्ति रकम र मुद्दाको अवस्थासमेतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ र बालबालिकासम्बन्धी ऐन,२०७५ दफा २४(३) र २७ को अवस्था विद्यमान नदेखिँदा अदालतबाट लागेको कैद सजाय भुक्तान हुन बाँकी रहेकाले अभिभावकको जिम्मा लगाउन मिल्ने अवस्था देखिएन भनी भएको आदेश भएकोले उच्च अदालत पाटन हेटौंडा इजलासमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकोमा सो अदालतबाट मिति २०७७।३।३ मा निवेदन खारेज हुने गरी आदेश भएकोले श्री उच्च अदालत पाटन हेटौंडा इजलासको आदेशले विभेद गरेको हुँदा बदरभागी छ। बालबालिकासम्बन्धी ऐन ,२०७५ को दफा १६(१)(२) र ३६(५) को कानूनी व्यवस्था, सर्वोच्च अदालतको मिति २०७६/१२/०७ गतेको पूर्ण बैठकको निर्णयको प्रतिकूल भएकोले चितवन जिल्ला अदालतको मिति २०७६/१२/११ को आदेश र श्री उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७७/०३/०३ मा रिट निवेदन खारेज गर्ने गरी भएको आदेश उत्प्रेषणको आदेशले बदर गरी नाबालक छोरा नाम परिवर्तित (ग) लाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी तत्काल म अभिभावक (बाबु) को जिम्मा जमानीमा छोड्ने गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी नाबालक छोरालाई थुना मुक्त गरिपाउँ भन्ने बेहोराको रिट निवेदक परिवर्तित नाम (ख) को रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्ने भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७७/४/१८ गतेको आदेश।

३. यस अदालतको २०७३/०३/२० को फैसलाले जबरजस्ती करणी मुद्दामा प्रतिवादी (ग) लाई ५ वर्ष कैद र पीडितलाई रू.१,००,०००।- क्षतिपूर्ति भराउने ठहर फैसला भई मिति २०७३/०१/१३ को आदेशले बाल सुधार गृह भक्तपुरमा रहे बसेको देखिँदा बाँकी कैद अवधि बाल सुधार गृहमा सजाय भुक्तान गरिरहेकोले मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १५५ र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(३) र दफा २७ को अवस्था विद्यमान नदेखिँदा निजलाई अभिभावक जिम्मा लगाउन मिलेन। कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०७६।१२।११ मा आदेश भएको अवस्थामा रिट निवेदकले उच्च अदालत पाटन, हेटौंडा इजलासमा यस अदालतलाई समेत विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकोमा रिट निवेदन खारेज भएकोले वैकल्पिक व्यवस्था हुँदाहुँदै सोही विषयवस्तुका सम्बन्धमा पुन: बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दिएकोले प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको चितवन जिल्ला अदालतको लिखित जवाफ।

४. चितवन जिल्ला अदालतको मिति २०७३।०३।२० को फैसलाबमोजिम निज निवेदकलाई बाल सुधार गृहमा प्रचलित कानूनबमोजिम राखिएको हो। बाल सुधारगृह आफैंले कुनै पनि बालकलाई थुन्ने वा छाड्ने अख्तियारी नभएको हुँदा प्रस्तुत निवेदन कानूनबमोजिम होस् भन्ने बेहोराको बाल सुधार गृह सानोठिमी, भक्तपुरको तर्फबाट पर्न आएको लिखित जवाफ।

५. यी निवेदक नाम परिवर्तित (ग) को हकमा मिति २०७३/०३/२० को चितवन जिल्ला अदालतको फैसला र उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसलासमेतबाट जबरजस्ती करणी मुद्दामा ५ वर्ष कैद निर्धारण भई बाल सुधार गृह भक्तपुरमा कैद भुक्तान गरी बसेको अवस्था देखिँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २७(२) बमोजिम दिशान्तरको अवस्थासमेत विद्यमान नदेखिँदा र कानूनबमोजिम भएको फैसलाको आधारमा बाल सुधार गृहमा थुनामा बसेको अवस्था देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७७/०३/०३ मा आदेश भएकोले निवेदन मागबमोजिम निजको संवैधानिक तथा कानूनी हक हनन भएको अवस्था विद्यमान नहुँदा उक्त बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको उच्च अदालत पाटन, हेटौंडा इजलासको लिखित जवाफ।

६. यसमा प्रस्तुत निवेदनसँग सम्बन्धित चितवन जिल्ला अदालतबाट मिति २०७३/३/२० मा फैसला भएको जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ मुद्दाको सुरू मिसिल अविलम्ब झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७७/५/४ को आदेश।

ठहर-खण्ड

७. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री विश्वेश्वरप्रसाद गौतमले सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण बैठकको निर्णयअनुसार बाल सुधारगृहमा सामाजिक तथा शारीरिक दुरी कायम राख्न असम्भव हुने एवं बालबालिकाको उचित हेरचाह हुन नसक्ने भएकोले यस्तो विषम परिस्थिति र अवस्थामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई निज परिवर्तित नाम (ग) लाई बालबालिकासम्बन्धी ऐनले व्यवस्था गरेको प्रावधानबमोजिम निजको अभिभावकको जिम्मा लगाई पाउँ भनी गर्नु भएको बहस र विपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएको विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले निवेदक नाम परिवर्तित (ग) को हकमा मिति २०७३/०३/२० गतेको चितवन जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसलाबमोजिम जबरजस्ती करणी जस्तो गम्भीर कसुरमा ५ वर्ष कैद निर्धारण भई बाल सुधार गृह भक्तपुरमा कैद भुक्तान गरिरहेको अवस्था तथा पीडितलाई तिर्नुपर्ने क्षतिपूर्ति रू.१,००,०००।– समेत तिरेको अवस्थासमेत नहुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २७(२) बमोजिम दिशान्तरको अवस्थासमेत विद्यमान नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा रिट निवेदन खारेज होस भनी गर्नुभएको बहससमेत सुनियो।

८. यसमा माथि उल्लिखित निवेदन जिकिर एवम् लिखित जवाफ भएको प्रस्तुत निवेदनमा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नपर्ने के हो ? सो सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

९. निर्णयतर्फ विचार गर्दा, चितवन जिल्ला अदालतबाट परिवर्तित नाम (ग) लाई जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ मुद्दामा मिति २०७३।३।२० गते बालबिज्याइँ ठहरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद हुनेमा कसुर गर्दाको अवस्थामा निज १४ वर्षको नाबालक देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय अर्थात ५ वर्ष कैद र पीडितलाई रू.१,००,०००।– क्षतिपूर्ति भराई दिने ठहऱ्याई फैसला भएकोमा सो फैसलाउपर पुनरावेदन

परी **उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७४।५।४ मा सुरु सदर फैसला भई निज नाम परिवर्तित (ग) बाल सुधार गृह भक्तपुरमा मिति २०७२।१२।२३ देखि हालसम्म करिब ४ वर्ष ५ महिना कैद भुक्तानी गरिसकेको देखिन्छ । निजको जन्म मिति २०५९।११।१८ गते भएको मिसिलसंलग्न कागजातबाट देखिएको हुँदा हाल निज १८ वर्ष नपुगेकोले नाबालक नै रहेको देखिन्छ ।**

१०. बालबालिकासम्बन्धी कानूनी व्यवस्था हेर्दा- बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा "**बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछ**" भनी उल्लेख गरेको पाइन्छ ।

(क) **परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,**

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित सर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने छ ।

११. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले **बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने तथा ऐ. दफा १६(२)मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ** भनी कानूनी व्यवस्था रहेको पाइन्छ।

१२. नोबल कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणबाट सिर्जना हुनसक्ने "महामारी" को अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनु पर्ने सावधानीका सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकले विभिन्न निर्णय गरेकोमा सो निर्णयको बुँदा नं. ५ मा " **नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा बाल सुधार गृहको अनुरोध र महामारीको यस विपद्जन्य परिस्थितिमा बाल सुधार गृहहरूमा रहेको अत्यधिक भिडभाड कम गर्न र बालबालिकाहरूमा रोग सक्रमणको जोखिम न्यूनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न अत्यावश्यक देखिएकोले दिशान्तरलगायत थुनाको विकल्पसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने। बालबालिकाको स्वास्थ्यको जोखिमको आँकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाको अभिभावकले आफ्ना बालबालिकालाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने"** भनी उल्लेख गरेको पाइन्छ ।

१३. कोरोना भाइरस महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दीको अवस्थामा रहेको छ । बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको, समूहको तथा

बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त निश्चित शारीरिक तथा सामाजिक दुरी राख्नु रहेको देखिन्छ। यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ । कोभिडको सङ्क्रमण रोकथाम गर्न र जोखिम न्यूनीकरण गर्न रणनीतिमूलक ढङ्गबाट राज्यको हरेक निकायले हेर्नु आवश्यक छ। यस अवस्थामा अत्यन्त जोखिममा रहेका वर्गहरू जस्तै कैदी, थुनुवा तथा सुधारगृहमा रहेका व्यक्तिहरूको सामाजिक दुरीको पनि सुनिश्चितता गर्न आवश्यक देखिन्छ।

१४. बन्दाबन्दीको परिणामस्वरूप न्यायमा सहज पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ। बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ। उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन हुने स्थिति आउँदछ। यसर्थ, कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ। यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ। यो जवाफदेहिताबाट अदालत पनि अलग रहन सक्दैन। त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने नै देखियो।

१५. थुना, सुधारगृह वा कारागारमा रहेका कुनै पनि व्यक्तिहरूलाई सजाय भोग्न पठाउनुको उद्देश्य जीवन नै जोखिममा राख्न पठाइएको नभई आफूले गरेको गल्तीको महसुस गराई आफूले गरेको गल्तीप्रति पश्चाताप गराउनु हो। महामारीको सङ्क्रमणबाट स्वास्थ्य जोखिममा पार्नु होइन। हाल सुधारगृहको क्षमताभन्दा बढी बालबालिकाहरू रहेको कारण बाल सुधारगृहमा सामाजिक दुरी कायम राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र बन्दाबन्दीको उद्देश्यअनुरूप सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७७/०३/०३ मा रिट खारेज गर्ने गरी भएको अन्तिम आदेश बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ३६(५) र सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकको बुँदा नं.५ समेतको मर्म, भावना र मनसायअनुकूल नदेखिएकोले बालबालिकाको जीवन, स्वास्थ्य र सर्वोत्तम हित संरक्षणको निमित्त न्यायोचित देखिएन।

१६. आधुनिक फौजदारी विधिशास्त्रमा कैदको सजायलाई अन्तिम विकल्पको रूपमा विकास भएको छ । कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ भने अन्य विकल्पको प्रयोग गर्नुपर्ने हुन्छ। यस महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्ने हुन्छ । निवेदक रहेको बाल सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले उच्च जोखिममा रहेको कारण असुरक्षित नै रहेको देखिएकोले बाल सुधार गृहमा भिडभाड कम गर्न र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगित गर्न सक्ने कानूनी व्यवस्था रहेको तथा सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकको बुँदा नं. ५ मा उल्लिखित सन्दर्भसमेतका आधारमा बालबालिकाको सर्वोत्तम हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूको प्रयोग गर्नु न्यायोचित नै देखिन आयो।

१७. महामारीको यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम (ग) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा तथा पीडितलाई बुझाउनुपर्ने क्षतिपूर्ति रू.१,००,०००।–(एक लाख रूपैयाँ) बुझाएमा

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिमको उपयुक्त विकल्प हेरी हालको कोभिड-१९ महामारीको पृष्ठभूमिमा उपयुक्त निर्णय गर्दा नै बालबालिकाको सर्वोत्तम हित हुनेमा सोअनुरूप नभएकोले सुरू चितवन जिल्ला अदालतको मिति २०७६/१२/११ को आदेश र उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७७/०३/०३ मा रिट खारेज गर्ने गरी भएको अन्तिम आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।

१८. तसर्थ, माथि उल्लिखित आधार र कारणहरूबाट बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि चितवन जिल्ला अदालतबाट मिति २०७३।३।२० गते जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ मुद्दामा भएको फैसलाबमोजिम सम्बन्धित पीडितलाई बुझाउनुपर्ने क्षतिपूर्ति रू.१,००,०००।–(एक लाख रूपैयाँ) बुझाएमा निज निवेदक परिवर्तित नाम (ग) लाई खोजेको बखत उपस्थित गराउन निजको अभिभावकले मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुनः निर्णय गर्नु भनी चितवन जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृत:- लाल सिंह थापा
कम्प्युटर अपरेटर:- विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७७ साल भाद्र २४ गते रोज ४ शुभम् ----------।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश मिति : २०७७।६।१५
०७७-WO-०१३०

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : प्यूठान जिल्ला, प्यूठान नगरपालिका वडा नं. १० घर भई हाल भक्तपुर जिल्ला मध्यपुरथिमी नगरपालिका बस्ने अधिवक्ता केशरजंग के.सी.....१
दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं.१३ फूलबारी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, अनामनगर बस्ने अधिवक्ता लोकेन्द्रबहादुर ओली.....१

विरूद्ध

विपक्षी : नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं.....१

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुनआएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

तथ्य खण्ड

विश्वमा महामारीका रूपमा फैलिएको कोभिड-१९, एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने एउटा गम्भीर सरूवा रोग हो। यो आकस्मिक रूपमा देखिएको रोग हो। संविधानले आकस्मिक सेवालाई मौलिक हकका रूपमा राखी सो सेवा निःशुल्क प्राप्त हुने व्यवस्था गरेको छ। संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। मौलिक हकलाई कार्यान्वयन गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ लागू भइसकेको छ। कुनै पनि व्यक्ति कोभिड-१९ रोगको बिरामी हो या होइन भनी थाहा पाउने एकमात्र विधि भनेको Real Time Polymerase Chain Reaction 'RT-PCR' प्रविधिमार्फत गरिने परीक्षण नै हो। आम नागरिकको स्वास्थ्य निःशुल्क जाँच गरी भाइरस भए नभएको पहिचान गर्ने प्रमुख कर्तव्य र दायित्व सरकारको हो। सुरूका दिनमा यो परीक्षण निःशुल्क भए तापनि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परीक्षणका लागि शुल्क निर्धारण गरिदिएपछि अस्पतालहरूले आफ्नो अनुकूल चारहजार चारसय (४,४००) रूपैँयासम्म शुल्क लिएर पि.सि.आर. परीक्षण गरिरहेका छन्। कानूनका दृष्टिले सबै नागरिक समान हुने व्यवस्था संविधानको धारा १८(१) मा मौलिक हककै रूपमा रहेको छ। यस व्यवस्थाले भेदभाव गर्न नहुने कुरालाई संवैधानिक रूपमा ग्यारेन्टी गरेको छ। राज्यको उच्च ओहोदामा रहेका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री,

मन्त्रीलगायत राज्यका उच्च पदस्थ व्यक्तिहरूले सरकारी सुविधा लिइरहेका छन् । यसरी राज्यको तर्फबाट सरकारी सुविधा लिइरहेका र रकम तिर्न हैसियत भएकाहरूले PCR Test को सेवा निःशुल्क प्राप्त गरिरहेका छन् तर गरिब जनता जो दैनिक एक छाक खान पनि मुस्किल छ, उनीहरूका लागि निकै मङ्हगो परीक्षण शुल्क तोकिनु भनेको जनतालाई परीक्षणबाट वञ्चित गर्नु हो । परीक्षण गर्न नसक्नु भनेको जीउँदै मृत्युलाई स्वीकार गर्नु हो । निःशुल्क प्राप्त हुने मौलिक हक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रयोगशालालाई शुल्क लिएर कोभिड-१९ को परीक्षण गर्न दिने निर्णय आफैँमा भेदभावपूर्ण र गैरकानूनी छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रयोशालाहरूलाई शुल्क लिएर परीक्षण गर्न दिने निर्णय संविधानको धारा ३५(१) को मौलिक हक तथा जनस्वास्थ्य ऐन, २०७५ को दफा ३(४) (ग) को व्यवस्थाविपरीत भई गैरकानूनी छ । उक्त गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले बदर गरी निःशुल्क पि.सि.आर. परीक्षण गर्नु / गराउनु साथै शुल्क लिएर प्रयोगशालाहरूलाई परीक्षण गर्न दिने नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७ साल भदौ १४ गतेको मन्त्री, ICS का पदाधिकारीसहित कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा बसेको बैठकले गरेका (कोभिड-१९ परीक्षण गर्ने सबै प्रयोगशालाहरूले पि.सि.आर. परीक्षणबापत सेवा शुल्कसहित अधिकतम चार हजार चार सय रूपैयाँ लिन पाउने) निर्णय गैरकानूनी तथा नेपालको संविधानले जनतालाई प्रदान गरेको मौलिक हकको विपरीत भई सरूवा रोगको उपचार निःशुल्क पाइने जनस्वास्थ्य सेवा ऐनको दफा ३ को उपदफा ४ (ग) मा उल्लिखित व्यवस्थाविपरीत समेत छ । अतः शुल्क लिने दिने गरी भएको निर्णय संविधानको धारा ३५(१) को मौलिक हक तथा जनस्वास्थ्य ऐन, २०७५ को दफा ३(४) (ग) को व्यवस्थाविपरीत हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधान तथा कानूनले जनतालाई प्रदान गरेका निःशुल्क स्वास्थ्य सेवा पाउने हक सुनिश्चित गर्न निःशुल्क रूपमा सबै जनतालाई परीक्षण र उपचारको निःशुल्क व्यवस्था गर्नु भनी विपक्षीका नाउँमा परमादेश जारी जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

साथै अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त हुने देखिँदा संविधानको धारा ३५(१) तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४)(ग) बमोजिम COVID-19 सँग सम्बन्धित परीक्षण (PCR Test) सरूवा रोगसम्बन्धी सेवा हो, होइन ? यो सेवा प्रत्येक नागरिकलाई दिनु पर्ने हो, होइन ? सोसमेत खोली हालसम्म PCR Test कति भए, तिनीहरूको न्यूनतम मूल्य कतिसम्म हुन सक्दछ र उक्त PCR Test प्रत्येक नागरिकलाई निःशुल्क उपलब्ध गराउँदा लाग्ने मूल्य र व्यवस्थापन सम्भव छ छैन वा यस्तो सेवा जनस्वस्थ्य सेवा ऐन, २०७५ को दफा ३(४)(ग) को परिप्रेक्ष्यमा आर्थिक हैसियतको दृष्टिकोणबाट राज्यको कुन तहसम्म उपलब्ध गराउन सकिने हो त्यस्को लेखाजोखासहित अन्तरिम आदेश छलफलको लागि मिति २०७७।६।८ गते विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस सम्बन्धमा छुट्टै प्रतिवेदनसहित उक्त मन्त्रालयका सचिव वा प्रवक्तामार्फत लिई उपस्थित हुनू । यसमा अन्तरिम आदेशको छलफलको पेसीको सूचना महान्यायाधिवक्ता कार्यालयलाई दिनु भन्नेसमेत बेहोराको मिति २०७७।५।३० मा यस अदालतबाट भएको

आदेश।

कोभिड-१९ लाई विश्व स्वास्थ्य संगठनले नै सरूवा रोग हो भनी घोषणा गरिसकेको परिप्रेक्ष्यमा कोभिड-१९ को महामारीको रोकथाम तथा प्रतिकार्यमा संलग्न रही समुदायलाई कोभिड-१९ बाट सुरक्षित राख्न यस मन्त्रालय अहोरात्र लागि परिरहेकै छ। यस मन्त्रालयले संक्रमितको उपचार गर्ने, शंकास्पदलाई क्वारेन्टाइन र आइसोलेसनको व्यवस्था गर्ने र कन्ट्याक्ट ट्रेसिङको काम निरन्तररूपमा गरिरहेको छ। कोभिड-१९ को संक्रमण तथा अन्य रोगहरूको संक्रमणको सन्दर्भमा सदैव सचेत रहँदै सोको व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम, सञ्चालन तथा अति आवश्यकीय औषधि तथा औजारजन्य स्वास्थ्य सामग्रीको भण्डारणका साथै नागरिकले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवा तथा यस मन्त्रालयले निर्धारण गरेको मापदण्डभित्र परेका कोभिड-१९ को संक्रमित तथा संक्रमणको दायरामा रहेका व्यक्तिहरूको परीक्षण र उपचार निःशुल्क र नियमित रूपमा प्रदान भइरहेको छ। सोको लागि मन्त्रालयले WHO ले तोकेको मापदण्डको अधीनमा रहेर सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूको लागि स्वास्थ्य सामाग्री तथा स्वास्थ्य सेवाको मापदण्ड तयार गरी कार्यान्वयन गरिरहेको छ।

SARS-COV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) एक सरूवा रोग हो। कोरोना भाइरस रोग COVID-19 सन् २०१९ डिसेम्बर ३१ मा पत्ता लागेको नयाँ सरूवा रोग हो। COVID-19 निदान गर्ने प्रयोगशाला परीक्षण PCR Test हो। महामारीको समयमा COVID-19 सँग सम्बन्धित लक्षण तथा चिह्नहरू भएका व्यक्तिहरू अग्रपङ्तिमा खटिने स्वास्थ्यकर्मी, सरसफाइ कर्मचारी, सुरक्षाकर्मी र रोग प्रतिरोधी क्षमतासम्बन्धी कुनै समस्या भएका व्यक्ति, विपन्न नागरिकलगायत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीको आर.टी.-पि.सि.आर. परीक्षण नेपाल सरकारले निःशुल्क प्रदान गर्दै आएको छ। कोभिड-१९ को संक्रमणको शंका भएका र संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका सम्पूर्ण नागरिकहरूको हकमा राज्यले निःशुल्क रूपमा नै PCR परीक्षण गर्ने गरिरहेको छ। कोभिड-१९ को संक्रमणको शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निजी तथा सामुदायिक अस्पतालहरूबाट समेत निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था मिलाइएको हो। यसका अलावा तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण भइरहेको छ।

अतः यसरी विपन्न नागरिक, COVID-19 सँग सम्बन्धित लक्षण तथा चिह्नहरू भएका व्यक्तिहरू, अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी सरसफाई कर्मचारी, सुरक्षाकर्मी र रोग प्रतिरोधी क्षमतासम्बन्धी कुनै समस्या भएका व्यक्तिहरूको हालसम्म पनि निःशुल्क रूपमा PCR परीक्षण भइरहेको र नेपाल सरकारको आर्थिक अवस्थाले भ्याएसम्म मापदण्डबमोजिम PCR Test निःशुल्क नै भइरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ। रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

यस अदालतको आदेश

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुनआएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताहरू डा.श्री सुरेन्द्र भण्डारी र डा.श्री चन्द्रकान्त ज्ञवाली, विद्वान् अधिवक्ताहरू डा.श्री शिवकुमार यादव, श्री पंकजकुमार कर्ण, श्री सालिकराम सापकोटा, श्री खिमानन्द अधिकारी, श्री लोकेन्द्रबहादुर ओली, श्री रामप्रसाद पौडेल, श्री सुरेन्द्रविक्रम के.सी, श्री सन्तोष भण्डारी, श्री नवराज पाण्डे,

श्री राजेन्द्र महर्जन, श्री सुजन नेपाल, श्री सुर्यबहादुर वली, श्री ज्ञानेन्द्र घले, श्री जनकसिंह साउद, श्री वीरभद्र जोशी, श्री हरिप्रसाद दाहाल, श्री भाइराजा राई, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री यमुना गौतम पौडेल, श्री केशरजंग के.सी. समेतले नेपालको संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। मौलिक हकलाई कार्यान्वयन गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ लागू भइसकेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा ४ (ग) मा "प्रत्येक नागरिकलाई देहायका शीर्षकअन्तर्गत तोकिएबमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ" भन्ने व्यवस्था भई त्यसभित्र सरूवा रोगलाई पनि समेटिएको अवस्था छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई कार्यान्वयन गर्न बनेको जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची-१ को खण्ड ३ मा सरूवा रोगसम्बन्धी सेवाको सूचीमा SARS-CoV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) उल्लेख गरेको पाइँदैन। COVID-19 लाई विश्व स्वास्थ्य संगठनले नै सरूवा रोग भनी घोषणा गरिसकेको अवस्थामा कोरोना भाइरसलाई नियमावलीमा सरूवा रोगको सूचीमा नसमेटिनु भनेको पूर्णरूपमा नीति र नियतमा खोट देखिनु हो। सरकारले प्रत्येक जिल्ला, स्थानीय तहका स्वास्थ्यकर्मी र अस्पतालहरूसँग तादाम्यता मिलाई अघि बढ्नुपर्छ र एकपटक जीवन गुमेपछि सो फर्कदैँन भन्ने सरकारले भुल्नु हुँदैन। कोरोनाको महामारीले देश नै तहसनहस भइरहेको परिस्थितिमा स्वास्थ्य सेवालाई व्यवसायका रूपमा लिई फाइदा उठाई रहेको प्रशस्त देख्न सकिन्छ। यस परिस्थितिलाई निर्मूल पार्न स्वास्थ्य संस्थाहरूको सामाजिक दायित्वको सिद्धान्तको अनुशरण गर्न सकिन्छ। जसमा सरकार, जनता र निजी क्षेत्रले समेत जोखिमको बाँडफाँड गरी सहकार्य गर्ने गरिन्छ। कोरोना भाइरस जस्तो महामारी भविष्यमा अरू पनि देखा पर्न सक्ने हुँदा सरकारले पूर्वतयारीमा ध्यान दिन जरूरी देखिन्छ। अतः संविधानद्वारा प्रदत्त मौलिक हक सर्तसहित प्रदान नगरिएका हुँदा प्रत्येक नागरिकलाई समानरूपमा आकस्मिक स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्नु, गराउनु भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाउँमा परमादेशसहितको आदेश जारी गरिपाउँ भन्नेसमेत बहस गर्नुभयो।

विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जीव राज रेग्मीले मन्त्रालयले संक्रमितको उपचार गर्ने, शंकास्पदलाई क्वारेन्टाइन र आइसोलेसनको राख्ने व्यवस्था गर्ने र कन्ट्रयाक्ट ट्रेसिङको काम निरन्तररूपमा गरिरहेको छ। साथै शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था मिलाइएको हो। यसका अलावा तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण भइरहरेको छ। RT-PCR Test गर्दा लाग्ने शुल्क रू.२,०००/- विश्वका अरू मुलुकहरूको अवस्था हेरी निर्धारण गरिएको हो। अहिलेको अवस्थामा भारतको उत्तरप्रदेशले रू.१,६००/- भा.रू. र अमेरिकामा १०० डलर शुल्क लिई परीक्षण गरिरहेको अवस्थामा, नेपालमा निर्धारण गरिएको शुल्क न्यूनतम हो। अतः कोभिड-१९ विल्कुलै नँया रोग भएको हुँदा प्रत्येक दिन नयाँ-नयाँ तथ्य थाहा हुँदै जाने र यस मन्त्रालयले WHO को मापदण्डको अधिनमा रही जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अति आवश्यकीय औषधि तथा औजारजन्य स्वास्थ्य सामग्रीको भण्डारणका साथै नागरिकले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवाको मापदण्ड तयार गरी कार्यान्वयन गरिरहेको छ। साथै कोभिड-१९ सँग सम्बन्धित लक्षण तथा चिह्नहरू भएका व्यक्तिहरू, अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सरसफाइ कर्मचारी, सुरक्षाकर्मी र रोग प्रतिरोधी

क्षमता कम भई बढी समस्या भएका व्यक्ति, जोखिम क्षेत्रमा कार्यरत कर्मचारीको आर.टी-पि.सि.आर. परीक्षण नेपाल सरकारले निःशुल्क प्रदान गर्दै आएको हुँदा प्रस्तुत रिट निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत बहस गर्नुभयो। साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट इजलाससमक्ष मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले मन्त्रालयले संक्रमितको उपचार गर्ने, शंकास्पदलाई क्वारेन्टाइन र आइसोलेसनको राख्ने व्यवस्था गर्ने र कन्ट्रयाक्ट ट्रेसिङको काम निरन्तररूपमा गरिरहेको छ। साथै शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था मिलाइएको हो। यसका अलावा तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण भइरहरेको छ समेत भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कोभिड-१९ का सम्बन्धमा भए गरेका काम कारबाहीका बारेमा समेत आफ्नो भनाइ राख्नुभयो।

उपर्युक्त दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी निर्णयतर्फ हेर्दा रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निर्णयतर्फ हेर्दा, कोभिड महामारीको सन्दर्भमा सार्वजनिक हक र सरोकारसँग सम्बन्धित भनी नेपालको संविधानको धारा १३३(२)(३) अन्तर्गत प्रस्तुत निवेदन यस अदालतसमक्ष दर्ता हुन आएको पाइन्छ। महामारीको रूपमा हाल विश्वभर फैलिइरहेको कोभिड-१९ सरूवा रोग नेपालमा पनि फैलिएको र सो कारण जनधनको क्षति भएको विषयलाई लिएर सो रोगको परीक्षणको सन्दर्भमा गरिने पि.सि.आर. परीक्षण (RT-PCR TEST) पूर्णतः निःशुल्क बनाइनुपर्नेमा विपक्षीबाट शुल्क निर्धारण गरिएको, सो कार्य संविधान र कानूनविपरीत भयो भन्ने निवेदकहरूको मुख्य जिकिर रहेको पाइन्छ। निवेदकहरूका अनुसार संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। मौलिक हकलाई कार्यान्वयन गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ लागू भइसकेको छ। आधारभूत र आकस्मिक सेवा कसैलाई निःशुल्क गर्नु र कसैको हकमा स-शुल्क गर्नु संविधानको धारा १८(१) समेतको विपरीत हुन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रयोशालाहरूलाई शुल्क लिएर परीक्षण गर्न दिने निर्णय संविधानको धारा ३५(१) को मौलिक हक तथा जनस्वास्थ्य ऐन, २०७५ को दफा ३(४) (ग) को व्यवस्थाविपरीत भई गैरकानूनी छ। तसर्थ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७ साल भदौ १४ गतेको मन्त्री, ICS का पदाधिकारीसहित कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा बसेको बैठकले गरेका कोभिड-१९ परीक्षण गर्ने सबै प्रयोगशालाहरूले पि.सि.आर. परीक्षणबापत सेवा शुल्कसहित अधिकतम चार हजार चार सय रूपैयाँ लिन पाउने भनी गरेको निर्णय संविधान र कानूनविपरीत हुँदा उत्प्रेषणको आदेशले बदर गरी कोभिड-१९ को परीक्षण सेवा निःशुल्क प्राप्त हुनुपर्ने सेवा हुँदा निःशुल्क परीक्षण गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत निवेदकहरूको निवेदन दाबी रहेको पाइन्छ।

विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ हेर्दा SARS-COV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) एक सरूवा रोग हो र कोभिड-१९ निदान गर्ने प्रयोगशाला परीक्षण PCR Test हो भन्ने कुरा स्वीकार गर्दै "महामारीको समयमा कोभिड -१९ सँग सम्बन्धित लक्षण तथा चिह्नहरू भएका व्यक्तिहरू अग्रपङ्तिमा खटिने स्वास्थ्यकर्मी, सरसफाई कर्मचारी सुरक्षाकर्मी र रोग प्रतिरोधी

क्षमतासम्बन्धी कुनै समस्या भएका व्यक्ति, विपन्न नागरिकलगायत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीको आर.टी.-पि.सि.आर. परीक्षण नेपाल सरकारले निःशुल्क प्रदान गर्दै आएको छ। कोभिड-१९ को संक्रमणको शंका भएका र संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका सम्पूर्ण नागरिकहरूको हकमा राज्यले निःशुल्क रूपमा नै PCR परीक्षण गर्ने गरिरहेको छ। कोमिड-१९ को संक्रमणको शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निजी तथा सामुदायिक अस्पतालहरूबाट समेत निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था मिलाइएको हो" भन्ने जिकिर लिएको पाइन्छ।

यसरी झट्ट हेर्दा निवेदकको जिकिर र विपक्षीहरूको लिखित जवाफको बिचमा के नै फरक कुरा छ त भनेजस्तो पनि देखिन्छ। तर सार्वजनिक हक र सरोकारको भनी दायर भएको यो निवेदनमा निवेदकको भनाइको अतिरिक्त भुइँ सतहको यथार्थ के अवस्था छ सोसमेत हेरी आदेश गर्नुपर्ने हुन्छ। त्यसैले सुनुवाइको क्रममा यस अदालतको आदेशबमोजिम उपस्थित विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको बारेमा जे कुरा व्यक्त गर्नुभयो सो र जनस्वास्थ्य सेवा ऐन, २०७५ को कार्यान्वयन गर्न बनेको जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १ मा कोभिड-१९ लाई सरूवा रोगको वर्गमा नराखिएको परिस्थितिसहित यो विषयलाई समग्रतामा यस अदालतबाट भएका विभिन्न अन्तरिम आदेश तथा अन्तिम आदेशको परिप्रेक्ष्यमा समेत हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने देखियो।

प्रारम्भमा नै के कुरा स्पष्ट गरिनु आवश्यक देखिन्छ भने यस अदालतमा कोभिड-१९ महामारीसम्बन्धी जे जति रिट निवेदनहरू परेका छन् ती सबै सार्वजनिक हक र सरोकारका निवेदनहरू भनी दर्ता भएका हुन्। ती निवेदनहरूमा र प्रस्तुत रिट निवेदनमा समेत विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले स्वतः स्वफुर्तरूमा सहभागी भई जे जसरी बहस पैरवी गर्नुभएको छ त्यो अत्यन्त सकारात्मक छ। इजलास वहाँहरूले आम नेपाली जनताको स्वास्थ्यको विषयमा देखाउनु भएको सरोकार, चासो र व्यवसायिकताको सह्राहना गर्दछ।

बहसको क्रममा विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले यस अदालतबाट यसअघि भएका आदेश र फैसलाहरूसमेत इजलाससमक्ष पेस गर्नुभएको छ। ती आदेशहरू हेर्दा जुनरूपमा कोभिडको महामारी फैलिँदै गयो, जे जसरी यसबारे वैज्ञानिक तथ्यहरू बाहिर आए, जे जसरी हाम्रो मुलुकमा घटनाक्रमहरू अघि बढे अदालतले पनि ती कुराहरूलाई समिक्षा गर्दै आदेश गर्दै गएको पाइन्छ। सार्वजनिक सरोकारका ती निवेदनहरूमा सुनुवाइ गर्दा यस अदालतले पनि महामारीको सन्दर्भमा सरकारले चाल्नुपर्ने कदमको बारेमा निवेदकले उठाएका कुराहरूमा मात्र सीमित नरही यो महामारीलाई कसरी सही किसिमबाट र सामुहिक रूपबाट सामना गर्न सकिन्छ, कसरी जनताका मौलिक हक र स्वतन्त्रता तथा न्यायसम्बन्धी हकको रक्षा गर्न सकिन्छ, कसरी निरोधात्मक, प्रतिरक्षात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउन सकिन्छ, कसरी मुलुकको अर्थतन्त्रलाई पुनः चलायमान बनाउन सकिन्छ र सो सन्दर्भमा राज्य संयन्त्रले विश्व स्वास्थ्य संगठनद्वारा जारी स्वास्थ्यसम्बन्धी निर्देशन, मानक तथा मापदण्डसमेतलाई मध्येनजर गर्दै कसरी संविधानको भावनाअनुरूप, पारदर्शी र जवाफदेहीरूपमा काम गर्न सक्छ भन्ने कुराहरूलाई समेत दृष्टिगत गरी आदेशहरू जारी गरेको अवस्था छ। अन्तरिम आदेशहरू जारी गर्नुपूर्व ०७६-WO-०९३३ को निवेदनमा विद्वान् महान्यायाधिवक्ता र अन्य न्यायाधिवक्ताहरूका अतिरिक्त स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटा तथा स्वास्थ्य सेवा विभागका

महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठ, ०७६-WO-०९७३ को निवेदनमा वरिष्ठ स्वास्थ्य प्रशासक डा. गुणनीधि शर्माको कुरासमेत सुनी र परिस्थितिको मूल्याङ्कनसमेत गरी आदेशहरू भएको देखिन्छ । प्रस्तुत रिट निवेदनमा पनि यस अदालतको आदेशबमोजिम उपस्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले राख्नु भएका कुराहरूसमेत सुनिएको र वहाँसँग छलफल गरिएको छ । अर्थात् सार्वजनिक सरोकारका विषय भनी उठाइएका विषयहरूमा यस अदालतले न्याय निरूपणको विषयलाई प्रतिद्वन्द्वात्मक कारबाही नमानी एउटा सहकार्यको अवसर र दायित्वको रूपमा हेरेको छ । निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरू एवं सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ताले पनि यही सहकारी भाव र मर्मलाई बहसको क्रममा प्रदर्शित गर्नु भएको छ ।

यस अदालतबाट भएका आदेशहरूको प्रयोजन महामारीबाट प्रभावित जनताहरूको के कसरी प्रभावकारी रूपमा रक्षा गर्न सकिन्छ भन्ने नै हो । जब संविधानद्वारा प्रदत्त अधिकारहरूको पालनाको प्रश्न उठ्छ, जब सावर्जनिक सरोकार र चासोको सवालमा सरकारका कार्यहरू संविधानअनुरूप भए वा भएनन् भन्ने प्रश्न उठ्छ यस अदालतले संविधानका शब्द, भावना र संवैधानिक लक्ष्यसमेत हेरी आफ्नो संवैधानिक धर्मको पालना गर्ने हो । संविधानद्वारा प्रदत्त हकको रक्षा गर्नु यस अदालतको कर्तव्य हो । मुलुकमा एउटा पनि व्यक्ति उपेक्षित रहँदा अदालतको मन दुख्छ; चासो र सरोकार बढ्छ । अधिकारको रक्षा नहुँदा अदालत चुप लागेर बस्ने कुरै हुँदैन । संविधानको रक्षा गर्दा नै संविधानले हामी सबैको रक्षा गर्न सक्छ । संविधानको पालनाको जुन कुरा छ यो "धर्म-एव हतो हन्ती, धर्मो रक्षति रक्षितः तस्माधर्मो न हन्तव्यो, मा नो धर्मो हतोऽवधीत्" भने जस्तै हो । त्यसैले आफ्नो न्यायिक कर्तव्य निर्वाह गर्ने क्रममा संविधानलाई सर्वोपरि ठानी त्यसको शब्द र मर्मको अनुशरण गर्दै यस अदालतबाट विभिन्न आदेशहरू भएका हुन् । ती आदेशहरू कुनै न्यायिक महत्त्वाकांक्षा वा लहड्का उपज होइनन् । संवैधानिक कर्तव्यको पालनाबाहेक यस अदालतको अन्य कुनै अभिष्ट छँदा पनि छैन । कोभिड संक्रमणको परिस्थितिको प्रभावकारीरूपमा नियन्त्रण भएको भए यस अदालतले आदेशहरू जारी गर्नुपर्ने अवस्था नै पर्दैनथ्यो । त्यसैले अदालतका आदेशहरूको पालना नहुने कुरा यसलाई कदापि स्वीकार्य हुँदैन । यस्तो कुरा अदालतको गम्भीर सरोकारको विषय बन्छ । आफ्नो आदेशको पालना गराउन संविधानका व्यवस्थाहरूको पुनः सहारा लिनुपर्छ भन्ने यसले कल्पनासम्म पनि गर्न चाहँदैन । संविधानले नै कार्यपालिका, विधायिका र न्यायपालिकालाई जे जस्तो अधिकार र कर्तव्य प्रदान गरेको छ अदालतले आफूले सो कर्तव्यको पालना गर्दै अरूलाई पनि सो कर्तव्यको पालना गर्न आदेश गर्ने हो । संविधानको अविभावकको नाताले यो यसको कर्तव्य हो । संविधानको धारा १२६ र धारा १२८ का व्यवस्थाहरू पनि त्यहि न्यायिक कर्तव्य पालनासँग सम्वन्धित छन् । संविधान फुर्सदको बेला पढ्ने र आपत् विपत्को बेला बिर्सने; माने पनि हुने नमाने पनि हुने दस्ताबेज होइन; न त यो कुनै साइत वा मुहुर्तमा मात्र पढिने दस्ताबेज हो । त्यसैले यो संविधान पढने बेला होइन भनी कसैले भन्न मिल्दैन । संविधानले राज्य संयन्त्रका पदाधिकारीहरूबाट पूर्ण निष्ठा र समर्पण खोज्छ । किनभने हाम्रो विकास र सम्वृद्धिको बाटो संवैधानिक बाटो नै हो । यसमा कुनै गैरसंवैधानिक छोटो काँट (short cut) उपलब्ध छैन । संविधानबमोजिमको आचरणबाट नै संविधानमा स्वामित्वको अभिवृद्धि हुन सक्छ, जुन नेपालको अबको संवैधानिक अभिष्ट हो र हुनुपर्छ । कोभिडसम्बन्धी रिट निवेदनकै निरूपणको क्रममा यस अदालतले ०७६-

WO-०९६२ को रिट निवेदनमा "नेपालको संविधानले बोकेको मर्मलाई राज्यको हरेक निकायले शिरोपर गर्नुपर्ने हुन्छ । संविधानभन्दा माथि कोही छैन र हुन पनि सक्दैन " भन्ने मत व्यक्त गरिसकेको छ । कोभिड-१९ को महामारीको सम्बोधन र सामना गैरसंवैधानिक मार्गबाट हुन सक्छ भन्ने कुरामा यो अदालत विश्वास गर्दैन । त्यसैले पनि प्रस्तुत रिट निवेदनमा उठाइएका प्रश्नहरूको निरूपणपूर्व यो महामारीको सन्दर्भमा यस अदालतमा के कस्ता प्रश्नहरू उठाइए र यस अदालतले के कस्ता आदेशहरू जारी गऱ्यो भन्ने बारेमा सरसर्ति हेर्नु र समिक्षा गर्नुपर्ने हुन आयो ।

गतवर्षको चैत्रमा जब कोरोना महामारी नेपालमा बढ्न थाल्यो र मुलुक बन्दाबन्दीको अवस्थामा पुग्न थाल्यो तब हामी नेपालीहरू अलमलमा पऱ्यौं । हामीसँग यो अदृश्य शत्रूसँग लड्ने स्रोत साधन थिएन । जब राष्ट्र यस विषयमा बामे सर्न थालेको थियो, यस अदालतमा राहत वितरणमा पारदर्शिता नभएको, क्वारेन्टाइन विश्व स्वास्थ्य संगठनको मापदण्डअनुरूप तयार नगरिएको, रोग फैलिएको अनुपातमा परीक्षण विस्तार नभएको, स्वास्थ्य सेवामा जनताको सहज पहुँच नभएको, स्वास्थ्यकर्मीहरू असुरक्षित रहेको, कृषिक्षेत्र उपेक्षित रहेको आदि प्रश्नहरू उठाइए । अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयको सुनुवाइको क्रममा कोभिडको परीक्षण मुलतः काठमाडौंमा केन्द्रित रही संख्यात्मकरूपमा पनि अत्यन्त न्यून रहेको, काठमाडौंबाहिर स्वस्थ्य पूर्वाधारहरूको अवस्था अत्यन्त नाजुक रहेको र कुनै रूपमा पनि महामारीको सामना गर्न सक्ने अवस्थामा सरकार नरहेको कुरासमेत जानकारीमा आएको थियो । यसै कुरालाई दृष्टिगत गरेर सबैपक्षको कुरा सुनिसकेपछि यस अदालतले २०७६।१२।२४ गते ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३६ का निवेदनहरूमा राहत वितरण गर्दा श्रम गरेर जीवन निर्वाह गर्ने व्यक्तिहरू र लक्डाउनको कारण आय आर्जन रोकिएका व्यक्तिहरूलाई केन्द्रित गरी राहतको दुरूपयोग नहोस् भनी पारदर्शिता कायम गर्न र लक्षित व्यक्ति र परिवारको सही पहिचान गरी राहत वितरण गर्न, त्यसैगरी क्वारेन्टाइन् केन्द्रहरूको स्थापना विश्व स्वास्थ्य संगठनको मापदण्डअनुरूप बनाउन, होम् क्वारेन्टाइन्मा निगरानी राख्न, "परीक्षणको संख्या अत्यन्त न्यून देखिँदा परीक्षण केन्द्रहरू काठमाडौं उपत्यकाबाहिर अन्य सहरी केन्द्रहरूमा विस्तार गरी परीक्षणमा धेरैभन्दा धेरै जनताको सहज पहुँच पुऱ्याउन", कोभिड-१९ बाहेकका अन्य आकस्मिक सेवालाई प्रभावित नहुने व्यवस्था गर्न, कृषि क्षेत्रमा संलग्न किसानहरूको सुरक्षा र राहतको व्यवस्था गर्न र महामारीको प्रकोपलाई दृष्टिगत गरेर "आई.सि.यु. बेड स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश तहका अस्पतालहरूमा समेत विस्तार गर्नु र जनताको पहुँच शीघ्र बढाउनु" भन्नेसमेत आदेश गरेको थियो । चैत्र २४ गते माथि उल्लिखित रिट निवेदनहरूको सुनुवाइ गर्न बस्दा महामारीले के कस्तो रूप लिन्छ भन्ने कुरा यकिन थिएन, त्यसैले लिखित जवाफ परेको १५ दिनभित्र उक्त रिट निवेदनहरूको सुनुवाइको लागि पेस गर्नु भन्ने पनि संयुक्त इजलासले आदेश गरेको थियो ।

यस अदालतले गत वर्षको चैत्र २४ गते उक्त आदेश गर्दा मुलुक बन्दाबन्दीमा थियो । बन्दाबन्दीको अवस्था बढ्दै गएपछि स्वभाविकरूपमा काठमाडौं उपत्यकालगायत नेपालका सहरी क्षेत्रमा रोजगारी, स-सानो व्यवसाय, दैनिक ज्यालादारी गरी खाने तथा निजी क्षेत्रका होटल, रेष्टुरेन्ट आदि क्षेत्रमा काम गर्ने मजदुर र विद्यार्थीलगायतका व्यक्तिहरू प्रभावित हुन थाले । बन्दाबन्दीको बाबजुद जब सडकमा आ-आफ्नो घर जान पैदलै हिँडिरहेका निरिह मानिसहरूको लर्को देखिन थाल्यो, तब उनीहरूको जीवन, जीविका, स्वास्थ्य, सम्मान र

सुरक्षासमेतको विषय उठाई अर्को सार्वजनिक सरोकारको निवेदन (०७६-WO-०९३६) यस अदालतमा दर्ता हुन आयो । त्यसमा सुनुवाइ गर्दै यस अदालतले २०७७ साल वैशाख ५ गते विकल्पको अभावमा वाध्यतामा परेका र हाल काठमाडौंलगायत अन्य विभिन्न सहरी क्षेत्रहरूबाट पैदलै प्रस्थान गरिसकेका जनताहरूलाई स्वास्थ्य परीक्षण गर्न मोबाइल समूहहरू परिचालन गरी अविलम्ब राजमार्गहरूबाट सवारी साधनहरूको निःशुल्क व्यवस्था गरी उनीहरूको गन्तव्य स्थानमा पुऱ्याई दिनू । सो गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक र शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूको विशेष सुरक्षा गर्नु भन्नेसमेत आदेश गऱ्यो । सोही आदेशमा जिल्ला अस्पतालमा समेत आई.सि.यु. बेड र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने जनशक्ति विस्तार गर्नु, जनघनत्व बढी भएका र स्वास्थ्य सेवा पहुँचको हिसाबले समेत आवश्यक र उपयुक्त देखिएका सहरी क्षेत्रहरूमा परीक्षण केन्द्रहरू स्थापना गर्नु, स्वास्थ्यसम्बन्धी मेसिन, सामग्री र औषधिसमेत खरिद गर्दा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुकूल हुने गरी खरिद गर्नु भन्ने र "हाल उद्योग, कलकारखाना बन्द रहेको र रोजगारी गुमेको कारण ग्रामीण क्षेत्रमा फर्किएका जनताहरूको उपलब्धतालाई कृषि क्षेत्रको पुनर्जागरणको अवसरको रूपमा प्रयोग गर्न सकिने हुँदा स्थानीय तहमा बीउ बिजन, मल, कृषि औजार आदि अवस्थाअनुसार निःशुल्क वा सहुलियत दरमा सहजरूपमा उपलब्ध गराउने र कृषि बाली र पशुधनसमेतको बिमामार्फत ग्रामीण अर्थतन्त्रलाई स्वावलम्वी अर्थतन्त्रको रूपमा विकास गर्न प्रदेश र स्थानीय तहसमेतको समन्वयमा आवश्यक कार्य अविलम्ब गर्नु, गराउनु" भन्नेसमेत उल्लेख गऱ्यो । त्यसपछि पनि सुधारगृहमा रहेका बालबालिकाको सुरक्षा (पूर्ण बैठकको २०७६।१२।११ को निर्णय र तत्पश्चात् इजलासबाट भएका परमादेशका आदेशहरू), थुनुवा बन्दीहरूको सुरक्षा (०७६-WO-०३३०, ०७६-WO-०९३९), सर्वसाधारण मानिसहरूउपर सुरक्षा संयन्त्रबाट गरिएका व्यवहारको विषय (०७६-WO-०९४१), विदेशमा अलपत्र परेका मजदुरहरूको स्वदेश फिर्ती (०७६-WO-०९४०), कोभिडसम्बन्धी संयन्त्रमा महिलाहरूको सहभागिता (०७६-WO-०९६२), विद्यार्थीहरूको पठन पाठन, किसानहरूलाई सहुलियतदरमा ऋण, करमा सहुलियत, खाद्य सुरक्षा (०७६-WO-०९३७) कोभिड-१९ संक्रमण भई एकान्तबासमा गएका व्यक्तिहरू सो रोगबाट मुक्त भएको यकिन गर्न पुनः परीक्षण गर्ने (०७६-WO-०९७३) आदि विषयमा विभिन्न रिट निवेदनहरू यस अदालतमा परेका र यस अदालतबाट विभिन्न आदेशहरू भएको पाइन्छ । विदेशमा अलपत्र परेका मजदुरहरूको हकमा "श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करारको अवधि नपुगी फर्कनुपर्ने अवस्थामा रहेका तथा गन्तव्य मुलुक वा रोजगारदाताबाट टिकट प्राप्त गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरूमध्ये पनि रोजगारीको प्रकृति, आयस्रोतसमेतका कारण आफ्नो खर्चमा स्वदेश फर्कन नसक्ने अवस्था भई अलपत्र परेका वैदेशिक रोजगारीमा गएका नागरिकहरूको हकमा कुटनीतिक नियोग वा श्रम सहचारीबाट उद्धार गर्नुपर्ने अवस्था रहेको भनी प्रमाणित भएका कामदारहरूलाई नेपाल ल्याई गन्तव्य स्थानसम्म पुऱ्याउनु पर्ने दायित्व राज्यको हुँदा रिट निवेदकसमेतको संलग्नतामा सम्बन्धित सरोकारवालाहरूसँग संक्षिप्त परामर्श गरी एक कार्यविधि बनाई योगदानकर्ताको वैधानिक अपेक्षा र कोषको न्यायपूर्ण प्रयोगबीच सन्तुलन कायम हुनेगरी तत्काल उद्धारको प्रक्रिया सुरू गर्नु भन्नेसमेत आदेश यस अदालतबाट भएको अवस्था छ । यसरी समग्रमा हेर्दा कोभिड संक्रमणबारे पूर्वसावधानी र सुरक्षा, परीक्षण सुविधा र पहुँचमा वृद्दि, परीक्षण एवं क्वारेन्टाइन्समेतको गुणस्तरीयता, जिल्लास्तरसम्म आई.सि.यु. बेडसहितको स्वास्थ्य पूर्वाधारको विकास, उपचार र सुरक्षामा खटिएका व्यक्तिहरू तथा स्वास्थ्य जोखिम वा

सामाजिक उपेक्षासमेतको कारण विशेष जोखिममा रहेका व्यक्तिहरूको जीवन र स्वास्थ्यसमेतको सुरक्षा, अलपत्र परेका श्रमिक र अन्य जनताको उद्धार, विदेशमा अलपत्र परेका श्रमिकहरूको स्वदेश फिर्ता गर्ने व्यवस्था, राहत वितरणमा पारदर्शिता, जनताउपर गरिने व्यवहारमा मानवीयता, कृषि क्षेत्रको पुनर्जागरण, जनजीविकाको रक्षा, समानता, विभेदहीनता, समावेशिता, सामाजिक न्याय र सामाजिक सुरक्षा आदि विषयमा अन्तरिम आदेशहरू भएको देखिन्छ। यसका साथै यस अदालतको बृहत् पूर्ण इजलासबाट ०७६-RE-०३९२ को प्रतिवेदन एवं ०७६-WO-०९४४ को निवेदनसमेतको सुनुवाइ गरी बन्दाबन्दीको समयलाई शून्य समयावधि घोषणा गर्दै सो अवधिमा म्याद तारेख नगुज्रने व्यवस्था गरी न्यायमा पहुँचको अवस्थालाई प्रभावित हुन नदिई यथावत कायम गरेको पनि छ । यस अदालतको संयुक्त इजलासबाट रोशनी पौड्यालसमेतको रिट निवेदनमा सरकारका नाउँमा कोभिड-१९ को महामारीलाई सम्बोधन गर्न एकीकृत ऐन जारी गर्नु भनी परमादेशको आदेश जारी गरेको अवस्थासमेत अहिले छ ।

कोभिड महामारीको सामना गर्ने क्रममा सरकारको तर्फबाट सुरूको अवस्थामा भन्दा धेरै कार्यहरू अवश्य भएका छन्; परीक्षणको क्षमता बढाउने, उपचारको लागि अस्पताल तोकी आवश्यक व्यवस्था गर्ने, काठमाडौं उपत्यका बाहिरका सहरहरूमा पि.सि.आर. परीक्षण विस्तार गर्ने, राहत वितरण गर्ने आदि विषयमा केही महत्त्वपूर्ण कार्यहरू भएको देखिएको छ। अनि कोभिड-१९ को महामारीद्वारा सिर्जित परिस्थितिको सामना गर्ने सन्दर्भमा विभिन्न निर्देशिका, मापदण्ड र आदेशहरू जारी गरेको पनि पाइएको छ भने यस अदालतको आदेशबमोजिम मिति २०७७।६।५ मा जनस्वास्थ्य सेवा नियमावली, २०७७ पनि जारी गरेको अवस्थासमेत देखिएको छ । जनस्तरमा यस रोगबारे केही हदसम्म सचेतना फैलिएको पनि छ। कोभिड रोगको परीक्षण र उपचारमा चैत्रको सुरूमा जे जस्तो अवस्था थियो हाल त्यस्तो अवस्था अवश्य छैन । तर संक्रमण बढिरहेकोको जुन अवस्था अहिले छ, सबै ठीक छ भनी चुप लागेर बस्ने अवस्था यो होइन। विद्यमान परिस्थिति हेर्दा संक्रमणले हामीलाई उछिनेको र हामी सकी नसकी त्यसको पछिपछि दौडिएको अवस्था अहिले देखिन्छ। यसै सन्दर्भमा फेरि पनि संविधानबमोजिम सरकार चल्यो वा चलेन, जनताको अधिकारको रक्षा हुन सक्यो वा सकेन भन्ने प्रश्न उठिरहेकै छन् र यस अदालतले सरकारको कुरासमेत सुनी आफ्नो संवैधानिक कर्तव्य निर्वाह गर्नुपर्ने अवस्था आइपरेकै छ। यस अदालतमा दायर भएका सबै रिट निवेदन, आदेशहरू र सरकारद्वारा जारी भएका नियमावली, निर्देशिका, मापदण्ड र आदेशहरूको उद्देश्य संविधानद्वारा प्रत्याभूत सम्मानपूर्ण जीवनलगायत संविधानको भाग ३ मा वर्णित अधिकारहरूको प्रचलन र भाग ४ मा वर्णित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन होस् भन्ने नै हो र यिनै व्यवस्थाहरूको रोहमा यस अदालतले आदेशहरू जारी गरी सरकारलाई निर्देश गर्ने हो र यसलाई कसैले अन्यथा लिनु र नचाहिँदो झन्झट दिएको मान्नु युक्तिसङ्गत ठहर्दैन।

प्रस्तुत रिट निवेदनलगायत कोभिड-१९ सँग सम्बन्धित निवेदनहरूमा संविधानको धारा १८(१) धारा ३५(१) समेतका अधिकारहरू विरूद्ध सरकारबाट काम गरिएको भन्ने जिकिर लिइएको छ। यसपूर्व दर्ता भएका निवेदनहरूमा पनि नेपालको संविधानको धारा १६, धारा १८ धारा ३५, धारा ३६ धारा ३८, धारा ३९, धारा ४२, धारा ४३, धारा ४४ का साथै संक्रामक रोग ऐन, २०२०, जनस्वास्थ्य सेवा ऐन, २०७५ वैदेशिक रोजगार ऐन, २०६४ लगायतका ऐनमा रहेका कुराहरू उठाइएको छ। संविधानका उपर्युक्त व्यवस्थाहरू नेपाली जनताको

सम्मान, समानता, समावेशिताको साथै स्वास्थ्य, शिक्षा, सहभागिता र सुरक्षा जस्ता कुराहरूसँग सम्बन्धित छन् भने यी कुराहरू महिला, बालवालिका र जेष्ठ नागरिक जस्ता विशेष वर्गको संरक्षणसँग पनि जोडिएका छन्। कोभिड महामारीको सन्दर्भमा यी अधिकारहरू विशेष महत्त्वपूर्ण किन पनि हुन्छन् भने कोभिड भाइरसको संक्रमण राष्ट्रका विशिष्ट नागरिकदेखि सर्वसाधारणसम्म सबैलाई हुन सक्ने भए पनि यसले पार्ने प्रभाव भने समाजका उपेक्षित र वञ्चितिकरणमा परेका, शारीरिक र मानसिक कारणले बढी जोखिममा रहेका जनतालाई बढी हुन्छ। समाजका धनी र समर्थवानलाई रोग लाग्न सक्छ, राम्रो उपचारप्राप्त गर्न नसकेमा उनीहरू मर्न पनि सक्तछन्। तर गरिब र निमुखाहरू त रोग र भोक दुवैकुराले पिल्सिन्छन् र दुवैको चपेटामा परी मर्छन्। हाल यस्तो स्थिति परिरहेकै छ। यही कारणले समानता मात्र होइन विभेदहिनता र संविधानद्वारा प्रत्याभूत अधिकारमार्फत सिर्जित राज्यको संरक्षणात्मक छहारीभित्र उपायहीन, अलपत्र परेका वा जोखिममा परेका जनतालाई जतनपूर्वक ल्याइनुपर्छ। हाम्रो संविधानमा उल्लिखित अधिकारहरूको व्यवस्था हेर्दा यो सक्षम मात्र होइन असक्षम र असक्षम बनाइएका वर्गको संरक्षण र अधिकारको प्रचलनप्रति बढी संवेदनशील रहेको सजिलै बुझ्न सकिन्छ। सामाजिक न्याय, सामाजिक सुरक्षाका हकसमेतलाई प्रचलनीय हक मानेको र समतामूलक समाज तथा समाजवादप्रति प्रतिवद्ध राज्य व्यवस्थाले संविधानका यी मूल दर्शनहरूलाई अनदेखा गर्न कदापि मिल्दैन। संविधानमा किटान गरिएका जनताका मौलिक हकहरूको हरसम्भव संरक्षण गर्नु लोककल्याणकारी राज्यको सर्वोपरि दायित्व हो।

अधिकारहरू तब मात्रै सार्थक हुन्छन् जब नागरिकले अधिकार उपभोग गर्न पाउछन्, अर्थात् राज्यद्वारा प्रदान गरिएको सुविधा वा व्यक्तिगत जीवनमा हासिल गरेको उपलब्धी सुशासनका साथै संविधानमा वर्णित अधिकारको कारण सम्भव भएको हो भनी उनीहरूले अनुभूत गर्न पाउँछन्। त्यसैले अधिकारको उपभोगको निम्ति कुनै सकारात्मक व्यवस्था गरिएको छ मात्र भनेर हुँदैन। जनतामा हक अधिकारहरूको वास्तविक उपभोगका साथै उपभोगको अनुभूति पनि हुनुपर्छ। उदाहरणको लागि स्वास्थ्य केन्द्र खोलिएको छ वा निःशुल्क औषधिको व्यवस्था गरिएको छ मात्र भनेर हुँदैन ती व्यवस्थाहरूको उपभोग जनताले यथार्थमा गर्न पाएका छन् वा छैनन्, स्वास्थ्य संस्था सहज पहुँचमा छ वा छैन, त्यहाँ आवश्यक जनशक्ति, औषधिमुलो उपलब्ध छ वा छैन, छ नै भने पनि छ भन्नेबारे समुदायमा जानकारी छ वा छैन, कतै संस्थागत उपेक्षा वा अनियमितताका कारण सो उपभोग हुन पाएको पो छैन कि ? वा जो समर्थवान छन्, जसलाई राज्यको सहयोग नै चाहिँदैन उनैले नै सबै सुविधा लिइरहेको अवस्था पो छ कि ?, उद्देश्य र उपायको परीक्षण (End- means test) गर्दै सुविधाहरू वितरण नगरिएको वा कुशासन र चुहावटको कारण लक्षितवर्गमा गरिएको व्यवस्था पुग्न नै सकेको पो छैन कि ? भन्ने आदि कुराहरू विशेषरूपले हेरिनुपर्छ। यी सबै गर्ने प्राथमिक दायित्व कार्यपालिकी निकायहरूको नै हो। यसमा कार्यपालिकाको स्थानमा आफूलाई राख्ने चाहना न्यायपालिकाको कदापि रहँदैन्। तर दायित्व सुम्पिएका निकायहरूले आफ्नो दायित्व निर्वाह नगरेमा न्यायपालिकाले आफ्नो संवैधानिक कर्तव्य निर्वाह गर्नेक्रममा के गरियो वा गरिएन, वा के गर्नुपर्ने हो सो अवश्य हेर्नुपर्छ।

त्यसैले आजभोलि अधिकारहरू सवलीकरणका उपाय (Measures of empowerment) मात्र होइनन्, ती समानता र सम्मानसँग सम्बन्धित मूल्य र मान्यता (Values) पनि हुन्। सार्वभौम जनताले अधिकारहरूमा सन्नीहित मूल्यहरूको सहजप्राप्तिको निम्ति राज्य संयन्त्रको सिर्जना गरेका हुन्। यिनै संवैधानिक मूल्य प्राप्ति र

सोमार्फत समाजमा सुख शान्ति र दीर्घकालीन समृद्धितर्फ कुनै जालझेल, ढिलाई वा आलस्य बेगर राज्य संयन्त्र उन्मुख रहनुपर्छ। सार्वभौम जनताले संविधानसभामा पठाएका आफ्ना प्रतिनिधिमार्फत निश्चित गरेको संवैधानिक लक्ष्य, सो लक्ष्य प्राप्त गर्न तोकेको मार्ग र कोषेढुङ्गाको रूपमा अभिव्यक्त गरेका स्थुल मान्यताहरूको अनुशरण गरी लक्ष्य उन्मुख रहेमा मात्र राज्य संयन्त्रले संवैधानिक नैतिकताको (Constitutional Morality) अनुशरण गरेको मानिन्छ।

संविधान आफैँ कार्यान्वयन हुँदैन, यसको कार्यान्वयन राज्य संयन्त्रमार्फत हुने हो। सार्वभौम जनताका अधिकारको सम्मान गरेको छु भन्ने तर व्यवहारमा नगर्ने, योजनावद्ध तरिकाले अधिकारको कार्यान्वयन नगर्ने, योजनासम्म पनि निर्माण नगर्ने, जनताको जीवनमा समयसारिणीमा आधारित सकारात्मक परिवर्तन नआउने, जसको निम्ति वा जसको अधिकार प्रयोग गरी संविधान बनेको हो सो वर्ग उपेक्षित रहने, निर्वाचन सीमितवर्गलाई सरकारमा पुऱ्याउने र निष्कन्टकरूपमा सत्ता सुख उपभोग गर्ने एउटा प्रपञ्च मात्र बन्ने, निर्वाचन सकिएपछि जनताहरू उहिरूपमा उपेक्षित रहने, लोककल्याण, सामाजिक न्याय र सामाजिक सुरक्षा शब्दमा मात्र सीमित रहने, यस्तो व्यवस्था र व्यवहार लोकतन्त्रको मर्मअनुकूल हुँदैन। बरू यस्तो अवस्था र व्यवस्था संवैधानिक नैतिकताको समेत विपरीत हुन जान्छ। संविधानवादले हरेक प्रकृतिको सत्ता कब्जा र जालसाजलाई रोक्छ र अधिकारको संरक्षणमार्फत हासिल हुने सम्वृद्धिलाई सरकारको एकमात्र अभिष्टको रूपमा हेर्छ। त्यसैले आजभोलि अधिकारको संरक्षण कुन मात्रामा भएको छ, अधिकारको संरक्षण मात्र होइन अधिकारको गुणस्तरीय संरक्षण (Quality protection of rights) भएको छ वा छैन भन्ने कुरालाई विशेष महत्वका साथ हेरिन्छ र राज्यका संरचना, गरिएका व्यवस्थाहरू तथा अधिकारको संरक्षण निम्ति चालिएका कदमहरूको सापेक्षतामा अधिकारको सम्परीक्षण (Right Audit) पनि गरिन्छ। मूलतः आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सान्दर्भमा यी कुराहरूलाई विशेष सतर्कतापूर्वक हेरिन्छ र हेरिनुपर्ने हुन्छ। यी लगायत सरकार समुचित संवैधानिक साध्य (Proper constitutional ends) अनुरूप चले वा नचलेको विषयसमेत न्यायिक पुनरावलोकनका विषय बन्छन् र न्याय व्यवस्थाको अर्जुनदृष्टि पनि यसैतर्फ केन्द्रित रहनुपर्छ। यसो गरेमा मात्र संविधानद्वारा स्थापित नियन्त्रण र सन्तुलनको व्यवस्थाले काम गर्ने, अधिकारहरूको उपभोग सहज हुने, विधिको शासन जीवन्त वास्तविकतामा बदलिने एवं न्यायपालिकालगायत सरकारका संयन्त्रहरूले संविधानअनुरूप व्यवहार गरेको देखिन सक्ने हुन्छ।

प्रस्तुत रिट निवेदनमा निवेदकहरूले विशेषरूपमा नेपालको संविधानको धारा ३५ को उपधारा (१) को व्यवस्थातर्फ इजलासको ध्यानाकर्षण गर्नुभएको छ। निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले पनि संविधानको यो व्यवस्थालाई जोडदाररूपमा उठाउँदै कोभिड-१९ को परीक्षणमा शुल्क लिने कार्य धारा ३५(१) विपरीत हुने कुराको जिकिर गर्नुभएको छ। संविधानको धारा ३५(१) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भन्ने उल्लेख भएको छ। संविधानमा प्रयुक्त "आकस्मिक स्वास्थ्य सेवा" भनेको भइपरि आउने सेवा मात्र नभई अकस्मात आउने आपतकालीन् अवस्थामा प्रदान गरिनुपर्ने सेवा पनि हो। कोभिड-१९ को महामारीको सन्दर्भमा प्रदान गरिने स्वास्थ्य सेवा आकस्मिक सेवा र आधारभूत सेवा दुवै हुनाले यो सेवा तत्काल र निःशुल्क प्रदान गरिनुपर्ने हुन्छ। आधारभूत र आकस्मिक स्वास्थ्य राज्यको सर्वोच्च प्राथमिकतामा रहेमा मात्र

नागरिकहरू स्वस्थ र सक्रिय रहन सक्छन्। यिनै स्वस्थ र सक्रिय नागरिकको लगानी र सहभागितामा मुलुक अघि बढने हो; यो जीवन्त वास्तविकतालाई कसैले भुल्न मिल्दैन।

यसै सन्दर्भमा "आधारभूत स्वास्थ्य सेवा" भित्र के कुरा पर्छन् भनी हेर्दा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २(ख) मा "आधारभूत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा(४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभरूपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ भने सोही ऐनको दफा ३ को उपदफा (४) को देहाय खण्ड (ग) मा सरूवा रोगसम्बन्धी सेवा र खण्ड (छ) मा सामान्य आकस्मिक अवस्थाको सेवालाई आधारभूत सेवाअन्तर्गत नै राखिएको र स्वास्थ्य मन्त्रालयको लिखित जवाफमा "SARS-CoV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) एक सरूवा रोग हो" भनी स्वीकार गरिएबाट कोभिडसँग सम्बन्धित प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सबै प्रकारका सेवाहरू निःशुल्क हुनुपर्नेमा कुनै द्विविधा रहेन।

यहाँ मुख्यरूपमा कोभिड-१९ को पि.सि.आर. परीक्षण निःशुल्क हुनुपर्ने वा सशुल्क पनि हुन सक्ने भन्ने विवाद उठेको छ। यो आधारभूत स्वास्थ्य सेवा र सामान्य आकस्मिक सेवाभित्र पर्ने हुँदा यो सेवा कसैलाई सशुल्क र कसैलाई निःशुल्क गरिनुहुँदैन; यसो गरिनु संविधानको धारा १८(१) विपरीत हुन्छ भन्ने जिकिर निवेदकतर्फबाट लिइएको छ भने विपक्षी स्वास्थ्य मन्त्रालयको लिखित जवाफ हेर्दा "महामारीको समयमा कोभिड-१९ सँग सम्बन्धित लक्षण तथा चिह्नहरू भएका व्यक्तिहरू... कोभिड-१९ को संक्रमणको शंका भएका र संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका सम्पूर्ण नागरिकहरूको हकमा राज्यले निःशुल्करूपमा नै PCR परीक्षण गर्ने गरिरहेको छ। कोभिड-१९ को संक्रमणको शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निजी तथा सामुदायिक अस्पतालहरूबाट समेत निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था मिलाइएको हो। यसका अलावा तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण भइरहेको छ" भन्ने उल्लेख भएको छ। लिखित जवाफको यो बेहोरा हेर्दा तिनवटा कुराहरू देखिन्छन् क) लक्षण तथा चिह्नहरू भएका तथा कोभिड-१९ को संक्रमणको शंका भएका र संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरूलाई निःशुल्क परीक्षण गरिने; ख) शंकाको दायरामा नपरेका तर भिसा प्रयोजनका लागि तथा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको हकमा निजी तथा सामुदायिक अस्पतालहरूबाट समेत निश्चित शुल्क लिई PCR परीक्षण गर्ने व्यवस्था गरिने; ग)तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण गरिने। यसरी हेर्दा खण्ड क) मा उल्लिखित जवाफ स्पष्ट भए पनि खण्ड ख) र ग) को जवाफ स्पष्ट देखिँदैन, किनभने प्रथमतः तिनवटै वर्गका व्यक्तिहरू रहरले होइन कुनै न कुनै बाध्यतामा परीक्षणको लागि अस्पताल वा स्वास्थ्य केन्द्रमा आएका हुन्छन्; यसमा स्वेच्छा भन्ने कुनै कुरा नै हुँदैन। दोस्रो, जे जस्तो प्रयोजनको लागि भए पनि पि.सि. आर. परीक्षणको उद्देश्य व्यक्तिमा संक्रमण भएको छ वा छैन भनी पत्ता लगाउने र नभएमा शंका निवारण गर्ने नै हुन्छ। त्यसैले भिषाको प्रयोजनको लागि सरकारी संस्थामा कोही परीक्षणको लागि आउँछ भने के प्रयोजन हो भन्ने नसोधी निःशुल्क परीक्षण गर्नुपर्ने हुन्छ। त्यसो गर्नु किन पनि आवश्यक हुन्छ भने जसरी हामीहरूले विदेशबाट

कोही पनि संक्रमित व्यक्ति नेपाल नआवस् भन्ने चाहन्छौं, अर्को मुलुकले पनि त्यस्तै कुरा चाहनु अस्वाभाविक हुँदैन। अन्तर्राष्ट्रिय सम्बन्धको आधार भाइचारा, अन्तरनिर्भरता र सहकार्य रहेको कुरालाई मध्येनजर गर्दा यस्तो अपेक्षा गरिनु स्वाभाविक नै हुन्छ।

यद्यपि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोबारेमा कुनै तथ्याङ्क प्रतिवेदन वा लिखित जवाफमा पेस गरेको छैन तर, जे जस्तोरूपमा र जे जति समय लिएर हाल परीक्षण भइरहेको छ, सोलाई हेर्दा भिषाको लागि दरखास्त दिने व्यक्तिहरू सरकारी अस्पताल वा प्रयोगशालामा परीक्षणको लागि लामलाग्न नगन्यरूपमा जान्छन् भनी सहजै अनुमान गर्न सकिन्छ। कानूनी र व्यवहारिकरूपमा हेर्दा पनि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक सेवा पनि आधारभूत स्वास्थ्य सेवामा पर्ने भनी जनस्वास्थ्य सेवा ऐन, २०७५ मा नै स्वीकार गरिएको हुँदा भिषा प्रयोजनको लागि हामी परीक्षण गर्दैनौ भनी सरकारी निकायले भन्नु संविधान र कानूनअनुरूप हुने देखिँदैन। साथै सो प्रयोजनका लागि पि.सि.आर. परीक्षण गर्नका निम्ति नागरिकले रातको २ बजेदेखि लाइनमा बस्नुपर्ने अवस्था रहेको भन्ने बहसको क्रममा खुल्न आएकाले सोको सहजताका लागि यथोचित प्रबन्ध तुरून्त गर्नु पनि सरकारको अनिवार्य दायित्व रहेको देखिन्छ; सोको प्रबन्ध तत्काल सरकारले गर्नुपर्ने देखिन्छ।

जहाँसम्म लक्षण र चिह्न देखिएकाको मात्र निःशुल्क परीक्षण गर्ने भन्ने कुरा छ प्रस्तुत रिट निवेदन र यस अदालतमा परेका अन्य रिट निवेदनहरूमा दिइएको लिखित जवाफ र स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरूसँग गरिएको छलफलबाट यो रोगको संक्रमण हुँदा सबैमा लक्षण देखिँदैनन् तर संक्रमण भएका तर लक्षण नदेखिएका व्यक्तिहरूले पनि अरूलाई कोभिड-१९ सार्न सक्छन् भन्ने बुझिएको छ। त्यसैले लक्षण तथा चिह्न भएका व्यक्तिहरूको मात्र परीक्षण गर्छु, अरूको गर्दिन भन्नु संविधान र स्वयं जनस्वास्थ्य सेवा ऐनको व्यवस्थाविपरीत हुने देखिन्छ। हो, सरकारले प्रारम्भिक सोधपुछ वा परीक्षणबाट लक्षण वा शंका नदेखिएका वा तत्कालै परीक्षण गर्दा यकिनसाथ संक्रमण छ वा छैन भन्न नसकिने व्यक्तिलाई यति दिनपछि यो केन्द्रमा आई परीक्षण गर्नू भनी टोकन दिई पठाउन सक्छ, तर सरकारी स्वास्थ्य केन्द्र वा प्रयोगशालामा आउने व्यक्तिहरूलाई त्यसै फर्काउन वा निजी प्रयोगशालामा जाऊ भनी पन्छाउन मिल्दैन। फेरि, विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफमा "तोकिएको सरकारी स्वास्थ्य संस्था र प्रयोगशालामा आउने जो कोहीलाई हालसम्म पनि निःशुल्करूपमा PCR परीक्षण भइरहेको छ" भनिएकोबाट तोकिएको सरकारी स्वास्थ्य संस्था वा प्रयोगशालामा आउने जोसुकै व्यक्तिको पनि निःशुल्क परीक्षण गर्न स्वीकार गरेको देखिएको र सरकारी स्वास्थ्य संस्थामा निःशुल्क नै परीक्षण गर्नुपर्ने भएबाट समेत सरकारले शुल्क लिएर परीक्षण गर्न पाउँछ भन्न मिल्ने देखिँदैन।

जहाँसम्म सरकारबाट अनुमति लिएका निजी अस्पताल र प्रयोगशालाको प्रश्न छ, ती अस्पताल र प्रयोगशालालाई प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएको देखिँदैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७७।६।७ मा यस अदालतमा पेस गरेको प्रतिवेदन हेर्दा हाल देशभरिमा सरकारी ३५ र निजी १५ गरी ५० प्रयोगशालाबाट पि.सि.आर. परीक्षण हुँदै आएको भन्ने खुल्न आयो। प्रतिवदेनमा पि.सि.आर. परीक्षणको शुल्क रू.२०००।- तोकिएको भन्ने उल्लेख भएबाट रिट निवेदन दिँदाको मितिभन्दा पछि पनि शुल्क घटाइएको रहेछ भन्ने देखियो। निजी अस्पताल नाफामूलक संस्था भए पनि महामारीको समयमा सरकारको निर्देशन र शुल्क निर्धारणलाई अस्पताल र प्रयोगशालाले मान्नु नै पर्ने हुन्छ। कम्पनीहरूको सामाजिक दायित्वअन्तर्गत पनि

उनीहरूले सेवा दिन अस्वीकार गर्न मिल्दैन। जहाँ संविधानद्वारा प्रत्याभूत हकहरूको कार्यान्वयनको कुरा आउँछ, नीजि संस्थानहरूले पनि म हकहरूको सम्मान गर्दिन; मलाई संविधानको मतलब छैन भन्न मिल्दैन। यदि त्यसो भनेमा अधिकारहरूको कार्यान्वयन गर्न उपयुक्त आदेश दिने दायित्व सरकारमा रहन्छ र सरकारले नगरेमा यस अदालतले उपयुक्त आदेश दिन सक्छ। संवैधानिक विधिशास्त्रमा यसलाई अधिकारहरूको तेर्सो कार्यान्वयन (Horizontal enforcement of rights) र अधिकारहरूको दिप्तिमान प्रभाव (Radiant Effect of rights) भनिन्छ। यस्तो प्रभाव दिने कार्यमा योगदान गर्नु अदालतको कर्तव्य पनि बन्दछ। तर महामारीको सन्दर्भमा र संविधानद्वारा प्रत्याभूत हकहरूको कार्यान्वयन र प्रचलन गराउनुपर्ने प्राथमिक दायित्वको प्रश्न छ यस्तो दायित्व प्राथमिकरूपमा सरकारले नै बोक्नुपर्छ। त्यसैले सरकारी संयन्त्रबाट नै परीक्षणको दायरा बढाउन र परीक्षण पूर्णतः निःशुल्क र सहजरूपमा गरिने व्यवस्था सुनिश्चित गर्नु संविधानतः आवश्यक देखिन्छ। यस अदालतले यसपूर्व पनि पटक-पटक परीक्षणको दायरा बढाउनु, सहरी केन्द्रहरू र जनघनत्व बढी भएका स्थानहरूमा परीक्षण केन्द्रहरू बढाउनु भनी अन्तरिम आदेश जारी गरिसकेको अवस्था हुँदा सो आदेशहरूको पालना सरकारबाट भई जनसंख्या र जनघनत्वको आधारमा नक्साङ्कन र मापदण्डसमेत बनाई आवश्यक संख्यामा थप परीक्षण केन्द्र स्थापना र जनशक्तिको परिचालन हुने अपेक्षा गरिएको छ। हो, तत्कालप्राप्त स्रोत साधनको आधारमा सरकारका कार्यहरूको प्राथमिकीकरण हुन सक्छ तर, जनस्वास्थ्य जस्तो मूलकार्य वा प्राथमिक कर्तव्यलाई नै पन्छाउन सरकारले मिल्दैन। त्यसैले कोभिड-१९ संक्रमणको परीक्षण र उपचारको विषय सरकारको प्राथमिक दायित्वको विषय हुँदा विपक्षी मन्त्रालयबाट जो जहाँ समन्वय गर्नुपर्ने हो गरी दायित्वको निर्वाह हुने अपेक्षा गरी निजी स्वास्थ्य संस्थाको सम्बन्धमा यहाँ थप आदेश गरिएको छैन।

मुख्य कुरा, स्वास्थ्यसम्बन्धी पूर्वाधारको विकास बेगर जन स्वास्थ्यको रक्षा हुन सक्दैन। कुनै मुलुकहरूले पनि सो गर्न सकेका छैनन्। जो जसले यो अदृश्य शत्रूको विरूद्ध लड्न सकेका छन्, पुर्वाधारको विकास र जनशक्तिको परिचालनबाट मात्र यो सम्भव हुन सकेको हो भन्ने अब आमजानकारीको विषय भइसेकको छ। फेरि, अधिकारहरूको अन्तरनिर्भरतालाई बिर्सेर स्वास्थ्यसम्बन्धी हक केबल एउटा हक मात्र हो भनी हेर्न मिल्ने पनि हुँदैन। यो हकमा प्रतिकूल असर पर्दा, शिक्षा, रोजगारी व्यवसाय आदिसँग सम्बन्धित हकहरूमा पनि असर पर्छ र अन्ततः मुलुक नै पछि धकेलिन्छ। यहि वास्तविकतालाई दृष्टिगत गरी वर्तमानमा मुलुकले सामना गरिरहेको कोभिड महामारीले ल्याएको राष्ट्रिय संकटलाई स्वास्थ्यसम्बन्धी पूर्वाधारको जनस्तरसम्म विकास गर्ने अवसरको रूपमा लिन र सोहीबमोजिम योजनावद्ध रूपले द्रूतगतिमा कार्य गर्न विपक्षीलाई निर्देशन गरिएको छ।

यसै सन्दर्भमा उक्त मिति २०७७।०६।०७ को सो प्रतिवेदनमा जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम ३ र अनुसूची १ को हवाला दिँदै "अनुसूची-१ को खण्ड (३) मा सरूवा रोगसम्बन्धी सेवाको सूचीमा SARS-CoV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) उल्लेख गरेको पाइँदैन, अर्थात् यो सरूवा रोग निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने सेवाअन्तर्गत राखेको पाइँदैन" भन्ने जिकिर लिएको पनि देखियो। यो जिकिर विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको COVID-19 सरूवा रोग हो भन्ने अभिव्यक्तिको विपरीत त छँदैछ, यस्तो जिकिर गर्दा मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) को देहाय खण्ड (ग) मा सरूवा रोगसम्बन्धी सेवालाई आधारभूत सेवा मानिएको कुराको सम्म पनि हेक्का राखेको

पाइएन । ऐनमा नै सरूवा रोगलाई आधारभूत सेवा मानिएको अवस्थामा नियमावलीमा सरूवा रोगको सूचीमा SARS-CoV-2 भाइरसको कारणबाट हुने कोरोना भाइरस रोग (COVID-19) उल्लेख भएको छैन भन्ने कुराले कुनै कानूनी अर्थ र महत्त्व राख्दैन । नियमावलीको अनुसूची-१ को खण्ड (३) मा यो विषय नपरेको र ऐनअनुरूप नियम बनाइनु पर्ने भन्ने सामान्य समझको विषय हुँदा अनुसूची-१ को खण्ड (३) मा सरूवा रोगसम्बन्धी सेवाको सूचीमा SARS-CoV-2 भाइरसको कारणबाट हुने करोना भाइरस रोग (कोभिड-१९) लाई पनि अविलम्ब समेट्नु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाउँमा परमादेशको आदेश जारी गरिएको छ ।

हाल सरकारी अस्पताल र प्रयोगशाला र विशेषतः काठमाडौंस्थित टेकु अस्पताल र प्रयोगशालामा परीक्षणको लागि मानिसहरूको ठूलो चाप रहेको देखिएको भन्ने कुरालाई छलफलको क्रममा सरकारी पक्षबाट स्वीकार गरिएको छ । काठमाडौं उपत्यकाको जनसंख्या र जनघनत्वको अनुपातमा परीक्षण केन्द्र र अस्पताल शैय्या उपलब्ध नहुँदा जहाँ सुविधा छ भन्ने जानकारी प्राप्त हुन्छ, निरूपाय जनता स्वभाविकरूपमा त्यहिँ लामलाग्न पुग्छन् । तर त्यसरी लामो समयसम्म व्यक्तिहरूलाई लाममा राखिँदा परीक्षण केन्द्रबाट नै संक्रमण फैलिन सक्ने हुन्छ । सो कुरालाई दृष्टिगत गर्दा तुरून्त भीडको व्यवस्थापन गर्नुपर्ने र पछिल्लो समयमा बढिरहेको संक्रमणको रफ्तारलाई हेर्दा योजनाबद्ध र व्यवस्थित तरिकाबाट काठमाडौं र जनघनत्व बढी भएका सहरहरूमा परीक्षण केन्द्र र जनशक्ति तुरून्त परिचालन गरी परीक्षण र उपचारको सुविधा बढाउनुपर्ने देखियो । हालको अवस्थामा सूचना प्रविधिसमेत प्रयोग गरी संक्रमणको रफ्तार र सरकरले दिनुपर्ने स्वास्थ्य सेवालाई दृष्टिगत गरी कम्प्युटर मोडलिङ गर्दा एउटा निश्चित स्तर र मापदण्डमा पूर्वाधार विकास गर्न नसकिने भन्ने हुँदैन । त्यसैले लामबद्ध व्यक्तिहरूलाई छिटोभन्दा छिटो सोधपुछ गरी, चाप कम हुने स्थानमा रिफर गर्ने, टोकन प्रणालीबाट परीक्षण गर्नेसमेतका व्यवस्था गर्नु र परीक्षणको नतिजा छिटोभन्दा छिटो पाउने व्यवस्था गर्नु गराउनु, परीक्षणको लागि अस्पताल वा स्वास्थ्य केन्द्रमा पुगेका व्यक्तिहरू दस पन्ध्र मिनेटभन्दा बढी परीक्षणको लागि कुर्नु नपर्ने, त्यसरी कुर्दा पनि सामाजिक दुरी कायम गर्ने व्यवस्था गर्नु, हाल भइरहेको संक्रमितहरूको चापलाई समेत हेरी बढी चाप भएका सहरी केन्द्रहरूमा निःशुल्क परीक्षण र उपचारको व्यवस्थासमेत थप गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाउँमा परमादेशको आदेश जारी गरिएको छ ।

अतः संक्षेपमा सार्वजनिक सरोकारको निवेदनको रूपमा नेपालको संविधानको धारा १३३(२)(३) अन्तर्गत दर्ता भएको प्रस्तुत निवेदनको मूल माग निःशुल्क परीक्षण भएपनि यो माग कोभिड-१९ महामारीको सन्दर्भमा आएको भई भुइँ सतहको अवस्थालाई पूर्वआदेशहरूको रोहमा समेत हेरी उपयुत आदेश गर्नुपर्ने अवस्था रहेको छ । कोभिड महामारीकै सन्दर्भमा संवैधानिक र कानूनी हकको प्रचलनको विषयलाई लिएर यस अदालतमा सार्वजनिक सरोकारका निवेदनहरू परी विभिन्न आदेशहरू भइरहेको कुरा माथि उल्लेख गरिएकै छ । ती समस्त आदेशहरूको सकारात्मक रूपमा समिक्षा र पुनरावलोकन भई सरकारबाट कार्यान्वयन हुने अपेक्षा यस अदालतले गरेको छ । यो रोगले नेपालमा कुन रूप लिन्छ, के कस्तो क्षति पुऱ्याउँछ अझै पनि स्पष्ट हुन सकेको छैन । तर रिट निवेदनमा छलफल गर्न बस्दा मुलुकमा संक्रमणको प्रकोप विस्फोटक अवस्थातर्फ बढिरहेको देखिन्छ । यसको औषधि वा खोप बनी उपलब्ध नभएसम्म यो महामारीको कारण सिर्जित स्वास्थ्य र मानवीय संकटबाट सजिलै पार पाउन सकिने स्थिति देखिँदैन । त्यसैले पनि बढीभन्दा बढी स्रोत र साधनको परिचालन गर्नुपर्ने,

स्वास्थ्यसम्बन्धी पूर्वाधारहरू विकास गरिनु पर्ने अपरिहार्यता हाल बनेको छ । स्वास्थ्यसम्बन्धी महासंकटको यस घडीमा यस अदालतले दिएका पूर्वआदेशहरू अझ बढी सान्दर्भिक बनेका छन् भन्ने यस इजलासको ठम्याइ छ । स्वास्थ्यसम्बन्धी प्रमुख निकाय (Nodal agency) को रूपमा काम गर्ने गराउने दायित्व विपक्षी मन्त्रालयकै भएबाट प्रस्तुत रिट निवेदनमा लिइएको मागको सन्दर्भमा माथि उल्लेख गरेबमोजिम परमादेशको आदेशसहित विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशित गरिएको हुँदा आदेशको कार्यान्वयनको लागि फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीलाई पठाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमबमोजिम अभिलेख शाखामा बुझाई दिनुहोला ।

उक्त रायमा सहमत छु ।
न्या.टंकबहादुर मोक्तान

इजलास अधिकृतः- तेजप्रसाद पौडेल, शाखा अधिकृत : बिनिता भारती
कम्प्युटर अपरेटर: रेखा भट्टराई
इति संवत् २०७७ असोज १५ गते रोज ५ शुभम् .....।

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७७।७।२०
०७७-RV-००७९

विषय : पुनरावलोकनको अनुमति पाऊँ

निवेदक : नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय .....
विरूद्ध
विपक्षी : केशरजंग के.सी.समेत .....

मुद्दा : उत्प्रेषण / परमादेश

यसमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।६।१५ मा भएको आदेशमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) को अवस्था विद्यमान रहेको नदेखिँदा पुनरावलोकनको अनुमति प्रदान गर्न मिलेन। कानूनबमोजिम गर्नू।

इति संवत् २०७७ साल कात्तिक २० गते रोज ५ शुभम्।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७७।६।२९
०७७-WO-०२९८

मुद्दा : उत्प्रेषण

निवेदक : मानव अधिकार रक्षक सञ्जालसँग आवद्ध शैलेन्द्रप्रसाद अम्बेडकरसमेत
विरूद्ध
विपक्षी : लोक सेवा आयोग, अनामनगर, काठमाडौंसमेत

निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् विष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, विद्वान् अधिवक्ताहरू श्री केशरमणि अर्याल, श्री पंकजकुमार कर्ण र श्री सन्तोष भण्डारीले गर्नुभएको बहस सुनियो।

लोक सेवा आयोगले जारी गरेको संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ८(१) ले परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए / नभएको स्वयम्ले घोषणा गर्नुपर्ने तथा संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न पाउने छैन भन्ने व्यवस्था भएको र यसले आजको महामारीको अवस्थामा थुप्रै परीक्षार्थीहरू प्रतिस्पर्धाबाट वञ्चित हुने हुँदा नेपालको संविधानको धारा १८, धारा २१, धारा २३ र धारा ३३ विपरीत भएको उक्त मापदण्डको बुँदा ८(१) बदर गरी कोरोना संक्रमित परीक्षार्थीलाई परीक्षा केन्द्रको पृथक स्थानमा राखी सुरक्षित तरिकाले जाँच लिने व्यवस्था गर्न अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मागदाबीको रिट निवेदन रहेको देखियो।

यसमा, के कसो भएको हो ? निवेदको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम विपक्षीका नाउँमा कारण देखाउ आदेश जारी गरिदिएको छ। आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ परे अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

अब, निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १८ ले समानताको हक संरक्षण गर्दै धारा १८(२) ले स्वास्थ्य स्थिति (Health Status) को आधारमा विभेद गर्न नपाउने व्यवस्था गरेको छ। संविधानको धारा २४ ले छुवाछुत तथा भेदभाव विरूद्धको हकको सुनिश्चितता गरेको छ भने धारा १७ ले स्वतन्त्रताको हकअन्तर्गत पेसा रोजगार गर्ने स्वतन्त्रता तथा धारा ३३ ले रोजगारीको हकको सुनिश्चितता गरेको पाइन्छ। आज विश्व नै कोरोना महामारीको अवस्थामा बाँच्नु परेको छ। हाल यस रोग विरूद्धको खोप (Vaccine) र औषधी नभएको अवस्थामा शारीरिक दुरी र स्वास्थ्य सुरक्षाका लागि प्रयोग गर्ने मास्कलगायतको प्रयोगको विकल्प नरहेको देखिन्छ।

यस्तो महामारीको समयमा परीक्षा सञ्चालन हुन गइरहेको अवस्थामा लोक सेवा आयोगको मापदण्डले

संक्रमित व्यक्तिहरू मात्र परीक्षा दिनबाट वञ्चित भई उनीहरूको संविधान प्रदत्त पेसा, रोजगार गर्न पाउने हक, समानताको हक, स्वास्थ्य अवस्थाको आधारमा विभेद वरूद्धको हक, छुवाछुत तथा भेदभाव विरूद्धको अधिकारको समेत उल्लङ्घन हुन जान्छ। संक्रमित अवस्थाको स्वघोषणा गर्ने संक्रमितलाई परीक्षा केन्द्रमा प्रवेश रोक्ने लोक सेवा आयोगको परीक्षासम्बन्धी मापदण्डले आफू विभेदित, लाञ्छित र वहिष्करणमा पर्ने डरले संक्रमित व्यक्तिले आफू संक्रमित भएको अवस्थाको घोषणा नगर्ने र यसले सबैलाई जोखिममा पुऱ्याउने अवस्थाको सिर्जना हुन जान्छ। संक्रमित लक्षणविहीन (Asymptomatic) व्यक्ति पनि हुनसक्ने हुँदा संक्रमणको अवस्था नखुलेका व्यक्तिहरू पनि परीक्षा केन्द्रमा हुनसक्ने र परीक्षामा आएका परीक्षार्थी, कर्मचारी तथा निजको सम्पर्कमा आउने व्यक्ति पनि संक्रमणको जोखिममा पुगी प्रत्येक व्यक्तिको बाँच्न पाउने संवैधानिक अधिकारमा समेत असर पर्ने देखिँदा यसले महामारीको स्थितिमा थप भयावहता ल्याउने र सम्पूर्ण परीक्षार्थी तथा कर्मचारीहरूलाई अपुरणीय क्षति हुने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणले समेत प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म लोक सेवा आयोगले जारी गरेको संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ८(१) को कार्यान्वयन नगर्न नगराउन तथा सबै परीक्षार्थीलाई र परीक्षा लिने वा व्यवस्थापनमा संलग्न हुने व्यक्तिले सुरक्षित तरिकाले परीक्षा लिने र परीक्षा वयवस्थापन गर्ने वातावरण निर्माण गर्नु गराउनु तथा स्वघोषित संक्रमित व्यक्तिहरूलाई निजको गोपनियता र आत्मसम्मानको संरक्षण गर्दै आवश्यक वैकल्पिक सुरक्षित व्यवस्थासहित परीक्षा सञ्चालन गर्ने व्यवस्था गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको कार्यान्वयनका लागि यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीलाई दिनू।

इति संवत् २०७७ साल असोज २९ गते रोज ५ शुभम् ----------।